# बुद्ध र बुद्धवाद

## द्वितीय भाग-२

लेखक:
ऊ. अे. आउँ

Dhamma.Digital

अनुवादक:
भिक्षु ज्ञानपूर्णिक (धम्माचरिय)

Downloaded from http://dhamma.digital

# बुद्ध र बुद्धवाद

## द्वितीय भाग-२

लेखक:
ऊ. अे. आउँ

अनुवादक:
भिक्षु ज्ञानपूर्णिक (धम्माचरिय)

Dhamma.Digital

Downloaded from http://dhamma.digital

प्रकाशक दाता:
श्रीमान् अंगूरमान तुलाधर
श्रीमती लक्ष्मी हीरा तुलाधर

(सर्वाधिकार लेखकमा सुरक्षित)

पहिलो संस्करण:
१००० प्रति

बुद्ध सम्वत् : २५५३
नेपाल सम्वत् : ११३०
इस्वी सम्वत् : २००९
बिक्रम सम्वत्: २०६६

Dhamma.Digital

मुद्रक : न्यू नेपाल प्रेस
प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं । फोन: ४४३४८५०, ४४३४७५३
व्यापारिक कार्यालय: शुक्रपथ, न्यूरोड, काठमाडौं । फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://dhamma.digital

# प्राक्कथन

यस बुद्ध र बुद्धवाद ग्रन्थमा उल्लेखित विषयहरूलाई पाँच खण्डमा विभाजन गरिएको छ। पहिलो खण्ड बुद्ध प्रादुर्भावहुनु अगाडिदेखि विद्यमानरहेका भारतीय धार्मिक सिद्धान्तहरू र बुद्धवादलाई अन्वेषणगर्ने बेलामा आधार बनाउनुपर्ने पालिपिटक विषयहरूसँग सम्बन्धित छ। दोश्रो खण्ड बुद्ध विषयक रही तेश्रो बुद्धधर्म विषयक खण्ड हो। चौथो खण्डमा श्रमणसंघ विषयको भई पाँचौं खण्डमा भारतबाट बुद्धवाद लोप हुनगएको घटनालाई उल्लेखगरिएको छ।

प्रथम भाग ग्रन्थमा पहिलो खण्ड दुइवटा र तेश्रो खण्डमा बुद्धधर्मको विषयलाई आंशिकरूपमा उल्लेख गरिसकेको छु। यो दोश्रो भागमा बुद्धधर्मको विषयलाई पुनर्रचनागरेर मूलभूत बुद्धसंघको विषय र बुद्धको महापरिनिर्वाण भइसकेपछिको अवस्थामा भारतीय बुद्धवादी लोकभित्र बुद्धलाई शरणलिनु र त्यसमा हिन्दूवाद प्रवेशगरी बुद्धवाद कमजोर र विनाशभई भारतबाट लोपभएर गएको घटनालाई अगाडि सारेको छु।

श्रमणसंघ विषयक खण्डसित सम्बन्धराखी पाठकवृन्दसमक्ष केही कुरा राख्नचाहन्छु। संघविषयक एउटा छुट्टै ग्रन्थ प्रकाशितंगर्न शुरूमा लक्ष्य राखिएको भएतापनि बुद्ध र बुद्धवाद विषयलाई परिपूर्णरूपमा अन्वेषण गरिँदा मूलभूत बुद्धसंघ नै मुख्यतया जान्नयोग्य विषयभएको कारणले यस ग्रन्थमा समावेश गरी प्रष्टपार्न खोजेको छु। बर्मेली बुद्धवादीहरूले भिक्षुजीवनको



Downloaded from http://dhamma.digital

अत्युत्तमतालाई र श्रमणसंघ बुद्धशासनको प्राणतन्तु रक्तनली भएको कारणलाई जानिराखेतापनि संघविषयलाई मूलजरोदेखि थाहा पाउने व्यक्ति त स्वल्प नै रहेको देखिन्छ। गृहस्थीहरूको निमित्त विशेषरूपमा लेखिइराखिएको संघविषयक ग्रन्थहरू पनि छैनन्। यस ग्रन्थले बर्मेली बुद्धवाङ्मयमा त्यस विशेष आवश्यक भइरहेको तथ्यलाई सहयोग पुऱ्याउनसक्ने छ भनी आशा राखेको छु।

संघ विषयक खण्डमा पुराना भारतीय भिक्षुहरूको पद्धति, ऐतिहासिक घटनाक्रम र सामाजिकनीति मात्र स्पष्टहुने होइन, बुद्ध र बुद्धवाद पनि अझ बढी छर्लङ्ग र स्पष्टभएर आउने छ। बुद्धको मनोवृत्ति उच्चस्थरहेको प्रक्रिया, दया करूणा राख्नुहुने प्रक्रिया आदि सहित बुद्धवाद Socialist(समाजवाद) नीतिसित समानभएको प्रक्रिया मानवहरूको स्वतन्त्रतालाई गौरबगर्ने प्रक्रिया आदि प्रकटभई अन्य दिलचस्पी जगाउने खालका तथ्यहरू अध्ययनगर्न पाइने विषयवस्तुहरू हुन्।

यस खण्डलाई लेख्दा विनयपिटक र पश्चिमी प्राज्ञहरूको ग्रन्थहरूलाई आधार बनाएको छु। विनयपिटक विस्तृतभएकोले बर्मेली बुद्धवादीहरूले जानेबुझेका तथ्यहरू र दिलचस्पी जगाउने तथ्यहरूसँगै बुद्ध र बुद्धवादलाई स्पष्टपार्ने तथ्यहरूलाई मात्र छानीछानी प्रस्तुत गरेको छु।

ए माउँ
रङ्गून



Downloaded from http://dhamma.digital

# भूमिका

– प्रा. सुवर्ण शाक्य
ओम्‌बहाल

"बुद्ध र बुद्धवाद" विषयमा लिखित पुस्तकको पहिलो भाग प्रकाशित भइसकेको छ । अहिले दोस्रो भाग प्रकाशित भइरहेको छ। पुस्तकको नाउँबाट नै स्पष्ट हुन्छ कि यस पुस्तकमा बुद्धको महामानवीय व्यक्तित्वको पहिचान र बुद्धद्वारा प्रतिपादित विषयहरूको विचार विमर्श र सिद्धान्तमा जोड दिइएको कुरा समावेश रहेको पाइन्छ । धर्मसम्बन्धमा बुद्ध स्पष्ट छ तथापि बुद्धलाई विवादित व्यक्तिको रूपमा उभ्याइएको छ तर्कवादीहरूले। बुद्ध र बुद्धवादलाई सम्झन तर्क चाहिँदैन, उनको शिक्षालाई मनन गरिदिए पुग्छ तरपनि बुद्धजन्मनुअघिका संस्कार ले कोचिएका बुद्धवादीहरूपर्यन्त बुद्धोपदेशको खिलाफमा आफ्ना तर्क पेशगर्ने भएका छन् । दुनियामा बुद्धसम्बन्धी अनेक ग्रन्थ प्रकाशित भएका छन् । ती ग्रन्थहरूमा बुद्धको विषयमा, बुद्धको उपदेश एवं कथाकुथुन्ग्रीहरू धेरै पाइन्छन् । बुद्धले ठाउँठाउँमा उपदेश दिएका कुरा भनी बौद्धदर्शनलाई तेर्स्याएर बुद्धसम्बन्धका अनेक मार्ग बताई व्याख्या गरिएका भक्तिका कुरा र अतिविश्वासका विषय उल्लेख गरिएका पुस्तकहरू यत्रतत्र पाइने भएको छ। यस "बुद्ध र बुद्धवाद" पुस्तकले नानाप्रकारका घोकन्ते र भावविभोर भई धुनमुनिएका अनि कटरपन्थीमाथि मध्यनजर राखेर बुद्धवादका कुरालाई सम्झाउने बुझाउने कोशिस गरिएको छ। यस पुस्तकको अध्येतालाई बुद्धको वास्तविकतामा प्रज्ञा खुलेझैं खुलेर बुद्धविषयलाई सहीपनाले अँगाल्न मद्दत गर्नेछ । यस पुस्तकको प्राक्कथनले पुस्तकविषयमा बुझ्न टेवा दिलाएको छ ।



Downloaded from http://dhamma.digital

यस पुस्तकको खण्ड-१ को सुरुवातको शीर्षकदेखि नै यसका विषय कति सशक्त छ भन्ने कुरा देखाउँछ। कर्मशक्ति र कर्मवाद अति गहकिलो शीर्षक छ। यसको सारांश हो कि मानिसले कुनै कुरा गर्छुमात्र भनेर हुँदैन, उसमा गर्नसक्ने शक्ति हुनुपर्छ। सामान्यजनले पनि बुझ्ने यस्तो कुरालाई अझ सरल ढङ्गबाट बुझाउन प्रयास गरिएको छ। कर्मवाद भाग्यलाई डोऱ्याउने उपाय हो। भाग्यमा छ भनेर आकाशबाट कुनै कुरा त्यसै झर्दैन। हरकुराको प्राप्तिको लागि अवसर चाहिन्छ, बेलाबखत चाहिन्छ र काम गरी गरी पट्याउनुपर्छ। कसैले कर्मवाद छ वा छैन भनि तर्क लगाउँदैमा त्यो विषय त्यसै सिद्ध हुने कुरा होइन। असल कामको फल असल र कमसल कामको परिणाम कमसल देखि-रहने कुरा त जति बित्दै जान्छ त्यति भोगिँदै जाने कुरा हो। यस्ता कुरा उल्लेख रहेका अङ्गुत्तरनिकाय आदि र विभिन्न सुत्तमा उल्लेख गरिएका उदाहरणको प्रस्तुति यो पुस्तक हो। मानिस सम्पत्ति भनेर कराउने गर्दछन् तर निजी सम्पत्ति भन्नु त कर्म नै हो भनेर सम्झिने त मुश्किलैले पाइन्छ। यस्तैखालका छलफलका विशेष कुरा यस पुस्तकमा पाइन्छ। अहिंसावादका कुरामा बुद्धलाई अगाडि राखिन्छ तर जैन र हिन्दूसिद्धान्तमा अहिंसाका कुरा धेरै पाइन्छन्। अहिंसाविषयक कुरा गर्दा बुद्धलाई मुछेर कुरा गर्नेहरूमा बुद्धको व्यक्तित्व नबुझेका र त्यससम्बन्धमा परिचय नै नभएका विद्वान्हरू धेरै भेटिन्छन्। पाश्चात्य विद्वान्हरूसमेत यस पंक्तिमा धेरै देखापर्ने गरेका छन्। मानिसको जन्मजन्मान्तरको कारण अविद्या र तृष्णा हो भनी संक्षेपमा निक्योल गरिराखिएका बुद्धको कुरामाथि ठूलठूला ठेलाका पुस्तक सृजना भएर आएका छन्। वेदजस्तो जीवनजगत्सम्बन्धी सबै कुरा उल्लेख भएको प्राचीनतम शास्त्र भनिएपनि बुद्धपछिका धेरै कुरा त्यहाँ समावेश नभएको



Downloaded from http://dhamma.digital

पाइँदा बुद्धका मौलिक कुराको विशेषता स्पष्ट रहन आउँछ । हिन्दूधर्ममा समेत अति चर्चित कर्मवाद बुद्धप्रादुर्भाव हुनुअघि विद्यमान रहेको देखिँदैन भन्ने कुराको उल्लेखले यो पुस्तक बुद्धवादप्रति गहिरो चिन्तनसहित प्रकाशित भएको कुरामा सोचिरहनुपर्ने अवस्था नभएको देखाउँछ ।

आजको दुनियामा प्रचार र लोकप्रियतामा आएका ग्रन्थहरू उपनिषद्, बाइबल र सेक्सपियरका नाटक जसमा जीवनदर्शन र मानिसको जीवनको मजबून एवं व्यवहारमाथि प्रशस्त प्रकाश पारिएको छ भने बुद्धका शाश्वत र व्यवहारका कुरा तिनमा दुर्लभ रहेको कुरा ठोकुवासाथ बताइदिन सकेको बाट यस पुस्तकको फूर्तिलाई दर्शाइएको छ। कर्मवाद नयाँ दर्शन दिलाउने वाद भएको छ । मिथ्यादृष्टिक कुराको निरूपण गर्न विभिन्न व्यक्ति र विद्वान्हरूको भनाइ यहाँ उद्धृत गरिएका छन् । बुद्धवादीहरूलाई सचेत गराइनु यसको विशेषता हो । बुद्धवादसँग मेल नखाने कुराहरूलाई कोट्याएर देखाइएका छन् । बुद्धले जातिवाद, ईश्वर वादलाई प्रतिकार गरी तेर्स्याइएका प्रश्नहरू अति मननीय रहेको छ । भगवान् बुद्धसमक्ष मिथ्याधारणामा जैनहरूले अल्मल्याउन खोजिएको छ र बुद्धले तिनको समाधानको बाटो अपनाएको कुरा प्रज्ञाज्ञानले सिञ्चित छ । प्रायः मानिसहरू विषयगत वास्तविकता बुझेर आफै सुध्रेका कुरा यसमा पाइन्छ। मानिस बुद्धिवादी त छन् तर गम्भीर रहेका छैनन् । बुद्धिवादीहरूको जिम्मेदारीको गहन जिम्मेदारी बोकाइएको कुरा कम प्रभावोत्पादक छैन ।

मनोविश्लेषणका मनोविज्ञानका ग्रन्थहरूलाई बुद्धको ज्ञान समावेश भएको मान्न सकिने खालका धेरै उदाहरणहरू यसमा दिइएका छन् । विभिन्न सुत्तहरूले देखाएका कर्मविपाक, दुःखजनित शोकका कुराहरूको प्रतिपादनसहित सिद्ध गरिराखिएका कुराहरूलाई



Downloaded from http://dhamma.digital

विस्तारपूर्वक एक-एकको उदाहरण दिई उल्लेख भएबाट बुद्धधर्म कति व्यापक छ भनी प्रमाण दिनुपर्दा यही एउटा पुस्तकलाई अगाडि सारिदिएपनि पुग्ने देखिएको छ । सूत्रहरू पनि एक अर्कोसँग बाझिएका हदसम्म देखाइदिनुले त्रिपिटकप्रति अन्धभक्त भएर रहेकाहरूको आँखा खुलाइदिने गरी इमान्दारिताका साथ समीक्षात्मक ढङ्गले केलाइदिएको लेखकको विवेकलाई कुनैपनि पाठकले ठम्याउन सकिने भएको छ । यस्तै गहनतम कुरालाई आत्मसात् गरेर यस्ता कुरा जनसमक्ष प्रस्तुत गर्नैपर्छ भन्नेतिर दृष्टि पुग्न गएको अनुवादक भिक्षु ज्ञानपूर्णिक महास्थविरको विचार लाई जति सराहना गरेपनि पुग्दैन । यसबाट अनुवादक भिक्षु कुनै अन्य देशका विद्वान् र शील विनयमा अडिग रहेकाको अगाडि महत्तम नेपाली गौरवको कुरा हुन आएको छ ।

कुनैपनि पिटकवाङ्मयमा नभेटिएका कुराहरू अट्ठकथाहरूमा भेटिएको कुरासम्ममा सूक्ष्म दृष्टि पुगेको लेखक छ भने अनुवादक पनि कम दृष्टिवान् छ भन्न सकिँदैन । त्यसै हल्काफुल्का विचारले यस पुस्तकको अनुवाद भएको रहेनछ । बजारमा अनुवादक भनी कहलाउनको लागि र आत्मसन्तुष्टिको लागि कुनै विषयको अनुवाद भएका पुस्तकहरू प्रशस्त पाइन्छन् । एउटै विषयमा दोहोऱ्याई तेहोऱ्याई प्रचारको हिसाबले किताब निकाल्ने र तिनको अनुवाद गरिएको पनि त्यत्तिकै पाइन्छन् । यो बुद्ध र बुद्धवाद पुस्तकको अनुवाद त्यस्ता प्रकाशनहरूको अपवादस्वरूप रहेको भन्न सकिन्छ जसमा आजसम्म सायद कसैको ध्यान नपुगेको विषय रहन आएको छ । हरेक कुराको कारण र प्रतिफल बेग्लाबेग्लै हुने भएको कुरा र उस्तै–उस्तै प्रकारका काम कुराको पनि फरक फरक प्रतिफल हुने कारणका कुराले मानिसलाई आफ्नो कामकारवाहीमा सचेत पार्ने हुन्छ ।



Downloaded from http://dhamma.digital

यस्तै सचेततास्वरूप आँखामा बिझेका धूलकणहरूलाई पुछ्ने र धुने गरी आँखालाई निर्मलता जुराएझैं विद्यमान रहेको यो पुस्तक र अनुवाद देखिएको छ।

मानिस आशामा झुण्डिएको हुन्छ। विद्वान् होस् वा मूर्ख होस्, सत्पुरुष होस् वा असत्पुरुष होस् यस मानवदुःखभूमिमा रहेर अतीत भवदेखिको क्रियाकलापहरूको राम्रो फल र नराम्रो दोषलाई सधैंभरि खुलेयाम अनुभव गर्न पाइनेछ भनी मानिसले आशा राख्नु हुँदैन भनी देखाएर सत्पुरुषले दुःख पाइरहनु र असत्पुरुषले समृद्धि जमाइरहनुजस्ता कुरा देख्न पाइएको छ। यस्ता कुरा बुद्धिवादीमा बुझ्न समस्या नहुने हुन्छ। यस्तै थुप्रै अन्योलताका कुराको समाधान यस पुस्तकमा पाइन्छ। यहाँ के कुरा भएको छ र के कुरा भएको छैन अनि भएकै पनि कसरी भएको छ भन्ने कुरा कनीकुथीमा पाइएको हुन्छ। यस्ता कनीकुथीका कुराहरू जातककथामा अथवा दन्त्यकथामा अथवा बर्मेली आख्यानहरूमा बताइएका हुन् कि भन्ने कुरामा आकलझुकल विश्वास जाग्नसक्ने जस्ता कुरा भइदिएका छन्। यस्ता कुराको जानकारी लिएर व्यवहारमा हुन नसक्ने र विश्वासयोग्य पनि हुन नसक्ने जस्ता कुराको विषयमा घोत्लिएर खोजेको ज्ञानको कुरा यहाँ प्राप्त हुने भएको छ। आजको वैज्ञानिक युगको वर्तमान अवस्थामा बुद्धवादसँग मेल नखाने धेरै कुरा यसमा पढ्न पाइन्छ। सरसर्तीमात्र हेरेपनि बुद्धवादको कुराको ज्ञान यसबाट लिन सकिन्छ।

मानिसले साधक बनेर तटस्थ भई हेर्न पाउने, देख्न पाउने र विचारसंचार गर्न पाइने कुराद्वारा यो पुस्तकले विशेषस्थान ओगटेको छ। दीर्घायु हुनु र अल्पायु हुनु, अतीत र वर्तमानलाई सोच्नु, आसक्ति र अनासक्ति, पूर्वेली र पश्चिमेली जगत्का विषय, वातारण एवं वंशबीजका कुरा, रोगी हुनु र निरोगी हुनुजस्ता



Downloaded from http://dhamma.digital

कुराको साथै भगवान् बुद्धले सीधै उपदेश गरेर नगएका कुरा पनि संयुत्तनिकाय आदि सूत्रहरूद्वारा तथ्यतासम्बन्धमा निर्देशित गरेको पाइन्छ । यस्ता मानिसको लागि कुत्कुती लाग्ने उत्सुकताका कुराहरू बर्मीभाषामा लेखिएकाले बर्मीहरूले बुझ्न पाइएको छ । यस्ता उत्सुकताका कुराहरू नेपालीले पनि थाहापाउन पाऊन् भनी नेपालीभाषामा अनुवाद गरिदिनु भिक्षु ज्ञानपूर्णिक महास्थविर को कम विशेषताको कुरा होइन । मानिसको मरणोपरान्तका कर्मशक्तिहरू जातिसमान र धातुसमान भएका आमाबाबुहरूमा नयाँ नामरूप उत्पन्न भएर आउनेजस्ता कुरा कम जिज्ञासाका विषय होइनन् जुन कुराको यस पुस्तकमा बेलीविस्तार लगाइएको छ, यो ठूलो देनको कुरा रहेको छ । विज्ञानसँग मेलखाने कुराको चर्चा गर्ने हो भने रसायनशास्त्रले कुनैपनि प्रकारको सामर्थ्य कहिल्यै निरर्थक हुँदैन भनिदिएको छ । यस्तै बुद्धवादले पनि कर्मशक्ति मानिसको मृत्युपछि पनि निरर्थक नभै यसले अर्को भवलाई सृष्टि र निर्माण गर्छ भनिदिएको छ । यस्ता कुरा देख्न सुन्न पाउँदा जीवनको रहस्य बुझ्न चाहने जोसुकै पनि बुद्धवादमा घोत्लिन जानु स्वाभाविक छ । यसप्रकारको पुस्तकको सृजना हुनु बुद्धधर्मको प्रचारमा कम महत्त्व राख्दैन ।

आत्मा छैन भन्ने तर एक भवबाट अर्को भवतिर कर्मशक्ति संसरण हुन्छ भनिएको छ । यस्तो कुरा विवादास्पद छ भनी तर्क गर्नेहरूका लागि मिलिन्दप्रश्नग्रन्थमा भिक्षु नागसेनले प्रस्ट पारिदिएको कुरा यसमा निहित गरेको छ । यस्तो कुरा देख्दा मानिसलाई तत्कालै मिलिन्दप्रश्नग्रन्थ हेर्न लालायित गराइदिने हुन्छ । यस्तो कुराको उल्लेखले बुद्धज्ञानको प्रचार पनि हुने भयो र मानिसमा ज्ञान पनि बढ्ने भयो । यसरी विचार सम्प्रेषणमा गहन दृष्टि पुग्न गएका लेखक र अनुवादक प्रशंसाका पात्र भएनन् र ?



Downloaded from http://dhamma.digital

बुद्धवादीहरूको अन्य वादीहरूको विचारको समीक्षा नै यो पुस्तक भइदिएको छ ।

खण्ड खण्ड गरी विषय छुट्याई लेखिएको यो पुस्तक भाष्यझैं पनि बन्न पुगेको छ । यसमा हामी पाउँछौं कि बुद्धवाद भनेको शीलाचरणको कुरा हो । यस्तो शीलाचरण अन्य भारतीय वादहरूमा भन्दा बुद्धवादमा बढी व्यापक र गहिरो रहेको छ । पुराना भारतीय धार्मिक ग्रन्थहरू ब्राह्मण, उपनिषद् आदिले पालिपिटकले जस्तो शीलाचरणविषयलाई विस्तृतरूपमा गम्भीरताका साथ पूर्णतया उल्लेख गरेको पाइँदैन । बुद्धवादको व्याख्या गर्ने पश्चिमेलीहरूले शीलधर्मलाई बुद्धवादको प्रमुख धर्म हो भनी मानेका छैनन् । यसलाई आचरण र दर्शनमात्र हो भनी उनीहरूले धारणा राखेका छन् । यस्ता कुरा पिटकमा उल्लिखित बुद्धको कथासँग नमिल्ले रहेको छ । यस्तै किसिमका वादविवाद यस पुस्तकमा विद्यमान हुनु बुद्धवादका अन्वेषक र अध्येताको लागि यथार्थ निर्क्योल निकाल्न यो पुस्तक उपयोगी सिद्ध हुनआएको छ । पञ्चशीललाई जान्नुमात्रले बुद्धदेशित आचरण र शीलको गम्भीर र व्यापक प्रक्रियालाई जान्न सकिँदैन भन्ने लेखकको भनाइ छ। पञ्चशीलमा पहिलो र दोस्रोबाहेक अरू शीलहरूसम्बन्धमा व्यावहारिक मन्थन गर्नुपर्ने कुरा हो भनी मज्झिमनिकायका पोलियसुत्त, सालेय्यकसुत्त र सल्लेखसुत्त आदिमा सुरामेरयजस्ता शिक्षापद देखापर्दैन भनी पादटिप्पणीमा देखाइएको कुरा अति मननीय छ । चुरोट खानु, पान खानु, कफी पिउनु, चिया पिउनु जस्तो आदत लागेको व्यक्तिले रक्सी नै नखाएपनि बुद्धको मार्गपद्धतिअनुसार सफलतापूर्वक उद्योग, अभ्यास र आचरण गर्न सक्नेछैन भन्नेजस्ता कुलतको कुरा उल्लेख हुनुले यस पुस्तक आचरणशील बुद्धवादको प्रतिनिधिस्वरूप रहन आएको छ ।



Downloaded from http://dhamma.digital

विषयानुसार उदाहरणै उदारहणको थुप्रो रहेको छ, यो पुस्तक । बर्मेलीहरूको चरित्र र धर्मको प्रकार यसमा छर्लङ्ग पाइन्छ। यो बर्मीको अतिरिक्त अरूको लागि उदाहरणीय बनाइएको छ। म्यानमार्का मानिसहरूको कमजोरी पनि देखाई बुद्धवादलाई प्रश्रय दिन खोज्नु लेखकको इमान्दारिता हो । इयान् प्रदेशका कुरा, हिटलर, अमेरिका, हिरोसिमा आदि पछिको जनजीवनमा देखिएका कुरालाई पनि समेटेर विषयविविधता प्रतिपादन गर्न खोजिएको छ, यस पुस्तकमा । बुद्धको मतअनुसार हरेक क्षेत्रमा स्मृतिजन्य प्रज्ञाद्वारा निरीक्षण गरी काममा लाग्नु आवश्यक छ भनी मानिसमा व्यावहारिक सचेतता जगाइदिएको छ। देश काल परिस्थितिलाई अगाडि सारेर मानिसको ज्ञान यताउती भट्केको कुरालाई बताइदिनु आजको युगलाई पनि सापेक्ष गराउँदै लैजानु हो । जस्तै, पहिलेको अवस्थामा अत्यधिक जनसंख्या वृद्धि भएर गरिब भएको चीनमा मानिसहरूले दूधेबालकहरूलाई मार्नेगर्थे । एकताका विश्वका कुनै प्रदेशहरूमा जङ्गली मानिसहरूले असमर्थ वृद्धवृद्धा बाबुआमालाई मार्नेगर्थे। एकताका विश्वका कुनै प्रदेशमा आदि भन्दै कुराहरू बताउँदै बुद्धवादसित ठ्याम्मै नमिल्ने कुराहरू अठोटसाथ यहाँ औंल्याइदिएको छ। ठीक बेठीकजस्ता कुरा स्वयंले सोच्नुपर्ने गरी गान्धीको एकोहोरो आत्मबोधक आचरणवादलाई पनि यहाँ दृष्टान्तको रूपमा देखाइदिएको छ । पञ्चशीललाई धोतीकसेजस्तो सुरक्षित हुने गरी समादान गर्नुपर्छ भनी बुद्धशासनिक ग्रन्थहरूले भन्छन् भन्ने तर्क लगाउनेको लागि बुद्धको शिक्षा रहेको खुद्दकनिकाय सुत्तनिपातजस्ता कुरालाई अगाडि सारेर चित्त बुझाइदिने माध्यम पनि बनाइएको छ ।

अन्धविश्वास र हाहामा लाग्नु मानिसको आचरणको विरुद्ध हो भनी उल्लेख भइरहेका कुरा पनि यसमा पढ्न पाइन्छ,



Downloaded from http://dhamma.digital

जसले गर्दा मानिस वास्तविकताको खोजीमा तत्पर रहन जाने हुन्छ । जस्तै, एकजना डब्लू. एम्. उर्वानको रायअनुसार मानिस जति जति प्रज्ञाज्ञानमा परिपक्व हुँदै जान्छ, त्यति त्यति नियम आचरणहरू बढ्दै जानेहुन्छ । जो कोहीलाई पनि आफूले चाहेको र मनपराएको काम गर्न नियम कानून हुनुपर्ने जरूरत छैन । नियम र नीतिहरू उद्देश्य र लक्ष्यको निमित्त सहयोगमात्र भएकोले लक्ष्यतिर अगाडि बढ्न चाहने चित्तछन्द कमजोर भएको कारणले मात्र ती नियम नीतिलाई ध्यान पुऱ्याउनुपर्ने हो । साँचिक्कै विद्याकांक्षी विद्यार्थीमा पाठसिक्ने आधार नीति नचाहिनेजस्तै सन्त सत्पुरुषको निमित्त व्रताचरण, नियम, नीतिहरू आवश्यक पर्दैनन् । यही कुरा बुद्धले प्रजापति गौतमीलाई सम्झाएको चूलवग्ग भिक्खुनीखन्धक प्रकरणअनुकूल रहेको छ । पछि गएर बुद्धशासनमा परिस्थिति फेरिँदैआयो र बुद्धलाई आफूले शिक्षापद प्रज्ञप्त गर्नुपर्ने अवस्था आयो । यस पुस्तकले किटेर देखाइदिएको छ कि बुद्धवाद अतिद्वयलाई त्यागेर मध्यममार्गलाई निर्देशित गर्ने वाद हो ।

विपश्यनासम्बन्धमा छुट्टै खण्ड छुट्याएर विश्वमा ठूलठूला धार्मिक सिद्धान्तहरूले मानिसको चित्तलाई अनुशासित पार्न धेरै उपदेश गरिएका कुरा बताइएको छ । विपश्यना चित्तसँग सम्बन्धित कुरा हो । चित्तसम्बन्धको धार्मिक सिद्धान्तमा बुद्धवाद अति महत्त्वपूर्ण रहेको छ किनभने अन्य धर्ममा ईश्वरप्रतिको आस्थामा रहनुपर्ने र बुद्धवादमा मानिस आफ्नै आधारमा रहनेगरी आफ्नै भरोसामा रहनुपर्ने हुन्छ । यही कुराको फरक नै अरूवादसित बुद्धवादको फरक हो । यही नै बुद्धको सम्यक्सम्बुद्धताको पहिचान हो । यहाँ शीलबिनाको विपश्यनाको व्याख्या भएको छ । यसैसम्बन्धमा भारतका योगी, फकिर र साधुका विषयमा भएको ज्ञानलाई साक्षीस्वरूप उल्लेख गरिएको छ । समाधिपद पालिपिटक



Downloaded from http://dhamma.digital

आउनुभन्दा अगाडि अन्य भारतीय वाङ्मयहरूमा देखापर्दैन भनिएको अरू पुराना ग्रन्थहरूको अध्ययनमा चासो दिलाउने भएको छ ।

यस पुस्तकमा अर्थ खुम्च्याउने, सोभ्याउने, विस्तारगर्ने जस्ता प्रायोगिक शैलीले पालिको ज्ञान ग्रहणमा धेरै नै उपलब्धिपूर्ण रहेको छ । पालि त्रिपिटकको ज्ञान नहुनेको लागि यो ग्रन्थ अध्ययनमा केही कठिनाइ त पर्छ नै तथापि विषयगत कुरामाथि अलिकतिमात्र ध्यान दिएर, चाख मानेर हेर्ने र पढ्नेको लागि यो ग्रन्थ दुर्लभ ज्ञान प्राप्त गर्ने एउटा साधन नै हुनेछ । यस ग्रन्थले त्रिपिटक़लाई उदाङ्ग पारेर तस्बिर खिचेर अगाडि राखिदिएभैं गरेको छ । यसमा सम्झाइ बुझाइको लागि आध्यात्मिक कायिक, वाचिक, इन्द्रियसम्प्रजन्य कुराहरूलाई मात्र उल्लेख गर्नुसट्टा आधुनिक सरसामान र ज्ञानविज्ञानको कुरालाई पनि उदाहरणको रूपमा लिइएको छ जसले गर्दा छिट्टै कुरा सम्झनको लागि सहयोग गर्दछ ।

नेपालीभाषामा बुद्धका उपदेश भनी साधारणखालका बुद्धोपासकोपासिकाको लागि गुन्थित जातककथा र अन्य जीवनीखालका कथाहरू प्रकाशित भएका धेरै पाइन्छन् । बुद्धका उपदेश र कण्ठस्थ पार्नुपर्नेविषयका किताबहरू धेरै प्राप्तहुने भैसकेका छन् तर यसप्रकारको बुद्धि र विवेकसमेत प्रयोग गरी उच्चखालका दार्शनिकहरूलाई समेत दिमाग खियाएर अध्ययन गर्नेखालको पुस्तक विरलै पाइने भएको छ । यो पुस्तक एउटा त्यस्तै दुर्लभ ग्रन्थहरूमध्येमा आकाशमा बादल छिचोली चिहाउन आएको सूर्यभैं देखिन्छ भन्ने कुरा पनि एउटा तथ्यभैं साबित हुन आएको देखिन्छ । भएभरका बौद्धदार्शनिकहरूको विचारसँग तुलना गरी लेखकले आफ्नो विचारलाई अगाडि सारेर बुद्धउपदेशसँग सापेक्ष बनाइएको एउटा यो गहन अध्ययनको विषय भइदिएको छ ।



Downloaded from http://dhamma.digital

बुद्धको उपदेशमा उद्योगको महत्त्व बताइएको सूत्रको उल्लेख गरिएको छ । यस्तै ढीला, सुस्ती, आलस्यपन पन्छाई जुरुक्क उठ्नेखालको आरब्ध वीर्यद्वारा उद्योग गरिनेजस्ता खालका कुराहरू उल्लेख गरिएको छ। मानिसको जीवनमा अदम्य उत्साह प्रस्फुटित गर्नुपर्नेखालका आर्थिक, बौद्धिक र व्यावहारिक कुराहरूले भरिदिएको छ यो ग्रन्थमा। त्यसैले यो ग्रन्थ मात्र बयान नभै शास्त्रको पनि शास्त्र भैदिएझैं छ। मनोविज्ञान र स्वभावधर्मलाई प्रष्ट पार्नु नै यो ग्रन्थको उद्देश्य भन्नुमा कुनै फरक पर्दैन होला झैं देखिएको छ । मान्छे अरूप्रति छल गर्ने धेरै हुन्छन् । यसमा आफूले आफैलाई छलगर्ने जस्ता कुरा छन् । आफूले आफैलाई छल गर्ने अवस्था भनेको अकुशल चित्तलाई बिलकुल थाहा नपाउनु हो । यसैले आफूले आफैलाई धोखा दिनेखालका कुराहरूबाट जोगिनुपर्ने कुरा यसमा बताइएको छ। सायद यो नै यस पुस्तकद्वारा दिइएको शिक्षा हो। विनाकारण मानसिक अशान्ति हुने, एक न एक उपादान आसक्ति रहिरहने, शोक सन्ताप हुने, चित्त मलिन हुने र अस्वस्थ हुनेजस्ता पश्चिमेलीहरूमा हुने कमजोरीको शिकार पूर्वेलीहरूमा कम पाइने भएको कुराको तुलनात्मक विषयलाई यहाँ बताइएको छ। पश्चिमेलीहरूमा आइपर्ने त्यस्ता चिन्ताहरू स्वतः बिलाएर जानेखालका कुरा बताएर आ-आफ्नो स्वभावलाई सच्याउन यस पुस्तकले धेरै मद्दत पुऱ्याएको छ। भवव्यहारमा अल्मलिएर जीवनमा धोखा खानेजस्ता कुराहरूलाई उदाहरणस्वरूप प्रस्तुत गरेर पूर्वकालका र मनगढन्ते कुरालाई अगाडि नसारी हालसालको वर्तमानमा धेरैजसोलाई थाहा हुने र धेरैजसोले अनुभव गरिने किसिमका जीवन्त उदाहरण दिने गरिएको यस ग्रन्थको सार्थकता हो। घरगृहस्थ, नोकरी र बन्दव्यापार आदिमा चैतसिक, मानसिक र व्यावहारिक कुराहरूसँग सम्बन्धित गरी कलम चलाउनु



Downloaded from http://dhamma.digital

यस पुस्तकका लेखकको ज्ञानको विशेषता हो । बुद्धको उपदेश र कार्यसम्पादनका कुरा बुद्धकालीनभन्दा पहिलेको हो वा बुद्धकालदेखि सुरू भएको हो भन्नेजस्ता खोजमूलक तर्क पनि यस पुस्तकमा प्रस्तुत गरिएको छ । निर्वाणपदको कुरा त यस पुस्तकको मूल विषय नै भयो । यसैले निर्वाणसम्बन्धी कुरा खोलेर राखिदिनु त यसको उद्देश्य नै रहेको छ । वादको कुरा गर्दा विवाद उठ्न आएकोमा निराधार र तथ्यहीनताका कुरालाई खुलेयाम उद्‌गार व्यक्त गर्नसक्नु लेखकको दृढनिश्चयीपन र आत्मविश्वास हो । बुद्धवादलाई देवलोक, ब्रह्मलोक र ऋद्धिशक्तिहरूलाई बढाईचढाई प्रशंसा नगर्ने वाद हो भनी लौकिकीकरण र सरलतामा विश्वास दिलाउने प्रयास नै पनि मानवतावादको आफ्नोपन प्रस्तुत गर्ने कोशिस हो ।

मानिसलाई सम्झाउनुपर्ने कुरालाई खोतली खोतली बताउने गर्दा ध्यानको कुरालाई अगाडि सार्न सकिन्छ । ध्यान र विपश्यना एउटै कुरा हो भनी मानिसले सामान्यतया आफ्नो ज्ञान सीमित राखेको पाइन्छ । वास्तवमा ध्यानधर्म र विपश्यनाधर्म अलग्गको कुरा हो । विपश्यनाधर्म ध्यानधर्मभन्दा गम्भीर कुरा हो । बुद्धवादमा ऋद्धिशक्ति होस् वा ध्यानधर्म होस् मुख्य कुरा होइनन् । ऋद्धिशक्तिको अवगुणलाई हेरेर बुद्धले भिक्षुहरूलाई ऋद्धिशक्ति प्रदर्शन नगर्न प्रज्ञप्त गर्नुभएको छ । त्यसरी नै ध्यानधर्ममा मज्जा ठानेर त्यसमा नभुली त्योभन्दा अति पवित्र धर्मको विषयलाई अन्वेषण र परीक्षण गर्ने कुरालाई ध्यान नदिई बुद्धधर्मका सम्बन्धमा र परस्परमा अर्थ न बर्थको जथाभावी बोल्ने बानी रहेको कुरातिर पनि यसले औंल्याएको छ । अनात्मधर्मको उदाहरण दिँदा विपश्यनाज्ञानद्वारा जाने देखेको धर्मतिर तथ्य स्पष्ट पर्ने साधकप्रमाणहरू थुप्रै रहेको बताइएको छ । यस्तो कुरा बताइएपनि बुद्धले आत्मा छैन भनी



Downloaded from http://dhamma.digital

स्पष्टरूपमा नभन्नुभएको कारणले बुद्धवादलाई आत्मवाद भएजस्तो सम्झिरहने व्यक्तिहरूका लागि चिन्तनीय विषय भएको कुरामा लेखकले बुद्धिवादीहरूलाई चनाखो पार्ने बनाएको छ ।

बुद्धवादको सिलसिलामा निर्वाणको दृष्टधर्मलक्षणलाई एक खण्डकैरूपमा अगाडि सारी निर्वाणको विषय बुद्धवादमा धेरै विवादास्पद बनेको कुरा उल्लेख गरिएको छ । निर्वाणसम्बन्धमा धेरै तर्कवितर्क रहेका छन् । निर्वाणको परिभाषामा सारिपुत्रले भनेका कुरा राग, द्वेष र मोह क्षय हुने जुन स्वभावधर्म छ त्यो स्वभावधर्मलाई निर्वाण भनी मान्नुपर्छ भनिएको कुराको चर्चा परिचर्चा रहँदारहँदै निर्वाणसम्बन्धको ज्ञानमा धुनमुनिएको छ । यही कुरालाई अगाडि बढाउँदै मानिस निर्वाणसम्बन्धमा जानकारी लिन पुग्ने भएको कुरा मननीय छ । मरेपछि स्वर्ग पाइन्छ भनेझैं निर्वाणलाई मरणोपरान्तमात्र प्राप्त गर्न सकिने धर्म हो भनी धारणा राख्ने धेरै रहेका छन् । दुःखसत्यलाई यथार्थरूपमा नबुझ्ने पनि धेरै छन् । यस्ता विषयमा लामो विषयको रूपमा बताइएको कुरा बुद्धवादीको लागि अध्ययन मननमात्रको लागि नभै दर्शन स्पर्शनसमेतको लागि आधार हुनपुगेको छ ।

यसै क्रममा अरहन्तविषयमा नजर दिँदै निर्वाण साक्षात्कार गरेका अरहन्त पुद्‌गलको लक्षण र आकारप्रकारलाई विचार पुऱ्याउनुपर्ने कुरामा जोड दिन पुगेका छन् लेखक । यही जोडदार कुरा नै मानिसको लागि आदर्शशील बनाउन लेखक कटिबद्ध रहेको छ भन्नुमा कतिपनि शंकागर्न नपर्ने गरी पुस्तकका पाना भरिदिएका छन् । सक्कली अरहन्त र नक्कली अरहन्त रहेका हुन्छन् भन्ने कुरा यहाँ समावेश गरिनु धर्मलाई चोखोको रूपमा प्रस्तुत गराउनु हो । पूजा गरेर, शीलप्रार्थना आदिमा मख्ख परेर आफूलाई राम्रो उपासक सम्झने र त्यस्तो स्वभावका लागि राम्रो



Downloaded from http://dhamma.digital

उपासक हो भन्नेहरू छन् । त्यस्ता राम्रा सम्झनेहरूका लागि आफू सच्चा उपासक बन्न तिनीहरूले होश पुऱ्याउनुपर्ने ५ प्रकारका दुर्गुणका कुराहरूलाई छानबीनको रूपमा बताइएको छ। उपासक भनिएपनि श्रद्धा नहुनु, शील नहुनु, कौतूहल मङ्गलमा विश्वास गर्नु र बुद्धशासनभन्दा बाहिर दानप्रतिग्राहक व्यक्तिको खोजीगर्नु जस्ता कुरामा लाग्नेहरू उपासक कहिएपनि चण्डाल उपासक हीन उपासकमा गनिने कुराको उल्लेखले सही उपासकलाई धर्ममा प्रतिवद्ध हुन हौसला जगाइदिने भएको छ ।

अरहन्तको गतिको विषयमा पनि उत्तिकै मसी चोपेका छन् लेखकले यहाँ । अरहन्तहरूमा अनागतको आशा एवं प्रार्थना रहने हुँदैन । यसै विषयलाई अगाडि सारेर अरहन्तगतिको व्याख्यामा तर्क वितर्क लम्ब्याई बुद्धवादीहरूलाई वास्तविकता सम्झाउन खोजिएको लेखकको कुशल क्रियाकलाप भन्न सकिन्छ । कुराको सिलसिला आउँदा पनि भगवान् मौन रहिदिने गरेको सूक्ष्म कुरालाई यहाँ विशेषतामा रूपान्तरण गरिएको छ । महायानधर्मवादीहरू जतिसुकै बुद्ध भनी श्रद्धा फलाक्ने भएका भएपनि ब्राह्मणधर्मबाट बुद्धवादतिर सरेर आएका व्यक्ति रहेका हुने भएकाले उपनिषद्ग्रन्थमा रहेका परमात्मावादको प्रभावबाट बिल्कुल रहित भएका होइनन् भनी महाकवि अश्वघोष, दार्शनिक वसुबन्धु र बोधिधर्म आदिको नाउँसमेत उल्लेख गरी वादका कुराहरू समावेश गरिएबाट थेरवादीगणतिर झुकावको मर्म यस पुस्तकमा प्राप्य छ । साह्रै कुत्कुती लाग्दा कुराहरूको उल्लेख भएको हुँदा यो पुस्तक सितिमितिको लेखन र कलमबाट निसृत विषय होइन भन्न सकिने आधारस्वरूपका कुरा यसमा देख्न सकिन्छ कि "भगवान् बुद्ध पाल्नुभयो, विराजमान हुनुभयो भन्नु नै गलत हो, किनभने परमार्थको हिसाबले भगवान् बुद्ध(तथागत)



Downloaded from http://dhamma.digital

व्यवहारमा शब्दमात्र नै हो ।" जस्ता कुरा धर्ममा डाँवाडोल उत्पादन गर्ने कुरा हुन् । यसविषयमा अध्ययन मनन हुनै पर्ने हो । यस्ता कुरा ख्यालठट्टाका कुरा हुँदैनन् ।

बडो अनौठो अनौठोप्रकारका धारणा अवधारणाका पंक्तिहरू कोरिएका छन् यस पुस्तकमा । "शून्यवाद वास्तवमा नास्तिकवादसित धेरै फरक छैन । शून्यवाद बुद्धवादसित बिलकुल प्रतिपक्ष छ भनेर भन्न मिल्दैन । शून्यवाद निर्वाणजस्तोलाई नचाहने कोही कोही महायानवादीहरूको निर्वाण त सुखावतीनामक भूमिस्थल निर्वाण हो ।" यसप्रकारका विचारहरू पोख्ने पूर्वीय र बुद्धकालीन आदि विद्वान्हरूको विचार संकलन र प्रतिपादनका विषयमा मथिंगल खल्बल्याउने विषय ठूलठूला दार्शनिक र विद्वान् विदूषीहरूका लागि बौद्धिक खुराक भएको छ । बुद्धले मानिसको मनोवृत्ति, चरित्र र ज्ञानको परिपक्वता र अपरिपक्वतालाई हेरेर देशना गर्नुहुन्छ भन्ने कुरा सायद अन्य धर्मप्रतिपादकहरूसँगको अलग्ग कुरा हुनसक्छ । त्यही कुरा सही भएर पनि त्यसको प्रतिफल हुँदैन र अरूले पनि त्यसलाई मन पराउँदैन भने त्यस्तो कुरालाई त्यागिदिने गरिन्छ । यसबाट बुद्ध कति विचारवान् छन् भन्ने कुरा अन्य शास्त्रहरूमा पाइन मुश्किल छ । मानिसले एक न एक दिन मर्नुपर्नेछ भनी जानेतापनि आजभोलि तुरुन्तै मर्नुपर्नेजस्ता कुरादेखि मात्र डर मान्ने र वर्षौंपछि मात्र मरिने कुरामा डर नमान्ने हुन्छन् । त्यस्तै गरी अभाव हुनेबाट डर लिने गरिएतापनि धेरै पछिमात्र अभावसँग सामना गर्नुपर्ने भएमा डर मानेका हुँदैनन् भन्ने जस्ता व्यावहारिक स्वभावका कुरा पढ्दा मानिसको स्वभावजन्य प्रवृत्तिले मानिसको जीवन सञ्चालित भइरहेको लेखकबाट निसृत मसिनो विचार आजका लागि अति विचारणीय रहेको छ ।



Downloaded from http://dhamma.digital

बुद्धधर्मपरम्परामा एउटा विशेषता भनेको संघपरम्परा हो । संघका विषयमा लेखकले आफ्नो कलमलाई कुण्ठित बनाउन दिइएको छैन । त्रिपिटक विभिन्न भाषामा अनुवाद भएको बौद्धजगत्मा एउटा ठूलो विशेषता हो । यसले जोसुकैलाई त्रिपिटकको ज्ञान पाउने औसर प्रदान गरेको छ । तिब्बती, चीनिया भाषामा त्रिपिटक सुरक्षित छन् । त्रिपिटकले बुद्धधर्मको विशेषता भनेको संघ परम्परा हो भन्ने ज्ञान दिलाउँछ । संघ टुक्रिएर बुद्धधर्ममा छुट्टाछुट्टै निकाय बन्न गएको गहन कुरा बुद्धवादले प्रष्ट्याउँछ । बुद्धवादी र जैनवादी साहित्य अध्ययन गर्नुपर्ने र तीर्थंकर श्रमण, ब्राह्मण, परिब्राजक, भिक्षु, यति, सन्यासी, आजीवक, निर्ग्रन्थ, जटिल, र मागण्डिय आदि धर्मपथ ग्राहकको जानकारी नै बुद्धवादको जानकारीको लागि मसला हो । यस्ता कुराको ज्ञान नभई बुद्धलाई सही व्यावहारिक महामानव भनी चिन्न कठिन छ । यस्तै महामानवको ज्ञानको विषयलाई चिनाउने काम यस बुद्ध र बुद्धवादमा पाइन्छ । यस बुद्धवादलाई आ-आफ्ना तर्कबाट व्याख्या गर्ने र संशय निकाल्नेहरूका लागि बुद्धले कुन ठाउँमा, कसरी आफ्ना भावनाहरू प्रतिपादित गरी देखाए भन्ने कुरा सजिलैसँग एकै ग्रन्थमा पाइने भएको पुस्तक खोज्ने हो भने यो बुद्धवाद पुस्तकलाई पहिले अध्ययन गरेर त्यसपछि मात्र अर्को यस्तो कुनै ग्रन्थ छ कि भनी खोजेमा त्यसवेला यस पुस्तकको विशेषता कायम हुने हुन्छ । अनुवादक भिक्षु ज्ञानपूर्णिक महास्थविरले नेपालीजनलाई कसरी बुद्धवादमा डोऱ्याएको छ भन्ने कुरा नेपालमा बसी बुद्धलाई चिन्नजान्न चाहनेको लागि चौरासी व्यञ्जनसहितको भोजन तयार गरेर पस्केझैं हुने हुन्छ । विश्वका ६ वटै द्वीपका धार्मिक गणिकहरूको बुद्धका संघका अनुयायीहरूसँग कतै संक्षेपमा र कतै केही विस्तारमा सापेक्ष कुराहरू बताउनमा यो पुस्तक चुकेको छैन ।



Downloaded from http://dhamma.digital

प्रतिपादित धर्महरूका बीच शत्रु वा मित्रको भावना रहन गएका कुरालाई पनि त्यसका कारणहरू दिइदिन यो पुस्तकले चुकेको छैन । सभ्यताको नेतृत्व गर्ने तर अभिमानी र स्वतन्त्रताप्रेमी भनिने जातिहरूका बीच आन्दोलन हुनेगरेको कुरा पनि थाहापाइराख्न योग्य कुरा भएको छ । धेरैप्रकारका श्रमणहरूमध्ये भिक्षुहरू बुद्धवादलाई स्वीकारी विश्वास राख्ने श्रमण हुन् । प्रथमप्रकार का बुद्धवादी भिक्षुहरू एकत्रितरूपमा बसोबास नगरिकन एक्लै दुक्लै हिँडडुल गरेर धर्माचरण गरिरहने व्यक्तिहरू हुन् भन्ने तथ्यका वाङ्मयहरूद्वारा स्पष्ट गरिएका कुरा यसमा पाइन्छ । यस्ता कुराले आजका भिक्षुहरूसमेतलाई पर्यन्त बुद्धवादभित्र कसरी समेट्ने भन्ने उदाहरणको रूपमा प्रस्तुत भएझैं यस पुस्तक रहेको छ । पालिसाहित्य नै पनि पुरानो र नयाँ भनी भन्नुपर्ने अवस्था आजको छ । यायावरप्रकारका भिक्षुहरूको “आवास” सृजना भएर आएको वर्षावासजस्ता कारणको कुरा अति मनोवैज्ञानिक र तिनको बानी व्यहोरामा प्रभाव पर्ने भएको कुरा सम्झनलायक किसिमको रहेको छ । २२७ वटा नियम कसरी आए ? तिनको पालना कहाँसम्म हुनसक्छ र त्यसप्रति नियम, उपनियम र वादहरू कसरी जान्ने हो भन्ने कुरामा बुद्धसँग सापेक्ष रहेको छ । बुद्ध यसका जिम्मेवार श्रमण रहेका छन् । वादमा आएका कुराको समाधान भन्नु बुद्धको प्रज्ञाज्ञान हो । यस अर्थमा यस पुस्तक पनि एक ज्ञानको पुञ्ज हुनआएको छ ।

बुद्धवादका कुरा आउँदा श्रमणजीवनका कुरा अलग हुन सक्दैन । श्रमणजीवनको आचरण, शासन र व्यवहार नै बुद्धको शिक्षामा निहित बुद्धवादका कुरा हुन् , जुन यस पुस्तकको अध्ययनले जानकारी प्राप्त गराउँछ । श्रमणजीवनले बुद्धको प्रतिनिधित्व गरिराखेको हुन्छ । अतः बुद्धशासनको आयु भन्नु श्रमणजीवनको



Downloaded from http://dhamma.digital

क्रियाकलापमा भरपर्ने विषय हो । परित्राण र वर्षावास आदि अति संवेदनशील विषय हुन् । यी विषयको संवेदनशीलतामा सस्तोपनको प्रवृत्ति पस्न आएमा बुद्धशासनकै सुस्थितिको अवस्थाको सवाल उठ्ने हुन्छ । यस विषयका कुरामा सचेत रहन यो बुद्धवाद चिन्तित छ । यसैप्रति दृष्टि राखी विश्वभरिका विद्वान्हरूको भनाइहरूलाई अगाडि सारेर यो बुद्धवाद पुस्तकले विश्वकोषको भूमिका निभाइरहेको छ, जुन कुरा यसलाई गहन अध्ययन गर्नाले मात्र हृदयङ्गम गर्न सकिने हुन्छ । विभिन्न थरीमा मार्गफलको प्रतिपक्षीरूपमा छड्के कुराहरूलाई भन्ने र बोल्ने गर्ने दार्शनिक एवं विद्वान्हरूको उल्लेख गरेर कर्तव्यनिष्ठतातिर डोरिनुपर्ने कुरा यसमा सम्झाइएको छ । यो पुस्तक विद्वान्हरूको सङ्गमस्थल बनेको छ । बुद्धविषयक ज्ञान र अध्ययनशीलतामा गहिरिएर डुबुल्कीमार्ने गरेका विश्वका प्रख्यात उल्लेखनीय व्यक्तिहरू जसका विचार वाद, प्रविवाद, विवाद र संवादको रूपमा यस पुस्तकमा निहित छन् । यी व्यक्ति परिचित हुन योग्य रहेको छ, जस्तै :
१. डा. रीस् डेविड्स्, २. ऊ स्वे जाँ आउँ, ३. हेनरी क्लोक वारेन, ४. भिक्षु शीलाचार(अङ्ग्रेज), ५. मिस्टर एडमण्ड होम्स (अङ्ग्रेज), ६. सेन्ट फ्रान्सिस, ७. चार्ल्स डार्विन, ८. प्रज्ञाविद् शुकरात(ग्रीक), ९. दार्शनिक स्पेनोजाक(यहुदी), १०. कन्फुसियस, ११. भिक्षु नागसेन, १२. राजा मिलिन्द, १३. दर्शनाचार्य जेरेमी वेन्थाम (अङ्ग्रेज), १४. जोहन स्टुआर्ट मिल, १५. प्लेटो, १६.अरस्तु, १७. ही गेल्स (जर्मन), १८. आनन्दकुमार स्वामी, १९. जी. एफ. अल्लान(अङ्ग्रेज), २०. डब्ल्यू.एम्. उर्वान, २१. मनोवैज्ञानिक प्रा. थिलियम जोन्स, २२. चार्ल्स इलियट, २३. एस.जेड.आऊँ, २४. एफ् एच्.रोस्, २५. जोहन लाइदो डेभिस्, २६. बुस्टर थेसेल्यू, २७. सेन्ट थेसेसा, २८. सेन्ट पाउल, २९. विलियमस् गेम्स, ३०.



Downloaded from http://dhamma.digital

अल्डज हक्स्ले, ३१. जे. इब्बला, ३२. जोसेफ नीधाम, ३३. डब्ल्यू. टी. स्टेस्, ३४. अल्बर्ट स्विट्जर, ३५. सर राधाकृष्णन, ३६. लेदी सयादो, ३७. नरसु, ३८. विन्स्टन् एल् किंग, ३९. क्रिस्टोफर पिन, ४०. ई.जे. थोमस्, ४१. पौल केरस्, ४२. ई. कोन्जे, ४३. एन्. पुट, ४४. भी. पाउसिन्, ४५. वल्डेनवर्ग, ४६. मिगेड डे उनामुनो, ४७. मैक्स मूलर, ४८. एस्. सोफेन हावर, ४९. ए.बी.कीथ, ५०. बर्नाड शा, ५१. थोमस हक्स्ले, ५२. ई. फ्रेटु वाल्मर, ५३. करार्र, ५४. ज्याकोबी, ५५. एस्. डट, ५६. क्लिमेन्स अलेक्जेन्डर, ५७. के लिटार्चस, ५८. फ्रेगुस्सन, ५९. आई. बी. हर्नर, ६०. डब्ल्यू पाचो, ६१. डा. थान टुन, ६२ काउण्ट हर्मेन किसर्लिग् । यसका साथै विभिन्न पुस्तकहरूको उल्लेख र फूटनोट यसमा अति उपयोगी ढङ्गबाट दिइएको छ ।

नाम लिँदा र देख्दा सरलजस्तो देखिने भिक्षुजीवनको शान्ति सुखको बारेमा आवश्यक तरिकाबाट गहकिलो विचार यहाँ पोखिदिएको छ । बुद्धको पालामा बुद्ध स्वयंले भिक्षुहरुप्रति रेखदेख गरी अनुशासन गरिएको  र असल भिक्षुले कमसल भिक्षुहरूलाई दोषारोपण गर्ने भएकोले सङ्गठनमा फाल्तू र हल्का भिक्षुहरू र दुःशील भिक्षुहरू दीर्घकालसम्म टिक्दैनथे । यही कारणले भिक्षुहरू प्रायःजसो एकसमान मनको भएर सङ्गठित थिए । राजाहरूसमेत भिक्षुहरूबीचका यी कुराको सराहना गर्नेगर्थे । भिक्षुहरूमा हर्षितता र प्रफुल्लितभाव थियो । यसोहुनका लागि बनाइएका नियम नै भिक्षुजीवनका विनय नियम हुन् । यस्तै विनयप्रतिको छलफल नै बुद्धवाद टिकाउनको लागि यस पुस्तकलाई माध्यम बनाइएको हो भन्ने लाग्नु यस पुस्तकका सही अध्येता हुने परिचायक हुनसक्छ । भिक्षुसंघको मानवीय आचारनीतिलाई समाजवादी स्वभावधर्ममाथि आधार बनाएर आपसमा सङ्गठित पारिराखेको मूलकारण



Downloaded from http://dhamma.digital

बुद्धवादिताको स्थायीत्व राखिनु हो भन्न सकिन्छ । यही कुराको आधारमा बुद्धवादको प्रतिपादन भएको हो भनेर खोज्दै हिँड्ने जोकोहीलाई बुद्धवादसम्बन्धको महत्त्व खुल्न आउँछ ।

भगवान् बुद्धले कुनै क्षेत्रमा पनि आफूले मात्र नेतृत्व गर्ने भनी कहिल्यै भनेको पाइएको छैन । यस कुरा नै अरू धर्मका प्रतिपादकहरूसँग बुद्धको फरकपना हो । बुद्ध मानवमात्रको सुख दुःखको साथी (साथमा रहने) मात्र बने, कोहीभन्दा ठूलो वा सानोको कहिल्यै वर्ताव भएनन् । मानवमा हुनुपर्ने गुणको हिसाबले प्राणीमात्रको करुणाको खानी बनिदिएको बुद्धको वास्तविक परिचय हो । यस्ता कुराहरू उल्लेख भएको महापरिनिर्वाणसूत्रको कुरा बुद्धको अन्य महान् कहिएका व्यक्तिहरूसँगको तुलनाको लागि त्यो सूत्र नै अति उदाहरणीय वास्तविक सूत्रको रूपमा रहिआएको छ । यस्ता विशेष कुराको उल्लेख र त्यससम्बन्धका उद्धरणहरूले भरिएको यो पुस्तक, यसका लेखक अनि यसका अनुवादक धन्य छन् । बुद्धवादलाई मानवधर्मसापेक्ष बनाउन तीनै पक्ष अग्रसर रहेका छन् आ-आफ्नो कार्यप्रकृतिमा ।

बुद्धवादको सम्बन्धमा एउटा सशक्त अङ्ग भएको प्रातिमोक्ष (शील) सम्बन्धमा लेखकले आफ्नो विचार राख्न छोडेनन् । प्रातिमोक्षको विषयमा लेखकद्वारा उल्लेख भएका कुराले बुद्धसम्बन्धित व्यवहार र शिक्षापदको इतिहास नै कोरिदिएको छ भनेझैं यो किताब रहेको छ । ठाउँ ठाउँमा देखिएका प्रातिमोक्षका कुराहरू समान नभएको कुरालाई कोट्याई त्यससम्बन्धमा बढी ज्ञान हासिल गर्नुपर्ने कुरातिर यसले इङ्गित गरेको छ । प्रातिमोक्ष दुःशीलहरूका अगाडि कहिल्यै प्रदर्शन गर्न नहुने कुरा अति नै मनोवैज्ञानिक



Downloaded from http://dhamma.digital

रहेको छ । प्रातिमोक्षको शिक्षापद गणना गर्दा त्यहाँ भएको फरकले धर्मको वास्तविकतासम्म पुग्नुपर्ने कुरालाई यहाँ निर्देशित गरिएको छ। थेरवादीको प्रातिमोक्षमा २२७, सर्वास्तिवादीहरूकोमा २६३, महासांघिकगणकोमा २१८ प्रातिमोक्ष रहेको र त्यसको सुरूमा मूलरूपमा १५० मात्र प्रातिमोक्ष रहेको हो भन्नेजस्ता उल्लेखले लेखकको अध्ययन र विवेक कति उच्च रहेछ भन्ने कुरा स्पष्टिने कुरा भएको छ ।

यस्तै संघकर्म र संघकर्मका प्रकारलाई समावेश गरेर संघकर्मलाई न्यायपूर्वक राख्न विनय र नीति नियमहरूसित मेल खानुपर्ने कुरालाई सम्झाइदिएको छ । यो कुरा गहन विषय भएकोले बुद्धवादको एउटा आधार यसलाई पनि मान्न सकिन्छ भन्ने पाठकलाई लाग्नु स्वाभाविक हुन आउँछ। बुद्धको भिक्षुसंघ हैकमवादी हुकुमी सिद्धान्तसँग प्रतिपक्षी छ । बुद्धवादले प्रत्येक व्यक्तिको स्वतन्त्रतापूर्वक चिन्तन गर्ने कसैमाथि आफ्नो विश्वास पोख्ने कुरामा गौरव राख्दछ । आफ्नै सिद्धान्तलाई मात्र उपल्लो श्रेणीमा राखी अरूलाई दमन गर्नेजस्ता कुरादेखि यो विषय टाढा रहेको छ । यसैले यस पुस्तकमा निकायका कुरा सजिलैसित राखिएको कुरा पनि अति मननीय रहेको छ ।

बुद्धवादका कुना कुनाको अङ्गमा दृष्टि पुऱ्याएर लेखकले भिक्षुणी संघको कुरालाई पनि समावेश गर्न विर्सेनन्। बुद्धकालीन अवस्थामा महिलाहरूले भारतको मध्यदेशमा पुरुषसरह स्वतन्त्रता प्राप्त गर्न सकेका थिएनन् तापनि केही हदसम्म महिलाको श्रेणी माथि उठेको थियो । यसो हुनुको कारण बहुवाद नै थियो । त्यसपछि पनि समाजमा महिलाहरूको स्थिति खस्कँदै गएको थियो। भिक्षुणी रूप



Downloaded from http://dhamma.digital

बनिसक्दा आइमाईले भिक्षुणी बनेको जैनधर्ममा हो कि बुद्धधर्ममा हो अर्थात् जैनभिक्षुणी पहिलो हो कि प्रजापति गौतमी पहिली भिक्षुणी हुन् भन्ने कुरामा द्विविधा रहेको छ । यस्तो अनिर्णित कुरामा यस पुस्तकमा राम्रो विवरण प्रस्तुत गरिएको हुँदा नारीप्रगतिको इतिहासमा नै विशेषता पुग्न आएको कुरा यस पुस्तक विषयमा कम महत्त्वको कुरा होइन । समाजमा महिलाहरूको स्थिति र भिक्षुणीसंघको विषयको कुरा पनि कम महत्त्वको कुरा होइन भन्न सकिन्छ जुन कुरा लेखकले दृढताका साथ ओकलिदिएका छन् ।

संघ र उपासकविषयमा भगवान् बुद्धले शिक्षापदलाई प्रज्ञप्त गर्नुभएको कुरा बुद्धवाद एक उदारवाद र सामाजिक सुदृढताका लागि नमूना भइदिएको कुराले यो पुस्तक त्यस्तो गहन र सामाजिक रूपान्तरणको लागि सही मार्गदेशक छ भन्न करलाग्ने कुरा भएको छ। अनेक अकल्पनीय घटनाहरू पनि आएको भन्नेजस्ता कुरालाई पुस्तकभित्र ठम्याएर देखाइदिएको हुँदा अनुवादक सायद लोभिएर यस पुस्तकलाई अनुवाद गर्नेतिर लागेको हो कि भन्न सकिने पनि कुरा छ । अनुवादक स्वयं विद्वान्मात्र नभै विद्वत्तालाई सदुपयोग गरी क्रियाशील संघमा समुपस्थित रहेको कुरा नेपालको अग्रगण्य बौद्धविद्वान्मध्येमा अद्वितीय मान्न सकिने विश्वशान्ति विहारको संरचनाबाट उदाहरण लिन सकिने भएको छ ।

संघ र वर्तमानयुग एउटा आजको जल्दोबल्दो विषय बनेको छ । यसमा लेखक दुई कदम अघिसरी आफू प्रस्तुत हुनपुगको छ । मानिसको एक जातिको रीति रिवाजसँग एकअर्को जात्तिको विचार, व्यवहार र ज्ञानदृष्टिलाई समेटेर तुलना गरेर राम्रो नराम्रो दुबै पक्षमा विवेचना र परामर्श गरिनु कसैको लागि पनि त्यति



Downloaded from http://dhamma.digital

सजिलो कार्य होइन । पूर्वीय र पाश्चात्य ढङ्गका रीति रिवाजको विवेचना गर्दा कुनचाहिँ न्यायानुकूल छ भनी सहीरूपमा निक्यौल गरिनु ज्यादै अप्ठ्यारोमात्र होइन गाह्रो कुरा हो । २६०० वर्षअघिको समयको फरकले फेरिँदैआएको रीति रिवाजलाई अनि विधि विधानलाई राम्रो वा नराम्रो भनी विवेचना गर्ने कुरा अति नै मुश्किलको कुरा हो । दुःखनिरोध एवं तृष्णालाई हटाई भिक्षु बनेर शान्ति र सुखको खोजीनीति गर्ने गरेको कुरा वर्तमान युगका मानिसले स्वीकार गर्न चाहने विषय रहेन । यस्ता विषयका कुराको सँगालो बनेर संघविषयक र वर्तमान युगसम्बन्धका कुरालाई कसरी समायोजन गरेर यस पुस्तकलाई एउटा मानवोपकारी बुद्धवादसम्बन्धमा अटाइएको छ भनेर ठूला विद्वान् र सिद्धान्तवादीले आश्चर्य मान्नेजस्ता विषय यस पुस्तकको विषयस्वरूप लेखकको कलममा सटाएको छ । वर्तमानको ऐना र संघवादको छायाँको तिल्मिलाउने विषयले यस पुस्तकलाई एउटा नयाँ आयाम दिंएको छ भन्नुमा हिचकिचाउनुपर्ने कुरा छैन भनी बुद्धवादमा विश्वास लिने जोसुकैले मान्ने कुरा भएको छ । आफूले केही नगरी खालि दान लिएर मात्र जीवन यापन गर्ने भएको योगीजीवनलाई पश्चिमेलीहरूले आजको यस युगमा कसरी मान्ने कुरा हुनसक्ला ? परन्तु पूर्वीय योगीहरूको निमित्त यो विषय कम महत्त्वको कुरा हुँदैन । यस्तै यस्ता नमूनाका कुरा यस "संघ र उपासक" नाउँ दिएको च्याप्टरमा लेखकले बयान गरिदिइएको छ । बुद्धशरण, बुद्धवाद र देवब्रह्माहरूको विषय, भारतमा बुद्धवाद लोप भएको विषय र वर्तमान युगका अन्य वादहरूको विषयमा कुनैपनि अध्येता वा विद्वान्को लागि चकाचौंध तुल्याउने गरी दिइएका



Downloaded from http://dhamma.digital

काव्यात्मक र विवरणात्मक कुराहरू यहाँ लेखेर साध्य हुने कुरा होइन । यस पुस्तकका उद्देश्य र लक्ष्य राम्ररी बुझ्न यसका विभाजित खण्डहरू घोत्लिएर हेर्नु आवश्यक छ । खालि सामान्य ज्ञानमा रहेर सन्तोष लिनको लागि यो पुस्तक त्यति रसिलो हुन नसक्ला । साँच्चै पनि बुद्धवादी नै बनेर जीवनका खतहरू सच्याउनेहरूका लागि यो पुस्तक अति उपयोगी सिद्ध हुनेछ । चाहे गहिरिएर हेर चाहे अखबार पढेझैं मात्र पढ बुद्धप्रति चासो राख्ने जोसुकैले यस पुस्तकलाई एकपटक हेर्नैपर्छ । यस्तो विशद तार्किक र तथ्योत्पादक पुस्तकलाई नहेरिकन बुद्ध भनी चिच्याउनेहरू या त परम्परावादी हुनसक्छ या त पूर्ण अत्याधुनिक वादका अनुयायी हुनसक्छ । ऐतिहासिक र व्यावहारिक तथ्यविवरणको यो पुस्तक आजको लागि ठूलो समसामयिक पंक्तिमा राख्न सकिन्छ । यस पुस्तकको अध्ययनले पक्काको बुद्धवादी बन्नको लागि ठूलो सहायता प्राप्त हुने हुन्छ ।

कसैको पनि मातृभाषाको कुरा सोही भाषाका सीमित जनहरूमा मात्र ज्ञात हुने हुन्छ । नेपाली भाषामा अनूदित भएको हुँदा बुद्धजन्मभूमि नेपालका प्रत्येक गौरवशाली नेपालीहरूका लागि यो एउटा नवरत्नमा दशौं रत्नझैं रहेको छ । सरल भाषा र अनुवादीय मौलिक शैली अनुवादक भिक्षु ज्ञानपूर्णिक महास्थविरको साहित्यिक परिचय यस ग्रन्थको अनुवादकार्यद्वारा दिन्छ भने अध्यात्मज्ञानको पनि परिचय स्वतः प्राप्त हुने भएको छ । मान्छेको दृष्टि आफ्नो इच्छाले डोऱ्याएको हुन्छ भनेझैं योजस्तो अपूर्व ग्रन्थतिर दृष्टि पुग्नु भिक्षु ज्ञानपूर्णिक महास्थविरको सच्चा भिक्षुत्वले सिञ्चित जीवन हो भनी सदाको लागि परिचित हुने विषय बनिदिएको छ ।

२०६६ भाद्र ३० गते
ओम्बहाल, काठमाडौं ।



Downloaded from http://dhamma.digital

# मन्तव्य

बुद्धशासनानुयायी देश बर्मामा बुद्धधर्म एवं बौद्ध साहित्यमा आधारित थुप्रै ग्रन्थहरू प्रकाशित भएका छन्। यी ग्रन्थहरूमा पारम्परिक लेखन शैलीबाट टाढा रही आधुनिक र आलोचनात्मक शैली, तार्किक विवेचना, विभिन्न विद्वान एवं पालिप्रज्ञाविद्हरूको भनाईमा आधारित भई विषयवस्तुको गहिराईसम्म पुगी चिन्तन मनन गरिएका मौलिक पुस्तकहरूको आफ्नै छुट्टै स्थान र संख्यात्मकरूपमा स्वल्प रहेका छन् । प्रस्तुत बुद्ध र बुद्धवाद भाग-२ यस गरिमामय स्थानमा उभिन सफल लोकप्रिय बौद्ध ग्रन्थको रूपमा रहेको छ । बर्माजस्तो थेरवाद बुद्धधर्मको अटल दृढ जगस्थापित बौद्ध देश, प्रकाण्ड विद्वान् र त्रिपिटक मन्थन गर्नसक्ने आधिकारिक बौद्ध भिक्षु महास्थविरहरूको बाहुल्यता रहेको देशमा प्रस्तुत पुस्तक प्रकाशित हुनसक्नु नै स्वतन्त्र बौद्ध चिन्तनशैलीको ज्वलन्त उदाहरण मान्नुपर्दछ । यसै पक्षलाई ध्यानमा राखी यस पुस्तकको अनुवाद कार्यतर्फ आफू अग्रसर भएको हुँ ।

३ भागमा विभाजित "बुद्ध र बुद्धवाद" पुस्तकको प्रथम भागको अनुवादप्रकाशन कार्यको लामो समयावधिपश्चात् (लगभग १८ वर्ष) दोश्रो भागको अनुवादप्रकाशन भइरहेको छ। स्वास्थ्यमा प्रतिकूल असर परिरहनु, धर्मप्रचारको सिलसिलामा केही समय विदेशमा व्यतीत गर्नु परिरहेको कारणले पुस्तक अनुवाद र प्रकाशनमा निक्कै ढिलाई भएको हो। प्रथम भागको



Downloaded from http://dhamma.digital

अध्ययनपछि दोश्रो भागको प्रतिक्षारत पाठकवर्गको इच्छा, आकांक्षालाई यस पुस्तकले परिपूर्ति गरिदिनेछ भन्ने आशा लिएको छु । म्यान्मार्मा आफ्नो धार्मिक अध्ययन पुरागरी संस्कृत अध्ययनार्थ त्यहाँबाट वाराणसी जानुपूर्व "य:म्ह म्ह्याय् (स्नेही छोरी)" उपन्यासका लेखक "र वेथ्वं"सँग पुस्तक भण्डारमा पुग्दा यस पुस्तकका तीनवटै भाग हातमा परेको थियो। पुस्तकको अध्ययनसँगै यसको स्वाद चाख्दै जाँदा उत्पन्न इच्छा र आकांक्षास्वरूप दोश्रो भागको अनुवादप्रकाशन कार्य पनि अहिले सम्पन्न भएको छ। बाँकी रहेको अन्तिम भागको अनुवादप्रकाशन कार्य शिघ्र सम्पन्न गर्नुपर्ने महशूस पनि मनमा रहिरहेकै छ।

यस पुस्तकको अध्ययनको क्रममा पाठक अलि बढी चनाखो हुनुपर्ने देखिन्छ। पुस्तकमा प्रस्तुत गरिएका केही तर्क एवं विचारहरू पूर्णत: पालिसाहित्य तथा त्रिपिटकमा मात्र आधारित नभई लेखक स्वयंका मौलिक विचारहरू गाँसिएका छन् । शान्त पोखरीमा ढुङ्गा फाल्दा उत्पन्न हुने तरङ्गसमान पुस्तकको अध्ययनपश्चात् पाठकहरूका मनमस्तिष्कमा विभिन्न खालका सहमत एवं असहमत विचार चिन्तन मनन एवं तर्क उत्पन्न हुनु स्वाभाविक नै हुन्। यस पुस्तकको अध्ययनपश्चात् नेपाली बौद्ध जगतमा पनि बौद्धिक मन्थन छाउनुपर्ने कुराको महशूस अनुवाद कार्यका दौरानमा आफूले पनि गरेको छु । बुद्धदेशितधर्म "**पच्चत्तं वेदितब्बो विञ्ञूहि**" अर्थात् "विचार-



Downloaded from http://dhamma.digital

वान् व्यक्तिहरूले विचार पुऱ्याउँदा प्रत्यक्ष बुझ्नसकिने धर्म" नै हो। पाठकवर्गले वैचारिक मन्थनसँगै बुद्ध र बुद्धवादलाई सहीरूपमा यथार्थपरक भई रचनात्मक र सकारात्मक तवरबाट अँगाल्नुहुनेछ भन्ने आशाराखेको छु। बौद्धिक कसरत मात्र गर्नेखालको नभई सत्यतथ्य एवं यथार्थतालाई पत्तालगाई व्यावहारिक जीवनमा समेत प्रयोग गरी त्यसको शुभ प्रतिफलको सुस्वाद चाख्नसक्ने अवस्थामा पुग्न सक्षम हुनसक्नेछ भन्ने विश्वास पनि गरिरहेको छु।

यस पुस्तकको भाषा संशोधनको अभिभार लिनुहुने बौद्ध विद्वान् प्रा.सुवर्ण शाक्यज्यूले आफ्नो अत्यन्त व्यस्त समयका बाबजूद पनि भाषा संशोधन गरी सघाउनु भएको मात्र नभई आफ्नो गहकिलो विचार विमर्शका साथ सारगर्भित भूमिका समेत लेख्नुभएकोमा उहाँ ठूलो साधुवादको पात्र हुनुभएको छ। उहाँले लेख्नुभएको भूमिकाबाट पनि पुस्तक अध्ययनका क्रममा शंका उपशंका निवारण हुनेतर्फ पाठकहरूलाई ध्यानाकर्षण गराउन चाहन्छु।

साथै पुस्तकको भाषान्तरण कार्यमा पाण्डुलिपी तयार पारिदिने, सङ्गठित रूपमा सारिदिने, प्रेससित आवश्यक सम्पर्क राखी प्रकाशन कार्यमा सहयोग गरिदिने, पुस्तक प्रकाशनको लागि दाता परिवारमा श्रद्धा र उत्साह उत्पन्न गराउने बुद्ध-शासनिक बहिनी अनागारिका उत्पलवर्णा (चिनी गुरुँमा) प्रति सारै आभारी छु। यस्तै कम्प्युटर टाईपिङ्ग, प्रुफिङ्गको साथै



Downloaded from http://dhamma.digital

सेटिङ्गमा आवश्यक सहयोग पुऱ्याएकोमा शिष्यहरू भिक्षु पदुम, भिक्षु जुतिमा, भिक्षु अमतो, श्रामणेर उत्तरोहरूमा पनि साधुवाद प्रकट गर्न चाहन्छु। विश्व शान्ति बौद्ध शिक्षालयमा अध्यापन गराउन आउने क्रममा फुर्सदको समय निकाली पुस्तकको प्रुफ् पढ्ने कार्यमा सहयोग गरिदिनु हुने अनागारिकाद्वय विमलाज्ञाणी र अग्गज्ञाणीमा पनि साधुवाद छ।

पुस्तक प्रकाशनको लागि प्रकाशक परिवारको रूपमा रहनुभई शासन चिरस्थायीको कामना गरी आवश्यक सम्पूर्ण व्ययभार सम्हाली आर्थिक सहयोग गरिदिनुहुने अंगूरमान तुलाधर र लक्ष्मी हीरा तुलाधर दाता परिवारमा पनि सहृदय साधुवाद एवं उहाँहरूको जीवनको उन्नतिको कामनासँगै शासनिक चित्त अभिवृद्धिको लागि सुभाशिष प्रकट गर्न चाहन्छु।

पहिलाका पुस्तकहरूझैं यस पुस्तकको पनि छपाई कार्यमा पूर्ण सहयोग गर्ने नेपाल प्रेसका प्रमुख र प्रेस परिवार-प्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

अन्ततः पुस्तकको गहन अध्ययन गरी आ-आफ्ना सुधारणीय विचार र निष्कर्ष सुझावको रूपमा दिनुभएमा अनुवादक सारै आभारी हुनेछ।

—अनुवादक

**विश्व शान्ति विहार**
मीनभवन, नयाँ बानेश्वर
२०६६ असोज १ गते



Downloaded from http://dhamma.digital

प्रकाशक दाता

# 50th Wedding Anniversary



Eng. Angur Man Tuladhar
&
Mrs. lakshmi Heera

Downloaded from http://dhamma.digital

# उपासक अगूरमान तुलाधरका स्वर्गीय पूज्य मातापिता



**बुद्धिरत्न तुलाधर**
जन्मः वि.सं. १९७० कार्तिक
दिवंगतः वि.सं. २०३९ आषाढ

**हेरामाया तुलाधर**
जन्मः वि.सं. १९७२ आषाढ
दिवंगतः वि.सं. २०४१ आषाढ

# उपासिका लक्ष्मी हीरा तुलाधरका स्वर्गीय पूज्य मातापिता



**रत्नकाजि तुलाधर**
जन्मः वि.सं. १९६९, कार्तिक
दिवंगतः वि.सं. २०४६ फाल्गुण



**बीउटिफुल तुलाधर**
जन्मः वि.सं. १९७९, फाल्गुण
दिवंगतः वि.सं. २००८ फाल्गुण

Dhamma.Digital
Downloaded from http://dhamma.digital

# प्रकाशकीय

श्रद्धेय अग्गमहासद्धम्मजोतिकधज ज्ञानपूर्णिक महास्थविर भन्ते नेपालमा थेरवाद बुद्धधर्म प्रचारप्रसार गर्नमा आफ्नो जीवन समर्पित गर्नुभएका भिक्षुहरूमा एक हुनुहुन्छ भन्नुमा दुईमत नहोला ।

वहाँ कलिलो उमेर देखिनै आफ्नी आमासँगै विहारमा गई बुद्धधर्म अध्ययन गर्नमा खूब दिलचस्पी राख्नुहुन्थ्यो । फलस्वरूप ११-वर्षको सानै उमेरदेखि घरबार छाडी युवा अवस्थामा उपसम्पन्न भिक्षुभई त्यागमय जीवनमा प्रवेश गरी म्यान्मार्बाट सासनधजधम्माचरिय उपाधि र अग्गमहासद्धम्मजोतिकधज पदवीबाट सम्मानित हुनुभएका नेपाली व्यक्ति हुनमा सफल हुनुभयो ।

उपसम्पन्न भिक्षु जीवन यापन गरिसकेपछि वहाँले बुद्धधर्म प्रचारप्रसार गर्नमा धेरै प्रशंसनीय पुण्यकार्यहरू गर्नुभयो । जस्तो– बुद्धधर्मसम्बन्धी ज्ञान नभएका ज्ञानपिपासुहरूका लागि आधुनिक तरीकाबाट नेपाली, नेवारी, अङ्ग्रेजी, बर्मिज विभिन्न भाषामा प्रवचन गर्नुका साथै धार्मिक पुस्तकहरू लेखन एवं अनुवाद गर्नुभई बुद्धधर्म भनेको अन्धविश्वासमा आधारित नभएको धर्म, मानव जीवन सुख शान्ति तरीकाबाट बताउन सक्ने धर्म, साथै समाज, देश तथा विश्वमा शान्ति स्थापनागर्न सिकाउने गहनधर्म हो भन्ने कुरालाई प्रष्ट पार्नुभयो ।

यतिमात्र होइन मलेशिया, सिङ्गापुर जस्ता आधुनिक भौतिक उन्नति र विकासले चरमचुली चुमेको देशहरूमा ध्यानकेन्द्र स्थापना



Downloaded from http://dhamma.digital

गराउनसक्नु पनि वहाँको धर्म प्रचारको एक महान् कार्यको द्योतक हो । आफू स्वयं पनि वर्षको एकपटक यी राष्ट्रहरूमा पुग्नुभई ध्यान शिविर सञ्चालन गर्दै आउनु भएको छ ।

किताव लेख्ने भन्नेकुरा कठिन र मेहनत तथा समय धेरैलाग्ने कुरा त स्वाभाविक नै हो । तर पनि वहाँ यी कार्यमा अति आनन्दित मान्नुहुन्छ । यसैको परिणामस्वरूप हामीले वहाँका धेरै धेरै किताबहरू अध्ययनगर्न पाइरहेकाछौं ।

केही समय अगाडिको कुरा हो । म ज्ञानपूर्णिक महास्थविर भिक्षु जीवनमा प्रवेश गरेको पचासौं वर्ष पुगेको उपलक्ष्यमा आयोजित स्वर्णदिवस समारोहमा भाग लिन विश्वशान्ति विहारमा पुगेकी थिएँ । त्यस कार्यक्रममा भाग लिन पाउँदा मन खुशीले विभोर भएको थियो ।

पहिले देखि एउटा पुस्तक प्रकाशित गरी धर्मदान गर्ने मनसाय रहेको थियो । तर मौका पाउन सकेकी थिइन । त्यसकारण कुरैकुरोमा त्यो दिन भन्तेसँग पुस्तक प्रकाशितगरी धर्मदान गर्ने इच्छा प्रकट गरें । तब भन्तेले एउटा पुस्तकको अनुवाद कार्य भैरहेको तर समाप्त हुन अलि ढिला हुने कुरा बताउनु भयो । मैले पनि हतारो छैन ढिला भए पनि हुन्छ भनेर फर्कें ।

दुई महिना पछिको कुरा हो, म फेरी भन्ते भेट्न विहार पुगें । तब भन्ते सिकिस्त विरामी हुनुहुन्थ्यो । थाहा पाएँ उहाँ उपचारको लागि केही समयमै मलेशिया जाँदै हुनुहुन्छ । औषधि उपचार एवं ध्यान शिविर सञ्चालनको लागि मलेशिया जानुहुने



Downloaded from http://dhamma.digital

कुरा थाहा पाउँदा वहाँसँग किताब छाप्ने बारेमा बोल्ने मेरो आँटै आएन ।

बुद्धधर्म प्रचारप्रसारप्रति भएको वहाँको अगाढ श्रद्धाप्रति धन्य ठान्दै म त्यहाँबाट फर्कें । मनमा कुरा खेल्यो – "किताब छापेर धर्मदान गर्ने मेरा इच्छा पुरा हुने हो कि होइन ? समयले साथ नदिएपछि इच्छा भएर मात्र के गर्ने ?" केही महिनापछि उहाँ निको हुनुभई सकुशल नेपाल फर्कनुभयो । यद्यपि उहाँको स्वास्थ्य समस्याको कारण इच्छा हुँदाहुँदै पनि विहारमा गएर पुस्तक प्रकाशन बारेमा सोध्ने आँट गर्न सकिन । तर राम्रो कामको इच्छा गऱ्यो भने एक न एक दिन अवश्य कहिँ न कहिँबाट पुरा हुँदोरहेछ भन्ने कुरा आज सावित हुनआयो ।

एकदिन मैले मेरो टेबुलमा "ज्ञानपूर्णिक भन्तेको फोन आएको छ" भनेर एउटा नोट लेखिराखेको देखें । कामको व्यस्तताले मैले वहाँलाई फोनसम्म पनि गर्न पाएको थिएन । त्यसकारण मैले तुरून्त फोन गरें । तर फोनमा मैले वहाँलाई सम्पर्क गर्न सकिन । फेरि भोलिपल्ट फोन गरें, त्यो दिन मैले वहाँसँग सम्पर्क गर्न सफल भएँ । वहाँले फोनमा भन्नुभयो – "तपाईंले भन्नुभएको किताब लेख्ने काम पुरा भयो । अब छाप्न मात्रै बाँकी छ, तपाईं एक फेरा भेट्न आउनु भए हुन्छ ।" यो कुरा सुनेर मेरो मन खुशीले गद्‌गद् भयो । मनमनै आफूलाई भाग्यमानी ठानें । भन्तेलाई भेट्न वाचासँगै भोलीपल्ट म विहार पुगें । भन्तेसँग कुराकानी गरें, किताबको प्रुफ पनि हेरें ।



Downloaded from http://dhamma.digital

यो पुस्तक एक आधुनिक तरीकाबाट लेखिएको रिसर्च टाईप (Research Type) को रहेछ । अशान्ति, हत्या हिंसा, अत्याचार, भ्रष्टाचार दिनपर दिन वृद्धि हुँदै गइरहेको वर्तमान समाजमा यो पुस्तकको अध्ययनसँगै मनन गर्नुपर्ने नितान्त जरूरी भएको म ठान्दछु। बर्मिज भाषामा लिखित यो पुस्तकको पहिलो भागको अनुवाद पहिले नै भइसकेको छ। यो दोश्रो भागको अनुवाद हो । प्रथम भागको पुस्तकझैं यस पुस्तक पनि अति नै गहन भई युगसुहाउँदो र समसामयिक भएको महत्वपूर्ण ठानी **"सब्बदानं धम्मदानं जिनाति अर्थात् सबैदानमध्ये धर्मदान सर्वोत्तम छ"** भन्ने बुद्धवचन शिरोपरगरी आज हाम्रो वैवाहिक जीवन पचासौं वर्ष पारगरेको सुखद् उपलक्ष्यमा हाम्रा पूजनीय स्वर्गीय मातापिता वुद्धिरत्न तुलाधर-हेरामाया तुलाधर र रत्नकाजी तुलाधर-ब्यूटीफूल तुलाधरहरूको पुण्यस्मृतिमा सहर्षका साथ धर्मदान गर्न लागिपरेका छौं ।

यति ठूलो धर्मदान गर्न मलाई १ वर्षको कठिन प्रयास र मेहनत गरी पुस्तक लेखी सहयोग गर्नुभएकोमा म र मेरो परिवार ज्ञानपूर्णिक भन्तेप्रति कृतज्ञ छौं साथै अन्तर-हृदयदेखि उहाँको दीर्घायु र सुस्वास्थ्यको कामनासँगै वन्दना चढाउन चाहन्छौं । यतिमात्र होइन, यो पुस्तक अध्ययनगर्ने महानुभावहरूले पुस्तकको महत्व बुझी दिलचस्पी एवं लगनशीलताका साथ अध्ययनगरी बुद्धधर्म भनेको के हो भन्ने कुरालाई राम्ररी बुझी, बुझाई आ-आफ्नो दैनिक जीवनमा समेत उपयोग गरी जीवन सुख शान्तिसँग बिताई बुद्धले दर्शाउनु भएको निर्वाणको बाटोमा लम्कन



Downloaded from http://dhamma.digital

सफल होऊन् भनी मनोकामनाका साथ यो पुस्तक दान गर्न लागिरहेका छौं । साथै पुस्तक छाप्नलाई प्रुफ हेरी त्रुटिहरूलाई सच्च्याई भाषा संशोधन गर्नुका साथै सारगर्भित भूमिका लेख्नुभई पुस्तकको गरिमा बढाई दिनुभएकोमा प्राध्यापक सुवर्ण शाक्य, ओम्‌बहाल ज्यूप्रति पनि भित्री मनदेखि नै म र मेरो परिवार धन्यवाद टक्र्याउन चाहन्छौं । फेरि यो किताब छापिदिने न्यू नेपाल प्रेसलाई पनि म र मेरो परिवारबाट धन्यवाद टक्र्याउँदै मेरो प्रकाशकीय केही कुरा यहिँ टुँग्याउन चाहन्छु ।

इदंमे पुञ्ञं निब्बानस्स पच्चयो होतु ।

भवतु सब्ब मङ्गलम् ।

<u>प्रकाशक परिवार</u>

१. श्रीमान् अंगूरमान तुलाधर
२. श्रीमती लक्ष्मी हीरा तुलाधर
३. छोरा अनुजमान तुलाधर
४. बुहारी अरूणिमा तुलाधर
५. छोरीहरू – रोजलिन तुलाधर, रोह्निना तुलाधर, लीजा तुलाधर
६. छोरानाति – लुसन तुलाधर
७. छोरीनाति – इरोसरत्न तुलाधर, ईभानरत्न तुलाधर, रेवत श्रेष्ठ, रेशव श्रेष्ठ
८. ज्वाँईहरू – रत्नसम्भव तुलाधर, दिपक श्रेष्ठ, क्लार्क विगर



Downloaded from http://dhamma.digital

# विषय-सूची


| विषय | पृष्ठ |
|---|---|
| प्राक्कथन | (क) |
| भूमिका | (ग) |
| मन्तव्य | (र) |
| प्रकाशकीय | (ष) |
| **खण्ड-१ कर्मशक्ति र कर्मवाद** | १-३० |
| **खण्ड-२ शीलाचरण** | ३१-६६ |
| **खण्ड-३ विपश्यना** | ६७-११७ |
| क) चित्तलाई अनुशासितपार्नु र सुधारगर्नु | ६७ |
| ख) विपश्यनाको लक्षण प्रक्रिया | ९१ |
| **खण्ड-४ निर्वाण** | ११८-१७६ |
| क) निर्वाणको दृष्टधर्म लक्षण | ११८ |
| ख) अरहन्त | १३१ |
| ग) अरहन्तको गति | १४३ |
| **खण्ड-५ संघ** | १७७-२९८ |
| क) भिक्षुसंघको सुरुवात | १७८ |
| ख) श्रमण-जीवन | १९९ |
| ग) भिक्षु जीवनको शान्ति सुख | २११ |
| घ) प्रातिमोक्ष | २२८ |
| ङ) संघकर्म | ३४८ |
| च) भिक्षुणी-संघ | २६० |




Downloaded from http://dhamma.digital

छ) संघ र उपासक २७४
ज) संघ र वर्तमानयुग २८५

**खण्ड-६ बुद्ध-शरण** २९९–३२५

**खण्ड-७ बुद्धवाद र देव ब्रम्माहरू** ३२६–३३८

**खण्ड-८ भारतमा बुद्धवाद लोपहुनु** ३३९–३५६

**खण्ड-९ बुद्धवाद र वर्तमानयुगका अन्यवादहरू** ३५७–३६७

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# खण्ड १

## कर्मशक्ति र कर्मवाद

"भिक्षुहरू, धेरै श्रमणब्राह्मणहरूको सिद्धान्तहरूमध्येमा मक्खलिगोसालको सिद्धान्तलाई सबैभन्दा निकृष्ट भनी भन्नुपर्दछ। मक्खलिगोसालले "कुशल-कर्म, अकुशल-कर्म छैन; कुशलकर्म अकुशलकर्म गर्नुको प्रतिफल छैन; उद्योग प्रयत्न गरिएको वीर्यको प्रतिफल छैन" भनी भन्नेगर्छ। उसको सिद्धान्त धेरै सत्त्वहरूको अनर्थ र अहितको निमित्त; दुःखको निमित्त, निरर्थक र विनाशको निमित्त हुन्छ।" अंगुत्तरनिकाय तिकनिपात केसकम्बल सुत्त)

यसरी प्रायशः अरूको वादलाई आलोचना नगरी तुष्णीभावले बस्ने स्वभावभएको बुद्धले कर्मवादलाई तिरस्कारगर्ने मक्खलिगोसालको सिद्धान्तलाई निन्दा र खण्डन गर्नुभएको थियो। बुद्धको दृष्टिअनुसार धेरै आजीवक परिब्राजकहरूमध्येमा कर्मवादलाई विश्वासगर्ने एक्लै परिब्राजकले मात्र देवलोकतिर जान पाइन्छ। (मज्झिमनिकाय तेविज्जवच्छगोत्त-सुत्त)। "भिक्षुहरू, अघि तीर्थंकर भइसकेका अग्नि परिचर्यागर्ने ऋषिहरूलाई परिवास नदिइकन नै अथवा चार महिना नपर्खाइकन नै उपसम्पदा भिक्षुभाव) गरिदिन म अनुमति दिन्छु। यसरी अनुमति दिनु के कारणले नि त भन्दाखेरि तिनीहरू कर्मवादीहरू हुन्" (विनयपिटक महावग्ग)। यी विभिन्न कथनद्वारा बुद्धवादमा कम्म अथवा क्रियाकलापको फलानिशंसलाई विश्वासगर्नु अत्यन्त महत्वपूर्ण रहेको तथ्य स्पष्ट छ।



Downloaded from http://dhamma.digital

"सत्त्वहरू कर्म नै निजी सम्पत्ति भएका हुन् । कर्म नै अंशियार भएका हुन् । कर्म नै मूलकारण, बन्धुबान्धव, आधार भरोसा(प्रतिशरण) भएका हुन् । कर्मले नै सत्त्वहरूलाई उच्चनीच बनाउनको निमित्त व्यवस्था र सम्हार गर्दछ ।" (मज्भिमनिकाय चूलकम्मविभङ्ग-सुत्त) ।

यी कथनहरूलाई माध्यम बनाई कुनै कुनै पश्चिमेलीहरूले बुद्धवादको मतअनुसार एउटा सव भवसंसारमा संसरण गर्नुपर्दा त्यो सत्त्वले गरेका क्रियाहरूको कारणले भएको जस्तैगरी लेख्दछन् । वास्तवमा त्यो सिद्धान्त बुद्धको सिद्धान्त होइन; जैनवादीहरूको सिद्धान्त हो । जैनवादीहरूले आ-आफ्ना शरीरलाई सास्ति, पीडा तथा कष्ट दिलाउनुद्वारा थुप्रै अतीत जीवनहरूदेखि समावेशभएर आएका कर्मशक्तिका गट्ठालाई फोडी विनाशगरी संसारचक्ररूपी दुःखबाट मुक्तहुनसक्छ भनी विश्वास गर्दछन् । (मज्भिमनिकाय देवदह-सुत्त)

बुद्धवादले त एउटा सत्त्वले थुप्रै जन्महरू संसरण गर्नु–परेको अविद्या र तृष्णाको कारणले हो; त्यो सत्त्वको जीवनको परिस्थितिलाई मात्र कर्मले प्रबन्धगरी सृष्टिगर्दछ भनी भन्दछ ।

कर्मवाद बुद्ध प्रादुर्भाव हुनुअघि विद्यमान रहिसकेको वेदग्रन्थ ब्राह्मणग्रन्थहरूमा पटक्कै देखापर्दैन । एउटा उपनिषद्ग्रन्थमा त एकजना ब्राह्मणाचार्यले एकजना शिष्यलाई त्यो वादसित सम्बन्धराखेर गोप्यरूपमा केही मात्र उपदेश गरेको कुरा आएको छ । कर्मवाद बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडिदेखि रहिसकेका अन्य भारतीयवाद जस्तै पालिपिटक वाङ्मयमा



Downloaded from http://dhamma.digital

त्यसप्रकारको अभिप्राय गम्भीर र विस्तृतभएर आएको छ । यस तथ्यलाई पालिप्राज्ञ मिसेज् रीस् डेविड्स्ले निम्नानुसार लेखिराखेकी छिन् ।

"पालि र जैनपिटक ग्रन्थहरूमा **कायकम्म**, **वचीकम्म** र **मनोकम्म** भन्ने तीन शब्दहरू देखापर्दछन् । ती शब्दहरू ती धार्मिकग्रन्थहरूमा विशिष्टरूपमा देखापरेका शब्दहरू हुन् । तिनीहरूसित समान अभिप्रायभएका शब्दहरू पुराना उपनिषद् ग्रन्थहरूमा; क्रिश्चियन बाइबलमा र सेक्सपियरका नाटकहरूमा देखापर्दैनन् । मनुष्यका तीन प्रकारका क्रियालाई उल्लेखगर्ने ती शब्दहरू बुद्धवादीहरूले सर्वप्रथम आविष्कारगरेका शब्दहरू हुनसक्दछन् ।"

"कर्मवाद जुनसुकै समयमा जुनसुकै ठाउँमा शुरूगरी प्रादुर्भावभएर आएको भएतापनि त्यो वाद मनुष्यहरूको निमित्त मनुष्यजीवनको सम्बन्धमा विशिष्ट नयाँ दर्शन दिलाउने वाद हो । कर्मवादमा मनुष्य आफ्नो क्रियाकलापसँग प्रकट रूपमा ढक्का, एकसमूहभएर आएको छ । त्यसको वरिपरिको कारणधर्मको मर्मत र व्यवस्थालाई भोगिरहने सामान्य सत्त्व नभई कारकव्यक्तिभएर आएको छ । त्यसले अतीतकालका क्रियाकलापहरूलाई पुनरावलोकनगरी अनागतकालका क्रियाकलापहरूलाई नियाल्दछ । आफ्नो क्रियाकलापहरूले फल दिएअनुसार अहिले भइरहेको छ र भविष्यमा पनि भइरहनेछ भनी विश्वासगर्दछ । आफूलाई कारक, प्रबन्धक र आविष्कारकको रूपमा देख्दछ ।"[1]

[1] Mrs. Rhys Davids, "The Birth of Indian Psychology and its Development in Buddhism", p.271



Downloaded from http://dhamma.digital

मिसेज रीस् डेविड्स्को भनाईअनुसार कर्मवादले एकजना सत्त्वको अतीतका जन्मका क्रियाकलापहरूलाई मात्र लक्ष्यगरेको होइन, वास्तवमा बुद्धको कर्मवाद एकजना मानिसको वर्तमान जीवनको परिस्थितिलाई अतीतको जन्मको क्रियाकलापहरूले मात्र सम्हार र व्यवस्था गर्दछ भनी भन्न नखोजेको कारण निम्न बुद्धवचनद्वारा प्रष्ट हुन्छ –

"भिक्षुहरू, तीन प्रकारको अक्रियदृष्टि भनेको, सम्पूर्णत: सुखहुनु र दु:खहुनु, अतीतमा गरेर आएको कर्मको कारणले मात्र हुन्छ भन्ने एउटा सिद्धान्त; सम्पूर्ण सुख र दु:खहुनु लोकको अधिकारीरहेका ब्रह्माद्वारा सृष्टिगर्नुको कारणले हुन्छ भन्ने एउटा सिद्धान्त; त्यो सुख र दु:खहुनु सबै विनाकारण आफैं उत्पन्नभएको हो भन्ने एउटा सिद्धान्त; यी तीन सिद्धान्तहरू हुन्। यी सिद्धान्तहरू सही हुन्छन् भने मानिसको निमित्त गर्नुपर्ने काम रहने छैन; चाहना राख्नुपर्ने आशा, छन्द, वीर्य, सामर्थ्य उत्पन्न हुनेखालको छैन; सत्पुरुष श्रमणहरूको सिद्धान्त र वाद पनि उत्पन्न हुनेखालको छैन।" (अंगुत्तरनिकाय तिकनिपात तित्थायतन सुत्त)

यसरी बुद्धले मनुष्यप्राणीको जीवनावस्थालाई अतीतजन्मको कर्मले मात्र व्यवस्था र सम्हार गर्छ भन्ने पुब्बेकतहेतुवादलाई स्पष्टरूपमा तिरस्कार गर्नुभएको छ ; तर कुनै कुनै पिटक वाङ्मयहरू र विशेषत: अट्ठकथा जातकनिपातहरूमा कुशलकर्म र अकुशलकर्महरूको प्रत्यक्ष दृष्टान्तद्वारा प्रतिफल दिनुलाई उल्लेख नगरी परलोकभवभूमिमा अनुभव गर्नुपर्ने सुपरिणाम र दुष्परिणामहरूलाई मात्र बारबार उल्लेख गरिराखेकोलाई र एक



Downloaded from http://dhamma.digital

न एक जन्ममा गरिआएको एक कार्यको कारणले त्यस कार्यको प्रतिफललाई थुप्रै भवसंसारहरूमा विनाछूट सदैव अनुभवगरेर आएका व्यक्तिहरूको साधकनमूनाहरूलाई पढिरहनुपर्दा ती पिटकाचार्य अट्ठकथाचार्यहरू **पुब्बेकतहेतुवाद**को प्रभावबाट बिल्कुल मुक्त छन् त ? भनी हामीमा संशय उठ्दछ । **पुब्बेकतहेतुवाद** बुद्ध परिनिर्वाण भइसकेपछि ईशापूर्व तेश्रो शताब्दीको युगमा भारतको उत्तरीय कुनै कुनै बुद्धवादगणिकहरूको सिद्धान्त भएको तथ्य भने कथावत्थुपालिमा स्पष्ट छ। कथावत्थु त्यस युगका कुनै कुनै बुद्धवादगणिकहरूको मिथ्यावादलाई निराकरण गरिराखेको अभिधम्मपिटक ग्रन्थ भएकोले त्यस कथावत्थु ग्रन्थमा सम्पूर्ण नामरूप धर्महरू कर्मको कारणले उत्पन्न हुन्छन्, सम्पूर्ण कर्महरूले प्रतिफल दिनसक्छन्; आँखा राम्रो हुनु, शब्द राम्रो हुनु, वर्ण राम्रो हुनु, दीर्घायु हुनु, सबै कर्मको कारणले हुन्छ भन्ने सिद्धान्तहरूलाई सम्मतिय, अन्धक, महासांघिकादि बुद्धवादीगणहरूको सिद्धान्तहरूको रूपमा उल्लेख गरिराखिएको छ।

त्यसो भएतापनि पिटकाचार्यहरूले **पुब्बेकतहेतुवाद**लाई पालिपिटक-वाङ्मयबाट बिल्कुल हटाएर फाल्नसकेका छैनन् । त्यो वाद खुद्दकनिकाय अपदानपालिमा यदाकदा संकेतको रूपमा पाइन्छ। अपदानग्रन्थ पालि भनेपनि कथावत्थुजस्तै नै बुद्धभाषित नभई बुद्ध परिनिर्वाण भइसकेपछि तीन सय वर्ष बितिसकेर मात्र पिटकभित्र प्रवेशगरेको ग्रन्थ हो । कथावत्थुभन्दा पछि पिटक इतिहासमा सबभन्दा पछि देखापर्न आएको ग्रन्थ हो भनी कुनै कुनै पश्चिमेली पालिप्राज्ञहरू धारणा राख्दछन्। अपदान ग्रन्थमा



Downloaded from http://dhamma.digital

भगवान् बुद्धका १२ विपाकलाई उल्लेख गरिराखिएको छ। बुद्धलाई चिञ्चमानविकाले दोषारोपणगर्नु, टाउको दुख्नु, देवदत्तद्वारा मार्ने प्रयास गर्नु आदि इत्यादि बुद्धको अतीतजन्मको अकुशलकर्महरूको **विपाकवर्त**हरूको कारणले भएको हो भनिन्छ । यो सिद्धान्त **पुब्बेकतहेतुवाद** हो भनी भनेमा भूल हुने छैन ।

ईशापूर्व प्रथम शताब्दीको युगतिर उत्पन्नभएको मिलिन्द-पञ्हो ग्रन्थमा भने आयुष्मान् नागसेनले अपदान ग्रन्थकार आचार्यको सिद्धान्तलाई आलोचना गरिराखेको छ। राजा मिलिन्दले आयुष्मान् नागसेन स्थविरसँग – "भन्ते, भगवान् बुद्ध सम्पूर्ण अकुशलधर्महरूलाई सम्पूर्णतः निराकरणगरी बुद्धत्वमा पुग्नुभएको हो कि अथवा अकुशलकर्मको अवशेषराखी बुद्ध हुनुभएको हो ?" भनी सोधे। नागसेन स्थविरले -"महाराज, भगवान् बुद्ध सम्पूर्ण अकुशलधर्मलाई निरवशेषपारी बुद्धत्वमा पुग्नुभएको हो" भनी उत्तर दिए।

मिलिन्द :– "भन्ते, त्यसो भएमा किन र कसरी भगवान् बुद्धलाई खुट्टामा ढुंगाले लागेको घाउ, वायुरोग, अतिसार रोगहरू भएछन् त ? अकुशलकर्म-धर्म विना भोग्नुपर्ने वेदना छैन । सम्पूर्ण वेदना कर्मको कारणले मात्र भोग्नुपर्ने होइन त ?"

नागसेन :– "महाराज, सम्पूर्ण वेदना कर्मको कारणले मात्र भोग्नुपर्ने होइन, भगवान् बुद्धमा रोगहरू भएको सही हो। ती रोगहरू अतीतमा गरेको कर्मको कारणले भएको होइन । वायु, पित्त, कफ जम्मा भई विपरीतभएको कारणले मात्र भएको हो। भगवान् बुद्धको खुट्टामा लागेको ढुंगा अतीतको अकुशलकर्मको



Downloaded from http://dhamma.digital

कारणले लागेको होइन। देवदत्तको प्रयोग र दुष्प्रयत्नको कारणले मात्र लागेको हो। महाराज, यो लोकमा अतीतकर्मको कारणले हुने वेदनाहरू कमछन्। कर्मबाहेक अन्य प्रत्ययहरूको कारणले गर्दा वेदनाहरू बढी हुन्छन्। त्यसरी वेदना हुनुमा मूर्खहरूले अकुशलकर्मको फलको कारणले मात्र हुन्छ भनी धारणा राख्दछन्।"

आयुष्मान् नागसेनले मिलिन्द महाराजलाई संयुत्तनिकायबाट एउटा बुद्धदेशनालाई उद्धृतगरेर उत्तर दिनुभएको भएर त्यो पुब्बेकतहेतुवादीहरूले विशेष होशराख्नुपर्ने र ध्यान पुऱ्याउनुपर्ने देशना हो।

मोलिय सीवक नामको परिव्राजकले "आयुष्मान् गौतम, कुनै न कुनै सुखवेदनालाई वा दुःखवेदनालाई अथवा उपेक्षावेदनालाई मनुष्यप्राणीहरूले अनुभव गर्नुपरेका जम्मै अतीतकर्मको कारणले हो भनी कोही श्रमणब्राह्मणहरू भन्दछन्। यस विषयमा आयुष्मान् गौतमले के भन्नुहुन्छ ?" भनी बुद्धसँग सोधे। बुद्धको उत्तर त "सीवक,यो लोकमा वेदनाहरू पित्तको कारणले, कफ्को कारणले, वायुको कारणले, पित्त, कफ, वायु तीनै समूहको कारणले, ऋतु विपरीत हुनुको कारणले, असमान क्रियाकलापको कारणले, अरूहरूको प्रयत्न र प्रयोगको कारणले र कर्मको प्रतिफलको कारणले हुनेहुन्। यस विषयलाई आफू स्वयंले पनि जान्नुपर्दछ। लोकले सही हो भनेर सम्मतगरेको हुनुपर्दछ। त्यसो भएकोले कुनै न कुनै वेदना अनुभव गर्नुपर्ने अतीतकर्मको कारणले मात्र हो भन्ने उनीहरूको कथनलाई मिथ्या हो भनी म भन्दछु।" (वेदनासंयुत्त अट्ठसतपरियायवग्ग-सीवक-सुत्त)



Downloaded from http://dhamma.digital

यो सुत्तन्त देशनामा वेदना उत्पत्तिको एउटा कारणधर्मको रूपमा कर्मलाई देखाइराखेकोमा "**पुब्बेकतहेतु**= परापूर्व कालदेखि गरिआएको प्रत्ययको कारणले" भनेर नभनिकन "**कम्मविपाक** =कर्मको प्रतिफलको कारणले" भनेर भनिराखेकोलाई होशगर्नु पर्दछ ।[१] "**कम्मविपाक**" लाई सोझै भाषान्तरणगरी कर्मगर्नुको प्रतिफलधर्म हो भन्ने अभिप्राय पाइन्छ । "**कम्मविपाक**"मा अतीतभवकर्म समावेश भएपनि प्रत्यक्ष वर्तमान क्रियाकलापलाई गम्भीरताका साथ उपदेश गर्नुहुने बुद्धको मनोभावना अनुरूप त्यो पालिपद अतीतभव क्रियाकलापहरूभन्दा प्रत्यक्षभव वर्तमान क्रियाकलापहरूलाई प्रमुखता दिएर निर्देशित कथन हुनुपर्ने छ ।

त्यस अतिरिक्त उपर्युक्त सीवक सुत्त र कम्मदायाद आदिबाट शुरू गरिएका सत्त्वहरू कर्म नै निजी सम्पत्ति भएका हुन् ; कर्म नै अंशियार भएका हुन् आदि पालिहरूमा समावेशभएका सुत्तन्त देशनाहरूमा बुद्धवादीहरूले होशराख्नुपर्ने एउटा विषय रहेको छ । त्यो त ती सुत्तहरूले कुशलकर्म अकुशलकर्महरूलाई मात्र भन्नखोजेको नभई मनुष्यप्राणीहरूले गरेको सबै

१. २४-प्रत्ययमा आएको **कम्मपच्चयो र विपाकपच्चयोलाई** पनि होशराख्नुपर्दछ । पच्चयो एउटा संस्कारधर्म उत्पत्तिहुनुलाई उपकारगर्ने condition धर्म मात्र हो । संस्कारधर्म उत्पत्ति गराउनको निमित्त त्यो एउटै मात्रले पुरा हुने कारण धर्म होइन । तसर्थ समान जात भएका दुइवटा कार्यसमेत परि–स्थितिलाई पछ्याएर प्रतिफल दिने स्वभाव एउटै नभई कहिलेकाँहि कर्मको प्रतिफल बिल्कुल नहुनसक्ने प्रक्रियालाई पिटकमा दर्शाइराखेको छ । (अंगुत्तरनिकाय तिकनिपात यथाकम्म सुत्त) S.Z.Aung, "Points of controversy", pp.385. 86, 390-91.



Downloaded from http://dhamma.digital

क्रियाकलापलाई लक्षित गरिराखेको छ। अवश्य हो; मनुष्यहरूले गर्ने कार्यहरू कुशल अकुशल भनी सधैंभरी निर्णय र विभाजन गरेर हुने होइन तापनि त्यो कुशल पनि नभई अकुशल पनि नभएका क्रियाकलापहरू विभिन्न प्रकारले भेदप्रभेद भई मनुष्यहरूको जीवन व्यवस्थापनगर्ने अवस्थामा अत्याधिक महत्व रहने भएकोले तिनीहरूलाई त्यस अन्तर्गतपारी विचार गरेमा मात्र बुद्धको कर्मवाद बुद्धले गम्भीरताका साथ उपदेश गर्नुभएको कारण, कार्य, नियामधर्मसँग मेल खानेहुन्छ।

अतीतभव क्रियाकलापहरू कर्मवादमा समावेश भएतापनि वर्तमान क्रियाकलापहरूसँग दाँजेर हेर्दा बढी महत्वरहेको हुँदैन। अतीतभवकर्मको प्रतिफललाई विश्वासगर्नु र वर्तमानकर्महरूले पुनर्जन्ममा प्रतिफल दिनुलाई विश्वासगर्नु भवसंसारको सिद्धान्तसित जोडिरहेको हुन्छ। भवसंसार खण्डमा अतीतभव र अनागतभवप्रति अनासक्त हुनुपर्ने विषयलाई भगवान् बुद्धले गम्भीरताका साथ देशनागर्नुभएका सुत्तन्त देशनाहरूलाई दर्शाएर आइसकेको हुँदा तिनीहरूलाई आधारमानी अतीतभवकर्मलाई वा वर्तमानभवकर्मको निमित्त पुनर्जन्ममा लाभहुने प्रतिफलधर्मप्रति आशक्ति उपादानहुनु बुद्धवादसँग मेल नखाने तथ्य स्पष्ट छ। वास्तवमा भवसंसारसित सम्बन्धित कर्म, कर्मको प्रतिफलधर्मलाई विश्वासगर्नु बुद्धको मतानुसार भवसंसार सिद्धान्तजस्तै नै "आश्रवधर्मको आलम्बनभएको कुशलकर्मको भाग उत्पन्नगराउने उपधिलाई परिपक्वगराउने सम्यक्दृष्टि हो। उत्तम, आश्रवधर्मको आलम्बन नभएको लोकोत्तर भएको, मार्गाङ्ग भएको सम्यक्दृष्टि होइन।"(मज्झिमनिकाय महाचत्तारीसक सुत्त चाप २३४-३५)



Downloaded from http://dhamma.digital

तसर्थ बुद्धवादीले पुनर्जन्ममा प्राप्तहुने प्रतिफललाई आशा र कुनै उद्देश्यराखी दान, शील आदि कुशलकर्म गर्नुहुन्न । "मेरो त्यो कुशलकर्मले पुनर्जन्ममा अनुभव गर्नपाइने प्रतिफल प्राप्त गराऊन् । वर्तमानभवमा अनुभवगर्नपाइने प्रतिफल प्राप्त गराऊन् । मेरो कर्म परिपक्वभई प्रतिफलदिने अवसरको पालो उत्पन्नगराऊन् इत्यादि भनी उद्देश्यराखी पवित्र आचरणलाई आचरणगर्नुपर्ने होइन । चतुसत्यधर्मलाई प्रतिवेधगरी जान्नदेख्नको लागि मात्र आचरण गर्नुपर्ने हो ।"(अंगुत्तरनिकाय नवमनिपात महाकोट्ठिक सुत्त)

त्यसरी नै बुद्धको मतअनुसार हामीले अतीतभवकर्ममसा आसक्तिउपादान राख्नुपर्दैन । यो क्षेत्रमा त्यो आसक्तिउपादान रहेका जैन श्रमणहरूलाई बुद्धले भन्नुभएका कुराहरू आज कुनै कुनै हामी बुद्धवादीहरूले सोच्नुपर्ने भएको छ । "आवुस निर्ग्रन्थहरू, तिमीहरूले हामीले अतीतमा अकुशलकर्म गरेर आइसक्यौं वा गरेर आएका छैनौं भनी जान्दछौ ?" (मज्झिमनिकाय देवदह सुत्त) । यो कथनद्वारा बुद्धले बिल्कुल जान्न देख्न नसकिने अतीतभवकर्ममा चित्तासक्तिहुनुलाई निन्दा र आलोचना गर्नचाहेको भान हुन्छ । यो क्षेत्रमा बुद्धले ब्राह्मणहरूको जातिवाद र महाब्रह्मा वा स्थावर ईश्वरवादलाई प्रतिकारगर्दा तिमीहरूको माथिका सात पुस्तादेखिका स्त्रीहरूले ब्राह्मणहरूसित मात्र सहवास गर्छन् भनी के तिमीहरू जान्दछौ ? तिमीहरूका आचार्यप्राचार्यहरूले ब्रह्मालाई देखिसकेका छन् ? आदिद्वारा सोधपूछगरी प्रतिकार गर्नुभएको तथ्यलाई ध्यानदिनुपर्दछ । (चाप ८७, ८८)



Downloaded from http://dhamma.digital

त्यसोभएर नै जैनश्रमणहरूले बुद्धलाई अक्रियवादी भनी आरोप लगाउने गर्छन्। त्यस आरोपको सम्बन्धमा जैन सेनापति सिंहले बुद्धसँग सोधेको बेलामा बुद्धले आफू मानिसहरूलाई दुश्चरित्रकर्म नगर्नको निमित्त उपदेशदिने भएकोले आफूलाई अक्रियवादी भनी भन्नसकिने ; कुशलकर्म गर्नको निमित्त प्रेरणादिने भएकोले क्रियवादी भनेर पनि भन्नसकिने कुरा भन्नुभएको छ। (विनयपिटक महावग्ग भेसज्जक्खन्धक) अक्रियवाद कर्मविपाकलाई तिरस्कार गर्ने वाद भएकोले बुद्धको कथनले जैनहरूको आरोपलाई प्रतिकार गरेको स्थितिमा नपुगी छर्केढङ्गले जवाफ दिनुभएको कुरा हो। यसरी छर्केढङ्गले जवाफ दिइनु नै जैनहरूको कर्मवादलाई त्यो बेलामा आलोचनागर्न नचाहेको कारणले हुनसक्दछ।

संयुत्तनिकायको एक ठाउँमा त जैनहरूको कर्मसिद्धान्तलाई आलोचना गरिराखिएको छ। निर्ग्रन्थको शिष्य एकजना ग्रामभोजकले निर्ग्रन्थनाटपुत्तले अर्काको प्राण हननगर्ने व्यक्ति, अर्काको धनसम्पत्ति चोरेर लिने व्यक्ति, कामक्रियामा मिथ्याढंगले आचरणगर्ने व्यक्ति र झूठो बोल्ने व्यक्ति सबैले अपाय दुर्गतितिर जानुपर्दछ भनी उपदेशगरेको कुरा बुद्धसमक्ष निवेदन गर्‍यो। बुद्धले "यो लोकमा प्राणीहत्या गर्ने व्यक्तिहरू जम्मै अपाय दुर्गतितिर जानुपर्दछ भनी उपदेशगर्ने आचार्यहरू छन्। ती आचार्यहरूप्रति श्रद्धा र विश्वासराख्ने व्यक्तिमा मैले प्राणीहत्या गरेको भएर मेरो आचार्यले भनेअनुसार दुर्गतितिर पतन हुनेछ भन्ने मिथ्याधारणा हुन्छ। त्यो व्यक्तिले त्यो सिद्धान्तलाई नत्यागेको खण्डमा दुर्गतिमा पतन हुनेहुन्छ। त्यो व्यक्तिले भगवान् बुद्धको धर्म सुनिसकेपछि यसरी मूल्यांकन गर्छ –"भगवान् बुद्धले प्राणिघात



Downloaded from http://dhamma.digital

गर्नुलाई निन्दा गरेर त्यसबाट विरतरहनको लागि उपदेश दिनुहुन्छ। मैले अरूको प्राण यति यति हनन गरिसकें। अर्काको प्राण मैले हनन गरेको राम्रो भएन ; तर पनि ममा त्यो प्रत्ययको कारणले मनमा विस्मात् भयो भने त्यो अकुशलकर्मलाई मैले गरेको होइन भनेर मान्न सकिँदैन ।" यस्तो विचार गरेर त्यो व्यक्तिले प्राण हननगर्ने कार्य त्यागदछ। भविष्यमा विरत रहन्छ। यसरी त्यो अकुशलकर्मलाई पन्छाएर त्यो अकुशलकर्मबाट मुक्त हुन्छ" भनी भन्नुभयो। अर्काको धनसम्पत्ति चोर्नु, कामविषयक क्षेत्रमा मिथ्याआचरणगर्नु, झूठ बोल्नु जस्ता विषयमा पनि त्यही विधिअनुरूप उपदेश गर्नुभयो। (सलायतनवग्ग गामणिसंयुत्त संखधमसुत्त)

यो सुत्तन्त देशनामा आएको बुद्धको उपदेश कथन कर्मवादमा आसक्तिउपादान भएका बुद्धवादीहरूले गम्भीररूपमा अध्ययन गर्नुपर्ने भएको छ। यो बुद्धदेशनाअनुसार भन्ने हो भने कहिलेकाँहि प्राणीहत्या आदि दुश्चरित्रकर्म गरिसकेका व्यक्तिहरूको निमित्त महत्वपूर्ण विषय त्यसरी गरिसकेको लागि शोकसन्ताप मानेर नरहनु हो। यो आधुनिक पश्चिमेली मनोवैज्ञानिकहरूको भावनाअनुरूप भएकोले साइको अनालिशिस् मनोविज्ञान ग्रन्थहरूमा अतीतमा गरेको एक न एक अकुशलकर्मको कारणले उपादान उत्पन्नभई त्यस उपादानले मानिसहरूलाई अनजानरूपले मानसिकदु:ख उत्पन्न गराउनसक्ने साधकनमूनाहरू दर्शाइ-राखेको छ। उपर्युक्त सुत्तन्तमा अकुशलकर्म गरिसकेका बुद्धवादीहरूले अनुशरण गर्नुपर्ने मार्गपद्धतिलाई उपदेशगर्दामा पनि अपायदु:ख दण्ड भोग्नुपर्ने र कर्मविपाकहरूको विषय



Downloaded from http://dhamma.digital

समावेशगरी बिल्कुल उपदेश नगर्नुलाई विशेषदृष्टि पुऱ्याउनु पर्नेछ ।

यो संखधम सुत्त र माथि उल्लेखगरेर आएको सीवक सुत्तहरूलाई निरीक्षण र परामर्शन गरेको खण्डमा अहिले धेरैजसो बुद्धवादीहरूले स्वीकारी विश्वास गरिरहेको अपायदुर्गति कर्मविपाकवर्त आदि सिद्धान्तहरू बुद्धको मूलप्रथम वास्तविक वाद होला र ? भनी संशय गर्नुपर्ने स्थिति छ। ती सिद्धान्तहरूसित सम्बन्धित सुत्तन्तदेशनाहरू पिटकग्रन्थमा देखापरेको त सही हो; तर तिनीहरू स्वभावयुक्तिभएको उपर्युक्त दुईवटा सुत्तन्तहरूसित बाँभिएर बुद्धले बिल्कुल नकार्नुभएको दृष्टिउपादानले रङ्गिरहेको तथ्य स्मरण गर्नुयोग्य छ ।

अकुशलकर्मको फलविपाकलाई थुप्रै भवसमूहमा भोगेर आएको प्रक्रियालाई दर्शाउने साधकनमूनाहरू पिटकवाङ्मयमा नभेटिकन अट्ठकथाहरूमा मात्र भेटिनुलाई पनि विचार गर्नुपर्ने हुन्छ। सुत्तन्त देशनाहरूमा त बुद्धले ती विषयहरूलाई उपदेशगर्ने अवसर पाएको बेलामा पनि उपदेश गर्नुभएन । उदाहरणको रूपमा एकसमय बुद्धले एकजना अरहन्त व्यक्तिलाई निर्देशन-गरी "भिक्षुहरू, तिमीहरूले नराम्रो वर्णभएको, नराम्रो हेराइभएको, पुड्को पृथग्जन भिक्षुहरूको उपहास सहनुपरेको त्यस भिक्षुलाई देखेका छौ ? भनी सोधी त्यस भिक्षुको अतीत अकुशलकर्मको विषयमा बिल्कुल उपदेश गर्नुभएन । (अपदानपालि चूलवग्ग अपरसकुण्डलभद्दिय सुत्त); अर्को एकसमयमा पनि एकजना अरहन्तको गाईले हानेर परलोकहुँदा बुद्धले अतीतकर्म विषयमा केही उपदेश गर्नुभएन । (उदानपालि बोधिवग्ग बाहियसुत्त )



Downloaded from http://dhamma.digital

अट्ठकथाहरूमा त वर्तमानमा वेदना अनुभवगर्नुजस्ता सानातिना कुराहरूलाई पनि अतीत कथावस्तुहरूमा आधारित गरी विस्तृतपारी दर्शाइराखेको छ । त्यसरी दर्शाउनुमा पनि एकजना श्रमणलाई एउटी महिलाले उखु एउटा दानगरेर देवकन्या हुनपाएकी; अर्को एकजना श्रमणलाई कञ्जूसीगरेर भोजन प्रत्यय रोकिदिएकोले एकजना भिक्षु धेरै जन्मसमूहसम्म नरकमा भोग्नु परेको, तिरश्चीन प्रेतभएर अन्तिमजन्ममा समेत पेटभरी भोजनगर्न नपाई परिनिर्वाण हुनुपरेको इत्यादिमा कारण र प्रतिफल एकसमान नभई स्वभावयुक्ति रहितभएको छ ।

कर्मवादमा मानिसहरूमा आसक्तिउपादानरहनुको मूल–कारण हामीले विचार गर्नुपर्दछ । लोकमा राम्रा मानिसहरू दुःखकष्टमा परी केही दुष्मनहरूले सुखसुविधा पाइराखेको खुलस्त छ । त्यसो हुनुलाई मानिसहरूले चित्त नबुझेर कर्मवाद र पुनर्जन्म सिद्धान्तद्वारा समाधान खोजिरहन्छन् । वास्तवमा भन्ने हो भने, मनुष्यप्राणीहरूको सुखहुनु र दुःखहुनुलाई सृजनागर्ने वर्तमान कारणधर्महरूमा मानिसहरूको क्रियाकलाप अरूहरूको प्रयोग वरिपरिको परिस्थिति, ऋतु, मौसम आदिजस्ता थुप्रै थुप्रै कारण रहने भएकोले अतीतभवबाट समावेशभएर आएको कर्मशक्तिले ती कारणधर्महरूलाई कसरी सधैंभरी अतिक्रमण गर्नसक्ने होला ?

त्यस अतिरिक्त ती कारणधर्महरूले मनुष्यजीवनलाई परिवर्तन र आविष्कारगर्ने क्षेत्रमा शीलाचरण र चित्तचेतनालाई अलिकति पनि आधार मानी मानिसहरूले विचार गर्दैनन् । त्यसो भएर धर्मानुकूलहुनु, ठ्याक्कमिल्नुलाई अत्याधिकरूपमा आशा



Downloaded from http://dhamma.digital

एवं चाहना राखेमा निरर्थक नै हुनेछ । बुद्धले गम्भीररूपमा उपदेश दिनुभएको दु:खसत्यलाई राम्ररी भित्रैदेखि नबुझेको ठहरिनेछ । अवश्य हो; हामीहरूले कर्मवादमा आसक्तिउपादान नहुनाखातिर दु:खधर्मलाई निरीक्षण र परामर्शनगर्दा जरादु:ख, ब्याधिदु:ख, मरणदु:खलाई मात्र हेरेर नबसी धर्मानुकूल नहुनु पनि दु:खसत्यको एउटा लक्षण भएको कुरातिर होश पुऱ्याउनुपर्दछ ।

जति जति मानिसहरूमा बुद्धिविवेक वृद्धि हुँदै जान्छ त्यति त्यति अधार्मिक प्रवृत्ति कम हुँदै जानु सही भएतापनि बिल्कुल निर्मूलभएर जाने भने होइन । बुद्धिमान् मानिसभन्दा मूर्ख मानिस बढीहुनु, मानिसहरूमा लोभ, दोष र मोह प्रबलहुनु, सामाजिक नीति र आर्थिक नीतिहरूमा स्खलित भइरहनु स्वभावधर्मले सत्पुरुष र असत्पुरुष नछुट्याइकन बारबार विपरीतभई नराम्रो प्रतिफललाई निर्माणगर्नु आदि लक्षणहरूद्वारा प्रकटभएको यो मानव दु:खभूमिमा हामीहरूले अतीतभवदेखिको क्रियाकलापहरूको राम्रो प्रतिफल र नराम्रो दोषलाई सँधैभरि अनुभव गर्नपाइने छ भनी आशा राख्नुहुँदैन ।

वर्तमान जीवनमा नै कुनै कुनै सत्पुरुषहरूले दु:ख खप्नु– परेर कुनै कुनै असत्पुरुषहरू समृद्ध भइरहनु स्थावर ईश्वरमा विश्वास गरिरहने व्यक्तिहरूको निमित्त टाउको दुखाउने समस्या भएको छ । स्थावर ईश्वरवादीहरूले जवाफ खोजेर नपाएको कारणले स्थावर ईश्वरको चाहनाअनुसार हुन्छ ; ईश्वरको चाहनालाई चिन्तनागरेर हुँदैन भनी भन्दछन् । कर्मवाद आसक्ति भएका बुद्धवादीहरूले त कर्मले व्यवस्था गरेअनुसार हुन्छ; कर्मको विषयलाई चिन्तनागरेर साध्य हुँदैन भनी भन्दछन् । यो नजानिने, नदेखिने



Downloaded from http://dhamma.digital

स्थावर ईश्वरको ठाउँमा दृष्टान्त परीक्षणगरेर नहुने एउटा धर्मलाई सट्टा भर्ना गर्नुमात्र भएर स्थावर ईश्वर सिद्धान्तसित स्वभावअनुसार एकसमानभएको छ। वास्तवमा त्यसरी मनुष्यलोकको तलमाथि भइरहनु बुद्धवादीको निमित्त एउटा समस्या होइन ।

बुद्धवादको मतअनुसार मानिस स्थावर ईश्वरले श्रृष्टि गरिराखेको सत्त्व नभई लक्ष्य र उद्देश्य हीन भई यो विश्वमा आइपुगेको सत्त्व हो। मानिस सत्वलोकमा शीर्षस्थ श्रेणीमा पुगि–राखेको भएतापनि मनुष्यभव उत्पत्तिक्रमलाई निरीक्षण र परामर्शगर्ने बेलामा स्वभावधर्मलाई पन्छाएर हुने होइन । विज्ञानवेत्ताहरूले यो विश्व, मानिसहरू जीवितरही समृद्ध हुनको निमित्त उचित र अनुकूलभएको विश्व होइन भनी भन्ने गरेको छ। वास्तवमा बुद्धको दुःखसत्यअनुसार र शक्तिवाद र शोषणवाद द्वारा सत्त्वहरूको जातीय स्थिरता रहिरहने प्रक्रियालाई आधार बनाएर हेरेको खण्डमा स्वभावधर्म मानिसको सहयोगी धर्म हुन नसक्ने विषय स्पष्ट छ। तैपनि भवसंसारमा मानिसले आफूले गरेको कर्मको लागि राम्रो र नराम्रो प्रतिफल भोग्नु नै पर्ने नियाम धर्मता छ भनी दृढतापूर्वक सम्झिराख्नु मानिसहरूले स्वभावधर्मलाई आ-आफ्नो इच्छानुसार न्यायाधीशको रूपमा आविष्कार गरि-राखेको हुनसक्छ। अवश्य हो; मानिसले आफ्नो मनोवृत्ति, चरित्र र आशीष छन्दलाई अन्य विषयमा दृष्टिगोचर गर्न जान्दछ।[१] यो तथ्य ५५० जातकनिपातहरूको तिरश्चीन कथांवस्तुहरूमा, विश्वश्रृष्टिकालका मानिसहरूको देवीदेवताहरूको विषयवस्तु, दन्त्यकथाहरूमा र बर्मेलीहरूको देवीदेवता आख्यान सम्बन्धी

---

[१] Anthopomorphism



Downloaded from http://dhamma.digital

कथाहरूमा स्पष्ट देखिन्छ। कर्मआसक्ति, उपादान ती मनुष्यहरूको स्वभाव, मनोवृत्ति, छन्दअनुरूप न्याययुक्तहुनु, राम्रो व्यक्तिले सुखभोगगरी नराम्रो व्यक्तिले दुःखभोग गराउन सक्षमहुनुलाई मानिसले चाहना गरेबाट वा स्वभावदृष्टि गोचर गरेबाट उत्पन्न भएर आएको हुनसक्छ।

वास्तवमा भन्ने हो भने यो आसक्तिउपादान शीलमा आसक्तिहुनु वा शीलको प्रतिफललाई आवश्यकताभन्दा बढी ठूलो सम्भिनु अथवा भगवान् बुद्धले तिरस्कार गर्नुभएको शीलव्रतउपादानसित पनि सम्बन्धित छ ; अतीत र अनागत आसक्तिलाई हटाएर वर्तमानलाई प्राथमिकता दिने बुद्धवादसित मेल खाँदैन। बुद्धवादले वर्तमानकर्म, वर्तमान कारणकार्यधर्मलाई प्राथमिकतादिने विषय विज्ञानसित समान छ। विज्ञानवेत्ताहरूले एउटा समस्यालाई परीक्षणगरी प्राप्तभएका परिणामहरूलाई मूल्यांकन र परामर्शगरी कारणधर्मलाई चिन्तन गर्नुपर्दछ। त्यो चिन्तन गरेको कारणधर्मलाई प्रत्यक्ष परीक्षणगरेर त्यसबाट उपलब्ध भएको हुनुपर्ने छ। कारणधर्मले एउटा घटनाको निमित्त आवश्यकता भन्दा बढी पनि चिन्तन गर्नुहुँदैन। उदाहरणको रूपमा "क" उत्पन्न हुनको निमित्त "ख" एउटैले पुग्ने छ ; त्यो "ख" अरू हुनसक्ने कारणधर्महरूभन्दा स्पष्ट छ वा जान्न, देख्न, बुझ्न सजिलो छ भने "ख" कारणधर्मलाई मात्र स्वीकारगरी निरन्तर परीक्षण गर्नुपर्दछ। अर्को तरीकाले भन्ने हो भने चिन्तन गरिएका कारणधर्महरू जति सक्यो त्यति कम हुनुपर्ने छ।[१]

[१] Principle of Parsimony



Downloaded from http://dhamma.digital

यस क्षेत्रमा मानिसहरूको दीर्घायुहुनु र अल्पायुहुनुलाई एउटा साधकनमूनाको रूपमा विचार गर्नुपर्दछ। कुनै रूखहरू सप्रेर ठूलो भई कुनै समानजातका रूखहरू थोरै समय भित्र नै मरेर विनाशभएर जानुमा अतीतभवकर्मलाई कारण देखाइँदैन। कुनै मानिसहरू दीर्घायुभएर कुनै मानिसहरू अल्पायुहुने क्रियामा अतीतभवकर्मलाई तानेर ल्याई घुसाउनु माथि उल्लेखगरेर आएजस्तै मानिसको आशा छन्दअनुरूप स्वभावधर्मलाई न्यायाधीश बनाइनु हो। पश्चिमेलीहरू प्रायशः एशियाइहरू भन्दा दीर्घायु हुनु र विश्वको ठाउँ ठाउँमा पुराना मानिसहरूभन्दा अहिलेको युगका मानिसहरू बढी दीर्घायुहुनु कर्मआसक्तिउपादानरहेका व्यक्तिहरूले विचार गर्नुयोग्य छ। किनभने तिनीहरूको कर्मवादअनुरूप पश्चिमी वासिन्दाहरू पूर्वी वासिन्दाहरूभन्दा र वर्तमानयुगका मानिसहरू पुराना मानिसहरूभन्दा शीलाचरण श्रेष्ठोत्तम छ भनी धारणा राख्नुपर्ने भएकोले त्यसरी धारणा राख्नसक्नको निमित्त कारणयुक्ति संगत छैन।

मानिसहरू दीर्घायुहुनुमा वरिपरिको वातावरण र वंशबीजमाथि भरपर्दछ। वरिपरिको कारणधर्म विस्तृत भएकोले त्यस अन्तर्गतको मानिसहरूको क्रियाकलाप रहनसहन वर्तमानकर्म हो। पश्चिमी वासिन्दाहरू वर्तमानकर्म शक्तिशाली भएको कारणले दीर्घायु भएका हुन्। वंशबीजमा त मातृगर्भबाट मुक्तहुनु अगावै व्यवस्था र प्रतिस्थापित भइसकेको हुनाले त्यसलाई अतीतभवकर्म भनी भन्नचाहेमा भन्नसकिन्छ। तैपनि, दीर्घायुहुनुको निमित्त वरिपरिको वातावरण वंशबीजभन्दा अत्याधिक महत्वपूर्णहुनुको अलावा वंशबीज परिवर्तन र सुधारगरेर हुन



Downloaded from http://dhamma.digital

नसक्ने भएकोले हामीले वरिपरिको वातावरण र त्यस अन्तर्गतको रहनसहन क्रियाकलाप वा वर्तमानकर्म कारणधर्मलाई मात्र गम्भीर रूपमा ध्यान दिनुपर्दछ।

अतीतकर्म वास्तवमा जान्न देख्नहुने परीक्षण गर्नहुने धर्म नभएर अन्य कारणधर्महरू रहँदारहँदै अतीतकर्मलाई विचार गरिरहेमा हामीमा उन्नति वृद्धिहुनु कठिन नै रहने छ। पश्चिमी वासिन्दाहरूले अतीतकर्मलाई र स्थावर ईश्वरको आशा छन्दलाई विचार नगरिकन स्वतन्त्ररूपमा चिन्तनमनननगरेर आएकोले तिनीहरूको उन्नति वृद्धि भइरहेको हो। तसर्थ हामीहरूको निमित्त महत्वपूर्ण कुरा त अतीतकर्मलाई चिन्तन र विचार नगरिकन मनुष्यजन्मलाई विकास र सुधारगर्ने थुप्रै कारणधर्महरू मध्ये आ-आफ्नो अधिकारमा रहेको कारणधर्मलाई जानेर देखेर र बुझेर तिनीहरूअनुरूप आचरणगर्नु नै हो। भगवान् बुद्धले त्यसरी आचरणगर्नको लागि उपदेशदिएर जानुभएको छ।

"हे मानवक, यसरी दीर्घायु हुनुलाई उत्पन्न गराउनसक्ने आचरणले दीर्घायु बनाउनसक्छ। अल्पआयु हुनुलाई उत्पन्न गराउनसक्ने आचरणले अल्पायु बनाउनसक्छ। रोगीहुनु, निरोगीहुनु, वर्ण नराम्रोहुनु, वर्ण राम्रोहुनु, परिवार कमहुनु, परिवार धेरैहुनु आदि पनि त्यस्तै त्यस्तै हुन्।"(मज्झिमनिकाय चूलकम्मविभङ्ग-सुत्त) "दायक अनाथपिण्डिक, आर्यश्रावकले दीर्घायु हुन चाहनाराख्दछ भनी वचनले र मनले दीर्घायुभावको लागि आशाराखेर मात्र नबसी दीर्घायु बनाउने आचरणलाई अभ्यास गर्नुपर्दछ।" (अंगुत्तरनिकाय पञ्चकनिपात इत्थसुत्त)



Downloaded from http://dhamma.digital

मनोविज्ञानको मतअनुसार व्यक्तिले कुनै काम बारबार गरिरहेमा ऊ त्यस काममा अभ्यस्त हुन्छ। आचरण र अभ्यासलाई एकीकृतगर्दा मनोवृत्ति र चरित्र उठेर आउँछ। डा. रीस् डेविड्स् र ऊ. स्वे जां आउँहरूको मतअनुसार त्यस्तो मनोवृत्ति र चरित्र[१] नै अतीतभवबाट हामीहरूले अंशको रूपमा पाएको कर्मशक्ति हो ।[२] मानिसहरू आ-आफूसँग परस्पर वासना र चरित्र मिल्ने व्यक्तिसितबस्ने बानी भएअनुसार नाम, रूप निरोध र शान्तहुने बित्तिक्कै बाँकीरहेका कर्मशक्तिहरू परस्पर धातुसमानभई नजिकमा परेका कर्मशक्तिहरूसँग मिल्न जान्छ भनी धारणा राख्नसकिन्छ। भगवान् बुद्धले यो विषयलाई सोझै उपदेशगरेर नजानु भएतापनि संयुत्तनिकायमा उपदेशगरेर जानुभएका धेरै सूत्रहरूले यो तथ्यलाई निर्देशितगरेको प्रतीत हुन्छ।

"भिक्षुहरू, धातुस्वभाव एकसमान भएमा नै सत्त्वहरूको संगम हुन्छ र समागम हुन्छ । निकृष्ट व्यक्तिहरूको निकृष्ट व्यक्तिहरूसँग संगम हुन्छ र समागम हुन्छ। उत्कृष्ट व्यक्तिहरूको उत्कृष्ट व्यक्तिहरूसँग संगम हुन्छ र समागम हुन्छ। उदाहरणार्थ मल मलसँगै मिल्छ र घुलिन्छ । दूध दूधसँगै मिलि एकीकरण हुन्छ। घ्यू घ्यूसँगै मिल्छ र घुल्छ। सत्त्वहरू बितेका अतीतसमयमा धातुस्वभाव एकसमानभएको रूपमा संगमभएर आएकाहुन् । अहिलेको वर्तमानसमयमा पनि त्यसै विधिअनुरूप धातुस्वभाव एकसमानभएको रूपमा संगम भइरहेकाहुन् । पछि आउने

---

१ Character

२ T.W. Rhys Davids, "Buddhist Birth stories", Vol.1.PIXXV, S.Z. Aung, "Compendium of Philosophy", p.52.



Downloaded from http://dhamma.digital

अनागतसमयमा पनि त्यसै अनुरूप धातुस्वभाव एकसमानभएको रूपमा नै संगमहुनेछ ।"(संयुत्तनिकाय निदानवग्ग धातुसंयुत्त नाधिमुत्तिक सुत्तदेखी दसङ्ग सुत्तसम्म जम्मा सुत्त-१६)। इतिवुत्तक पालि तिकनिपात धातुसंसन्दन सुत्तमा पनि त्यसै विधिअनुरूप उपदेशगर्नु भएको छ ।

यसरी मानिसको मरणोपरान्तको कर्मशक्तिहरू जातिसमान धातुसमानभएका आमाबाबुहरूमा नयाँ नामरूप उत्पन्नभएर आउँछ। यो कर्मवाद अट्ठकथा, जातकनिपातहरूमा साधकनमूनाद्वारा धेरै कथावस्तुको समूहद्वारा दर्शाइराखेको पुब्बेकताहेतुदिट्ठिजस्तो लाग्ने कर्मवाद भन्दा झन् बढी स्वभावयुक्ति युक्तछ। वास्तवमा बुद्धको कर्मवाद पश्चिमी प्राज्ञहरूको जातिगत बीजवादसित नजिक पर्दछ । मानिसहरू प्रज्ञाज्ञान, आचरण चरित्र, मनोवृत्ति चरित्र आदि मूलपृष्ठभूमिको हिसाबले एकसमान नहुनु जातिगत बीजको कारणले हो भनी पश्चिमी प्राज्ञहरूले धारणाराख्ने भएकोले बुद्धवादको मतअनुसार त्यो मूलपृष्ठभूमिमा अन्तरहुनु बीजशक्तिहरू अतीतभवदेखिको कर्मशक्तिहरूको कारणले हो । रसायन शास्त्रले कुनैपनि सामर्थ्य कहिल्यै निरर्थक हुँदैन भनी भन्छ[१] भने बुद्धवादले पनि कर्मशक्ति मानिस मरेपनि निरर्थक नभइकन अर्को भवलाई श्रृष्टि र निर्माणगर्दछ भन्दछ ।

अवश्य हो, कर्मशक्ति विज्ञानविधि अनुकूल दृष्टान्त परीक्षणगरी देखाउनसक्ने विषय होइन, तैपनि कर्मवाद भवसंसार सिद्धान्तजस्तै नै मनुष्यलोकको कुनै कुनै घटनाहरूलाई हामीले निरीक्षण र परामर्शगरी अर्थअभिप्राय खोजतलाशगरेर स्वीकारी

[१] Law of Conservation of Energy



Downloaded from http://dhamma.digital

विचार गर्नुपर्ने एकप्रकारको वाद हो। उदाहरणार्थ लोकमा कुनै कुनै व्यक्ति एक न एक शीपको विषयमा गुरूले सिकाउनुभन्दा पहिले सानैदेखि दक्ष र तीक्ष्ण भइरहनु बीजशक्ति अथवा कर्मशक्तिको कारणले हो भन्नुपर्दछ।[१]

यो तथ्यसित सम्बन्धराखी मिसेज् रीस् डेविड्स् भन्नुहुन्छ :-

"हामीले विद्युत् करेण्टशक्तिको विषयलाई गहनरूपले भित्रैदेखि नजाने तापनि त्यो करेण्टमा शक्ति छ भनी विश्वास गर्छौं। छोराछोरीले आमाबाबुको मनोवृत्ति चरित्र कसरी कुन किसिमले हासिल गरे भनी थाहा नपाएतापनि ती मनोवृत्तिहरू वंशगोत्रको अनुसरणगर्नेलाई भने स्वीकारी विश्वास गर्दछौं। कोही कोही व्यक्तिहरूले मानिसबीच एक अर्कासित मनमनै सम्पर्क राख्नुलाई[२] विश्वास गरेतापनि कसरी कुन प्रकारले सम्पर्कराख्छन् भन्ने थाहा पाउँदैनन्। बुद्धवादीहरूले पनि कर्मशक्तिको स्वभाव, आकारप्रकारलाई गहनरूपमा जानी देखी थाहापाइरहेका हुँदैनन्। कर्मवाद विज्ञानविधिद्वारा परीक्षणगरेर हुने वाद होइन। तैपनि, विज्ञानले मानिसको मनोवृत्ति, धातुशक्ति, वंशगोत्रको अनु-सरणगर्ने कुरासित सम्बन्धित कुनै कुनै समस्याहरूलाई अहिलेसम्म पनि समाधानगर्न नसकिरहेको हुँदा कर्मवादले त्यस्तो समस्याको निमित्त कठिनाइको सामना गर्नुपर्ला भन्ने कारण छैन।[३]

कर्मशक्तिसँग सम्बन्ध राख्दा पनि धेरै मानिसलाई थाहा नभएको एउटा तथ्य त कर्मशक्ति पुरानो भवबाट नामरूपस्कन्धसँग

---

१ "बीजशक्ति" पेफूल्स्वा:, १९५८-जनवरी

२ Telepathy

३ Mrs. Rhys Davids, "Buddhist Psychology", p.26.



Downloaded from http://dhamma.digital

अलग्गभई पुद्गलसत्त्व आत्मजीव नभइकन नयाँभवतिर संसरण गर्दछ भन्ने हो । यस तथ्यलाई बुद्धको पालामा केही भिक्षुहरूले समेत राम्ररी थाहापाएका थिएनन् । एकसमय बुद्धले भिक्षुहरूलाई पञ्चस्कन्ध आत्मा होइन भनी उपदेश गरिरहनुहुँदा एकजना भिक्षुमा "अरे, पञ्चस्कन्ध आत्मा होइन रे ! पञ्चस्कन्ध आत्मा होइन भने अनात्मले गरेका कर्महरूले कुन आत्मालाई प्रभावपार्ने होला ?" भनी चिन्तन भयो । (मज्झिमनिकाय महापुण्णम सुत्त) । बुद्धले त्यसरी शंका उपशंका भएकाहरूलाई कसरी स्पष्टीकरण दिनुभयो भन्ने कुरा हामीले प्रष्टरूपमा जान्न पाएनौं ।

अहिले कुनै कुनै पश्चिमेलीहरूले पनि त्यो तथ्यलाई नबुझेकाले कर्मवाद बुद्धवाद नभएजस्तो गरी सोच्दछन् । केही प्राज्ञहरूको निमित्त त बुझ्न त्यति गाह्रो हुँदैन । अमेरिकी प्राज्ञ हेनरी क्लोक वारेन्ले त्यस विषयसँग सम्बन्धराखी निम्नानुसार लेख्नुभएको छ :–

"उदाहरण एउटालाई विचारगरेर हेरेको खण्डमा आत्मा नभइकन नयाँ भवतिर कर्मशक्ति संसरणगरेर जान्छ भन्ने बुद्धवादीहरूको कथन स्वभावयुक्तियुक्त भएको स्पष्ट हुनेछ । एउटा भण्डिक(भाण्डिक) (Swallow) चरोको फुलबाट भण्डिक चरो नै उत्पन्न भई एउटा भारद्वाज (skylark) चरोको फुलबाट भारद्वाज चरो नै उत्पन्नभएर आउने हुन्छ । त्यसबाट अन्य प्रकारको चरो जन्मने धर्मता नियाम छैन । भण्डिक र भारद्वाज चराहरू स्पष्टतः भिन्नभिन्नै हुन्छन् । फुलहरू भने सर्वप्रथम त्यसरी विभेद देखिने हुँदैनन्, तैपनि चराभएपछि विभेद हुनुपर्ने कारणलाई हामी बुझ्दछौं । भण्डिक चरोको फुलबाट भारद्वाज



Downloaded from http://dhamma.digital

चरो उत्पन्न हुननसक्नु वंशबीज असमान भएको कारणले हो। भण्डिक चरोको वंशपरम्परादेखि अघिअघिका चराहरूलाई स्याहार गरेर आएका कारणधर्महरू र ती कारणधर्महरूको कारणले भएर आएका कर्महरू अल्याख रहिआएको हुनाले तिनीहरूका शक्तिहरू त्यो भण्डिक चरोको फुलभित्र बीजधातुको रूपमा निहितभएर आई सम्बन्धित फलविपाकलाई मात्र उब्जाउँछ। त्यो भण्डिक चरोको फुलबाट भारद्वाज चरो उत्पन्न हुनेहुँदैन । किनभने भारद्वाज चरोलाई उत्पन्नगराउने कारणधर्म वा कर्मशक्ति भिन्नभिन्न रहेका छन्। यथार्थमा भन्ने हो भने बुद्धवादीहरूले बुझेको कर्मशक्ति वंशज बीजशक्ति होइन। कर्मशक्ति भन्ने शब्द आमाबाबु, बाजेबराजुहरूबाट एकले अंश पाएको शक्तिहरूलाई भन्नखोजेको नभई अतीतभवहरूबाट निहितभएर आएका शक्तिहरूलाई मात्र भन्न खोजिएको हो। तैपनि, यो विभेदलाई बाँकीराखी बुद्धको कर्मवाद विज्ञानवेत्ताहरूको जातिवंश बीजवादसँग धेरै समानरहेको हुन्छ।"[१]

मिलिन्दप्रश्न ग्रन्थमा नागसेन स्थविरले आत्मा नभइकन एकभवबाट अर्कोभवतिर कर्मशक्ति संसरणहुने प्रक्रियालाई धेरै उपमाहरूद्वारा स्पष्ट पारिदिनुभएको छ। अरूहरूको आँपको विरुवाबाट आँप चोरेर लिने व्यक्तिले आफूले चोरेको आँप अन्य व्यक्तिले पहिले रोपेको आँप होइन भनी भनेतापनि त्यो राजदण्डबाट मुक्त हुनेछैन। एकजना मानिसले गोठालोसँग दूध किनेर दूध गोठालोकहाँ नै छोडेर गयो। दूध भोलिपल्ट दही भएर गएकोमा त्यो व्यक्तिले त्यो दही मेरो होइन भनी भन्नसक्दैन।

[१] H.C. Warren, "Buddhism in Translation", pp. 210-11



Downloaded from http://dhamma.digital

नागसेन स्थविरले यस्तै धेरै उपमा देखाई एकजना व्यक्तिको मरणासन्न अवस्थामा निरोधहुने नामरूप र अर्को भवप्रतिसन्धि नामरूप अर्कै भएपनि त्यो प्रतिसन्धि नामरूप पुरानो भवबाट नामरूप कारणभएको कारणले पुरानो नामरूपले गरेका कर्महरूको राम्रो नराम्रो प्रतिफलबाट मुक्त हुनेहुँदैन भनी भनेको छ।

सुत्तन्तपिटक ग्रन्थमा बुद्धले जुन व्यक्तिले कर्मगर्छ त्यो व्यक्तिले नै अनुभवगर्दछ भनी भन्न उचित छैन। त्यो व्यक्तिले गरेर अन्य व्यक्तिले अनुभवगर्दछ भनेर पनि भन्नु उचित छैन भन्ने कुरा आज्ञा गर्नुभएको छ। कर्मगर्ने व्यक्ति अर्को, अनुभवगर्ने भोग्ने व्यक्ति अर्को भनेर भन्न उचित नहुनुमा उच्छेदवादलाई बुद्धले अस्वीकार गर्नुभएको कारण हो। त्यसो भएतापनि भवसंसार खण्डमा विस्तृतरूपले दर्शाइसके अनुसार वर्तमानभवमा सेते मरेर अर्को भवमा काले भएर आएकोले वास्तवमा त्यो काले सेतेसँग कारणकार्य सम्बन्ध जोड्नुबाहेक अन्य सम्बन्ध जोड्नु नभएको अन्य व्यक्ति हो। त्यसैले सेंतेमा कारणग्राही भएको कारणले सेतेको राम्रो नराम्रो अंशलाई ग्रहणगरेर लिनुपरेको हो।

त्यसो भएर बुद्ध ग्रन्थकारक अंग्रेज भिक्षु सीलाचारले "अनात्मवादलाई बुझेको व्यक्तिले अर्कोभवमा आफू समृद्ध हुनको निमित्त के गर्ने होला भनी चिन्तनगर्नु उचित छैन। मैले अन्य व्यक्ति समृद्धहुनको निमित्त के गर्नु उचित छ? म जुन कर्मको वर्तमान मामरूप स्कन्ध छु; त्यो कर्मको अर्कोभवको नामरूपस्कन्धलाई दुःखकष्ट नपुऱ्याउनको लागि मैले कस्तो आचरण गर्नुपर्ला भनेरमात्र विचारगर्नुयोग्य छ" भनीभनेको छ।[१]

[१] Bhikkhu Silacara, Addresses and Papers on Buddhism, p.181



Downloaded from http://dhamma.digital

डा. रीस् डेविड्स्ले पनि "बुद्धवादीले अर्को भवमा आफू स्वयंले अनुभवगर्नुपर्ने सुखको खोजीगर्न सक्तैन। उसले गरेको कुशलकर्महरूको प्रतिफलधर्म वा कर्मविपाकले ऊ मरेको अवस्थामा बाँकी रही अन्य सत्वहरूको अर्थहित सुखसमृद्धियुक्त कर्मलाई सहयोग पुऱ्याउने छ" भनी धारणा राख्दछ।[१]

बर्मेली बुद्धवादीहरूले डा.रीस् डेविड्स् र भिक्खु सीलाचार को सिद्धान्तलाई त्यति स्वीकार गर्नसकेका छैनन्। त्यो सिद्धान्त बुद्धवादलाई मनपराउने केही अंग्रेजहरूले समेत स्वीकारगर्न नसकिने सिद्धान्त हो। अंग्रेजी बुद्ध ग्रन्थकारक आचार्य मिस्टर एड्मोण्ड होम्स्ले अन्य एकजना व्यक्तिको कर्म अंशभाग पाएको व्यक्तिले त्यो अन्य व्यक्तिले गरेको कर्महरूको निमित्त राम्रो नराम्रो प्रतिफललाई भोग्नुपर्नेछ भन्ने कुराको अभिप्राय युक्तियुक्त नभइकन हामीले बुझेको न्यायानुकूल क्रियाको अर्थअभिप्रायसित पनि प्रतिपक्षी छ भनी लेखेर जानुभएको छ।[२]

एड्मोण्ड होम्स्, मिसेज् रीस् डेविड्स् जस्तै नै आत्मवादी भएर डा. रीस् डेविड्स्को कुरालाई स्वीकार गर्नसक्नुमा अचम्म लाग्नुपर्दैन। त्यसो भएतापनि अर्को भवलाई त्यसै राखेर वर्तमान लोकमा समेत मानिसहरूले आफूहरूसँग सम्बन्ध विच्छेद नभएको अन्य एकजना व्यक्तिले गरेको कर्महरूको राम्रो नराम्रो प्रतिफललाई भोगिरहनुपरेकोमा हाम्रो प्रत्यक्ष र दृष्टान्त अनुभव छ। छोरा–छोरीहरूले आमाबाबुहरूको राम्रो नराम्रो अंशलाई भोगिरहनु

१ T.W. Rhys Davids, "The History and Literature of Buddhism", p.89

२ Edmond Holmes, "The Creed of the Buddha", p.129



Downloaded from http://dhamma.digital

परेका छन्, होइन र ? हामीले पुरानो युगका मानिसहरूको राम्रो नराम्रो अंशलाई भोगेर अहिले गरेका कर्महरूको पछिका मानिसहरूमाथि प्रतिफल अवतरण हुनजान्छ होइन र ? राष्ट्रको जनताको सुखदुःख प्रायशः राष्ट्रका नेताहरूको क्रियाकलापहरूमाथि भरपर्दछ होइन र ?

त्यसैले डा. रीस् डेविड्स्को निम्न भनाई विचारणीय रहेको छ :–

"हामीमा अर्को भवमा हामीले आफैले सुख अनुभव गर्नेछौं भन्ने विश्वास भएमा मात्र केही हुने हो कि ? हाम्रो(आफ्नो) हानी पुऱ्याउनु र प्रयत्नशीलरहनुले अन्य व्यक्तिहरूको निमित्त सुख दिलाउने छ भन्ने आकांक्षाद्वारा खुशी र सन्तोषरहनु योग्य छ होइन र ? हामीले उपभोगगर्ने अवसर पाउनुभन्दा अझ बढी प्रतिफल उपभोगी छौ नि त ? यहाँ हामीले दिनसक्नुभन्दा अझ बढी अत्याधिकरूपमा पाइराखेका छौं । लामो अतीतसमयमा हानी पुऱ्याई प्रयासगरेर आएका अनगिन्ती मानिसहरूको कर्मविपाकलाई हामीले उपभोगगर्न गइरहेका छौं । त्यस अति–रिक्त हामीले आकांक्षाराखेर नटुंगिने भविष्यको समयमा उन्नतिवृद्धि हुने मनुष्यलोकको अवस्थालाई कहिँलेकाँहि केही न केही कल्पना–द्वारा अनुमान गर्नसक्छौं । यो तथ्य नै हाम्रो निमित्त गहन र यथार्थ ठहर भई दृढ, स्थिर आकांक्षा र विश्वासलाई स्वार्थी आत्मचित्तले भन्दा बढी दिनसक्ने होइन र ?"[१]

आजको विश्व अघिको विश्वजस्तो छैन ; मानिस व्यक्ति परस्परमा, मनुष्यजाति परस्परमा, राष्ट्र परस्परमा अघिभन्दा

[१] T.W. Rhys Davids, "Hibbert Lectures", p.215



Downloaded from http://dhamma.digital

पनि बढी आत्मीयताका साथ सम्बन्ध जोडिरहेकोले कारणकार्यको हिसाबले परस्पर अलग्गिन सक्दैन । एक व्यक्तिले गरेको कर्मले समय प्रदेशलाई अतिक्रमणगरी अर्को एकजना व्यक्तिको लागि राम्रो नराम्रो प्रतिफल सृजना गर्नसक्छ । पहिले धेरै वर्ष अघिको अनोरथ राजाले बुद्धशासनलाई स्याहार सम्हार गरेको कारणले वा उनले गरेरगएको कर्मको कारणले वर्तमानयुगका बर्मेलीहरू बुद्धशासनिक व्यक्तिहरूभएर रहेकाछन् । मानौं कि म्यान्मा: राष्ट्रमा एकजना मानिस कारले किचेर मर्छ । त्यो व्यक्तिको मृत्युमा उसको आफ्नो कर्मबाहेक कार ड्राइभरदेखि लिएर अमेरिकामारहेको कार उत्पादनगर्ने कम्पनीका कामदारहरूसम्म धेरै मानिसहरूको कर्महरूले पनि सघाउ पुऱ्याइरहेको तथ्यलाई मनन गर्नुपर्दछ ।

केही विदेशी प्राज्ञहरूको दृष्टिअनुसार यसरी मानिसहरू एकअर्कोसित कारणकार्यको रूपमा सम्बन्धित भई एकजना मानिसको भवपरिस्थिति आफ्नो क्रियाकलाप र अन्य धेरै मानिसहरूको क्रियाकलापमाथि निर्भररहनु नै बुद्धको कर्मवाद हो । भारतीय एकजना प्राज्ञको मतअनुसार कर्मवादलाई मानिसहरूले नबुझ्नु राम्रो नराम्रो प्रतिफल भोग्नुसित सम्बन्धजोडी सिद्धान्त मिथ्या भइरहेको कारणले हो । "मनुष्यप्राणी एक्लै मात्र थिङ्ग उभिरहनसक्ने होइन । एकजना मानिसको भवको स्थिति वरिपरिका अन्य मानिसहरूको भव स्थितिसित सम्बन्धित छ । एउटा कर्मको उत्पत्ति-कारण-धर्म त्यस कर्मको निमित्त अभिभारारहनु र फल अवतरणहुनु एक्लै मानिससँग मात्र सम्बन्धितहुने होइन । हामीले अन्य मानिसहरूको राम्रो नराम्रो



Downloaded from http://dhamma.digital

अंश पाएर हामीहरूको कर्महरू, तिनीहरूका प्रतिफल धर्महरू, अन्य व्यक्तिहरूको कर्महरू, प्रतिफलधर्महरूसँग सम्मिश्रणभई अन्य व्यक्तिहरूको निमित्त हाम्रो राम्रो नराम्रो अंश दिइराखेको हुन्छ।[१] "सम्पूर्ण सत्त्वलोकको अंगप्रत्यङ्गको रूपमा मनुष्यप्राणीहरू सम्मिश्रण भइरहेको आकारप्रकारलाई यदि जानिँदैन, देखिँदैन भने कर्मवादको गम्भीर व्यापक अर्थ अभिप्रायलाई जान्न, देख्न र बुझ्न सकिँदैन।"[२]

डा. रीस् डेविड्स्ले पनि कर्मवादको सम्बन्धमा निम्नानुसार लेख्नुभएको छ[३] :-

"कर्मवादको मूल प्राथमिक स्वभावधर्म अति नै यथार्थभएको तथ्यलाई हामीले स्वीकार्नुपर्दछ। एउटा मनुष्यप्राणीको भव उत्पत्तिक्रम ऊ जन्मेको अवस्थादेखि शुरूभएको होइन। उसले अथाह संसारमा लामो कालपरिच्छेद संसरणगरेर आएको हुनुपर्दछ। ऊ. आफ्नो वरिपरिको लोकसित अलग्गभएर एक घण्टासम्म पनि एक्लै थिंग उभिन सक्दैन। मानिसलाई त त्यसै छोडौं; अति नै सानो शीत (Dew) एक थोपाले पनि लोकधातु चक्रवालको असर खप्नुपर्दछ। त्यो Oak tree (वञ्जु) वृक्ष नभएर शीतको थोपा भइरहनु अन्य शीतसँग एकसमान नहुनुमा अथाह भवसंसारमा घटित कर्महरूको कारणले हो। त्यसको भवउत्पत्तिक्रमको शुरूवातलाई हामीले नियमितगर्न सक्दैनौं।"

---

१ P.D. Mehta, "Early Indian Religious Thought", p.394
२ Narasu, "Essence of Buddhism"' pp. 231, 238
३ T.W. Rhys Davids, "The History and Literature of Buddhism ", pp. 88-9



Downloaded from http://dhamma.digital

बुद्धवादीहरू एकजना मानिसले गरेको कर्मले वर्तमानभवमा वा अर्को भवमा प्रतिफल दिन्छ भनी विश्वास गर्दछन् । अर्को भवमा प्रतिफल दिनुलाई अन्य धर्मावलम्बीले संशय गरेतापनि एकजना मानिसले गरेको कर्मले आफूलाई र अन्य मानिसहरूलाई वा पछिका मानिसहरूलाई एक न एक तरीकाले प्रभाव पार्नुलाई त कसैले पनि नकार्नसक्तैन। यो तथ्य बुद्धको कर्मवादमा समावेश भएको छ भनी डा. रीस् डेविड्स् आदि केही पश्चिमेली प्राज्ञहरू भन्दछन् । यस तथ्यलाई पालिपिटकमा स्पष्टतः उल्लेख नगरिराखेको सही हो । तैपनि, यदि बुद्धले यो तथ्य सम्बन्धमा विशेष उपदेशदिएर नजानुभएको खण्डमा, सबैजसो मानिसले जानी बुझिसकेको भएको कारणले मात्र उपदेशदिएर नजानुभएको हुनसक्छ । वास्तवमा भन्ने हो भने यो तथ्य कारणकार्य सम्बन्ध जोडिरहनुलाई र फलधर्महरू मध्येमा सान्दृष्टिक प्रत्यक्षफलदिनुलाई गहनरूपमा उपदेशदिएर जानुभएको बुद्धवादसँग निक्कै नै मेलखाएको पाइन्छ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# खण्ड २

## शीलाचरण

बुद्धवादमा अन्य पुराना भारतीय धार्मिकवादहरूसँग असमानभई भिन्न तथ्यहरू धेरै भएको मध्ये विशिष्ट एउटा तथ्य त बुद्धवादले शीलाचरणलाई ती धार्मिक वादहरूले भन्दा बढी गम्भीररूपमा उल्लेखगर्नु र निर्देशितगर्नु हो र बुद्धवादमा शीला-चरण अन्य भारतीय वादहरूमा भन्दा बढी व्यापक र गहिरोहुनु हो। ब्राह्मण उपनिषद् आदि पुराना भारतीय धार्मिकग्रन्थहरूले पालिपिटकले जस्तो शीलाचरण विषयलाई बढाई-चढाई पूर्णत: गम्भीररूपमा उल्लेखगरेको पाइँदैन।

मिसेज् रीस् डेविड्स्को मतअनुसार उपनिषद् ग्रन्थहरूमा शील-धर्म विषयलाई अलिकति मात्र उल्लेख गरिराख्नु उपनिषद् आचार्यहरूले तपाचरण उद्योगगर्नुद्वारा सही धर्मलाई जान्नुदेख्नु जति महत्व छैन भनी धारणा राखेकोले हो। ती आचार्यहरूको मतअनुसार आत्मा मूलप्रकृति देखिनै शुद्ध, निर्मल, उत्तम, पवित्र अवस्थामा रहिसकेको छ। त्यो स्थावर, दृढ, स्थिर भइसकेकोले शीलाचरणद्वारा पूर्णगर्नु आवश्यक छैन; मानिसले आफ्नो सही अवस्थालाई प्रज्ञाज्ञानद्वारा प्रतिवेधगरी जाने देखेको खण्डमा संसार चक्र दु:खबाट मुक्त हुनेहुन्छ। बुद्धवादले त्यस उपनिषद् ग्रन्थमा आएको स्थावर असंस्कृत आत्मा जस्तोलाई बिल्कुल अस्वीकार गरी मानिसले आफ्नो चित्तलाई शुद्ध स्वच्छपार्ने आचरण, सद्अभ्यास र उद्योग गर्नुपर्छ भनी उपदेशदिन्छ। तसर्थ बुद्धवादमा शीला-चरण अन्य भारतीय वादहरू भन्दा बढी व्यापक र गहिरो भएको हो भनी मिसेज् रीस् डेविड्स्ले भनेको हो।



Downloaded from http://dhamma.digital

त्यसो भएतापनि शीलधर्म बुद्धवादको प्रमुखधर्म होइन। केही पश्चिमेलीले बुद्धवादले स्थावर ईश्वरलाई आत्मा, विज्ञान आदिहरूलाई तिरस्कारगर्ने भएकोले आचरण दर्शन मात्र हो भन्ने धारणा राख्दछन्। यो सिद्धान्त पिटकमा रहेको बुद्धको कथनसँग मिल्दैन। कोशल राजाले श्रावस्ती शहरदेखि साकेत नगरतिर जाँदा सातवटा रथ एक एकगरी चढेर जानुपर्ने जस्तै, बुद्धवादले सातवटा विशुद्धि-धर्म परिपूर्णहुन एक एकगरी आचरण, अभ्यास र उद्योग गर्नुपर्ने भएकोले शील परिशुद्धहुनु चित्त परिशुद्धहुनको निमित्त सहयोगी मात्र हो। (मज्झिमनिकाय रथविनीत-सुत्त)। नदीलाई फेरि(Ferry)द्वारा तरेरजाने व्यक्ति पारि पुग्नेबेलामा फेरिलाई त्यागेर जानेजस्तै बुद्धवादीले शील, शमथ, विपश्यनाधर्महरूमा भएपनि छन्दरागलाई त्याग्नुपर्दछ। (मज्झिमनिकाय अलगद्दुपम सुत्त)। "भिक्षुहरू, पृथग्जनले बुद्धको गुणलाई वर्णन गरेमा अलिकति मात्र भएको निम्नकोटीको शीलमात्रलाई वर्णनगर्न सक्नेछ। शीलबाट अन्य गम्भीर, दुर्दर्शनीय, प्रणीत, अतर्कावचर, निपुण, प्रज्ञावान्‌हरूले मात्र जान्नसक्ने धर्महरू छन्। बुद्धको सही गुणलाई यथार्थरूपमा वर्णनगर्न चाहेमा ती धर्महरूद्वारा वर्णन गर्नुपर्दछ। (दीघनिकाय ब्रह्मजाल सुत्त)

यसरी शीलधर्म बुद्ध-पद्धतिमा प्रमुखधर्म नभएतापनि त्यसलाई तुच्छ र सानो सम्झनुहुँदैन। चोर डाँका भएतापनि बुद्धसँग भेटी मुक्तिधर्म लाभगरेको अंगुलिमालजस्तो व्यक्ति र आमाबाबुको धनसम्पत्ति बेफ्वाँकमा उडाई जथाभावी जीवन बिताउँदै गर्दा बिरामीभई स्मृति संवेग लाभगरी सत्पुरुष बनेका यूरोप महादेशका शैन्त फ्रान्सेस (St. Francis), जस्ता ऐतिहासिक



Downloaded from http://dhamma.digital

व्यक्तिहरू त लोकमा विरलै पाइन्छन्। बुद्धको आचरण पद्धतिमा साधारण पृथग्जनले शीलधर्मलाई वास्ता नराखी समाधि र प्रज्ञा क्षेत्रलाई लक्ष्यबनाउन सक्तैन। "भिक्षुहरू, महासमुद्र क्रमैसित गहिरो हुन्छ। त्यो शुरूमा काटेको घाट भएर गहिरो परेजस्तो हुँदैन। त्यस्तै नै यो बुद्धशासनमा विस्तारविस्तारै क्रमैसित आचरण गर्नुपर्ने तीन शिक्षा, सातविशुद्धि बोधिपक्षीयधर्महरू छन्। शुरूमा मात्र अरहत्तफललाई प्रतिवेधगरी जान्न हुँदैन।" (अंगुत्तरनिकाय अट्ठकनिपात महाराध-सुत्त)

बुद्धदेशित शीलधर्मलाई जरैदेखि जान्न चाहेमा पालिपिटकलाई आद्योपान्त र सुनिश्चितरूपमा अध्ययन गर्नुपर्दछ। पञ्चशीललाई जान्नुमात्रले बुद्धदेशित आचरण र शीलको गम्भीर र व्यापक प्रक्रियालाई जान्न सकिँदैन। वास्तवमा भन्ने हो भने बर्मेली बुद्धवादीहरूले बुझेको पञ्चशीललाई समेत सुनिश्चितरूपमा फेरि केलाएरहेर्नु आवश्यकपर्छ।

पञ्चशील भित्र पहिलो र दोश्रो शिक्षापदहरूको विषयमा विशेष भन्नु केही छैन। तेश्रो शिक्षापदमा अरूको चेलीबेटीमाथि दुराचरण नगर्नु भनेर भाषान्तरणगर्नु कामक्षेत्रमा गलतकर्मलाई वर्जितगर्नु भनी सोझै अर्थनिस्कँदा सो शिक्षापदको अभिप्राय अतिसाँघुरो हुनजान्छ। मिथ्याकामक्रियाहरू जाति विभेदको हिसाबले धेरै छन्। "जुन व्यक्तिले कामगुणहरूमा मिथ्यारूपले पछि लागि आमाबाबु, दाजुभाई, दिदीबहिनी तथा बन्धुबान्धवहरूद्वारा आरक्षित स्त्रीहरूप्रति व्यभिचार गर्छ, त्यस्तो व्यक्तिको निमित्त अकुशलधर्महरू वृद्धि हुन्छन्।"(मज्झिमनिकाय सेवितब्बासेवितब्ब-सुत्त)। बुद्धवादमा गृहस्थीहरूको कामाचरण(कामगुण सेवन) दोष



Downloaded from http://dhamma.digital

होइन, कामाचरण गरेतापनि शील परिशुद्धभएको व्यक्तिलाई शक्र देवेन्द्रले समेत वन्दना गर्नुपर्दछ भनी बुद्धले उपदेश गर्नुभएको कुरा उल्लेख गरिसकेको छु । (चाप ८५) तैपनि बुद्धवादको मतअनुसार कामगुण सेवनगर्नु कामाचरण परिधि अतिक्रमण नगर्नु र लोकपाल धर्महरूविरुद्ध नहुनु अत्यावश्यक छ ।

मृषावादकर्मलाई वर्जितगर्नु पञ्चशीलमा चौथो शिक्षापद भएतापनि अत्याधिक महत्वपूर्ण छ । "राहुल, झूठो बोल्नुमा लाजनमान्ने भिक्षुको निमित्त गर्ननहुने कुनै पनि अकुशलकर्म हुँदैन" भनी बुद्धले भन्नुभयो । (मज्झिमनिकाय चूलराहुलोवाद सुत्त) । बुद्धवाद सहीधर्ममा आधारितभएको वादभएको कारणले, सहीधर्मलाई गौरव नगर्नु वा मृषावाद बोल्नु बुद्धवादसित बिल्कुल तादात्म्य राख्दैन ।

मादकपदार्थ, जाँड र रक्सी वर्जितगर्नुलाई पञ्चशीलमा समावेश गरिराखेतापनि आचरण र शीलसित सम्बन्धराखी बुद्धले उपदेश दिनुभएको धेरै सुत्तन्त देशनाहरूमा खासै उल्लेख गरि– राखेको छैन ।[1] त्यसैले बुद्धको दृष्टिअनुसार रक्सी खानु अन्य दुश्चरित्रहरू जति दोषयुक्त छैन भनी सम्झनुपर्ने जस्तो देखिन्छ । कसैकसैले जाँडरक्सी खाई मात्तिएर अनैतिक र आपराधिककार्य गर्नेगरेका अवश्य छन्, तैपनि स्मृतिद्वारा निरीक्षणगरी उचित मात्रामा सेवनगरेमा रक्सीको कारणले मनुष्यको आचरण र

---

[1] उदाहरणको रूपमा – शीलाचरणसित सम्बन्धराखी बुद्धले उपदेश दिनुभएको मज्झिमनिकाय पोलियसुत्त, सालेय्यक सुत्त, सल्लेखसुत्त आदिमा सुरामेरय शिक्षापद देखापर्दैन । दशदुश्चरित्रमा पनि समावेश गरिएको छैन ।



Downloaded from http://dhamma.digital

चरित्र नष्ट हुनसक्दैन । बुद्धवादमा अप्पमादधर्म(बेहोशी नहुनु) अति नै महत्वपूर्ण भएकोले प्रायशः त्यस धर्मलाई बिघ्नबाधा दिनसक्ने जाँडरक्सी खानु पूर्णरूपेण वर्जित गर्नसकेमा सबभन्दा राम्रो हो । वस्तुतः स्मृति हातबाट गुमाई कुशलधर्म वृद्धि र अभ्यासकार्यको अन्तराय हुनेसम्मगरी कुनै चीजको सीमा उल्लंघनगरी सेवनगर्नु बुद्धको मार्गपद्धतिसँग प्रतिकूल छ । रक्सीनै नखाए पनि चूरोटखानु, पानखानु, कफी वा चियाखानु आदि एक न एक लत लागेको व्यक्तिले बुद्धको मार्गपद्धतिअनुसार सफलतापूर्वक उद्योग, अभ्यास र आचरण गर्नसक्नेछैन ।

शीलाचरणसम्बन्धी धेरै सुत्तन्त देशनाहरूमा रक्सीखानुको सट्टा अन्य दुश्चरित्रहरूलाई उल्लेख गरिराखेको छ । ती दुश्च-रित्रकर्महरू प्रायशः वचीकर्मसम्बन्धी दुश्चरित्रहरू हुन् । वास्तवमा भन्ने हो भने, बुद्धले उपदेश दिनुभएअनुसार मानिसहरूले वर्जित गर्नुपर्ने दुश्चरित्रकर्महरूमध्ये वचीकर्मका दुश्चरित्रहरू सबभन्दा बढी छन् ।

उदाहरणार्थ "कलह विग्रह भन्ने धर्मलाई नहटाउने व्यक्तिले निर्वाण साक्षात्कारगर्न पाउँदैन ।"(मज्झिमनिकाय किन्तिसुत्त) । "निकृष्ट र कडा भई अरूलाई आघात पुऱ्याउने अंकुशे कुरा, रित्तिएको सारहीन फजुल कुरा, समयानुकूल नभएको कुरा, निरर्थक कुरा, न्यायानुकूल नभएको कुरा, अनुशासनविहीन कुरा, कारण, निदान, अन्त नभएको कुरा यस्तो कुरागर्ने स्वभावभएको व्यक्तिमा अकुशलधर्महरू वृद्धि हुन्छन् ।"(मज्झिमनिकाय सेवितब्बासेवितब्ब सुत्त) । "सत्पुरुषले चुगली कुरागर्ने वर्जितगर्छ । मानिसहरूमा बेमेल उत्पन्नगराउने कुरागर्नेबानी राख्नुहुँदैन ।"



Downloaded from http://dhamma.digital

(अंगुत्तरनिकाय दसनिपात कम्मपथ सुत्त) । "गोप्य राख्नुपर्ने कुरा, अरूले नरुचाउने कुरा, अनुचित कुराहरू सही भए तापनि अर्थहितसँग सम्बन्धित छैन भने मानिसहरूलाई भन्नहुँदैन । अर्थयुक्त कुरा भएतापनि समय र परिस्थिति हेरी भन्नुपर्दछ । त्यस्ता कुरा भन्ने बेलामा पनि हतारोमानी भन्नुहुँदैन । विस्तार विस्तारै भन्नुपर्दछ ।"(मज्झिमनिकाय अरणविभङ्ग सुत्त)

पञ्चशीलसहित उपर्युक्त बुद्धको कथनहरूले मानिसहरूले त्यागगर्नुपर्ने दुश्चरित्रका कर्महरूलाई दर्शाइरहेको छ । तिनीहरूलाई मात्र जानेर पालिपिटक पर्याप्तरूपमा अध्ययन गरिनसकेका कोही पश्चिमेलीहरूले बुद्धवादको शीलाचरण वारित्रशील मात्र हो भनी भन्ने र लेख्ने गर्दछन् । यो कुरा बिल्कुल असत्य छ । अकुशलकर्मबाट रहितहुनु, कुशलकर्म गर्नु , चित्तलाई विशुद्धपार्नु, बुद्धको अनुशासन हो भन्ने धम्मपदपालिमा आएको कथनद्वारा र उत्पन्न नभइसकेको कुशलधर्मलाई उत्पन्न हुनेगरी उद्योग र अभ्यासगर्नु, उत्पन्न भइसकेको कुशलधर्मलाई अभिवृद्धि हुनेगरी उद्योग र अभ्यासगर्नु भन्ने सम्यक्प्रधान दुईद्वारा बुद्धवादले आचरणगर्नु(चारित्रशील)लाई प्रोत्साहितगर्ने कुरा स्पष्ट छ ।

सही हो; बुद्धको शीलधर्ममध्ये पञ्चशील प्रमुख र प्रधान शील हो । क्राइष्टको दशवटा आदेशहरू (Ten commandments) र विश्वका अन्यधर्मावलम्बीहरूको शीलधर्म पनि प्राथमिकताको हिसाबले पञ्चशील जस्तै वारित्रशील हो । त्यो वारित्रशील मनुष्यलोकको निमित्त नभई नहुने प्राथमिक लोकपाल धर्म भएकोले धार्मिक नेताहरूले सर्वप्रथम उपदेशगरेर आएकाहुन्; तापनि मानिसले दुश्चरित्रकर्महरूलाई त्याग्नुमात्रले पुग्दैन;



Downloaded from http://dhamma.digital

सच्चरित्रका कर्महरू पनि पालनगरेमा मात्र विकास हुनेहुन्छ। "महाराज, भगवान् बुद्धले सम्पूर्ण अकुशलकुराहरू हटाउनुलाई र कुशलधर्मले सम्पन्नहुनुलाई प्रशंसा गर्नुहुन्छ।" (मज्झिमनिकाय बाहितिक सुत्त)। "भिक्षुहरू, म तथागतले कुशलधर्महरूमा स्थिर भएर रहनुलाई प्रशंसागर्दछु।"(अंगुत्तरनिकाय दसकनिपात ठितिसुत्त) भन्ने यी कथनहरूद्वारा बुद्धले शीलाचरणमा प्रोत्साहन गर्नुभएको कुरा स्पष्ट छ।

बुद्धले दुश्चरित्रलाई वर्जितगर्नु मात्रलाई जोडदिनु भएको छैन। एकसमयमा बुद्धले उत्तर मानवकसँग पारासरिय ब्राह्मणले कसरी शिष्यहरूलाई इन्द्रिय वृद्धिगर्न उपदेश दिन्छ नि भनी सोध्नुभएछ। "आयुष्मान् गौतम, पारासरिय ब्राह्मणले लोकमा आँखाले रूपालम्बनलाई हेर्नुहुँदैन; कानले शब्दालम्बनलाई सुन्नुहुँदैन भनी शिष्यहरूलाई उपदेश दिन्छ" भनी निवेदनगर्दा बुद्धले "हे उत्तर मानवक, अन्धोले आँखाद्वारा रूपालम्बनलाई देख्दैन; बहिरोले कानद्वारा शब्दालम्बनलाई सुन्दैन; त्यसकारण तिनीहरूमा वृद्धि गरिसकेको इन्द्रिय हुनसक्ला र ?" भनी भन्नुभयो। (मज्झिमनिकाय इन्द्रियभावना सुत्त)

पञ्चकङ्ग स्थापित आचार्यलाई बुद्धले भन्नुभएको कथन पनि सम्झनु योग्यछ। स्थापित आचार्यले सत्पुरुष भन्नेले अकुशल कायकर्म, वचीकर्म र मनोकर्म तथा मिथ्याआजीविकालाई वर्जित गर्नुपर्ने कुरा एकजना परिब्राजकले भनेको भनी बुद्धलाई निवेदन गर्‍यो। त्योबेला बुद्धले "त्यसो भएमा; केही पनि गर्न नजान्ने भन्न नजान्ने चिन्तनगर्न नजान्ने उत्तानोपरी सुतिरहने दूधचुसे बालकले कुशलधर्मको वृद्धि गरिरहेको छ भनी भन्नुपर्ने भयो



Downloaded from http://dhamma.digital

त ? मैले त त्यस्तो दूधचुसे बालकसमानभएको अकुशलकर्मबाट अलग्गभएको व्यक्तिलाई उत्तम, परिपूर्ण, कुशलकार्यरहित भएको व्यक्ति भनी प्रज्ञप्तगर्दछु। हे स्थापित, अकुशल र कुशल भन्ने जान्नुपर्दछ। अकुशलशील दोष, मोह र रागको कारणले हुन्छ। कुशलशीलको हिसाबले निरवशेषरूपमा निरोध हुन्छ। अनुत्पन्न कुशलधर्मलाई उत्पन्नगराई उत्पन्न कुशलधर्मलाई स्थिरगराउन वृद्धिगराउन र विपुलतामा पुऱ्याउन छन्द उत्पत्ति गराउनुपर्छ। उद्योग एवं अभ्यास गर्नुपर्छ। चित्तलाई उत्साहितपारी समादान गर्नुपर्छ" भनी उपदेश गर्नुभयो। (मज्झिमनिकाय समणमुण्डिकासुत्त)

अवश्य हो; उपमा - यदि एउटा मानिस समुद्रको माझमा निर्जन द्वीपमा गई एक्लै बस्नजान्छ भने त्यो व्यक्ति दुश्चरित्र अपराधहरूबाट अलग्गहुने भएतापनि शीलाचरणले श्रेष्ठोत्तम भएको व्यक्ति नै हो भनेर भन्नसकिन्न। केही बुद्धवादीहरू त्यो व्यक्तिजस्तो मनुष्य लोकसित सम्पर्क तोड्न नसक्ने भएतापनि दुश्चरित्र कर्महरूदेखि डराउँछन्। तिनीहरूलाई वर्जित गर्नुमात्र–द्वारा शीलाचरणले सम्पन्नहुनेछ भनी सम्झिरहन्छन्। त्यसकारण दुश्चरित्रकर्महरू नगर्ने लौकिक र सामाजिक कृत्यहरूलाई सकभर वर्जित गरिरहन्छन्। केही पश्चिमेलीहरूले पनि बुद्धवादले मानिसहरूलाई समुदयतृष्णा हटाउन उपदेश दिएको कारणले सामाजिक कृत्यहरू, मानवीय कर्तव्य कर्महरूबाट विमुखहुन प्रोत्साहनपार्ने वाद हो भनी भन्दछन्। ती बुद्धवादीहरू र ती पश्चिमेलीहरूको सिद्धान्त आधारहीन छ। बुद्धले सिङ्गालोवाद सुत्तमा धेरै गृहस्थहरूको आचरणव्रतहरूका सम्बन्धमा उपदेशगर्नु



Downloaded from http://dhamma.digital

भएको छ । बुद्धवादीले बिघ्नबाधा र कठिनाईहरूलाई सामना गरी मानवीय कर्तव्यधर्महरूलाई वहनगर्दै आफ्नो आचरणधर्म राम्रो र अभिवृद्धिगर्ने हेतुले प्रयत्नपूर्वक कामगर्दै जानुपर्दछ ।

वास्तवमा भन्ने हो भने कुनै एक व्यक्तिले मन खुसुक्क परेको बेलामा अथवा दुःखखप्नुपर्ने बेलामा मात्र उसको शीला–चरणको श्रेणीलाई हामीले अनुमान गर्नसक्दछौं । यो क्षेत्रमा बुद्धको एउटा उपदेशलाई स्मृतिमा राख्नुपर्दछ ।

"भिक्षुहरू, परापूर्वकालमा वेदेही गृहपतिनीका काली नामकी दासी थिइन् । वेदेही गृहपतिनी धार्मिक छे, सहनशील छे भनी प्रख्यात थिइन् । काली दासीले मेरी मालिकनी साँच्चै राम्री स्वभावकी छिन्, वा म आफै कर्तव्य परायणी भएकीले राम्री स्वभावकी भएकी होलिन् भनी जान्न चाहेकीले परीक्षागर्न एकदिन अबेर गरी ओछ्यानबाट उठिन् । त्यसबेला गृहपतिनीले भृकुटी टन्काएर हेरिन् । अर्को दिन अबेरगरी उठेर आउँदा दासीलाई गालीगरिन् । तेश्रो दिन पिट्नलागिन् । त्यसबेला मानिसहरूले गृहपतिनीमा शीलअभाव भएको भाव जानेछन् ।" "भिक्षुहरू, अरूले कडाइका साथ आरोप लगाए तापनि प्रकम्पित नहुने व्यक्तिमात्र निराभीमानी सहनशील भनी जान्नुपर्दछ । चतुप्रत्ययको कारणले अनुशासनगर्न सजिलो भिक्षुलाई सुवच भिक्षु भनी म भन्दिन; कारण त्यो भिक्षु चतुप्रत्यय लाभ नभएमा अनुशासनगर्न सजिलो हुनेछैन ।"(मज्झिमनिकाय ककचुपम सुत्त)

बुद्धवादको मतअनुसार मानिसले शीलाचरण वृद्धिगर्न आफ्नो चित्तलाई नियन्त्रण र संयमगरी चार सम्यक्प्रधानधर्मलाई



Downloaded from http://dhamma.digital

भाविता, उद्योग र अभ्यास गर्नुपर्दछ । चित्तलाई संयम र नियन्त्रणगर्नु नभइकन दुश्चरित्रकर्मलाई वर्जितगर्नु मात्रले खुशी र सन्तोषी भइरहेमा त्यो व्यक्ति बुद्धोपदेशअनुसार लाटो, अन्धो र दूधेबालक भन्दा फरक पर्नेछैन । उपमाको लागि हामीले बिल्कुल नबोलीकन चूपलागेर बसेमा वचीकर्म दुश्चरित्र क्रियाहरूलाई वर्जितगर्न सक्छौं । बुद्धले अकुशलधर्म वृद्धिगराउने कुरा नबोलीकन चूपलागेर बस्नुलाई प्रशंसा गर्नुहुन्छ । तर कुशलधर्म वृद्धिहुने कुरामा चूपलागेर बस्नुलाई प्रशंसा नगरी निन्दा र भर्त्सना गर्नुभएको छ ।

एकसमय एकैसाथ बस्ने, एकैसाथ खाने साथीभएका धेरै भिक्षुहरू कोशल राज्यको एउटा विहारमा बर्षावास बसे । ती भिक्षुहरू झैंझगडा नगरी मिलिजुली सुखानन्दपूर्वक बस्नको लागि परस्पर पटक्कै कुरा नगरी आ-आफूले अलग्ग अलग्ग गर्नुपर्ने कृत्यहरू गर्दै वर्षायाम तीन महिना मौनपूर्वक बिताए । वर्षावास सकिएपछि बुद्धकहाँ पुगी दर्शनगरे । बुद्धले, "तिमीहरू सुखपूर्वक बसोबास गरेर आयौ कि ?" भनेर सोध्नुहुँदा "वर्षायाममा तीनै महिना परस्पर कुराकानी नगरी सुखपूर्वक बसोबास गर्‍यौं" भनी निवेदन गरे । त्यसबेला बुद्धले, "तिमीहरू गाई, गोरु, भेँडा, बाखाहरू जस्तै र शत्रुहरू जस्तै बसोबास गरेर सुखपूर्वक बसोबास गर्‍यौं भन्छौ । किन तिमीहरू तीर्थंकरहरूले समादानगर्ने; लाटोजस्तो कुरा नगर्ने आचरणलाई समादान गर्‍यौं भन्छौ" भनी निन्दागरी कुरा नगर्ने आचरणलाई समादान गर्नुहुँदैन, समादानगर्ने भिक्षुको निमित्त दुष्कृत्य आपत्ति लागोस् भनी प्रज्ञप्त गर्नुभयो । (विनयपिटक महावग्ग पवारणाक्खन्धक)



Downloaded from http://dhamma.digital

यसरी मानिसहरूलाई दुश्चरित्र रहितभई सन्तोष मानेर नबसी कुशलधर्म अभिवृद्धिगर्न उद्योग र अभ्यासगर्न उपदेश गर्नुहुने बुद्धकथनहरू पिटकमा यत्रतत्र पाइन्छ। त्यसो भएतापनि आज म्यान्मा: (बर्मेली) बुद्धवादीहरूको शील प्रायश: दुश्चरित्र वर्जितगर्नुमात्र भइरहेको तथ्य हामीले स्वीकार्नुपर्नेछ। उनीहरूले अरूको प्राण हननगर्न वर्जितगर्दछन्। मानिसहरूको प्राण रक्षागर्ने अस्पतालहरूलाई निर्धक्क र खुल्ला हृदयले पुञ्जी प्रदान गर्दैनन्। तिरश्चीन पशुहरूलाई मार्ने, काट्ने र शास्तीगर्ने नगरेतापनि तिरश्चीन यातना रोकथाम संस्थालाई भने उत्साहित पार्दैनन्। अरूको सम्पत्ति नचोरेतापनि राष्ट्रिय सरकार र जनताका सम्पत्तिहरूलाई गौरवपूर्वक संरक्षणगर्ने बानी उनीहरूमा छैन। झूठमूठको कुरा नगरी त्यसलाई वर्जित गरेतापनि धेरैजनालाई हितहुने, सहीकुरालाई मानिसहरूले चाहे रुचावस् वा नरुचावस्, खुलस्तरूपमा बोल्न र भन्न साहसिलो मनोवृत्ति र धातुशक्ति छैन।

विकसित मनुष्यलोकमा मानवीय व्रताचरणहरू युग र प्रदेशअनुसार विकास र परिवर्तन हुनुपर्दछ। यदि गौतम बुद्ध, क्राइष्ट आदि महान् धार्मिक नेताहरूले युग र प्रदेश जम्मैसित अनुकूलहुने मानवीय व्रताचरणहरूलाई परिपूर्णरूपमा सबै उपदेशगरेर जानुपर्ने हो भने त्यसको अन्त हुँदैन। त्यस्तो भएर ती महान् नेताहरूले मानवीय व्रताचरणसम्बन्धी पृष्ठभूमि र मूलप्रधान विषयहरूलाई मात्र उपदेश गरेका हुन्। हामीले ती प्राथमिक विषयहरूलाई सदैव स्मृति राखी युग र प्रदेशलाई हेरेर आफ्नो व्यावहारिक आचरणधर्म राम्रो र अभिवृद्धिगर्न उद्योगसहित



Downloaded from http://dhamma.digital

अभ्यास गर्नुपर्नेछ । त्यसरी व्यावहारिक आचरणधर्म राम्रो र अभिवृद्धि गर्नकोलागि प्रज्ञाज्ञान् अत्यन्त आवश्यक पर्दछ ।

म्यान्मा: बुद्धवादीहरूले प्रायश: यस तथ्यमा ध्यान पुऱ्याउन सकेका छैनन् । शीलाचरणको निमित्त चेतना नै महत्वपूर्ण रहेकोहुन्छ । यसलाई मुख्य र प्रधान हो भनी सम्झने गरेका छन् । तर, लोकमा दुश्चरित्रकर्महरू शुद्ध र पवित्र चेतनाहरूको कारणले पनि उत्पन्न हुनसक्छ । बुद्धको पालामा रोहिणी नामकी दासीले आमाको निधारमा बसी टोकिरहेको लामखुट्टेलाई मुसलले हिर्काउँदा आमाको निधार फुट्न गई आमाको मृत्यु हुनगयो । पूर्वकालमा श्यान् प्रदेशमा एकजना शोभ्वा: (राजा) मरेमा अर्को भवमा उसलाई परिवार लाभगराउन चाहने चेतनाद्वारा जीवित परिवारहरूले दासदासीहरूलाई मारेर उनीसँगै गाड्ने गर्दथे । हिटलरले जर्मनहरूलाई समृद्ध पार्नचाहेको चेतनाद्वारा दोश्रो विश्वयुद्ध रचना गरे । अमेरिकीहरूले दोश्रो विश्वयुद्ध चाँडोभन्दा चाँडो अन्तगर्न चाहेको चेतनाद्वारा हीरोसीमा माथि आणविक बम खसाली थुप्रै निर्दोष मानिसहरूलाई मारी ध्वष्टपारिदिए । यसरी राम्रो चेतनाद्वारा मानिसहरूले धर्म गरेरगएका दुश्चरित्रकर्महरूको साधकनमूनाहरू मानिसको इतिहासक्रममा धेरै भएकाले "नरकमा जाने बाटो राम्रो चेतनाहरूद्वारा बनाइराखेको छ"[१] भन्ने अंग्रेजी कथनसमेत रहिआएको छ ।

हामीमा राम्रो चेतना हुनुमात्रले पुग्दैन; प्रज्ञावान् पनि भएमा मात्र सही धर्मानुकूल कार्यगर्न सकिने हुन्छ । बुद्धवादअनुसार व्यावहारिक आचरणधर्मको निमित्त प्रज्ञाज्ञान चेतना जत्तिक्कै

[१] "The road to hell is paved with good intentions" Williams Games



Downloaded from http://dhamma.digital

महत्वपूर्ण छ । बुद्धले उपर्युक्त रोहिणी दासीको कुरा सुन्नुभएको बेलामा "प्रज्ञाज्ञान भएको व्यक्ति भएमा शत्रुनै भएपनि ठीकै हुन्छ । प्रज्ञाहीन मूर्ख त आफ्नो हितकामी छोरो भएपनि ठीक हुँदैन ।" भनी भन्नुभयो । "भिक्षुहरू, अविद्या अकुशलधर्महरूको पूर्वगामी अगुवा हो । लज्जा नमान्नु, त्राश नलिनुले अविद्यातिर पछ्याइ–रहन्छ ।" (अंगुत्तरनिकाय दसकनिपात अविज्जापुब्बङ्गम सुत्त) । प्रतीत्यसमुत्पाद धर्मअनुसार कुरा नजान्नु मानिसहरूले संसारचक्रदुःख भोग्नपर्नुको मूलकारण हो । निर्वाणमार्ग भएको आठ मार्गाङ्गमा सही धारणा हुनु वा जान्नु पहिलो खुड्किलो भएको तथ्यलाई पनि स्मृतिमा राख्नुपर्दछ ।

पृथग्जन मनुष्यप्राणीहरूले हीन र निकृष्ट चित्तहरूलाई निरवशेषरूपमा हटाउनसक्ने हुँदैन । तैपनि सही तथ्यलाई जानिने र देखिने बेलामा असभ्य व्यवहार र आचरणहरूलाई त्यागिदिन्छन् । एकसमयमा केही स्त्रीजातिलाई बोक्सी भनी आरोप लगाई आगो बाली मारेर आउने यूरोपेलीहरूले अहिले बोक्सी धामीविद्यालाई विश्वास नगरी त्यस्तो कामगर्न छाडेका छन् । केही समयअगाडि स्त्रीहरूलाई अन्यायपूर्वक दमनगरेर आएका मानिसहरूले पुरुषहरूसरह अघि बढ्नसक्ने स्त्रीहरूको सामर्थ्य र शक्तिलाई जानेर र देखेर आएअनुसार स्त्रीहरूलाई स्वतन्त्रताको अवसर दिँदै आए । अघि अघिका पश्चिमेलीहरूले तिरश्चीन पशुहरूलाई यातना दिन्थे र सासना गर्थे । डार्विनको विकासवादी सिद्धान्त (Theory of Evolution) प्रादुर्भाव भएरआएको अवस्थामा सत्वलोकको उत्पत्ति विनाश भइरहेको प्रक्रियालाई जानेर र बुझेर आई तिरश्चीनहरूप्रति दयामायाराख्दै ल्याउनथाले ।



Downloaded from http://dhamma.digital

विश्व इतिहासभरी मानिसहरूले मूर्खता र दुष्टतापूर्ण कामगरेर आइराख्नु, अहिले पनि मिथ्यामार्गतिर अगाडि बढिरहनु मुख्यतः दुष्टचित्तहरू हावी भइरहेको कारणले नभई ज्ञानचक्षुलाई अविद्याले छोपिराखेको कारणले हो। उदाहरणको लागि एकराष्ट्र र अर्कोराष्ट्रबीच युद्ध भइरहनु, युद्धभएको खण्डमा पराजित हुने र विजयी हुने दुबै पक्षलाई अनर्थ हुन्छ भन्ने तथ्यलाई मानिसहरूले नजानेको नदेखेको कारणले हो। दक्षिणअफ्रिकामा श्वेतसरकारले अश्वेत मानिसहरूलाई दमन गरिराखेका थिए। त्यसरी दमन गरिराख्नु अश्वेतहरू स्वभावैले निकृष्ट छन् भन्ने मिथ्याधारणा पाल्नु आफूहरूको भन्दा पनि जनसंख्या बढी भएका अश्वेतहरूलाई धेरै समयसम्म दबाईराखेमा एक न एकदिन आफ्ना जातिलाई नै बेफाइदा हुनेछ भन्ने तथ्यलाई नजान्नु र नदेख्नुका कारणले हो।

तसर्थ विश्वका प्रज्ञाविद्‌हरूले शीलाचरणको क्षेत्रमा प्रज्ञाज्ञान्‌हुनु नितान्त आवश्यक छ भन्ने विषयलाई जोरदार रूपमा भन्ने र लेख्ने गरेका हुन्। ग्रीक प्रज्ञाविद् सुकरातको मतअनुसार प्रज्ञाज्ञान् भएको व्यक्ति स्वतः शीलाचरण परिशुद्ध भएको व्यक्ति हो। यहूदी दार्शनिक स्पेनोजाक्‌ले प्रज्ञाज्ञान व्यावहारिक आचरण धर्मको कृत्यमा मूलप्रधान विषय हो भनी भन्दछ। कन्फ्यूशियसको मतअनुसार प्रज्ञा शीलाचरणको प्राथमिक जग हो।

नजान्नुसित सम्बन्धराखी मिलिन्द-पञ्हो ग्रन्थमा आयुष्मान् नागसेनले भन्नुभएको कथन मनन योग्य छ। राजा मिलिन्दले, "भन्ते, दोषलाई जानेर अकुशलकर्म गर्ने व्यक्ति र दोषलाई नजानी अकुशलकर्म गर्ने व्यक्ति दुईजनामध्ये कसलाई बढी



Downloaded from http://dhamma.digital

अकुशल हुन्छ ?" भनी सोधे । आयुष्मान् नागसेनले "नजानी अकुशलकर्म गर्ने व्यक्तिलाई अकुशल बढी हुन्छ ।" भनी उत्तर दिए । राजा मिलिन्दले, "भन्ते, हामीले जानिकन अकुशलकर्म गर्नेलाई बढी दण्ड दिनेगर्छौं " भनी भने । त्यसबेला आयुष्मान् नागसेनले, "महाराज, तपाईं के विचार गर्छौं ? रातो हुनेगरी रापताप सहितको फलामको गोलोलाई एकजना मानिसले पोल्छ भनेर जानी समात्छ भनौं, अर्को एकजना मानिसले पोल्छ भनेर नजानी समात्छ भनौं, तब कसलाई तीब्ररूपले पोल्छ होला ?" भनी सोध्दा "भन्ते, पोल्छ भनेर नजानी समात्ने व्यक्तिलाई तीब्ररूपले पोल्ने छ" भनी भने । "महाराज, त्यस्तै दोषलाई दोष भनी नजानिकन अकुशलकर्मगर्ने व्यक्तिलाई अकुशल बढी हुन्छ" भनी आयुष्मान् नागसेनले बताउँदा राजा मिलिन्दले "भन्ते, योग्य र उचित छ" भनी स्वीकार गरे ।

राष्ट्रका सरकारहरूले नियम कानूनलाई उल्लंघनगर्ने व्यक्तिलाई नजानिकन उल्लंघन गरियो भनी भनेतापनि दोषबाट मुक्त गराइँदैनन् । कानून अतिक्रमणगर्ने व्यक्ति केही पनि नजान्ने अबोध शिशु अथवा पागल व्यक्ति भएमा दोषबाट मुक्त हुनसक्दछ । त्यस्तै नजान्नुको कारणले भूलगर्ने व्यक्तिलाई आलोचनागर्दा त्यस व्यक्तिको अवस्था, श्रेणीलाई विचार गर्नुपर्दछ । बुद्धको पालामा चक्खुपाल स्थविरले आँखाले नदेख्नाले आफू चंक्रमण गरिरहेको ठाउँमा कीटपतंगहरू भएको थाहा पाउनुभएन । तसर्थ यस्तो अवस्थामा कीटपतंगहरू मर्नगएकोमा स्थविरलाई दोष लाग्ने होइन, तैपनि यदि कुनै मानिसले घरमाथि बसी तल सडकमा धूलोफाल्नाले तल हिँडिरहेको कसैको टाउकोमा धूलोपर्न



Downloaded from http://dhamma.digital

गयो भने, नजानेर त्यसो हुनगयो भनी ढाकछोपद्वारा आफ्नो स्मृतिहीनता र मूर्खतालाई छोप्न सकिन्न ।

त्यसकारण बुद्धको मतअनुसार हरेक क्षेत्रमा स्मृतिप्रज्ञा–द्वारा निरीक्षणगरी कामगर्नु अत्यावश्यक छ। "हे, ब्राह्मण प्रज्ञालाई शीलद्वारा धुनुपर्दछ । शीललाई प्रज्ञाद्वारा धुनुपर्दछ । प्रज्ञावान् व्यक्तिमा शील हुन्छ। शीलवान् व्यक्तिमा प्रज्ञा हुन्छ।"(दीघनिकाय सोणदण्ड सुत्त) "भिक्षुहरू, अविद्या मोह अकुशलधर्महरू उत्पन्नहुनुको अगुवा हो। लज्जा नहुनु, त्रास नहुनु अनुगामीधर्म मात्र हुन् । विद्या अमोह कुशलधर्म उत्पन्नहुनुको अगुवा हो । लज्जालुहुनु त्रासलिनु अनुगामीधर्म हुन्।"(इतिवुत्तक पालि दुकनिपात विज्जासुत्त)

"राहुल, ऐना हेर्नु अनुहार निरीक्षणगर्नुको निमित्त उपयोगी छ । त्यस्तै त्यसलाई निरीक्षणगरेर शरीरद्वारा काम गर्नुपर्छ । निरीक्षणगरेर वचनद्वारा बोल्नुपर्छ। निरीक्षणगरेर मनले चिन्तन गर्नुपर्छ।" (मज्झिमनिकाय चूलराहुलोवाद सुत्त)। पिटक वाङ्मयमा बराबर देखापर्ने **योनिसो मनसिकार** प्रज्ञाद्वारा निरीक्षण र परामर्श गर्नुभन्ने अर्थ भएको हो।[१] "भिक्षुहरू, योनिसो मनसिकार बाहेक अन्य कुनै एक बहुउपकारक धर्मलाई पनि म तथागतले देखेको छैन ।"(इतिवुत्तक पालि एककनिपात; पठमसेख सुत्त) । "अयोनिसो मनसिकार हीन अकुशलकर्मगर्नु लोभ, दोष र मोह उत्पन्नहुनुको कारण सहयोगी नै हो।"(अंगुत्तर निकाय दसकनिपात महालिच्छवी सुत्त)

१. योनिसो "Thoroughly, Orderly, Wisely, properly, judiciously" P.T.S. Pali Englsih Dictionary



Downloaded from http://dhamma.digital

मानिसहरूले कुशलकर्म गर्नुपर्छ र अकुशलकर्म छोड्नुपर्छ भन्ने तथ्यलाई सबैले स्वीकार र विश्वास गर्दछन्, तर कस्तो किसिमको कामलाई कुशलकर्म र कस्तो किसिमको कामलाई अकुशलकर्म भनी भन्ने त ? कुशलकर्म र अकुशलकर्म निश्चितरूपमा प्रकट छ त ? अथवा तिनीहरू समय र प्रदेशअनुसार विभेद भएको मानिसहरूको व्यवहार प्रज्ञप्ति कथनमात्र हुन् ? मानिसको व्रताचरणको सम्बन्धमा हामीले यकिनसाथ नित्य सम्झिराख्नुपर्ने तथ्यहरू छन् कि ? मानिसमा बीज स्वभावअनुरूप अकुशलकर्मलाई वर्जितगरेर कुशलकर्म गर्नसक्ने सामर्थ्य छ कि ? आदि प्रश्नहरूको सम्बन्धमा विवादहरू भिन्नभिन्न रहेका छन् । पुरातन ग्रीक जातिहरूको युगदेखि आजको युगसम्म पश्चिमी प्राज्ञहरूले त्यो व्यावहारिक आचरण र दार्शनिक समस्याहरूलाई गम्भीररूपमा निरीक्षण र परीक्षणगरेर आएकाले, तिनीहरूको सिद्धान्त र वादहरूलाई बुद्धवादद्वारा तुलनागरी विचार गर्नु आवश्यक छ ।

मानिसहरूले गर्नुपर्ने कुशलकर्म कस्तो किसिमको हो भन्ने सन्दर्भमा पश्चिमी व्यावहारिक आचरण एवं दार्शनिक प्राज्ञहरूको वादहरू मोटामोटी हिसाबले चार प्रकारका छन् ।

पहिलो वाद मानिसहरूको शारीरिक र मानसिक सुखमाथि आधारित भएकोले त्यसवादलाई सुखवाद[१] भनी भन्नुपर्दछ । सुखवादको मतअनुसार मानिसहरूलाई शारीरिक र मानसिकसुख दिलाउने काम कुशलकर्म हो भने शारीरिक र मानसिकदुःख दिलाउने काम अकुशलकर्म हो । कुनै समय पश्चिमी प्राज्ञहरूको

[१] Ethical Hedonism or Utilitarianism



Downloaded from http://dhamma.digital

सुखवाद संसारमा निक्कै लोकप्रिय भएको थियो। अंग्रेजी दर्शनाचार्य जेरेमी बेन्थाम[1] भन्नुहुन्छ "मानिसहरूले सुखअनुभूतिको चाहना र कामनागरी दुःखअनुभूतिलाई घृणा गर्दछन् । त्यसो भएर लोकमा धेरै मानिसहरूलाई अत्याधिक सुखउत्पन्न गराउने काम नै सही र पवित्र काम हो", त्यस्तै जोन् स्टुवार्ट मील[2] आदि विद्वानहरूले सुखवाद विषयलाई विस्तृत व्याख्या गरेका थिए ।

पछिल्लो समयमा आएरभने प्राज्ञहरूले सुखवादलाई आलोचना र टीकाटिप्पणी गर्नलागे । वास्तवमा भन्ने हो भने सुखवादमा स्वभावयुक्ति छैन । मानिसले स्वाभाविकरूपले सुखधर्मलाई मात्र सधैं चाहना र कामना गर्दैन; खाने चाहनागर्नु, सुत्ने चाहनागर्नु, यताउता जाने आउने चाहनागर्नु आदि स्वाभाविक छन्दपूर्ण हुनुलाई चाहना गर्छ। सुखधर्म त्यो स्वाभाविक छन्दपूर्ण हुनुसित एकसाथ उत्पन्नभएर आउने सम्प्रयुक्तधर्म भएकोले त्यसधर्म सोझै खोजेर उपलब्ध हुनेवाला होइन । सुखानन्द पनि मानिसहरूको तहअनुसार विभिन्न प्रकारका हुन्छन् । त्यस अतिरिक्त लोकमा सुखधर्म सबभन्दा महत्वपूर्ण, सबभन्दा उपयुक्त धर्म होइन; प्रज्ञाज्ञान् सहितको सहीधर्म आदि सुखधर्मभन्दा बढी उत्तम र पवित्रहुन्छन्। यस किसिमका कारणहरूले गर्दा आधुनिक प्राज्ञहरूले सुखवादलाई तिरस्कारगर्छन् । (प्र.भा.१०९–१०)

जस्तो भएतापनि सुखवाद धेरैजसो पृथग्जन प्राणीहरूले बुझेको वाद, स्वीकारगरेर आचरणगरेको वाद भएकोमा संशयगर्नु आवश्यक छैन । बहुजनलाई बुद्धले उपदेशगर्नुभएको व्यावहारिक

[1] Jeremy Bentham

[2] John Stuart Mill



Downloaded from http://dhamma.digital

आचरणधर्मवाद सुखवाद हो। "राहुल, यदि तिमीले निरीक्षणगरेर यसरी जान्दछौं ; मैले जो काम गर्नचाहन्छु ; त्यो काम आफ्नो दु:खको निमित्त हुनेकुरा हो कि ? अरूको दु:खको निमित्त हुने कुरा हो ? आफू र अरू दुबैको दु:खको निमित्त हुने कुरा हो ? भनी परीक्षण गर्नुपर्दछ।"(मज्झिमनिकाय राहुलोवाद सुत्त)। वास्तवमा बुद्धवाद मानिसहरूको दु:खनिरोध र शान्तपार्न प्रादुर्भाव भएको वाद हो। तैपनि बुद्धवादको मतअनुसार लौकिक (भौतिक) सुखानन्द अनित्यधर्म, संस्कारितधर्म र निम्नकोटीको सुख मात्र हो। त्यो सुखभन्दा अरू उत्तम धर्महरू त बाँकी नै छन्। तसर्थ अरूलाई सुख दिलाउने दान सर्वोत्तम दान होइन। सर्वोत्तम दान धर्मदान मात्रै भएको तथ्य(धम्मपद) बुद्धले उपदेशदिएर जानुभयो।

बुद्धको दृष्टिअनुसार निर्वाणधर्म सर्वोत्तम र सर्वश्रेष्ठ धर्म हो। मानिसले निर्वाणधर्मको निमित्त आफ्नो ज्ञान, बुद्धि, विवेक र प्रज्ञालाई जतिसक्यो त्यति उन्नति र वृद्धिगर्न आचरण, उद्योग र अभ्यास गर्नुपर्दछ। यो बुद्धवाद पश्चिमी प्राज्ञहरूको दोश्रो व्यावहारिक आचरणसम्बन्धी दार्शनिकवादसित नजिक पर्छ भनी भन्नुपर्दछ।

त्यो वाद प्लेटो, अरस्तु आदि पुरातन ग्रीक प्राज्ञहरूदेखि जर्मन प्राज्ञ हीगेल्सम्म धेरै यूरोपेली प्राज्ञहरूले समर्थन जनाएको वाद हो। ती प्राज्ञहरू मानिसको निमित्त नामधर्मको अत्यावश्यकतालाई समर्थन गर्दछन्। मानिस तिरश्चीन पशुप्राणी जस्तो रूपधर्मद्वारा सिद्ध भएको होइन; प्रज्ञाज्ञानभएको प्राणी भएकोले मानिसमा खानु सुत्नु आदि रूपधर्म क्रियाकलापहरूमात्र भएका होइनन् ; मनुष्यलोक शान्त, सुखमय र रमणीयपार्न



Downloaded from http://dhamma.digital

कामगर्नु सहीधर्मको खोजिनीतिगर्नु आदि नामधर्म क्रियाकलापहरू पनि छन् । श्रद्धा, शील, वीर्य आदि चित्त चैतसिकधर्महरूलाई सक्दो किसिमले वृद्धि गराउनु, परिपक्व गराउनु जसद्वारा नामधर्म क्रियाकलापहरू सिद्धहुनु मानिसहरूको प्रमुख लक्ष्य हो; त्यस लक्ष्यद्वारा गरिने क्रियाहरू नै सही र पवित्र प्रणीत क्रियाहरू हुन् भनी ती प्राज्ञहरू ठान्दछन् । यो व्यावहारिक आचरण दर्शनलाई सबै सिद्धपार्नु आत्मबोधक आचरणदर्शन भनी भन्नुपर्दछ ।[1]

बुद्धवादमा शीलाचरण निर्वाणधर्मको सहयोगी भएर निर्वाणधर्म श्रद्धा, त्याग, वीर्य आदि धर्महरू सकभर उन्नतभई तिनीहरूको क्रियाकलापहरू सिद्धहुनु हो । "त्यस भिक्षुले मैले उत्तमाचरणलाई आचरण गरिसकेको छु ; करणीय कृत्य गरिसकें । यो अरहत्तफल नामक प्रतिफलको निमित्त प्रमुख कार्यलाई उद्योग र अभ्यास गर्नुपर्ने भएको भनी जान्दछु ।" यसरी पिटक वाङ्मयमा व्यापकरूपमा बारबार देखापर्ने कुराहरू अरहन्त व्यक्तिको भावलाई उल्लेखगर्ने कुराहरू हुन् । एकजना प्राज्ञको मतअनुसार "निर्वाण विषय प्रदर्शनगर्ने कुराहरूलाई निष्कर्षको रूपमा "सिद्धपार्नु" भन्ने एउटा शब्दद्वारा दर्शाउनुपर्छ । सिद्ध भइसकेको परिनिर्वृत्त व्यक्ति संस्कारक्षेत्रबाट मुक्तभएर गर्नुपर्ने काम केही पनि बाँकिरहने भएन ।"[2]

बुद्धको आचरणशीलले त्यस अरहत्तमार्गकृत्य सिद्धपार्नुतर्फ लक्षित गर्दछ । अरहत्तमार्गकृत्य सिद्धहुनु यस जन्ममा साक्षात्कार

१. Ethics of Self-realization Perfectianism

२. Ananda Coomaraswamy,
"Buddha and the Gospel of Buddhism", p.64



Downloaded from http://dhamma.digital

गर्नुपर्ने दृष्टधर्म स्वभावभएकोले बुद्धको आत्मबोधक आचरण धर्मदर्शन वर्तमानभवमा बीजशक्ति शतप्रतिशत फलिभूतभएर क्रियाकलाप सिद्धपार्नुलाई लक्ष्यराख्ने उपर्युक्त पश्चिमी आत्मबोधक आचरणधर्म दर्शनसित एकसमान छ भनी भन्नुपर्दछ।

त्यो वादसित प्रतिपक्षभएको वाद पश्चिमी प्रज्ञाविद्हरूको स्वाभाविक आत्मबोधक आचरण धर्मवाद हो। यो वाद रूपधर्मलाई प्रमुखता दिई डार्विनको विकासवादी सिद्धान्त (Theory of Evolution) माथि आधारित छ। विकासवादी सिद्धान्तअनुसार मनुष्य तिरश्चीन पशुप्राणीहरू क्रमबद्धरूपमा परिवर्तनहुँदै विकास भएर आएकोमा, स्वभावलाई छान्ने प्रमुख कारणधर्म हो। प्राणीहरू एक समूह र अर्को समूह, एक जाति र अर्को जाति बीच बाँच्नुको निमित्त घमासान प्रतिस्पर्धा गर्नुमा स्वभावधर्मले आवश्यक गुण र शक्तिहरूद्वारा सम्पन्न सत्वहरूलाई छानेर लिई जीवन स्थिर पार्दछ। त्यो जीवनको संघर्षमा सफलताको निमित्त आवश्यक गुण र शक्तिहरू सत्वहरूलाई वरिपरिको लोकसित अनुकूलपार्ने गुण र शक्तिहरूलाई भन्नखोजेको हो।

Dhamma.Digital

त्यसरी स्वभावधर्मले छानेका गुण र शक्तिहरूमध्ये मानिसका आचरणधर्महरू पनि समाविष्ट छन् भनी केही आत्मबोधक आचरणका दर्शनाचार्यहरूले धारणा राख्दछन्। ती आचार्यहरूको कथनअनुसार भन्ने हो भने पुरातन अवस्थामा जनसंख्या अत्याधिक वृद्धिभएर गरीब भएको चीनमा मानिसहरूले दूधेबालकहरूलाई मार्नेगर्दथे। एकताका विश्वका कुनै प्रदेशहरूमा जंगली मानिसहरूले असमर्थ वृद्धवृद्धा बाबुआमाहरूलाई मार्नेगर्दथे। पुरातन स्पार्टा (Sparta) वासीहरूले अरूको सम्पत्तिचोर्नुमा दोष



Downloaded from http://dhamma.digital

देख्दैनथे। चोरेर पक्राउमा पर्ने व्यक्तिलाईमात्र निन्दा र उपहास गर्दथे। स्वभाव आत्मबोधक आचरणधर्मको वाद अनुसार यी रीतिरिवाजहरू सम्बन्धित वरिपरि लोकसित सहजात भएको कारणले कुनै युगका केही व्यक्तिहरूको लागि भूल हो भनी भन्नसकिन्न।

स्वभाव आत्मबोधक आचरणधर्मवादहरूलाई पुरातन अवस्थामा स्पार्टा (Sparta) राष्ट्रमा र दोश्रो विश्वयुद्ध हुनुअगाडि जर्मनीमा आचरण गरेका थिए। वर्तमानयुगमा त्यस वादलाई स्वीकारगर्ने आत्मबोधक आचरण दर्शनाचार्यहरू कमै छन्। त्यो वाद बुद्धवादसित ठ्याम्मै नमिल्ने कुरा विशेष उल्लेख गरिरहनुपर्दैन।

आत्मबोधक आचरणधर्मको सम्बन्धमा जनपरिचित अर्को एउटा वाद हो एउटा मानिसको क्रियाकलापलाई मात्र हेरेर राम्रो, नराम्रो; सत्य, असत्यमा विभाजनगरी निर्णयगर्ने। त्यस्तोलाई एकोहोरो आत्मबोधक आचरणवाद भनी भन्नुपर्दछ। यो वाद उपर्युक्त तीन प्रकारको वादजस्तै क्रियाको प्रतिफललाई नहेरिकन क्रियालाई मात्र हेरी असल खराब भनी निर्णयगर्छ। यो वादलाई विश्वासगर्ने व्यक्तिले कुनै कामहरू, जस्तो कि – सत्यकुरा बोल्नुलाई जहिले पनि असल छ, कुनै कामहरू, जस्तो कि–अरूको प्राणहननगर्नु जहिले पनि खराब छ भनी एकोहो–रोरूपमा सम्झिराखेको हुन्छ। यो महात्मागान्धीको वाद हो। गान्धीले मासुखानुलाई भूल हो भनी सदासर्वदा मानिआएकोले एकचोटी सिकिस्त बिरामी परिरहेको आफ्नो सानो छोरोलाई कुखुराको फुलसँग मिसाइराखेको औषधी ख्वाउन डाक्टरले भने



Downloaded from http://dhamma.digital

पनि त्यो सुझावलाई तीतो समेत हुनेगरी अस्वीकारगरेर आएको थियो।

गान्धीको जस्तो एकोहोरो आत्मबोधक आचरणवादलाई साँच्चै आचरणगर्ने व्यक्तिहरू त दुर्लभ नै छन्। म्यान्माः राष्ट्रमा गान्धीजस्ता व्यक्तिहरू बढी भएमा, अपराधीहरूलाई दण्ड सजायँ दिने न्यायाधीशहरू विद्रोहीहरूलाई आक्रमणगर्ने सैन्यहरू देखापर्ने छैनन्। तैपनि, त्यो वादलाई विश्वासगर्ने म्यान्माः बुद्धवादीहरू त निक्कै बढीछन्। तसर्थ पुलिस र कर्मचारीको कामलाई तल्लो दृष्टिले हेर्ने व्यक्तिहरू यांगुन् म्यूनिसिपल (नगरपालिका)ले छाडा कुकुरहरूलाई सफा गर्नुलाई समर्थनगर्न नसक्ने व्यक्तिहरू राष्ट्रको सरकारको मदिरा क्रियाकलापलाई विरोधगर्ने व्यक्तिहरू बराबर हामीले भेट्ने गर्छौं।

यसरी बुद्धले उपदेश दिनुभएको आत्मबोधक आचरणवाद पनि एकोहोरो आत्मबोधक आचरणवाद हो, होइन र ? पञ्चशीललाई धोती कसेजस्तो सुरक्षित हुनेगरी समादान गर्नुपर्छ भनी बुद्धशासनिक ग्रन्थहरूले भन्छन् होइन र ? पञ्चशील कुनैपनि बहाना नराखी नित्य, दृढतापूर्वक आचरण गर्नुपर्ने शील हो, होइन र ? रक्सी उचितरूपमा खाने व्यक्तिको लागि स्वस्थकर हुन्छ भनेपनि दुश्चरित्र दोष नै हो, होइन र ? छाडा कुकुरहरूलाई सफाचट पारिदिनु, गाउँशहर सफाराख्नु, जनताको स्वास्थ्यलाई लाभ पुऱ्याउने सही भएतापनि कुकुरहरूलाई मार्नु दुश्चरित्रकर्म नै हो, होइन र ? यस्ता प्रश्नहरू उठ्ने गर्दछन्। यस्ता प्रश्नकर्तालाई हामीले खुद्दकनिकाय सुत्तनिपात पालिबाट बुद्धोपदेशहरू निर्देशित गर्नुपर्दछ। त्यसरी निर्देशितगर्नु अघि सुत्तनिपात पालिपिटक



Downloaded from http://dhamma.digital

वाङ्मयमा कतिसम्म प्रकट भएर कति महत्वपूर्ण छ भन्ने तथ्य उल्लेख गर्नेछु ।

पश्चिमी पालिप्राज्ञहरूको मतअनुसार सुत्तनिपातबाट केही वर्गहरू पिटक आख्यानमा सबभन्दा पुरानो पालिहरू हुन् । लेखनशैली र अर्थ अभिप्रायमध्येमा तिनीहरू पुराना ब्राह्मणहरूका वेदग्रन्थ, उपनिषद् ग्रन्थहरूसँग निक्कै नजिकपर्छ भनिन्छ । विशेषतः सुत्तनिपातमा आएका उरगवग्ग र पारायनवग्गहरू अत्यन्त प्राचीन भई तिनीहरूमा समावेशभएका सुत्तहरू विनयपिटक, संयुत्तनिकाय र अंगुत्तरनिकायहरूमा समाविष्ट छन् । खुद्दकनिकायको चूलनिद्देस र महानिद्देसहरू, पारायनवग्ग र अट्ठकवग्गहरू वर्णन गरिराखेका ग्रन्थहरू भएकोले तिनीहरूलाई पालिपिटकमा समावेश गरिराख्नाले सुत्तनिपात पिटकवाङ्मयमा अत्यन्त महत्वपूर्ण भएको तथ्य स्पष्ट छ । भारतमा भएका अशोक स्तम्भहरूमा पनि सुत्तनिपातबाट केही सुत्तहरू, जस्तो कि–मुनि सुत्त, नालकसुत्त उद्धृत गरिराखेको पाइन्छ । यी तथ्य सबैलाई आधार मानेको खण्डमा सुत्तनिपात सबैभन्दा प्राचीन बुद्धवादलाई उल्लेखगर्ने पालि भएको तथ्य निर्विवाद र शंकारहित छ ।

आत्मबोधक आचरणधर्म विषयको अध्ययनगर्ने व्यक्तिको निमित्त सुत्तनिपातको विशेषता त त्यस पालिमा दह्रो आत्मबोधक आचरणधर्म नियमावली निर्धारणभएको देखानपर्नु नै हो । सुत्तनिपातमा आएका निम्नः कथनहरूद्वारा बुद्धले मेरो गोरुको बाह्रै टका अर्थात् लिंडेढिपी खालको एकोहोरो आत्मबोधक आचरण धर्मवादलाई स्वीकारगर्नु नभएको तथ्य स्पष्ट छ ।



Downloaded from http://dhamma.digital

"सच्चा ब्राह्मणले आफूले सुनेका देखेका विषयहरूलाई; मानिसहरूको पुरातन रीतिरिवाज शीलाचरणलाई; एकोहोरो सम्झनाहरूलाई र असल खराब भन्ने व्यवहार प्रज्ञप्तिहरूलाई उपेक्षा गर्दछ।"

"ब्राह्मण प्रज्ञाविद्हरूले नियम, नीति, कानूनहरूलाई निर्धारणगर्ने गर्दैनन्। आफूले आफैलाई सत्पुरुष आदर्शपुरुषको रूपमा धारण पनि गर्दैनन्। कारण तिनीहरू आशक्तिउपादान बिल्कुल रहितभई केही प्रत्ययको कारणले पनि चित्त प्रकम्पित नहुने व्यक्तिहरू हुन्।" (अट्ठकवग्ग, सुद्धट्ठकसुत्त)

"भिक्षुमा आसक्ति उपादान हुँदैन। बहुजनको क्रियाकलाप र पुरातन परम्पराको कारण चित्त विचलितहुनु पनि नभएकोले कुनै धर्म र वादलाई पनि स्वीकार नगरी नियम कानून भन्ने बन्धनबाट मुक्त हुन्छ।" (अट्ठकवग्ग परमट्ठक सुत्त)

"कसैकसैले शील समादान र कुशलकर्मद्वारा लक्षित लक्ष्यतिर पुग्न सक्दछ भनी भन्दछन्। त्यो आफ्नो मार्गपद्धति हो भनेर उनीहरूले आफूलाई नै आचार्य संज्ञा दिइराख्छन्।"

"तिनीहरू एक न एक विश्वासमा अत्याधिक आसक्ति, उपादान भएका भई मामुलि देखिने खालको नियम पनि भंग गरियो भने शोकसन्ताप गरिरहन्छन्।"

"तसर्थ, यसरी आचरण गर्नुपर्दछ, त्यसरी आचरण गर्नुहुँदैन भनी निर्धारण गरिराखेको नियमहरूमा र कुशलकर्म, अकुशलकर्महरूलाई विभाजन र नियमित गरिराखेको एक न



Downloaded from http://dhamma.digital

एक आचरणमा आसक्ति उपादान नराखी स्वतन्त्ररूपमा रहि–रहनुपर्दछ।"(अट्ठकवग्ग महाब्यूह सुत्त)[१]

बुद्धको आत्मबोधक आचरणवाद प्रारम्भमा दह्रो, एकोहोरो, आत्मबोधक वाद नभएको तथ्य हामीले जान्न बुझ्नको लागि पूर्वमूल बुद्धवादको पृष्ठभागको परिस्थितिलाई ध्यान दिनुपर्दछ। बुद्धवाद प्रथम प्रादुर्भाव भएको बेलामा विधिवत सङ्गठित पारिराखेको धार्मिकवाद नभई मनोवृत्ति, बुद्धि, विवेक समानभएको एक व्यक्तिसमूहको वाद मात्र हो। ती पूर्व बुद्धवादीहरू हुलकुलबाट टाढिएको जंगलभित्र बसोबास आवतजावत गर्ने सन्त सत्पुरुषहरू हुनुपर्दछ। यसरी संघ संस्था खडा गरेर नबसी एक्लो बसोबास गर्ने व्यक्तिहरूको निमित्त आत्मबोधक आचरण, धर्म, नियमहरू विशेषरूपमा राख्नुपर्ने आवश्यकता हुँदैन होला। त्यस अतिरिक्त ती सन्त सत्पुरुषहरू प्रज्ञाज्ञानले परिपक्व भइसकेका व्यक्तिहरू भएकाले आफूहरूले सामना गर्नुपर्ने अलिकति आत्मबोधक आचरणधर्म समस्याहरूलाई व्यक्तिगत ज्ञानद्वारा विचार र निर्णय गर्नसकेका हुँदाहुन्।

---

१. "The Buddha's Philosophy" by G.F. Allan पुस्तकबाट सुत्तनिपात पालि केही अंग्रेजी अनुवादलाई म्यान्मा भाषानुवाद गरिराखेको हो। ग्रन्थकार एकजना थेरवाद बुद्धवादी अंग्रेज भिक्षु हो। छट्ठसंगायन संस्करण सुत्तनिपात म्यान्मा, भाषान्तरणमा उपर्युक्त पालिहरूमा आएको **'वत'** लाई कुकुरवत गोणवत **'दिट्ठी'** लाई मिथ्यादृष्टि भनेर भाषान्तरण गरिराखेको छ। यो भाषान्त–रण सन्तोषजनक नभएको तथ्य पहिलो भाग प्रथम खण्ड (चाप २०९-२१०) मा देखाइसकेको छु। लण्डन पालि सोसाइटीको पालि शब्दकोषमा **'वत'** लाई a religious duty, observance, rite, practice, custom भनी अनुवाद गरिराखेको छ।



Downloaded from http://dhamma.digital

वास्तवमा पश्चिमी आत्मबोधक आचरणदर्शनका एकजना प्रज्ञाविद्को रायअनुसार "आत्मबोधक आचरणधर्म एक प्रकारको कला हो। कलाकार आफ्नो कलामा जति जति बढी दक्ष हुँदै जान्छ त्यति त्यति नियम, कानून कडाइका साथ पालनागर्नु नपर्ने हुन्छ। त्यस्तै मानिस जति जति प्रज्ञाज्ञानमा परिपक्व हुँदै आउँछ त्यति त्यति नियमाचरणहरू बढी हुँदै आउँछ। जो कोहिलाई पनि आफूले चाहेको र मनपराएको कामगर्न नियम कानून हुनुपर्ने जरूरी छैन। नियम नीतिहरू उद्देश्य र लक्ष्यको निमित्त सहयोग मात्र भएकोले त्यो लक्ष्यतिर अगाडि बढ्न चाहने चित्तछन्द कमजोर भएको कारणले मात्र ती नियम नीतिहरूलाई ध्यानपुऱ्याउनुपर्ने हो। साँच्चिकै विद्याकांक्षी विद्यार्थीमा पाठ सिक्ने आधार नीति नचाहिने जस्तै सन्त सत्पुरुषको निमित्त व्रताचरण, नियम, नीतिहरू आवश्यक पर्दैनन्।"[१]

तसर्थ पूर्वमूलमा बुद्धवादी भिक्षुहरूले अनुगमन गर्नुपर्ने विनय, शिक्षापदहरू विशेषरूपमा प्रज्ञापित गरिराखेको थिएन। अकुशलकर्मलाई हटाउनु, कुशलकर्मगर्नु, चित्तलाई विशुद्धपार्नु, बुद्धहरूका अनुशासन हुन् भन्ने अववाद त्यो पूर्वमूल बुद्धसंघको प्रातिमोक्ष हो। त्यो पूर्वमूल बुद्धसंघलाई उपदेश दिनु, अनुशासनगर्नुमा बुद्धले अनुसरणगर्नको निमित्त व्रताचरण, नियम, नीति केही पनि ठोसरूपमा व्यवस्थितगर्नु नभई चिन्तन, मनन र निरीक्षणगर्न उपदेशहरू संक्षिप्तरूपमा दिनेगर्नुहुन्थ्यो। यस सन्दर्भमा महाप्रजापति गौतमीलाई भन्नुभएको कुरा स्मरणयोग्य छ।

---

१. W. M. Urban, "fundamentals of Ethics," p. 258



Downloaded from http://dhamma.digital

"गौतमी, तिमीले जुन धर्महरूलाई यी धर्महरू त आसक्तिर हित हुनको लागि हो; वर्तमा नजोड्नको लागि मात्र हो; इच्छा कमगर्नको निमित्त मात्र, सन्तोषहुन र एकान्तहुनको निमित्त मात्र हो। उद्योग प्रयत्नगर्नको निमित्त मात्र हो। भरण पोषण सजिलो पार्नको निमित्त मात्र हो भनी जान्नेछौ । ती धर्महरूलाई वास्तविकरूपमा यो त धर्म हो; यो त विनय हो; यो त बुद्धको अनुशासन हो भनी सम्झ ।" (चूलवग्ग भिक्खुनिखन्धक)

यो अववाद अनुशासन गम्भीरभई बुद्धआचरण पद्धतिको प्रमुख पृष्ठभूमि धर्मलाई संक्षिप्तपारी देखाइएको अववाद हो। यो कथनद्वारा बुद्धको आचरणधर्म यो त कुशलकर्म हो र यो त अकुशलकर्म हो भनी सुनिश्चितरूपमा छुट्याएर एकोहोरो सम्झिराख्नुपर्ने धर्म नभई, समय प्रदेशलाई हेरी तृष्णारूपी क्लेशहटाउनु अथवा कमपार्नुलाई मात्र उन्मूखगर्ने धर्मभएको तथ्य जान्नुपर्दछ। प्रज्ञाज्ञान परिपक्व भइसकेको व्यक्तिले परि स्थितिलाई प्रज्ञाज्ञान द्वारा परामर्शनगरी क्लेशतृष्णा पातलोपार्ने धर्महरूलाई आचरण, उद्योग र अभ्यास गर्नेछन्। त्यस्तो व्यक्तिको निमित्त कुशल र अकुशलकर्मलाई एकोहोरोरूपमा नियमित पारि राख्नु आवश्यक छैन। वास्तवमा त्यस्तो कुरालाई गुरुआचार्यहरूले एक एक गरी अववाद र अनुशासन गरिरहनुपर्दैन। "भिक्षुहरू, भिक्षुले श्रद्धा, हिरी, अत्रपा, वीर्य र प्रज्ञाहरूद्वारा कुशलधर्महरूमा गर्नुपर्ने कामगर्ने बेलामा म तथागतले त्यो भिक्षुलाई रेखदेख गर्नुपर्दैन। त्यो बेलामा भिक्षुले आफूले आफैलाई अप्रमादभई संर क्षण गर्नसक्ने हुन्छ।" (अंगुत्तरनिकाय पञ्चकनिपात सेखबलवग्ग कामसुत्त)



Downloaded from http://dhamma.digital

जेहोस्, पछि गएर बुद्धशासनमा परिस्थिति फेरिँदैआयो। ग्रामनगरहरूमा भिक्षुहरू जम्घटभई एकसाथ बस्नाले संघसंगठन प्रादुर्भाव भयो। "संघ प्रायशः जब लाभ बढीभएको अवस्था, परिषद् परिवार बढीभएको स्थितिमा पुग्यो, तब अपराधगर्ने प्रवृत्ति प्रकटभएरआई बुद्धलाई शिक्षापदहरू प्रज्ञप्तगर्नुपर्ने भयो।" (मज्झिमनिकाय भद्दालि सुत्त)। बुद्धिविवेक, ज्ञान र प्रज्ञा कमभएका पृथग्जन उपासक उपासिकाहरूको निमित्त पनि बुद्धले स्पष्ट र ठोस गार्हस्थ व्रताचरणहरूको उपदेश गर्नुपर्ने भयो। प्राणिहिंसा नगर्नु, झूठो नबोल्नु आदि बुद्धका गार्हस्थ व्रताचरणहरू पूर्णरूपले उपदेश गरिएका व्रताचरणहरू हुन्। बुद्धले मानिसहरूलाई "तिमीहरूले परप्राण हननगर्नु हुँदैन, तर यदि ..... आदिद्वारा अधकल्चोरूपमा कहिल्यै उपदेश गर्नुभएन। त्यसरी अधकल्चो नपारी उपदेशगर्नु वर्तमान मनोविज्ञान सम्मत छ।

मनोविश्लेषकहरू (Psycho-analysis)अनुसार मानिसले एक न एक अकुशलकर्म गर्दा निहुँ खोज्ने गर्दछ। आफूले खोजेको निहुँ एकदम ठीक छ, सही छ भनी सम्झी आफ्नो मनलाई छल्नेगर्दछ। तसर्थ यदि बुद्धले गार्हस्थ व्रताचरणहरूलाई अधकल्चोपारी उपदेशदिएर जानुभएको भए, मानिसहरूले ती व्रताचरणहरूलाई भङ्गगर्न चाहेको प्रत्येक अवस्थामा ती अधकल्चो कुराहरूलाई आफ्नो मतलव साध्य हुने कुरातिर तानी अर्थ अभिप्राय लगाएर लिने कुरामा संशय लिनुपर्दैन। भन्ने नै हो भने, दुश्चरित्रकर्महरूलाई वर्जितगर्नु कहिल्यै अधकल्चोरूपमा नराखी सधैं वर्जित गर्नसकेमा नै सबभन्दा राम्रो हुन्छ। रक्सी बिल्कुल नखाने व्यक्ति साथीभाइहरूसित भेला भएको बखतमा,



Downloaded from http://dhamma.digital

निहुँपारी कहिलेकाहिँ अलिकति अलिकति गर्दै खाँदैजाँदा विस्तार विस्तारै थाहै नपाइकन ऊ जड्याँहाभएर निस्कन्छ । रक्सी छोडिराखेको व्यक्तिमा वरिपरिको परिस्थितिको कारणले एक दुईचोटी फेरि रक्सी खानेगर्दा छोडिराखेको नराम्रो बानीमा फेरि वशिभूतभएर आउनु स्वाभाविक हो। त्यसैले आचरण सुधार गर्ने सम्बन्धमा, मानिसहरूले अनुगमनगर्नको लागि नियम कानूनहरू निर्देशित गरिएका हुन् । ख्यातिप्राप्त मनोवैज्ञानिक प्राध्यापक विलियम जेम्सले एउटा राम्रो बानी बसाल्न अथवा नराम्रो बानी छाड्न प्रयासगर्दा कहिल्यै अधकल्चो नपार्नु भनी भन्नुभएको छ।

त्यसोभएर बुद्धवादमा गार्हस्थ व्रताचरणहरूलाई अधकल्चो नपारी प्रज्ञप्त गरिराख्नु बुद्धले मानिसको मनको स्वभावलाई जान्नुबुझ्नुको कारणले नै हो। एकोहोरो आत्मबोधक आचरणवाद लाई बुद्धले स्वीकार्नुभएको कारणले होइन । बुद्धवाद एकोहोरो आत्मबोधक आचरणवाद नभएको तथ्य उल्लेखगरेर आइसकेको सुत्तनिपातमा आएका बुद्धकथनहरूद्वारा स्पष्ट छ । वास्तवमा भन्ने हो भने बुद्धले आत्मबोधक धर्माचरण सम्बन्धमा लिंडेढिपी वा हठवादी सिद्धान्त नराखी वरिपरिको परिस्थितिअनुसार गरेर जानुभएको एउटा साधकनमूना छ। त्यो हो भिक्षुहरूको निमित्त मांस सेवनगर्न अनुमति दिनुभएको साधक नमूना ।

मांससेवन गर्ने व्यक्तिहरूले जस्तोसुकै निहुँपार्ने गरेतापनि कुखुरा, बोका आदि तिरश्चीन पशुहरू मर्नु परेकोमा आंशिकरूपमा भागिदार भएको तथ्य कसैले पनि नकार्न सक्दैन। तर भिक्षुहरू गृहस्थीहरूकहाँ भिक्षाटनगरेर खानुपर्दछ। भिक्षुहरूले गृहस्थीहरूले



Downloaded from http://dhamma.digital

दानदिएको मांस व्यञ्जन वर्जितगर्नुपरेमा भिक्षाको निमित्त कठिनाई भोग्नुपरी श्रमणधर्म राम्ररी उद्योग र अभ्यास गर्नसक्ने छैनन्। बुद्धले यो तथ्यलाई जान्नुबुझ्नुभएको कारणले देवदत्तको प्रार्थनालाई अस्वीकारगरी भिक्षुहरूको निमित्त मांस सेवनगर्न अनुमति दिनुभएको हुनुपर्दछ।

अहिलेका मानिसहरू प्रायशः आत्मबोधक आचरणधर्म वादसितको सम्बन्धमा एक न एक अतितिर पुगिरहेका हुन्छन्। एकातर्फको अति त गम्भीर विश्वास कुनै एक पनि नहुनु; सुचरित्रकर्म र दुश्चरित्रकर्महरू निश्चितरूपमा प्रकट नभई बहुजनले चाहेको बेलामा एकथरीले नचाहेको बेलामा, अर्को थरीले व्यवहार गरिराखेको संवृत्तिप्रज्ञप्त कथनमात्र हो भनी सम्झिराख्नु हो। यो बुद्धकालीन अवस्थाका केही तीर्थंकराचार्यहरू र वर्तमानयुगका केही भौतिकवादीहरूको वाद हो। अर्कोतर्फको अति त शीलाचरणको विषयमा एकोहोरो सिद्धान्तहुनु र आसक्तिहुनु हो। बुद्धले त्यसरी एकोहोरो सिद्धान्तभएको आसक्तिउपादान संयुक्तभएको शीलाचरणवादलाई स्वीकार गर्नुभएको थिएन। त्यो वाद चार उपादानमा समावेश भएको शीलव्रतउपादान अथवा दश संयोजनमा समावेश भएको मार्गफल निर्वाणको अन्तराय भएको **शीलव्रतपरामर्श** हो। **शीलव्रतपरामर्शलाई** अर्थकथाचार्यहरूले तीर्थंकरहरूको कुकुरव्रत गोणव्रतमा आसक्तहुनु भनी वर्णनगरेका छन्। लण्डन पाली सोसाइटीको पालि अंग्रेजी शब्दकोषमा त "रीतिरिवाज, नियम र शीलाचरणमा आसक्तहुनु; तिनीहरू मार्गफल निर्वाण पुग्नको निमित्त पुग्दछ भनी दृढतापूर्वक विश्वासगर्नु" भनेर भाषान्तरण गरिराखेकोले माथि उल्लेखगरेर



Downloaded from http://dhamma.digital

आएका विभिन्न कथनलाई आधारलिई यो भाषान्तरण बढी पुष्ट र सही छ भनी विश्वास गर्नसकिन्छ।

बुद्धवाद माथि उल्लिखित अतिद्वयलाई वर्जितगरेर मध्यममार्गलाई निर्देशितगर्ने वाद हो।

वास्तवमा भन्ने हो भने शीलाचरणको क्षेत्रमा स्मृति र प्रज्ञाले सम्प्रयुक्तभई मध्यमरूपमा आचरणगर्नु आवश्यक छ।

यसरी अरूको अर्थ वहनगर्नु वा परहितवादको साधक नमूनाको रूपमा विचार गर्नुपर्दछ। धर्मविना अत्याधिकरूपमा स्वार्थको खोजिगर्नु अन्त्यमा त्यसरी स्वार्थको खोजिगर्ने व्यक्तिलाई अनर्थगर्ने तथ्य स्पष्ट छ। अरूको अर्थहितलाई अत्याधिकरूपमा बहन गरिदिनाले त्यो व्यक्ति आफैलाई अनर्थहुने स्थितिमा पुग्नसक्ने तथ्यलाई त मानिसले थाहा पाउँदैन। तर धेरै बालबालिकाहरू आफ्ना अर्थको चाहनागर्दै जाँदा भएभरका कार्यहरू वहन गरिदिने आमाबाबुहरूको कारणले वयस्कभएर आउँदा निष्क्रिय र हीन व्यक्तित्व भएका हुन्छन्। आफ्ना स्वास्नी, छोराछोरीहरूको भविष्यको निमित्त सम्पत्ति आर्जनगर्न चाहेर एकदम वचतगरी खानपानगर्ने व्यक्ति आहार अभाव हुनाले स्वास्थ्य बिग्रेर आउँदा आफ्ना स्वास्नी छोराछोरीहरूलाई नै दुःखको कारण हुनजान्छ। यसरी प्रज्ञाज्ञानरहित भएको अथवा एकतर्फका अतिमा पुगेको परहितवाद निरर्थकभएको घटनालाई दर्शाउन साधकनमूनाहरू थुप्रैछन्।

बुद्धवादले मानिसहरूलाई आफूले आफूलाई मात्र आधार लिएर आफ्नो भाग्य आफैंले सृजनागर्न उपदेश दिइराखेको छ, तर



Downloaded from http://dhamma.digital

बुद्धवादलाई आत्महितवाद मात्र हो भनी भन्नसकिन्न। "आफूभन्दा प्यारो अरू छैन।" ( सगाथावग्गसंयुत्त नत्थिपुत्त सुत्त) "आफूले आफैलाई प्रेम गर्नुपर्दछ भनी राम्ररी आरक्षित र संरक्षित पार्नुपर्दछ।" (धम्मपद १५७) आदि कथनहरू वास्तवमा आत्महितवादी कथनहरू होइनन्। "आफूले आफूलाई प्रेम गर्नुपर्दछ भनी जान्ने व्यक्तिले आफूलाई अकुशलकर्मसित संलग्नगराउन हुन्न।" (कोसलसंयुत्त पिय सुत्त)। "आफूले आफूलाई प्रेम गर्नुपर्दछ भन्ने जस्तै अरूअरू धेरै सत्त्वप्राणीहरूले पनि आ–आफैलाई प्रेमगर्नुपर्दछ। तसर्थ अरूलाई सास्तीगर्नु हुँदैन।" आदि बुद्धको अनुशासनसम्बन्धी उपदेशहरूलाई पनि ध्यानमा राख्नुपर्दछ।

प्रथमतः बुद्धवादले साथी नखोजी एक्लै धर्माचरणमा उद्योग र अभ्यास गर्नुलाई प्रशंसा गर्दथ्यो। (सुत्तनिपात खग्गविसाण सुत्त)। पछि गएर त मानिसहरू परस्पर स्नेहपूर्वक मिलेर बसोबास गर्नुलाई प्रोत्साहन दिनथाल्यो। "सत्पुरुषले दुई व्यक्तिहरूको मिलनलाई नाशगर्ने अप्रियवचन बोल्नुबाट विरत रहन्छ। चित्त फाटिराखेका व्यक्तिहरूलाई मेलमिलाप गरिदिन्छ। एकजूट भइरहेका व्यक्तिहरूलाई सदैव एकजूट भइरहन मद्दत पुऱ्याउँछ।" (मज्झिमनिकाय छब्बिसोधन सुत्त)। कल्याणमित्र हुन अत्यावश्यक भएको विषयमा बुद्धले उपदेश दिइराख्नुभएका कथनहरू पनि पिटक वाङ्मयमा प्रशस्त छन्। "आनन्द, कल्याणमित्र साथी भएमा उत्तमकार्य आचरण र मार्गफलकृत्य सम्पूर्ण सिद्धहुन्छ।" (कोसलसंयुत्त दुतिय अप्पमाद सुत्त)। दीघनिकाय सिंगाल सुत्तमा सच्चामित्र सुमित्रको लक्षणहरूको विषयमा विस्तृत र व्यापकरूपमा उल्लेख गरिराखेकोलाई विशेषदृष्टि राख्नुपर्दछ।



Downloaded from http://dhamma.digital

मिसेज् रीस् डेविड्स्ले त कल्याणमित्र हुनुको अत्यावश्यकतालाई पालिपिटकमा मात्र उल्लेख गरिराखेको छ; पालिपिटकभन्दा पुराना वेदग्रन्थ र उपनिषद् ग्रन्थहरूमा बिल्कुल उल्लेख गरिराखेको पाइँदैन भनी भन्नुभएको छ ।[१]

बुद्धवादअनुसार कल्याणमित्रको कर्तव्यमा अरूलाई सहयोगगर्नु पवित्रकार्य हो । "सत्पुरुषले धनसम्पत्ति खोजेर आफूलाई सुखी बनाउँछ । आमाबाबु, स्वास्नी, छोराछोरी, नोकरचाकर, कामदार, इष्टमित्र, श्रमणब्राह्मणहरूलाई पनि सुखी बनाउँछ ।" (कोसलसंयुत्त अपुत्तकसेट्ठि सापतेय्य सुत्त) । जसले आफ्नो अर्थहितको निमित्त आचरणगर्दैन त्यस्ताले अरूको अर्थहितको निमित्त पनि आचरणगर्दैन; त्यस्तो व्यक्तिभन्दा आफ्नो अर्थहितलाई नहेरी अरूको अर्थहितलाई बहनगर्ने व्यक्ति बढी उत्तम हुन्छ । त्यो दोश्रो व्यक्तिभन्दा अरूको अर्थहितलाई नहेरी आफ्नो अर्थहितलाई वहनगर्ने व्यक्ति बढी उत्तम हुन्छ । ती तीन जना व्यक्तिहरूभन्दा पनि बढी सर्वोत्तमहुने व्यक्ति त आफ्नो अर्थहितका साथै अरूको अर्थहितलाई वहनगर्ने व्यक्ति हो ।" (अंगुत्तरनिकाय चतुक्कनिपात छवालातुपम सुत्त) । यी कथनहरूद्वारा बुद्धले एकोहोरोपनको आत्महितवाद र परहितवादलाई हटाई ती अतिबाट मुक्तवादलाई स्वीकार्नुभएको तथ्य स्पष्ट छ ।

शीलाचरणधर्म सम्बन्धमा हामीले विचार गर्नुपर्ने अन्तिम बाँकीरहेको समस्या त, मानिस स्वाभाविक बीजअनुसार अकुशलकर्मबाट वर्जित हुनसक्ने सामर्थ्यभएको हो वा कुशलकर्म गर्नसक्ने सामर्थ्यभएको हो त भन्ने समस्या हो ।

[१] Mrs. Rhys Davids, op. cit, pp 303-304



Downloaded from http://dhamma.digital

यो समस्या पश्चिमीहरूको दार्शनिक शिक्षाक्षेत्रमा पुरातन प्रवेणीदेखि अहिलेसम्म विवादको रूपमा आएको समस्या हो ।[1] बुद्धको अनात्मवादअनुसार मानिस परमार्थको हिसाबले नामरूपद्वय पञ्चस्कन्धमात्र रहेको भएतापनि वास्तवमा मानिसको शक्ति सामर्थ्यलाई पञ्चस्कन्धद्वारा नापी चिन्तनगरेर नहुने कुरा दर्शाइसकेको छु। (चाप १७४–७६)। तसर्थ बुद्धको मतअनुसार मानिसले कुशलाकुशलकर्म आफ्नो चाहनाअनुसार छानी गर्नसकिन्छ। (चाप १९०–९१)। त्यसैले बुद्धले मानिसहरूलाई आफूले आफूलाई मात्र विश्वासगर्नु र भरोसागर्नु भनी बारबार उपदेश दिनुभएको हो।

मानिसको स्वतन्त्ररूपमा कामगर्नसक्ने सामर्थ्यको सम्बन्धमा बुद्धवादको ध्येय पश्चिमी एकजना प्रज्ञाविद्को निम्न लेखाई अनुरूप छ भनी मान्नुपर्दछ।

"मानिसमा आफ्नो मनोकांक्षाअनुसार स्वतन्त्ररूपमा कामगर्नसक्ने क्षमता छ कि छैन भन्ने प्रश्नमा भारतीयहरूले कत्तिपनि मन खल्बल्याउँदैन। त्यो प्रश्नको निमित्त टाउको नदुखाउनु सही हो भनी म ठान्दछु। यदि मानिस स्वतन्त्र छैन भने स्वतन्त्रता भनेको के हो त ? मानिसका मन स्वतन्त्रछैन भने त्यो स्वतन्त्र नहुनुसित दाँज्नुको निमित्त कुनचाहिँ स्वतन्त्रतालाई उपमा दर्शाउन सकिने हो त ? धर्मता नियामधर्म विनाको स्वतन्त्रताभनेको कल्पनागरेर हुनसक्ने विषय होइन। जुन एउटा विषय बाह्य कारणधर्मको कारणले उत्पन्नभएर आउँछ भने त्यो स्वतन्त्र छैन; स्वाभाविक आध्यात्मिक कारणधर्मको कारणले

[1] "मानिसको बन्धन र स्वतन्त्रता" म्यावती, १९५७ अक्टोबर



Downloaded from http://dhamma.digital

उत्पन्नभएर आएमा स्वतन्त्र हुन्छ । भारतीयहरू मानिसको स्वाभाविकशक्ति कर्मशक्तिमाथि निर्भर हुन्छ भनी भन्दछन् । कुनै मानिसको शरीर खेलकूदमा कत्तिपनि सामर्थ्य नहुने हुन्छ भने कुनै मानिसको मनोवृत्ति समाधि र प्रज्ञाकार्यको निमित्त निरर्थक हुन्छ । आफ्नो स्वाभाविकशक्ति क्षेत्रमा त मानिस स्वतन्त्र हुन्छ । कर्मनियामअनुसार हामीले पुरालनभवमा गरेर आएको कार्यको आनिशंसलाई भोग्नुपर्ने भएतापनि वर्तमानभवमा आफ्नो कर्मलाई आफैले सृजनागरेर अर्कोभवलाई पनि आफैले सृजना गर्नुपर्दछ ।[१]

१. Charles Eliot, "Hindusim and Buddhism" Vol.1.p.Lxxvii



Downloaded from http://dhamma.digital

# खण्ड ३

## विपश्यना

### क) चित्तलाई अनुशासितपार्नु र सुधारगर्नु

विश्वमा भएका ठूल्ठूला धार्मिक सिद्धान्तहरूले मानिसहरूलाई चित्तलाई अनुशासितगर्न र सुधार्न उपदेश दिएका छन् । चित्तलाई अनुशासितपार्नु र सुधारगर्नु अन्य धार्मिक सिद्धान्तहरूमा भन्दा बुद्धवादमा बढी महत्वपूर्ण छ, किनभने बुद्धवादीहरूले अन्य धर्मावलम्बीहरूको विपरीत परमात्मामा बिल्कुल आस्था नराखी आफूलाई मात्र आधारलिन र भरोसा गर्नुपर्ने हुन्छ। अन्य धर्मावलम्बीहरूले माने जस्तै स्वाभाविकरूपले परिशुद्ध र निर्मल भइसकेको आत्मालाई पनि यिनीहरूले अस्वीकार गर्ने भएकोले, आफ्नो चित्तलाई परिशुद्ध र निर्मलपार्नको निमित्त सुधारगर्नु तथा अनुशासनमा राख्नु बुद्धवादीहरूलाई अत्यावश्यक छ ।

"कामगुण आलम्बनमा कम्पितहुने एउटै आलम्बनमा स्थिरहुन नसकी चञ्चलहुने कामगुण आलम्बनतिर नजानेगरी संरक्षणगर्न निवारणगर्न नसकिने चित्तलाई बाणकारकले तेर्सिएको बाणलाई बिस्तारै बिस्तारै सोझ्याउने जस्तै प्रज्ञाविद्ले शमथविपश्यनाज्ञानद्वारा बिस्तारै बिस्तारै सोझ्याउनु पर्छ ।" "दुर्दमनीय, अतिवेगवान, उच्चनीच, योग्य, अयोग्यलाई सन्तुलन नगरी जतातत‌ै कामगुणमा पतनहुने स्वभावभएको चित्तलाई दमनगर्नु अत्युत्तम छ । दमनगरी सभ्यभएको चित्तले सुखवहन गर्दछ ।" (धम्मपद - ३३, ३४)



Downloaded from http://dhamma.digital

यसरी चित्तलाई अनुशासितपार्ने र सुधारगर्ने बुद्धले दिएका उपदेशहरू पालिपिटकमा धेरै छन् । साँच्चै भन्ने हो भने, बुद्धवादमा शील, धर्ममा प्रमुख र प्रधानधर्म नभई चित्तलाई अनुशासितपार्ने र माथि उचाल्नको निमित्त सहयोगी धर्म मात्र हो । बुद्धवादीले दान, शीलधर्मलाई भविष्यजीवन राम्रोपार्नेको निमित्त आचरण गर्नुपर्ने होइन; चित्तलाई अनुशासित र सुधारगरी सत्यधर्मलाई प्रतिवेधगरेर जान्न, देख्नसक्नाको निमित्त मात्र आचरण गर्नुपर्ने हुन्छ । यस सम्बन्धी तथ्यहरू **"भवसंसार"** खण्डमा वर्णन गरिसकेको हुनाले तत्सम्बन्धमा एउटा बुद्धदेशना उल्लेखगर्दछु ।

"सारिपुत्र, जुन व्यक्तिले दानप्रदानगर्दा अनपेक्षित मन भएकोभएर र प्रतिबन्धित चित्त नभएकोभएर दान दिन्छ, अर्को जन्ममा भोगगर्न पाउने छु भनी आशाराखी दान गरेको हुन्न; आमा, बाबु, बाज्येबराज्यूहरूले दान प्रदानगरेर गएको विधि अपनाएर दान दिएको हुन्न; श्रमणब्राह्मणहरूलाई दान दिनुपर्छ भन्ने विश्वासद्वारा दान दिएको हुन्न; दानदिने मलाई प्रीति प्रमुदितता उत्पन्न हुनेछ भनेर दान दिएको हुन्न; वास्तवमा शमथ र विपश्यनाचित्तको अलंकार चित्तको परिवार बनाउनको निमित्त दान दिनुपर्छ ।" (अंगुत्तरनिकाय सुत्तनिपात दानमहप्फल सुत्त) । सही हो । दानप्रदान गर्दा हामीले प्रतिग्राहक व्यक्तिहरूप्रति स्वतः मैत्री र करुणा वृद्धि गरिसकेको हुन्छ । आफ्नो चीजवस्तुमाथि टाँसिने, आसक्तहुने चित्त कमभई मेरो चीज भन्ने आत्माशक्ति, सत्कायदृष्टि पनि केही क्षणको निमित्त हटाइएको हुन्छ । यसरी दानदिनु शमथ-विपश्यनाको आधार परिवार हुन्छ ।



Downloaded from http://dhamma.digital

वास्तवमा दानधर्म र शीलधर्मको अभावभएको व्यक्ति विपश्यनाकार्यमा जस्तोसुकै उद्योगी र प्रयत्नशील भएतापनि सफलहुन गाह्रोपर्दछ । शील विनाको व्यक्ति विपश्यनाकार्यको पहिलो श्रेणी (खुड्किलो) भएको शमथकार्यमा सफल भएमा हुनसक्ने छ, तापनि त्यो व्यक्ति शमथक्रियाद्वारा उपलब्ध चित्तको ऋद्धिशक्तिमा रमाई अगाडि बढ्न सक्तैन; त्यस चित्तको ऋद्धिशक्तिलाई दुरुपयोग गरेमा गर्नसक्ने छ। वर्तमान अवस्थामा सम्मोहन विद्यालाई दुरुपयोगगर्ने व्यक्तिहरू तथा ऋद्धि चमत्कारको शक्ति प्रदर्शनगरी धनोपार्जनगर्ने भारतका योगी फकीर साधुहरूको बारेमा हामीले यदाकदा जानी सुनिराखेका छौं । बुद्धको पालामा देवदत्तले ध्यान अभिज्ञानलाई दुरुपयोगगरी आफ्नो अर्थहितको खोजीगर्नु पनि प्रकट भएको साधकनमूना हो । त्यस अतिरिक्त शमथ-विपश्यनाकार्यमा शरीर र वचनलाई अनुशासितपार्ने र सुधारगर्ने काम समावेशभएको छ। कायिककर्म र वाचिककर्महरूलाई सुधार नगरेमा हामीले चित्तलाई अनुशासितपार्न र सुधारगर्न सक्दैनौं ।

तसर्थ बुद्धवादी विपश्यनाकार्यगर्नु अगाडि केही हदसम्म शीलले सम्पन्न हुनुपर्दछ। तापनि शीलधर्म र विपश्यनाधर्मलाई विभाजनगर्दा मानिसमा बुद्धि र विवेकहुनु अत्यावश्यक छ। शील कहिले पनि भङ्ग र तितरवितर नभई शतप्रतिशत परिशुद्ध र निर्मलभएमा मात्र विपश्यनाधर्म उद्योग र अभ्यास गर्नुपर्दछ भनेमा धेरै बुद्धवादीहरूले मार्गफल निर्वाणलाई निरर्थकरूपमा आशा बोकेर बस्नुपर्नेछ । वास्तवमा शील विपश्यनाको आधार भए सरह विपश्यना पनि शीलको आधार भई शील बृद्धिगर्नुलाई



Downloaded from http://dhamma.digital

उपकार गर्दछ। बुद्धवादअनुसार चित्त सम्पूर्ण धर्महरूको अगुवा र प्रमुख भई चेतनाले नै कायिककर्म वाचसिककर्महरूलाई प्रेरितगरी सृष्टिगर्ने भएकोले, चित्त चेतनालाई निर्मल र परिशुद्ध परिपक्व र अभिवृद्धिगराउन उद्योग र प्रयत्न गर्नुपर्दछ। त्यसरी चेतनासित सम्बन्धित कार्य वा चित्तलाई अनुशासितपार्ने र सुधार गर्ने कार्य समाधिको प्रधान कार्य हो।

अतः हामीले समाधि भन्ने पालिपदको विस्तृत व्यापक र गम्भीर अर्थ र अभिप्रायलाई जरैदेखि जान्नु बुझ्नु आवश्यक छ। **"समाधि"** पद पालिपिटकभन्दा अघिका अन्य भारतीय बाङ्मयहरूमा देखापर्दैन। पालिपिटकमा बारबार देखापर्ने सात सम्बोध्यङ्ग, आठ मार्गाङ्ग आदिमा समावेशगरी महत्व दिईराख्नुले समाधि बुद्धवादमा अत्यन्त महत्वपूर्ण धर्मभएको तथ्य प्रष्ट छ। त्यसैले समाधि धेरैजसो बुद्धवादीहरूले सोचेजस्तै चित्तलाई विक्षिप्त नपारी एउटै आलम्बनमा केन्द्रित रहनुलाई मात्र भन्नखोजेको होइन। एकाग्रता चैतसिक समाधिको एउटा लक्षण वा अङ्गमात्र भई समाधिमा त्यो धर्म भन्दा अन्य समावेशभएका धर्महरू बाँकीरहेका हुन्छन्।

पटिसम्भिदामग्ग पालिमा समाधि विक्षिप्त नहुनु, तितर वितर नहुनु, मलिन नहुनु, कम्पित नहुनु, क्लेशहरूबाट मुक्तहुनु, निर्वाण आलम्वनमा झुक्नु आदि स्वभावरहेको छ भनी भनिएको छ। अंगुत्तर निकाय चतुक्कनिपात रोहितस्सवग्गमा समाधिलाई बारबार अभिबृद्धि गर्नाले प्रत्यक्षजीवनमा सुखपूर्वक वासगर्न, दिव्यचक्षुज्ञानदृष्टि लाभगर्न स्मृतिसम्प्रजन्यले सम्पन्न हुन, आश्रवधर्म क्षयहुनु आदि प्रतिफलहरू लाभ हुनसक्छ भनी भनेको



Downloaded from http://dhamma.digital

छ। यसरी बृहत प्रतिफल उपार्जनगराउने समाधि एकाग्रता चैतसिकधर्म भन्दा विस्तृत व्यापक र गम्भीर हुनुपर्दछ।

"आयुष्मान् आनन्द ! वहाँ आयुष्मान् गौतमले जुन समाधिस्कन्धलाई प्रशंसागर्ने बानी छ। मानव समूहलाई समादान गराउनु हुन्छ त्यो उत्तम समाधिस्कन्ध कुन हो नि ?" भनेर शुभमाणवकले प्रश्न गऱ्यो। आयुष्मान् आनन्दको उत्तरअनुसार समाधिस्कन्ध १-चक्षुश्रोतादि इन्द्रियहरूलाई संयमगर्नु; २-स्मरण गर्नु "स्मृति" निरीक्षणगर्नु सम्प्रजन्यले सम्पन्नहुनु; ३ - सन्तोषहुनु; ४-अभिध्या, दोष, स्त्यान, मिध्यादि निवारणगर्नु; ५-नीवरणधर्मलाई हटाउनु र ६-चार ध्यानलाई उद्योग र अभिबृद्धिगर्नु हो। (दीघनिकाय सुभसुत्त)

यो कुरा पालिपिटकमा अत्यन्त पुरानो दीघनिकाय पालिमा आई त्यस निकायको सामञ्ञफल सुत्तमा र अन्य सुत्तहरूमा बुद्धले महत्वपूर्णरूपमा उपदेश दिनुभएको कुरासित मिल्दोछ। यो कथनद्वारा बुद्धोपदेशित समाधिधर्म धेरैजसो बुद्धवादीले जाने बुझेको समाधिधर्म भन्दा अर्थ र अभिप्रायमा निकै विस्तृत र व्यापक भएको तथ्य छर्लङ्ग छ। त्यसरी अर्थ र अभिप्राय विस्तृत र व्यापक भएको कारणले पनि समाधिकार्य बुद्धको विपश्यनाकार्यको पहिलो श्रेणी वा खुड्किलो भएको हो। समाधिकार्य चित्त चंञ्चल नहुनु, एउटै आलम्बनमा चित्तलाई दीर्घकालसम्म सुदृढरूपमा केन्द्रित पारिराख्नु मात्र हो भनी भनेमा बुद्धवादमा यसलाई महत्वदिई बढाईचढाई गरिराख्नुपर्ने आवश्यक छैन। कारण त्यस प्रकारको समाधिलाई अलिकति आचरण, उद्योग र अभ्यासगर्नुमात्रले



Downloaded from http://dhamma.digital

लाभ प्राप्तगर्न सकी चित्तवेद, सम्मोहन विद्या ग्रन्थहरूमा अभ्यासगर्ने विधिहरू उल्लेख गरिराखेको छ।

बुद्धोपदेशित समाधिस्कन्धमा समावेशभएको धर्महरूलाई अध्ययनगरेको खण्डमा तिनीहरू आपसमा सम्बन्धितरही एकले अर्कोलाई सहयोग गरिरहेको तथ्य देखापर्नेछ। तिनीहरूमध्ये ध्यानधर्म मुख्य हो तापनि सन्तोषहुनु, इन्द्रियहरूलाई संयमगर्नुमा सहयोगीभएर इन्द्रियहरूलाई संयमगर्नुले पनि सन्तोषहुनु; नीवरणधर्महरूलाई हटाउनुमा सहयोग पुऱ्याउनसक्दछ। तसर्थ बुद्धवादीले ध्यानधर्मलाई सबभन्दा पछिराखी बाँकी धर्महरूलाई त एकपछि अर्को नभई एकैसाथ आचरण, उद्योग र अभ्यासगर्नु पर्दछ।

समाधिस्कन्धमा अत्यन्त महत्वपूर्ण भएको प्राथमिक मूलधर्म त स्मृतिसम्प्रजन्यधर्म हो। हामीले नित्य सबै क्षेत्रमा होश नराखी आवतजावत कामकाज गरिराखेकोले चित्त अस्थिर भई चञ्चल भइराख्छ। अतः जाँदा, बस्दा, खान-पान गर्दा, आङ खुम्च्याउँदा र सोझ्याउँदा कमसेकम दिसा पिसाबगर्दामा समेत स्मृतिराख्नु आवश्यक छ। तापनि यसरी नित्य स्मृति सहितभएर आवतजावत गर्न र काम काज गर्न सजिलो छैन। सदैव स्मृति साथमा राख्नसक्नाको निमित्त निरन्तर उफ्री कुदी डगुराडगुर गरिरहने चित्तलाई प्रथमतः रोकथाम गर्नुपर्नेछ। चित्तलाई रोकथामगर्न बुद्धोपदेशित आनापानकर्मस्थान सर्वोत्तम अभ्यासविधि हो। चित्तलाई केही हदसम्म रोकथाम गर्नसक्ने अवस्थामा सबै क्षेत्रमा स्मृतिराख्ने र चित्तलाई पूरा वर्तमानमा राख्ने काम सजिलोभएर आउने छ।



Downloaded from http://dhamma.digital

सबै क्षेत्रमा स्मृतिरही जानी बुझी कामगर्नु र एक न एक बाह्य आलम्बनलाई देख्दा सुन्दा देख्नेमात्र सुन्नेमात्र गरी जानिराख्नु समाधि विपश्यनाकार्यमा महत्वपूर्ण आचरणपद्धति हो। "बाहिय, जुनबेला तिमी देख्दामा देख्नुमात्र, सुन्दामा सुन्नुमात्र, जान्दामा जान्नुमात्र हुनेछौ, त्योबेला तिमी रागादिसहित हुनेछैनौ । रूपालम्बनादिमा प्रसन्नहुनु, प्रतिघातगर्नु मोहितहुनु हुनेछैनौ। यस वर्तमानजीवनमा, अर्को जीवनमा र दुबै जीवनमा उत्पन्न हुनेछैनौ । यो नै दुःखको अन्त्य हो ।" (उदानपालि बोधिवग्ग बाहियसुत्त)

यहाँ सबै क्षेत्रमा स्मृतिहुनुको फलानिशंसलाई विशेषरूपमा लेखिरहनुपर्दैन। देख्नुमात्र सुन्नुमात्र आचरणको फलानिशंसलाई भने यसरी जान्नुपर्दछ। उदाहरणार्थ–भनौं हामीले एउटा ढुङ्गा र एउटा मोटरकार देख्यौं। ढुङ्गालाई हेर्नु हेर्नुमात्र हो। त्यो हेराइको कारणले प्रेमहुनु, रिसउठ्नु, हर्षितहुनु, विस्मादहुनु आदि वेदना चैतसिकहरू उत्पन्नहुँदैन । ढुङ्गा भन्ने रूपालम्बनको कारणले यस्तोउस्तो चिन्तना र कल्पना गर्नुपर्दैन। मोटरकारको हेराईको बेलामा त्यस्तो हुँदैन। त्यो देखाइको कारणले त यस्तो उस्तो कल्पनागरी ईर्ष्या, मात्सर्य, अभिध्या, व्यापादादि दौर्मनस्य चित्तहरू उत्पन्नभएर आउँदछ। अथवा त्यो हेराईलाई कारणगरेर चिन्तना कल्पनाहरू लहरै निरन्तर उत्पन्न भइरहनेभएर ती चिन्तना कल्पनाहरूले कामच्छन्द व्यापादादि नीवरणधर्महरूलाई उत्पन्न गराउँछ। मोटरकारलाई हेर्नु ढुङ्गालाई हेर्नुजस्तै हेराईमात्र भइदिएमा वितर्क विचारसित सम्बन्धित नीवरणधर्महरू दौर्मनस्य चित्तहरू उत्पन्न हुनेछैनन् ।



Downloaded from http://dhamma.digital

यो तथ्य शक्र देवेन्द्रलाई भगवान् बुद्धले भन्नुभएको कथनद्वारा स्पष्ट हुन्छ। "देवेन्द्र, ईर्ष्या र मात्सर्य स्नेह र रिस केको कारणले उत्पन्न हुन्छ? स्नेह र रिस आशाछन्दको कारणले उत्पन्न हुन्छ। आशाछन्द तर्कनागर्ने वितर्क भन्ने पृष्ठभूमि रहने कारण रहेको छ। जुन सौमनस्य, दौर्मनस्य र उपेक्षा वेदनाहरू तर्कना र परामर्शगर्नुसित सम्प्रयुक्त छ। जुन सौमनस्य, दौर्मनस्य र उपेक्षावेदनाहरू तर्कना र परामर्श गर्नुसित सम्प्रयुक्त छैन। ती दुईमध्ये तर्कना र परामर्शगर्नु नपर्ने सौमनस्य, दौर्मनस्य र उपेक्षा वेदनाहरू बढी उत्तम छ।" (दीघनिकाय सक्कपञ्ह सुत्त)

तसर्थ कान, आँखा आदिसित पाँच आलम्बन घटित हुँदा केही पनि चिन्तना र तर्कना नगरी हेर्नु र सुन्नुमात्र गर्नुपर्दछ। भगवान् बुद्धले इन्द्रिय संवरशील विषयलाई उपदेश दिनुहुँदा त्यो तथ्यलाई महत्व दिएर उपदेश दिनुभएकोछ। "महाराज, भिक्षुले कसरी इन्द्रियहरूलाई संयम गर्नुपर्दछ? यो संसारमा भिक्षुले आँखाद्वारा रूपालम्बनलाई देख्दा स्त्री पुरुषादि संस्थान निमित्तप्रति उपादान राख्दैन। हात गोडा आदि अङ्ग, मुस्कुराउनु, हाँस्नु आदि आकारप्रकार संकेत लक्षणप्रति उपादान राख्दैन।" (दीघनिकाय सामञ्ञफलसुत्त र अन्य सुत्तहरू)

हेर्ने र सुन्ने कुरालाई धारण र पालनगर्दा प्रज्ञाज्ञानलाई प्रयोग गर्नुपर्दछ। उदाहरणार्थ हामीले एउटा बुद्धमूर्तिलाई हेर्‍यौं। अथवा एउटा मृतकको लाशलाई देख्यौं, अथवा एउटा दुःखी व्यक्तिले गुहार मागेको आवाज सुन्यौं, उपर्युक्त आचरणलाई अनुसरणगर्न सक्नेछैनौं। बुद्धमूर्तिलाई हेर्ने बेलामा बुद्धको गुणोपकार सम्झनुपर्ने हुन्छ। मृतकको लाशलाई हेर्ने बेलामा अनित्यधर्म र



Downloaded from http://dhamma.digital

मरणधर्मलाई सम्झनु र बुझ्नुपर्ने हुन्छ। एउटा दुःखी व्यक्तिको सहयोगको आवाज सुन्नेबेलामा परिस्थितिलाई मूल्यांकनगरी सकभर सहयोग गर्नुपर्ने हुन्छ। वास्तवमा यो आचरण सबै क्षेत्रमा परिस्थितिलाई नियालेर परीक्षण र विभाजनगरी आचरण गर्नुपर्दछ भन्ने बुद्धको विभज्जवादानुरूप मेलखान्छ । संसारमा धेरै आलम्बनहरू तृष्णालोभ उब्जाउने आलम्बनभएर तिनीहरूबाट विमुख हुनुपर्दछ भनिएतापनि कुनै कुनै आलम्बनहरू कुशलधर्म वृद्धिगराउनेभएर तिनीहरूप्रति भने ध्यानपुऱ्याउनुपर्दछ। वास्तवमा भगवान् बुद्धले पनि सबै आलम्बनहरूलाई हटाउनुपर्दछ भनी उपदेश दिनुभएको छैन ।

"हे देवेन्द्र, रूपालम्बन, शब्दालम्बन आदि छ आलम्बनहरू भएकोमा ती पृथक पृथक आलम्बनमध्ये सेवन गर्नुपर्ने आलम्बन र सेवनगर्नुनपर्ने आलम्बन भनी दुई प्रकारले म तथागत उपदेश दिन्छु । जुन स्वभावभएको आलम्बनलाई सेवनगर्दा व्यक्तिको अकुशलधर्महरू वृद्धिभई कुशलधर्महरू ह्रास हुन्छन्, त्यस्तो स्वभावभएको आलम्बनलाई सेवनगर्नु हुँदैन । जुन स्वभावभएको आलम्बनलाई सेवनगर्दा व्यक्तिको अकुशलधर्महरू ह्रासभई कुशलधर्महरू वृद्धि हुन्छन्, त्यस्तो स्वभावभएको आलम्बनलाई सेवनगर्नुपर्दछ ।" (दीघनिकाय सक्कपञ्ह सुत्त)

यहाँ आचरणशीलखण्डमा देखाइसकेको बुद्धको कथनलाई निरन्तर होशपुऱ्याउनु आवश्यक छ। बुद्धको मतअनुसार रूपालम्बन, शब्दालम्बनादिलाई बिल्कुल वर्जितगर्नु अथवा माथि उल्लेख–गरेझैं सेवनीय आलम्बन र असेवनीय आलम्बन भनी विभेद नगरी सबै आलम्बनलाई उपेक्षागर्दा लाटो र अन्धोको



Downloaded from http://dhamma.digital

क्रियाकलापजस्तै हुनेभयो। त्यसैले "हे स्थापित, अकुशलशीललाई जान्नुपर्दछ। अकुशल उत्पत्ति कारणलाई जान्नुपर्दछ। अकुशल निरोधलाई जान्नुपर्दछ। निरोधगामिनी प्रतिपदालाई जान्नुपर्दछ।" (मज्झिमनिकाय समणमुण्डिका सुत्त)

समाधिस्कन्धमा समावेशभएका अकुशलधर्महरू निरोध र शान्तहुने कारण आचरणलाई माथि उल्लेख गरिसकेको छु। तिनीहरू त सन्तोषहुनु, सबै क्षेत्रमा स्मृतिहुनु र असेवनीय आलम्बनहरूलाई तर्कना र परामर्श नगरी देख्नु र सुन्नुमात्र बनाईराख्नु हो। अकुशलधर्महरू निरोध र शान्तहुने कारण अन्य विधिहरूलाई लगातार विचार गर्नुपर्दछ।

पृथग्जन प्राणीहरूको चित्त पञ्चकामगुणमा रमाउने भएकोले अकुशलचित्तले अल्छी, हीनवीर्य व्यक्तिको आन्तरिक सन्ततिमा प्रवेशपाउनु स्वाभाविक हो। त्यसैले चित्तलाई विक्षिप्त नबनाई राम्रो आलम्बन, राम्रो कार्यमा सधैं जगाइराख्नुपर्दछ। अर्को शब्दमा, अकुशलचित्तलाई कुशलचित्तले रोकथाम गरि–राख्नुपर्दछ। कुशलचित्त प्रबलपार्नको निमित्त दश अनुस्मृति, चार ब्रह्मविहार धर्महरूलाई भाविता गर्नुपर्दछ। तिनीहरूलाई पाठकहरूले थाहापाइसकेको भएर विस्तृत उल्लेख नगरी विचारणीय केही तथ्यमात्र उल्लेखगर्नेछु।

दश अनुस्मृति र चार ब्रह्मविहार धर्महरू, वास्तवमा बराबर उद्योग अभिवृद्धि र अभ्यास गरिरहनुपर्ने कर्मस्थान धर्महरू हुन्। कर्मस्थान धर्महरू भनेको नित्य आफूले वहन गरिरहेका कर्तव्य कर्महरूलाई केही क्षण रोकी एकान्त ठाउँमा अभ्यास



Downloaded from http://dhamma.digital

गर्नुपर्ने कार्य भनेर धेरैले थाहापाइराखेका छन् । मानिसहरूले दिनहुँ वहनगर्नुपर्ने लौकिक कृत्यहरूसँगै सामनागर्नुपर्ने समस्याहरू जटिल र धेरै भएकाले समाधि परिपक्वपार्ने चाहनाभएको व्यक्तिले आफ्नो घर, आफ्नो काम र आफ्नी स्वास्नी छोराछोरीहरूलाई छोडेर सुनसान ठाउँमा आचरण र अभ्यास गर्नुपर्दछ । तरपनि कर्मस्थानधर्म भनेको ध्यानकेन्द्रमा मात्र उद्योग र अभ्यासगर्नुपर्ने धर्म हो भनेर सम्झनुहुँदैन । चित्तलाई चञ्चल नपारी एक न एक काममा केही बेरसम्म केन्द्रीत पारेर राख्नसक्ने व्यक्तिले आफ्नो घर र आफ्नो कार्यशालामा पनि कर्मस्थानभावना वृद्धि गर्नसक्दछ । गाडीमा यात्रा गरिरहँदा धम्मपद पढी चिन्तन र मननगर्नु धर्मानुस्मृतिलाई भावितागर्नु हो । मलामी जाँदा मरणधर्मलाई स्मरणगरी मरणानुस्मृति कर्मस्थानलाई भाविता गर्नुपर्दछ । आफ्नो स्वार्थलाई नहेरी दुखी सत्त्वहरूलाई उद्धारगर्ने एउटा डाक्टरका विषयमा बनाइराखेको चलचित्र हेरेर मैत्री र करूणा वृद्धि गर्नुपर्दछ । यसरी कुशलधर्महरूलाई जसरी भएपनि सकभर दिनहुँ नियमितरूपमा वृद्धिगर्नु, वर्षको एक दुई चोटी ध्यानकेन्द्रमा गई तीव्ररूपमा उद्योग र अभ्यास गरिसकेपछि बाँकी समयमा बेहोशी र प्रमादी भई बस्नुभन्दा निस्सन्देह बढी लाभदायी हुनेछ ।

दश अनुस्मृतिसित सम्बन्धराखी पौराणिक र परम्परागत धारणाहरूलाई निरीक्षण र परीक्षण गरेर हेर्नुपर्दछ । बुद्धानुस्मृति कर्मस्थानभावनागर्दा बुद्धमूर्तिलाई मनमा निरन्तर देखिरहनको निमित्त प्रयास र प्रयत्नगर्नु समाधिकार्यलाई धेरै उपकार गर्नेखालको हुन्छ । बुद्धको ३२ महान लक्षण, ८० स-साना लक्षण, ८ विजय आदिलाई अध्ययन र मननगरी बुद्धलाई अन्धाधुन्ध श्रद्धागरेतापनि



Downloaded from http://dhamma.digital

बुद्धको निन्दा र आलोचना खप्नुपरेको भिक्षु वक्कलिको क्रियाकलाप जस्तो हुन्छ । बुद्ध परमात्मा नभएकोले बुद्धको अनन्त भाग्य, अनन्त ज्ञानलाई अवलोकन र स्मरण गर्नुमात्रले समाधिकार्य सफल हुनेछैन । बुद्धको जीवनीलाई अध्ययनगरेर मूल्यांकनगरी त्यस जीवनको आदर्शहरूलाई नित्य हृदयंगमगरी कार्यरत रहनाले नै समाधिकार्यमा सहयोगी हुनसक्दछ ।

वास्तवमा **अनुस्सति** भन्ने पालिपद निरीक्षणगर्नु, सम्झनु, स्मृतिरहनु अर्थवाची भएकोले अट्ठकथा ग्रन्थहरूमा बुद्धानुस्सति, धम्मानुस्सति, संघानुस्सति पदहरूलाई वर्णनगर्दा बुद्धगुण, धर्मगुण, संघगुणहरू मात्र भनी उल्लेखगर्नु बुद्धको मतसित मिल्दैन । त्यसैले दश अनुस्मृतिलाई भावितागर्दा सम्बन्धित विषयवस्तुको सन्दर्भमा राम्ररी अध्ययन र मननगर्नु; आफूले आफैलाई परीक्षणगर्नु ; चार सम्यक्प्रधानअनुरूप आचरण उद्योग र अभ्यासगर्नु आदि गर्नुयोग्यछ । उदाहरणार्थ, **संघानुस्सतिलाई** भावितागर्दा संघ भनेको के हो ? संघको विषयमा मैले कतिको बुझिराखेको छु ? मैले भिक्षुसंघले हाम्रो संस्कृतिलाई कसरी योगदान पुऱ्याएको छ ? मैले भिक्षुसंघको अर्थहितलाई कसरी वहन गरिरहेको छु ? म किन भिक्षु हुन नसकेको आदि प्रश्नहरूलाई पृष्ठभूमिराखी मनन र मूल्यांकन गर्नुपर्दछ ।

चार ब्रह्मविहारधर्म भारतमा बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि नै रहिसकेको धर्म हो भनी मिसेज् रीस् डेविड्स्ले धारणा राख्दछिन् । अन्य केही सुत्तन्त देशनाहरू (उदाहरणार्थ मज्झिमनिकाय महादेवसुत्त) र जातकनिपात कथावस्तुहरूमा ब्रह्मविहारधर्महरूलाई पुरातन प्रवेणीदेखि मानिसहरूले उद्योग, अभ्यास र अभिवृद्धि



Downloaded from http://dhamma.digital

गरेको तथ्य समावेशभएको कारणले त्यसरी धारणा राखेकी हुन् जस्तो देखिन्छ। डा. रीस् डेविड्सले त अन्य भारतीय धार्मिक ग्रन्थहरूमा बिलकुल देख्नमा नआएको कारणले बुद्धले सर्वप्रथम उपदेश दिनुभएको धर्महरू भनी धारणा राखेको छ।[१]

चार ब्रह्मविहार धर्ममध्ये मैत्री, करूणा र मुदिताधर्महरूको विषयमा विशेष उल्लेखगर्नुपर्दैन। परन्तु उपेक्षाधर्मको विषयमा विशेषरूपले विचारगर्नु आवश्यक छ। **उपेक्खा**-पदलाई केही बुद्धवादीहरूले वर्णन गरेकोमा सबै सत्त्वहरू अतीतजन्मको कर्मले व्यवस्थागरे अनुसार वर्तमानमा रहन्छन् भनी जानी बुझी उपेक्षागर्नु भनी वर्णन गर्नेगर्दछन्। यो बुद्धले अस्वीकार गर्नुभएको **सब्बपुब्बेकतहेतुदिट्ठि**तिर झुकिराखेको स्थितिमा पुगिराखेको र करूणाधर्मलाई निषेधगरेको अवस्थामा पुगेको भएर सन्तोषजनक देखिन्न।

**उपेक्खा** बुद्धवादमा महत्वपूर्ण सात सम्बोध्यंगमा समावेश भएको छ। देख्नुमात्र सुन्नुमात्र आचरण अर्को विधिमा उपेक्षाधर्म भावितागर्ने आचरणपद्धति हो। पञ्चालम्बन ८ लोकधर्मसित सामनागर्नुपर्ने बेलामा तृष्णा, मान र दृष्टिको हिसाबले आसक्त नभई, उपेक्षाधर्मलाई हृदयंगमगरी चित्तलाई इन्द्रकील पर्वतजस्तै यताउता नढल्काई दृढ स्थिररूपमा राख्नुपर्दछ। तसर्थ बुद्धले उपेक्षाधर्मलाई वरिपरिको प्रयोगको कारण अलिकति पनि कम्पित नहुने आकाश, पृथ्वी, जल, वायु, अग्निहरूसित तुलनागरी महत्वदिएर उपदेश दिनुभएको हो। "राहुल, पृथ्वीसमानको भावनालाई भावितागर। त्यस भावनालाई भावितागर्ने तिमीमा

[१] Dr. Rhys Davids, "Dialogues of the Buddha", Vol. I. p. 298, note



Downloaded from http://dhamma.digital

उत्पन्न आस्वादित, निरास्वादित स्पर्शहरूले चित्तलाई पूर्णतः घेरामा पारी समाएर राख्नसक्नेछैन । अपवित्र चीजवस्तुहरूको कारणले नोक्सान नहुने जस्तै, त्यस भावनालाई भावितागर्ने तिम्रो निमित्त पनि उद्विग्नलाग्नु लज्जामान्नु घृणाहुनु हुँदैन ।" (मज्झिमनिकाय महाराहुलोवाद सुत्त)

ऊ.स्वे जां आउँको मतअनुसार उपेक्षा **तत्रमज्झत्तता चैतसिक** हो । मध्यस्थरूपमा समभावराखी भावितागर्नु सुन्नु कृत्यरहेको छ । सुख दुःखबाट अलग भई कुशलचित्त पनि नभइकन प्रज्ञाज्ञानले सम्प्रयुक्तभएको चैतसिक हो ।[1] त्यसैले उपेक्षा, तृष्णा, उपादान र स्नेहगर्नु, घृणागर्नु, हर्षमान्नु , विस्मातहुनु आदि वेदना चैतसिकहरूलाई अतिक्रमणगरेर चित्त स्थिर, शान्त र दृढ रहनुतिर उन्मुख हुने धर्म हो । यसरी तृष्णा उपादानबाट अलग हुनुले चित्त स्थिर, शान्त, दृढहुनुलाई सहयोग दिएतापनि तृष्णा उपादान नै मूल कारणरहेको स्नेहगर्नु दयागर्नु नभइकनै अन्य व्यक्तिलाई सहयोगगर्नु र संरक्षण दिनसकिन्छ र भनी सोध्नुपर्ने अवस्था छ ।

भगवान् बुद्धले तृष्णा उपादानलाई निरवशेषरूपमा हटाइसक्नुभएको भएतापनि वेनेय्य सत्त्वहरूप्रति महान् मैत्री र करूणाराख्नुभएकोमा शंका र संशयगर्नुपर्ने स्थिति छैन । बुद्धादि आर्यपुद्गलहरूको मैत्री र करूणा पृथग्जनहरूको मैत्री र करूणाजस्तो नहुनु सही हो । त्यसरी नहुनुको कारणले ती आर्यहरूको मैत्री करूणा मनभित्र वृद्धिगर्नुपर्ने धर्ममात्र हो भनी

[1] S.Z. Aung, "Compendium of philosophy", pp 378 79



Downloaded from http://dhamma.digital

सम्झनुहुँदैन। भगवान् बुद्धले शारीरिकप्रक्रिया वाचसिकप्रक्रिया–द्वारा मैत्री र करूणाधर्महरूलाई आचरण तथा व्यवहार गर्नुभएको तथ्यलाई बुद्धविषय खण्डमा उल्लेख गरिसकेको छु। वास्तवमा आर्यहरूको मैत्री, करूणा र उपेक्षासित सम्प्रयुक्तभई प्रज्ञाज्ञान पूर्वगामीरहेका धर्महरूभएकोले मनुष्यलोकको निमित्त ठोसरूपमा हितउपकार गर्नसकिन्छ। तृष्णा उपादान बिल्कुल अलग्ग भएका आर्यपुद्गलहरूलाई त्यसै छोडौं; रोगीहरूप्रति स्नेह र घृणा नभएका डाक्टरले एउटा रोगीले अनुभव गरिरहेको वेदनालाई हेरी चित्तकम्प नभएता पनि रोगीलाई उद्धारगर्न निकोपार्न विधि र उपायहरू खोज तलाश र चिन्तनमनन गर्नसक्तछ। तीब्र उपादान उत्पन्नभई परिदेव-अग्नि दन्किरहेका रोगीका नातेदारहरूले त स्मृतिसम्प्रजन्यधर्म हातबाट गुमाई कति पनि सहयोग पुन्याउनसक्दैनन्। त्यस अतिरिक्त, वैज्ञानिकक्षेत्रमा वीरतापूर्वक खोज तलाश निरीक्षण र परीक्षणगरी मनुष्यलोकलाई हित उपकार गरेका प्रज्ञाविद्हरू आ-आफ्ना सुख दुःख अरूहरूको इच्छा, आकांक्षा, द्वेष, घृणा, निन्दा प्रशंसा इत्यादिलाई उपेक्षागरी चित्त स्थिर, शान्त र दृढरहेका व्यक्तिहरू भएको तथ्यलाई ध्यान पुन्याउनुपर्दछ।

बुद्धवादको उपेक्षाधर्मसित सम्प्रयुक्तभएको करूणाधर्म विषयको सम्बन्धमा एकजना पश्चिमी प्रज्ञाविद्को भनाई मननीय छ। "बुद्धवादीको करूणाधर्म तृष्णा र अविद्या विल्कुल अलग्गिएको धर्म हो। आधुनिकयुगको मनोविज्ञानले त्यस्तो करूणाधर्मलाई प्रशंसागर्दछ। आन्तरिक सन्ततिमा आत्मोपादान नअलग्गिएको व्यक्तिमा साँचैको दया करूणा हुनसक्तैन। उसको स्नेह र ममता



Downloaded from http://dhamma.digital

विपरीत आत्मोपादान कामच्छन्दहरूबाट निस्कन्छ । उसले कुनै व्यक्तिलाई स्नेहगर्दा त्यस व्यक्तिको लाभ वास्तविकरूपमा चाहेको कारणले नभई आफूले अधीनस्थ पार्नचाहेको कारणले स्नेहगरेको हो । त्यो व्यक्तिमा अत्यन्त दया र मायाले भरेको चित्तरहनु त्यो व्यक्ति आफैले दया र मायालाई तीब्ररूपमा तुरून्तातुरून्तै उपभोग गर्नचाहेको कारणले हुनसक्तछ । मनोवृत्ति परिपक्वभएको व्यक्तिको दयामाया त धर्माधिष्ठानमात्र हुन्छ । त्यसले अरूको निहुँमा आफ्नो आशा छन्दलाई चाल नपाउँनेगरी परिपूर्ति गर्दैन । त्यस किसिमको आत्मोपादानहरू अलगिगएको आमाले आफ्नो बच्चालाई मायागर्दा मेरो सम्पत्ति भन्ने अधीनस्थ पार्नचाहने जस्तो मन नभई कर्तव्यलाई सम्झेर बुझेर मायागर्ने हुन्छ ।"[1]

मैत्री करूणादि ब्रह्मविहारधर्मलाई भावितागर्नुले लोभ, द्वेष, मोहनामक क्लेशधर्महरूलाई हटाउनमा सहयोग गर्छ, तर क्लेशधर्म भनेको मानिसहरूको सन्ततिमा अनुशय बीजको रूपमा स्थित भइरहने भएकोले तिनीहरूलाई दमनगर्नु सजिलो काम होइन । तसर्थ त्यो कार्यको निमित्त तीब्र वीर्य र ठूलो उत्साहहुनु आवश्यक छ । "भगवान् बुद्धको शासनमा ढिलासुस्ति, अलसीपनाले नभई जुरूकजारूक उठ्नेखालको आरब्धवीर्यद्वारा उद्योग गरिन्छ । तब दृढता र अदम्य उत्साहभएको पराक्रम वीर्यद्वारा संयुक्त भइरहन्छ । गजराजले सानो बाँसको छाप्रोलाई तहसनहसपारी विनाशगर्नेजस्तै आफ्नो सन्ततिमा भएको क्लेशरूपी शत्रुहरूलाई दमनगरी विनाश गर्दछ ।" (संयुत्तनिकाय ब्रह्मसंयुत्त अभिभुथेर सुत्त)

[1] F.H. Ross, **"The meaning of life in Hinduism and Buddhism"**, p.123



Downloaded from http://dhamma.digital

तर, जुनसकै काममा पनि बुद्धि विवेकभएको व्यक्तिले वीर्यमा मात्र भरपरिरहनुपर्दैन । समाधिलाई जगाउँदा वीर्य र उत्साहको अतिरिक्त अन्य विधिहरू पनि रहिरहेको तथ्यलाई होशगर्नुपर्दछ । निम्न सूत्र देशनाले ती विधिहरूलाई निर्देशित गर्दछ ।

"लोभ, दोष, मोह वृद्धिभई वितर्कहरू उत्पन्न भएमा (१) कुशलसित सम्प्रयुक्तभएको अर्को एउटा विषयलाई हृदयंगम गर्नुपर्दछ । (२) वितर्कहरूको दोषलाई प्रत्यवेक्षण गर्नुपर्दछ । (३) वितर्कहरूलाई हृदयंगम नै गर्नुहुँदैन । (४) वितर्कहरूले विनाश र हानीगर्नसक्ने कारणको आधारलाई हृदयंगम गर्नुपर्छ । (५) माथिल्लो दाँतले तल्लो दाँतलाई थिचेर जिब्रोले तालु स्पर्शगरी कुशलचित्त–द्वारा अकुशलचित्तलाई दबाउनुपर्छ ।" (मज्झिमनिकाय वितक्कसण्ठान सुत्त) ।

वितर्क (चिन्तनगर्नु, परामर्शगर्नु) को दोषलाई माथि उल्लेख गरिसकेको छ । वितर्कहरूलाई हटाउनु, सन्तोषहुनु, इन्द्रियहरूलाई संयमगर्नु, मानसिकशक्तिद्वारा अकुशलचित्तहरूलाई दबाउनु आदि आचरणपद्धतिलाई अनुसरणगरी आचरण गरिए पनि अकुशलचित्तहरू आन्तरिक संततिभित्र प्रवेशगरेमा हामीले के कस्तो गर्नुपर्ला नि ? यो महत्वपूर्ण प्रश्नको उत्तर महासतिपट्ठानसुत्तमा आएको चित्तानुपस्सनालाई अभ्यासगरेर जान्नुपर्दछ ।

"भिक्षुहरू ! भिक्षु चित्तलाई बारबार भावितागर्ने बानीभएको भई विहारगर्दछ । रागचित्तलाई रागचित्त भनी जान्दछ । दोषचित्तलाई दोषचित्त भनी जान्दछ । मोहचित्तलाई मोहचित्त भनी जान्दछ ।



Downloaded from http://dhamma.digital

आध्यात्मिक सन्ततिमा कामच्छन्द रहेमा आफ्नो आध्यात्मिक सन्ततिमा कामच्छन्द छ भनी जान्दछ। व्यापाद भएमा व्यापाद छ भनी जान्दछ। स्त्यानमिद्ध भएमा स्त्यानमिद्ध छ भनी जान्दछ। उद्धच्च (चित्त चंचलहुनु) कुक्कुच्च (पश्चात्तापहुनु) भएमा उद्धच्च कुक्कुच्च छ भनी जान्दछ। विचिकिच्छा (निर्णयगर्न नसक्नु) भएमा विचिकिच्छा छ भनी जान्दछ।" (सतिपट्ठान सुत्त)

"आवुस ! जुन व्यक्तिले आफ्नो सन्ततिमा मलमूत्र रही मलमूत्र रहेको कारणलाई यथाभूतरूपमा जान्नेछ, त्यो व्यक्ति मलमूत्र रहेर मलमूत्र रहेको कारणलाई यथाभूतरूपमा नजान्ने व्यक्तिभन्दा उत्तम छ।" (मज्झिमनिकाय अंगण सुत्त)

सही हो। हामीले अकुशलचित्तलाई अकुशलचित्तभएको कारण थाहापाएमा मात्र त्यस चित्तलाई हटाउन चाहने छन्द उत्पन्नभई, हटाउनको निमित्त प्रयास गर्नेछौं, तर यो प्रकटभएको एउटै मात्र विषयलाई कारण बनाएरमात्र अकुशलचित्त थाहापाउनु महत्वपूर्ण छैन। त्यो थाहापाइने आचरण पद्धतिभित्र गम्भीर मनोविज्ञान र स्वभावधर्महरू समावेश भइरहेको तथ्यलाई होशगर्नुपर्दछ।

अकुशलचित्तलाई थाहापाइराख्ने कृत्य बहुजनले सोचेजस्तो सजिलो कृत्य होइन। लोभ, दोष, अभिध्या, व्यापाद आदि एक न एक अकुशलचित्त अभिभूत भइरहेको क्षणमा मानिसहरूले त्यस चित्तलाई थाहा पाएका हुँदैनन्। चित्तको पछि शरीर लागेर केही काम गरिसकेपछि आफ्नो कार्यलाई पुनरावलोकन र परामर्शगर्ने



Downloaded from http://dhamma.digital

बेलामा मात्र भूल थाहापाउन सकिन्छ। प्रायशः यसरी समेत हेर्न जान्न नसकी अथवा अकुशलचित्तलाई बिलकुल थाहापाउन नसकीकन नै आफूले आफैलाई छल गरिरहन्छ । (उदाहरणको रूपमा, विश्वलाई राम्रो पार्नको निमित्त कम्युनिष्ट सिद्धान्त विकासभएको हेर्न चाहन्छु भन्ने श्री सेतेज्यूले वास्तवमा आफ्नो घर छिमेकी जग्गा धनी श्रीकालेज्यू सुखीसम्पन्न भएकोलाई हेर्न नसकेको कारणले कम्युनिष्ट सिद्धान्त चाहेको भएमा हुनसक्नेछ। कथंकदाचित् आफ्नो निकृष्ट चित्तलाई अरूमा हेर्न जान्दछ। उदाहरणको रूपमा बर्मेली सुन्दरीप्रतियोगितालाई प्रोत्साहित पार्नेहरूलाई धुमधाम निन्दा उपहासगर्ने व्यक्तिमा वास्तवमा आफैमा नै त्यस्तो प्रतियोगितालाई रागचित्तले हेर्न चाहने छन्द भएको व्यक्ति भएमा हुनसक्ने छ।)

त्यसरी आफूले आफैलाई छलगर्ने साधकयुक्ति प्रमाणहरू मनोविश्लेषणगर्ने मनोविज्ञान ग्रन्थहरूमा थुप्रै पाइन्छ। मनोविश्लेषकहरूअनुसार सभ्यता विधि, सामाजिकता विधिहरूले अस्वीकारगर्नाको कारणले हामीहरू थाहापाउने नगरेका क्लेशचित्तहरू निरर्थक नभई मनोविज्ञानको भित्री भागमा घुसी अचेतन चित्तको भावमा परिणतभएर जान्छ। त्यो चित्तले मानिसहरूलाई अभिभूतपारी अधिकारजमाई अचेतन मानिसहरूको क्रियाकलापहरूलाई आविष्कार र निर्देशनगरी विभिन्न प्रक्रिया द्वारा मानसिकविकार उत्पन्न गराउनसक्छ। यस तथ्यलाई प्रष्टपार्ने साधकनमूना त पश्चिमी राष्ट्रहरूमा कोही कोही मानिसहरूमा बिनाकारण मानसिक अशान्तिहुनु, एक न एक उपादान आसक्ति रहिरहनु, शोक सन्तापहुनु, चित्त मलिनहुनु, अस्वस्थहुनु आदि



Downloaded from http://dhamma.digital

मानसिकरोगका लक्षणहरू उत्पन्न भइरहेको अवस्थाबाट मनोविश्लेषणद्वारा अचेतन चित्तलाई उद्घाटितगरी समर्थनगर्ने बेलामा मानसिकरोगलक्षणहरू आफूखुसी बिलाएर गएकोबाट देखिन्छ ।[1]

उदाहरणको रूपमा, बहिदार श्री सेतेले अफिसमा आफूलाई हप्काउने दप्काउने आफूभन्दा माथिको हाकिमप्रति रिस उठाउँछ। अरूको हप्काइ दप्काइ खानुपर्दा रिस उठ्नु मानिसको स्वभाव नै हो। श्री सेतेले आफूमा रिस उठेकोलाई राम्ररी थाहापाई आफ्नो चित्तलाई जानीबुझी नियन्त्रण राख्नसके राम्रो हुन्छ। त्यसो नभई आफूभन्दा माथिको हाकिमप्रति कहिल्यै रिस उठाउनुहुन्न भन्ने उपादानको कारणले वा हाकिमसँग डराएको कारणले आफ्नो रिसलाई जान्नबुझ्न नसकेमा, त्यो द्वेषचित्त अचेतनचित्तको रूपमा परिवर्तनभई आफ्नो स्वास्नी, छोराछोरीहरूसित घरमा भेटहुँदा त्यो प्रकटरूपमा पुनः देखापर्न आउँने छ । अर्थात् आफूसित डराउने एक न एक व्यक्तिलाई निहुँखोजी हप्काउन, दप्काउन र गाली गर्नचाहने चित्त देखापर्न आउने छ। यसरी अकुशलचित्त उत्पन्नहुनुलाई नजान्नुको कारणले भय अन्तराय हुनसक्ने प्रक्रियालाई देखाइने नमूनासाधकहरू धेरै नै छन् ।

तसर्थ मनोवैज्ञानिकहरूको विचारअनुसार अकुशलचित्त–हरूलाई जान्नु बुझ्नु आफ्नो चरित्रधर्म संरक्षणगर्न र चित्तलाई शान्त र आनन्द दिलाउन अत्यन्त महत्वपूर्ण छ । हामीहरूले अकुशलचित्तलाई संयमित पार्नसक्नु अघि त्यसबारे जान्न, देख्न

[1] "अचेतनचित्त म्यावती, मार्च, १९५७



Downloaded from http://dhamma.digital

र बुझ्न आवश्यक छ । अर्को शब्दमा त्यसलाई मनोविज्ञानको पछाडितिर अचेतनचित्तको रूपमा परिवर्तन गराउन नदिई जानी बुझिकनै रोक्नुपर्दछ । यसरी चित्तलाई जानी बुझी रोक्नाले समाधि परिपक्वभएर ध्यानधर्म, उद्योग र अभ्यासगर्ने बेलामा सहयोगी हुनेछ ।

चार ध्यानलाई दीघनिकायमा समाधिस्कन्धको सर्व अन्तिम धर्मको रूपमा देखाइराख्नु; सामञ्ञफल आदि अन्य सुत्तन्त देशनाहरूमा नीवरणधर्महरूलाई हटाउनु र विपश्यनाज्ञानको माझमा देखाइराख्नुमा आधारितगरी ध्यानधर्म समाधि कार्यको सर्व अन्तिम खुड्किलो हुनुपर्दछ । पिटकमा आइराखेको ध्यान धर्मसित सम्बन्धित कुराहरूलाई अन्वेषणगरेको खण्डमा ध्यानधर्म, उद्योग र अभ्यास गर्नचाहने व्यक्तिले केही हदसम्म समाधिलाई परिपक्व गराउनुपर्ने विषयमा शंका लिनुपर्दैन । प्रथमध्यानमा कामच्छन्द आदि नीवरणधर्महरू शून्यभई वितर्क, विचार र प्रीतिसुख बाँकीरहन्छ । द्वितीयध्यानमा वितर्क, विचार शान्तभई प्रीतिसुख बाँकीरहन्छ । तृतीयध्यानमा योगीले प्रीतिरहित भएको सुखको अनुभव गर्दछ । चतुर्थध्यानमा त सुख दुःखलाई हटाई उपेक्षाको कारणले उत्पन्नहुने स्मृतिको परिशुद्धता रहेको निर्मल स्वच्छ चित्त योगीको सम्पूर्ण शरीरमा फैलिरहेको विषयलाई पिटकमा उल्लेख गरिराखेको छ ।

ध्यानधर्म बुद्ध उत्पन्न हुनुभन्दा अगाडि भारतमा विद्यमान रहिसकेको धर्म हुनुपर्दछ । किनभने जातक निपात कथावस्तुहरूमा पुरानो प्रवेणीदेखि ध्यानधर्मलाई उद्योग र अभ्यासगर्ने



Downloaded from http://dhamma.digital

ऋषिश्रमणहरूको विषय समावेश छ। दीघनिकाय ब्रह्मजालसुत्तमा ध्यानधर्मलाई दृष्टधर्म निर्वाणवाद शीर्षकद्वारा उल्लेख गरिराखेको छ । भनिन्छ केही श्रमणब्राह्मणहरूले चार ध्यानधर्मलाई लोकनिर्वाणभएको रूपमा विश्वास गर्दछन्। तिनीहरूको ध्यानधर्म र भगवान् बुद्धको ध्यानधर्ममा विभेद हुनुमा तिनीहरूले ध्यानसुखलाई अनुभवगर्ने आत्मा छ भनी विश्वास गर्छन् । यस तथ्यमा बाहेक अन्य क्षेत्रहरूमा विभेद छैन ।

हामीले ध्यानधर्म विषयलाई परीक्षण र परिचालनगरी आफ्नो धारणा लेख्न चाहन्नौं। ध्यानधर्म आफू स्वयंले उद्योग र अभ्यास गरेर मात्र जान्नसक्ने धर्म भएकोले त्यो धर्मलाई आफू स्वयंले उद्योग र अभ्यास नगरिकनै चिन्तामयज्ञानद्वारा चिन्तनगर्नु निरर्थकभएर मिथ्यादृष्टि उपार्जन गराउनसक्छ। यसमा मिसेज् रीस् डेबिड्स् प्रत्यक्ष साधकको नमूना हो। मिसेज् रीस डेबिडस्ले "बुद्धवादमा ध्यानमा प्रवेशगर्नुको उद्देश्य परलोकको देव ब्रह्माहरूसित सम्पर्कजोडी ऋद्धि सिद्धि प्राप्तगर्नको निमित्त हो" भनी भन्नुभएको छ ।

यो कुरा सरासर निराधार र तथ्यहीन छ। मज्झिमनिकाय चूलसकुलुदायी सुत्तमा चतुर्थध्यान प्रवेशगर्ने भिक्षुले देवताहरूसित कुराकानी गर्नसकिन्छ भनेकोचाहिं सही हो। विमानवत्थु अट्ठकथामा आयुष्मान् मौद्गल्यायन ध्यानमा प्रवेशगरी देवलोकतिर जानुभयो भनिन्छ । तर, देवलोक, ब्रह्मलोकलाई र ऋद्धिशक्तिहरूलाई बढाई चढाई प्रशंसा नगर्ने बुद्धवादमा तिनीहरू कसरी ध्यानधर्मको मूल उद्देश्य हुनसक्ला र ? दीघनिकाय महावग्गमा आएका



Downloaded from http://dhamma.digital

सुत्तन्त देशनाहरूमा ऋद्धिशक्तिहरूलाई चार प्रथमध्यानको पछिल्लो भागमा मात्र जोडेर उल्लेख गरिराखेको छ। त्यसरी उल्लेखगर्नु ध्यानधर्मको उद्देश्यभएको कारणले नभई, ध्यानधर्म उद्योग र अभ्यासगरी प्राप्त सम्प्रयुक्त फलधर्मको रूपमा उल्लेखभएको हुनुपर्दछ।

सुत्तन्त पिटकमा आएका ऋद्धिशक्ति विषयवस्तुहरू वर्तमान अवस्थाका भौतिकवादीहरूको निमित्त दन्त्यकथा जस्तोमात्र भइरहने छ। ऋद्धिशक्तिभएको भिक्षुले "चन्द्र र सूर्यलाई हातमा समाती परामर्श गर्छ" आदि कुराहरू पिटकाचार्यहरूले कल्पना द्वारा विस्तारगरी लेखिराखेका कुराहरू हुनुपर्दछ। तर ती स्वल्पताका केही कुराहरूबाहेक अन्य कुराहरू भौतिकवादको आशक्ति नभएको व्यक्तिको निमित्त त्यति अनौठो हुँदैन। किनकि पश्चिमी मनोविज्ञान, अन्वेषक, प्रज्ञाविद्हरूको निरीक्षण, परीक्षण र अन्वेषणअनुसार वर्तमान अवस्थामा केही व्यक्तिहरूमा त्यस्तो खालको ऋद्धिशक्तिहरू नि:सन्देह विद्यमानरहेको तथ्य ठोसरूपमा भेटिन्छ।[१]

पिटकमा आएका ऋद्धिशक्ति कारणविधाहरूलाई वर्तमान अवस्थामा कोही कोही व्यक्तिहरूमा देखापरेका ऋद्धिशक्ति कारण विधाहरूसित तुलनागरी विचार गर्नुपर्दछ। पिटकमा आएका ऋद्धिशक्ति जस्तो कुनै कुनै ऋद्धिशक्तिलाई अहिलेको अवस्थामा बिल्कुल देखा नपरेजस्तै वर्तमानयुगमा कोही कोही व्यक्तिहरूमा देखापरेका जस्ता ऋद्धिशक्तिलाई पिटकमा उल्लेख गरिराखेको पाइँदैन। उदाहरणको रूपमा कोही कोही व्यक्तिहरूले एउटा

१ "लौकिक अभिज्ञा", म्यात् यतना, मार्च, १९५९



Downloaded from http://dhamma.digital

बस्तुलाई समातेर हेर्नुमात्रद्वारा त्यस वस्तुको मालिकको विषयलाई निकै परिपूर्णरूपमा जान्दछन् ।[१] त्यस्तो किसिमको ऋद्धिको विषय पिटकमा उल्लेखित छैन । पिटकमा आएका ऋद्धिहरू शील समाधिका शक्ति सामर्थ्य हुन् । यो तथ्य ऋद्धिविषयक खण्डमा "भिक्षुले यसरी चित्त समाधिस्थभई परिशुद्ध हुनलाग्दा, निर्मलभई मलरहित हुनलाग्दा, मलिनहुनु नभई कोमल हुनलाग्दा, कम्प नभई स्थिर हुनलाग्दा चित्तलाई अगाडि पठाएर एकसमान पार्दछ ।" आदि कथनहरू (दीघनिकाय सामञ्ञफल सुत्त र अन्य सुत्तहरू) द्वारा स्पष्ट हुन्छ । वर्तमानयुगमा ऋद्धिमान्हरूले त शील समाधिको सामर्थ्यको कारणले ऋद्धिप्राप्त गरेका होइनन् ।[२] तिनीहरूमध्ये शीलहीन भएका व्यक्तिहरू पनि देखिन्छन् । वास्तवमा भन्ने हो भने, वर्तमानयुगमा ऋद्धिशक्तिभएका व्यक्तिहरू धेरैजसो ऋद्धिशक्तिको निमित्त प्रयत्नपूर्वक उद्योग र अभ्यासगरेर आएका व्यक्तिहरू नभई चित्रकार, संगीतकार आदि कलाकारहरू

---

[१] Psychometry

[२] तर तिब्बतमा विपश्यनाधर्म उद्योग र अभ्यासगरी लौकिक अभिज्ञा प्राप्तगरेका योगीहरू छन् भनी भनिन्छ । ती तिब्बेतियन योगीहरूसित भेटिसकेको यूरोपको एकजना बुद्धवादी भिक्षुको लेखाइअनुसार भन्ने हो भने तिब्बेतियन योगीहरू घोडचढिहरूले भेट्न नसकिनेगरी द्रूतगतिद्वारा निरन्तर धेरै माइलसम्म दगुर्न सक्छन् । जाडो मौसममा हिउँको डल्लोमाथि बस्त्र नलगाइकनै दिनरात लामो समयसम्म हलचल् बिना नै बसिरहनसक्छन् । टाढा टाढा रहेका चिनजान भएका साथीहरूकहाँ मानसिकशक्तिद्वारा खबर पठाउन सकी अरूहरूको चित्तलाई जान्नसक्छन् । एकै समयमा धेरै ठाउँहरूमा शरीर प्रकटगरेर देखाउनसक्छन् । Hansulrich Rieker "The secret of meditation", p. 164



Downloaded from http://dhamma.digital

जस्तै ऋद्धिशक्ति प्राप्तगर्नको लागि प्रतिसन्धि बीउ संस्कारभएका व्यक्तिहरू हुन्, पिटकमा आएका कोही कोही व्यक्तिहरूलाई लाभभएको ध्यान ऋद्धि अभिज्ञा पनि प्रतिसन्धि बीजसँग सम्बन्ध रहेको जस्तो देखिन्छ। किनभने पिटक र अट्ठकथाहरूमा प्रत्येक आर्यपुद्गलले ऋद्धि अभिज्ञा प्राप्तगरेको छ भनी भनिएको छैन। आयुष्मान् अनुरुद्ध, आयुष्मान् मौद्गल्यायन आदि केही स्थविहरूलाई मात्र ध्यान अभिज्ञा विषयमा विशिष्ट व्यक्तिहरूको रूपमा उल्लेख गरिराखेको देखिन्छ।

जेहोस्, बुद्धवादमा ऋद्धिशक्ति होस् वा ध्यानधर्म होस् मुख्य धर्महरू होइनन्। वास्तवमा भगवान् बुद्धले ऋद्धिशक्तिको अवगुणलाई हेरेर भिक्षुहरूलाई ऋद्धिशक्ति प्रदर्शन नगर्न प्रज्ञप्त गर्नुभयो। ध्यानधर्ममा मज्जा ठानेर त्यसमा नभूली त्योभन्दा अतिपवित्र धर्मको खोजीगर्न प्रेरणा दिनुभयो। त्यस उत्तम धर्मलाई जान्न देख्नको निमित्त बुद्धपद्धतिको सबभन्दा महत्त्वपूर्ण कार्य भनेको विपश्यनाकार्य हो।

## ख) विपश्यनाको लक्षण प्रक्रिया

ध्यानधर्म आफू स्वयंले आचरण, उद्योग र अभ्यासगरी जान्नुपर्ने धर्मभएको विषयमा भनिसकें। विपश्यनाधर्म ध्यानधर्म भन्दा बढी गम्भीर भएकोले आफू स्वयंले उद्योग र अभ्यासगर्न अत्यावश्यक भएको विषयमा विशेष लेखिरहनुपर्दैन। विपश्यनाकार्य सम्बन्धी पुस्तकहरू, विधिप्रदर्शक गुरुहरू र कर्मस्थान केन्द्रहरू वर्तमानयुगमा धेरै छन्। त्यसो भएर हामीले पाठकहरूले जानिसकेको आचरण विधिक्रमको विषयमा नलेखी विपश्यनाकार्यको प्रमुख



Downloaded from http://dhamma.digital

स्वभावलक्षणहरूलाईमात्र आधुनिक प्रज्ञाविद्हरूको विचार र धारणाहरू अन्वेषणगरी थाहापाएका तथ्यहरूमाथि आधारितभई पाठकहरूले विचार गर्नुपर्ने, होशराख्नुपर्ने विषयहरूलाई उल्लेख गर्नेछौं । त्यसरी उल्लेख गर्नुभन्दा अगाडि विपश्यनाधर्मलाई उद्योग र अभ्यासगर्ने केही बुद्धवादीहरूको विचार र धारणाको सम्बन्धमा स्पष्टीकरणदिनु आवश्यक छ ।

त्यो विचार र धारणा त विपश्यनाधर्मलाई उद्योग र अभ्यासगर्दा प्राथमिक प्रज्ञा बहुश्रुतहुनुपर्ने आवश्यक छैन, अथवा बौद्धग्रन्थहरूको अन्वेषण र पठनपाठन गरिराख्नु आवश्यक छैन; विचार र चिन्तन मननगर्न पनि आवश्यक नभई विधिप्रदर्शक गुरुको निर्देशनअनुसार तल माथि नगरी कामगर्नु मात्र अत्यावश्यक छ भन्ने धारणा हो । भावनाधर्म उद्योग र अभ्यासगर्ने योगी ज्ञानले अपरिपक्व भई, कर्मस्थानाचार्य अत्यन्त विश्वासनीय भएमा त्यो कुरा सही हुनसक्ने छ । तर विपश्यना आचरण पद्धतिको सम्बन्धमा कसैको विधि कस्तो, कसैको विधि कस्तो विभिन्नथरी भएकोले, सही गलत ठीक बेठीक विभेदगरी छान्न मुश्किलभएको अहिलेको युगमा, पिटक वाङ्मयअनुसार बहुश्रुत उचित तौरमा हुनु अत्यावश्यक छ। वाङ्मय बहुश्रुत अभावहुनाको कारणले धेरै योगीहरू गलत बाटोमा लागिरहेको प्रत्यक्षरूपमा देख्नपाइन्छ ।

उदाहरणको रूपमा शील, समाधिधर्म विपश्यनाकार्यको अत्यन्त महत्वपूर्ण प्राथमिक धर्मभएको विषयलाई मानिसहरूले थाहा पाइराखेको खण्डमा, वर्तमानयुगमा शील समाधि नभएका



Downloaded from http://dhamma.digital

नक्कली विपश्यना गुरुहरू प्रकटभएर आउनसक्ने छैनन् । केही योगीहरूले समाधिधर्म भनेको एउटै आलम्बनमा चित्तलाई चिरकालसम्म ध्यान केन्द्रित पारिराख्नुमात्र हो भनी सम्भिरराखेका छन् । यसरी सम्भनु समाधिस्कन्धको विस्तृत र व्यापक गम्भीर पनको बारेमा उपदेशित सुत्तन्त देशनाहरूलाई पेठनपाठन गर्न नपाएको कारणले हो । केही योगीहरूले त ध्यानमा बस्दा बुद्धमूर्ति प्रकटभएर आउनुलाई एकदम महान् सम्भिरराखेका छन् । पिटक वाङ्मयमा बुद्ध स्वयंले आफूलाई व्यक्तिगत आशक्तिराखी आसक्त नहुनको निमित्त बारबार सचेतगराई उपदेश दिनुभएका कुराहरू अवगतभएको भए त्यसरी गलत तरीकाले सम्भनुपर्ने थिएन ।

विपश्यनाकार्यमा विचारविमर्श गर्नुपर्दैन भन्ने कुरा पनि परिपक्व ज्ञान नभएको, बुद्धवादलाई अध्ययन अन्वेषणगर्न नपाएको व्यक्तिको निमित्त ठिकै हुनसक्छ । पिटक वाङ्मय अध्ययन र अन्वेषणगरी बुद्धवादलाई जरैदेखि गहनरूपमा जान्ने बुभ्ने योगीको निमित्त भने ध्यानमा बसिराखेको अवस्थामा चिन्तन, मनन र छलफलगर्नु वितर्क विचारबाट अलग रहनुपर्ने भएता पनि, ध्यानधर्म उद्योग र अभ्यासगर्नु अगावै निरीक्षण, परीक्षण र अध्ययनगरी चिन्तन, मनन र मन्थनगर्नु अत्यावश्यक छ । सप्तबोध्यङ्गमा समावेशभएको धम्मविचयसम्बोज्भङ्ग भनेको भावनाधर्मलाई निरीक्षण, परीक्षण अन्वेषणगर्नु हो । सुत्तन्तपिटकमा पनि निरीक्षण, परीक्षण र विचारविमर्शगर्नु अत्यावश्यक भएको विषयमा गहनरूपमा उपदेशित देशनाहरू छन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुले विश्वास र प्रसन्नभई श्रद्धाधर्म उत्पन्न हुनेबेलामा धर्मश्रवण गर्दछ। धर्मलाई धारणगरी धर्मको अर्थ र स्वभावलाई निरीक्षण र परीक्षण गर्दछ। त्यसपछि चाहना छन्द उत्पन्नभई तुलनात्मकरूपमा सन्तुलन कायम गरिसकेपछि आचरण उद्योग र अभ्यास गर्दछ। विशेषरूपमा उद्योग र अभ्यासगर्ने अवस्थामा श्रेष्ठ र पवित्र निर्वाणधर्मलाई आत्मसातगर्दछ। त्यस निर्वाणधर्मलाई प्रतिवेधद्वारा जान्दछ, देख्दछ। "हे भारद्वाज! भावनाधर्म उद्योग र अभ्यासगर्ने व्यक्तिको निमित्त तुलनात्मकरूपमा सन्तुलन कायमगर्नु धेरै उपकारक छ।" (मज्झिमनिकाय चंकी सुत्त)

"आवुस कोट्ठिक, सम्यक्दृष्टि, शील, सुत(धर्मउपदेश सुन्नु), साकच्छा(छलफलगर्नु) शमथ कर्मस्थान विपश्यना कर्मस्थानहरूद्वारा संग्रह गरिएको खण्डमा चेतोविमुत्ति पञ्ञाविमुत्ति भन्ने फलानिशंस हुन्छ।" (मज्झिमनिकाय महावेदल्ल सुत्त)

भावनाधर्म उद्योग र अभ्यासगर्दा सही विधि पाउनको निमित्त निरीक्षण, परीक्षण र छलफलगर्ने अथवा चिन्तनमनन र सरसल्लाहगर्ने गर्नुपर्दछ। तर भावनाधर्म उद्योग र अभ्यास गरि रहेको क्षणमा चिन्तन, मनन र परामर्शन गर्नेकार्य हटाइराख्नुपर्ने भएकोले त्यस निरीक्षण र परामर्शनगर्नुबाट अलगिगएको विपश्यनाकार्यद्वारा परमार्थधर्मलाई प्रतिवेधगरी जान्न र देख्नसक्ने हो त भनी सोध्न सकिन्छ। भौतिकवादीहरूको मतअनुसार हामीले कुनै एकधर्मलाई पाँच आरम्मणसँग सोझै स्पर्श र परीक्षणगरेर वा चिन्तनमनन र परामर्शगरेर दुइवटा विधिद्वारा



Downloaded from http://dhamma.digital

मात्र जान्न सक्दछौं । यी दुईवटा विधिबाहेक अन्य विधिद्वारा सहीधर्मलाई जानिन्दैन । यो सिद्धान्त बुद्धको पालादेखिनै विद्यमानभएकोले बुद्धको कथन सम्झनयोग्य छ। "ए शुभमानवक, उदाहरण कस्तो भने प्रतिसन्धिदेखी अन्धोभएको व्यक्तिले कालो, सेतो, पहेँलो आदि रङ्गहरू देख्दैन। ग्रह, तारा, चन्द्र र सूर्यहरूलाई देख्न नपाउँदा ती रङ्गहरू र ग्रह, चन्द्र, तारा, सूर्यहरू छैनन् । तिनीहरूलाई देख्ने व्यक्तिहरू पनि छैनन् भनी भन्न उचित नभएजस्तै पुष्करसाति ब्राह्मणले ध्यान, मार्गफलधर्म छैन, ध्यानमार्गफलधर्मलाई साक्षात्कारगर्ने व्यक्तिहरू पनि छैनन् भनेर भन्नुयोग्य छैन ।" (मज्झिमनिकाय सुभसुत्त)

वास्तवमा मानिस र तिरश्चीन पशुप्राणीहरूको ज्ञानधर्म प्रमुखरूपमा जीवितरहनु शारीरिकसुख पाउनु, कुलवंश स्थिर–गराउनुमा उन्मुखरहेको छ । सत्त्वप्राणीहरूको ज्ञानबुद्धि त्यस भवस्थिर गराउने क्षेत्रमा मात्र सीमितभई त्यस भूभागलाई अतिक्रमणगरेर प्रतिवेधगरी जान्न देख्नसक्तैन । त्यसो भएर भवस्थिर गराउनको निमित्त प्रयासगर्नुमा असमानभएका व्यक्तिहरूको समेत ज्ञानबुद्धि भिन्न भिन्न भएका हुन्छन् । उदाहरणको रूपमा अफ्रिका महादेशवासी पेग्मीहरू शिकार खेल्नजाँदा अत्यन्त तीक्ष्ण दृष्टि र चनाखो कान रहेका हुन्छन् । जमीनमा रहेका पातहरू हेरी ती पातहरूलाई कुल्चेर गएका सत्त्वहरू फलानो जातिका सत्त्वहरू भई यति टाढापरेको ठाउँतिर पुगिसकेका छन् भनी थाहा पाउँछन् । हामीमा त त्यस किसिमको ज्ञान पटक्कै छैन । किनकि त्यस किसिमको ज्ञान पेग्मीहरूको भवस्थिरराख्नको निमित्त महत्वपूर्ण रहेतापनि हामीहरूको निमित्त



Downloaded from http://dhamma.digital

अनावश्यक भएको कारणले हो । त्यसोभएर यो विषयसित सम्बन्ध राखी एकजना प्रज्ञाविद्को लेखाईमा ध्यानपुऱ्याउनु आवश्यक छ ।

"हामीहरूको मस्तिष्क आलम्बनद्वारहरू र नशा रेशा समूह, जीवितरहनको निमित्त प्रयोगगर्न शस्त्रअस्त्र मात्र नै हुन् । हामीले थाहापाइराखेको लोकजीवन स्थिरराख्नको निमित्त मस्तिष्कले जानेदेखेको लोकमात्र हो । उदाहरणको रूपमा एउटै किसिमको शब्दलाई मात्र हामीले सुन्नसक्नु अन्य स्पन्दन क्षमता धेरै भएको अथवा कम शब्दतरंग[१]हरूलाई सुन्नुद्वारा हामीहरूलाई कुनै किसिमको प्रतिफल नहुनुको कारणले नै हो । चमेरोको निमित्त भने धेरै स्पन्दित शब्दहरू उपयुक्तभई चमेरोले ती शब्दहरूलाई सुन्न सक्तछ ।

मेरो पुस्तकालय कोठाभित्र एउटा बिरालो छ । चिसो मौसममा पुस्तकालय कोठा न्यानो हुनेभएकोले बिरालोलाई त्यो कोठा मनपर्छ । त्यसमा न्यानो महशुस हुनुबाहेक पुस्तकालयकोठाको अन्य विषयवस्तुहरूमा (उनमा) अलिकतिपनि ज्ञानछैन । बिरालोले आफ्नो वरिपरि रहेका विषयवस्तुहरूको अर्थ अभिप्रायलाई केही नजानेजस्तै मानिसहरूले पनि आफ्नो वरिपरिको लोकलाई परिपूर्णरूपमा नजानेकै होला । मानिसहरूको ज्ञान बिरालोको ज्ञानजस्तै नै शारीरिकसुख महशुसहुनु र भवस्थिरराख्नुमा नै सीमित भइराखेको हुनुपर्दछ ।"[२]

---

१. sound waves of higher or lower frequencies.

२. John Langdon Davies, "On the Nature of man", p. 75



Downloaded from http://dhamma.digital

त्यसैले हामीले चिन्तन, मनन र परामर्शगरेर परमार्थधर्मलाई प्रतिवेधगरी जान्न देख्न सक्दैनौं। चिन्तन, मनन र परामर्शगर्नु लौकिकसुख समृद्धितिर मात्र उन्मुखहुने भएकोले, वास्तवमा परमार्थधर्मतिर उन्मुखभएको विपश्यनाकार्यमा काँटा र काँढा भएको छ। तसर्थ अतीतप्रवेणीदेखि विपश्यनाधर्मलाई उद्योग र अभ्यासगर्ने योगीहरूले चिन्तन, मनन र परामर्शगर्ने कार्यलाई हटाउनु आवश्यकभएको तथ्यलाई जानी बुझिराखेका छन्। पोफरी नाउँ भएको एकजना पुरानो ग्रीक योगीले वितर्क विचार क्षेत्रलाई अतिक्रमणगरी स्थितभएको परमार्थधर्मको लक्षणलाई मानिसहरूले चिन्तन, मनन र परामर्शगरी नाना प्रकारको अनुमानद्वारा भनिरहेतापनि वितर्क विचार शान्तपारेर मात्र जान्नदेख्न सकिन्छ भनी भन्नुभएको थियो।[१]

तर निरीक्षण र परामर्शलाई प्राथमिकतादिने वर्तमान वैज्ञानिकयुगमा त्यसलाई हटाउनुभनेको सजिलो काम होइन। पिटक वाङ्मयमा द्वितीयध्यानको उद्योग र अभ्यासग र्दा मात्र वितर्क विचार शून्य हुन्छ भनिएको छ। जापानमा रहेको जेन(Jen)[२] बुद्ध विपश्यनागणले त योगीहरूमा वितर्कविचार बिल्कुल शान्त गराउनको निमित्त बुद्ध र धर्मको विषयलाई परीक्षण र अन्वेषणगर्ने कुरालाई प्रोत्साहन नदिई बुद्ध धर्मका सम्बन्धमा र परस्परमा अर्थ न बर्थको जथाभावी बोल्ने बानीरहेका देखिन्छन्। त्यसरी बोल्नु चिन्तन, मनन र परामर्शगर्नुलाई प्रोत्साहन दिने बुद्धधर्म आशक्तिउपादानलाई आक्रमणगरी नाशगर्नको निमित्त हो। त्यस जेन(Jen) विपश्यनागणमा योगीहरूले, "तिम्रा आमाबुबाहरू

---

१. Porphyry

२. भन्नेपद 'झान' बाट अवतरित पद हो।



Downloaded from http://dhamma.digital

जन्मिनुभन्दा अगाडि तिम्रो आकारप्रकार कस्तो थियो ?" "तिरश्चीन कुकुरमा बोधिज्ञान छ ?" आदि निरर्थक प्रश्नहरूको चिन्तन, मनन र परामर्श गर्दछ। उद्देश्य के हो भने वितर्क विचारलाई निरर्थक बनाई त्यसले बन्दगरी रोकिराखेको विपश्यनाज्ञानको उद्‌गममार्ग उल्लेखगर्नको निमित्त हो।

यो क्षेत्रमा निरीक्षण र परामर्शगर्नुलाई तिरस्कारगर्नु त्यसलाई महत्वपूर्णरूपमा उपदेशित बुद्ध देशनाहरू र धर्मविचय सम्बोध्यङ्ग विरूद्ध भएन र ? भनी तर्कगरेमा बुद्धवादले निरीक्षण र छलफलगर्नुलाई सदैव तिरस्कार गर्दैन। बुद्धवादअनुसार योगीले भावनाधर्म उद्योग र अभ्यासगर्नु अगाडि निरीक्षण र छलफल गर्नेगरी, भावनाधर्म उद्योग र अभ्यास गरिरहेको बेलामा मात्र हटाउनुपर्ने विषयलाई होशगर्नुपर्दछ। भगवान् बुद्धले बुद्धत्व प्राप्तगर्नु भन्दा अगाडि उदक र आलारहरूको धर्मलाई निरीक्षण र परामर्श गरिसकेपछि जङ्गलभित्र धर्मको खोजी गर्नुभएको थियो। पिटक वाङ्मयमा त्यसबेला दुष्करचर्या गर्नुभएको प्रक्रियाहरूलाई मात्र देखाइराखेतापनि वास्तवमा बोधिसत्त्वले दुःख उत्पत्तिको मूल प्रमुख कारणलाई चिन्तन, मनन र परामर्शगर्नुभएको हुनुपर्दछ, तर त्यो अवस्थामा चार सत्यलाई नजानेको नदेखिसकेको भई तीब्ररूपमा उद्योग र अभ्यासगर्नुलाई रोकी पुनः आहारसेवन गरि सकेर चित्त सजिलो, खुकुलो र आरामदायी रहेकै अवस्थामा जान्नु देख्नुभएको थियो। विश्वका वैज्ञानिक प्रज्ञाविद्‌हरूले चिन्तनगरेका प्रश्नहरूको निराकरण फेलापार्नु, लेखक, कवि, साहित्यकारहरूको कल्पना र ज्ञानशक्ति खुलेर आउनु इत्यादि पनि प्रायशः चिन्तन, मनन र परामर्शगर्नुबाट अलगभई चित्त



Downloaded from http://dhamma.digital

सजिलोसँग आरामदायी भइरहेको क्षणमा उत्पन्न हुनसक्ने तथ्य हुन् भनी भन्नसकिन्छ ।[१] तर, वैज्ञानिक प्रज्ञाविद्‌ले र साहित्य–कारले सर्वप्रथम आफ्नो प्रज्ञा बहुश्रुत र प्रत्यक्ष अनुभवहरूलाई पृष्ठभूमि जहिलेपनि बनाई चिन्तन, मनन र परामर्श गर्नुपर्ने अवस्था भएजस्तै योगी व्यक्तिले भावनाधर्म उद्योग र अभ्यासगर्नु अगावै चिन्तन, मनन र निरीक्षणगरी भावनाधर्म उद्योग र अभ्यास गरिरहेको क्षणमा त्यसलाई हटाउनुपर्ने हुन्छ ।

संसारमा चिन्तन, मननगर्नु, निरीक्षणगर्नु र पञ्चद्वार आलम्बनद्वारा स्पर्शगर्नु, परीक्षणगर्नु जस्ता कार्य नभएमा हामीलाई कुनै किसिमको ज्ञान उपलब्ध हुनसक्तैन भनी सम्झिराखेका तिनीहरूले मनोविज्ञान अनुसन्धान संस्थाको विज्ञानसम्मत विधिअनुसार परीक्षण र अन्वेषणगरी जान्न पाइएका ऋद्धिशक्ति अधिकारीहरूको विषयवस्तुमा ध्यान पुऱ्याइनुपर्दछ । उदाहरणको रूपमा, केही व्यक्तिहरूले यदाकदा भविष्यलाई स्वत: अघिदेखि जान्न र देख्न सक्छन् । केही व्यक्तिहरूले ठूलो-ठूलो गुणन संख्याहरूभएका गणितका प्रश्नहरूलाई देख्ने बित्तिकै एक मुहुर्तमै जवाफ दिनसक्छन् ।[२] तिनीहरूको जान्नु देख्नुद्वारा आलम्बन स्पर्शहुनु र निरीक्षण र परामर्शगर्नुबाट अलगिगएको जान्नु देख्नु भएको तथ्य स्पष्ट छ । योगी व्यक्तिहरूको जान्नु र देख्नु त्यस किसिमको जान्नु र देख्नु हो । फरक के त भन्दा योगीहरूको

---

१. "The creative process", p.p. 15, 36.38. Edited by brewster Ghiseliu.

२. "भविष्यलाई हामीले देख्न सक्छौं ?" तिम्रो जीवन, जूलाई १९५७ "गणितविद्यामा अद्‌भूत व्यक्तिहरू" तिम्रो जीवन, नोभेम्बर १९५६



Downloaded from http://dhamma.digital

जान्नु र देख्नुलाई दृष्टान्त परीक्षणगरी स्पष्टरूपमा देखाउन नहुनु मात्र हो; तर संसारमा त्यसरी देखाउन नसक्ने धर्महरू रहिरहेकोले एउटै मात्र त्यस कारणद्वारा पूर्वप्रवेणीदेखि आजसम्म विश्वमा धेरै मानिसहरूले विश्वासगरी स्वीकारेको विपश्यनाधर्मलाई हलुंगोरूपमा दोषारोपणगर्नु, टीकाटिप्पणीगर्नु उचित छैन।

विपश्यनाकार्यमा विश्वास नगर्ने व्यक्तिहरूले, धर्मलाई जान्ने र देख्ने भनिएका योगीहरू अलि अलि मात्र छन्, ती योगीहरूले आफूहरूले जानेको धर्मलाई सम्पूर्णमा स्पष्टपारेर देखाउन सक्तैनन्; अलिकति भन्न सकेता पनि एक अर्कासित मेल खाँदैन इत्यादिद्वारा टीकाटिप्पणीगर्ने गर्दछन्; तर चित्रकारिता, संगीत आदि कलाक्षेत्रमा पनि अभ्यास र वासनाभएको स्वल्प व्यक्तिले मात्र कलाको स्वाद अनुभव गर्नसकी तिनीहरूले आ-आफ्ना अनुभूतिलाई अरूलाई बताउन सक्तैनन्। कहिलेकाँही एक अर्काको पारस्परिक दृष्टिकोण पनि असमान हुन्छन्। त्यसो भएता पनि कलाको अनुभूति अथवा कलामा ठोसरूपमा विद्यमान विषयलाई त हामीले स्वीकार्नुपर्ने भएको जस्तै विपश्यनाधर्म पनि त्यस्तै नै हो। मनोवृत्ति चरित्र र प्राथमिक बहुश्रुत असमानभएका व्यक्तिहरूले विपश्यनाधर्म उद्योग र अभ्यासगर्दा भिन्न भिन्न खालको अनुभूति उत्पन्नभएमा त्यो स्वाभाविक हुनसक्ने छ। तर प्राथमिक आस्था र विश्वास विभेद भएका बुद्धवादी र इसाई, हिन्दू आदि अन्य धर्मावलम्बीहरूमा समेत विपश्यनाकार्यमा केही समान भएका तथ्यहरू छन्। यो विषयलाई अगाडि उल्लेख गर्नेछु।

कोही पश्चिमेली भौतिकवादी आचार्यहरूले त विपश्यनाधर्मलाई औषधी विज्ञानद्वारा स्पष्टपार्न खोज्दछन्।



Downloaded from http://dhamma.digital

तिनीहरूको मतअनुसार धेरै इसाई योगीहरू जस्तो कि सन्त थेरेसा (St. Theresa), सन्त पोल(St. Paul)हरू साधारण मानिसहरूसित भिन्न मनोवृत्ति र चरित्रभएका व्यक्तिहरू हुन्। ती योगीहरू विशिष्टहुनु उनीहरूको शारीरिक स्थिति विशिष्ट भएको कारणले हो भनिन्छ। यो कुरा केही अंशमा सही हुनसक्दछ। बर्मेली योगीहरू मध्येमा पनि सामान्य मानिसहरूसित मनोवृत्ति असमानभएका व्यक्तिहरू छन्। यदाकदा "एकोहोरोपन भएका" मानिसहरूलाई पाठकहरूले भेटिसकेका होलान्, तर यही विषयले मात्र विपश्यनाधर्मलाई हटाउनुपर्ने कुनै कारण छैन। वास्तवमा भन्ने हो भने, कुनै न कुनै विद्यामा अग्रगण्यभएका विश्वका प्रज्ञाविद्हरू पनि प्रायशः सामान्य व्यक्तिहरूसित मनोवृत्ति र चरित्रमा असमानभई गजबखालका अप्ठ्यारा व्यक्तिहरू हुन्छन्।[१] प्रज्ञाविद्हरूको क्रियाकलापहरूलाई निरीक्षण, परीक्षण र मूल्यांकनगर्दा व्यक्तिलाई नहेरी धर्माधिष्ठानद्वारा मूल्यांकन र परीक्षण गरेजस्तै विपश्यनाधर्मलाई अध्ययन र छलफलगर्दा व्यक्तिप्रति आसक्ति नराखी अध्ययन र छलफल गर्नुपर्ने हुन्छ।

सारांशमा भन्ने हो भने कवि, साहित्यकार, चित्रकार, संगीतकार, विद्वान्जनहरू र विपश्यना योगीहरूको ज्ञान र अनुभूतिलाई भौतिकवादद्वारा र विज्ञानको ज्ञानद्वारा तौलेर निर्णयदिन मिल्दैन। त्यसरी जान्ने र अनुभवगर्ने कुरा मनोविज्ञानको गुप्त र गम्भीर शक्ति तथा सामर्थ्यको कारणले उत्पन्नभएर आउँछ। त्यस शक्ति र सामर्थ्य सम्प्रयुक्तचित्त हामीले दिनहुँ थाहापाइ–राखेको लोकलाई अतिक्रमणगरी अवस्थित भएको कारणले (वा) मानिसहरूले जानी थाहापाइराखेको चित्त नभएको कारणले

१ "अग्रणी प्रज्ञाविद्हरू", म्यावदी, जूलाई १९५८



Downloaded from http://dhamma.digital

त्यसलाई लोकोत्तर चित्त[१] भनी भन्नुपर्दछ । आधुनिक मनोविज्ञानिकहरूले लोकोत्तरचित्तको स्वभाव र आकारलाई राम्ररी र व्यापकरूपमा नबुझेको सही हो; तर त्यो चित्त छ भन्ने कुरा सबैजसोले स्वीकारेका छन् । विलियम जेम्सले त्यस चित्तको विषयमा निम्नानुसार लेखेकाछन् ।

"जागिरहेको बेलामा हामीले जानेको सामान्य चित्त एककिसिमको चित्त मात्र हो । त्यस चित्तको वरिपरि शक्तिशाली भई सामान्य चित्तसँग बिल्कुल असमानभएका चित्तहरू पनि रहेकै छन् । हामी त्यो चित्त भएको तथ्यलाई बिल्कुलै ख्याल नराखी बसिराखेकाछौं, तापनि त्यो चित्त एक न एक ठाउँमा गोचरगर्ने क्षेत्रभएको भई सहजात एक न एक विषयसित सम्बन्ध जोड्नलागेको बेला प्रकटरूपमा देखापर्दछ । त्यस चित्तलाई हटाएमा हामीले परमार्थधर्मलाई अन्तिमरूपले प्रतिवेधगरी जान्न देख्नको निमित्त सम्भव नहुनसक्दछ ।"[२]

लोकोत्तरचित्तमा आधारित विपश्यनाज्ञान कहिलेकाहीं सामान्य मानिसहरूमा एक्कासी भ्वाट्ट उत्पन्न हुनसक्दछ । धेरै मानिसहरूले अघि पढिसकेको सामना भइसकेको, सुनिसकेको कुनै न कुनै पद्यांश अथवा आकार प्रकार कोही न कोही मानिसहरूको लागि खुलस्त, स्पष्ट, गम्भीर अभिप्राय भइरहनु विपश्यनाज्ञानको सामर्थ्यले हो । उदाहरणार्थ रूखबाट फलझर्नु हाम्रो निमित्त त्यतिसाह्रो आश्चर्यजनक नभए पनि आइज्याक न्यूटनको लागि

---

[१] Cosmic Consciousness, subliminal self, intuition, etc.

[२] William Games, "Varieties of religious Experience", p.298



Downloaded from http://dhamma.digital

विश्वको आकर्षण नियमधर्मलाई तुरुन्तै जान्न देख्न ज्ञानचक्षु दिलाउने खालको भयो । कारणधर्म निरोध भएपछि फलधर्म निरोध हुन्छ भन्ने कथन सामान्य मानिसहरूको निमित्त कुनै अद्‌भूत कुरा नभएपनि, आयुष्मान् भावी सारिपुत्र उपतिष्य माणवकको निमित्त चतुआर्यसत्यधर्मलाई खुलस्त र स्पष्टरूपमा जान्न र देख्न ज्ञानचक्षु दिलाउने भयो ।

विलियम जेम्स र अन्य अन्य पश्चिमेलीहरूले नाइट्रस अक्साइड, ईथर, हट्‌शरहितशर्, मेस्कालिन, लाइसरजिक एसिड[१] आदि वाष्पहरू औषधीको रूपमा सेवनगर्दा विपश्यनाज्ञानचक्षुसित समानभएको एक किसिमको ज्ञानचक्षु लाभहुनसक्छ भनी भन्छन् । तैपनि पूर्वीय विपश्यनाधर्मलाई अनुसन्धानगरी ती औषधीहरू स्वयं आफैले सेवनगरी परीक्षण गरिसकेको एकजना प्रज्ञाविद्‌ले भने औषधी वाष्पहरूद्वारा उपलब्ध अनुभव योगीहरूको अनुभवसित धेरै लक्षणहरूमा फरक छन् भनी स्वीकारेको छ ।[२]

विलियम जेम्सले इसाई र इस्लाम विपश्यनाधर्महरूको निरीक्षण र परीक्षणगरी लक्षण र आकारहरू उल्लेखगरेर गए । इसाई र इस्लामका सिद्धान्तहरू बुद्धवादसित मौलिक पृष्ठभूमिका तथ्यहरूमा स्पष्ट रूपले विभेदभएको कुराबारे विशेष लेखिरहनुपर्दैन होला । तापनि इसाई मुसलमान योगीहरू बौद्ध योगीहरूजस्तै आलम्बनद्वारहरूद्वारा स्पर्शगरी परीक्षण चिन्तन गरी परामर्शगर्नुबाट अलगभएर सहीधर्मको खोजिनीति गर्नेहरू हुन् । उनीहरूको विपश्यना र बौद्ध विपश्यनामा अन्य समान तथ्यहरू रहिरहेको छ ।

---

[१] Nitrous Oxide, Ether, Mescalin, Lysergic acid.

[२] Aldous Huxley, "The doors of Perception", p. 58



Downloaded from http://dhamma.digital

विलियम जेम्सको भनाइअनुसार इसाई, मुस्लिम र हिन्दूहरूको विपश्यना आचरणक्रममा चार स्पष्ट लक्षणहरूछन्।

१) योगीले आफ्नो प्रत्यक्ष अनुभव अरूलाई पूर्णरूपमा व्यक्तगरी दर्शाउन सक्दैन। विपश्यना ज्ञान दर्शन पाएको क्षणमा चित्त विशेषरूपले प्रसन्न भइराख्दछ; शान्त र शीतल भइराख्दछ। (आत्मा धारणा बिल्कुल हराएर जान्छ, आदि रूपले सामान्यरूपमा व्यक्तगरी देखाएमा देखाउन सकिने छ)। कसरी कुन प्रकारले चित्त प्रसन्न भएको विषय, आत्माको धारणा हराएको विषय अरूलाई चित्त बुझाउनेगरी व्यक्तगरेर भन्नसक्ने त होइन। एक किसिमले भन्ने हो भने उसको कुरालाई आँप खाएको व्यक्तिले कहिले पनि आँप खान नपाएको व्यक्तिलाई आँपमा गुलियो रस छ भनेर भनेको कुराजस्तो हुनेछ। आँप कसरी गुलियो छ भनेर बोलीले स्पष्टपार्न सकिँदैन। पहिले आँप नखाएको व्यक्तिले आफू स्वयंले खाएर हेरेमा मात्र यस्तो रहेछ भनी बुझ्न सकिनेहुन्छ।

२) योगीको प्रत्यक्ष अनुभूति, वेदना अनुभवगर्नुसित एकैनाश भएपनि, प्रज्ञासित सम्प्रयुक्त भएको प्रत्यक्ष अनुभूति हो। योगीले चिन्तन, मनन र परामर्शद्वारा बुझ्न नपाइने धर्महरूलाई प्रतिवेधगरी जान्दछ, देख्दछ। ती धर्महरूका अभिप्राय अथाह र गम्भीरभई मनभित्र सधैंभरि टाँसिएर रहिरहन्छ।

३) मार्गचित्त धेरै बेरसम्म स्थिररहने होइन। बढीमा एक दुई घण्टाजति मात्र स्थिररही निरोध भएर जान्छ।

४) विपश्यनाको दर्शन पाउनाखातिर चित्तलाई एकत्रित पारिराख्नु, हात गोडा चलाउनु आदि उद्योग स्वरूप प्रयत्नगर्नु रहेतापनि ज्ञानदर्शन लाभ भइरहेको क्षणमा योगी मानसिक



Downloaded from http://dhamma.digital

हलचल शून्य भई औषधी प्रयोगद्वारा निद्रामा पारिराखेको व्यक्तिजस्तो भइरहन्छ ।[1]

उपर्युक्त ४-लक्षणहरूमा पहिलो र दोस्रो बुद्ध विपश्यनामा समावेश भइरहेको तथ्य बुद्धवादीहरूले ध्यान दिएका हुन्छन् । तेस्रो लक्षणसितको सम्बन्धमा त बुद्धविपश्यनामा मार्गचित्त क्षणमात्र एकक्षण जति मात्र हुन्छ, तर पनि पिटक वाङ्मयमा निरोधसमापत्ति सातदिनसम्म प्रवेशगरेर रहनसक्छ भनिएको छ । चौथो लक्षण पनि बुद्धविपश्यनामा देखापर्ने लक्षण हो । ध्यान समापत्ति प्रवेश गरिरहने भिक्षु साधारण मनुष्यहरूको दृष्टिअनुसार हिप्नोटाइज् गरिराखेको व्यक्ति अथवा क्लोरोफार्म दिइराखेको व्यक्तिसित धेरै फरक परेको हुँदैन ।

निरोध समापत्तिमा प्रवेश गरिरहने भिक्षु मृतक व्यक्तिसित कसरी फरकपर्दछ त ? भनी आयुष्मान् कोट्ठिकले आयुष्मान् सारिपुत्रसँग सोध्नुभयो । आयुष्मान् सारिपुत्रले त्यस भिक्षु र मृतक व्यक्तिमा श्वासप्रश्वास नामक कायसंस्कार, वितर्क विचार नामक वचीसंस्कार, संज्ञा वेदना नामक चित्तसंस्कारहरू निरोध र शान्त रहन्छन् । तैपनि, मृतकमा शरीररक्षकधातु अग्नि शान्तभई जीवितेन्द्रिय अन्त भएर इन्द्रियहरू विनाश हुन्छन् । (समापत्तिमा रहेको) भिक्षुमा त शरीररक्षक धातु अग्नि शान्त हुँदैन । वहाँबाट जीवितेन्द्रिय अन्त नभई इन्द्रियहरू निर्मल भइरहन्छ भनी आज्ञाभयो । (मज्झिमनिकाय महावेदल्लसुत्त ।)

---

[1] William James, op. cit., pp. 292, 94.



Downloaded from http://dhamma.digital

विपश्यनाभावना उद्योगगर्ने योगीले आफ्नो प्रत्यक्ष अनुभूति अरूलाई व्यक्त गर्नसक्दैन भनी भनेतापनि अभ्यास गरिराखेको क्षणमा प्रतिवेक्षणगरी जाने देखेको धर्म, अनित्य, दुःख अनात्माहरू भएको तथ्य सुत्तन्तदेशनाहरू अनुरूप स्पष्ट छ । ती धर्महरू विपश्यनाज्ञानद्वारा जान्नु देख्नु श्रुतमयज्ञान चिन्तामयज्ञानद्वारा जान्नु देख्नुसित समान नभई प्रष्टरूपले विभेद भइरहने कुरा त सही हो । माथि देखाइएको आँपको उपमाद्वारा सम्झाउनुपर्‍यो भने आँपमा गुलियो रस भएको विषयलाई कहिल्यै आँप खान नपाएको व्यक्तिले श्रुतमयज्ञान (उपमा-आँपमा झिंगाहरू, कमिलाहरू झुम्मिरहेको देख्नु) द्वारा जानिने हुन्छ। कस्तो किसिमको रस रहेको छ भन्नेलाई त आफू स्वयंले खाएर, चाखेर मात्र जानिने हुन्छ। त्यसरी नै अनात्मधर्मलाई यथाभूतरूपमा जान्नलाई त श्रुतदृष्टिहुनु, चिन्तनमनन, परामर्शगर्नुद्वारा सिद्ध नभई विपश्यनाद्वारा जान्नु र देख्नु आवश्यक रहन्छ।

सुत्तन्तपिटकमा विपश्यनाज्ञानद्वारा जाने देखेको धर्म अनात्मधर्म भएको तथ्य स्पष्टपार्ने साधक प्रमाणहरू थुप्रै छन् । तिनीहरू भगवान् बुद्धले आत्मा छैन भनी प्रष्टरूपमा भन्नु नभएको कारणले बुद्धवादलाई आत्मवाद भएजस्तो सम्झिरहने व्यक्तिहरूको लागि चिन्तनीय विषयरहेको छ ।

आयुष्मान् आनन्दले, "मित्र सारिपुत्र ! आयुष्मान्का इन्द्रियहरू प्रसादनीय छन्। वहाँका मुखवर्ण परिशुद्ध छ, प्रज्ज्वलित छ भन्नुभयो । वहाँ आयुष्मान अहिले कुन प्रकारको अवस्थाद्वारा विहार गरिरहनुभएको छ ?" त्यस बेलामा आयुष्मान् सारिपुत्रले



Downloaded from http://dhamma.digital

जवाफ दिनुभयो, "म कामादि अकुशलधर्म, वितर्क विचारले संयुक्त भएको नीवरणधर्महरूबाट अलग र शून्यभएको प्रीतिसुख सहितको प्रथमध्यान समापत्तिमा प्रवेशगरेर विहार गर्दैछु। त्यो मलाई म प्रथमध्यान प्रवेश गर्दैछु भनेर वा म प्रथमध्यानमा पुगिरहेछु भनेर र म प्रथमध्यानबाट उठिरहेछु भनेर यस किसिमको चिन्तन उत्पन्नभएको छैन।" (सारिपुत्तसंयुत्त, पठमज्भानसुत्त)

"संज्ञा वेदनाहरू निरोधभएको निरोधसमापत्तिभित्र प्रवेशगर्ने भिक्षुमा निरोधसमापत्तिमा प्रवेश गर्दैछु वा निरोधसमापत्तितिर पुगेको छु वा निरोधसमापत्तिबाट उठेको छु भन्ने चित्त उत्पन्न हुँदैन।" (मज्भिमनिकाय महावेदल्ल सुत्त)

खेम स्थविर र सुमन स्थविरहरूले "भन्ते ! भवसंयोजन सकिसकेको अरहन्त पुद्गलमा म अरू भन्दा उत्तम छु भन्ने सेय्यमान वा म अरू जस्तै छु भन्ने सदिसमान अथवा अरू भदा तल्लो छु भन्ने हीनताभाव उत्पन्न भएको छैन" भनी निवेदनगरे। त्यो अवस्थामा भगवान् बुद्धद्वारा आज्ञाभयो, "भिक्षुहरू ! यसरी कुलपुत्रहरूले अरहत्तफललाई व्यक्त गरेता पनि आफूले आफैलाई त अरहत्तफलतिर पुऱ्याउनु योग्य छैन। त्यसो भएता पनि यो लोकमा कोही कोही मार्गफलबाट निरर्थकभएका व्यक्तिहरूले उपहास गरेजस्तै अरहत्तफललाई व्यक्त गर्दछन्। तिनीहरू भविष्यमा पीडा र कष्ट भोग्दछन्।" (अंगुत्तरनिकाय छक्कनिपात धम्मिकवग्ग खेम सुत्त)

उपर्युक्त कथनहरू सुत्तन्तपिटकमा बराबर देखापर्दछन्। तेस्रो सुत्तन्तदेशनामा आएको म अरूभन्दा तल्लो छु भन्ने लागेको



Downloaded from http://dhamma.digital

हुनसक्दछ र भनेमा बुद्धवादमा अभिमान आत्मदृष्टिसित संयुक्त भइरहनेभएकोले आत्मा धारणाको कारण उत्पन्नभएर आउने म ऊ विभेदगर्नु सबै मानधर्महरू हुन्। हामीहरूले आफूलाई अरूसित दाँजेर ठूलो सम्झनुलाई मात्र दोष भनी देख्नेगर्दछौं। वास्तवमा त आत्मा धारणा (म, ऊ भनी भेदगर्नु) सित संयुक्तभएको अरूसँग दाँज्नु, अरूसित दाँजेर सानो छु भनी आफूले आफैलाई सम्झनु मार्गफल निर्वाणसुखलाई दिनसक्नु त परै जाओस् वर्तमान जीवनसमेत मानसिकसुख शान्तिलाई रोक्ने बन्दगर्ने विषयरहेको कुरा मनोविज्ञान ग्रन्थहरूमा प्रकटरूपमा दर्शाइएको छ।

दीघनिकायबाट अति नै पुरानो सामञ्ञफल सुत्त, सोणदन्त सुत्त आदि सुत्तन्तहरूमा अरहत्तमार्गज्ञानमा नपुगुन्जेल आर्यपुद्गलमा उत्पन्नभएर आउने ज्ञानक्रमलाई सुनिश्चितरूपमा दर्शाइराखेको छ। त्यो ज्ञानक्रममा सर्वप्रथम आइराखेको "विपश्यना" ज्ञानले आर्यपुद्गलको आत्मदृष्टि निरोधहुनुलाई दर्शाउँछ। (चाप १८३)। मनोमयिद्धिज्ञानदेखि आश्रवक्षयज्ञानसम्म सातवटा ज्ञानहरूमा त आत्मासम्बन्धी दृष्टि निरोधहुने कुरालाई स्पष्टरूपमा दर्शाइराखेको छैन। त्यसोभएता पनि आश्रवक्षयज्ञानसँगै दशाईराखेको पूर्वेनिवासानुस्मृतिज्ञान र दिव्यचक्षुज्ञानहरूको विषयतिर विचार पुऱ्याउनुपर्छ।

पूर्वेनिवासानुस्मृतिज्ञान आफूले अघि व्यवहारगरेर आइसकेका थुप्रै स्कन्धक्रमलाई स्मरणगर्नसक्ने ज्ञान हो। पूर्वेनिवासानुस्मृतिज्ञानलाई अरहन्तहरूले मात्र लाभगरेर, वहाँहरू त्यो ज्ञानद्वारा हजार दशहजार भन्दा बढी अतीतभवहरूलाई



Downloaded from http://dhamma.digital

सम्भन्छन् । भगवान् बुद्धको आशयअनुसार अतीत समयप्रति आसक्तहुनु मार्गफल निर्वाणको कल्याणअर्थसित विपक्षभएको विषय सुत्तन्तदेशना साधकनमूनाहरू भवसंसार खण्डमा दर्शाइसकेको छु । एकसमय उदायीले भगवान् बुद्धसमक्ष "भन्ते ! भिक्षुले अतीतमा निवासगरेर आइसकेको स्कन्धक्रमलाई बारबार सम्भन्छ । यो बारबार सम्भनुपर्ने विषय हो र ?" भनी निवेदन गर्दा "आनन्द ! मार्गफलबाट निरर्थक पुरुषभएको उदायीले अत्यन्त पवित्र समाधि विपश्यनासित संयुक्तचित्तलाई उद्योग र अभ्यासगरेर बस्दैन" भनी उपहासगर्नुभयो । (अंगुत्तरनिकाय छक्कनिपात सामगामवग्ग उदायी सुत्त) ।

त्यसो भएमा पूर्वेनिवासानुस्मृतिज्ञानलाई अत्यन्त पवित्र समाधि विपश्यनाक्रियाकलापको एउटा लक्ष्यको रूपमा होस् वा बुद्ध अरहन्तहरूद्वारा मात्र उपलब्धगरिने त्रिविद्या मध्येमा एउटा विद्याको रूपमा के कारणले दर्शाइराखेको होला भन्दा, पूर्वेनिवासानुस्मृतिज्ञान पालि पिटकमा आइराखे अनुरूप जाति-स्मरणज्ञानको परिपक्व अवस्थाको एक ठूलो किसिमको ज्ञान नभई गहन अभिप्राय ग्रहण गरिराखेको हुनुपर्दछ । यो ठाउँमा इटलीका बुद्धग्रन्थकार जे. ईब्वलाको विचारलाई उल्लेख गर्दछु ।

जे. ईब्वलाको भनाइअनुसार बुद्धवाद पुद्गलसत्त्वलाई पन्छ्याउने भएको कारणले पूर्वेनिवासानुस्मृतिज्ञानलाई प्राप्तगर्दछ भन्नुमा एक न एक पुद्गलसत्त्वले आफ्नो अतीतभवहरूलाई फेरि स्मरणगर्नुलाई भन्नखोजेको होइन । तृष्णाको सामर्थ्यले निरन्तर उत्पन्न भइरहने शक्तिक्रम छ, त्यो शक्तिक्रम एउटा बीजधातुसँग



Downloaded from http://dhamma.digital

सम्बन्धित भइरहेर त्यो बीजधातुलाई थुप्रैचोटि च्युति, निरोध र शान्त भइसकेको पुद्गलसत्त्वहरूले उपकारगरिराखेका छन्। एक किसिमले भन्ने हो भने मान्छे मरिसकेपछि बाज्ये, बराज्यू र अघिका मानिसहरूको राम्रो अंश वा नराम्रो अंश पाएको हुन्छ। तैपनि मानिसले आत्मदृष्टिका बेलामा आफूलाई मात्र छुट्टै देखिरहन्छ। विपश्यनाज्ञानद्वारा आत्मआसक्तिलाई निरवशेषरूपमा हटाइदिएको अवस्थामा त आफ्नो बीजधातु (वा) नामरूप स्कन्धक्रममा धेरै लामो संसारभरिमा अनगिन्तीरहेका पुद्गलसत्त्वहरूको श्रृजना र अलग नहुने प्रक्रियालाई स्पष्ट र जाज्वल्यरूपमा जान्न र देख्न सकिन्छ। पूर्वेनिवासानुस्मृतिज्ञानसित सम्बन्धित पालि वाङ्मयले त्यसरी आर्यपुद्गलहरूमा विपश्यना–ज्ञानद्वारा अनात्मस्वभाव जान्नेदेख्ने प्रक्रियालाई देखाउँछ।

सुत्तन्तदेशनाहरूमा आर्यपुद्गलले पूर्वेनिवासानुस्मृतिज्ञान प्राप्त·गरिसकेपछि च्यूतुपपात (दिब्यचक्षु) ज्ञान प्राप्तगर्छ भनी भनिएको छ। च्यूतोत्पातज्ञान लोकमा सत्वहरू कर्मअनुसार उत्पन्नहुने प्रक्रिया, राम्रो व्यक्ति राम्रो गतितिर उत्पन्नभई नराम्रो व्यक्ति नराम्रो गतितिर उत्पन्नहुने प्रक्रियालाई भनिन्छ। यो ठाउँमा कर्म, कर्मको प्रतिफलधर्मलाई भन्नखोजेको जस्तो भएतापनि वास्तवमा च्यूतुत्पातज्ञानले कर्मनियामलाई लक्ष्यगरेको होइन। भएभरका सत्व जम्मै आफ्नो बीजशक्तिको कारणले होस् वा कर्मशक्ति र कर्मवादखण्डमा विस्तृतरूपमा दर्शाएर आएअनुसार परस्पर उपकारगर्नुको कारणले होस्, उत्पन्नभएर आत्मस्वभाव शून्यहुनुलाई लक्ष्यगरेको छ। अन्य विधिले भन्ने हो भने पूर्वेनिवासानुस्मृतिज्ञान समयलाई अतिक्रमणगरी अनात्मधर्मलाई



Downloaded from http://dhamma.digital

प्रतिवेधगरेर जान्नु देख्नु हो भने च्यूतुपपातज्ञान आकाशलाई अतिक्रमणगरी अनात्मधर्मलाई प्रतिवेधगरेर जान्नु देख्नु हो।[1]

यसरी बुद्धग्रन्थकार जे.इब्वलाले पूर्वेनिवासानुस्मृतिज्ञान र च्यूतुत्पातज्ञानको अर्थ र अभिप्रायको व्याख्या गरे। यो व्याख्या पालिपिटक अर्थकथाहरूमा साधक प्रमाण नभएको सही हो, तैपनि अतीतभवहरूलाई जान्नु, देख्नु र कर्मनियामलाई जान्नु, देख्नु जति मात्र हो भनेर व्याख्यागर्नुभन्दा बढी गहनभई बुद्धवादीहरूले विचार गर्नुपर्ने भएको छ।

जेहोस्, आत्मा शून्यहुनुलाई प्रज्ञाचक्षुद्वारा प्रभासित प्रज्ज्वलितभई प्रतिवेधद्वारा जान्नु देख्नु बुद्ध विपश्यनाको स्पष्ट लक्षणको आकार प्रकार हो। त्यो लक्षण आकार प्रकार हिन्दू, इसाई आदि अन्य धर्मावलम्बीहरूको विपश्यना आचरणहरूमा देखापर्दैन। यसरी देखानपर्नु अचम्मलाग्दो छैन। किनभने हिन्दू, इसाईहरूले सम्पूर्ण सत्वहरूको मूल प्रमुखभएको परमात्माधातु अथवा परमेश्वर छ भनेर विश्वास गर्दछन्। तैपनि, हिन्दू र इसाई योगीहरूले पनि उनीहरूको विपश्यना आचरणमा योगीले म ऊ भनी विभेदगर्ने काम हराएर मूल प्रमुखधातु अथवा परमेश्वरसित एकाकारभएर जान्छ भनी भन्ने गर्दछन्।

त्यसो भएर विश्वधर्म सिद्धान्तहरूले आत्मालाई स्वीकार गरेको होस् वा अस्वीकारगरेको होस्, ती धर्मसिद्धान्तहरूबाट अन्तिम तहमा विपश्यनाधर्महरू एकसमान रहेको तथ्य त म ऊ विभेद नरहेको आकार प्रकार लक्षण हो। यो ठाउँमा अन्य

---

[1] J. Evola, "The Doctrine of Awakening", p.p. 222, 23.



Downloaded from http://dhamma.digital

योगीहरूको प्रत्यक्ष अनुभूति भगवान् बुद्धले उपदेश दिनुभएको अनात्मधर्मको गम्भीर सत्यतालाई समर्थनगर्ने स्वभावलक्षण धारण गरिरहेको छ। एकजना प्रज्ञाविद्को रायमा "यी विभिन्न विपश्यनाधर्महरूको विशेषता त योगीमा शमथ र आकाशलाई नाघेर आत्मआशक्ति कमभएर जानुभई, वास्तवमा आत्माभाव निश्चितरूपमा प्रकट नभएर दृष्टि गलतहुनु जतिमात्र हो भनी हामीले धारणा राख्नुपर्ला जस्तो भइरहेको छ। आत्मभाव संसारमा परमार्थधर्मको रूपमा मनपराउन योग्य छ त भनी धेरै संशय उब्जाउनुपर्ने भएको छ।"[1]

योगीले समय र आकाशलाई नाघ्छ भन्ने कुरालाई जान्न बुझ्न अर्को एकजना प्रज्ञाविद्को विचारलाई पनि मनन गर्नुपर्दछ।

"सबै विपश्यनाधर्मको समानतारहेको पहिलो तथ्य त विषयवस्तु एकपछि अर्को विभेदहुनु चित्त र आरम्मणको विभेदहुनु आत्मा र अनात्मको विभेदहुनु जस्ता कार्यहरू लोपहुनु नै हो। त्यो ज्ञानदृष्टि लाभहुने क्षणमा चित्तले समय र आकाशलाई नाघ्दछ। समय र आकाशको बन्धनबाट मुक्तरहन्छ। किनभने समय र आकाश संस्कारधर्महरूको विभेदहुनु, फरकपर्नु र विशेषता बढीहुनुको कारणधर्महरू हुन्। समयले वर्तमानमा रहेको विषयवस्तुहरूलाई अतीतका विषयवस्तुहरूसित फरक पार्दछ। आकाशले एउटा ठाउँमा रहेको विषयवस्तुलाई अर्को ठाउँमा रहेको विषयवस्तुहरूसित फरक पार्दछ।"

[1] "Science, Religion and Reality", edited by Joseph Needham, p. 329.



Downloaded from http://dhamma.digital

"विपश्यनाज्ञानदृष्टि चिन्तनगर्नु परामर्शगर्नुमा रहिरहेको हुँदैन। कारण चिन्तन र परामर्शगर्दा हामीले संस्कारधर्महरूलाई एकपछि अर्कोगरी विभाजनगरेर परीक्षण गर्नुपर्दछ। विपश्यनाज्ञानदृष्टि अरूलाई व्यक्तगरेर पनि हुँदैन। कारण व्याव– हारिक कुराभनेको विषयवस्तु एक पछि अर्को विभेदगर्नु अथवा चिन्तन मनन परामर्शगर्नु माथि भरपर्दछ। त्यसो भएता पनि योगी पुद्गलले तृष्णा आसक्ति आदि क्लेशबन्धनबाट मुक्तभएर मानसिकसुख शान्ति लाभगर्दछ।[१]

योगीले परमार्थ हिसाबले पुद्गल, सत्त्व आफू-अरू भनी विभेदनगरी विपश्यनाज्ञानद्वारा प्रतिवेधगरी जाने देखेको बेलामा तृष्णा, मान र दृष्टिरहितभएर क्लेशक्षेत्रबाट मुक्तहुन्छ। यो ठाउँमा महायानी बुद्धवादको इतिहासमा ख्यातिप्राप्त एकजना पुराना भारतीय अर्थकथाचार्यको कथनलाई उल्लेखगर्नु उपयुक्त हुन्छ। चित्त फरकपर्नेहरूलाई देख्नेबित्तिकै तृष्णा, उपादान र दुःखधर्महरू उत्पन्नभएर आउँछन्। त्यसपछि केही विषय आफूसित सम्बन्धित छ र केही विषय अरूसित सम्बन्धित छ भनी संकेत मिल्दछ। यदि चित्त विभेदहुनु र फरकपर्नुको कारण हलचलनभएमा अकुशलहरूको मूलरहेको आत्मआसक्ति लोपभएरजानेछ।[२]

यसरी शीलधर्मले विपश्यना क्रियाकलापलाई आधार दिएजस्तै विपश्यनाधर्मले शीलधर्मलाई उपकार गर्दछ। त्यसो भएता पनि शीलधर्म विपश्यना क्रियाकलापको उद्देश्य र लक्ष्य

---

१ W.T. stace, "Religion and Modern mind", p.p. 240, 242.

२ Ashvaghosha quoted in dwight Goddard, "A Buddhist Bible", p. 369



Downloaded from http://dhamma.digital

नभई सम्प्रयुक्त फलधर्म जति मात्र भएको विषयलाई ख्यालगर्नुपर्दछ। तसर्थ आचरणशीललाई संसारमा प्रधान, प्रमुखधर्म हो भनी धारणाराखेर शीलब्रतउपादान आसक्तिरहेका व्यक्तिहरूले विपश्यनाधर्मलाई दोषारोपणगरी आलोचनागर्दछ। विश्वप्रसिद्ध यूरोपेली प्रज्ञाविद अल् बर्ट स्वेट्जर् त्यसरी दोष देख्नेमा हुनुहुन्छ। तैपनि उहाँले बुद्धविपश्यनालाई पूर्णरूपमा सुनिश्चिततौरले अनुसन्धानगर्न पाउनुभएको जस्तो लाग्दैन। अथवा आत्मआसक्ति रहितभई आचरणशील स्वभावत: नै राम्रो परिशुद्धभएर आउने विषयमा उहाँको ध्यान नपुगेको हुनसक्दछ।

जेहोस्, गम्भीर र सही भएको आचरणशील विपश्यनाज्ञानदृष्टिमाथि आधार बनाइनुपर्ने भएको विषयलाई त निम्नानुसार स्वीकार गरिएको छ।

"हामी पश्चिमेली नागरिकहरूले विपश्यनाधर्मसित अलगभई सन्तोषजनक भएको आचरणशील सम्बन्धी अभिधर्मलाई उपलब्धगराउन सकिन्छ भनी धारणाराख्नु अतिनै गलत छ। आजसम्म हामीले भव अभिधर्महरूलाई सन्तुलनगर्नु बाहेक अरू केही पनि गरेर आएका छैनौं। ती अभिधर्महरू मानिसहरूलाई बाह्य व्यक्तिगत आचरणधर्मलाई आविष्कारगरेर दिएकोले राम्रो छ, तापनि सहीढंगले गम्भीर नभएकोले सधैं पृष्ठभूमितिर ढल्किरहेको छ। त्यसो भएर यूरोपेलीहरूको धारणा मानिसहरूलाई आचरणशील सम्पन्नगराउने सही भएतापनि त्यो आचरणशील ठोसरूपमा साररहित छ। मानिसहरूले चहलपहल जागृतितिर अभिमुखभएको चारित्रिक अभिधर्मलाई मात्र बुझेको हुनाले आन्तरिक सन्ततिमा स्थिर शान्त भाव छैन। त्यो चित्त शान्त र स्थिरहुनलाई चाहना राख्नुपर्दछ भनेर पनि थाहा छैन।



Downloaded from http://dhamma.digital

"हामीहरूले यो गल्तीलाई परित्यागगर्ने समय आइपुग्यो । हामीहरूको चारित्रिकधर्म सम्बन्धी चिन्तन मनन, विवेक, दर्शन विपश्यनाज्ञानदर्शनमा आधारित भएमा मात्र गम्भीर, स्थिर र शान्त हुनेछ । चहलपहल हलचल गरिरहनचाहनु छन्द तीव्रहुनुमात्रले भवउद्देश्य समस्याहरू समाधान हुनेछैन । परमार्थधर्मलाई विपश्यनाज्ञानद्वारा जाने देखेमा मात्र समस्याहरू समाधानभई आन्तरिक र बाह्य शील परिशुद्धहुने कुरा स्वभावतः उत्पन्नभएर आउने छ ।"[१]

विपश्यनाधर्मको लक्षण आकार प्रकारहरू मध्ये मानसिकसुख शान्ति लाभहुनु हाम्रो निमित्त सबभन्दा महत्वको विषय हो । किनभने मानसिकशान्ति र सुख विपश्यना आचरणक्रम स्पष्टभएको दृष्टधर्म फलधर्म भएकोले, एउटा आचरणक्रम गहिरोभएको नभएको, गलत सही के हो त्यो लक्षण–द्वारा विभाजन र निर्णय गर्नुपर्दछ । यो कथन अन्य योगीहरूको निमित्त भन्दा पनि बुद्धवादी योगीहरूको निमित्त बढी सही छ । यसरी स्पष्ट हुन्छ :–

इसाई सिद्धान्त साँच्चै नै विपश्यना क्रियाकलापसित प्रतिपक्षी छ । इसाई शासनमा विपश्यनाधर्मलाई आचरण, उद्योग, अभ्यासगर्ने योगी र व्यक्तिहरू उत्पन्नभएर आएतापनि इसाई संघसभाले त्यति प्रोत्साहन दिएका थिएनन् । कारण इसाई सिद्धान्त यी विश्वमानव दुराचारीसत्त्व र परमात्माको असाध्य विभेदभएको प्रक्रियालाई गहनरूपमा उपदेशदिएर वर्तमानभवमा

[१] Albert Schweitzer, "The philosophy of civilization", p. 303



Downloaded from http://dhamma.digital

परमार्थधर्मलाई प्रतिवेधद्वारा जान्न देख्न सकिन्छ भन्ने विपश्यना आचरणक्रमलाई तिरस्कार गर्दछ।

बुद्धवाद त्यस्तो होइन। यसले वर्तमानभवमा विपश्यना आचरणक्रमद्वारा मार्गफल निर्वाणसुख प्राप्तगर्न सकिन्छ भनी उपदेश दिन्छ। बुद्धवादमा विपश्यना क्रियाकलापको प्रमुख उद्देश्य चित्तलाई दमन र नियन्त्रणगरी तृष्णा मान आदि क्लेशधर्मलाई निर्मलपार्नु हो। त्यसो भएर योगी पुद्गलले यदि उद्योग आचरण गऱ्यो भने, प्रज्ञाज्ञान परिपक्व नभएता पनि वा अन्य कुनै न कुनै विषयको कारणले निर्वाण साक्षात्कारगर्न नसकेतापनि नीवरणधर्म क्लेशधर्महरू स्थिर र कमजोरभई उचितरूपमा मानसिकसुख शान्ति उपलब्धहुने कुरा सही हो भनी भन्नुहुन्छ।

म्यांमार् राष्ट्रमा अहिले विपश्यनाधर्म उद्योग र अभ्यास गरिरहने बुद्धवादीहरू धेरै छन्। ती बुद्धवादी योगीहरूमध्ये विपश्यनाधर्म अभ्यास र उद्योग गर्नाले उचितरूपमा इन्द्रियसमाधि परिपक्वभई मानसिकशान्ति र सुख प्राप्तगरिरहेका व्यक्तिहरू पनि छन्। तैपनि उनीहरूको संख्या अन्य योगीहरूको संख्यासित जोड्दा नगण्य नै देखिन्छ। धेरैजसो योगीहरूमा विपश्यनाधर्मको कारणले विशेषरूपले स्वभाव परिवर्तनभएको केही पनि देखापर्दैन। कोही कोहीले भावनाधर्म उद्योग र अभ्यास गरिरहेको क्षणमा विशिष्टधर्म देख्नपाएको हुन्छ। उनीहरू त्यसअघि अनुभवगर्न नपाएको मानसिकशान्ति सुख त्यसबेला देख्नपाइन्छ र अनुभवगर्न पाइन्छ भनी भन्छन्, तापनि चित्तधातु चरित्रलाई केही गरेर पनि सुधार गर्न सामर्थ्य नभएको विशिष्टधर्म र क्लेशनीवरणधर्महरू अघिभन्दा कमभएर आएको कारणले नभई केही न केही अन्य विषयको



Downloaded from http://dhamma.digital

कारणले चित्त प्रसन्नभएको जस्तो मानसिकसुख पाएकोजस्तो केही क्षण अनुभव गर्नपाउनु विपश्यना क्रियाकलापको साँचो फलधर्म हो भनी विश्वासगर्न मुश्किल छ ।

वास्तवमा भन्ने हो भने, अहिले म्यांमार्का योगीहरूले प्रायशः विपश्यना क्रियाकलापको दृष्टधर्म प्रतिफललाई आकांक्षा गरिराखेका होइनन् ? किन्तु तिनीहरू अर्को जन्मको प्रतिफल अभिवृद्धि, सांसारिक प्रतिफल अभिबृद्धिको आकांक्षाराखी भावनाधर्म उद्योग र अभ्यास गरिरहेका हुन् । यसरी म्यांमार् राष्ट्रको विपश्यना क्रियाकलाप परलोक प्रतिफल अभिवृद्धि क्रियाकलापमात्र भइरहनुमा विपश्यना आचार्यहरू पनि दोषमुक्त छैनन् । विपश्यनाचार्यहरूले प्रायशः परलोक प्रतिफल अभिवृद्धिलाई मात्र अभिमुखगरी उपदेशगर्ने गर्दछन् । भन्ने हो भने विशेष ख्यातिप्राप्त एउटा विपश्यना ग्रन्थको निदानकथामा विपश्यनाधर्म उद्योग र अभ्यासगरेर उपलब्धहुने प्रतिफलधर्महरूलाई उल्लेख गरिराखेकोमा वर्तमान प्रतिफलधर्महरूलाई बिल्कुल उल्लेख नगरी परलोक जीवनमा प्राप्तहुने प्रतिफलधर्महरूलाई मात्र विशेषगरी उल्लेख गरिराखेको छ । तैपनि, विपश्यनाधर्मको प्रमुख लक्ष्य अहिले धेरै योगीहरूले लक्ष्य राखेको परलोक प्रतिफल अभिवृद्धिहरू मात्र भइरहेको तथ्यको सुदृढ बुद्धदेशनाका साधकनमूनाहरू छैनन् । साँच्चै भन्ने हो भने परलोक प्रतिफल अभिवृद्धिप्रति आकांक्षाराखेर भावनाधर्म उद्योग र अभ्यासगर्नु अतीत र अनागतमा आसक्ति नराखी वर्तमान आरम्मणप्रति पूरा ध्यान दिई कामगर्न उपदेश दिइराखेको बुद्धवादको सन्दिट्ठिक अकालिक एहिपस्सिक गुणहरूसित बिल्कुल प्रतिपक्ष भइरहेको छ भनी हामीहरू विश्वास गर्दछौं ।



Downloaded from http://dhamma.digital

# खण्ड ४
# निर्वाण

## क) निर्वाणको दृष्टधर्म लक्षण

निर्वाणको विषय बुद्धवादमा धेरै विवादास्पद बनेको छ। बुद्धवादीहरू र बुद्धवादी नभएका पश्चिमेली राष्ट्रका पालिप्रज्ञाविद्हरूका साथै बुद्ध सुतेषीहरूका निर्वाण सम्बन्धमा एक अर्काको विचार धारणा फरक भई विभिन्नवादहरू प्रादुर्भाव भएका छन्।

त्यसो भएतापनि बुद्धकालीन बुद्धवादीहरू र अन्य धर्मावलम्बीहरू बीच त्यसप्रकारको फरक धारणा रहेको थिएन। बुद्धको अनात्मधर्मलाई राम्ररी नबुझेको कारणले अथवा सन्तोष नहुनाको कारणले वच्छपरिब्राजक, मोलियफग्गुण स्थविर आदि व्यक्तिहरूले बुद्धसँग सोधेका कुराहरू पिटक वाङ्मयमा प्रस्तुत भएका छन्। निर्वाणसम्बन्धी सोधेका विषयहरू त त्यतिसाह्रो देखापर्दैनन्। त्यस युगका मानिसहरूले विशेष जान्नचाहेका तथ्यहरू त अरहन्तको कर्मजरूप च्युति अनन्तरमा के हुन्छ? त्यो व्यक्ति लगातार रहिरहन्छ कि रहँदैन भन्ने तथ्य हो। यो समस्या सम्बन्धी त्यस युगका भारतीयहरू अनिश्चितावस्थामा रहेका थिए। अरहन्त पुद्गलहरूले उपलब्धगरेको निर्वाणको स्वभाव, आकार प्रकारसितको सम्बन्धमा त संशय उत्पन्नभएंको थिएन। उनीहरूले निर्वाणको विषयलाई राम्ररी थाहापाएका थिए। त्यसरी थाहापाउनु वर्तमानसमयका मानिसहरू भैंन्दा बढी प्रज्ञाज्ञानमा परिपक्वभएको कारणले नभई निर्वाणसित सम्बन्धित बुद्धदेशनाहरूलाई सहीढंगले अध्ययन र छलफल गर्नाले हो।



Downloaded from http://dhamma.digital

"मित्र सारिपुत्र, के केलाई निर्वाण भनी भन्नुपर्दछ ?" भनी जम्बुखादक परिब्राजकले सोधे। त्यस अवस्थामा आयुष्मान् सारिपुत्रले "राग, द्वेष र मोह क्षयहुने जुन स्वभावधर्म छ, त्यो स्वभावधर्मलाई निर्वाण भनी भन्नुपर्दछ" भनेर आज्ञाभयो (संयुत्तनिकाय जम्बुखादक संयुत्त निब्बानपञ्हा सुत्त)।

"हे ब्राह्मण ! राग, द्वेष र मोहलाई हटाएको खण्डमा आफ्नो दु:ख र अरूको दु:ख भनी विचारगर्ने हुँदैन । चित्तको आधारमा दु:ख दौर्मनस्य उत्पन्नहुँदैन। यसरी निर्वाणलाई प्रत्यक्ष र स्पष्टरूपमा स्वयंले जानिने देखिने हुन्छ।" (अंगुत्तरनिकाय तिकनिपात सन्दिट्ठिकनिब्बान सुत्त)

"रूप वेदना आदिको अनित्य र दु:खस्वभावलाई यथाभूत रूपमा विपश्यनाप्रज्ञाद्वारा भावितागर्ने भिक्षुमा शोक र पीडा कष्टहुनु हुँदैन । त्यसरी प्रार्थनागर्ने नभई सुखपूर्वक बस्नपाउने भिक्षुमा एकक्षण क्लेश शान्तहुने भएकोले एकक्षणको निर्वाणप्राप्त पुद्गल भनी भन्नुपर्दछ।" (खन्धसंयुत्त अत्तदीप सुत्त)

"घोतक ! यही जीवनमा नै अनुश्रुतिले होइन, स्वयंले साक्षात्कारगर्न सकिने क्लेशान्तर शीतलहुने निर्वाणधर्मलाई म तिमीलाई उपदेशदिने छु।" (सुत्तनिपात पारायनवग्ग घोतकमाणव पुच्छा)

"हे देवपुत्र ! लोक, लोकको उत्पत्तिको कारण, लोकको निरोध निर्वाण र निर्वाणतिर पुग्नाको कारणमार्ग चारहातजति लामो यो स्कन्धशरीरभित्र नै छ भनेर म तथागतले उपदेश गर्छु।" (सगाथावग्गसंयुत्त रोहित देवपुत्त सुत्त)



Downloaded from http://dhamma.digital

यसरी निर्वाणको आकारप्रकारलाई सामान्य र स्पष्टरूपमा उपदेश गरिराखेका पालि धेरै छन्। ती पालिहरूअनुसार निर्वाण क्लेशधर्महरूको मूलजरोसहित निरवशेषरूपमा निरोध र शान्तहुनु अनि यसरी निरोध र शान्तभएको कारणले भवसंसारचक्र टुटेर नयाँभव फेरि उत्पन्न नहुनुलाई भन्नखोजेको विषय स्पष्ट छ। अर्को विधिले भन्ने हो भने च्युतिचित्त कर्मजरूप निरोध हुनुभन्दा अगाडि यहाँ अरहन्त पुद्गलले उपलब्धगरेको अरहत्तफल निर्वाण हो। कोही कोही बुद्धवादीहरू र कोही कोही पश्चिमेलीहरूले यो तथ्य सम्बन्धमा बुझ्दैनन् । बुझ्छ नै भनौं सन्तोष नभएकोले अरहन्त व्यक्ति च्युतिचित्त निरोधहुनुको अनन्तरमै निर्वाणतिर पुग्दछ भनी धारणा राख्दछन्। तैपनि अरहन्तपुद्गल च्युतिहुनुको अनन्तरमा के कस्तो हुन्छ भनेर भगवान् बुद्धले कुनै प्रकारले उपदेशगरेर नराख्नुभएको कारणले तिनीहरूले विभिन्न किसिमले चिन्तन मनन गरिराखेको हुँदा निर्वाण सम्बन्धमा विवाद विभेद गरिराखेको हो।

निर्वाण अरहन्तहरूले साक्षात्कारगर्ने धर्म मात्र हो भनेमा यो धारणा दृष्टधर्म निर्वाणवाद भइरहेको हुनेछ। होइन र ? भगवान् बुद्धले ब्रह्मजाल सुत्तमा दृष्टधर्म निर्वाणवादलाई हटाई पठाउनुभएको होइन र ? भनेर प्रश्नगरेमा बुद्धवाद साँच्चैकै दृष्टधर्मवाद हो भन्नसकिन्छ। त्यसो नभई बुद्धवादको मूल आधार भएको निर्वाण अरहन्त पुद्गल च्युति भइसकेपछि मात्र उपलब्धहुने धर्मभएमा सन्दिट्ठिको अकालिको एहिपस्सिको आदि बुद्धधर्मगुणहरू निरर्थक हुनजानेछन् । ब्रह्मजाल सुत्तमा भगवान् बुद्धले हटाउनुभएको दृष्टधर्म निर्वाणवाद कामगुणसुख र चार ध्यानसुख



Downloaded from http://dhamma.digital

नै निर्वाणसुख हो भन्ने धारणालाई भन्नखोजेको हो । अरहन्तको अरहत्तफललाई भन्नखोजेको होइन । अरहत्तफल र कामगुणधर्म, ध्यानधर्महरूको स्तर तुलना गरेर नहुने भई प्रमाणातीतरूपमा फरक परेको छ ।

निर्वाण दृष्टधर्म उपदेशभएको विषय मानिसहरूले नजान्नु नदेख्नुमा वास्तवमा अचम्मलाग्दो छैन । त्यो नजान्नु नदेख्नुलाई उत्पन्नगराउने कारणधर्महरू छन् । बुद्धवादबाट अन्य विश्व धर्मवादहरूको आशयअनुसार मानिसहरूले आशाराख्ने सबभन्दा राम्रो, सबभन्दा उत्तमधर्म अथवा सुखभनेको मरणको अनन्तर परलोकमा नै उपलब्ध हुन्छ । त्यो विशेषधर्म विशिष्टसुखलाई मनुष्यलोकका एकजना हीन मानिसको हिसाबले उपलब्धहुन सुहाउँदैन । त्यस अतिरिक्त प्रत्यक्ष मनुष्यलोकमा नै अति विशिष्ट उत्तम मनुष्य पुद्गललाई भेट्टाउन दुर्लभ भएकोले लौकिक पुद्गल विशेष उत्तम पुद्गलभन्दा बढी अत्याधिक विशिष्ट भएको लोकोत्तर पुद्गल भावमा साँच्चैको मानिस पुग्नसक्दैन भनी मानिसहरूले विश्वास गर्दछन् । यस किसिमको धार्मिक विश्वासहरू पूर्वप्रवेणी परम्परादेखिको विश्वासहरूसितको प्रभावबाट नअलग्गिएको व्यक्तिले निर्वाणलाई दृष्टधर्म उपदेशको रूपमा स्वीकार गर्नचाहने छैन ।

यो ठाउँमा डाक्टर रीस् डेविड्स्को भनाईलाई उल्लेखगर्नु ठीकपर्दछ ।

"निर्वाण विषयलाई लेख्ने यी यूरोपेलीहरूले पौराणिक बुद्धवादहरूमा जस्तो उत्तेजित मानसिकधातु विश्वास आशा



Downloaded from http://dhamma.digital

गर्नसक्ने हुँदैन। उनीहरू आफैमा यो मनुष्यलोक आशारहितभएको लोक हो भनी विश्वासलिएर परलोकमा मात्र आधार भरोसाको खोजखाज गरिरहने व्यक्तिहरू भएकोले बुद्धवादीहरू उनीहरूको जस्तै धारणारहेका हुनेछन् भनी सम्झिरहन्छन् । उनीहरूको दृष्टिभ्रमलाई हटाउन सुदृढ पिटकदेशना साधक प्रमाण पनि नभएको कारणले उनीहरूले निर्वाणलाई मरण अनन्तरमा मात्र उपलब्ध हुने धर्म हो भनी उनीहरूको अघिदेखि विद्यमान सिद्धान्तमाथि आधारलिएर अर्थविवरण दिइराखेका हुन् । ....... वास्तवमा भन्ने हो भने यो मनुष्यलोक यस जीवनमा नै संसार चक्ररूपी दुःखबाट मुक्तहुनुलाई साक्षात्कारगर्न सकिने भन्ने सिद्धान्त बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि प्रकटरूपमा नभएको भएपनि भारतीय धार्मिकक्षेत्रभित्र यो प्रवेश भइसकेको छ । यो सिद्धान्त भारतीयहरूको मनोवृत्तिसित अति नै मिल्नेभएको कारणले बुद्धकालीन अवस्थादेखि आजसम्म प्रकटरूपमा रहिरहेको भारतीय धार्मिक धारणा भई यो प्रत्यक्ष जीवनमा क्लेशधर्म र दुःखहरूबाट मुक्तहुनु भन्ने अर्थ अभिप्रायरहेको जीवनमुक्ति भन्ने कथन भारतीय धार्मिकक्षेत्रमा प्रसिद्ध कथन भएको छ ।"[१]

डा. रीस् डेविड्स्ले यूरोपेलीहरूको दृष्टिभ्रमलाई हटाउने सुदृढ पिटकदेशना साधकप्रमाण नमूना छैन भनी लेखेको अवस्था १९०८ तिर (वहाँले) पालि पिटकलाई व्याप्त हुनेगरी पूर्णरूपमा अनुसन्धान गरिसकेजस्तो देखिँदैन । वास्तवमा भन्ने हो भने निर्वाण दृष्टधर्म सही उपदेशभएको विषय पिटकमा सुदृढ पालिसाधक प्रमाण नमूनाहरू रहिसकेको हुनाले केही केही माथि उल्लेख गरिसकेको छु ।

---

[१] Dr. Rhys Davids, "Early Buddhism", p.p. 73-74.



Downloaded from http://dhamma.digital

जेहोस्, पश्चिमेलीहरूलाई छोडौं ताकि थुप्रै बुद्धवादीहरूले समेत निर्वाणलाई मरणोपरान्त मात्र प्राप्तगर्नसक्ने धर्म हो भनी धारणाराखेका छन् । त्यस धारणालाई उत्पन्नगराउने एउटा कारण त दुःखसत्यलाई यथार्थरूपमा नबुझ्नु नै हो। बुद्धवादीहरूले जराव्याधिमरणलाई मात्र दुःख हो भनी सम्झन्छन् । त्यस प्रकारको धारणारहेका व्यक्तिहरूको दृष्टिअनुसार जराव्याधि–मरणसित अलग्ग नभएको अरहन्त पुद्गल कसरी निर्वाण साक्षात्कार गरिरहेको पुद्गल हुनसक्ला त ? मनुष्यलोकमा मानसिकदुःख उत्पन्नगराउने दुःखसत्यधर्म मानसिकसुख उत्पन्नगराउने धर्मभन्दा अति नै बढी, विशाल र थुप्रै रहेको छ भनेर पनि भन्नखोजेको विषय यो पुस्तकको प्रथमभाग खण्ड ५ मा विस्तृतरूपले उल्लेख गरिसकेको छु। बुद्धवाद दुःखधर्मलाई अत्यन्त गम्भीररूपमा उपदेशदिने भएतापनि दुःखवाद नै भएको त हैन। अर्को विधिले भन्नुपर्दा मनुष्यजीवनलाई जाति प्रजाति स्तर श्रेणी विभाजन नगरी जम्मै दुःखधर्मसित जहिलेपनि जोडिरहेको छ भनेर त भन्दैन। त्यसो हो भने मनुस्सत्तभावो दुल्लभो भन्ने बुद्धवचन निरर्थक हुनजानेछ। बुद्धवादीहरूले यो तथ्यमाथि होशं नराखी दुःखसत्यलाई दुःखवादसित मिसाएर भूलगरी मनुष्यजीवन सबैमा दोष देखी भवसंसारचक्र टुटिसकेपछि पछिको अनन्तरमा नै निर्वाण रहेको छ भनी धारणा राखिराखेका छन्।

निर्वाण च्युतिचित्त निरोध हुनुअगावै उपलब्धहोइने धर्म भएको छ भन्ने तथ्यलाई स्वीकारी त्यसमा विश्वासगर्न मुश्किलपर्ने प्रधान मूलकारण त सत्कायदृष्टि आसक्ति हो। साँच्चिकै पृथग्जन हो भने आत्मआसक्तिलाई मूलजरोसहित निरवशेषरूपमा



Downloaded from http://dhamma.digital

परित्यागगर्न सकेको हुँदैन। आत्मआसक्तिरहित नभएको व्यक्तिले अरहन्त पुद्गलको क्लेश निरोध र शान्तहुनु, दुःखबाट मुक्तहुनुलाई ख्याल नराखी त्यस व्यक्तिले च्युतिचित्त निरोधहुनुको अनन्तरमा आधार स्थललाई नै गहनरूपमा आलम्बनगरी निर्वाणको चिन्तना र कल्पना गर्नेछ। यस क्षेत्रमा सर् राधाकृष्णन्, मिसेज् रीस् डेविड्स् आदि आत्मावादी प्रज्ञाविद्हरू ज्वलन्त उदाहरणहरू हुन्। उनीहरूमा पालि पिटकभित्र आफूहरूले विश्वास र आसक्ति राखेको आत्मावादलाई तानी घुसारी निर्वाणलाई नामरूप निरोध र शान्त भइसकेपछि मात्र उत्पन्नभएर आएको धर्म भनी धारणा रहेको हो। कोही व्यक्तिले त आत्मआसक्ति उपादान दृढरूपमा नभएतापनि आत्मआसक्तिसित सम्प्रयुक्त भवतृष्णाको संजाल टुटिनसकेको कारणले निर्वाणलाई स्कन्धनिरोध र शान्त भइसकेपछि रूपविशेष नामविशेषद्वारा उपलब्ध एक किसिमको भव भनी आसक्तभई सम्झिराखेका हुन्छन्।

निर्वाणलाई दृष्टधर्म स्वभाव होइन भनी धारणाराख्ने उनीहरूले विशेषरूपमा उद्धृतगरी दर्शाउने पालिपद दुईवटा छन्। ती हुन्, सउपादिशेष निर्वाण र अनुपादिशेष निर्वाण। सउपादिशेष निर्वाण भनेको स्कन्ध अवशेषरहेको निर्वाण हो। त्यो निर्वाण क्लेशधर्म सम्पूर्णलाई निरवशेषरूपमा प्रहाण गरिसकेको अरहन्तको निर्वाण हो। त्यस निर्वाणलाई वास्तविक निर्वाण भन्नमिल्दैन। वास्तविक निर्वाण त अरहन्तले स्कन्धनिरोध र शान्त भइसकेर प्राप्तगरिने अनुपादिशेष निर्वाण हो। त्यो अनुपादिशेष निर्वाण मात्र नै असंस्कृतधातु, उत्तममहान् निर्वाण हो भनी कोही कोही बुद्धवादीहरू विश्वासगर्दछन्।



Downloaded from http://dhamma.digital

यस क्षेत्रमा ती दुई प्रकारको निर्वाण विषयलाई उपदेशगर्ने सुत्तन्त देशनाप्रति विचारविमर्श गर्नुपर्दछ।

"भिक्षुहरू हो, निर्वाणधातुहरू सउपादिशेष निर्वाणधातु र अनुपादिशेष निर्वाणधातु भनी दुई प्रकारका छन्। सउपादिशेष निर्वाणधातु कुनचाँहि हो त भन्दा भिक्षु पूजा विशिष्टलाई ग्रहणगर्न योग्यभएको, आश्रवक्षय भइसकेको, उत्तमाचरणलाई आचरण गरिसकेको, गरिसकेको मङ्गलकृत्य रहेको, स्कन्धभारलाई बिसाईसकेको, भवसंयोजन क्षयभइसकेको, राम्ररी बुझी क्लेशबाट विमुक्त भइसकेको व्यक्ति हो। त्यस अरहन्त पुद्‌गलमा पञ्चइन्द्रियहरू विद्यमान रहेकै हुन्छ। त्यस अरहन्त पुद्‌गलले ती पञ्चइन्द्रियहरू निरोध नभइसकेको कारणले नै मनपराउनयोग्य र मनपराउनअयोग्य रहेका आलम्बणलाई अनुभवगर्दछ अनि सुखदुःखको अनुभवगर्दछ। त्यस अरहन्त पुद्‌गलमा जुन राग दोष मोह क्षय हुनुछ, त्यस राग द्वेष मोह क्षय हुनुलाई नै सउपादिशेष निर्वाणधातु भनी भन्नुपर्दछ।"

"अनुपादिशेष निर्वाणधातु कुनचाँहि हो त भन्दा (भिक्षु पूजा विशेषलाई ग्रहणगर्न योग्य भएको व्यक्तिदेखि शुरुगरेर क्लेशबाट विमुक्तभएको व्यक्तिसम्म उपर्युक्तअनुसार एक समानले कुरा आएको छ। त्यसपछि अनुपादिशेष निर्वाणको विशेषतालाई उपदेश गर्नुभएको त) "यो आत्मभावमा नै त्यो अरहन्त पुद्‌गलमा अनुभवगर्नु, सम्पूर्ण वेदनाहरू राग आदि हिसाबले मनपराउन अयोग्यभई फेरी उत्पन्न नहुने किसिमको शान्तशीतल भइसकेको हुनेछ। यस्ता अनुभवगरिने जतिजम्मै फेरि उत्पन्न नहुने हिसाबले



Downloaded from http://dhamma.digital

निरोध र शान्त हुनुलाई नै अनुपादिशेष निर्वाणधातु भनी भन्नुपर्दछ।" (इतिवुत्तक पालि दुकनिपात निब्बानधातुसुत्त )

यो पालिको पछाडि "अनुपादिशेष निर्वाणधातु त स्कन्ध विनाश भइसकेको बेलामा उत्पन्न हुन्छ" आदिद्वारा सूत्रको अर्थस्वभावलाई व्याख्यागर्ने गाथा आएको छ। त्यो गाथा पिटक– धारी भिक्षुहरूको गाथा हो। बुद्धको देशनामा स्कन्ध अवशेष नरहेकोलाई देशनागर्ने कथन आएको छैन। इधेव=यो आत्मभावमा नै भन्ने पालिलाई पनि ख्यालराख्नुपर्दछ।

उपादि भन्ने पालि पदले आत्मजीवको आधार स्थल वा पञ्चस्कन्धलाई व्यक्तगर्ने भएकोले अनुपादिशेष निर्वाणलाई स्कन्ध अवशेष नरहेको निर्वाण भनी अट्ठकथाचार्यहरूले भाषान्तरण गरि राखेको हुनुपर्दछ। त्यसरी पालिपदको मूलजरो अर्थलाई समावेश गरी विचार गर्नुपरेमा अनुपादिशेष निर्वाण परिनिर्वाण जस्तै अरहन्तको च्युति कर्मजरूप निरोध हुनुलाई मात्र दर्शाउने कथन हुनुपर्दछ। उपादिशेष निर्वाणसित विभेदहुनु परिनिर्वाण र निर्वाणविभेद हुनेखालको जस्तै हुनेछ।

लेडी सयादोको मतअनुसार त "श्रोतापत्ति मार्गक्षणमा केही क्लेशहरू केही अनागत स्कन्धहरूको निरोध र शान्ततिर पुग्नजानु, उक्त अवस्थादेखि निर्वाणतिर पुग्नु नै हो। मार्गफललाई अहिलेको जुनिमा प्राप्त हुने विपश्यनायोगी पुद्गलको निर्वाण, अरहन्तभावतिर नपुग्दैको सउपादिशेष पुद्गलको सउपादिशेष निर्वाण भन्दछ। अरहन्त भावतिर पुग्ने बेलालाई अनुपादिशेष



Downloaded from http://dhamma.digital

पुद्गलको अनुपादिशेष निर्वाण भन्दछ। क्लेशनिरोध र शान्तहुनु र स्कन्धनिरोध र शान्तहुनु अलग अलग भिन्न भिन्न कुरा होइन। यी कुरा दुई भेद नभई एउटै हुन्।"[१]

दीपय् यिं सयादोले त "निर्वाणतिर पुग्छ प्राप्तगर्छ भन्दा मार्गक्षणमा प्राप्तगर्छ पुग्छ भनी सम्झनुपर्छ, च्युति कर्मजरूप निरोध भईसकेपछि प्राप्त हुनपुग्ने अवस्थाको अर्को निर्वाण छैन। निर्वाण भनेको एउटै मात्र छ, त्यस एउटै निर्वाणलाई नै मार्ग उत्पत्तिपछि च्युति उत्पन्न नहुञ्जेलपुग्ने व्यक्ति स्कन्ध अवशेष रहिरहेकै हुनाले सउपादिशेष निर्वाण भनेर र च्युति उत्पत्तिपछि स्कन्ध अवशेष नरहेको हुनाले अनुपादिशेष निर्वाण भनेर पुग्ने व्यक्तिको स्कन्धलाई आधारलिई दुईवटा नाउँद्वारा व्यवहार गर्नु परेको हो। निर्वाण दुईवटा भएकोले व्यवहार गरिएको होइन। तसर्थ निर्वाणमा त भेद विभेद भनेकै छैन, त्यसलाई नाउँमात्र फरकपरेको हो भनी सम्झनुपर्दछ"[२] भनी भन्नुभएको छ।

यी कथनहरूद्वारा लेडि सयादो र दीपय् यिं सयादोहरूले स्वीकारगरी विश्वासगर्ने निर्वाण, माथि उल्लेख गरिसकेका पालिअनुरूप अरहन्तको च्युति कर्मजरूप निरोधहुनुअगाडि उपलब्धगरिने दृष्टधर्म स्वभाव भएको विषय स्पष्ट छ।

पालिपिटक र अट्ठकथाहरूमा निर्वाणको स्वभाव आकार प्रकार लक्षणलाई दर्शाउने पदहरू धेरै धेरै देखापर्दछन्। **अनिदस्सनं, अब्यापज्जं, केवलं, अनालयं, निरोधं, मोक्खं, विरागं, अमतं,**

---

[१] निब्बाण दीपनी [२] परमत्थ दीपनी



Downloaded from http://dhamma.digital

विसुद्धं, निपुणं आदि भनी निर्वाणको विशेषगुणलाई प्रदर्शनगर्ने पदहरू थुप्रै छन् । फ्रान्सेली एकजना प्रज्ञाविद्को मतअनुसार निर्वाण पालिसाहित्यमा अरहत्तफल अथवा अरहन्त पुद्गलको भाव अथवा च्युति रहिसकेको अरहन्त पुद्गललाई लक्ष्यगर्ने कथन भएकोले कहिलेकाँहि ती अभिप्राय तीन प्रकारमध्ये कुनचाँहि अभिप्रायलाई धारण गर्दछ भनी निर्णयगर्न मुश्किल छ । पालिपिटकमा प्रायःगरी अरहत्तफललाई लक्ष्यगरी संस्कृत बौद्ध साहित्यमा त च्युति रहिसकेको अरहन्तलाई लक्ष्यगर्दछ । मिसेज् रीस् डेविड्स्ले त पुरातन संस्कृत बौद्धग्रन्थहरूमा निर्वाण पालि पिटकसाहित्यमा जस्तै अहिलेको प्रत्यक्षजीवनमा क्लेशनिरोध र शान्तहुनुलाई लक्ष्य गरेको कथन हो भनी भनेकीछिन् ।

निर्वाण भन्ने पालिपदको मूलजरो अभिप्राय निरोध र शान्तहुनुलाई प्रदर्शनगर्ने विधिअनुरूप निर्वाणको अन्य नाउँ पर्यायपदहरूले पनि निरोध र शान्तहुनु, विमुक्तहुनु, लोप र शान्तहुनु आदि अर्थहरूलाई व्यक्तगर्दछ । निरोध र शान्तहुनु भनेको क्लेशहरूको निरोध र शान्तहुनु अनि दुःखको निरोध र शान्तहुनु हो । त्यसोभएतापनि कोही कोही बुद्धवादीहरूले दुःखप्रहीण र शान्तहुनुलाई सुखको रूपमा नजान्नु नदेख्नुको कारणले निर्वाणलाई पनि सुखको रूपमा जान्दैनन् देख्दैनन् । निर्वाण सुख दुःख प्रहीण र शान्तहुनु सुखभएको तथ्यलाई जान्न देख्नको लागि सर्वप्रथम दुःखसत्यलाई जान्नु, देख्नुपर्नेछ ।

दुःखसत्यविषयलाई पहिलो भागमा विस्तृतरूपमा उल्लेखगरेर आइसकेको छु । दुःखसत्यलाई प्रज्ञाचक्षुद्वारा जान्नेदेख्ने



Downloaded from http://dhamma.digital

व्यक्तिको निमित्त दुःखनिरोध र शान्तहुनु वास्तविक सुख हो। त्यस व्यक्तिले दुःख निरोध र शान्तहुनुको अनन्तरमा कसरी कुन प्रकारले सुखअनुभव गर्नुपर्ला भनी कल्पना र चिन्तना गर्नेछैन।

त्यस्तो व्यक्तिको निमित्त दुःखनिरोध र शान्तहुनु नै प्रमुख विषय हो। सुखअनुभवगर्नु प्रमुख विषय होइन। उपमा त कारागारमा दुःखलाई प्रत्यक्ष जाने देखेको कैदीले कारागारबाट मुक्तहुने अवस्थालाई मात्र आशाराखी कारागारबाट मुक्तभइसकेपछि पाइने फलधर्मतिर विचार गर्नेछैन। अत्यन्त मानसिक पीडा भएकोले आत्महत्यागर्ने सोचराख्ने व्यक्तिले दुःख पीडाबाट मुक्तहुनुलाई मात्र विचारगरी पछिको भविष्य प्रतिफलधर्मलाई उपेक्षा गरिने यथार्थ हो। रोगव्याधिले सताएको जीवन भोगि–रहनुपर्ने व्यक्तिले रोग निकोपार्नुबाहेक अन्य कुराको अनुभवगर्नको लागि आशा र प्रार्थना गर्नेछैन।

"आवुसो, उदायी! यो निर्वाणमा अनुभव गर्नयोग्य आकार प्रकारद्वारा उत्पन्नहुने वेदनाको अभाव नै सुख भनिन्छ" भनी आयुष्मान् सारिपुत्रद्वारा आज्ञाभएको थियो। (अंगुत्तरनिकाय नवाङ्गनिपात निब्बानसुख सुत्त)। यो क्षेत्रमा दुःखसत्य खण्डमा देखाएर आएको सुखको लक्षण आकारप्रकारलाई दोहोऱ्याएर निरीक्षण र परामर्शन गर्नुपर्दछ। आयुष्मान् सारिपुत्रको कथन अरिष्टोटल, ई.पी.क्युरस् आदि पुरातन पश्चिमेली प्रज्ञाविद्हरूको दृष्टिसित समानभएको विषयलाई ख्यालगर्न सकिने छ। (चाप १०८-९) हामी धेरैजसो वेदयितसुखलाई मात्र बुझ्दछौं; तापनि उपमा लोकमा प्रज्ञाद्वारा रमाउने व्यक्ति (उदाहरण–वैज्ञानिक,



Downloaded from http://dhamma.digital

प्रज्ञाविद्, कलाकार) हरूको सुख वास्तविकरूपमा अनुभवविहीन सुख हो । शरीर स्वस्थभई उपलब्ध हुने सुख पनि वास्तवमा रोगव्याधिबाट अलग हुनुबाहेक अन्यविशेष अनुभवगर्नु नभएको सुखरहने तथ्यतिर ख्यालगर्नुपर्दछ ।

निर्वाण दुःखनिरोध र शान्तहुने भएको कारण सुत्तन्त पिटकको एकठाउँमा त्यसलाई निरोगितासित तुलनागरेर देखाइ राखेको छ । "आयुष्मान् गौतमले निरोगिता परमोत्तम लाभ हो, सम्पूर्ण दुःख शान्त र शीतल निर्वाणपरम सुख हो भनी उपदेश गर्नुहुन्छ । मैले पुराना परिव्राजकाचार्य परम्पराहरूमा पनि त्यसरी नै उपदेशगरेको सुनिसकेको छु ।" (मज्झिमनिकाय मागण्डिय सुत्त) यस कथनको सम्बन्धमा मिसेज् रीस् डेविड्स्को लेखन स्मरणीय छ –

"यो मागण्डियको कथनलाई भगवान् बुद्धले उपदेश दिनुभएको अग्निराशि उपमासित जोडेर निरीक्षण र परामर्शन गरेको खण्डमा निर्वाण पालिपिटकहरू सर्वप्रथम प्रादुर्भाव भएको बेलामा आगो शान्त र शीतलहुनु, शरीर र मन स्वस्थहुनुसित संयुक्त भइरहेको चित्त शान्त सुखरसयुक्त हुनुलाई भन्नखोजेको तथ्य स्पष्ट छ। निरोध र शान्तहुनु नामरूप निरोध र शान्तहुनुलाई भन्नखोजेको नभई दनदन दन्किरहेको क्लेशराग आगोको निरोध र शान्तहुनको निमित्त भन्नखोजेको तथ्यलाई ख्यालराखेमा निर्वाणको मूलअर्थसितको अभिप्राय जान्नबुझ्नमा मुश्किल पर्नेछैन ।"[१]

---

[१] Mrs. Rhys Davids, "Buddhism" (1914)p.178



Downloaded from http://dhamma.digital

**(ख) अरहन्त**

निर्वाण साक्षात्कार गरेको अरहन्त पुद्गलको लक्षण आकार प्रकारलाई विचार गर्नुपर्दछ।

**अरहं** भन्ने पद भगवान् बुद्ध प्रादुर्भाव हुनुभन्दा अघिदेखि विद्यमानरहेको एउटा ब्राह्मणग्रन्थमा आएको छ। त्यसले पूजा विशेषलाई ग्रहणगर्न योग्य पुद्गललाई लक्ष्य गरेको छ। दीघनिकाय पाथिकसुत्तमा सुनक्षत्रले अन्य तीर्थंकर आजीवकहरूलाई अरहन्त हुन् भनी धारणा राख्नुलाई आधार बनाएमा अरहन्त भनी मानिसहरूले व्यवहारगरी सम्मतगरेका व्यक्तिहरू बुद्धशासनबाट बाहिरिएको तथ्य जान्नमा आउँछ। बुद्धशासनमा निर्वाणलाई साक्षात्कारगरेको अरहन्त बुद्धबाहेकको परम पवित्र व्यक्ति हुन्। सर्वप्रथम बुद्धवादीहरूको उद्देश्य अरहत्तफल लाभगरी अरहन्तभावमा पुग्नु हो।

त्यसोभएर दीघनिकाय सीलक्खन्धमा आएको अत्यन्त पुरानो सुत्तन्त देशना १३-वटा मध्ये १०-वटा अरहन्तभावलाई अभिमुखगरी उपदेश दिएका देशनाहरू हुन्। वास्तवमा बुद्धको अभिमतअनुसार क्षमताभएका व्यक्तिहरूको निमित्त अरहन्तहुने कृत्यका लागि धेरै मुश्किल छैन। "राजकुमार, जो भिक्षु विश्वास गर्छ, निरोगी छ, ढोङ्गगर्ने मायावी छैन, भगवान् बुद्धसमक्ष र प्रज्ञावान् सहधर्मीहरूसमक्ष यथाभूतरूपमा आफूले आफूलाई प्रकटगर्दछ; उद्योगी छ, प्रज्ञाले सम्पन्न छ, त्यस्तो भिक्षुले अनुशासक आचार्य प्राप्तगरेमा सातदिनभित्र अरहत्तफललाई साक्षात्कारगर्न सकिन्छ। सातदिन त्यसै छोडौं, सन्ध्या समयमा अनुशासनगरेमा



Downloaded from http://dhamma.digital

विहानको समयमा विशिष्टधर्म लाभगर्न सकिन्छ ।"
(मज्झिमनिकाय बोधिराजकुमार सुत्त)

मिसेज् रीस् डेविड्स्को मतअनुसार अरहन्तपुद्गल स्वभावधर्मलाई पुराना मानिसहरूले जान्नुबुझ्नुबाट प्रादुर्भाव भएर आएको स्वरूपप्रदर्शक व्यक्ति हो। स्वभावअनुसार सत्त्वको जति जति श्रेणी उठ्दै जान्छ त्यसको त्यति त्यति सम्पर्क कम हुँदै जान्छ। माछ्राले एक–एकपटकमा लाखौं करोडौं फुलहरू पार्छन्, तापनि हात्तीले थोरै मात्र बच्चाहरू जन्माउँछन्। मनुष्य जातिमा पनि उनीहरूको रहनसहन जति जति उच्च श्रेणीमा पुग्दैजान्छ उनीहरूमा त्यति त्यति बच्चाजन्माउने संख्या घट्दै जानु स्वाभाविक हो अथवा बच्चा रोकेर जानु स्वाभाविकै हो। यसमा विकसित पश्चिमेली राष्ट्रहरूमा अविकसित एसिया,अफ्रिकाका राष्ट्रहरूमा जति जनसंख्या वृद्धि नहुनु स्पष्ट साधकनमूना हो। मनुष्यहरूमा पनि प्रायसः प्रज्ञाज्ञान तीक्ष्ण भएका व्यक्तिहरूमा प्रज्ञाज्ञान् कमजोर भएका व्यक्तिहरूमा भन्दा बालबच्चा पाउने कम हुन्छ । अरहन्त व्यक्ति त सर्वोच्च श्रेणीतिर पुगेर नयाँ पुनर्जन्म हुनुभन्ने सांसारिक सम्बन्धविच्छेद भएको हुनुपर्दछ ।[१]

मनुष्यजाति फैलिनु, वृद्धिहुनु स्थिरहुनुको निमित्त सहयोगी आधार नबनिकन संसारचक्र दुःखबाट उम्केर बाहिर निस्की आफ्नो मानसिकशान्ति र सुखलाई खोजीगर्ने अथवा अरूहरूको सुखसमृद्धिलाई वहननगरी आफ्नो सुखसमृद्धिलाई मात्र खोजीगर्ने

१ Mrs. Rhys Davids, op, cit., pp 170-71
Narasu, "Essence of Buddhism" p. 145
"जनगणना समस्या" म्यावती, oct 1958



Downloaded from http://dhamma.digital

व्यक्ति कसरी साधुसत्पुरुष हुनसकिने होला नि ? भन्दा मनुष्य विकास नभई सकेको स्थितिमा आफ्नो मनुष्यजाति अर्थात् परिवार अभिवृद्धिको विषयलाई अभिमुखगरी कार्यवहन गर्नुपर्दछ । विकासभएर आएको बेलामा चाँहि आफ्नो समृद्धि र सुखलाई प्राथमिकता दिनुपर्दछ । सहीरूपमा भन्ने हो भने मानिसले आफ्नो भलोको निमित्त आफैलाई मात्र भरोसा लिनुपर्ने हुँदा संयोजन बन्धनबाट उछ्रित्तिएर बाहिर निस्कन नसकेसम्म आफ्नो बीज सामर्थ्य शक्तिहरू परिपक्व र विपुलतामा पुग्नुतिरको आशा गर्नसकिंदैन । त्यसैले मानसिकसुख शान्तिको चाहनागर्ने व्यक्तिले संयोजन डोरीको बन्धनलाई सकेसम्म चुँडाल्नुपर्दछ । ती डोरीबन्धनहरूको मूलजरोभएको कामरागचित्तलाई डुबाउनु पर्दछ । सिगमण्ड फ्रायडको भनाईअनुसार मानिसहरूको परिष्कृतता सामर्थ्य शक्तिविशालभएको कामरागचित्तलाई शमन र दमनगर्नुबाट उत्पन्नभएर आउँछ भनी भनिएको त्यो कथन उपर्युक्त भएमा सही हुनसक्नेछ । अरहन्तपुद्‌गलको एउटा महान् विजय कामरागचित्तमाथि विजयपाउनु हो ।

Dhamma.Digital

अरहन्तपुद्‌गलको अतुलनीय परमोत्तम जीवनलाई पृथग्जन मनुष्यहरूले जान्न, देख्न र बुझ्न गाह्रो छ । त्यसोभएर भरखर बुद्ध प्रादुर्भाव हुनुभएको प्रथमसमयमा भगवान् बुद्धको उपदेश सुन्नपाएको प्रत्येक जस्तो व्यक्ति नै अरहन्तभएर गएको चार निकाय ग्रन्थहरू र विनयपिटक महावग्गपालिलाई आधार लिएर जान्नसकिने भएतापनि पछिल्लो समयमा बुद्धवादीहरूको निमित्त अरहन्त हुन बिल्कुल अचिन्तनीय जस्तो धारणा उब्जेर आयो । श्रोतापन्न सकृदागामी अनागामी भईसकेपछि मात्र अरहन्त



Downloaded from http://dhamma.digital

हुनुपर्नेजस्तो धारणा बोकेर आए । भगवान् बुद्ध परिनिर्वाण हुनुभइसकेपछि त अरहन्तपुद्गलको गुणमाथि संशय भएका बुद्धवादीहरू देखापर्नआए। कथावत्थुपालिमा अरहन्तले अलिकति क्लेशलाई हटाई नसकेकोले नराम्रो कर्मको कारणले अरहत्तफलबाट तलझर्नसक्छ। मारदेवको प्रदूषणलाई भोग्ने होइन्छ। विचिकित्सा हुनसकिन्छ भनी सम्मितिय, पूर्वसेलिय आदि बुद्धवादी गणिकहरूले विश्वासगर्ने विषय उल्लेख गरिराखेको छ। महायान बुद्धवादीहरूले त अरहन्तपुद्गलको भावलाई हीनपुद्गलहरूले मात्र लक्ष्यराख्छ भनी बुद्धत्वलाई मात्र मनपराउने गर्दछ।

भगवान् बुद्धको पालामा सच्चा अरहन्तहरू धेरै धेरै रहेजस्तै नक्कली अरहन्तहरू पनि रहेका हुन्छन्। "ए सुनक्षत्र, जो जो भिक्षुहरूले म तथागतसमक्ष अरहत्तफललाई व्यक्तगर्दछन् ती भिक्षुहरूमध्येमा यथाभूत अनुरूप अरहत्तफललाई व्यक्तगर्ने भिक्षुहरू छन्। अरहत्तफल प्राप्त नभएपनि प्राप्त भएको छ भनी व्यक्तगर्ने भिक्षुहरू पनि छन्।" (मज्झिमनिकाय सुनक्खत्त सुत्त) "भिक्षुहरू हो, कोही कोही व्यक्तिहरूले प्रज्ञा कमजोर र मोहितहुने भएको कारणले वहाँ हीन आशा छन्दको कारणले वा बहुलाउनु र चित्त विक्षिप्तहुनुको कारणले अथवा आफूले आफूलाई ठूलो सम्झिने कारणले अरहत्तफललाई व्यक्तगर्दछन् ।" (अंगुत्तरनिकाय पञ्चकनिपात ककुधवग्ग व्याकरणसुत्त)

त्यसोभएर नै भगवान् बुद्धको अभिमतअनुसार पृथग्जन मनुष्यहरूले अरहन्तलाई जान्न गाह्रो छ। "हे महाराज, गृहस्थभावमा रही कामगुणहरूलाई भोगीरहने छोराछोरीहरूद्वारा संकुचित संकीर्ण



Downloaded from http://dhamma.digital

अवस्थामा रहने बानीभएको तिमी राजाले यी व्यक्तिहरू अरहन्त हुन्, अरहत्तमार्गतिर पुगेका छन् भनेर जान्न मुश्किल छ। एउटा व्यक्तिको शीलपरिशुद्धभएको भावलाई एकसाथ सहवास गरेमा मात्र जान्न सकिन्छ। लामोसमय बिताएर मात्र जान्न पाइन्छ। अनि स्मृति प्रज्ञाभएको व्यक्तिले मात्र जान्न सकिन्छ।" (संयुत्तनिकाय कोसलसंयुत्त जटिलसुत्त)। दारुकम्मिक गृहपतिलाई पनि त्यसरी उपदेश गर्नुभयो।" (अंगुत्तरनिकाय छक्कनिपात महावग्ग दारुकम्मिकसुत्त)। यो बुद्धदेशना कुरा ध्यानद्वारा आकाशमा उडेर गयो, मृत्यु उपरान्त लाश कुहिएन भन्ने बित्तिक्कै साँच्चिको अरहन्त हुनुपर्ने जस्तो कुरा भन्ने बोल्ने गरिरहेका वर्तमानयुगका बुद्धवादीहरूले विशेष होशराख्नुपर्ने देशना हो।

कामगुण बन्धनबाट मुक्त भइनसकेका व्यक्तिहरूले अरहन्तलाई थाहापाउन गाह्रो हुन्छ भने अरहन्त हुन त अझ बढी गाह्रो हुनेछ। यो सही हो। "हे महानाम, तिम्रो आध्यात्मिक सन्ततिमा दूषित चित्तहरूलाई परित्याग गरिसकेको भएमा तिमी घरगृहस्थी बसाएर गृहस्थ अवस्थामा रहने छैनौ।"(मज्झिमनिकाय महानामोवाद सुत्त)। "हे वच्छगोत्त, घरगृहस्थी बसाएका मनुष्यहरू संयोजनलाई प्रहाण नगरिकन स्कन्ध शरीर विनाशभएर गयो भने दुःखलाई अन्तगर्नसक्ने व्यक्ति भनिने कोही पनि छैन।" (मज्झिमनिकाय तेविज्ज वच्छगोत्तसुत्त)

त्यसोभएतापनि निर्वाणलाई भिक्षुले मात्र साक्षात्कार गर्नसकिन्छ गृहस्थपुद्गलले साक्षात्कार गर्नसक्दैन भनेर सँधै सम्झिरहनु हुँदैन। सही हो। कथावत्थु पालिमा गृहस्थरूपमा



Downloaded from http://dhamma.digital

अरहन्त हुनसक्दैन भनी भनिएको छ। मिलिन्द-प्रश्नमा गृहस्थीभएर अरहत्तफलमा पुगेको व्यक्तिले त्यो पुगेको दिनमा भिक्षुभएपनि हुनुपर्छ, परिनिर्वाण भएपनिहुनुपर्छ भनी भन्दछ। तैपनि थेरीगाथा अट्ठकथामा सुजाता, खेमा, सुमना र उब्बेरीहरू गृहस्थीभावमा अरहत्तफलमा स्थापित भएको विषय आएको छ। उब्बेरी प्रसेनजित राजाकी महारानीभएर अरहत्तफलमा स्थापित भइसकेपछि भिक्षुणी बनीन् भनी उल्लेख गरिराखेको छैन । विनयपिटक महावग्ग महाखन्धकमा यसकुलपुत्र पितालाई भगवान् बुद्धले उपदेश गरि रहनुभएको बेलामा चतुसत्य अवबोधगरी आश्रवधर्मबाट मुक्तभयो भनीआएको छ। गृहस्थव्यक्ति अरहन्तहुनसक्ने तथ्यलाई विशेषरूपले व्यक्तगराउने तथ्य त पिटकमा आएको एउटा बुद्धवचन हो ।

"भिक्षुहरू हो, ६ प्रकारको धर्मले सम्पन्नभएको तपुस्स गृहपति भगवान् बुद्धप्रति निर्णित हुनुतिर पुगेको छ । अमृत निर्वाणलाई देखेको छ। अमृत निर्वाणलाई साक्षात्कारगरेर बसेको छ । ती ६ प्रकारका धर्महरू त भगवान् बुद्धप्रति श्रद्धाराख्नु, धर्मप्रति श्रद्धाराख्नु, संघप्रति श्रद्धाराख्नु, पवित्रभएको शीलहुनु, पवित्र ज्ञानदृष्टि हुनु र पवित्र भई (क्लेशबाट) मुक्तहुनु, अरहत्तफलहरू हुन् ।" (अंगुत्तरनिकाय छक्कनिपात सामञ्ञवग्ग तपुस्ससुत्त)। त्यसरी नै वहाँबाट भल्लिक, अनाथपिण्डिक, चित्त, हत्थकआलवक, महानाम, नकुलपिता र मेण्डक आदि १६-जना उपासकहरूले पनि अरहत्तफलमा स्थापितभई निर्वाणलाई साक्षात्कार गरेको विषय उपदेश गर्नुभएको छ। (अंगुत्तरनिकाय छक्कनिपात सामञ्ञवग्ग भल्लिकादि सुत्त)। पिटकाचार्यहरूले राम्ररी सम्झना नभएको कारणले यी गृहस्थ अरहन्तहरूको नामावलीहरू अन्य



Downloaded from http://dhamma.digital

ठाउँमा भूलहुन गएको हुनसक्नेछ। मज्झिमनिकाय अनाथपिण्डिक सुत्तअनुसार भन्ने हो भने अनाथपिण्डिक श्रेष्ठी अरहन्त होइन। थेरीगाथा अट्ठकथामा आएको गृहस्थ महिला अरहन्तहरूको नाउँको नामावलीलाई सुत्तन्त देशनाहरूमा देखानपर्नुलाई आधारबनाएर पनि पिटकाचार्यहरूले थाहा नपाएका अन्य गृहस्थ अरहन्तहरू हुनसक्दछन्। जेहोस्, उपर्युक्त देशनाअनुसार उपासक उपासिकाहरूले पनि अरहन्त हुनसक्ने विषयप्रति संशय गर्नुपर्नेछैन। चाहे भिक्षुहोस् या त गृहस्थ, सम्पूर्ण क्लेशधर्मलाई निरवशेषरूपमा प्रहाणगर्नसकेमा निःसन्देह अरहन्त हुनसकिने हुन्छ।

अरहन्तहरूले प्रहाण गरिसकेका क्लेशधर्महरूलाई पिटक वाङ्मयमा दशसंयोजन भनेर देखाईराखेको छ। कोही एक व्यक्ति अरहत्तमार्गफलसित कतिहदसम्म नजिकिएको छ ? भन्नेकुरा जान्नचाहेमा ध्यानद्वारा उडेरजानु आदि आश्चर्यहरूलाई नहेरी संयोजनहरूलाई कतिहदसम्म प्रहाण गर्नसकेको छ भन्नेतिर हेरी निर्णयगर्नु सबभन्दा बढी सहीमार्ग हुनसक्ने छ। यसरी निर्णयगर्नु भनेको सजिलो कृत्य होइन। कोशल राजालाई भगवान् बुद्धले आज्ञा भएअनुसार त्यो व्यक्तिसित दीर्घकालसम्म घनिष्ठरूपमा सहवासगरेर हेर्नुपर्नेहुन्छ। दस संयोजनको अर्थ अभिप्रायलाई पनि पूराका पूरा जान्नुबुझ्नुपर्ने हुन्छ।

उपमा एउटा संयोजनरहेको शीलब्रतपरामर्श अट्ठकथाचार्यहरूले भाषान्तरणगरेर धेरै बुद्धवादीहरूले बुझेजस्तो कुक्कुरब्रत गोब्रतमा आसक्तहुनु हो भने त्यो संयोजन वर्तमानयुगमा थोरै हिन्दू योगीहरूबाहेक अन्य पृथग्जन सबै मनुष्य जसोले



Downloaded from http://dhamma.digital

हटाईसकेको धर्मभएकोले अरहन्तहरूद्वारा प्रहातब्यधर्म हो भन्नु युक्तिसङ्गत छैन । शीलव्रतपरामर्श शीलको प्रभावलाई आवश्यकभन्दा बढी श्रेष्ठ सम्भनु लौकिक मङ्गलहरूमा विश्वासगर्नु हो भन्ने विषय माथि उल्लेख भईसकेको छ । भगवान् बुद्धको अभिमत अनुसार लौकिक सिद्धान्त मङ्गलमा आसक्तहुनु निर्वाणको अपेक्षाराख्ने आर्यपुद्गलको निमित्त त त्यसै छोडौं, सामान्य उपासकउपासिकाहरूको निमित्तसमेत कतिसम्म अनावश्यक छ भन्ने विषय निम्न बुद्धदेशनाअनुसार स्पष्ट हुनेहुन्छ ।

"भिक्षुहरू हो, पाँच प्रकारका धर्मले सम्पन्नभएका उपासकलाई उपासकचण्डाल भन्दछ । उपासक मल भन्दछ र हीन उपासक पनि भन्दछ । ती पाँच प्रकारका, धर्महरू त श्रद्धाधर्म नहुनु, शील नहुनु, कौतूहलमङ्गल[1]लाई विश्वासगर्नु, मङ्गललाई विश्वासगरेर कर्मलाई विश्वास नगर्नु, बुद्धशासनभन्दा बाहिर दान प्रतिग्राहक व्यक्तिको खोजीगर्नु, यी पाँच प्रकारका नै हुन् ।" (अंगुत्तरनिकाय पञ्चकनिपात उपासकवग्ग चण्डालसुत्त)

Dhamma.Digital

दससंयोजनमा समावेशभएको रूपरागको अर्थ र अभिप्रायलाई पनि गहनरूपमा प्रत्यवेक्षण र परामर्शन गर्नुपर्दछ । बुद्धवादको मतअनुसार नाम र रूप जहिलेपनि जोडिरहेको हुनेहुनाले (चाप १८३–८४) त्यो पद नामधर्म मात्र भएको भूमि, भवप्रति आसक्तहुनुलाई भन्नखोजेको नभई एक न एक धम्मारम्मणमा

---

[1] "कौतूहल" लाई बर्मेली पालि आचार्यहरूले "कोलाहल" भनेर अर्थ्याउँछन् । "भिक्षुहरू हो, तिमीहरूले कोलाहल मंगल अमंगल अतीत निमित्तहरूलाई ठोससार रूपमा आसक्तभई ग्रहणगरेका छौ कि?" (मज्झिमनिकाय महातण्हासंखय सुत्त)



Downloaded from http://dhamma.digital

आसक्त हुनुलाई भन्नखोजेको हुनुपर्दछ । उपमा एक न एक सांस्कृतिक कलाकारितामा होस् या त एक न एक सिद्धान्तमा होस् आसक्तहुनु मज्जामान्नु अरूपरागमा समाविष्ट रहेको छ भनी भन्नुपर्नेछ ।

दससंयोजनमा अन्तिम संयोजनमा रहेको अविद्या कुनचाँहि धर्म भएको भन्ने विषयलाई पनि विचार गर्नुपर्दछ । यी चार सत्यलाई नजान्नु नदेख्नुलाई लिएर नै भन्नखोजेको हो कि ? आर्यपुद्गलले सत्कायदृष्टि, विचिकित्सा, मान, कामराग आदि सम्पूर्ण तल्लो संयोजनलाई हटाइसकेको भएमा ममा अन्य हटाउनुपर्ने संयोजन बाँकी रहला कि ? भन्ने कुरा विचारणीय रहेको छ । यो ठाउँमा अविद्यासित प्रतिपक्षभएको विद्यालाई त पिटकमा त्रिविद्याको रूपमा देखाइराखेको हुनाले त्रिविद्या अरहन्त व्यक्तिहरूले अन्तिमरूपमा जान्नुदेख्नु रहेको धर्मभएर पहिलो दुईवटा विद्याको विषय इटलीको बौद्धग्रन्थकार आचार्य ईब्बलाको विवरण रचनालाई अघिको खण्डमा देखाइसकेको छु । ईब्बलाको धारणालाई स्वीकारगर्न नचाहने बुद्धवादीहरूले अर्को एकजना यूरोपेली प्रज्ञाविद्को चिन्तनालाई लिएर विचार गर्नुपर्दछ ।

"हामीले यो पूर्वेनिवासानुस्मृतिज्ञानलाई जसरी अभिप्राय भाषान्तरण गरिएतापनि यसको प्रधान स्वभाव लक्षण स्पष्ट छ । विपश्यना ज्ञानदृष्टि प्राप्तभएको अरहन्त व्यक्तिले आफू स्वयंले आफ्नो विषयलाई भित्रबाहिर जम्मैलाई जानिसकेकोभएर आध्यात्मिक सन्ततिमा गोप्य चित्तचैतसिक भनी अलिकति पनि रहेको छैन । त्यो चित्त चेतसिकलाई आधार बनाएर मानसिकशान्ति र



Downloaded from http://dhamma.digital

शीतलतालाई धक्का पुऱ्याउने खलबलगर्ने क्लेशधर्महरू उत्पन्नभएर आउने कारणछैन । बुद्धवादको अभिमतअनुसार मनुष्यसत्त्वले थुप्रै थुप्रै अतीतभवदेखि संचयगरेर आएका आफूले नजानेका राम्रा नराम्रा कर्मशक्तिहरू अनगिन्तीरहेकोले अतीतभवहरूलाई जान्नुद्वारा आफ्नो बीजशक्ति र सम्पूर्ण चरित्र र वासनालाई छर्लङ्गगरी जान्दछ, देख्दछ। गोप्य आन्तरिक सन्तति प्रकटरूपमा उब्जेर आई उसले प्रज्ञाज्ञानद्वारा क्लेशमलहरूलाई हटाएर फाल्न सक्दछ। यो ठाउँमा बुद्धविपश्यना विधि भिन्नैखालको शब्द प्रयोगद्वारा दर्शाइराखेतापनि पश्चिमेली मनोविज्ञान विधिहरूसित समानभएको तथ्यलाई ख्यालगर्नुपर्दछ ।"[१]

संयोजनहरू र क्लेशधर्महरूलाई निरवशेष हनन गरि सकेका अरहन्तहरूले हाम्रो ज्ञानबुद्धिद्वारा चिन्तनगरेर नहुने मानसिकसुख शान्ति प्राप्तगरेका हुन्छन्। त्यो शान्तिसुख नामरूप निरोध र शान्तहुनुको अनन्तरमा एक न एक सुख लाभहुने छ भन्ने ज्ञानको कारण उब्जेर आउने सुखशान्ति होइन । यो तथ्य निर्वाणको अर्थअभिप्रायलाई नामरूप निरोध र शान्तहुनुको अर्को पक्षमा खोजीनीति गरिरहेका बुद्धवादीहरूले विशेष होशराख्नुयोग्य भएको तथ्य हो । अरहन्तले भविष्यलाई कल्पनागरी मानसिक शान्त र सुखी भएको नभई प्रत्यक्ष जीवनमा दुःखनिरोध र शान्तभएको कारणले नै मानसिकशान्ति र सुख प्राप्तगरेको हो भन्ने विषय बुद्धकालीन अरहन्तहरूले व्यक्तगरेका उदान वाक्यहरूद्वारा स्पष्टरहेको छ। ती कथनहरू थेरगाथा-थेरीगाथाहरूमा उल्लेख गरिराखेको हुनाले ती पालिहरूलाई गहिरो र सुनिश्चित

[१] Winston L. king, "Buddhism and Christianity", pp 165, 234



Downloaded from http://dhamma.digital

अध्ययनगरेर आएकी मिसेज् रीस् डेविड्स्को लेखाई सम्झनयोग्य भएकोले उल्लेख गर्दैछु ।

"अरहन्तले भविष्यत्कालमा उपलब्धहुने सुखलाई आशा राख्दैन । यदि अरहन्तले यमराजमाथि विजय पाएको छ भनौं, त्यो विजय पाउनु अरहत्तफलको हिसाबले कहिलेपनि नमर्ने सधैंभरि स्थिररहनेजस्तो खालको विजय नभई अहिलेको अन्तिमभवमा यमराजसित एकचोटि सामना गरिसकेपछि फेरी सामना गर्नुपर्ने खालको बिल्कुल नभएको विजय हो । उनीहरूले निर्वाणलाई प्रशंसागर्ने अवस्थामा चित्तद्वारा चिन्तनगरेर नहुने वचनद्वारा प्रकटगरेर नहुनेजस्तो धर्म अर्थात् शीतल रमणीयभएको वर्तमानभवको अन्त्यमा रहेकोजस्तो धर्मलाई निर्देशित गर्नखोजेको भएमा चाँहि हुनसक्नेछ । त्यसो भएतापनि तिनीहरूले व्यक्त गरेका गाथाहरूमा वर्तमानभवमा प्राप्तभएको अरहत्तफलभन्दा बढी प्रणीतभएको सुखलाई तिनीहरूले आशाराखेको विषयको अभिप्राय लिनुपर्ने एउटा शब्द पनि संकेतको रूपमा समावेश छैन । निर्वाण गोप्य एवं गम्भीरभएर भगवान् बुद्धले उपदेश नगरिकन नै बाँकीराखेर जानुभएको विशिष्ट धर्म हो भनी सम्झनुपर्ने निमित्त लक्षण पनि तिनीहरूको गाथाहरूमा देखापर्दैन । तिनीहरू आफ्नो घरतिर फर्केर आएको यात्री पुरुष समान छन् । त्यो यात्रीले धेरैलामो समयसम्म दुःख भोगी कठिनाइका साथ यात्रामा गइसकेर आफ्नो घरतिर फर्केर आएको बेला भोलीको दिनमा के हुनेछ भन्नेलाई बिल्कुल विचार नगरी यात्राको अन्त्यतिर आइपुग्नुलाई नै सन्तोष मानेर मानसिकशान्तिसुख पाएको हुन्छ । त्यही विधिअनुसार अरहन्तले संसारवर्त दुःखको अन्त्यतिर पुगेको



Downloaded from http://dhamma.digital

कारणले मानसिकशान्तिसुख पाउँछ। त्यो मानसिकसुखशान्ति दृष्टान्त प्रत्यक्षधर्मभएर भूमिस्थान भविष्यत्‌कालसित उल्लेख गरेर हुनसक्ने होइन।"[१]

थेरगाथा थेरीगाथाहरूसँगै उपर्युक्त उल्लिखित बुद्धदेशनाहरूलाई साधकनमूना लिई निर्वाण अरहन्तको सर्वन्तिमभवमा नामरूप निरोध र शान्त हुनुअगाडि उत्पन्नभएर आएको क्लेश र दुःख निरवशेषरूपमा निरोध र शान्तहुनु हो भन्ने विषय स्पष्ट छ। अरहन्तहरू दुःखनिरोध र शान्तहुनुद्वारा सन्तोष मानेर अनागत कालको विचार गर्दैनन्। यसरी विचारनगर्नु अतीत र अनागतलाई हटाएर वर्तमानलाई महत्व दिन जोडतोडले उपदेश दिइराखेको बुद्धको अववादसित मिल्दछ। अंग्रेज प्रज्ञाविद् सर् चार्लस् एलियोत्‌को मतअनुसार बुद्धबाहेक अन्य धार्मिक नेताहरूले पनि त्यस्तै त्यस्तै विधिअनुसार उपदेशगरेर आएका छन्।

"क्राइष्ट र बुद्धहरूले आर्यपुद्‌गल च्युतिभएको अनन्तरमा के कसो हुन्छ भन्नेलाई देशनागरेका छैनन्। ती पवित्र पुद्‌गलहरूको अभिमतअनुसार शम्शानको यतातिरको पक्षमात्र महत्वपूर्ण भई उतातिरको पक्ष महत्वपूर्ण छैन। सहीसलामत धर्मको आचरण चिन्तन मनन र उद्योगगर्ने व्यक्तिले यमराजलाई निर्भिकरूपमा सामना गर्नसक्ने हुन्छ। क्रिश्चियन धार्मिक ग्रन्थहरूमा क्राइष्ट फर्केर आई न्याय व्यवस्थागर्ने विषयहरू समावेश भइराखेतापनि क्राइष्टवादी सत्पुरुषको गतिलाई उल्लेख गरिराखेका छैनन्। सत्पुरुषधर्मले पूर्णभएको ईश्वरको अनुयायीले इहलोक र परलोकको निमित्त केही पनि चिन्ता र धन्दासुर्ता लिनुनपर्ने

१. Mrs. Rhys Davids, "Psalms of sisters", Introduction XXI



Downloaded from http://dhamma.digital

विषयलाई भने हामीले जान्न पाइन्छ। अरहन्तको गतिको सम्बन्धमा भगवान् बुद्धले आज्ञागर्नुभएको कथन भिन्नै खालको भएतापनि प्राथमिक स्वभाव एकनाशजस्तो देखिन्छ।[१]

### (ग) अरहन्तको गति

अरहन्तहरूमा अनागतको आशा एवं प्रार्थना रहँदैन। आफूहरूको गतिलाई जान्नचाहने छन्द विल्कुल नभएतापनि वर्तमान बुद्धवादीहरूले भने आत्मआसक्ति नहटेको कारणले र नामरूप निरोध एवं शान्त हुनुको अनन्तरमा मात्र निर्वाण रहन्छ भन्ने धारणा राखिराखेको कारणले अरहन्तको गतिलाई जान्न चाहन्छन्। बुद्धको पालामा मानिसहरूले निर्वाणलाई दृष्टान्त प्रत्यक्षधर्म भएको विषय जानी भगवान् बुद्धसमक्ष निर्वाणको विषयमा सोध्ने नगरेतापनि मालुक्यपुत्त वच्छगोत्त आदि कोही कोही व्यक्तिहरूले अरहन्तको गतिलाई जान्नचाहेर बुद्धसमक्ष प्रश्नहरू सोधे। भगवान् बुद्धले त्यो प्रश्न निर्वाण मार्गफल लाभहुनुलाई उपकारगर्ने प्रश्न नभएको भनी आज्ञाभई केही पनि जवाफ दिनुभएन।

अहिलेको जमानामा कोही कोही प्रज्ञाविद्हरू र कोही कोही बुद्धवादीहरूले त्यसरी भगवान् बुद्ध मौनरहनुभएको अरहन्तहरूको गति शूक्ष्म र गम्भीर भएकोले मानिसहरूको व्यावहारिक शब्दद्वारा उल्लेखगर्ने हुननसक्ने भएको कारणले हो भनी भन्दछन्। अरहन्तको गति निश्चय नै प्रकटरहेको विषय निम्न: देशनाहरूलाई साधकनमूना देखाउने गर्दछन्।

---

[१] Charles Eliot, "Hindusim and Buddhism", vol. 1.p. 228



Downloaded from http://dhamma.digital

एक समयमा प्रसेनजित कोशल राजाले अरहन्त च्युति भइसकेपछि उत्पन्न हुन्छ हुँदैन भन्ने सम्बन्धमा किन भगवान् बुद्धले केही पनि उपदेशगर्नु नभएको हो ? भनी खेमाथेरीसमक्ष प्रश्नराखे । खेमा थेरीको जवाफ गणित संख्या जोडी नापेर गिन्तीगर्न जान्ने व्यक्तिले गंगा नदीभित्र रहेका बालुवाका कणहरूलाई गिन्तीगर्न नसक्ने जस्तै, समुद्रभित्र रहेका पानीलाई नापतौलगरी गिन्तीगर्न नसक्ने जस्तै नामरूप पाँचस्कन्धलाई मूलजरोसहित हटाइसकेको अरहन्तको गतिलाई चिन्तनागर्नु उचित छैन । च्युति भइसकेपछि उत्पन्न हुन्छ वा हुँदैनभनेर जसरी भएपनि धारणा राख्नु उचित हुँदैन भन्ने भाव हो । (संयुत्तनिकाय सलायतनसंयुत्त खेमाथेरी सुत्त)

"जुन निर्वाणमा चार महाभूतधातु स्थिर हुनसक्दैन, त्यस निर्वाणमा ताराहरू चम्कँदैनन्, सूर्य पनि चम्कँदैन, चन्द्रमा पनि चम्कँदैन, अन्धकार पनि रहँदैन ।" (उदानपालि बोधिवग्ग बाहियसुत्त)

"जुन निर्वाणमा चार महाभूत धातु छैन । आकाशानन्त्यायतन ध्यान, आकिञ्चन्यायतन ध्यान, नैवसंज्ञानासंज्ञायतन ध्यान पनि छैन, वर्तमानलोक परलोक पनि छैन, दुबै चन्द्र सूर्यहरू पनि छैनन्, त्यो निर्वाण विद्यमान नै छ । भिक्षुहरू हो, त्यो निर्वाणमा कुनै एक भवबाट आउनुलाई म तथागतले उपदेश गरेको छैन, कुनै एक भवतिर जानुलाई म तथागतले उपदेश गरेको छैन, कुनै एक ठाउँमा स्थित हुनुलाई म तथागतले उपदेश गरेको छैन । प्रतिसन्धिको हिसाबले उत्पन्न हुनुलाई म तथागतले उपदेश गरेको छैन । च्यूत हुनुलाई म तथागतले उपदेश गरेको छैन । त्यो निर्वाण आधाररहित छ,



Downloaded from http://dhamma.digital

उत्पत्तिरहित छ, आलम्बन गर्ने नरहेको नै हो । यो स्वभाव दुःखको अन्त्य हो ।" (उदानपालि पाटलिगामियवग्ग पठमनिब्बान पटिसंयुत्त सुत्त) "भिक्षुहरू हो, उत्पत्ति नरहेको, प्रकट भइरहने नभएको, क्रियाशील नरहेको, व्यवस्था गरिराख्नुनपर्ने निर्वाण छ । उत्पत्ति नरहेको, प्रकट भइरहने नभएको क्रियाशीलहुनु व्यवस्था गरिराख्नु नपरेको यो निर्वाण यदि छैन भने यो लोकमा उत्पत्तिभएर आउनु प्रकट भईरहनु क्रियाशीलरहनु व्यवस्था गरिराख्नु भन्ने स्कन्धपञ्चकबाट बाहिरजानु भन्ने कुरा प्रकट र हने छैन ..... ।" (इतिवुत्तक पालि दुतियवग्ग अजातसुत्त)

"आँखाद्वारा देख्ननमिल्ने (उत्पत्ति स्थिति भङ्ग भन्ने) परिमाण नरहेको चारैतिर घातभएको विशिष्ट ज्ञानद्वारा जान्नुपर्ने निर्वाण छ । यो निर्वाणमा पृथ्वी, आपस, तेजस्, वायु स्थिर हुँदैन । यो निर्वाणमा लामो छोटो सानो ठूलो राम्रो नराम्रो भन्ने छैन । यो निर्वाणमा रूप र नाम निरवशेषरूपमा निरोध हुन्छ । विज्ञान निरोधहुनाको कारणले यो नाम र रूप निरोध हुन्छ ।"[१] (दीघनिकाय केवट्टसुत्त)

अरहन्तपुद्गलहरू कर्मजरूप निरोध र शान्त भइसकेपछि मात्र निर्वाण उत्पत्तिभएर आउनुलाई चाहनाराख्ने कोही कोही पश्चिमेली राष्ट्रका मानिसहरूले **अत्थि भिक्खवे अजातं** आदिबाट शुरूभएको इतिवुत्तकपालिबाट **अजातं** आदि पालिमा आएको

---

[१] **विञ्ञाणं अनिदस्सनं** आदि पालिलाई छट्ठसङ्गायन संस्करण पिटक म्यांमार् भाषान्तरणमा अनुवाद गरिराखेको हो । यो पालिमा र माथि उल्लेखगरेर आएको अन्यपालि ३-वटामा "निर्वाण" भन्ने पालिपद बिल्कुल भेटिँदैन ।



Downloaded from http://dhamma.digital

निर्वाण त्रिभूमिक संस्कृतधर्महरूमा जस्तै स्थूल कोरा जाति नभएकोलाई व्यक्तगर्दछ । अतिशूक्ष्म रूपविशेष नामविशेषद्वारो उत्पन्नभएर आउने परिनिवृत्त पुद्गल त निश्चय नै प्रकट भइरहेको छ भनी धारणा राख्दछन् । त्यो देशनालाई साधकनमूना देखाई निर्वाण अरहन्तहरू च्युति भइसकेपछि प्राप्तगर्नुपर्ने सुख हो भनी भन्दछन् । कोही कोही बुद्धवादीहरूले भने **अत्थि भिक्खवे तदायतनं** आदिबाट शुरू भएको उदानपालि देशनामा आएको **आयतन** शब्दले अरहन्तहरूको नित्य स्थावर स्थिररहेको लोकुत्तर भूमिस्थान भन्ने अर्थलाई व्यक्तगर्दछ भनी सम्झन्छन् ।

कोही कोहीले त दीघनिकाय केवट्ट सुत्तमा आएको **विञ्ञाणं अनिदस्सनं** आदिबाट शुरुगरेको पालिमा आएको विज्ञान नामरूप निरोध र शान्त भइसकेको अरहन्तको गति हो भनी भन्दछन् । बर्मेली एकजना बुद्धग्रन्थकारक आचार्यको मतअनुसार "चित्तविज्ञानलाई देख्नपाइनु नै निरोधसत्य परमार्थ निर्वाणलाई साक्षात्कारगरेको भनिन्छ । त्यो विज्ञान स्थितिको चित्तविज्ञान प्रतीत्यसमुत्पाद भित्र समावेश नभएको चित्तविज्ञान पृथक्जन पुद्गलहरूले जान्नदेख्न नसक्ने चित्तविज्ञान हो । त्यो चित्तविज्ञान दुईवटा दृष्टिबाट अलग्ग छ, शुद्ध र परिशुद्ध छ, कोमल र शूक्ष्म छ ।"[१]

उपर्युक्त सुत्तन्त देशनाअनुसार च्युति भइसकेको अरहन्त पुद्गलको गति निःसन्देह छ भनी कोही कोही मानिसको दृष्टि रहिरहनुमा ती सुत्तन्त देशनाहरू अरहन्तको गतिलाई देखाउने देशनाहरू हुन् भनी धारणा रहनुको कारणले हो । कोही कोहीले

[१] ऊ. न्वन्, "पञ्ञानेत्ति विपस्सना च्यां" चा ५०



Downloaded from http://dhamma.digital

भने त्यसरी धारणा राख्दैनन् । यूरोपेली एकजना प्रज्ञाविद्ले इतिवुत्तक पालिमा आएको **अत्थि भिक्खवे** आदिबाट शुरूभएको सूत्रले "अरहन्तपुद्गलले साक्षात्कार गरेको परमार्थधर्मलाई देखाउँछ, त्यो सूत्रमा च्युतिभईसकेको अरहन्तपुद्गलको गतिलाई देखाउने शब्द एकपाद जति पनि छैन"[1] भनी भनिएको छ ।

ती सुत्तन्त देशनाहरूमा निर्वाणलाई यस्तो होइन उस्तो होइन भन्ने अभिप्रायरहेका शब्दहरूद्वारा देखाइराखेकोलाई ख्यालगर्नुपर्दछ । उपनिषद् ग्रन्थकारहरूले पनि उनीहरूले विश्वासगरेको परमात्मा अथवा ब्रह्मालाई त्यसरी देखाउने चलनभएको हुनाले यो ठाउँमा बुद्धवाद र उपनिषद्वाद समान भइरहनुमा बुद्धवाद अन्य नयाँवादहरूजस्तै पुरातन वादहरूको नीति नियमलाई छलेर छल्नै नसक्ने रूपमा स्वीकार्नुपरेको कारणले हो । भगवान् बुद्धले धेरै मानिसहरूले बुझिसकेको अघिदेखि विद्यमानरहेका व्यवहार कथनहरू र सिद्धान्तहरूलाई पृष्ठभूमि बनाई उपदेशगरेर आउनुभएको विषयलाई उल्लेख-गरेर आइसकेको छु । (चाप ८६, १३९, २२५) । यस तथ्यलाई ख्यालगर्न सकिएनभने कुनै कुनै बुद्धदेशनाहरूले उपनिषद् ग्रन्थमा आएको आत्मालाई व्यक्तगर्दछ भनी गलत धारणा रहनेजस्तै कुनै कुनै बुद्धसुत्तन्त देशनाहरूले उपनिषद् आचार्यहरूको निर्वाणलाई व्यक्तगर्दछ भन्ने गलत धारणा रहने सम्भावना छ ।

भगवान् बुद्धको अभिमतअनुसार अरहन्तको गति निःसन्देह हुनुपर्नेछ भनी विश्वासराख्ने व्यक्तिहरूको निमित्त वास्तवमा उपनिषद् ग्रन्थमा आएकोजस्तो निर्वाणबाहेक अन्य धार्मिकवादहरूको जस्तो निर्वाण

---

[1] E. J. Thomas, "History of Buddhist Thought", p.129



Downloaded from http://dhamma.digital

पिटकमा देखापर्नसक्ने कारण छैन, किन त भन्दा अन्य धार्मिक वादहरूको निर्वाण बुद्धवादको प्राथमिक धर्महरूसित प्रतिपक्षभई उपनिषद् निर्वाण भन्ने तिनीहरू जति प्रतिपक्ष छैन। उपनिषद्को निर्वाण स्थावर भगवान् होइन । नामरूप भिन्नाभिन्नै हुनु (वा) त्यो–म विभेद हुनु(आत्मभाव) लाई पनि तिरस्कारगरेर व्यक्तिसत्त्व परमात्मा मूलअसंस्कृत धातुसित एकजूट एकसमूह हुनुलाई व्यक्त गर्दछ। त्यो स्वभाव लक्षणलाई स्पष्टपार्न उपनिषद् आचार्यहरूले देखाउने चलन रहेको उपमा नदीहरू र समुद्र उपमा हो। नदीहरू समुद्रभित्र बग्ने बेलामा नाउँ र आकारप्रकारलाई त्यागी हराएर गएजस्तै प्रज्ञावान् सत्पुरुषले आफ्नो नामरूप स्कन्धलाई त्यागी परमात्मासँग एकजूट एकनास हुनजान्छ भन्ने हो।

अंग्रेज पालिप्रज्ञाविद् सर् चार्लस् एलियोट्ले अरहन्त पुद्गलको गति निःसन्देह विद्यमानरहेको विषयलाई त्यो विधिअनुरूप देखाएतापनि उसको उपमा नदीहरू नभई समुद्री छालहरू हुन् । "समुद्री छाल एउटा नित्य स्थावर विषयवस्तु भएर आउनसक्दैन । त्यो समुद्रको पानीको सतहमा सरेरजाँदै लामो आयु भएको भएमा हुनसक्नेछ। त्यसको आकारप्रकार र रूपद्रव्य सँधै परिवर्तनभई प्रतिरोध गरिरोक्ने एक न एक वस्तुसित भेट्टिने बेलामा नयाँ छालहरू उब्जेर आउँछ। छाल समुद्रसित एकजूट एकनाश भएर गई अलगरहने समूद्रसित विभेदहुने नभएको बेला छालको रूपमा लगातार रहिरहन्छ भनी भन्न सकिँदैन। त्यसो भएतापनि त्यसको रूपद्रव्य भइरहेको पानी निरवशेषरूपमा लोपभएर अभावको रूपमा पुग्नजाने पनि होइन्।"[१]

---

१ Charles Eliot, op, cit, vol.1.p.232



Downloaded from http://dhamma.digital

यो उपमा स्वभावको हिसाबले उपनिषद् ग्रन्थमा आएको उपमासँग समान छ। चार्लस् एलियोट्ले नामरूप निरोध र शान्त भइसकेको रहँदैन, नरहेको पनि होइन भनी भनेको पिटकमा आएको कथनलाई स्पष्ट गराउन यो उपमालाई देखाएर आएको हुनुपर्दछ। तैपनि उपनिषद् आचार्यहरूले परमात्मा धातुलाई समुद्रसित उपमाराखी देखाएर आएकोभएर बुद्धवादमा त्यस्तो उपमा दिन के कस्तो धर्म रहेको छ नि ? वास्तवमा उपनिषद् ग्रन्थमा आएको उपमा अनात्मवादसित बिल्कुल प्रतिपक्षभएको हुनाले अरहन्तको गतिसित सम्बन्धराखी बुद्धले देशना गर्नुभएको देशनाहरूमा त्यो बिल्कुल देखानपर्नु आश्चर्यजनक छैन।[1]

वास्तवमा अरहन्तको गतिको समस्या आत्माअनात्माको समस्यासँग जोडिएको छ। अरहन्तको गति निःसन्देह प्रकटरूपमा रहेको छ भने अरहन्त परमार्थको हिसाबले निःसन्देह प्रकटरूपमा रही बुद्धको अनात्मवाद निरर्थक हुनजानेछ। अनात्मवादअनुसार पुद्गल सत्त्वभनेर प्रकटरूपमा नरहेको कारणले अरहन्तको गति निःसन्देह प्रकटरूपमा रहने हुनसक्नेछैन। त्यसोभएर पश्चिमी राष्ट्रहरूकाले बुद्धले आत्मालाई स्वीकार गर्नुहुन्छ भनी धारणा राख्ने प्रज्ञाविद्हरूले अरहन्तको गति निश्चय नै छ भनी धारणा

[1] भिक्षुसंघमा जातिवाद नभएको विषयलाई व्यक्तगर्दामा भने त्यो उपमालाई अगाडिसारी उपदेश गर्नुभएको छ। (चाप ९५) त्यसरी भगवान् बुद्धले आफूले जानिसकेको प्रकटभएको उपमाद्वारा अरहन्तको गतिलाई उपदेश गरिराख्नुभएको र नभएकोलाई आधार लिएको खण्डमा त्यो गतिलाई उपनिषद् ग्रन्थमा आएको परमात्मासित भ्रम गरिनुपर्ने कारण छैन। वास्तवमा चार्लस् एलियोट्ले पछिल्लो समयमा दृष्टि परिवर्तनगरेर ल्याएको जस्तो छ। किनभने अन्य एउटा बौद्धग्रन्थमा खेमाथेरीको कथन र उदानपालिमा आएको निर्वाणसम्बन्धी सूत्रहरू पिटकभित्र पछि मात्र घुसेर आएका देशनाहरू हुन् भनी भनिराखेको छ।



Downloaded from http://dhamma.digital

राखी बुद्धवादलाई अनात्मवादको रूपमा जान्नेदेख्ने प्रज्ञाविद्‌हरूले भने धेरैजसो अरहन्तको गतिलाई अभावको रूपमा जान्नेदेख्ने बुझ्ने गरेकाछन् ।

अनात्मावादलाई गहन र गम्भीरतापूर्वक स्वीकारेर र विश्वासगर्ने व्यक्तिले अभावलाई मन नपराएतापनि अरहन्तको गतिलाई आवर्जन र परामर्शन गर्दामा अभावबाहेक अन्य निर्देशित गर्नुपर्ने विषयछैन । अमेरिकन बौद्ध ग्रन्थकार आचार्य पौल कारसले अनात्मवादलाई अति नै मनपराएर विश्वास गरेतापनि अरहन्त च्युति भइसकेपछि सम्पूर्ण विच्छेदभएर जान्छ भन्ने कथनलाई मन नपराएकोले च्युति भइसकेको अरहन्त निःसन्देह प्रकटरूपमा नरहेतापनि विच्छेदभएर नगई धर्मस्कन्धहरू बाँकी रहेर सधैं स्थिर रहन्छ भनी भन्दछ । उपमा दिने हो भने न्यूटन, आइन्सटाइन आदि वैज्ञानिक प्रज्ञाविद्‌हरू अहिले नरही सकेको सही भएपनि उनीहरूले परीक्षणगरी अध्ययनगरेर जानिराखेको नियामधर्महरू स्थावर नित्य स्थिरभई उनीहरूको क्रियाकलाप उनीहरूको परिश्रमहरू मानव इतिहासमा सधैंभरी प्रकट रहि रहनेछ । त्यस्तै अरहन्त नामरूप निरोध र शान्तभई प्रकटरूपमा नरहेतापनि वहाँले जानीदेखी बुझी आचरण, अभ्यास र उद्योग गरिराखेको चारसत्य अष्टमार्गाङ्ग आदि धर्मसमूह स्थावर स्थिर रहिरहनुपर्ने भएकोले वहाँको गतिलाई अभावभनेर भन्नुहुँदैन भन्ने भाव हो ।[१] तापनि यो कथन मानिसमात्र मर्छ नाउँ मर्दैन भन्ने खालको कथनभएर वास्तवमा नामरूप निरोध र शान्त भइसकेको अरहन्त कोही पनि बाँकी नरहिकन विच्छेद हुन्छ भन्नुलाइ विरोधगरेको कथन होइन ।

१. Paul carus, "Buddhism and its Christian critics" p.p. 79-82



Downloaded from http://dhamma.digital

त्यसोभएर अरहन्त च्युति भइसकेपछि निरवशेषरूपमा विच्छेद हुन्छ भन्ने धारणा सम्बन्धमा कारण रहेका केही केही पालिहरूलाई विचार गर्नुपर्दछ।

"अरहन्तले राग आदि कारणरहितभएको निर्वाण आलम्बनमा गौचर गर्दछ। आकाशमा पंक्षीहरूको आवागमनको मार्गपथलाई देख्न नसकिनेजस्तै अरहन्त पुद्गलहरूको आवागमनको मार्गलाई देख्न सकिन्न।" (धम्मपद ९२-९३)

"अरहन्तपुद्गललाई खोजीनीति गरेर हेर्ने देवताले र मनुष्यले मनुष्यलोक देवलोक नागलोक गरुडलोक सम्पूर्ण सत्त्वप्राणीहरूको भूमिस्थलहरू देख्न भेटाउन पाइँदैन।" (सगाथावग्गसंयुत्त समिद्धिथेर सुत्त)

"क्लेशबाट मुक्त चित्त रहेको भिक्षुलाई शक्र ब्रह्मामार देवसहित देवताहरूले खोजीनीति गरेतापनि अरहन्तको विज्ञानले यसलाई आधार लिन्छभनेर जाँदैनन्।" (मज्झिमनिकाय अलग्गद्दुपम सुत्त)

"मारदेवले गोधिक स्थविरको विज्ञान कुन ठाउँमा स्थित छ त भनेर स्थविरको विज्ञानलाई खोजेर गोधिक स्थविर आधार नभएको भई परिनिर्वाण हुनुभयो।"(मारसंयुत्त गोधिकथेर सुत्त)

"भिक्षुहरू हो, म तथागतको शरीर भवतृष्णा विच्छेद भइसकेकोभएर स्थित भइरहेको छ। म तथागतको शरीर स्थित भइरहेसम्मको समय भित्र नै त्यो शरीरलाई देवमनुष्यहरूले दर्शनगर्न पाइरहने छन्। आयु अन्त भइसकेर शरीर विनाश



Downloaded from http://dhamma.digital

भइसकेपछि त्यो शरीरलाई देवमनुष्यहरूले दर्शनगर्न पाइने छैन ।" (दीघनिकाय ब्रह्मजाल सुत्त)

यसरी च्युतिचित्त कर्मजरूप निरोध र शान्त भइसकेको अरहन्तपुद्गललाई खोजेर नहुने विषय सम्बन्धमा देशित थुप्रै देशनाहरूलाई आधारबनाएर हेरी अरहन्तको गति अभाव हो भनी धारणा राख्नुपर्ने हुन्छ । च्युति भइसकेको अरहन्तलाई खोजेर प्राप्तहुँदैन भन्ने कथनद्वारा त्यो व्यक्तिको गतिलाई अभावभनेर सम्झिनुपर्ने भयो त ? अरहन्तको गतिलाई देवमनुष्य ब्रह्माहरूले कल्पनागरेर नहुने जान्नदेख्न नमिल्ने लोकुत्तरभूमि स्थान अथवा त्यस किसिमको भाव हुनसकिन्छ, होइन भने त्यसरी प्रश्न गरेको खण्डमा अनात्मवादसँग सम्बन्ध जोडेर पनि त्यहीअनुसार प्रश्नगर्नसकिने विषयलाई ख्यालराख्नुपर्नेहुन्छ । कारण, भगवान् बुद्धले पञ्चस्कन्ध आत्मा होइन, पञ्चस्कन्धमा पुद्गल सत्त्व आत्मालाई खोजेर पाइँदैन भनी उपदेश गर्नुभएको छ । वहाँले आत्मा छैनभनेर निश्चित र स्पष्टरूपमा उपदेश गर्नुभएको छैन । त्यसरी उपदेशगर्नु नभएतापनि अनात्म खण्डमा विस्तृतरूपमा प्रदर्शनगरेर आएअनुसार भिन्न भिन्न अनेक देशनालाई आधारबनाएर बुद्धवाद अनात्मवाद भएको विषयलाई सुनिश्चितरूपमा सम्झनुपर्दछ । त्यसरी नै भगवान् बुद्धले अरहन्तको गतिको विषयलाई खुलस्तरूपमा उपदेशगर्नु नभएतापनि अनात्मावादसँग पर्यायद्वारा उपदेशित उपर्युक्त देशनाहरूले अभावलाई निर्देशित गरिराखेको छ ।

त्यो तथ्य मज्झिमनिकायमा भगवान् बुद्धले उपदेश गर्नुभएको अग्निराशि उपमामा अझ बढी स्पष्ट छ । भगवान्



Downloaded from http://dhamma.digital

बुद्धले च्युति कर्मजरूप निरोध भइसकेको अरहन्तको गतिलाई सोध्ने वच्छगोत्तलाई जवाफ दिनुभएको त "तिम्रो अगाडि आगोको ठूलो राश छ । त्यो ठूलो आगोको राशबाट आगोको ज्वाला दाउरा सकिएर निर्भीक शान्त र लोप भएर गएको खण्डमा त्यो आगो कुन दिशातिर उपसंक्रमणगरेर गइसकेको छ भनेर तिमीले जवाफ दिनसक्ने छैनौ। त्यसबेला नयाँ दाउरा पनि बलेको होइन पुरानो दाउरा पनि सकिसकेर त्यही ठाउँमा नै निरोध र शान्त भइसक्यो भनी तिमीले जवाफ दिनुपर्नेछ । त्यसरी नै च्युति कर्मजरूप निरोध भइसकेको अरहन्तलाई नामरूपधर्महरू बाँकी नरही निरोध र शान्त भइसकेकोभएर अरहन्तपुद्‌गल भन्ने प्रज्ञप्ति लोपभएर मानिसहरूको व्यवहार प्रज्ञप्तिद्वारा उत्पन्न हुन्छ वा उत्पन्न हुँदैन भनी भन्न मिल्दैन" भन्ने भाव हो। (मज्झिमनिकाय अग्गिवच्छगोत्तसुत्त)

सुत्तनिपात पालि पारायण सुत्त उपसिव प्रश्नमा निर्वाणसितको सम्बन्धमा उपसिव ऋषि ब्राह्मणको प्रश्नलाई जवाफ दिँदा पनि भगवान् बुद्धले आगोको राशि उपमाको रूपमा देखाउनु भयो। आगोको ज्वाला, आगोको राप निरोध र शान्तभई लोपभएर जाने बेलामा कुन दिशातिर पुगेको छ भनी भन्न नसकिनेजस्तै परिनिर्वाण प्राप्त व्यक्ति लोपभई निरोध र शान्तभएर प्रज्ञप्ति व्यवहारको हिसाबले कुनैपनि भनसुनगर्ने अवस्थातिर पुग्दैन । त्यो व्यक्तिलाई छ छैन भनेर भन्नसक्ने प्रमाण छैन । सम्पूर्ण परमार्थधर्महरू हटाई उखेली निरोध र शान्तभएर गइसक्दा सम्पूर्ण भनसुनगर्ने बाटाहरू पनि हटाई उखेली निरोध र शान्तभएर गइसक्यो भनी जवाफ दिनुभएको थियो ।



Downloaded from http://dhamma.digital

यो आगोको राशि उपमासित सम्बन्धराखी कोही कोही पश्चिमेली प्रज्ञाविद्हरूले पुराना भारतीयहरूले निभेर गईसकेको आगो निरवशेषरूपमा लोपभएर नगई अघिकै मूलरूपमारहेको मुख्यधातुको रूपतिर फेरि पुग्न जान्छ भनी धारणा राखिराखेको विषयलाई देखाउँछन् । यो कथन मनुष्यसत्त्वको मूलरूपको मुख्यधातु अथवा परमात्मालाई समर्थन नजनाउने बुद्धवादसित सम्बन्धजोडेर विशेष चिन्तन गर्नुपर्नेछैन । बुद्धवादीहरूको निमित्त त त्यो आगोको राशि उपमालाई साधकनमूना बनाई लेख्नुभएको लेडी सयादोको कथनअनुरूप "यो देशनामा आगोको उपमासहित अरहन्तको रूप वेदनाआदि परमार्थ धर्मक्रमहरू बाँकी नराखी परलोकभएर गएको प्रक्रियालाई देखाउनुभएको कारणले च्युति कर्मजरूप निरोध भइसकेपछि अरहन्तपुद्गलको स्कन्धबाट निर्वाणतिर सरी सम्बन्धजोडेर जाने परमार्थधर्मभनेर रत्तिभर पनि रहेन । प्रज्ञप्तिधर्म भनेर पनि रत्तिभर रहेन"[१] यसप्रकारका धारणा राख्नुपर्ने नै भयो ।

सौत्रान्तिक नाउँ भएको पुरानो बुद्धवादीगणले भगवान् बुद्धले देशना गर्नुभएको आगोको राश उपमालाई साधकनमूना राखेर निर्वाण अभाव हो भनी धारणा राख्दछ । त्यो पुरानो बुद्धवादीगणको मतअनुसार निर्वाण प्रकटरहेको धर्म केही पनि न रहनु हो । यो ठाउँमा सौत्रान्तिक र अन्य अन्य महायान बुद्धवादीहरूले बुझेको निर्वाण यो ग्रन्थमा हामीले बुझेको अरहत्तफल (दृष्टधर्मनिर्वाण) नभई अरहन्तको गतिलाई भन्नचाहेको विषयलाई ख्यालगर्नुपर्दछ । सौत्रान्तिक बुद्धवादीहरूको मतअनुसार आकाशद्रव्यवस्तु विल्कुल नहुनु जतिमात्र भएजस्तै निर्वाण संस्कृत

१. "निब्बाणदीपनी" चा. ८०



Downloaded from http://dhamma.digital

धातुरहित हुनु जति मात्र हो। बिल्कुल निभिसकेको आगोलाई कुनै एक विषयको रूपमा सम्झन नसकिनेजस्तै पञ्चस्कन्ध निरवशेषरूपमा पूर्णतः निरोध र शान्तभएको निर्वाणलाई केही रहनु हो भनी दृढरूपमा सम्झनुमा कारण छैन।[1]

अरहन्तको गतिसित सम्बन्धराखी सौत्रान्तिकजस्तै नै थेरवादीगण नभएको अन्य पुराना बुद्धवादीगणहरूको सिद्धान्तलाई विचार गर्नुपर्दछ। अश्वघोष, बसुबन्धु, बोधिधर्म आदि महायान बुद्धवादलाई बीऊ राखेर गइसकेका अघिका भारतीय अट्ठकथाचार्यहरूले ब्राह्मणधर्मबाट बुद्धवादतिर सरेर आएका व्यक्तिहरू भएकाले उपनिषद् ग्रन्थमा आएको परमात्मावादको प्रभाव बिल्कुलरहित भएका व्यक्तिहरू होइनन्। त्यसोभएर परमात्मालाई पन्छ्याएतापनि पञ्चस्कन्धबाट अलग भएको "धर्मकाय", "तथागतगर्भ", "आलयविज्ञान" आदि परमार्थधर्महरूलाई उनीहरूको ग्रन्थहरूमा उल्लेख गरिराखिएको छ।

योगाचार नामक गणले आलयविज्ञानलाई स्वीकारगरी लोकमा चित्तविज्ञान मात्र छ भनी धारणा राखेको छ। यो गणको वाद उपनिषद् आचार्यहरूको वादसित एकसमानजस्तो भएर उनीहरूले विश्वासगर्ने निर्वाण परमात्मा निर्वाणजस्तो खालको हो। निर्वाण अथवा अरहन्तको गतिसित सम्बन्धराखी अन्य महायानवादीहरूको विश्वासलाई त विस्तृतरूपमा स्पष्टपार्न मुश्किल छ। त्यसो भएतापनि महायान बुद्धवादीहरूको पिटक साहित्यमा विशेष प्रख्यातभएको प्रज्ञापारमिता सूत्रहरूलाई अनुसन्धानगरेको खण्डमा उनीहरूले विश्वासराखेको निर्वाणको

[1] E. Conze, "Buddhist Thought in India", pp161.2



Downloaded from http://dhamma.digital

स्वभावलक्षणलाई केही न केहीरूपमा अनुमानगर्न सक्नेछ। प्रज्ञापारमिता सूत्रहरूमा भगवान् बुद्धले सुभूति, सारिपुत्र आदि शिष्य श्रावकहरूलाई देशना गर्नुभएको भनिएका तथ्यहरूलाई संक्षिप्तमा प्रदर्शन गर्दैछु।

"भगवान् बुद्धलाई मैले 'वेनेय्य सत्त्वप्राणीहरूलाई मुक्त गर्नेछु' भन्ने विचार उत्पन्न भएन, किनभने त्यस्तो विचार उत्पन्न भएमा भगवान् बुद्ध आत्मआशक्तिरहित नभएको व्यक्ति हुनेछ। वास्तवमा भगवान् बुद्धद्वारा मुक्तगर्नको लागि सत्त्वप्राणीहरू छैनन्। यो शून्यलोकभित्र नामरूप स्कन्ध आयतन छैन। चार सत्य छैन, निर्वाणलाई जान्नु निर्वाणलाई प्राप्तगर्नु प्राप्त नगर्नु भन्नेछैन। भगवान् बुद्ध पाल्नुभयो, विराजमान हुनुभयो भनी भन्नु नै गलत हो, किनभने परमार्थको हिसाबले भगवान् बुद्ध (तथागत) व्यवहारमा शब्द मात्र नै हो।"

"निर्वाणमा पुग्ने सत्व छैन, म तृष्णा उपादानरहित भएको बेलामा निर्वाण प्राप्त हुनेहुन्छ भनी भन्ने व्यक्ति सत्कायदृष्टिमा टाँसिएको व्यक्ति हो। परमार्थको हिसाबले निर्वाण र भिक्षु भन्ने छैन। तिनीहरू शून्यलोकमा मायाजति मात्र भएर स्वभावलक्षणको हिसाबले एउटै हुन्। संसारबाट मुक्तहुन चाहने सत्वहरूले यदि सही दृष्टि पाएको छ भने तिनीहरू निर्वाणलाई साक्षात्कार गरिसकेका हुन्छन्। किनभने सबै सत्त्व शुरुशुरुदेखि नै निर्वाणमा रहिसकेको हुन्छन्। यसो भएकोले निर्वाण र संसारलाई छुट्याउन मिल्दैन। वास्तवमा संसारमा भ्रमण गर्नुछैन। संसारबाट मुक्त हुनुछैन। संसार र निर्वाण परमार्थको हिसाबले एउटै हो।"[1]

---

[1] E. J. Thomas, op, cit, chapter XVII.



Downloaded from http://dhamma.digital

लोकमा परमार्थको हिसाबले केही पनि छैन भनी भन्ने यो वाद महायान बौद्ध साहित्यमा शून्यवादको नामले प्रख्यात छ। शून्यवाद वास्तवमा नास्तिकवादसित धेरै फरक छैन । तसर्थ एकजना यूरोपेली प्रज्ञाविद्को मतअनुसार “महायानवादले पश्चिमेलीहरूको मनलाई आकर्षित पार्नसकेनन्। त्यसलाई नामवाद अथवा नास्तिकवादको रूपमा मात्र बुझ्दै आएका छन् । त्यो नास्तिकवाद भन्दा अझ गम्भीर भएको विषय अहिले जान्नदेख्न शुरुगरेर ल्याइसकेको भएतापनि त्यसको पिटक र अट्ठकथाहरूलाई पूर्णरूपमा प्रकाशित गरिसके मात्र त्यो प्रष्ट भएर आउने छ।”[1]

शून्यवाद बुद्धवादसित बिल्कुल प्रतिपक्ष छ भनेर त भन्न मिल्दैन । सलायतनसंयुत्त र सुत्तनिपातमा भगवान् बुद्ध स्वयंले लोकशून्य भएको विषय देशना गरिराख्नु, बुद्धघोष आचार्यले पनि निर्वाणतिर पुग्ने पुरुष छैन, आदि भनी व्यक्त गरिराख्नु (चाप १२१,१२७) लाई ख्यालगर्नुपर्छ । महायान पिटकमा आएको शून्यवादको विशेषता त बुद्धको अनात्मवादलाई नास्तिकवाद हुनेगरी व्यापकरूपमा आविष्कारगरेर ल्याएको नै हो । जेहोस्, शून्यवादअनुसार अरहन्तको गति अभावबाहेक अन्य धर्म हुनसक्ने कारण छैन ।

शून्यवाद निर्वाणजस्तोलाई नचाहने कोही कोही महायानवादीहरूको निर्वाण त सुखावती नामक भूमिस्थल निर्वाण हो। त्यो भूमिमा गंगा नदीको बालुवाभन्दा पनि धेरै भएका बुद्ध तथागतहरू विराजमान भइरहेकाभएर ती बुद्ध तथागतहरू मध्ये अमिताभ नामक तथागत मानिसहरूको आधार शरणस्थल हो।

---

[1] E.D. Thomas, ibid, p.266,
N.Putt, “Aspects of Mahayana Buddhism”, p.p.185,86.



Downloaded from http://dhamma.digital

जोसुकैले होस् अमिताभ बुद्धलाई विश्वासगरेको खण्डमा मरण हुने बेला सुखावती भूवनमा पुगी स्थावर सुखभोग्न पाइरहनेछ भनेर ती महायानवादीहरूले धारणा राखिरहेका छन्।

भूमिस्थान निर्वाणजस्तो नभएतापनि अन्य एक न एक तरिकाले विद्यमानरहेको निर्वाणजस्तोलाई मात्र आकांक्षाराख्ने बुद्धवादीहरू आजको म्यांमार्, चीन, जापान आदि बौद्ध देशहरूमा मात्र होइन अति पुरानो भारतमा रहेको हुनुपर्दछ। मनुष्यसत्त्व आत्मा होइन नामरूप धर्ममात्र भएको पनि होइन भनी भन्ने वज्जीपुत्तक र सम्मितिय गणिकहरूको निर्वाण कस्तो खालको निर्वाण हो भनेर हामीले थाहा पाउन नपाएतापनि उनीहरूको मतअनुसार अरहन्तको गति निश्चितरूपमा प्रकट भइरहनुपर्नेछ। यो ठाउँमा एकजना फ्रान्सेली प्रज्ञाविद्को लेखनलाई ख्यालगर्नु उपयुक्त छ।

"पालिपिटक र उत्तरीय माध्यमिकगणका अट्ठकथाचार्यहरूको मतअनुसार बुद्धवादले आत्मालाई पन्छाई अरहन्तको गतिलाई अभावको रूपमा निर्देशित गरिराखेको विषयमा संशय गरिराख्नु आवश्यक छैन। तापनि पुराना संघसंगठनमा र पछिल्ला संघसंगठनमा पुद्गलवादलाई विश्वासराख्ने व्यक्तिहरू रहिरहेका छन्। पुद्गलवादीहरूले पुद्गलसत्त्व पञ्चस्कन्धदेखि अलग्ग हुने होइन। एउटै हुने पनि होइन। त्यो कल्पनागरेर नहुने भएतापनि निश्चितरूपमा विद्यमान छ भनी भन्दछन्। ती पुद्गलवादीहरूले एक प्रकारको स्थावर परमात्मा निर्वाणलाई स्वीकारगरी विश्वास गरिरहेका हुनेछन्।"[१]

[१] Art. Nirvana by V. Poussin, Encyclopedia of Religion and Ethics.



Downloaded from http://dhamma.digital

पुद्गलवादीहरू शक्तिसामर्थ्य सानातिना भएका होइनन्। सातौं शताब्दीभित्र भारतमा आइपुगेको एकजना चीनिया भिक्षुको यात्रा विवरणअनुसार ६०,००० जति जनसंख्या रहिरहेको भएर अरहन्तको गति निश्चितरूपमा प्रकटरहेको जस्तोगरी देखाइ-राखेको पालिहरू पुद्गलवादको प्रभावबाट मुक्त नभएका पिटकआचार्यहरूको छाप लागेको खण्डमा यसरी लाग्नसकिन्छ। वास्तवमा ती पालिहरू प्रायश: उदान इतिवुत्तक आदि पिटक इतिहासको पछिल्लो भागमा आएको हुनाले पछि मात्र प्रवेश पाएको कथनहरू हुन् भनी कोही कोही पालिप्रज्ञाविद्हरूले धारणा राख्दछन्।

त्यसो नभएपनि ती पालिहरू पुद्गलवादीहरूलाई आकर्षितगराउन समावेश गरिराखेको कथनहरू हुनुपर्दछ। भगवान् बुद्ध स्वयंले मानिसहरूको मनोवृत्ति चरित्र र ज्ञान परिपक्व अपरिपक्वतालाई हेरेर देशना गर्नुहुन्छ भन्ने विषय बुद्धकाण्डमा उल्लेख गरिसकेको छु। पिटक आचार्यहरूले पनि त्यो मार्गक्रमलाई अनुगमनगरेर आएको विषय पिटक साहित्यमा धेरै स्पष्ट छ। वर्तमानयुगमा स्पष्ट साधकनमूना एउटा निर्वाणको सम्बन्धमा लेडी सयादोको लेखाई हो।

लेडी सयादोको निब्बानदीपनी पुस्तकबाट केही केही टिप्पणीहरूलाई माथि उल्लेख गरिसकें। त्यो पुस्तकलाई गहि-रिएर राम्ररी पढेको खण्डमा अरहन्तको गति अभावमात्र हो भनी सयादोले धारणा राख्नुभएको विषयको हामीले सारांश निकाल्नुपर्नेछ। त्यसो भएतापनि सयादोले एउटा क्रिश्चियन आचार्यको प्रश्नलाई जवाफ दिनुहुँदा, "हामी बौद्धहरूको भगवान् बुद्ध अहिले असंस्कृत



Downloaded from http://dhamma.digital

महानिर्वाणमा हुनुहुन्छ । अनित्य संस्कृतभएको विज्ञानसहितको बाँकी धातुसमूहलाई परित्यागगरेर नित्य स्थावरभएको असंस्कृत अमृतधातुको रूपमा स्थावरस्थित रहनुभएको छ । कुशीनगर राष्ट्रमा स्कन्धशरीरलाई मात्र त्यागगर्नुभयो । पवित्र तथागत त अनन्त गुणहरूसहित अमृत महानिर्वाण भन्ने लोकुत्तरमहाभूमिमा असंस्कृतधातु पवित्र तथागतको रूपमा विराजमान भइरहनु भएको छ"[1] भनी जवाफ दिनुभएको थियो ।

तरपनि भगवान् बुद्धले मानिसहरूको ज्ञान अपरिपक्व परिपक्वतालाई हेरेर अन्य धर्मउपदेशहरू देशना गर्नुभएतापनि अरहत्को गतिसित सम्बन्धरहेको गम्भीर उपदेशलाई त त्यसरी श्रवणगर्ने व्यक्तिको ज्ञानस्तरलाई हेरी देशना गरिरहनु हुनेछैन । त्यस विषयसित सम्बन्धराखी केही पनि देशना गर्नुनभई मौन रहनुभयो भन्ने पिटककथंन अवश्य पनि सही हुनेछ । त्यो विषयसित सम्बन्धभएका कुनै कुनै पालिहरू प्रायःगरी शिष्यश्रावकहरूको कथनहरू भएको विषयप्रति ख्यालगर्नुपर्दछ । माथि उल्लेखगरेर आएको कोशल राजालाई दिएको खेमाथेरीको जवाफलाई भगवान् बुद्धले समर्थन गर्नुभएको विषय त्यो सूत्रमा देखाइराखेको सही हो । तैपनि कोशल राजाले प्रथमवार सोधेको बेलामा होस् वा अरू अरू सोध्ने अन्य व्यक्तिहरूलाई होस् केही पनि जवाफ नदिई मौनरहेको कुरामा आधार लिने हो भने यो कथन स्थविराको जवाफलाई गहनता दिलाउन पिटकाचार्यहरूले समावेश गरिराखेको कथन भएको हुन सकिन्छ ।

---

[1] "बुद्धधर्म र स्थावर ब्रह्मागन्थ" (सुधम्मावती) चा.२४



Downloaded from http://dhamma.digital

अरहन्त च्युति भइसकेपछिको समयमा विच्छेदभई लोपभएर जान्छ भनी विश्वासगर्ने यमक भिक्षुको धारणालाई प्रतिरोधगर्ने व्यक्ति पनि बुद्ध नभई आयुष्मान् सारिपुत्र हुनुभएको छ । आयुष्मान् सारिपुत्रले यमकलाई नामरूप पञ्चस्कन्धमा नै परमार्थको हिसाबले पुद्गल सत्त्वलाई अप्राप्य हुन्छ भने नामरूपको अन्त्य भई निरोध र शान्त भइसकेको अरहन्तलाई उत्पन्न हुन्छ भनेर तथा उत्पन्न हुँदैन भनेर भन्न अयोग्य छ भनी अनुशासन गर्नुभयो । (खन्धसंयुत्त यमकथेर सुत्त)

यो सुत्तन्तमा खेमा थेरीको कथनलाई समर्थन गर्नुभएजस्तै आयुष्मान् सारिपुत्रको कथनलाई भगवान् बुद्धले समर्थन गर्नुभएको विषय देखाइराखेको छैन । कोही कोही बुद्धवादीहरूले यो सुत्तन्तलाई उद्धृतगरी अरहन्तको गतिलाई अभाव भनेर सम्झेको खण्डमा गलतभई उच्छेददृष्टि हुन्छ भनी भनिएको छ । लेडी सयादोले त "प्रकृतिरूपमा नै पुद्गल सत्व छ भनी ग्रहणगर्ने व्यक्तिहरूमा मात्र उच्छेददृष्टि हुन्छ । विच्छेदभएर नगई निर्वाणमा सधैं स्थिर रहन्छ भनी ग्रहण गरेमा शाश्वतदृष्टि हुन्छ । प्रकृतिरूपमा नै पुद्गल सत्व छैन, खालि नामरूप छ भनी ग्रहणगर्ने व्यक्तिहरूमा संसारचक्र टुटी नामरूप टुट्छ भनी ग्रहणगरेर उच्छेददृष्टि हुन्न, सम्यक्दृष्टि मात्र हुन्छ"[१] भनी भन्नुभएको छ ।

भगवान् बुद्धले अरहन्तको गतिसँग सम्बन्धराखेर किन केही नभनिकन नै मौनरहनुभएको त ? भनी विचारविमर्श गर्नुपर्दछ । यो क्षेत्रमा हामीले यो समस्यासित सम्बन्धरहेको आत्माअनात्म प्रश्नलाई फेरि होशराख्नुपर्दछ । भगवान् बुद्धले

१. "निब्बाणदीपनी" चा.१४४



Downloaded from http://dhamma.digital

आत्मालाई स्पष्ट हुनेगरी नहटाई अनात्मधर्मलाई पर्यायद्वारा देशना गरेर जानुभएको विषय ग्रन्थको पहिलो खण्डमा उल्लेख गरि सकेको छु। एकजना परिब्राजकले आत्मा छ वा छैन भनी प्रश्न गरेको बेलामा भने केही पनि जवाफ नदिई वहाँ मौन रहनुभएको थियो । यसरी आत्मालाई स्पष्टरूपमा तिरस्कार नगर्नु मौन रहनुको मूलकारणलाई विचारविमर्श गरिहेर्दा यदि आत्मा विद्यमान रहेको सही छ भनी भगवान् बुद्धको क्रियाकलापलाई बुझ्न गाह्रो छ। भगवान् बुद्धले स्वीकार्नुभएको आत्मा उपनिषद् आत्मासित फरक छ भनौं, भगवान् बुद्धले कुनै न कुनै विधिद्वारा स्पष्ट पार्नुपर्ने थियो । वास्तवमा भन्ने हो भने आत्मा छैन, तापनि अनात्मधर्मलाई खुलस्त र स्पष्टरूपमा देशना गर्नुभएको भए मानिसहरूले गलतरूपमा निरीक्षण र परामर्शन गर्नजानुलाई जान्नुदेख्नुभएको कारणले मात्र त्यसरी देशनागर्नु नभएको हो भनी धारणाराख्नु उचित छ।

अरहन्तको गतिसँग सम्बन्धराखेर मौन रहनु स्पष्टरूपमा देशनागर्न नहुनुलाई त्यही विधिअनुरूप हामीले बुझ्नुपर्ने छ । अरहन्तको गति निश्चितरूपमा विद्यमानरहेमा त्यो गति शूक्ष्म र गम्भीरभई मानिसहरूले बुझ्नेगरी देशनागर्न मुश्किल छ। भनौं, साँच्चै विद्यमानरहेको विषयलाई त प्रष्टरूपमा देशना गर्नुपर्ने थियो ।[१] अहिले त त्यसरी उपदेश गर्नुभएको थिएन । बुद्धले

१. उपनिषद् आचार्यहरूले पनि उनीहरूका अरहन्तहरूको गति परमात्मा अत्यन्त शूक्ष्म र गम्भीर छ भनी विस्तृतरूपमा व्यक्त गरेका छैनन् । तैपनि निश्चितरूपमा प्रकटरहेको विषयलाई त व्यक्त गरिराखेका छन् । च्युति निरोध र शान्त भईसकेको अरहन्त निश्चितरूपमा विद्यमान छ भने भगवान् बुद्धले उपनिषद् आचार्यहरूको मार्गलाई अनुमगन गर्ननसक्ने कारण छैन ।



Downloaded from http://dhamma.digital

देशना गर्नुभएको भनिएको सुत्तन्त देशना अलिकति त रहेको सही हो तापनि **अत्थि भिक्खवे अजातं** आदिबाट शुरू गरेका देशनाहरू अरहन्त च्युति हुनुभन्दा अगाडि उपलब्ध दृष्टान्त धर्मलाई नै निर्देशित गरिराखेको हो कि अथवा पिटकभित्र पछि प्रवेशगरेका कथनहरू रहेका हुन् आदि कुराद्वारा संशयरहने खालको भएर आगोको राशि देशनाहरूले भने च्युति भइसकेको अरहन्तको अभावलाई निर्देशित गरिराखेका छन् । त्यसोभएर भगवान् बुद्ध मौनरहनु अरहन्तको गति अभावभएको कारण धेरैजनहरूलाई देशनागर्नु अनुचितभएको कारणले हुनुपर्दछ ।

मानिसहरू प्रायःगरी आत्मआसक्तिरहित नभएको कारणले अभावलाई भय मान्छन् । सामान्य मानिसभन्दा ज्ञान बुद्धिस्तर माथि भएका कोही कोही प्रज्ञाविद्हरूले समेत अभावलाई रूचाउँदैनन् । स्पेनको एकजना अभिधर्म आचार्यले आफू मरेर जाँदा नरकमा सधैँको लागी दुःख भोगि रहनुभन्दा विज्ञान निरवशेषरूपमा विच्छेदभएर जानुलाई झन् बढी डरलाग्छ भनी खुलस्तरूपमा स्वीकारेको छ ।[१] एकजना जर्मन प्रज्ञाविद्ले भने यदि अरहन्तको गति अभावभएको सही हो भने बुद्धवादले मानिसहरूलाई आफ्नो लक्ष्यतिर बोलाई लगिसकेर एकसय फिट् गहिरो खाडलभित्र हामफाल्न लगाएको जस्तो छ भनी भनेको थियो ।[२] त्यसो भएर भगवान् बुद्धले अरहन्तको गतिसँग सम्बन्ध राखेर केही भन्ननभई मौन रहनु अचम्मलाग्दो छैन ।[३] यो क्षेत्रमा

१ Migual de unamuno, "The Tragic sense of life", p.43
२ Max Muller, "Studies in Buddhism", p.56
३ "जुन कुरा सही भएर पनि प्रतिफल छैन, अरूहरूले पनि मन पराउँदैन भने म तथागत त्यस किसिमको कुरा गर्नबाट वर्जित रहन्छु ।" (मज्झिमनिकाय अभयराजकुमार सुत्त, चाप ९१-९२)



Downloaded from http://dhamma.digital

जर्मन बुद्धग्रन्थकार आचार्य Oldenberg को भनाई सम्झनयोग्य छ।

"तरपनि यी पुराना बुद्धवादीहरूले परिनिर्वाणप्राप्त पुद्‌गलको गति अभावभएको विषयलाई जानेर देखेर अभावलाई स्वीकार्न तयाररहेर पनि त्यो सिद्धान्तलाई भगवान् बुद्धको एउटा सिद्धान्तको रूपमा भने समर्थन गर्दैनन्। यसरी समथर्न नगर्नाको मूलकारणलाई हामीहरू राम्ररी बुझ्नसक्छौं। बुद्धशासनमा भिक्षु हुनचाहने व्यक्तिले आशा र आकांक्षा एवं छन्दहरूलाई प्रशस्तरूपमा परित्याग गर्नुपर्दछ। त्यसोभएर संसारचक्रदु:खबाट मुक्तहुने व्यक्तिको पुरस्कार र लाभ अभावभएको विषय मनपराउन अयोग्य सही धर्मलाई किन मनोभावना परिपक्व नभइसकेको व्यक्तिलाई भन्नुपर्ला नि ? सही धर्मलाई ढाकछोपगरी असत्य अतथ्य झूठ कुरा बोल्नु अयोग्यभएको त सही हो। त्यसोभएतापनि मनोभावना कोमल भएका व्यक्तिहरूलाई कम्पित र उथलपुथल पारिने सही धर्मलाई ढाकछोपगरी पर्दाहाल्नुमा दोषरहित छ। त्यसो गर्नुद्वारा अत्यन्त आवश्यकरहेको संसारबाट मुक्तहुन उद्योगगर्नु कुनै हालतमा पनि आघात पुग्ने नभई मानिसहरूले वर्तचक्रदु:खबाट मुक्तहुनुभनेको नामरूप निरोध र शान्तहुनुभएको विषयलाई जानिने नै छ। त्यसरी अनित्य संस्कार क्षेत्रबाट मुक्तहुनु नै उत्तमधर्म हुन्छ होइन र ? यो मुक्तहुनु भनेको अभाव नै हो भनी जान्नु द्वारा अत्यन्त उत्तमधर्मभएर आउने हो त ?"[१]

भगवान् बुद्धले अरहन्तको गतिको विषयसँग सम्बन्ध राखेर मौनरहनु भएतापनि माथि देखाएर आएअनुसार अनात्मावाद

[१] Oldenberg, "The Buddha" p. 274



Downloaded from http://dhamma.digital

र अन्य अन्य बुद्धदेशनाहरूलाई आधारबनाई पुराना भारतीयहरूले वर्तमानकालको कोही कोही बुद्धवादीहरूले जस्तै अरहन्तको गति अभावभएको विषयलाई जानेदेखेको हुनेछ। त्यसो भएमा बुद्धवाद किन पुरानो भारतमा सफलभएर आयो नि त ? बुद्धवादको विशेषसफलतालाई आधार लिने हो भने अभाव सिद्धान्त भगवान् बुद्धको सिद्धान्त हुनसक्ने हो त ? भनी सोध्नुपर्नेछ।[१]

यो क्षेत्रमा हामीले बुद्ध प्रादुर्भावहुनुभन्दा अगाडि भारतमा विद्यमान भइसकेको मानिसहरूको अन्तिमलक्ष्य अथवा लोकुत्तर लक्ष्यलाई विचार गर्नुपर्दछ। यदि त्यो लक्ष्य दिव्यऐश्वर्य ब्रह्मऐश्वर्य अनुभवगर्न अर्थात् वृद्ध, रोगी र मरण नभई रूपविशेष नामविशेष–द्वारा एककिसिमको स्थावरसुख लाभ र अनुभवगर्न अथवा कोही कोही महायानीवादीहरूले आशाराखेजस्तै सुखावती भूवनमा एकजना भगवान् बुद्धको रूपमा रमाएर विराजमान हुनको लागि हो भनेमा बुद्धवादले सफलता हासिलगर्न धेरै कठिन हुनेछ। तापनि देव ब्रह्माको रूप र रूपविशेष नामविशेषद्वारा उपलब्धहुने स्थावरसुख पुराना भारतीयहरूको लोकुत्तर लक्ष्य होइन। उपनिषद् ग्रन्थहरूको मतअनुसार उनीहरूको लक्ष्य परमात्मासित फेरि संगमहुनु भएकोले त्यो परमात्मावाद अभाववाद नभएतापनि अभावसित नजिक परेको वाद हो। यो स्पष्ट पारिनेछ।

परमात्मावाद उपनिषद् ग्रन्थमा मात्र देखापर्ने वाद होइन। यहूदी अभिधर्म(दर्शन) आचार्य स्पेनोजाको वाद एककिसिमको परमात्मावाद हो भनिन्छ। पुराना क्रिश्चियन योगीहरूले स्थावर

---

१. यो राधाकृष्णनं जस्ता आत्मावादी प्रज्ञाविद्हरूको प्रश्न हो। Radhakrishnan, "Indian Philosophy", vol.1.p.679



Downloaded from http://dhamma.digital

ईश्वरसँग एकजूट एकसमूह हुनुलाई आशाराख्ने भएकोले उनीहरूको सिद्धान्त पनि परमात्मावादसित धेरै फरकपर्दैन । परमात्मावादअनुसार मानिस संसारवर्तदुःखबाट मुक्तभएको बेलामा परमात्मा अथवा स्थावर ईश्वरसँग एकजूटभएर आई अलग व्यक्ति प्रकट भइरहने भएन । त्यसोभएर त्यो बेलामा मानिस निरवशेषरूपमा विच्छेदभई अभावरूपतिर पुग्न नगएतापनि नामरूप अलग नभएकोले अभावसित नजिकपरेको छ भनी भन्नुपर्नेछ । त्यसोभएर कोही कोहीले परमात्मावाद ईश्वररहित वाद अथवा रूपवाद(भौतिक) वाद हो भनी भन्दछन् । यो ठाउँमा अभावलाई नरूचाउने एकजना प्रज्ञाविद्को कुरालाई ख्यालराख्नु उचित छ ।

"सम्पूर्ण मनुष्यप्राणी अन्तिममा ईश्वरसमक्ष फेरी पुग्नगई एकजूट हुनजान्छ भन्ने सिद्धान्त स्थावर सुखलाई चाहनाराख्ने हामीहरूको निमित्त सन्तोष र मनमोहक छैन । यो सिद्धान्त आत्मविच्छेद हुने स्वभाव समावेशभएको सिद्धान्त हो । आत्माविच्छेद हुनु नभइकन कसरी त्यो भावतिर पुग्न सकिएला नि ? आत्मा बिलकुल लोपभई स्थावर ईश्वरसित एकजूटहुनु वास्तवमा नित्य स्थावर निद्रा लागिराखेको व्यक्तिको भावसित एकसमानजस्तो हुन्छ । नित्य स्थावर निद्रा लागीराखेको व्यक्तिले जीवित नै भइ-रहेतापनि केही जान्ने नभएकोले त्यो नित्य निद्रालागिरहेको जस्तो भावलाई कसले रूचाउँला नि ?"[१]

वास्तवमा भन्ने हो भने पुरानो भारतमा समेत परमात्मावादलाई प्रश्न उठाई आलोचनागर्ने व्यक्तिहरू भएको

[१] Miguel de unamuno, op. cit. pp. 228,232



Downloaded from http://dhamma.digital

विषय उपनिषद् ग्रन्थहरूमा आएको छ । एकजना यूरोपेली प्रज्ञाविद्ले अन्वेषणगरी जान्न पाएको तथ्यलाई उल्लेखगर्नुपरेको खण्डमा "उपनिषद् ग्रन्थहरूमा समेत वर्तदुःखबाट मुक्तभएको आत्माले आफू मुक्तभएको विषयलाई जान्दछ कि भन्ने समस्या निस्केको थियो । इन्द्रले मानिसमा स्वप्न नदेखी शान्तपूर्वक निदाइरहेको बेलामा आत्मा उत्पन्न हुन्छ भन्ने कुरालाई सन्तोष मान्दैन । त्यस किसिमको व्यक्तिमा म त्यो व्यक्ति हो भन्ने जस्तो ज्ञान नभएको कारणले विच्छेदभई अभावको रूपतिर पुगेकोसित एकसमान छ भनी भनेर आत्माको विषयलाई अझबढी जान्नको लागि फर्केर गए । तैपनि अर्को पाँच वर्षजति समय बिताई निरन्तर अन्वेषण अनुसन्धान गरिसकेपछि इन्द्रले जान्न पाएको त मनुष्यप्राणी स्कन्धशरीर रहनुञ्जेलसम्म सुख र दुःखबाट मुक्त नभई स्कन्धशरीर नभएको बेलामा त्यो बन्धनबाट मुक्तभएर जान्छ भनिन्छ ।"[१]

यसरी उपनिषद् ग्रन्थमा आएको परमात्मावादको लोकुत्तर लक्ष्य अभाव नभएतापनि स्वभावको हिसाबले अभावसित फरक नभएको भएर अरहन्तको गति अभाव स्वभावलक्षण धारण-गरेतापनि प्रत्यक्ष जीवनमा उपलब्धहुने अरहत्तफललाई लोकुत्तर लक्ष्यको रूपमा निर्देशनगर्ने बुद्धवादको सफलता प्राप्तहुन

---

१. PTs. E.J. Thomas, op.cit, p.131.
बुद्धप्रादुर्भाव हुनुभन्दा अगाडी नै उपनिषद् ग्रन्थमा आएको आत्मावादलाई आलोचना समालोचना गर्नेहरू रहेको विषय खण्डमा देखाएर आइसकें । (चाप १४६-४८) उपर्युक्त कथनअनुसार त्यो बेलामा उपनिषद् ग्रन्थमा आएको लोकुत्तर लक्ष्यलाई असन्तोष मानी बुद्धको निर्वाणवादतिर अभिमुखभइरहेका व्यक्तिहरू पनि रहिरहेका हुनसक्छन् ।



Downloaded from http://dhamma.digital

आश्चर्यजनक छैन। भगवान् बुद्धले मानिसहरूको ज्ञान परिपक्व र अपरिपक्वतालाई हेरेर देशना गर्नुहुने विषयतिर पनि होशराख्नु आवश्यक छ। भगवान् बुद्धको पालामा धेरै धेरै मानिसहरूले देवऐश्वर्य ब्रह्मऐश्वर्यलाई आकांक्षाराख्ने मनपराउने भएकोले उनीहरूले भगवान् बुद्धको ओवादअनुसार कुशलकर्म गर्नुद्वारा परलोकको अर्थहित उन्नति वृद्धि हुनेछ भनी विश्वास गर्छन्। उनीहरू अरहन्तको गति अभाव हो भनेर जानेतापनि अभावलाई कल्पनागरी डराइरहने छैन। यस कुरालाई यहाँ स्पष्ट पारिन्छ।

उदाहरणको रूपमा मनुष्यहरू एक न एकदिन अवश्य मर्नुपर्ने कुरालाई जानेतापनि आजभोली तुरुन्त मर्नुपर्नेलाई मात्र डराई बर्षौं वर्ष बितेपछिमात्र मर्नुपर्नेलाई त डर मान्दैन। त्यस्तै मानिसहरू अभावदेखि डराएतापनि कालपरिच्छेद धेरै धेरै बितिसकेपछिमात्र सामनागर्नुपर्ने भएको अभावदेखि डरमान्दैन। मनोभावना कोमल भएका बुद्धवादीहरू अभावलाई मन नपराउने भएतापनि तिनीहरूलाई मानसिक आश्वस्तता दिलाउने धर्महरू छन्। ती धर्महरू कुशलकर्म गर्नुद्वारा भवसंसारभरि नै मनुष्यऐश्वर्य देवऐश्वर्य ब्रह्मऐश्वर्यलाई अनुभव गर्नसक्छ भन्ने कर्मवाद[1] र मार्गधर्म चारवटा नै हुन्।

कोही कोही पश्चिमेली प्रज्ञाविद्हरूले मार्ग चारवटामध्ये पहिलेका मार्ग ३-वटा शुरूदेखि नै भगवान् बुद्धले देशना गर्नुभएको धर्म हो र ? भनी संशय गर्दछन्। डा. रीस् डेविड्स्ले पुरानो दीघनिकायबाट महालिसुत्त महापरिनिब्बान सुत्त र सम्पदानीय

---

१. यो कर्मवाद कर्मशक्ति फेरि अनुभव गर्न पाइनेलाई मात्र देशनागर्ने बुद्धवादसित अलगै भएको विषयलाई देखाएर आइसकेको छु।



Downloaded from http://dhamma.digital

सुत्तहरूमा मार्ग चारवटालाई उल्लेखगर्दामा अनागामिमार्ग देखापर्दैन। इतिवुत्तक पालि एकठाउँमा भने पृथग्जन, अनागामि र अरहत्तमार्गहरूलाई मात्र उल्लेख गरिराखेको छ भनिएको छ।[1]

सबभन्दा पुराना ब्राह्मण ग्रन्थहरूमा धर्माचरण उद्योगगर्ने व्यक्तिले वर्तमानजीवनमा नै महाब्रह्मासँग संगम हुनपाइन्छ भनिन्छन्। पछिल्लो समयमा भने ब्राह्मणहरूले लोकुत्तर लक्ष्यतिर पुग्न एक श्रेणीबाट अर्को श्रेणीमा अगाडि बढ्नुपर्नेछ भन्ने वाद प्रादुर्भावभएर आयो। बुद्धवाद पनि शुरूशुरूमा सन्दिट्ठिको अकालिको आदि धर्मगुणहरू अनुरूप वर्तमान जीवनमा अरहन्तभावतिर पुग्नुपर्ने वाद थियो। त्यसोभएर पुरानो विनयपिटक महावग्ग महाखन्धकमा पञ्चभद्रवर्गीय, यशकुमार आदि धेरै व्यक्तिहरू भगवान् बुद्धको उपदेश सुनिसकेपछि अरहत्तफलमा प्रतिस्थितभएको विषय आएको छ। एकहजार ऋषिहरू आदित्तपरियाय सुत्तलाई सुनिसकेपछि जम्मै अरहन्तहरू भएरआए भनिन्छ। त्यो बेलामा चारमार्ग भनेर रहेजस्तो देखिन्न। पछिको समयमा त मनुष्यसत्त्वहरू एकपछि अर्को प्रज्ञावीर्य फरकपर्नुलाई कारण बनाई विभिन्न पुद्गल भेदहुनु उत्पन्नभएर आएको हुनसक्छ। एकजना अंग्रेज प्रज्ञाविद्ले त निर्वाणलाई न रुचाउँने व्यक्तिहरूलाई बुद्धवादतिर आकर्षितगर्न त्यो विभेद उत्पन्नभएर आएको हो भनेका छन्। वास्तवमा त्यो विभाजन चार प्रकारका आर्य पुद्गलहरूसित अन्त नभई अंगुत्तर निकाय पटिसम्भिदामग्ग र पुग्गलपञ्ञत्ति ग्रन्थहरूमा अझ बढी विस्तृत र व्यापकभएर आएको छ।

---

१. "Anagami", Pali Dictionary,



Downloaded from http://dhamma.digital

जेहोस्, मार्गचार विभेद गरेरराख्नु निर्वाणसुखद्वारामात्र सन्तोष नहुने अथवा अभावलाई नरूचाउने पृथग्जन बुद्धवादीहरूको निमित्त प्रीति एवं सन्तोषजनक हुने विषयमा शंका गर्नुपर्नेछैन। निर्वाणलाई साक्षात्कारगर्न नचाहिरहेको व्यक्तिले श्रोतापन्न पुद्‌गलको रूपमा अपाय ढोका बन्दगरी कामसुख ऐश्वर्यलाई सातजन्म अनुभव गरिसकेमात्र परिनिर्वाण हुनसकिन्छ। बुद्धत्व प्रार्थनागर्ने महायान बुद्धवादीहरूले त धेरै धेरै जन्मसम्म पारमितापूर्ण गर्नुपर्ने भएकोले त निर्वाणलाई समयको परिधि नराखी रोकेर राख्नसक्ने हुन्छ।

अरहन्तको गति अभाव हुनसक्तैन भन्ने व्यक्तिहरूको गलत भएको एउटा धारणा बाँकीरहेको छ। त्यो धारणाको अभावलाई धेरै मानिसहरूले स्वीकार नगरेको कारणले भगवान् बुद्धले पनि स्वीकार्नु हुनेछैन भन्ने धारणा हो। तैपनि भगवान् बुद्ध धेरै मानिसहरू मध्येमा एउटा सामान्य व्यक्ति नभएको विषयतिर होशपुऱ्याउनुपर्दछ। त्यस अतिरिक्त मानिसहरूले धेरैजसो अभावलाई नरूचाउने कुरा सही भएतापनि त्यसलाई डर नमान्ने अर्थात् स्वीकारगर्न तयाररहने व्यक्तिहरू पुरानोप्रवेणीदेखि आजसम्म धेरै धेरै नै रहिरहेको विषयलाई भुल्नुहुँदैन।

अभावलाई घृणागर्ने व्यक्तिहरू अघिको समयमा भन्दा अहिलेको समयमा कम भएको हुँदा त्यसरी कम हुनुमा मरणान्तमा जरा, व्याधि, मरणरहित भएको भूमिस्थानको रूपमा निर्देशित गर्नुपर्ने अथवा पुद्‌गलसत्त्वको रूपमा अनुभव गर्नुपर्ने स्थावरसुख जस्तोमा संशयरहेर आएको कारणले हो। त्यो स्थावर भूमि निवासीहरूमा कस्तो किसिमको नामरूप रहेका छन्?



Downloaded from http://dhamma.digital

आफूहरूको अतीतजन्मलाई सम्झनसक्ने हो कि ? स्थावरभूमिम
कस्तो किसिमको कामगरेर बस्छन् होला ? स्थावरभूमि
निवासीहरूमा परिवर्तनहुने र विकासहुने छ कि ? मनुष्यलोकम
समेत घरिघरि आलश्य र उद्विग्नभएर समय बिताउन के गर्नुपल
भनी नजान्ने मनुष्यसत्त्वहरू स्थावरभूमिमा बूढो नभई मृत्युनभ
स्थावरस्थिररहनुद्वारा आनन्द र सन्तोष लाभगर्नसक्ने हो कि
इत्यादिद्वारा स्थावरभूमि स्थावरसुखसित सम्बन्धराखी प्रश्नगर्नुप
संशय गर्नुपर्ने थुप्रै ठाउँहरू छन् । त्यसोभएर कोही कोही
धर्मावलम्बीहरूले उनीहरूको लोकुत्तर लक्ष्यलाई स्थावरभूमि
स्थानसुखको रूपमा नदेखाइकन शूक्ष्म गम्भीरभएर मानिसहरूव
ज्ञानद्वारा कल्पनागर्न नभ्याइने सर्वोत्तम सर्वश्रेष्ठ सर्वसुन्दर धर्मभने
मात्र देखाउने गर्दछन् ।

वास्तवमा प्रज्ञाज्ञानद्वारा चिन्तनमननगर्ने व्यक्तिको निमित्त
स्थावरभूमि स्थावरसुख मनमोहक होइन । अभाव पनि डर मान्नुप
होइन । यो ठाउँमा जर्मन प्रज्ञाविद् स्कोपेन् हावरको कथनला
ख्यालराख्नुपर्दछ । स्कोपेन् हावरको मतअनुसार[१] मानिसहर
अभावमा डर मान्ने कारण छैन, किनभने विज्ञानअनुसार सत्त्वलोक
यो विश्व स्थापना भइसकेपछि लाखौं करोडौं समयबितिसके
मात्र प्रादुर्भाव भएर आएको हुनाले सत्वलोक प्रादुर्भाव हुनुभन्द
अगाडि मानिसहरू अनन्तकालसम्म अभावभएर आउनुपरेको हो
मानिसहरू बितिसकेको आदि प्रकट नभएको समयमा आफ
अभावलाई बिल्कुल होश नराखी घृणा नगरी भविष्यको अभावला

१ Schopenhauer, "The will to live and other essays", pp.12(
स्कोपेन हावरको चिन्तन र दूरदर्शिता बुद्धवादसित धेरै मिल्ने विषयलाई
प्रथमभाग पुस्तकमा देखाएर आइसकें । (चा.प. १०८-११२, २०८)



Downloaded from http://dhamma.digital

घृणा गरिरहनुमा आफ्नो अतीतलाई भूलेर क्षणिकरूपमा लाभ भएको भवलाई आसक्तभई समय भएको बेलामा आफ्नो पुरानो ठाउँतिर फर्कन मन नपराएको व्यक्तिजस्तो छ ।

त्यसोभएर धेरै प्रज्ञावान् परिपक्वभएका व्यक्तिहरूले भवविच्छेद हुनु (वा) अभावलाई स्वीकारगर्न तयार रहनुमा आश्चर्य मान्नुपर्दैन ।[१] एकजना प्रज्ञाविद्को मतअनुसार "धेरै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले मनुष्यभव मनुष्यलोकमा अभिप्राय उद्देश्य लक्ष्य छ भनी विश्वास गर्दछन् । भगवान् बुद्धले त्यसरी विश्वास गर्नुहुन्न । तैपनि ती प्रज्ञाविद्हरूले भगवान् बुद्धलेजस्तै नै मरणोपरान्त भवविच्छेद हुनुलाई आनन्द र सन्तोष मान्छन् अर्थात् स्वीकारगर्न तयार रहन्छन् ।" यो ठाउँमा विश्व प्रसिद्ध प्रज्ञाविद् तीनजना व्यक्तिहरूको विचार दर्शन र धारणालाई उल्लेख गर्नेछु। एकजना लेखकले जर्ज बर्नाड शा, अल्बर्ट आइन्सटाइन्, सिग्मण्ड फ्राइड्हरूलाई पुनर्जन्मको सम्बन्धमा कसरी दृष्टि राख्दछन्, मरणोपरान्त स्थावरभूमिमा जरा, व्याधि, मरणरहित भई नित्य स्थिररहन चाहनुहुन्थ्यो कि ? भनी सोधेको बेलामा बर्नाड शाले "मेरो निमित्त स्थावरनित्य स्थिररहने भवजस्तो भन्दा बढी भयावह विषय अर्कोछैन" भनी भने । आइन्सटाइनले त "स्थावरभूमि स्थावर स्थिररहनुजस्तोलाई म विश्वास गर्दिन। चाहनागर्ने छन्द पनि छैन। मेरो निमित्त यो एउटै भव नै पर्याप्त छ" भनी जवाफ दिएर सिग्मण्ड फ्रायडले पनि "यो जीवन निरोध, शान्त र विच्छेदभएर गयो भने म राम्ररी सन्तोष छु" भनी भने ।[२]

---

१. A. B. Keith, "Buddhist Philosophy", p.63.

२. Bernanrd Shaw, Albert Einsten, Sigmund Freud, G.S. Viereck, "Glimpses of the Great", pp. 17,18,32,293



Downloaded from http://dhamma.digital

बर्नाड शा, आइन्सटाइन् र फ्रायडहरू शीर्षस्थ प्रज्ञाविद्हरूको रूपमा विश्वको गौरवलाई पाइराखेका व्यक्तिहरू हुन् । उनीहरू धनसम्पत्तिले सम्पन्नहुनु, दीर्घजीविहुनु, विश्वप्रख्यातहुनु आदि भवप्रति फलदिनुजस्तो कुराहरूद्वारा विशेषतायुक्त भएका व्यक्तिहरूभएर सामान्य मानिसहरूको दृष्टिअनुसार मनुष्यभव मनुष्यलोकलाई असन्तोष मान्नुपर्ने चित्त दुखाउनुपर्ने विषय बिल्कुल नभएका हुन् । तैपनि फेरि पनि नयाँ जन्म उत्पन्न हुनुलाई उनीहरूले नरूचाउँनु दुःखधर्मलाई अत्यन्त गम्भीररूपमा जानेर देखेर भवप्रति आरक्त र आसक्तहुनुजस्तो कुरा नभएको कारणले हो । आइन्स्टाइन र फ्रायडहरू मनुष्य लोकलाई उद्विग्न र खिन्न मनभएका व्यक्तिहरूभएको विषय उनीहरूको जीवनवृत्तान्तका पुस्तकहरूमा स्पष्ट छ । बर्नाड शाको पुस्तकहरूलाई मैले पढ्न नपाएकोले उसको विचार चिन्तन मनन र सोचाइलाई नजानेता पनि ऊ पनि त्यस्तै त्यस्तै खालको हुनुपर्दछ भन्ने लाग्छ ।

यो ठाउँमा दुःखसत्य काण्डमा हामीहरूले उल्लेख गरेर आइसकेका तथ्यहरूलाई फेरि ख्यालगर्नुपर्दछ । दुःखधर्मलाई राम्ररी जानेदेखेका व्यक्तिहरूमा प्रज्ञाज्ञान् परिपक्व भइसकेका व्यक्तिहरू, सर्वसम्पन्न व्यक्तिहरू र जरा, व्याधि, मरणलाई अतिक्रमणगरी मनुष्यलोकको अपरिपूर्णता कठिनाईहरूलाई भावितागर्ने देख्ने व्यक्तिहरूभएको विषयलाई त्यो काण्डमा विस्तृतरूपमा देखाइसकेको छु । यसरी दुःखधर्मलाई जान्नेदेख्ने व्यक्तिहरू स्वभावतः तृष्णा कमभएका व्यक्तिहरू हुन् । त्यसरी विश्वप्रसिद्ध यूरोपेली प्रज्ञाविद् स्वाज्याक्ले "ममा चारैतिररहेका



Downloaded from http://dhamma.digital

मनुष्यसत्त्वहरू र सम्पूर्ण सत्त्वलोकको दु:खलाई देख्नुपरेको बेला मानसिकदु:ख रही भवप्रति आसक्तरहनेखालका कुरामा धेरैजसो मनजाने कुरारहेका हुँदैनन् ।

भवतृष्णाको विच्छेद र मरणपछि भवविच्छेद हुन्छ भनी विश्वासगर्नु भिन्नाभिन्नै कुरा हुन् । अरहन्तमा च्युति भइसकेपछि भवविच्छेद हुन्छ भनी भनेमा उच्छेददृष्टि हुनेहुन्छ भनेर धारणा–राख्ने व्यक्तिहरूले यस तथ्यप्रति ख्यालराख्नुपर्दछ । उच्छेदवादीहरू अर्को भवलाई तिरस्कारगर्ने भएकोले वर्तमानभवप्रति अन्य व्यक्तिहरूले भन्दा बढी आसक्तहुने भएमा तब त्यसप्रति आसक्त हुनजानेहुन्छ । कोही कोही उच्छेदवादीहरूले मरणपछि भवविच्छेदहुनुलाई स्वीकारगर्न तयार भएमा त्यसो हुनसक्नेछ । तैपनि त्यसरी तयाररहने कुरा भवतृष्णा विच्छेद भएकोले नभई "दाख अमिलो छ" भन्ने स्यालजस्तै भएर फेरि नयाँभव उत्पन्नहुनुलाई विश्वास नगर्नाको कारणले त्यस्तो भएको हो । वास्तवमा तिनीहरूले भवतृष्णालाई सखापपार्नसकेका छैनन् । उच्छेदवादीरहेका प्रसिद्ध वैज्ञानिक थोमस् हक्स्लेले[१] आफू जति जति वृद्ध हुँदैगयो त्यतित्यति भवप्रति बढीभन्दा बढी आसक्तहुँदै आएको छ भन्ने स्वीकारगरेको छ । सर् जर्ज फ्रायड र आइन्सटाइनहरूमा त दु:खधर्मलाई जानेर देखेर भवप्रति आसक्त–रहेका छैनन् । त्यस अतिरिक्त उनीहरूले आफूहरूको उद्विग्नभई मनखिन्नपार्ने मनुष्यलोकतिर मुख फर्काएर नराखी मनुष्यसत्वहरूको अर्थ र हितलाई विशिष्टरूपले वहनगरेर आउनुले बुद्धको पद्धतिसित निक्कै नै मेलखाने रहेको छ ।

१. Thomas Huxley quoted in corliss Lamont, "The Illusion of Immortality", p.212



Downloaded from http://dhamma.digital

यसरी थुप्रै तथ्यहरूको आधारलिएर नामरूपस्कन्ध निरोध र शान्त भइसकेको अरहन्तको अभाव हो भनी धारणा राख्नुपर्ने भएको छ। यो लेदी सयादो, दीपेयिं सयादो आदि कोही कोही बर्मेली प्रज्ञाविद्हरू र डाक्टर रीस् डेविड्स् , ओल्डेन बर्ग आदि कोही कोही पश्चिमेली प्रज्ञाविद्हरूको सिद्धान्त हो। त्यसो भएतापनि भगवान् बुद्धको नै सिद्धान्त हो भनेर भने ठोकुवागरेर भन्नसकिन्न। सहीरूपमा भन्ने हो भने अरहन्त च्युति भइसकेपछि त्यस्तो विषय छ छैन भन्ने समस्यालाई हामीले अन्वेषण परामर्शगर्नु नै भगवान् बुद्धको चाहना छन्द र बुद्धको अववादसित प्रतिपक्ष भइरहेको भन्ने हुन्छ। किनभने भगवान् बुद्धको छन्दअनुसार हामीले अतीत र अनागततिर त्यति विचार नगरी वर्तमानलाई मात्र ध्यानदिनु योग्य छ। अरहन्तको गतिसित सम्बन्धराखी चिन्तनमनन र परामर्शगर्नु र एउटा पृथग्जनपुद्गलको हिसाबले समेत अर्को भवमा आफू कसरी के हुनेछ वा हुनेछैन भनी चिन्तनगरी कल्पनागर्नु उचित नभएको विषय धेरैजसो सुत्तन्त देशनाहरू(चाप २३७-४०)द्वारा देशनागरेर आएको बुद्धवादसित प्रतिपक्ष भइरहेको विषयमा द्वन्दसंशय गरिरहनुपर्ने छैन। त्यस अतिरिक्त केही अतिप्रणीत धर्महरूको चिन्तनगर्नु परामर्शगर्ने कुराद्वारा जान्नदेख्न पाइने नभएको भगवान् बुद्धले गम्भीरतापूर्वक देशना गर्नुभएको विषयलाई पनि ख्यालराख्नुपर्दछ।

त्यसोभएर नै निर्वाण विषयलाई अन्तिम निगमनको रूपमा लेख्नुपर्ने हो भने निर्वाण क्लेशधर्म र दुःखधर्म निरवशेषरूपमा निरोध र शान्तहुनुरहेकोले नामरूपस्कन्ध निरोध र शान्तहुनुभन्दा अगाडि त्यसलाई साक्षात्कारगरी अनुभवगर्नुपर्ने



Downloaded from http://dhamma.digital

सान्दृष्टिकधर्म हुनआउँछ। अनात्मधर्म र केही सुत्तन्त देशनाहरूलाई आधारलिएर अरहन्त च्युति भएसकेपछि भवविच्छेदभएर अभाव अवस्थातिर पुग्छ भनी धारणा राख्नुपर्नेछ ; तैपनि यो सिद्धान्त भगवान् बुद्धकै सिद्धान्त हो भनी ठोकुवागरेर भन्नसकिन्न । भगवान् बुद्धले अरहन्तको गतिसित सम्बन्धराखेर केही पनि स्पष्ट र खुलस्तरूपमा देशनागर्नुभएको छैन भनी हामीले सीधासादारूपमा स्वीकार्नुपर्ने भएको छ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# खण्ड ५
## संघ

बुद्धविनयपिटक थेरवादगणबाहेक अन्य बुद्धवाद गणहरूमा पनि पाइन्छ। विनयपिटक भएका ती गणहरूमा सर्वास्तिवादगण, मूलसर्वास्तिवादगण, धर्मगुप्तिकगण, महिंसासकगण र महासांघिकगणहरू हुन्। सर्वास्तिवाद, धर्मगुप्तिक, महिंसासक र महासांघिकगणहरूका विनयपिटकहरूलाई चीनिया भाषामा भाषान्तरणगरी मूलसर्वास्तिवादगणको विनयपिटकलाई चीनिया भाषाको अतिरिक्त तिब्बतीभाषामा भाषान्तरण गरिराखिएको छ।

थेरवादीहरूको पालिविनयपिटक र माथि उल्लिखित अन्य विनयपिटकहरूलाई राम्ररी सुनिश्चितरूपमा अन्वेषणगरेर आएका प्रज्ञाविद्हरूको[१] मतअनुसार ती विनयपिटकहरू एकअर्कोसित धेरै फरकभएको पाइन्न। त्यसरी समावेशभएका विषयवस्तुहरू विनयशिक्षापदहरू र निदानवस्तुहरू धेरैजसो एकसमान छन्। यसोभएर पुराना भारतीय बुद्धवादीहरूले गणविभाजन हुनुभन्दा अगाडि एउटै विनयपिटकलाई कण्ठस्थगरी धारणगरेर आएको देखिन्छ, तैपनि त्यस विनयपिटक प्रथम संगायनामा रहनुहुने भिक्षुहरूले जानेका र थाहापाएका विनयपिटकसित के कति समान छ भनी खुलस्तरूपमा भन्नसकिन्न।

जेभएपनि भिक्षुसंघ बुद्धवाद सर्वप्रथम प्रादुर्भावभएको समयदेखि बुद्धको परिनिर्वाण भइसकेपछि विनयपिटक

१ E. Frauwallner, "The Earliest vinaya and the Beginning of Buddhist Literature", Rome 1956.



Downloaded from http://dhamma.digital

प्रादुर्भावभएको समयसम्ममा परिस्थिति परिवर्तनभएर आइसकेको हुँदा ती परिवर्तनहरू पालिविनयपिटकमा स्पष्ट भएको छ। ती परिवर्तनहरू र पुराना भारतीय बुद्ध, संघविषय तथा अन्य जान्नसम्झन योग्य विषयहरूलाई नातिसंक्षिप्त नातिविस्तृतरूपमा उल्लेख गर्नेछु।

## (क) भिक्षुसंघको सुरुवात

इशापूर्व छैठौं शताब्दीयुगका भारतको उत्तरी भागमा रहेको परिस्थितिलाई जान्नचाहेमा बुद्धवादी र जैनवादीहरूको साहित्यलाई अध्ययन गर्नुपर्दछ। ती साहित्यहरू इशापूर्व छैठौं शताब्दीको युग बितिसकेर पनि केही समय बितिसक्दामात्र प्रादुर्भावभएर आएका भएतापनि इशापूर्व छैठौं शताब्दीको युगको भारतको परिस्थितिलाई निक्कै सहीरूपमा उल्लेख गरिएको छ भनी वर्तमान समयका प्रज्ञाविद्हरू धारणा राख्दछन्। ती साहित्यहरूको अनुसार त्यस युगको भारतको एउटा विशेषता गंगानदीको मध्यभाग मध्यम देशमा विभिन्न प्रकारका धार्मिकगणहरू रहेकाले वाद र सिद्धान्त विभेदभएका विभिन्न धार्मिकपुद्गलहरू रहिरहेका हुन्।

ती धार्मिक पुद्गलहरू गणवाद सिद्धान्तलाई पछ्याएर परिब्राजक, भिक्षु, यति, सन्यासी आदि भन्ने नाम चलेर जैनसाहित्यमा र बौद्धसाहित्यहरूमा उनीहरूका नाउँहरूलाई व्यापकरूपमा र पूर्णरूपमा उल्लेख गरिराखेको छ। अंगुत्तर निकायमा आजीवक, निर्ग्रण्ठ, जटिल, मागण्डिक आदि भनी दशवटा गणका नाउँहरू देखाएर मिलिन्द-प्रश्नमा १९ वटा



Downloaded from http://dhamma.digital

गणका नामहरू देखाईराखेको छ। यो ठाउँमा अहिले ती अलग्ग अलग्ग गणहरूको वाद र सिद्धान्तहरूलाई हामीले उल्लेखगर्न सकिन्न। ती धार्मिकगणहरू पुराना बुद्धवादी र जैनवादीहरूसरह आ–आफ्ना वादहरूलाई कण्ठस्थगरी धारणगरेर राख्दा पनि धेरै गणहरू पछिल्लो समयमा लोपभएर गएको बेला सम्बन्धित वादहरू पनि बिलाएर गएका थिए। जैनसाहित्य र बौद्धसाहित्यहरूमा पूरणकस्सप, मक्खलिगोसाल आदि थोरैमात्र धार्मिकगणहरूका वादहरूलाई उल्लेख गरिराखिएको छ। तैपनि तिनीहरू नचाहने व्यक्तिहरूको रूपमा उल्लिखित विषयहरू भएकोले ती कुरा कति हदसम्म सही, सम्पन्न र ठोसपूर्ण छ भनेर निश्चिंतरूपमा जान्न पाइएको छैन।

ती सम्पूर्ण धार्मिकगणहरूको एकसमानभएको तथ्य त सम्पूर्ण गणिकहरू घरगृहस्थी नबसाई भिक्षाटन गरेर खानेगरी घरखेत नहुँदा एक ठाउँबाट अर्को ठाउँमा घुमक्करभई भ्रमण–गरेर बस्ने भएका हुन्। तिनीहरू एउटा गणसित अर्को गणसँग सम्बन्धरहेको भई यात्रागर्दै पाटीपौवाहरूमा र धर्मशालाहरूमा भेटघाट गर्नेगर्दछन्। एउटा गणको विनयशिक्षापदलाई अर्कोगणले ग्रहणगरी दुईवटा गणको सम्मिश्रण हुनुबाट नयाँ गणहरू प्रादुर्भावभएर आउने हुन्छ। कोही कोही प्रज्ञाविद्हरूको मतानुसार जैनहरूले अचेलक र आजीवकहरूकहाँबाट धर्मलाई ग्रहणगरेर, बुद्धवादभित्र पनि अन्य गणहरूबाट मिसिएर आएका धर्महरू हुनसक्ने सम्भावना छ। एउटा गणबाट अर्को गणमा सरेर पनि आउनेहरू छन्। उदाहरणको रूपमा जटिलहरू बुद्धवादी नभएर पनि सञ्जय परिब्राजकका शिष्य सारिपुत्र र मौद्गल्यायनहरू



Downloaded from http://dhamma.digital

बुद्धवादतिर सरेर आएकाथिए। देवदत्तले बुद्धसँग प्रतिस्पर्धागरी शासन स्थापनागरेर महावीरले मक्खलिगोसालको गणबाट छुटेर आई पछि जैन धर्मको स्थापना गरे।

धेरैजसो ती धार्मिक गणहरू बुद्धप्रादुर्भाव हुनुभन्दा अगाडि अतीतप्रवेणीदेखि विद्यमानरहेका गणहरू भएकोले तीर्थंकर, परिब्राजक, श्रमण, ब्राह्मण आदि पुद्गलहरूको विषय जातकनिपातहरूमा भेटिन्छ। लोकप्रति उद्विग्नभएर गृहस्थाश्रमलाई परित्यागगरी, निष्क्रमणगरी श्रमण भएका अतीतका व्यक्तिहरूको विषय ५५० जातक कथावस्तुहरूमा पढ्न पाइन्छ। लोमहंस जातक, उद्दालक जातक, महाबोधि जातक आदिमा तीर्थंकरहरूका विभिन्न आचरणको विषय उल्लेख गरिएको छ।

ती धार्मिक पुद्गलहरूमध्ये सबभन्दा प्रकट भएकोमा श्रमणहरू हुन्। श्रमणहरूले अतीत प्रवेणीदेखि भारतीय धार्मिकक्षेत्रमा प्रकटभएर आएका ब्राह्मणहरूसरह मानिसहरूको पूजालाई ग्रहणगर्दछन्। श्रमणब्राह्मणहरूका वादहरूलाई बुद्धवादीहरूको साहित्य नमूना (ब्रह्मजाल सुत्त) र जैनवादीहरूको साहित्यमा विशेषरूपले उल्लेखगरी विवेचना गरिराखिएका छन्। दीघनिकाय कस्सप सीहनादसुत्तमा श्रमणहरूको वादलाई शीलवाद, प्रज्ञावाद, विमुक्तिवाद आदि भनी देखाईराखेको छ। वौद्धसाहित्यमाजस्तै जैनसाहित्यमा पनि श्रमणब्राह्मणहरूलाई दानगर्नु कुशलकर्म हो भनी आएको छ। तिनीहरू मानिसहरूको पूजालाई ग्रहणगर्न योग्य दानप्रतिग्राहक पुद्गलहरू हुन् भनी अशोकको शिलापत्रहरूमा कोरिएको छ। श्रमणब्राह्मणहरूले राजाको हुकुमबमोजिम मनाइने धर्मसभामा गई धर्मउपदेश



Downloaded from http://dhamma.digital

गर्नुपर्दछ। सामञ्ञफल सुत्तको मतअनुसार हामीहरूले समेत श्रमणभावमा पुग्ने बेला राजाको पूजालाई ग्रहण गर्नुपर्दछ। मज्झिमनिकाय मधुरसुत्तमा मधुर अधिपति अवन्तिपुत्र राजाले आफूले शूद्र (सबभन्दा तल्लो दु:खी प्राणी) श्रमणलाई क्षेत्रिय जाति श्रमणसँग एउटै श्रेणीमा राखी दानपूजागर्ने भन्ने विषय आयुष्मान् महाकात्यायनसमक्ष निवेदन गरियो भनिन्छ। जाति विभाजनलाई बुद्धवादी श्रमणहरूमा मात्र नदेखिएका होइनन्; यो कुरा जैनवादी आदि अन्य धर्मवादी श्रमणहरूमा पनि देखापर्दैनन्। वास्तवमा भगवान् बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि नै शूद्रजाति पहिले चण्डालजातिहरू श्रमण भएको विषय जातक(नमूना मातङ्ग जातक)हरूमा स्पष्ट देखिन्छ।

उपर्युक्त तथ्यहरू पुराना भारतीय बुद्धवादी र जैनवादीहरूको साहित्यबाट हामीले जान्नपाइएको इशापूर्व छैठौं शताब्दीयुगका श्रमण, ब्राह्मण, परिब्राजक आदि धार्मिक पुद्गलहरूसित सम्बन्धित तथ्यहरू हुन्। तिनीहरू बुद्धप्रादुर्भाव हुनुभन्दा अगाडि अतीतप्रवेणीदेखि भारतमा विद्यमानरहेका हुन्। वर्तमानयुगमा भारतमा रहेका साधुहरू पुराना श्रमण परिब्राजक आदिको वंशज हुन्। वास्तवमा भारतदेखि बाहेक अन्य राष्ट्रहरूमा अतीतसमयमा र वर्तमानसमयमा पनि श्रमण परिब्राजकहरूसित एकसमानभएका धार्मिक संगठनहरू छैनन्। त्यसोभएर इशापूर्व तेश्रो शताब्दीयुगमा भारततिर ग्रिक सम्राट् अलेकजेण्डरसँगसँगै आएका ग्रिकहरू र वर्तमान भारतमा आएका भारतीय धार्मिक संगठनहरूलाई अध्ययनगर्ने विदेशीहरूले श्रमणपरिब्राजकहरूलाई देखेर आश्चर्य मान्नेगर्दछन्। यो ठाउँमा म्यान्मार थाइलैण्ड आदि



Downloaded from http://dhamma.digital

थेरवाद बौद्ध राष्ट्रहरूमा पुरातन अवस्थादेखि अहिलेसम्म विद्यमान– रहेका बुद्धवादी भिक्षु श्रमणहरू जो छन्, तिनीहरू श्रमण नै होइनन् र ? भन्ने कुरा उठाउँदा भगवान् बुद्धले पछिल्लो समयमा भिक्षुहरूलाई एउटै ठाउँमा स्थिररूपमा बसोबासगर्न अनुमति दिनुभएको कुरा सही हो। तैपनि, मूलरूपमा प्रथम बुद्धवाद भर्खर भर्खर प्रादुर्भावभएको बेलामा बौद्ध भिक्षुहरू एउटै ठाउँमा सधैं नरही अन्य श्रमण परिब्राजकहरूजस्तै एक ठाउँबाट अर्को ठाउँमा भ्रमणगर्दै रहने बानि भएकाले वर्तमानयुगका बुद्धवादी भिक्षुहरूले ती मूलरूपमा रहेका प्रथम बुद्धवादी भिक्षु श्रमणहरूसित र एक ठाउँबाट अर्को ठाउँमा घुमफिरगर्ने आजकालका हिन्दूसाधुहरूसित जम्मै एकैनाश नभएको विषयलाई ख्यालगर्नुपर्दछ।

यसरी भारतीय धार्मिक इतिहासमा प्रख्यातभएर आएको श्रमण वा श्रमणवाद भारत राष्ट्रभित्र आर्यहरूसँगसँगै प्रवेशगरेर आएको बाह्यवाद हुनसक्दैन। कारण, धेरै पुरानो वेदग्रन्थहरू श्रमण र श्रमणवादको चर्या आचरणहरूलाई बिल्कुल उल्लेख नगरी मौनरहेका छन्। आर्य जातिको वंशजहरू भारत राष्ट्रभित्र नभई पश्चिमी राष्ट्रतिर पनि फैली वृद्धि हुँदै गएकोले आर्य वंशजहरूका पुराना साहित्यहरूमा भारतीय ब्राह्मणवादखालको वादहरूलाई भेट्टाएतापनि श्रमणवादको छाँया, शुरुवात सम्ममा पनि भेटिँदैन। पुरानो ब्रिटिश राष्ट्रमा भएको डरुस्,[१] आयरलैण्डको ब्रीहोन्,[२] पर्शियाको मगी[३] आदि धार्मिक गणिकहरू भारत राष्ट्रका ब्राम्हणहरूसित धेरै समानछन् भनिन्छ। तैपनि, आर्य जातिहरूको बसोबासभएका राष्ट्रहरूमा श्रमणवाद जस्तैखालका वादहरूसमेत भेटिँदैनन्।

---

१. Drurus  २. Brehons  ३. Magi



Downloaded from http://dhamma.digital

त्यसरी श्रमणवाद बाहिरबाट प्रवेशगरेर आएको वाद होइन भने भारतराष्ट्रको भूमिमा कसरी शुरुभई कसरी प्रादुर्भाव भएर आयो त ? डा. रीस् डेविड्सले त मनुष्य पुद्गल विशेष गरेर क्षेत्रीयहरूको धार्मिक विचारधारा चलमलाउनु र परिवर्तनहुनुबाट शुरुभएर प्रादुर्भावभएर आएको हो भनी धारणा राख्दछ। तैपनि, हामीहरूले श्रमणपरिब्राजकहरू विशेष जनप्रिय रहेको इशापूर्व छैठौं शताब्दीभन्दा अगाडिको भारतीय धार्मिकक्षेत्रमा चलमलाउने प्रक्रिया र परिवर्तन प्रक्रियालाई सम्पूर्णरूपमा जान्नपाएको छैन। भगवान् बुद्ध र महावीरहरू क्षेत्रीय जातिको भई जातकहरूमा क्षेत्रीय जातिका राजा, मन्त्री, सेनापतिहरू गृहत्यागगरी श्रमणबनेर गएका विषय साधकहरू समावेश भइ–रहेको सही हो। तैपनि, धेरै क्षेत्रीय जातिहरू श्रमणहुनु एउटैलाई मात्र आधारबनाएर क्षेत्रीय जातिको कारणले श्रमणवाद प्रादुर्भावभएर आएको हो भनी भन्नसकिन्न। जर्मन प्रज्ञाविद् पौल दुसन्[१]ले उपनिषद् ग्रन्थमा आएको ताप न्यास आदि वादहरूलाई कारणबनाएर श्रमणवाद प्रादुर्भावभएर आएको हो भन्छ। तैपनि त्यो ताप न्यास आदि वादहरूलाई तिरस्कारगर्ने श्रमणगणहरू थुप्रै भएकोले अलग्ग अलग्ग श्रमणगणले स्वीकार्ने वादहरू पनि विभिन्न प्रकारका भएकाले यस विषयमा पौल दुसेनको धारणा युक्तिसंगत छैन।

म्याक्स् मूलर,[२] कर्ण,[३] ज्याकोबी[४] आदि प्रज्ञाविद्हरूले भने श्रमणवादको मूल सुरुवातहुने ब्राह्मणहरू हुन् भनी धारणा राख्दछन्। भगवान् बुद्ध र जैनश्रमणहरूको ब्राह्मणहरूसित

१. Paul Deussen
२. Max Mueller
३. Kern
४. Jacobi



Downloaded from http://dhamma.digital

सम्पर्कभएकोले केही केही विनयशिक्षापदहरू आचरणविधि र आचरणपद्धतिहरू समानभएको कुरा सही हो। तैपनि, कुन कुन शिक्षापद र आचरणविधिहरू अरूबाट सारेर लिएका विषयहरू हुन्, सारेर लिएका व्यक्तिहरू बौद्धभिक्षुहरू हुन् अथवा ब्राह्मण भिक्षुहरू हुन् भनेर हामीहरूले निश्चितरूपमा भन्नसकिन्न। श्रमणभिक्षुहरू अतीतप्रवेणीदेखि शुरुगरेर भारतराष्ट्रमा रहिरहेका हुनाले रीतिरिवाज र आचरणविधिहरू सबै गणसित सम्बन्धभएको रीतिरिवाज र आचरणविधिहरू हुनुपर्दछ। बौद्धसंघ र ब्राह्मणसंघको पछिमात्र प्रादुर्भावभएर आएको संघ भएको पनि सही हो। तैपनि, ब्राह्मण संन्यासी, भिक्षु र जैनश्रमणहरू जम्मै पुराना श्रमणहरूबाट अवतरणभएर आएको भए यो कुरा हुनसक्नेछ। जैन र बौद्धभिक्षुहरू ब्राह्मणभिक्षुहरूभन्दा पछि प्रादुर्भावभएको भनी उद्धृतभएर ब्राह्मणभिक्षुहरूको कारणले तिनीहरू प्रादुर्भावभएर आएका हुन् भनी भन्नसकिन्न।

वास्तवमा ब्राह्मणहरूको वाद श्रमणहरूको वादसँग प्रतिपक्ष छ। ब्राह्मणहरूमा जातिवाद छ र श्रमणलोकमा जातिवाद छैन। गरीबजाति भएका दासजातिसमेतले श्रमणभावको आकांक्षा राख्नसकिन्छ। श्रमणले विवाहगरी घरगृहस्थी बसाल्ने कामलाई परित्यागगर्दछ। ब्राह्मणहरूले भने घरगृहस्थी बसाल्नुलाई दोष देख्दैन। सही हो कि जातकनिपातहरूमा ब्राह्मणहरू पनि गृहत्यागगरी भिक्षु भएको विषय आएको छ। तर यसरी भिक्षु बन्ने रीति ब्राह्मणलोकभित्र पछिल्लो समयमा मात्र प्रवेशगरेर आएको रीति हो। यो तथ्य उपनिषद् ग्रन्थमा आएको आश्रमवाद द्वारा[१] स्पष्ट हुन्छ। त्यस वादको मतअनुसार ब्राह्मण कुलपुत्रले

[१] Asrama



Downloaded from http://dhamma.digital

पहिलो अवस्थामा प्रज्ञासंकलन गर्नुपर्नेछ। दोश्रो अवस्थामा घर गृहस्थी बसालेर धनसम्पत्ति खोजी संग्रह गर्नुपर्नेछ। तेश्रो अवस्थामा धनसम्पत्तिलाई स्वास्नी छोराछोरीहरूलाई हस्तान्तरणगरेर गृहत्याग गर्नुपर्नेछ। चौथो अवस्थामा आफूसँगै रहिआएकी स्वास्नीलाईसमेत त्यागेर एक्लै ध्यानउद्योगमा लाग्नुपर्नेछ भनी भनिन्छ। पुराना उपनिषद् ग्रन्थहरूमा चौथो उमेरको अवस्थामा भिक्षु बन्नुपर्ने कुरालाई नदेखाई पहिलो तीन प्रकारको उमेरको अवस्थालाई मात्र देखाईराखेको छ। चारैप्रकारको उमेरको अवस्थालाई पछिल्लो समयमा प्रादुर्भावभएको उपनिषद् ग्रन्थहरूमा मात्र उल्लेख गरिराखेका छन्। पुराना उपनिषद् ग्रन्थहरूमा मात्र घरगृहस्थी बसाई धनसम्पत्ति खोजिनीतिगर्ने दोश्रो उमेरको अवस्थालाई प्राथमिकता दिएर उल्लेख गरिराखेको छ।[१]

त्यसो भएको हुँदा त्यस्ता श्रमणब्राह्मणहरू श्रद्धाराखी गौरब गर्नुपर्ने व्यक्ति होइनन्। एकसमय भगवान् बुद्ध श्रावस्ती नगरमा भिक्षाचरण गरिरहनु हुँदा अग्गिक भारद्वाज ब्राह्मणले भगवान् बुद्ध आइरहनु भएको टाढैबाट देखेर बुद्धलाई "हे मुण्डक, त्यही ठाउँमा नै उभिरह, हे श्रमणक, त्यहीं ठाउँमा नै उभिरह" भने। (सुत्तनिपात उरगवग्ग वसलसुत्त)। यसरी ब्राह्मणहरू द्वारा मुण्डक भनी सम्बोधन गरेकोलाई भोग्नुपरेर लाञ्छना र घृणागरेको भोग्नुपर्ने श्रमणहरूमध्येमा बुद्धवादी भिक्षुहरूमात्र नभई ब्राह्मण भिक्षुहरूपनि समावेशभएको विषय एउटा ब्राह्मण ग्रन्थ[२]लाई आधारलिएर थाहापाइन्छ। यसो हुनु अचम्मलाग्दो छैन। कारण भिक्षुबन्ने एउटा व्यक्तिले ब्राह्मणहरूको परम्परा अनुसार

१. S. Dutt, "Early Buddhist Monachism", p.57-60

२. S. Dutt, op. cit, p.49



Downloaded from http://dhamma.digital

एकदम मानिराखेको वा श्रेष्ठताको संकेत लक्षणहरूभएका वेद ग्रन्थहरूलाई अध्ययनगर्ने, अग्निपूजागर्ने आदि मंगल कार्यहरूगर्नु शिरमाथि टुपी राख्नु आदि विधिहरूलाई तिरस्कार गर्नुपर्ने हुन्छ।

बौद्धसाहित्य र जैनसाहित्यहरूमा श्रमणब्राह्मण भन्ने शब्द धेरै देखापर्दछ। ती शब्दहरू श्रमण र ब्राह्मणहरू एउटै श्रेणीका हुन् भन्ने विषयलाई देखाउन व्यवहृत हुने शब्द भएभैं भानहुन्छ। ब्राह्मणहरू भारतीय धार्मिकक्षेत्रमा अतीतप्रवेणीदेखि शुरुगरेर, ख्यातिप्राप्तगरेर आएका व्यक्तिहरू भएकोले बौद्धपिटक साहित्यमा मानिसहरू उच्चजातिको हुनु वेद ग्रन्थ अध्ययनगर्नु आदिको कारणले नभई आचरण शीलपरिशुद्धहुनुको कारणले नै ब्राह्मण हुनसक्ने विषय देखाइरहेको छ। श्रमण र ब्राह्मणहरूका बीच एकता र मेलमिलाप छैन। इशापूर्व चौथो शताब्दीयुगको भारतराष्ट्रको विषयलाई लेखिराखेको ग्रीकहरूको संस्मरणमा श्रमणब्राह्मणहरू प्रतिस्पर्धी भइरहेको प्रक्रियालाई उल्लेख गरिराखिएको छ।[१]

ईशापूर्व दोश्रो शताब्दीतिरको एउटा ब्राह्मणग्रन्थमा पनि तिनीहरू सधैंभरी शत्रुहरू हुन् भनि आएको छ। यो ठाउँमा श्रमण बुद्धवादी भिक्षुहरूलाई मात्र यसरी भन्नचाहेको नभई ब्राह्मण परिब्राजक अथवा संन्यासी(ब्राह्मण भिक्षु)लाई पनि भन्नचाहेको हुनसक्ने विषयलाई ख्यालगर्नुपर्दछ।

यसरी जातिवादी वेदग्रन्थ र ब्राह्मणहरूको आणाप्रभावलाई हटाएर ब्राह्मणहरूसँग खुलस्तरूपमा विभेदभएका श्रमणहरू

---

१ Ibid, p.51



Downloaded from http://dhamma.digital

भारत राष्ट्रमा सर्वोच्च मनुष्यश्रेणीसित एकसमानको स्तरमा आइपुग्नु वास्तवमा आर्यजातिको सभ्यता फैलेर आउनुको कारणले हो। भारत राष्ट्रमा आइपुगेको आर्यसभ्यता आर्यजाति सँगसँगै गंगानदीको तीरैतीर पश्चिमबाट पूर्वतिर विस्तार र व्यापकभएर आए बमोजिम त्यसरी आर्यसभ्यता विस्तार र व्यापकभएको वेग गंगानदी र यमुनानदीको संगमभएको देश र प्रदेशमा केही केही रोकिन गयो। त्यस देश प्रदेशमा वज्जी, मल्ल, लिच्छवी, विदेह, कोशल, काशी, शाक्य, मगध, आदि जातिसमूहहरू बसोबास गर्दछन्। मगध र कोशलहरू राजा– द्वारा राज्य गरेका ठूला राष्ट्रहरू भई शाक्य, वज्जी, लिच्छवी आदिहरू स्वतन्त्रतालाई चाहनागर्ने रिपब्लिकन्(गणतन्त्रात्मक) साना राष्ट्रहरू हुन्। आर्य सभ्यतालाई नेतृत्वगर्ने ब्राह्मणहरू असाध्यै अभिमानीभई स्वतन्त्रतालाई चाहनाराख्ने क्षेत्रीयहरूले अधिकार जमाईराखेको त्यो गंगानदीको मध्यभाग मध्यमदेश राष्ट्रहरूमा प्रभावशक्ति वृद्धिगरेर आउनु सजिलो छैन। त्यसो भएंतापनि वर्तमानयुगमा पश्चिमी राष्ट्रमा सरकारहरूप्रति आन्दोलनगरी स्वतन्त्रतालाई हस्तगत गरिसकेपछि पश्चिमेली नागरिकहरूसँग प्रतिस्पर्धा गरिरहेका पूर्वीय राष्ट्रहरूभित्र पश्चिमी राष्ट्रको सभ्यता चालै नपाउने गरी घुसेर आइरहेजस्तै आर्यसभ्यता मध्यमदेश राष्ट्रहरूभित्र छिरेर घुस्दै आइराखेका थिए।

आर्यसभ्यतालाई स्याहारसम्भारगरी हुर्क्याएर संरक्षण संवर्द्धनगरेर आएका व्यक्तिहरू त ब्राह्मणहरू हुन्। ब्राह्मणहरूलाई कारणबनाएर गंगानदीको माथिल्लो भागमा धार्मिक चिन्तन मननको क्षेत्र विस्तृतभएर आएको हो। वेद, उपनिषद्धर्मलाई



Downloaded from http://dhamma.digital

परम्परागतरूपमा सिकाउने अध्यापनगर्ने आचार्य उपाध्यायगुरुहरू निस्केर आए। जातकहरूमा आएका तक्षशिला आदि शिल्पविद्या अध्ययनगर्ने ठाउँहरू पनि प्रादुर्भावभएर आए। ब्राह्मणहरूले प्रभावपार्न नसकिएतापनि आर्यसभ्यता भरखर भरखर प्रवेशगर्न लागिरहेको मध्यमदेशमा भने त्यसरी विद्यासिकाउने अध्यापन– गराउने तक्षशिलाविद्याहरू वेद उपनिषद् जस्ता आचार्य परम्पराद्वारा सिकाई अध्यापनगराई आएका उपदेश धर्महरू अझसम्म रहिरहेकोले ब्राह्मणहरूसँग एकैनाशभएका प्रज्ञाविद्हरू अथवा श्रमण मनुष्यश्रेणीहरू प्रादुर्भावभएर आए।

त्यसोभएर श्रमणहरू ब्राह्मणहरूजस्तै सत्यधर्मलाई अन्वेषण गरिरहेका व्यक्ति हुन्। ब्राह्मणहरूको राष्ट्रमा जस्तै उनीहरूको देशप्रदेशमा विद्या सिकाउने ठाउँ नभएर उनीले एक ठाउँबाट अर्को ठाउँमा घुमफिरगरी धर्मलाई खोजीनीतिगरेर सहकार्य गर्नेगर्दछ। त्यसरी स्वतन्त्ररूपमा खोजीनीति गर्नसक्नाखातिर घरगृहस्थी बसाल्नुलाई परित्याग गर्नुपर्दछ। ब्राह्मणहरूको दाँजोमा धर्म गवेषणगर्ने क्षेत्रमा परिपक्वताभएका व्यक्तिहरू नभएकोले उनीहरूभित्र विभिन्न प्रकारका सिद्धान्त र वादहरू रहेकाछन्। तैपनि, श्रमणहरू मध्यमदेशमा प्रज्ञाविद् मनुष्यश्रेणीका भएर ब्राह्मणहरूले जस्तै मानिसहरूको आदरगौरव दानप्रदानलाई उपभोग गर्नपाएका हुन्छन्।

यसरी श्रमण मनुष्यश्रेणी, आर्यसभ्यता व्यापक र वृद्धिभएर आएकोलाई कारणबनाई मध्यमदेशमा त्यसरी प्रादुर्भावभएर आयो। मनुष्यहरूको गौरव र क्षेत्रीयजाति राजामन्त्री भारदार हरूको संग्रहको कारणले ब्राह्मणहरूसँगै एउटै श्रेणीभएर रहन



Downloaded from http://dhamma.digital

आयो। परिस्थितिलाई हेरेर मर्मत र परिवर्तन गर्नजान्ने ब्राह्मणहरूले श्रमणबन्नुलाई प्रशंसागरी चौथो उमेरको अवस्थामा श्रमण बन्नुपर्छ भनी उनीहरूको धार्मिक ग्रन्थहरूमा देखाएर आए। श्रमणब्राह्मणहरूको आधिपत्यरहेको विद्या अध्ययनगर्ने स्थानहरूभएको गंगानदीको माथिल्लो भागमा ख्याति नभएतापनि मध्यभागको देशमा ख्यातिप्राप्त भई मानिसहरूको श्रद्धा र गौरवलाई उपभोग गर्नपाएको छ।[1]

ती श्रमणहरूमध्ये भिक्षुहरू बुद्धवादलाई स्वीकारगरी विश्वासराख्ने श्रमणहरू हुन्। मूलरूपमा प्रथम रहेका बुद्धवादी भिक्षुहरू एकत्रितरूपमा बसोबास नगरिकन एक्लै हिँड्डुलगरेर धर्माचरण गरिरहने व्यक्तिहरू हुन्। यो तथ्य पिटक वाङ्मय–द्वारा स्पष्टरहेको छ।

भगवान् बुद्धले आफू बुद्धत्वमा पुगिसकेपछि भिक्षुहरूलाई चारिकागर्दै धर्मउपदेशगर्न भनी पठाउनुहुँदा एउटै मार्गमा दुईजना नजान आज्ञाभएको थियो। (महावग्ग महाखन्धक) पिटक इतिहासमा सबभन्दा पुरानो सुत्तनिपात पालीमा एक्लै हिँड्डुलगरी आचरणगर्नुलाई प्रशंसागर्ने कथनहरू अन्य पालिहरूमा भन्दा बढी प्रष्टरहेको छ। उरगवग्ग खग्गविसाण सुत्तमा भिक्षुले साथीभाईलाई त्यागगरेर मनुष्य आदि शून्य भएको ठाउँमा गैंडाजस्तै एक्लै आचरणगर्नुपर्ने विषयलाई ४१-वटा गाथापदहरूद्वारा जोरदार उल्लेख गरिराखिएको छ। सुत्तनिपात पछि मात्र देखा परेका पालिहरूमा पनि त्यही विधिअनुसार देशना गरिराखेका देशनाहरू थुप्रैछन्।

---

[1] S. Dutt, op. cit, p.p. 54, 56.



Downloaded from http://dhamma.digital

"भिक्षुहरू हो, अरण्यमा बसोबास गर, वनजंगलभित्र रहेका भनिएका मानिसहरूसित नजिक नपरेको आराममा बसोबास गर।" (अंगुत्तर निकाय पञ्चकनिपात अन्धकविन्द सुत्त) "आनन्द, भिक्षुको लागि वास्तवमा साथीभाइप्रति रमाउनु, गणमा रमाउनु आदि शोभनीय हुँदैन ।" (मज्झिमनिकाय महासुञ्ञत सुत्त) "मानिसहरूसँग र भिक्षुहरूसँग अर्थात् दुबै व्यक्तिहरूसँग नमिसिएको तृष्णा रहितहुने कारण आचरणभएको रही अल्पेच्छुभएको त्यस पुद्गललाई ब्राह्मण हो भनी म तथागत उपदेश गर्छु।" (धम्मपद ४०४) "एक्लै आचरणगर्नु उत्तम छ, मूर्खसित साथीभाइको भावहुँदैन। हस्तिराज जंगलमा एक्लै व्यापाररहित भई विचरण गरेजस्तै एक्लै निर्व्यापारभई आचरण गर्नुपर्दछ।" (धम्मपद-३३०)

प्रथममूलका बुद्धवादी भिक्षुहरू एक्लै बसोबासगरी आचरण गर्नुपर्ने भएकोले उपभोगको लागि जेजति प्राप्त हुन्छ त्यतिमा नै सन्तोष मान्ने आशा छन्द कम भएका हुन्छन्। यो तथ्य भगवान् बुद्धले प्रज्ञप्त गर्नुभएको चार निश्रयद्वारा स्पष्ट हुन्छ । भिक्षुले भिक्षाटनगरेर खानुपर्दछ । पांशुकूल चीवर लगाउनुपर्दछ । रूखमुनि बसेर गोमूत्रलाई औषधिको रूपमा सेवन गर्नुपर्दछ। यी चार निश्रय भिक्षुहरूद्वारा अधिकरूपमा आधार लिनुपर्ने विषय हुन्। भिक्षुले आफूमा शिक्षापद रहिरहेसम्म चार निश्रयद्वारा स्थिररहनसक्नेगरि उद्योग गर्नुपर्दछ।" ती चार वटा निश्रयहरूलाई उपसम्पदागर्दा पाठगर्न कर्मवाचामा समावेश गरिराखिएको छ । अर्थात् उपसम्पन्न हुने भिक्षुलाई ती चार निश्रय भनिराख्नुपर्दछ।



Downloaded from http://dhamma.digital

यसरी एक्लै हिँड्डुल र बसोबासगर्ने आचरण बुद्धवादी भिक्षुहरूको मात्र भएको होइन अपितु अन्यवादी भिक्षु श्रमणहरूको आचरण पनि हो। उपनिषद् ग्रन्थहरूको मतअनुसार यति अथवा संन्यासी नामक ब्राह्मण भिक्षु भूमिफाँट्मा अथवा नदीको बालुवा फाँट्मा बस्नुपर्दछ। मनुष्य आदि नभएको घर अथवा मन्दिर वृक्षमूल गुफा रूखको खोंच आदिहरूमा बस्नुपर्दछ। "भिक्षुहरू हो, बुद्धशासनबाट बाहिरका तीर्थंकर परिब्राजकहरू वन वृक्षमूल परालको राश शम्शान आदि खुल्ला ठाउँहरूलाई बसोबासगर्ने ठाउँको रूपमा प्रज्ञप्त गर्दछन्।" (अंगुत्तरनिकाय तिकनिपात पथमविवेक सुत्त)

क्राइष्टको प्रादुर्भाव हुनुभन्दा अगाडि भारतमा आइपुगेका ग्रीकहरूले उनीहरूको दैनिकचर्या संस्मरणमा बुद्धवादी भिक्षुहरूको विषयलाई लिएर लेखिराखेकोहुँदा ती लेखाइहरूमा भिक्षुहरू बसोबासगर्ने विहार आश्रमहरूको विषयलाई उल्लेखगरिराखेको छैन। राजा चन्द्रगुप्तको पालामा मौर्यराष्ट्रमा पुगेको राजदूतको संस्मरणलाई आधारलिएर लेखिराखेको भानरहेको क्लेमेन्स अलेक् जेण्ड्रा[१] नाउँ भएको ग्रीक लेखकले भने बुद्धवादी भिक्षुहरूले बुद्धको अभिधर्मलाई अनुशरणगरी आचरणगरेर बुद्धको अस्थिलाई स्थापना गरिराखेको पिरामिड[२] जस्तो खालको एउटा घरलाई पूजागर्ने चलन छ भनी भनिएको छ। यो ठाउँमा विहारको उल्लेख नगरी चैत्यहरूलाई उद्देश्य राखेकोजस्तो देखिन्छ। उनीभन्दा अगाडिको क्लेतार्ची[३] नाउँ भएको ग्रीकले भने बुद्धवादी भिक्षुहरूले ब्राह्मणहरूसँग प्रतिपक्षिभई लौकिक विद्याहरूलाई

---

[१] Clemens Alexandra    [२] Pyramid    [३] Kleitarches



Downloaded from http://dhamma.digital

अध्ययनगर्ने ब्राह्मणहरूलाई उपहास गर्दछन् भनेका छन्। उसले पनि बुद्धवादी भिक्षुहरू बसोबासगर्ने ठाउँहरूको विषयमा केही पनि लेखेर गएनन्। यी ग्रीकहरूका संस्मरणहरूअनुसार भारत राष्ट्रमा अलेकजेन्डर राजा प्रवेश गरेर इशापूर्व चौथो शताब्दीपछि पनि बुद्धवादी भिक्षुहरूका विहारहरू विदेशीहरूको मन आकर्षणहुने खालका त्यति छैनन्। यसले यसतर्फ विशेषता नरहेको विषय स्पष्ट छ।

बौद्धसाहित्यमा उल्लेख भएका विहारहरू मूलरूपमा प्रथम भनिएका भिक्षुहरू केही समय आश्रयलिई बसोबासगर्ने स्थानहरू भएको र वर्तमानयुगका भिक्षुहरूको विहारहरूजस्तो धेरै भिक्षुहरू जम्माभएर सधैंभरी बसोबासगर्ने आवास होइनन्। रीस् डेविड्स् र ओल्डेनवर्ग[१] जस्ता प्रज्ञाविद्हरूको मतअनुसार विहार भन्ने नाउँ पछिल्लो समयमा भिक्षुहरू जमघट् भई बसोबासगर्ने सम्पूर्ण घरबारलाई भन्नचाहेको भएतापनि मूलरूपमा प्रथमरहेको विहारमा एउटै भिक्षुको बसोबासगर्ने स्थानलाई भन्नचाहेको हो। भारतीय पुरानो अनुसन्धानस्थलको निरीक्षण परीक्षणअनुसार सबभन्दा पुराना विहारहरू एक्लै भिक्षुको अलग्ग बसोबासगर्ने अथवा थोरै भिक्षुहरू रहनेठाउँ भएको विषय भनी जान्नसकिन्छ। त्यसरी अध्ययनगरेर आएको एकजना प्रज्ञाविद्को मतअनुसार सबभन्दा पुरानो विहार परिवेण(सानोकोठा)द्वारा सिद्ध भएको एकजना भिक्षु बसोबासगर्ने ठाउँ हो। अर्को एककिसिमको विहार त भित्ताले बारिराखेको परिवेणसमूह हो। त्यस विहारका बीचमा हल रही त्यसलाई बारेर भिक्षुहरू बस्नको लागि परिवेणहरू बनाई

---

[१] Rhys Davids and Oldenberg, "Vinaya Taxts" pt. 11 p 386 n



Downloaded from http://dhamma.digital

राखेको हुन्छ ।[1] चूलवग्गमा राजगृहसेंठले ६० वटा विहारहरू एकैदिनमा बनाई सिध्याउन लगाए भनेकोले ती विहारहरू पहिलो किसिमको विहारभएको एक एकजना भिक्षुमात्र बस्नकोलागि बनेका परिवेणहरू हुनुपर्दछ ।

पुरानो पालि साहित्यमा दोश्रो किसिमका विहारहरूको विषयलाई पनि उल्लेख गरिराखेको छ । त्यस विहारमा एक एकजना भिक्षु बसोबासगर्न ससाना कोठाहरू(परिवेण) बनाई–राखेको छ । ती एक्लै भिक्षु बसोबास गर्ने विहार र ससाना कोठाहरू बनाईराखेको विहार हुन् । तेश्रो किसिमको विहार धेरै भिक्षुहरू जम्माभएर बसोबास गर्नेजस्तो विहार पालिपिटकमा देखापर्दैनन् । सहधर्मी सबै भिक्षुहरू भेला हुने ठूलो हल नभएको कारणले भिक्षुहरूले उपोसथगर्ने बेलामा कठिनाईको सामना गर्नुपर्दछ । पहिले प्रथम परिवेण क्रमअनुसार प्रातिमोक्ष देखाई पछिको समयमा एउटा विहारलाई प्रातिमोक्ष देखाउने स्थल अथवा उपोसथगृह बनाउनुपर्दछ । त्यसो भएतापनि उपोसथगृहमा सबै भिक्षुहरू भेलाहुँदा ठाउँ नपुगेकोले कोही कोही भिक्षुहरूले उपोसथगृहको बाहिर बसेर उपोसथ गर्नुपर्नेहुन्छ ।

भिक्षुहरू शुरुशुरुमा एक्लै भ्रमणगरेर रहिरहेकोमा परस्पर जम्माभई एउटै कोठामा सधैं बसोबासगर्ने संघसंगठनको अवस्था कुन बेलामा आएको हो भन्ने कुरा हामीले खुलस्तरूपमा थाहापाउन सकिएको छैन । त्यसरी परिवर्तन हुनेकुराप्रति निर्देशितगर्ने कथनहरू पालिपिटकमा उल्लेखभएको पाइन्छ । पालिदेशनाहरूले खग्गविसाणसुत्तमा जस्तो एंक्लै धर्माचरण गर्नुलाई निरवशेषरूपमा

[1] Fergusson, "Rock-cut Temples of India", Intro, pp xv-xvi



Downloaded from http://dhamma.digital

प्रशंसागर्ने नगरी जंगलभित्र एक्लै भावनाधर्म उद्योगगर्ने प्रत्येकव्यक्ति राम्रो भिक्षु कहिन्न । साथीसङ्गीहरूसँग बसेर धर्माचरणगर्ने प्रत्येक व्यक्तिलाई पनि उपहास र दोषारोपण गर्नुपर्ने ठाउँ नभएको विषय देखाउने गर्दछ ।

"बुद्धशासनमा त्रिविध शिक्षालाई पूर्णहुनेगरी आचरण र अभ्यासगर्ने बानी नभएका भिक्षुहरू शान्त एकान्त विहार वृक्षमूल वन शम्शान आदिहरूमा बस्ने गरेमा तिनीहरूलाई भगवान् बुद्धले र प्रज्ञावान् सहधर्मीहरूले उपहास गर्नुपर्ने हुन्छ । आफूले पनि आफैलाई उपहास गर्नुपर्ने हुन्छ ।" (मज्झिमनिकाय भद्दालिसुत्त) "हे उपालि, साथीसंगीसँग छुटेर एक्लै मात्र रमाउनसक्नु कठिन छ । समाधिप्राप्त नभइकन मानिससँग टाढाभएको महावनभित्र बस्ने व्यक्तिमा कामवितर्क र व्यापादवितर्कहरू बढी हुनसक्छ । तिमी संघको बीचमा बस, संघको बीचमा बस्ने तिमीलाई सुख हुनेछ ।" (अंगुत्तरनिकाय दसकनिपात उपालिसुत्त) "हे मृगजाल, भिक्षु गाउँभित्र भिक्षु–भिक्षुणी, उपासक–उपासिका, राजा–मन्त्री, भारदार–तीर्थंकरहरूसित जमघटगरी बसोबास गरेतापनि तृष्णा रागलाई प्रहाण गरिसकेको भयो भने साथीबिना एक्लै मात्र बस्ने व्यक्ति भनी सम्झनुपर्दछ ।"(सलायतनसंयुत्त मृगजाल सुत्त)

चतुप्रत्ययसित सम्बन्धराखेर पनि भिक्षुहरूले अघिजस्तो भिक्षाटनगरेर लाभभएको खाद्यपदार्थ पांशुकूल चीवर वृक्षमूल गोमूत्रहरूलाई मात्र आधारलिएर बस्नुपर्ने जस्ता कुराको आवश्यक नभई विशेष अतिक्रमणद्वारा लाभ बढी भएमा आमन्त्रित भोजन र गोला हालेर दानगर्ने भोजन आदिलाई र खोमचीवर, रेशमी चीवर, कम्बलको चीवर, दुईतिर छाना भएको विहार, चारकोण



Downloaded from http://dhamma.digital

भएको प्रासाद आदिहरूलाई र औषधीको रूपमा घ्यू नौनी सखर सेवनगर्न योग्य भएको विषय भरखर भिक्षुभएको पुद्गललाई बताउनुपर्छ भनी महावग्गमा भनिएको छ।

वास्तवमा एक्लै धर्माचरणगर्ने व्यक्तिहरूले आचरणगर्नुपर्ने १३-वटा धुताङ्ग पनि सधैंभरि बुद्धहरूको प्रशंसनीय आचरण रहेनन् । आरण्यक धुताङ्ग, पांशुकूल धुताङ्ग, वृक्षमूल धुताङ्ग, शमशानिकाङ्ग धुताङ्ग आदि धुताङ्गहरू समादानगर्ने सबै भिक्षुहरूले भगवान् बुद्धहरूद्वारा प्रशंसागर्नु, अल्पेच्छुभएर सन्तोषमान्न सजिलोहुनुको कारणले मात्र धुताङ्ग समादान गरेका होइनन् । कोही कोही भिक्षुहरूले प्रज्ञाहीन हुनु, हीन निकृष्ट चाहनाहुनु, बहुलाउनुको कारणले धुताङ्ग समादान गर्दछन् भनी भन्दछ । (अंगुत्तरनिकाय अरञ्ञवग्ग अरञ्ञसुत्तदेखि पक्खपिण्डिक सुत्तसम्म)

एक्लै धर्माचरणगर्नु भरखर भरखर बुद्धवाद प्रादुर्भावभएको बेलामा जस्तो भिक्षुहरूको प्रमुख मार्गपद्धति नरहेतापनि बिल्कुल लोपभएर गएको भने होइन । थेरगाथामा आएका भिक्षुहरू धेरैजसो अरण्यवासी भिक्षुहरू हुन् । चूलवग्ग समथक्खन्धकमा आयुष्मान् दब्बले कोही कोही भिक्षुहरूलाई पर्वतमाथि कन्दराभित्र पत्थरको गुफामा खोंचमा आसन बिछ्याई दिनुपर्छ भनिन्छ । महापरिनिब्बाण सुत्तमा भगवान् बुद्धले भिक्षुहरूलाई अपरिहानियधर्मको उपदेश दिनुहुँदा, “भिक्षुहरू जंगलका विहार हरूमा बस्नचाहना रहेको मन रहिरहेसम्म साथी भाईहरूसित जमघटगरी बसोबास गर्नुमा रमाउने मनबहलाउनेगरी उद्योग गरेर नबसुञ्जेलसम्म अभिवृद्धिमात्र हुनेछ।” भनी आज्ञा हुनुभएकोछ। तैपनि त्यो बुद्धको अववाद कथन स्वल्प भिक्षुहरूको निमित्त हो।



Downloaded from http://dhamma.digital

धेरैजसो भिक्षुहरू त शहरगाउँको विहारहरूमा जमघटभई बसोबास गर्छन्। त्यसोभएर देवदत्तले भिक्षुहरूलाई जीवनभर जंगल विहार मा बसोबास गराउन, पिण्डपात्र धुताङ्ग, वृक्षमूल धुताङ्ग, पांशुकूल धुताङ्ग धारण गराउन प्रज्ञप्तगर्ने विषय अनुरोध गरेपनि त्यसलाई भगवान् बुद्धले अनुमति दिनुभएन।

भिक्षु श्रामणेरहरूलाई आ-आफ्नो खुट्टालाई घरको खम्बा बनाई घुमफिरगरेर रहिरहेकोबाट एउटै ठाउँमा जम्मा भई स्थिर रूपमा बसोबास गराउन सृष्टि गराएको एउटा कारण त वर्षावास बस्ने रीतिरिवाज हो। परिब्राजक ऋषि श्रमण, तीर्थंकरहरू सबैले यो रीतिरिवाजलाई अनुगमनगरी बर्षाकालमा भ्रमण गर्नुलाई रोकिराख्छन्। अघिको समयमा भारत राष्ट्रको उत्तरी भागमा रहेका देश प्रदेशहरू धेरैजसो घनाजंगलले ढाकिराख्ने भएकोले वर्षायाममा अहिलेको युगमा भन्दा बढी वर्षाहुने हुनुपर्दछ। त्यस किसिमको वर्षायाममा यात्रागर्न मुश्किलपर्ने भएकोले वर्षावास बस्ने रीतिरिवाज चलेर आएको हुनुपर्दछ। ब्राह्मण श्रमणहरूले वर्षायाममा चार महिना जति कुनै न कुनै ठाउँमा स्थिरभई बसोबास गर्नुपर्नेछ भनी एउटा ब्राह्मणग्रन्थमा भनिएको छ। उनीहरूको वर्षावास बस्ने रीतिरिवाजलाई विस्तृतरूपमा जान्नपाएको छैन। जैन भिक्षुहरू वर्षावासबस्ने पच्चुसरण रीतिमा त नीतिनियमहरू जटिल र धेरैभएर वर्षायाम शुरु भइसकेपछि एक महिना र २२-रात बित्ने समयमा वर्षावास बस्नुपर्नेछ। त्यसो नभएमा एक्लै बस्नुपर्दछ भनी निश्चितरूपमा जान्न नपाएतापनि जैनभिक्षु र बौद्धभिक्षुहरू भेलाभई बसोबास गर्दछन्।



Downloaded from http://dhamma.digital

वर्षायाममा भिक्षुहरू जम्माभई एउटै ठाउँमा सँधै बसोबासगर्नुबाट “आवास”हरू उत्पन्नभएर आए। आवास पहिले त वर्षायामभित्र तीन महिना भिक्षुहरू बसोबासगर्न निर्धारित गरि राखेको क्षेत्र हो। आवासको क्षेत्रनिमित्तलाई भिक्षुसंघले एकजूटभई निर्णयगरेर न्यायपूर्णरूपमा घोषणा गर्नुपर्दछ। क्षेत्रको लागि पर्वतको श्रृखंला(डुङ्गा), जंगल, रूख, हिँड्ने बाटो, नदी आदि स्वाभाविक क्षेत्रनिमित्तहरू भई तीन योजनभन्दा टाढा पार्नुहुँदैन। नदीको पारी क्षेत्रनिमित्त रहेतापनि नदी तरेर आवतजावतगर्न मुश्किल नपरेमा मात्र त्यो क्षेत्रनिमित्तको लागि समर्थनगर्न सकिन्छ। स्वाभाविक क्षेत्रनिमित्त नभएमा ग्राम निगमको क्षेत्रनिमित्तलाई आवास क्षेत्रनिमित्तको रूपमा सम्झनुपर्दछ। क्षेत्रनिमित्तहरू एक अर्कोसित छ्यासमिस पार्नुहुँदैन। एउटा आवासभित्र अर्को आवास समावेश गर्नुहुँदैन। एउटा आवास र अर्को आवासको बीचमा क्षेत्र सीमाना “सीमान्तरित” लाई बाँकीराखेर आवासको क्षेत्रनिमित्त विभाजनको घोषणा गर्नुपर्दछ।

आवासमा बसोबासगर्ने भिक्षुहरू एक संगठन, एक जमघट भएको विषय महिनाको दुईचोटि उपोसथ गर्दामा स्पष्ट हुन्छ। उपोसथका दिन आवासभित्रका भिक्षुहरू सबै भेलाभई प्रातिमोक्ष सुन्नेगर्नुपर्दछ। भेलामा समागम हुननसकेमा आफ्नो प्रतिनिधिको रूपमा अन्य एकजना भिक्षुलाई आफ्नो छन्द भन्नुपर्दछ। केही कारणबस समागम हुननसकेमा आवासक्षेत्र निमित्त बाहिर केही समयकोलागि गएर बस्नुपर्दछ। उपोसथ गर्दाखेरि आवासभित्र रहेका सबै भिक्षुहरू मिलिजुली एकाबद्धभई प्रातिमोक्ष सुन्नु अत्यन्त आवश्यक छ। एकाबद्ध नभई संघ सबै पूर्णरूपमा समागम नभई



Downloaded from http://dhamma.digital

उपोसथ गरेमा दुष्कृत्य आपत्ति लाग्छ। क्षेत्रनिमित्तको बाहिर–रहेको भिक्षु र अर्को आवासबाटको भिक्षुसंघ कर्मगर्ने अवस्थामा सहभागी हुर्नुहुँदैन । संघकर्मगर्ने अवस्थामा त्यस भिक्षुले विरोधगरेको खण्डमा त्यस्तो कुरा निरर्थक हुनजान्छ। वर्षावासबस्ने नजिकपर्दा आवासको बाहिररहेको भिक्षुलाई ओछ्यान दिनुहुँदैन।

आवासका दिनहरू भरखर शुरुहुँदा भिक्षुहरूले एकठाउँबाट अर्कोठाउँतिर भ्रमण र यात्रागर्नुलाई पूर्णरूपमा परित्यागगरेका हुँदैनन्। आवासहरू वर्षायाममा भिक्षुहरू विश्राम गर्नकोलागि ठाउँहरू मात्र भएकोले अन्य समयहरूमा भिक्षुहरू भ्रमण र आवतजावत गरिरहेका बढी हुन्छन्। तैपनि, आवासहरू भिक्षुहरू वर्षावास भित्र र बाहिर बसोबासगर्ने विहारहरूको रूपमा विस्तारै विस्तारै परिवर्तन भइसकेको तथ्य चूलवग्गमा स्पष्ट देखिन्छ। "भिक्षुहरू हो, विहार ग्रहणगर्नेहरू पहिलो वर्षावासमा विहार ग्रहणगर्नु, दोश्रो वर्षावासमा विहार ग्रहणगर्नु र वर्षावासपछि विहार ग्रहणगर्नु तीन प्रकारका रहेका छन्। आषाढ पूर्णिमापछि कृष्णपक्ष प्रतिपदाको दिनमा पहिलो वर्षावासको विहार ग्रहणगर्नुलाई र श्रावण पूर्णिमापछिको कृष्णपक्ष प्रतिपदाको दिनमा दोश्रो वर्षावासको विहार ग्रहणगर्नुलाई पालन गराउनुपर्दछ। आश्विन पूर्णिमापछिको कृष्णपक्ष प्रतिपदाको दिनमा पछिको वर्षायामभरि बस्नको लागि वर्षावास पछिको विहार ग्रहणगर्नुलाई पालन गराउनुपर्दछ ।" (चूलवग्ग सेनासनक्खन्धक) यदि विहार वर्षायामभित्रको समयमा मात्र भिक्षुहरू बसोबासगर्नको लागि भएमा वर्षावासपछि विहार ग्रहणगर्नु बढ्ता काम मात्र हुनजाने छ। यो वर्षावासपछि विहार ग्रहणगर्नु अथवा ओछ्यानको लागि



Downloaded from http://dhamma.digital

व्यवस्थागर्नुलाई आधारबनाएर आवास वर्षावासभित्र भिक्षुहरू बसोबासगर्नको लागि मात्रको ठाउँ नभइकन सधैं बसोबासगर्ने ठाउँ भएर आएको स्पष्ट छ । बर्षावासपछि विहार ग्रहणगर्नु पछिको वर्षायामको लागि हो भनेतापनि वास्तवमा पहिलो वर्षावास दोश्रो वर्षावास विहार ग्रहणगर्नेहरू भइसकेकोभएर वर्षावास पछि बसोबास गर्नकोलागि नभएमा वर्षावासपछि विहार ग्रहण गरिरहनु आवश्यक छैन ।

यसरी आवासहरू बर्षावास तीन महिनाभित्र भिक्षुहरू विश्रामगर्ने ठाउँहरूको रूपबाट भिक्षुहरू जम्मा भएर सधैं बसोबासगर्ने ठाउँहरू बनेर आए । भिक्षुहरू पनि धेरैजसो यात्रा र भ्रमणगरेर खुट्टालाई खम्बा बनाई रहिरहेको अवस्थाबाट आवासहरूमा निश्चितरूपमा सधैं बसोबासगर्ने व्यक्तिहरू भएर आए । एक किसिमले भन्ने हो भने बुद्धवाद भरखर भरखर शुरुभएको अवस्थामा रहिसकेका भिक्षुहरू आवास अथवा विहारहरूमा बसोबासगर्ने संघसंगठनहरूको रूपतिर परिवर्तनभएर आएका हुन् ।

Dhamma.Digital

### (ख) श्रमण–जीवन

भिक्षुसंघको संगठनभित्र प्रवेश गर्नचाहने व्यक्तिले भिक्षुभावलाई ग्रहण गर्नुपर्दछ । पहिले प्रथमतः भिक्षु बन्नचाहने व्यक्तिले भगवान् बुद्धसँग भिक्षु बन्नचाहेको विषय निवेदनगरी भगवान् बुद्धले **एहि भिक्खु**(आऊ भिक्षु) भनी आज्ञाहुनुमात्रले पनि भिक्षुभावतिर पुग्दछ । पछिको समयमा भिक्षु बन्नचाहने व्यक्तिहरू अभिवृद्धिभएर आएकोले भगवान् बुद्धले भावी श्रामणेर



Downloaded from http://dhamma.digital

र भावी भिक्षुहरूलाई तिसरणगमनद्वारा श्रामणेर भिक्षु बनाउन सक्नाखातिर भिक्षुहरूलाई अनुमति दिनुभयो । त्यो बेलामा त भिक्षुसंघ संगठनभित्र प्रवेश चाहने व्यक्तिले अघिका मानिसहरू (उदाहरण यशकुलपुत्र, ३० भद्रवर्गीय राजकुमारहरू) जस्तै भिक्षुभावलाई तुरून्त ग्रहण गर्ननपाई श्रामणेर भईसकेपछिमात्र ग्रहण गर्नुपर्दछ । त्यसपछि आवासहरू र ती आवासहरूमा सँधैं बस्ने संघहरू देखापर्नआएको बेलामा भने भिक्षुबनाउनु संघले वहनगर्नुपर्ने काम(संघकर्म) भएर आयो । त्यसरी वहनगर्नसक्ने कमसेकम भिक्षुहरूको संख्या धेरैजसो दशजनाभएर कम भिक्षुहरूभएका देशप्रदेशहरूमा कम्तिमा पाँचजना भएमा मात्र उनीहरूद्वारा भिक्षु बनाईदिन सकिन्छ ।

भिक्षुसंघले १५ वर्ष पूर्ण नभएको व्यक्तिलाई श्रामणेर बनाउनु हुँदैन । २० वर्ष पूर्ण नभएको व्यक्तिलाई भिक्षु बनाउनु हुँदैन । अघि तीर्थंकर भइसकेको व्यक्तिले श्रामणेर भिक्षुभावलाई प्राप्तगर्नचाहेमा त्यस व्यक्तिलाई भगवान् बुद्धको अनुशासन उपदेशलाई धारण, पालन र आचरण गराईसकेपछिमात्र भिक्षु बनाई दिनुपर्दछ । तैपनि शाक्य राजवंश र जटिलहरूको निमित्त त्यस किसिमको परिवास बस्नुपर्नेछैन । भगवान् बुद्धको आज्ञाअनुसार शाक्यहरू भगवान् बुद्धका ज्ञातिबन्धुहरू भएकोले उनीहरूलाई मात्र त्यो अधिकार प्राप्तभएको हो । जटिलहरू कर्मवादीभएको कारणले अधिकार दिइराखेको हो भनिन्छ । तर जैनहरू र अन्य कोही कोही तीर्थंकरहरू पनि कर्मवादीहरू भइराखेका भएपनि जटिलहरू रूखासुखा आचरण रहेकाहुनु अग्नि परिचर्यागर्नेहरूद्वारा ब्राह्मण गोत्रभित्रका सत्पुरुषहरूको



Downloaded from http://dhamma.digital

आचरणभित्र तेश्रो श्रेणीतिर पुगिराखेकाहरू भएको कारणले भगवान् बुद्धले भिक्षु बन्नचाहने जटिलहरूलाई विशेष अवसर दिइराखेको हुनुपर्दछ।

विनयपिटकअनुसार संघद्वारा उपसम्पदा दिन अयोग्य पुद्गलहरू त थुप्रै छन्। केही उल्लेखगरेर देखाउनुपर्‍यो भने महारोग भएका दमरोग आदि नराम्रा रोगहरू लागिरहेका शारीरिक कुनै न कुनै प्रकारको अंगप्रत्यङ्गहरू भङ्गभइरहेका राजअपराध राजदण्ड पाइरहेका, भिक्षुणीलाई दूषितगर्ने व्यक्ति, मातापिताको अनुमति नपाएको व्यक्ति, पात्रचीवर नभएको व्यक्ति, आचार्य उपाध्याय नभएको व्यक्ति आदिलाई उपसम्पदा दिनुहुन्न। उपसम्पदादिने भिक्षुले भावी भिक्षु हुनेलाई गल्ती दोष–विदोष छ छैन खुलस्तरूपमा सबैले थाहा पाउनेगरी सोधपूछ र परीक्षणगर्नुपर्दछ। यो ठाउँमा उपसम्पदागर्ने प्रक्रिया र व्यवस्थालाई महावग्गमा रहेझैं संक्षिप्तमा यहाँ उल्लेखगर्नेछु।

दक्षता र योग्यताभई संघले अभिभार सुम्पिएको एकजना भिक्षुले भावी भिक्षुलाई संघमाझमा सोधपूछ र परीक्षणगरिने विषयवस्तुहरूलाई सर्वप्रथम बताइदिनुपर्छ। सत्यतथ्यअनुसार डरभय नमानी जवाफ दिन होशदिलाउनुपर्छ। भावी भिक्षुमा उपाध्यायगुरु हुनुपर्छ। पात्रचीवर पनि तयाररहेको हुनुपर्छ।

त्यसपछि अनुशासनगर्ने आचार्यले संघलाई कारणाकारण निवेदनगरी अनुमति लिइसकेपछि भावी भिक्षु आएर संघलाई नमस्कार र अभिवादन गरिसकेपछि भिक्षुभावलाई तीनपटक निवेदनगरी प्रार्थनागर्नुपर्छ। दक्षता र योग्यताभएको


Downloaded from http://dhamma.digital

भिक्षुले संघसमक्ष अनुमति प्राप्तगरिसकेर भावी भिक्षुलाई तिम्रो शरीरभित्र दम कुष्ठरोग आदि छन् कि, ऋण मुक्तभएको हो कि ? तिम्रो उपाध्यायगुरुको के नाउँ रहेको छ आदि कुरा सोध्नुपर्छ । यसरी परीक्षणगरेर सन्तोषजनक जवाफहरू पाएकोखण्डमा संघलाई यो नाउँभएको भावी भिक्षुलाई यो नाउँभएको उपाध्यायगुरुद्वारा उपसम्पन्न गरिदिन योग्यभएको छ भन्ने विषयलाई तीनपटकसम्म जानकारी दिनुपर्दछ । यदि संघ मौनरहेको छ भने त्यस भावी भिक्षुलाई उपसम्पन्न गरिदिनुमा स्वीकार गरिएको ठहर्नगई उपसम्पन्न गरिदिने कार्यसिद्ध हुन्छ। उपसम्पन्नभएको क्षणमा छाँया नापी ऋतु र दिन समयलाई सुनाउनुपर्छ। छाँयाऋतु दिनलाई जम्मागरेर भिक्षुभएको दिनको तालिकालाई जानकारी गराउनुपर्छ।

भरखरै भिक्षुभएको व्यक्ति उपाध्यायआचार्य निश्रयआचार्यहरूसित एकसाथ बस्नुपर्दछ। उपाध्याय, आचार्य र निश्रयाचार्यहरू कमसेकम दशवास पुगिसकेको भएको भई भरखर भिक्षुभएको व्यक्ति उनीहरूसित एकसाथ बढीभन्दा बढी दशवर्षसम्म बस्नुपर्दछ, तर प्रज्ञा बहुश्रुतभएको भई जान्नेबुझ्ने योग्यताहुने भिक्षु पाँच वर्षजतिमात्र आचार्यसित एकसाथ बस्ने र प्रज्ञा बहुश्रुत कमभई नजान्ने र नबुझ्ने भिक्षु आचार्यसँग जीवनभर बस्नुपर्दछ । जंगलभित्र धर्माचरण गरीबस्नेबेला, यात्रामा गइरहेको बेला आदिमा भने भिक्षुसँग आचार्यहुनु आवश्यक छैन। उपाध्याय आचार्यले शिष्यभिक्षुलाई पुत्रको रूपमा सम्झनाराखी भिक्षुले आफ्नो उपाध्यायप्रति बाबुजस्तैगरि भावना राख्नुपर्दछ। भिक्षुले आफ्नो उपाध्याय र निश्रय आचार्यहरूप्रति आचरण



Downloaded from http://dhamma.digital

गर्नुपर्ने कर्तव्यहरूलाई र उपाध्याय र निश्रय आचार्यहरूले शिष्यप्रति गर्नुपर्ने व्रताचरणको कुरा महावग्ग महाखन्धकमा पूर्णरूपमा बताइराखेको छ। उपाध्याय आचार्य र निश्रय आचार्यहरूको अभिभार विशेषरूपमा "शिष्यलाई अध्यापनगर्नु बारबार सोधपूछ गरी अववाद उपदेशदिनु" भएर अभिभार एकसमान भएतापनि उपाध्याय उपसम्पदागरेको बेलामा सबैले थाहा पाउनेगरी चुनिराखेको, समर्थन गरिराखेको व्यक्ति भएकोले निश्रयआचार्य भन्दा उच्चश्रेणीको भएकोजस्तो देखिन्छ। त्यसोभएर भिक्षुले उपाध्यायआचार्य निश्रयआचार्य दुईवटैभएको बेलामा उपाध्यायआचार्यलाई प्राथमिकता दिनुपर्दछ।

भिक्षुहरू बसोबासगर्ने आवासक्षेत्रनिमित्त विभाजन र निर्धारण गरिराखेको भिक्षु उपनिवेशक्षेत्रभएर साहु महाजनहरूले दान दिइराखेको उद्यानभित्र स्थापना गरिराख्ने चलन छ। उद्यानलाई चारैतिर बारले घेरेर राखी द्वारको अगाडि पोखरीरहेको हुन्छ। उद्यानभित्र विहारहेरूरहेर एउटा विहारमा एकजना भिक्षु अथवा चार पाँचजनासम्म बस्नको लागि परिवेणहरू रहन्छन्। परिवेणमा झ्यालहरू बनाइराखेको हुन्छ। भित्र सुत्नको लागि खाट चकटी दसनाहरू, बालिसहरू, सिरानहरू, फिक्दानी पात्रचीवर दतिवन आदि र भिक्षुको अलिकति आवश्यक सर-सामानरहेको हुन्छ।

विहारहरू आवासभित्र भिन्नाभिन्नै रूपमा स्थापित रहेतापनि त्यहीँ केही केही साजसामान, घरदैलो सांघिक सामान आदिका परिष्कारहरू रहेका हुन्छन्। त्यस्तै आवासभित्र साधारण इनार, पौवा, चंक्रमण पाटी, समागमहुने धर्मशाला, अग्निमण्डप, हावा डुलफिरहुने घर, चर्पी पाइखाना आदि रहन्छन्।



Downloaded from http://dhamma.digital

यसरी आवासहरू इनार, पोखरी, भेलाहुने बैठक आदिसँगै विशाल, भव्य र गुल्जारभएर आएको बेला त्यो ठाउँ वर्षायाम चार महिना भिक्षुहरू आश्रयलिएर विश्रामगर्ने ठाउँमात्र नभएर वर्षायामको अवधि अघिपछि भिक्षुहरू जम्माभई बसोबासगर्ने ठूलठूला आरामहरूबनेर आए । वास्तवमा ती आरामहरू सर्वसाधारण किसिमका धर्मशालाहरू भई भिक्षुहरूको लागि निजी सम्पत्तिभनेर अष्टपरिष्कारबाहेक अन्य प्रत्यय देखाउन लायकको रूपमा नभई सांघिक प्रत्ययलाई विभाजनगरी प्रयोगमा ल्याइने भएकाले सांघिक प्रत्ययलाई संरक्षणगरी सबैले समानरूपमा उपभोग गर्नसकिने किसिमले विभाजन गरिदिनु आदि अभिभारका कार्यहरूको व्यवस्थागरी वहनगर्नुपर्ने व्यक्तिहरू रहन्छन् । ती अभिभारबोक्ने व्यक्तिहरूलाई संघले सबैले थाहापाउनेगरी नियुक्तगर्नुपर्ने भएर कोही कोहीलाई उल्लेखगरेर देखाउनुपर्दा (१) कपियकारकले भिक्षुहरूको लागि उपयुक्त खाद्यभोजन र अनुपयुक्त खाद्य भोजनको रूपमा छुट्याएर व्यवस्थागर्नुपर्छ। गृहस्थी पुद्गलहरूले दानगरेको सुनचाँदी पैसालाई स्वीकारेर भिक्षुहरूलाई उपयुक्तहुने चीजवस्तुहरू किन्नुपर्दछ । (२) शयनासन प्रज्ञापकले भिक्षुहरूको निमित्त ओछ्यान आदिको व्यवस्था गर्नुपर्छ । (३) चीवर प्रतिग्राहकको अभिभार गृहस्थी पुद्गलहरूले दानदिएको चीवरहरूलाई स्वीकारगर्नु हो । (४) अल्पमात्रक विसर्जक भिक्षुहरूलाई धागो, कैंची, जुत्ता, घ्यू, मह आदि सानातिना चीजवस्तुहरूलाई अवस्थाहेरि वितरणगर्नुपर्ने व्यक्ति हो । (५) श्रामणेर प्रेषकको अभिभार त भिक्षु नभइसकेका श्रामणेरहरूलाई संरक्षणगरी रेखेदेखगर्नु हो ।



Downloaded from http://dhamma.digital

आवासहरू पहिले भिक्षुहरू बर्षावासभित्र केही समय विश्राम लिनुपर्ने ठाउँ रहनुबाट सधैं बसोबासगर्ने ठाउँको रूपमा परिवर्तनभएर आएतापनि वर्षावासबस्ने परम्परा भिक्षुसंघमा लोपभएर गएको थिएन। वर्षावास बस्नुसित जोडिरहेको अन्य दुईवटा परम्परा पवारणागर्नु र कथिन अस्तरणगर्नु हो।

पवारणागर्नु त वर्षावास मुक्तहुने बेलामा भिक्षुले आफूमा देखेर होस्, सुनेर होस् वा संशय लागेर होस् केही दोष वा अपराध भएमा त्यस अपराधलाई प्रकाशपारेर उल्लेख गर्नुकोलागि संघलाई सबैले जान्नेगरी निवदेनगर्नु हो। पवारणा भनेको पवारणाका दिनमा प्रत्येक भिक्षुले गर्नुपर्ने कार्य हो। पवारणादिनमा एउटा विहारभित्र भिक्षु एक्लैमात्र रहेतापनि त्यस भिक्षुले "समागमहुने पाटी पौवा, मण्डप र रूखमुनिका ठाउँहरूमा कूचो लगाउनेगरी खानेपानी, परिभोगगर्ने पानी राखिसकेपछि आसन बिछ्याई बत्तीबालेर बसिरहनुपर्छ। यदि अरू भिक्षुहरू आएभने ती भिक्षुहरूसहित पवारणा गर्नुपर्दछ। यदि आउँदैनन् भने 'आज मेरो निमित्त पवारणा दिन हो' भनी अधिष्ठान गर्नुपर्दछ। यदि अधिष्ठान गरेन भने, दुष्कृत्य आपत्ति लाग्छ।"

भिक्षुले आपत्तिसहितभएर पवारणागर्नु हुँदैन। पवारणाका दिनमा आपत्तिलागेको भिक्षुले अर्को एकजना भिक्षुकहाँ उपसंक्रमणगरेर आपत्तिरहेको कुरा भन्नुपर्दछ। सुन्ने भिक्षुले "आपत्तिलाई हेर" भनेर आपत्तिलागेको भिक्षुले "हुन्छ, हेर्नेछु" भन्नुपर्दछ। त्यसरी आपत्तिलाई उपचार गरिसकेपछिमात्र संघसँगै पवारणागर्ने अवसर प्राप्तहुन्छ। तर पाराजिक संघादिसेस थुल्लच्चय पाचित्तिय पाटिदेसनीय दुष्कृत्य र दूर्भाषित आदि ठूला



Downloaded from http://dhamma.digital

अपराधहरू उल्लंघन गरिराखेको छ भने त्यस्तो कुरा हेर्नुमात्रले पूर्णहुँदैन । अपराधीभएको भिक्षुले धर्मानुकूलरूपमा अपराधलाई स्वीकार गरिसकेपछिमात्र पवारणा गर्नसकिन्छ ।

एकजना भिक्षुले पवारणादिनमा आपत्तिलागेको अर्को एकजना भिक्षुलाई पवारण नगर्न रोक्नसकिन्छ । तर पवारणा गरिसकेको भिक्षुलाई रोकलगाउनुहुन्न । रोकलगाउने भिक्षु परिशुद्ध शारीरिक र वाचसिक आचरण, परिशुद्ध आजीविका रही विनयशिक्षापदमा जान्ने बुझ्ने र दक्ष हुनुपर्दछ । खूबीले सम्पन्न नभएको खण्डमा संघले वहाँको कुरालाई नसुनी पवारणा गर्नुपर्दछ । खूबीले सम्पन्न छ नै भनौं, संघले त्यस भिक्षुलाई राम्ररी सुनिश्चितरूपमा निरीक्षण परीक्षण गरिसकेर मात्र पवारणा रोक्न अनुमति दिनुपर्दछ । आरोप गलतभई दोषभएको ठोसआधार नभएमा त्यसरी आरोप लगाउने भिक्षुलाई धर्मानुकूल उपचार गराइसकेपछि संघले पवारणा गर्नुपर्दछ । यदि भिक्षुहरू वर्षावासबाट मुक्त भएपनि आफूहरूसित समानचित्त भएका सहधर्मीहरू एकसाथ लगातार रहन्छन् भने संघले कार्तिक पूर्णिमाको दिनसम्म पवारणागर्नुलाई स्थगित गर्नसकिन्छ ।

कथिन अस्तरणगर्नु वर्षावास सिध्याएर एकमहिनाभित्र गर्नुपर्ने कार्य हो । कथिन अस्तरणगर्नुको पूर्ण विषयवस्तुहरू विस्तृत र जटिल भएतापनि प्रमुख तथ्यहरू प्रष्ट छ । संघमा धागो, कोडा कपडा, पांशुकूल कपडा आदिद्वारा चीवर सिउनका लागि कपडाहरू हुन्छन् । कपडालाई कथिन अस्तरण गर्नुभन्दा अगाडि ञत्तिकर्मवाचाद्वारा नियुक्त गरिराखेको भारवाहक एकजना पुद्गललाई दिइराख्नुपर्दछ । त्यस भिक्षुले उपयुक्त चीवरहरू



Downloaded from http://dhamma.digital

सिइसकेपछि महास्थविरहरूलाई कुनचाँहि चीवर उपयुक्त छ, स-साना स्थविरहरूलाई कुनचाँहि चीवर उपयुक्त छ भनी छुट्याएर भन्नुपर्दछ। संघले उसको भनाईलाई निर्धारण गरिसक्ने बेलामा प्रत्येक भिक्षुले आफ्नो भागमा परेको चीवरलाई लिने अवसर उपलब्ध छ। तर आफ्नो भागमा परेकोलाई तुरुन्त नपर्खिकनै लिन आवश्यक छैन। आवासको नियम नीतिसित मिल्छ भने त्यो चीवर उसको धर्म सुहाउँदो भागहुने हुन्छ। भिक्षुमा आवासबाट हटेर जान छन्द छैन, अथवा पुरानो चीवर पातलो भई च्यातिएको नभएर, नयाँ चीवरको आवश्यकरहेको छैन भने नयाँ चीवरलाई तुरुन्त नलिई कथिन अस्तरण गरिसकेपछि निर्धारित समयभित्रमा त्यो चीवर लिनसकिन्छ। त्यो समयभित्र एक न एक दाताको तर्फबाट चीवर दानग्रहण गरेको भई पुरानो चीवरलाई प्रयोग गर्नसकिन्छ। कथिन चीवर ग्रहण नगरुन्जेलसम्मको समयमा अर्को ठाउँबाट चीवर दान ग्रहण गर्नसक्नाखातिर भिक्षुहरूलाई अनुमति दिइराखेको छ।

भिक्षुसंघले महिनाको दुईचोटि उपोसथगर्नु, वर्षावासबस्नु र वर्षावासबाट मुक्तभएको बेला पवारणागर्नु कथिन अस्तरणगर्नु आदि परम्परा बसेर आएको बेलामा भिक्षुहरूले प्रायशः चारिका र भ्रमण नगरिकन शहर गाउँमा भएका विहारहरूमा एकजूट भई बसोबासगर्ने गरेका छन् भन्ने धारणा राख्नुपर्ने स्थिति छ, तर ती परम्पराहरूलाई परिपूर्णरूपमा उल्लेखगर्ने विनयपिटकमा आएका कथनहरूले भगवान् बुद्धका पालाका भिक्षुसंघलाई कति हदसम्म निर्देशित गर्दछ भनी हामीहरूले निश्चितरूपमा थाहापाउन सकेका छैनौं। ती कथनहरू भगवान् बुद्धको परिनिर्वाणपछि केहीवर्ष



Downloaded from http://dhamma.digital

बितिसक्दा मात्र देखापर्न आएका पिटकग्रन्थका कथनहरू भएकाले भगवान् बुद्धको पालाका भिक्षुहरूको निमित्तभन्दा पिटक आचार्यहरूको युगमा रहेका भिक्षुहरूको निमित्त बढी सही हुनसक्दछ। वास्तवमा मिसेज् रिस् डेविड्स्को मतानुसार 'विहार' भन्ने नामाकरणलाई विनयपिटकमा एकचोटिमात्र देख्नपाएर बुद्धयुगको पछिल्लो भागको संघसंगठनमा बनवासी भिक्षुहरू र नगरवासी भिक्षुहरूको मिश्रणभई बसोबासगरेको बीचको समय हुनुपर्दछ।

पालिसाहित्यमा मानिसहरू कमभई सुनसानरहेको प्रत्यन्त जनपद क्षेत्रमा बसोबासगर्ने स्थविरहरू (उदाहरणको रूपमा आयुष्मान् कात्यायन, आयुष्मान् पुण्ण), जङ्गलभित्र एक्लै आवतजावतगरी बसोबासगर्ने (उदाहरण आयुष्मान् महाकस्सप, आयुष्मान् अनुरुद्ध)का विषय पढन् पाइन्छ। धुताङ्ग धारणगर्नुमा ख्यातिप्राप्तभई अधिक आचरणशीलभएको काश्यप स्थविर जराजीर्ण भइसकेकोभई भगवान् बुद्धले धुताङ्गहरूलाई त्यागी आफूसँग बस्नको लागि आज्ञाहुनु भएतापनि भगवान् बुद्धको कुरालाई वहाँले स्वीकार्नुभएन। थेरगाथामा भने पहाड पर्वत जङ्गलको स्वाभाविक दृश्यहरूको रमणीय शोभायमान भएको प्रक्रियालाई अरण्यनिवासी भिक्षुहरूले प्रशंसा गरिराखेका गाथाहरू छन्।

अरण्यनिवासी भिक्षुहरूले धेरैजसो ध्यानभावना, उद्योग अभ्यास र आचरण गर्नेगरी समय बिताउँछन्। पहिलेका बुद्धवादी भिक्षुहरूको निमित्त बुद्धदेशनालाई आचरणगर्नु, अध्ययन र मुखाग्रपार्नुभन्दा यो महत्वपूर्ण छ। एकजना भिक्षुले "भो पर्वत रक्षक देवता, हामीहरू रागरहितभई नबसुञ्जेलसम्मको समयमा



Downloaded from http://dhamma.digital

धर्मउपदेशलाई पाठगर्ने स्वाध्याय गर्नजाने छन्दरहेको छ। राग रहितभएको बेलामा चाँहि त्यो पाठगर्नु र स्वाध्यायगर्नुलाई पञ्छाउनु भनी सत्पुरुषहरूले प्रशंसा गरिराखेका छन्" भनियो। (सगाथावग्ग संयुत्त सज्झायबहुल सुत्त) तर, भिक्षुसंघले बुद्धदेशनाहरूलाई अध्ययनगर्नु र मुखाग्रगर्नुलाई बिल्कुल पञ्छाइराखेको भने होइन। त्यसरी मुखाग्रगर्नु महत्वपूर्णभई एकजना उपासकले एउटा सुत्तन्त देशनालाई पाठ गरिरहेर भिक्षुहरूलाई सुन्न र अध्ययन गर्न निमन्त्रणा गऱ्यो भने वर्षावासभित्रको समयमा नै भएपनि सातदिनभित्र गर्नुपर्ने कृत्यको रूपमा जानसकिन्छ। (महावग्ग वस्सुपनायिकक्खन्धक) सुत्तन्तहरूलाई मुखाग्रगर्नु शहरनिवासी भिक्षुहरूको एउटा प्रमुख क्रियाकलाप हो। त्यसोभएर पवारणाका दिनमा सुत्तन्तलाई जोडेर पाठगर्ने भिक्षु विनयलाई निर्णयगरेर धारणगर्ने भिक्षु अभिधर्ममा छलफल र प्रश्न उत्तरगर्ने भिक्षुहरूको कारणले रात्रीसमय बितेर जान्छ भने संघले दुईदुईचोटि उच्चारणगर्ने एकएकचोटि उच्चारणगर्ने समान वर्षावासभएका भिक्षुहरूले एकैसाथ उच्चारणगर्ने क्रियाद्वारा संक्षिप्तमा पवारणा गर्नसकिन्छ। (महावग्ग पवारणाक्खन्धक)

संघसंगठनमा भावनाधर्म उद्योगगर्ने धर्म छलफलगर्ने सुत्तन्त देशनाहरूलाई सिक्ने आवृत्तिगर्ने कर्मद्वारा समय बिताउने भिक्षुहरू रहेकाछन् जस्तै निरर्थक, व्यर्थ र फजूल कुराहरूगरी समय दुरुपयोगगर्ने भिक्षुहरू पनि छन्। "एकसमयमा भिक्षुहरू आपसमा कलहगरी एक अर्कालाई आरोप प्रत्यारोप लगाई घुर्की देखाउने प्रतिपक्ष कुराहरू सुनाउने वचनरूपी वाण प्रयोगगर्ने आदि गरी बसिरहेका थिए।" "भिक्षुहरू विभिन्न थरीका मार्गफलको



Downloaded from http://dhamma.digital

प्रतिपक्षीरूपमा छर्के कुराहरू भन्ने र बोल्ने गर्दथे ।" (अंगुत्तर निकाय दसनिपात भण्डनजातसुत्त र कथावत्थुसुत्त )

वास्तवमा संघ अलज्जी दु:शील भिक्षुहरूबाट अलगिनसकेको हुँदैन । "ए नागित, यो बुद्धशासनमा इच्छाअनुसार पेटभरी खाई पिई सुत्ने निदाउनेगरेर समयबिताउने भिक्षुहरू परस्पर गुजि लगाई खेल्ने, रमाउने अट्टहाशगरी हाँस्ने, जिस्काउने गरी समय खेरफाल्ने भिक्षुहरूलाई म तथागतले देख्ने भेट्टाउने गर्दछु ।" (अंगुत्तरनिकाय अट्ठकनिपात नागित सुत्त) । महावग्ग महाखन्धकमा चतुप्रत्यय लाभसत्कारप्रति आसक्तभई भिक्षु बन्नेगरेको विषय साधकनमूना देखाइराखेको छ ।

सहीरूपमा भन्ने हो भने जुनसुकै युग जुनसुकै धार्मिक संघसंगठन भए पनि बुद्धशासनको छाला ओढी आचरण शिक्षा नष्टभएका व्यक्तिहरू थोरबहुत भइरहनु स्वाभाविक नै हो । त्यस अतिरिक्त भिक्षुसंघले जातिभेद नगरी भावनाधर्मको चिन्तन, मनन सुआचरण एवं उद्योग अभ्यास गर्नचाहने सबै व्यक्तिहरूलाई स्वीकार गरीराखेको छ । यसरी मूलरूपले जातिभेदभई सोचाई र आचरण अभ्यास भिन्नखालका भएका पृथग्जन भिक्षुहरूमा प्रायश: एक अर्कोसँग खटपट भइरहनु र बेमेलहुनु स्वाभाबिक हो ।

जे भएपनि बुद्धिहीन चरित्रभ्रष्ट भिक्षुहरू शुद्ध स्वच्छ भिक्षुहरूको दाँजोमा संख्या त्यति बढी हुँदैनन् । भगवान् बुद्धले विनयशिक्षापदहरूमा प्रज्ञप्त गर्नुहुँदा बद्मास भिक्षुहरूको अनुचित क्रियाकलापलाई राम्रा भिक्षुहरूले उपहास एवं दोषारोपण गर्नुदेखि प्रारम्भगरेर प्रज्ञप्त गर्नुपरेको विषय विनयपिटकमा देखाइराखेको



Downloaded from http://dhamma.digital

छ। भगवान् बुद्ध स्वयंले पनि दुःशील भिक्षुहरूलाई उपेक्षितभाव राख्नुभएको छैन।

एकसमय भिक्षुहरूले अर्को एकजना भिक्षुलाई आपत्ति द्वारा आरोप लगाए। त्यस भिक्षुले त्यसप्रति द्वेष र क्रोधगरी मुख लगायो। वचनको बाण हान्यो। त्यो बेलामा भगवान् बुद्धले "हे भिक्षुहरू, यो दुःशील भिक्षुलाई अनुशासन गर, बुद्धशासनबाट निष्काशन गर। यो व्यक्ति बुद्धशासनबाट निष्काशन गर्नुपर्ने व्यक्ति हो। त्यस्तोले कसरी म तथागतको शासनलाई शुद्ध स्वच्छ पार्नसक्ने होला?" भनी आज्ञाहुनु भयो। (अंगुत्तरनिकाय अट्ठकनिपात कारण्डवसुत्त)

"भिक्षु नभइकन पनि भिक्षुजस्तो भानगर्ने धूलोसमान भएको भिक्षुलाई निष्काशन गर। कुहिएको शंख समान भएको हीन भिक्षुलाई तानेर भए पनि निष्काशन गर। शुद्ध स्वच्छ भिक्षुहरूको जीवनबाट चामलको बोक्रासमान भएको फाल्तु भिक्षुलाई निष्काशन गर।" (अंगुत्तरनिकाय अट्ठक निपात)

## (ग) भिक्षु जीवनको शान्ति सुख

भगवान् बुद्धको पालामा भिक्षुहरूप्रति वहाँ स्वयंले रेखदेखगरी अनुशासनगर्नु भएकोले र राम्रा राम्रा भिक्षुहरूले कमसल भिक्षुहरूलाई निन्दा उपहास दोषारोपणगर्ने गरेकाले संघसंगठनमा फाल्तु र हल्का फुल्का भिक्षुहरू, दुःशील भिक्षुहरू दीर्घकालसम्म टिक्नसक्दैनथे। त्यसोभएर भिक्षुहरू प्रायशः एकसमानको मनभई संगठित थिए। भिक्षुहरूको एकतालाई कोशलराजाले पर्यन्त प्रशंसा गर्नुपरेको थियो। "भन्ते, राजा,



Downloaded from http://dhamma.digital

ब्राह्मण सेंठ गृहपतिहरू र आमा छोरा भाई बहिनीहरू कलह विवाद गर्छन्। यो बुद्धशासनमा त भिक्षुहरू मिलिजुली हर्षितभई परस्पर प्रसन्न प्रफुल्लित स्नेह पूर्णभई रहेको देख्न पाइन्छ। अन्य शासनमा त्यसरी देख्न पाईदैन ।" (मज्झिमनिकाय धम्मचेतिय सुत्त) । भिक्षुहरूले मानसिकशान्ति र सुख पाइराखेका छन् । "आवुसो, तिम्रो इन्द्रियहरू प्रसन्न छन्। पर्योदातभई जाज्वल्यमान छ।" आदि भनी आयुष्मान् भावी सारिपुत्रले आयुष्मान् अस्सजिलाई भन्नुभएको कुरा अनुरूप भिक्षुहरूमा प्रायशः मानसिकशान्ति स्थिरता र सुखको स्वरूप लक्षण प्रकटरहेको छ। कोशलराजाले त्यो कारणको सम्बन्धमा भगवान् बुद्धलाई निवेदन गर्नुभयो, "भन्ते, तपाइ भगवान्को बुद्धशासनमा अत्यन्त प्रसन्न प्रफुल्लितभएका अत्यन्त प्रोत्साहितभएका अत्यन्त रमाएका धन्दा शूर्ता नभएका भिक्षुहरूलाई हामीले देख्न पाएका छौं । (धम्मचेतिय सुत्त)

भिक्षुहरूले मानसिकशान्ति सुखरहेको एक आपसमा मेलमिलाप प्रमुखरूपमा तृष्णाराग तृष्णासंयोजन गठबन्धन कमहुनाको कारणले हो । भिक्षुहरूले घरगृहस्थी बसाल्नुलाई पन्छाई स्वास्नी छोराछोरी भन्ने संयोजनलाई हटाइराखेका हुन्छन्। प्राप्त भए जति भोजन वस्त्र बसोबासहरूद्वारा सन्तोष मानिरहेका हुन्छन् ।

भिक्षुहरूले भिक्षाटनगरेर प्राप्तभएका खाद्य भोज्य अहिलेको अहिल्यै प्रयोगमा ल्याउनको लागिभएर दिउँसो रात्रिको निमित्त सजाएर राख्नको लागि नभएका सम्बन्धित पाचित्तिय शिक्षापदहरूद्वारा प्रष्ट रहेको छ। "जो भिक्षुले भोजन गरिरहँदा



Downloaded from http://dhamma.digital

'भयो', 'पुग्यो' भनी प्रतिषेधगरेर खाद्यभोज्य पदार्थलाई चपाउने गरेमा र खाइरहनेगरेमा त्यस भिक्षुलाई पाचित्तिय आपत्ति लाग्नेछ ।" (पाचित्तिय ३५) "जो भिक्षुले संचय संग्रह गर्नेगरी खाद्यभोज्यको सेवनगर्नेछ, त्यस भिक्षुलाई पाचित्तिय आपत्तिलाग्नेछ।" (पाचित्तिय ३८) "भिक्षुले अकप्पियकुटिभित्र खाद्यभोज्यलाई संचय गर्नुहुँदैन। आफू स्वयंले पकाउनु हुँदैन । अरूहरूले जथाभावी पकाएको भोजन सेवन गर्नुहुँदैन । त्यसरी सेवनगरेमा दुष्कृत्य आपत्ति लाग्दछ। "(महावग्ग भेसज्जक्खन्धक) राजगृह नगरमा दुर्भिक्षभई खाद्यपदार्थ अभावभएको बेला खाद्यपदार्थ संग्रहगर्ने, आफू स्वयंले पकाउने अथवा अरूहरूलाई पकाउन लगाउनेलाई अनुमति दिन्छु; तर खाद्यपदार्थहरू सुलभभई भोजनको निमित्त उद्योग व्यापार गर्नुपर्ने अवस्था नभएको बेलामा त्यो अपवादलाई फिर्ता लिएर खाद्यभोज्य पदार्थ संकलनगर्नुलाई निषेध गर्नुभएको छ।

भगवान् बुद्धको अभिमतअनुसार भिक्षुमा अष्ट परिष्कार बाहेक अन्य व्यक्तिगत चीजवस्तुहरू हुनुयोग्य छैन । "आनन्द, धार्मिकपूर्वक लाभभएको चीजवस्तु सबै कम्सेकम् भिक्षाटन द्वारा प्राप्तभएको भोजनलाई समेत भिक्षुले आफ्ना सब्रह्मचारी–हरूसित विभाजनगरेर सेवन गर्नुपर्छ।" (मज्झिमनिकाय सामगाम सुत्त) । "भिक्षुहरू, भिक्षुहरूले धार्मिकपूर्वक लाभभएको धर्मिय लाभहरूलाई कमसेकम पात्रभित्ररहेको भोजनलाई मात्र भए पनि सहधर्मीहरूसित सरोकारभएको गराई सेवनगर्ने गरेसम्म भिक्षुहरूलाई असलको अभिवृद्धिमात्र भइरहन्छ, परिहानी हुनेछैन।" (दीघनिकाय महापरिनिब्बान सुत्त) "चूलवग्गमा भिक्षुहरूले बाँडफाँडगर्न नमिल्ने सांघिक चीजवस्तुहरूको बारेमा बताई राखेको छ। ती हुन् : (१) आराम र आवासक्षेत्र (२) विहार र विहारक्षेत्र (३) खाट, कुर्सी,



Downloaded from http://dhamma.digital

सिरान, गद्दी, भाँडाकुँडा, घैंटो, बाटा, घडा, खुर्पा, वञ्चरो, खुकुरी, खड्ग, कोदाली, छिनो, लता, बाँस, कुशघाँस, दूबो, काठको सामान, माटोको सामान आदि हुन्। संघले होस् या त गणले त्यो सांघिक चीजवस्तुजस्तोलाई बाँडचुँड गर्न योग्य छैन । बाँडचुँड गरेपनि बाँडचुँड गरेको हुँदैन । बाँडचुँडगर्ने भिक्षुलाई थुल्लच्चय आपत्ति लाग्छ । त्यस्तो चीजवस्तु एउटा भिक्षुलाई त्याग्नुहुँदैन, दिनुहुँदैन। दिने भिक्षुलाई थुल्लच्चय आपत्ति लाग्छ। (चूलवग्ग सेनासनक्खन्धक )

वास्तवमा भन्ने हो भने उपर्युक्त तालिकामा समावेश नभएका अन्य चीजवस्तुहरू पनि कुनैबेला सांघिक चीजवस्तु भइसकेका हुनेछन्। पालि प्रज्ञाविद् एकजनाको मतअनुसार[१] यो तथ्य पाराजिक पालि निस्सग्गिय पाचित्तिय २२द्वारा स्पष्ट छ। "जो भिक्षुले पाँचवटा चीरापूर्ण नभइसकेको पात्र रहेको छँदाछँदै अन्य नयाँ पात्र मागेमा, निस्सग्गिय पाचित्तिय आपत्ति लाग्छ। त्यो पात्रलाई भिक्षुपरिषद्मा त्याग्नुपर्दछ।" यो शिक्षापदमा अन्य निस्सग्गिय पाचित्तिय शिक्षापदहरूमा देखानपर्ने "त्याग्नुपर्दछ" भन्ने कथन आउनुलाई आधारबनाएर त्यो अन्य निस्सग्गिय पाचित्तिय शिक्षापदहरूभन्दा पुरानोभएको विषय स्पष्ट रहेको छ । त्यस अतिरिक्त अन्य निस्सग्गिय पाचित्तिय शिक्षापदहरूसँग मेल नखाई "भिक्षु परिषद्" लाई त्याग (वा) दिनुपर्नेछ भनी भनि राखेकोले त्यो शिक्षापद प्रज्ञप्तगरिएको बेलामा पात्रहरूलाई संघले अधिकारमा लिइराखेको कुरा थाहा पाईन्छ। स्थविरले पात्रलाई ग्रहणगरेर आफ्नो पात्र दोश्रो भिक्षुलाई दिनुपर्नेछ। यो विधिद्वारा

[१] I. B. Horner, "The Book of the Discipline", Introduction p.p.xvi-xvii



Downloaded from http://dhamma.digital

सबभन्दा कनिष्ठ भिक्षुसम्म तहतहगरी ग्रहणगरेर सर्वन्तिम पात्रलाई त्यो आपत्तिलाग्ने भिक्षुलाई दिनुपर्नेछ भनी आएको शिक्षापद वर्णनद्वारा पनि त्यो अवस्थाको पात्र सांघिकवस्तु भएको विषय स्पष्ट हुन्छ।

त्यसरी मूल प्रारम्भिक अवस्थामा भिक्षुहरूको प्रयोजनका सामाग्रीहरू सांघिक चीजवस्तुहरू भएकोले भिक्षुहरूलाई व्यक्तिगत चीज अनुपयुक्तभएको कारणले नै हो कि थाहाभएन। गृहस्थीहरूले एक्लै भिक्षु भएको विहारमा चीवर दानगर्ने अवस्थामा समेत "संघलाई दानगर्दछु" भनी दानगर्दछन् (महावग्ग चीवर क्खन्धक)। धेरै भिक्षुहरूभएको विहारबाट एक न एकजना भिक्षुलाई दानगर्ने बेलामा पनि संघलाई लक्ष्यगरी दानगर्दछन्। उदाहरण– आयुष्मान् उपनन्दलाई खाद्यपदार्थ दान गर्नचाहेको दाताले "खाद्यपदार्थलाई आयुष्यान् उपनन्दलाई देखाएर संघलाई दान गर" भनी पठाए। (महावग्ग भेसज्जक्खन्धक)

भिक्षुले सांघिक चीजवस्तुलाई आफ्नो अधिकारमा रहेको चीजवस्तुजस्तो सम्झेर प्रयोग गर्नुहुँदैन। "भिक्षुले जानिजानिकन संघतिर झुकिसकेको (दान गरिसकेको) सांघिक लाभलाई व्यक्तिको निमित्त झुकाउन लगाएमा, पाचित्तिय आपत्ति लाग्दछ।" (पाचित्तिय-८२) उदाहरण–भिक्षुहरूले काठबाँस इत्यादि वस्तुको दान ग्रहणगरी आफूहरू बस्नको लागि विहार बनाएमा, वास्तवमा त्यो विहार ती भिक्षुहरूको विहार नभई सांघिक विहार हुनेभएकोले पछिपछि आइपुग्ने जोसुकै भिक्षु भएपनि त्यस विहारमा बसोबासगर्ने ठाउँ गाँसबाँस पाउने अधिकार हुन्छ। यसरी छवर्गीय भिक्षुहरूले अन्य भिक्षुहरूले बनाइराखेका विहारहरूमा घुसी विद्यमान



Downloaded from http://dhamma.digital

भिक्षुहरूलाई निष्कासनगरेको कारणले पछि आएका भिक्षुहरूले विद्यमान भिक्षुहरूलाई निष्कासन गर्नुहुँदैन भनी प्रज्ञप्त गर्नुपरेको थियो ।

एकजना भिक्षु रोगीभएर परलोक भएकोखण्डमा बाँकी रहेको पात्र चीवरहरू संघको अधीनमा पुग्दछ । तैपनि ती पात्र चीवरहरूलाई परलोकभएको भिक्षु बिरामीपरेको बेलामा उपस्थान गरेर आएका भिक्षुहरूलाई दिनुपर्दछ । रोगी भिक्षुलाई भिक्षु वा श्रामणेरले उपस्थानगरेर आएको भएमा चीवरलाई समानरूपले बाँडचुँडगरी दिनुपर्दछ । परलोकभएको भिक्षु थुप्रै सरसामान परिष्कार भएको भएमा त्यहाँका पात्र चीवरहरू बिरामी सेवक भिक्षुहरूलाई दिएर अन्य सानातिना हलुका चीजवस्तुहरूलाई संघले बाँडचुँडगरी ग्रहणगर्दछन् । गरुँगो चीजवस्तुहरू त चतुर्दिशा संघको सम्पत्तिभएकोले कोही पनि भिक्षुहरूलाई दिनुहुँदैन । विहारमा बस्ने संघले पनि बाँडचुँडगरेर लिनुहुँदैन ।

यी विभिन्न कथनलाई आधारबनाएर भगवान् बुद्धको पालाको भिक्षुसंघको मानवीय नीति समाजवादी स्वभावधर्ममाथि आधारितभएको तथ्य स्पष्ट छ । आफूले पाएको चीजवस्तुलाई अरूहरूलाई बाँडचुँड गरेरदिनु वास्तवमा एककिसिमको दान दिनु नै हो । संघसंगठनमा भिक्षुहरूले सामान्य मानिसहरूले जस्तै धनसम्पत्तिको खोजखाज गर्नुहुँदैन । आवश्यक चतुप्रत्ययलाई समेत उद्योग व्यापारगर्ने नगरिकन नै पाएजतिले अर्थात् गृहस्थीहरूले दिएजति कुराद्वारा सन्तोषभएर बस्नुपर्ने भएकोले लाभभएको चीजवस्तु जम्मैलाई बाँडचुँडगरेर दिनुले स्वल्पलाभभएको भिक्षुले त्यसको फल भोग्न पाइन्छ । लाभ



Downloaded from http://dhamma.digital

बढीभएर बाँडचुँडगरेर दिने भिक्षु अभावग्रस्त भिक्षुहरूको कल्याणमित्र हो ।

त्यसो भएकोले पनि भगवान् बुद्धले कल्याणमित्र प्राप्तहुनुको अत्यावश्यकतालाई अत्यन्त जोडदिएर उपदेश दिनुभएको हो । (चाप १८७-४७) । "भिक्षुहरू हो, कल्याणमित्र उपलब्ध हुनुभन्दा अन्य बढी उपकारक कुनै एकधर्मलाई पनि म तथागतले देखेको छैन ।" (इतिवुत्तक एकनिपात दुतियवग्ग दुतियसेखसुत्त )

यो कथन गृहस्थीहरूको लागि भन्दापनि भिक्षुहरूको लागि बढी सही हुनजानेछ। किनभने गृहस्थीहरूसँग आमाबाबु, ज्ञातिबन्धु र छोराछोरीहरू हुनेगर्दछ। भिक्षुहरूमा त्यसरी भरोसा लिन आमाबाबु ज्ञातिबन्धु र छोराछोरीहरू साथमा नभएकाले आ-आफ्ना सब्रह्मचारी भिक्षुहरूलाई कल्याणमित्रहरूको कर्तव्यअनुसार सहयोग र संरक्षणगर्नु अत्यावश्यक छ। यो क्षेत्रमा महावग्गमा आएको बुद्ध-वचनलाई होशराख्नुपर्दछ । "भिक्षुहरू हो, तिमीहरूलाई सेवागर्ने आमाबाबुहरू छैनन्, तिमीहरू आफैले परस्पर सेवा नगरेमा तिमीहरूलाई कसले सेवा गर्नेछ ?" (महावग्ग चीवरक्खन्धक चा.पं. ९७-९८)

भिक्षुले आफ्नो लाभलाई सहधर्मीहरूको निमित्त बाँडचुँड गरेर दिनुद्वारा आफ्नो चित्त परिशुद्धपार्न लाभ पुऱ्याएको हुनजान्छ। तसर्थ माथि उल्लेखगरेर आएजस्तै दीघनिकायमा कमसेकम भोजनलाई समेत बाँडचुँडगरी सेवनगर्न भगवान् बुद्धले उपदेश दिनुभएको हो । "भिक्षुहरू हो, सत्वप्राणीहरूले दानदिई बाँडचुँडगर्नुको प्रतिफललाई म तथागत बुद्धले जानेजस्तै जानेका



Downloaded from http://dhamma.digital

भए कुनै वस्तु दान नदिइकन खानेछैनन्। कपटीहुनु र ईर्ष्यागर्नु आदि अकुशलमलले चित्तलाई सोहोरेर अभिभूतपारी चित्तस्थिर हुनसक्तैन। कम्सेकम् एक गाँस एक मुट्ठी जति भोजन भएपनि बाँडचुँड नगरिकन खानेछैनन्।" (इतिवुत्तक एकनिपात ततियवग्ग दानसुत्त )

कपटीहुनु ईर्ष्यागर्ने हुनुभन्दा बढी मार्गफल निर्वाणलाई अन्तरायगर्ने अकुशल फोहोर मैलोकुरा त तृष्णा र लोभ हुन्। सम्पत्ति हुनुले तृष्णा र लोभलाई प्रोत्साहनदिने र निजी सम्पत्ति नहुनेले तृष्णा लोभलाई हटाउनमा सहयोगगर्ने तथ्यप्रति संशय गर्नुछैन। यो तथ्य भिक्षुसंघको मानवीय नीतिलाई सो (समाजवादी) स्वभावधर्म माथि आधारबनाएर संगठित गरिराखेको प्रमुख मूलकारण हुनुपर्दछ। सही हो कि भिक्षुले मार्गफल निर्वाणधर्मलाई उद्योग र अभ्यासगर्दा समुदयतृष्णालाई सकेसम्म हटाउनुपर्दछ। समुदयतृष्णालाई हटाउन कोशिसगर्दा तृष्णाको दोष अन्तरायहरूलाई बारबार चिन्तन मननगर्नुमात्रले पुग्दैन। तृष्णासहित तृष्णाको मूलजरो भएको 'मेरो चीजवस्तु, मेरो सम्पत्ति' भन्ने आशक्ति अथवा सत्कायदृष्टिलाई उत्पन्नगराउने व्यक्तिगत सम्पत्तिलाई सकेसम्म परित्यागगर्ने हुनुपर्दछ।

विभिन्न व्यक्तिगत चीजवस्तु मध्ये पैसा, दाम, कार्षापण नै पृथग्जन सत्त्वप्राणीहरूको चित्तलाई सबभन्दा बढी आकर्षणदिई समुदयतृष्णालाई अत्याधिकरूपमा प्रोत्साहनदिने चीज हो। त्यसोभएर बौद्धसंघसंगठनमा सुनचाँदी कार्षापणलाई व्यक्तिगत चीजको रूपमा र सांघिकचीजको रूपमा स्वीकारगरी प्रयोगमा ल्याउनुलाई कडाईका साथ निषेध गरेको छ। यो ठाउँमा सुनचाँदी



Downloaded from http://dhamma.digital

कार्षापणसित सम्बन्धित शिक्षापदको अत्यावश्यकतालाई उल्लेख गर्नुयोग्य छ ।

"जो भिक्षुले सुनचाँदीलाई आफू स्वयंले भएपनि ग्रहणगर्ने छ र अरूलाई भएपनि ग्रहणगराइने छ। सामुन्ने राखी छोडेकोलाई भएपनि मज्जालाग्ने छ, त्यस्तो भिक्षुलाई निस्सग्गिय पाचित्तिय आपत्ति लाग्दछ ।" (निस्सग्गिय पाचित्तिय १८)

यो कुरा पाचित्तिय, निस्सग्गिय पाचित्तिय भएतापनि अन्य निस्सग्गिय पाचित्तियसँग एकसमान नभई विशेषतारहेको त अन्य निस्सग्गिय पाचित्तियहरूमा दोषरहेको भिक्षुले सम्बन्धित चीजवस्तु संघलाई परित्यागगरेर देशना गरिसकेपछि संघले भिक्षुलाई चीजवस्तु फिर्ता दिनुपर्दछ । यो पाचित्तियमा भने भिक्षुलाई सुनचाँदी फिर्ता दिनुपर्दैन । यदि आरामरक्षक भएपनि उपासक भएपनि आउँछ भने त्यो व्यक्तिलाई सुनचाँदी दिएर घ्यू तेल मह सख्खर आदिद्वारा अनुकूलहुने चीज भन्नुपर्दछ । त्यो व्यक्तिले सुनचाँदीद्वारा अनुकूलहुने चीजवस्तु किनेरल्याउने बेलामा दोषरहेको भिक्षुले बाहेक अन्य सबै भिक्षुले सेवन गर्नपाइन्छ ।

यदि आरामरक्षक अथवा उपासकले अनुकूलभएको कुनै खाद्यवस्तु किनिदिने चाहना नराखेमा त्यो व्यक्तिलाई कुनै एक ठाउँमा गएर सुनचाँदीलाई मिल्काईदिन भन्नुपर्दछ । यदि त्यो व्यक्तिले नमिल्काएमा चारवटा गतितिर नलागी कुनै किसिमले परित्यागगरेमा साँच्चैको परित्याग हुन्छ भनी जान्नेबुझ्ने एकजना भिक्षुलाई "सुनचाँदी परित्यागगर्ने भिक्षु" भनेर गृहस्थी श्रमणसबैले थाहापाउने गरी सम्मतगरेर नियुक्त गरिसकेपछि त्यो भिक्षुलाई



Downloaded from http://dhamma.digital

मिल्काउन लगाउनुपर्नेछ । त्यो भिक्षुले मिल्काएको ठाउँलाई संकेत चिन्ह नराखिकन नै सुनचाँदी मिल्काउनुपर्नेछ । संकेत चिन्हराखेर मिल्काएमा दुष्कृत्य आपत्ति लाग्दछ ।

यी कथनहरूद्वारा सुनचाँदी अथवा पैसा दाम कार्षापण भिक्षुसंघसित कति हदसम्म प्रतिकुल हुन्छ भन्ने विषय स्पष्ट छ। यो शिक्षापदसित सम्बन्ध राख्दा डा. ओल्डेन् वर्गको लेखाभनाई स्मरणीय हुन्छ ।

"यो शिक्षापदद्वारा भएपनि यो शिक्षापदलाई भिक्षुसंघले अनुसरणगरी संरक्षणगरेर भएपनि पुराना बुद्धसंघसंगठन लौकिक ऋद्धि चमत्कार र लौकिक सुख ऐश्वर्यप्रति बिल्कुल आसक्तिबाट रहितभएको तथ्य अति नै स्पष्ट छ । बुद्धसंघसंगठन वास्तविक रूपमा यसको लक्ष्यअनुरूप विभिन्न लौकिक कृत्यहरूसँग अलग भएर वर्तचक्र दुःखबाट मुक्तहुनु र सुखशान्तिहुनु गवेषणगर्ने संगठन हो । त्यस किसिमको संगठन होइन भने सुनचाँदी माथि त्यसरी तृष्णा आलय बिल्कुल निर्लिप्तरूपमा विच्छेद हुनसक्ने हुँदैन ।"[१]

भिक्षुहरू निजी सम्पत्ति नभएका हुनेहुनाले तृष्णासंयोजन कमभएका हुन् । तृष्णासंयोजन कमभएका कारणले शरीर र मन स्वतन्त्र हुन्छन् । वर्षावासपछिको समयमा एक ठाउँबाट अर्को ठाउँतिर रोकावट बिना एकदम स्वतन्त्ररूपमा आवतजावत गर्नसक्छ । मायालाग्ने आसक्तहुनुपर्ने धनसम्पत्ति नभएको कारणले मन स्वतन्त्रभई सुखीभएको हुन्छ । तैपनि बुद्धसंघसंगठनमा

---

१ Oldenberg, "The Buddha", p.358



Dhamma.Digital
Downloaded from http://dhamma.digital

व्यक्तिगतसम्पत्ति नरहनुमात्रले नै भिक्षुहरूको स्वतन्त्रतालाई सहयोग पुऱ्याउने होइन । त्यो स्वतन्त्रतालाई सहयोगगर्ने अन्य एउटा कारण रहिरहेको छ । त्यो संघसंगठनमा भिक्षुहरूको स्वतन्त्रतालाई रोक्ने प्रतिबन्धराख्ने नेतृत्वगर्ने व्यक्ति कोही नहुनु हो ।

यो तथ्य भिक्षुसंघको विशिष्ट लक्षण हो । ब्राह्मण र जैनसंघहरूमा धर्मसित सम्बन्धराखेर भएपनि आचरणसित सम्बन्धराखेर भएपनि निर्णयगरेर मार्गनिर्देशनगर्ने आचार्य परम्परारहेको भएतापनि बुद्धसंघमा त्यस्तो आचार्यरहेको छैन । समन्तपासादिका ग्रन्थमा आयुष्मान् बुद्धघोषाचार्यले उपालिदेखि मोग्गलिपुत्ततिस्ससम्म आचार्य परम्पराहरूको नाउँहरू उल्लेख गरेर देखाएको छ । तैपनि त्यो ग्रन्थमा बुद्धघोषले भन्नचाहेको आचार्यको जस्तो अर्थ अभिप्राय विनयपिटकमा फेलापर्दैन । उपालि विनयसित सम्बन्धराखेर सम्पूर्ण संघमाथि प्रभावरहेको सँधैको विनय अधिकारी व्यक्ति होइन । त्यो त विनयमा दक्ष र पारङ्गत भएकोले सङ्गायनको निमित्त नियुक्त गरिराखेको विनयधर व्यक्तिमात्र हो । वास्तवमा बुद्धसंघ संगठन ओल्डेनवर्गले लेखेजस्तै "भगवान् बुद्ध विद्यमानरहेको अवस्थामा आचार्य र शिष्यहरूको संगठन न हो । त्यो राजाको प्रशासनबाट गणतन्त्रात्मक प्रशासनतिर संस्थान प्रकृया परिवर्तनभएर जानु अथवा भगवान् बुद्ध परिनिर्वाणहुनु भइसकेपछि अलग्ग स्वतन्त्र सानो संगठन समूहको रूपतिर परिवर्तनभएर जानुजस्तो ब्राह्मणहरूको धार्मिक इतिहासमा थिएन ।"[१]

---

१ Oldenberg, Ibid, p.337



Downloaded from http://dhamma.digital

वास्तवमा भन्ने हो भने भगवान् बुद्धको पालाका बुद्ध र संघको व्यवहारलाई राजा र नागरिकहरूको व्यवहारसित तुलनागर्नु नै गलत छ। किनभने राजा देश र जनताको प्रमुख नेताभंएर भगवान् बुद्धले संघले आफूलाई प्रमुख नेताको रूपमा सम्झि– राख्नुलाई बिल्कुल रूचाएको थिएन। "आनन्द, मैलेमात्र संघलाई प्रमुख नेतृत्व गर्नेछु। संघमा ममात्रै शरणयोग्य रहने छ भन्ने मनोवृत्ति म तथागतमा छैन। .... तिमीहरूले आफूलाई मात्र आधारबनाई आफूबाहेक अन्य शरण नहुनेगरी आफू नै आफ्नो शरणरहेको भई बस्ने गर।" (महापरिनिर्वाण सुत्त, चाप ६)

आफू स्वयंले समेत संघको प्रमुखनेता बन्न नचाहने भगवान् बुद्धले संघलाई प्रमुखरूपमा प्रशासन चलाउन कुनै एकजना श्रावकशिष्यलाई समेत अभिभार नसुम्पिनु आश्चर्यजनक होइन। देवदत्तले भगवान् बुद्धलाई, "भन्ते तपाईं वृद्ध र जीर्ण भईसक्नु भो, त्यसैले भिक्षुसंघ मलाई सुम्पिनुहोस्। म भिक्षुसंघलाई वहनगर्नेछु" भनी निवेदनगर्दा भगवान् बुद्धले म तथागतले सारिपुत्र मौद्गल्यायनहरूसमेतलाई भिक्षुसंघ सुम्पिने छैन। तिमीजस्तो हीनव्यक्तिलाई किन सुम्पिनुपर्ने होला भनी आज्ञा हुनुभयो। सही हो, भिक्षुसंघको प्रमुखनेता हुनलाई आकांक्षाराख्नु भगवान् बुद्धको मतसँग विरोधभई बुद्धवादले त्यस किसिमको आकांक्षालाई निन्दा र उपहास गर्दछ। "मूर्खले आफूमा नभएको गुणलाई, भिक्षुहरूमाथि प्रमुखनेता हुनुलाई, विहारमा अधिकार जमाउनुलाई, गृहस्थपरिषद्मा पूज्य हुनुलाई आकांक्षा राख्दछ।" (धम्मपद–७३)



Downloaded from http://dhamma.digital

भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएपछि भिक्षुसंघ भगवान् बुद्धको अभिमतअनुरूप नेतृत्वगर्ने व्यक्ति नभएको धार्मिकसंगठन भएर आयो । यो तथ्यसितको सम्बन्धमा वर्षाकार ब्राह्मणलाई जवाफदिनु भएको आयुष्मान् आनन्दको कथन छर्लङ्ग देखिन्छ । "ब्राह्मण, यो भिक्षु म तथागत परिनिर्वाणहुने अवस्थामा तिमीहरूको शरण हुनेछ" भनी बुद्धले स्थापना गर्नुभएको एकजना भिक्षु मात्र पनि छैन । यो भिक्षु भगवान् बुद्ध परिनिर्वाण हुनुभइसक्दा हामीहरूको शरणहुने छ भनी संघले सम्मतगरिएको धेरै भिक्षुहरूले समर्थन गरिराखेको भिक्षु पनि छैन । भिक्षुसंघले आदर गौरवगरी मानपूजा गरिराखेको भिक्षु पनि छैन ।" (मज्झिमनिकाय गोपकमोग्गल्लान सुत्त)

त्यसोभएर बुद्धसंघसंगठनमा नेतृत्वगर्ने व्यक्तिछैन । एककिसिमले भन्ने हो भने अरूहरूप्रति यस्तो गर्नुपर्दछ, यस्तो गर्नुहुँदैन भनी हुकुम दिनसक्ने अधिकारप्राप्त व्यक्ति एकजना मात्र पनि छैन । संघकृत्यहरूलाई व्यवस्थागरेर वहनगर्ने अवस्थामा संघले जिम्मा लगाईराखेको व्यक्तिहरू रहेको सही हो । तैपनि त्यो व्यक्तिले आफ्नो मनसाय बमोजिमगर्ने नभई संघको सट्टामा गर्नुपर्नेभएको विषयलाई विशेष ख्यालराख्नुपर्दछ । "त्यो भिक्षु दूतकार्यहरूमा समर्थवान छ । संघको कृत्यहरू राम्ररी ग्रहणगर्दछ । भिक्षुसमूहले खटाउँदा कुरा सुन्दछ । त्यसरी सुन्नुद्वारा "मैले गर्छु" भनेर लापरवाही गर्नुहुँदैन ।" (महावग्ग कोसम्बकक्खन्धक)

बुद्धसंघसंगठनमा भिक्षुहरूको आदरगौरव ग्रहणगर्नयोग्य महास्थविरहरू छन् । "भिक्षुहरू हो, भिक्षुहरूले भिक्षुवास परि पक्वभएर दीर्घायुभएका भिक्षुहरू संघप्रमुखभएका महास्थविर



Downloaded from http://dhamma.digital

भिक्षुहरूलाई आदरगौरव मान सम्मान र पूजागरी ती महास्थविरहरूको कुरा सुन्नुपर्दछ भनी सम्झिरहुञ्जेलसम्म भिक्षुहरूलाई राम्रो अभिवृद्धिमात्र भइरहनेछ। परिहानी हुनेछैन।" (महापरिनिब्बाण सुत्त)। तैपनि यो पालिमा "संघप्रमुख" भनेको संघको अधिकारी प्रमुखनेता भन्नखोजिएको होइन। महास्थविरहरूको कुरालाई सुन्नयोग्य छ भनेकोमा पनि सही र गलतलाई विभाजन नगरिकन आँखा चिम्ली स्वीकारगरेर पछि लागि वहनगर्नुपर्नेछ भनी भन्नखोजेको नभएको विषयतिर ख्यालगर्नुपर्दछ।

त्यस्तै भिक्षुले आफ्नो उपाध्यायगुरुप्रति आदरगौरव राख्नुपर्दछ। तैपनि उपाध्यायगुरुमा सँगसँगै बस्ने शिष्यमाथि अधिकार जमाउनुछैन। अर्को विधिले भन्ने हो भने शिष्यले गुरुको आज्ञालाई सदासर्वदा आँखा चिम्ली सुन्नुपर्नेछ भनी सम्झि राख्दैन। यसरी सम्झि नराख्नु बुद्धको अववादअनुरूप भएकोले दोश्रो संगायन आरूढगर्दा भिक्षुसंघले गहनतापूर्वक समर्थनगरी निर्धारितगरेका हुन्। (आयुष्मान् यस) "भन्ते, यो कार्य मेरो उपाध्यायगुरुले अभ्यास गर्नुहुन्छ, त्यो कार्यलाई अभ्यासगर्नु अनुकूल हुन्छ कि ?" (आयुष्मान् रेवत)। "आवुसो, कुनै कुनै अभ्यास अनुकूल छ, कुनै कुनै अभ्यास अनुकूल छैन।" (चूलवग्ग सत्तसतिकक्खन्धक )

यो क्षेत्रमा महावग्गमा आएको उपाध्याय अर्थात् निश्रयाचार्य र सब्रह्मचारी शिष्य भिक्षुहरूको व्यवहारलाई ख्यालगर्नुपर्दछ। त्यो खन्धकमा उपाध्याय अर्थात् निश्रयाचार्यको आचरणब्रत र शिष्यको आचरणब्रतहरूलाई लामो गरिकन परिपूर्णरूपमा देखाइ राखेको छ। त्यसरी देखाउनुमा विशिष्टता त शिष्यले गुरुलाई



Downloaded from http://dhamma.digital

विशेषरूपमा गर्नुपर्ने आचरणव्रतहरू कम भएर थुप्रै शिष्य आचरणब्रतहरू गुरुको आचरण ब्रतहरूसित समान भइरहनु नै हो।

उपमा खोली भन्नुपर्दा "शिष्यले बिहान सबेरै गुरुलाई मुखधुने पानी र दतिवन अर्पण गर्नुपर्नेछ। यागु प्रदानगरी ठाउँलाई बढार्नुपर्नेछ। गुरुले भिक्षाटन जानचाहेमा पात्र चीवर दिएर वहाँको पछिलाग्ने भिक्षुको आवश्यकरहेमा गुरुको पछिपछि लाग्नुपर्नेछ। गुरुको चीवर धोइदिनुपर्नेछ, सिइदिनुपर्नेछ, रङ्गाएर दिनुपर्नेछ।"

यस्ता केही कृत्यहरू बाहेक अन्य कृत्यहरूमा गुरु र शिष्यबीच एकअर्कोप्रति गर्नुपर्ने आचरणब्रतहरू अलिकति पनि भेदविभेदरहेको छैन। उदाहरणको रूपमा—"गुरुले भोजनगर्न चाहनुभएमा शिष्यले प्रयोगगर्न पानी दिएर भोजन अर्पण गर्नुपर्नेछ। गुरुलाई पिउने पानी आवश्यक छ कि भनी सोध्नुपर्नेछ। भोजन गरीसक्नुभएको गुरुलाई पानी दिएर आफूले पात्र ग्रहणगरी धोई शुद्धगरी घाममा सुकाई दिनुपर्नेछ। गुरुले नुहाउनचाहेमा नुहाउने पानी व्यवस्था गरिदिनुपर्नेछ। नुहाईरहँदा गुरुको निमित्त शरीरको मैलो सफागरिदिने आदि जम्मै सेवा गरिदिनुपर्नेछ। गुरुबस्ने विहारमा धूलो छ भने यथाशक्य सफासुग्घर पारिदिनुपर्नेछ।"

यस्ता कुनै कुनै शिष्यको आचरणब्रतहरूलाई निम्न गुरुको आचरण ब्रतहरूसित तुलनागरी हेर्नुपर्दछ।

"शिष्यले भोजन गर्नचाहेमा गुरुले प्रयोगगर्न पानी दिएर भोजन दिनुपर्नेछ। शिष्यलाई पिउने पानी आवश्यक छ कि भनी सोध्नुपर्नेछ। भोजन सिध्दिसकेपछि शिष्यलाई पानी दिएर पात्र



Downloaded from http://dhamma.digital

ग्रहण गरिसकेपछि त्यसलाई धोई सफा सुघरगरेर घाममा सुकाइदिनुपर्नेछ। शिष्यले नुहाउनचाहेमा नुहाउने पानी व्यवस्था गरी दिनुपर्नेछ। नुहाइरहँदा जीउमा मैला सफागर्नु आदि सबै काम गरिदिनुपर्नेछ। शिष्य बस्ने विहारमा धूलो भएमा यथाशक्य सफासुघर गरिदिनुपर्नेछ।" (महावग्ग महाखन्धक)

यी कथनहरूद्वारा गुरू शिष्यलाई उपदेशअनुशासन गर्नुपर्ने व्यक्ति भएता पनि त्यसरी उपदेशअनुशासन गर्नपाउनुद्वारा शक्ति अधिकार भने पाएको हुँदैन। विशेष अवसरलाई अनुभव गर्ननपाउने भएको विषय स्पष्टरहेको छ। गुरु शिष्यभन्दा भिक्षुवास बढीभई जान्ने सुन्ने दक्षताहुने भएता पनि वास्तविकरूपमा सधैं निर्दोष रहेको ब्यक्ति नहुनेभएकोले गलत बाटो अपनाएका गुरुलाई सही कुरा खोलिदिनु शिष्यको एउटा ब्रताचरण भएको तथ्य विनयपिटकमा दर्शाइराखेको छ।

"गुरु खिन्नरहेको भएमा शिष्यले आफू स्वयंले गुरुलाई अन्य ठाउँतिर पदार्पणगराई लैजानुपर्दछ। अरूलाई भएपनि त्यसरी नै बोलाएर लग्नु आवश्यक छ। गुरुलाई धर्मकथा भएपनि स्मरणगराउनु उचित छ। गुरुमा संशय कुक्कुच्च भएमा शिष्यले त्यसलाई हटाइदिने कोशिस हुनुपर्दछ। गुरुबाट मिथ्यादृष्टि ग्रहण भएमा शिष्यद्वारा स्पष्ट पारीदिने जमर्को गर्नुपर्नेछ। धर्म उपदेशको कुरा भए पनि अगाडि सारिदिनुपर्नेछ।" (महावग्ग महाखन्धक)

यी कथनहरूद्वारा बौद्धसंघसंगठनमा गुरु र शिष्यबीचको सम्बन्ध र व्यवहारसमेत माथिल्लो व्यक्ति र तल्लो व्यक्ति भन्ने खालको व्यवहार नदेखी समानस्तरको दुई ब्यक्ति बीचको ब्यवहार



Downloaded from http://dhamma.digital

सम्बन्धजस्तो अर्थात् सँगैबस्ने दुईजना साथीको व्यवहारको रूपमाभएको सम्पर्कजस्तो रहेको विषय स्पष्ट हुन्छ। वास्तवमा महायान विनय ग्रन्थहरूमा उपाध्यायगुरुलाई कल्याणमित्र भनि राखेको छ।[1] यसरी ठूलो सानो भनी स्तर छुट्याउने अधिकार कसैलाई पनि नसुम्पेर सम्पूर्ण संगठनलाई स्वतन्त्रताप्रदान गरि–राख्नु बुद्धसंघको विशिष्ट लक्षण हो। यसप्रकारको विशिष्टताको मूल सुरुवात भारतीय बुद्धवादको चारैतिरको कारणधर्म माथि आधारित भएको हुनुपर्दछ। ईशापूर्व छैठौं शताब्दीको युगमा भारतको उत्तरीक्षेत्रमा कोशल, मगध आदि राजाहरूले राज्य गरिराखेका ठूला राष्ट्रहरू र त्यससँगै भएका सक्क (शाक्य) मल्ल, वज्जी (वृजी) आदि साना राष्ट्रहरू प्रार्दुभावभएका थिए। ती साना राज्यहरूमा क्षेत्रीय नेताहरूले पटक-पटक सभागरी सरसल्लाह र छलफलगर्ने र मतदानद्वारा निर्णयगर्ने आदि प्रजातान्त्रिक विधिहरूद्वारा राष्ट्र र देशको कामकाजको व्यवस्था गरी त्यसलाई वहनगर्ने गर्दछन्। बुद्धसंघले प्रजातान्त्रिक स्वभावधर्महरूलाई राष्ट्रहरूबाट प्रशासन चलाउने प्रक्रिया र नीतिहरू नमूनाको रूपमा लिएकोजस्तो देखिन्छ। यस क्षेत्रमा महापरिनिर्वाण सूत्रमा भगवान् बुद्धले आनन्दलाई वज्जी राजाहरूले बरोबर धेरैपटक एकजूटभई सभागरेर राष्ट्र र देशका क्रियाहरूलाई वहन गरिरहेजस्तै भिक्षुहरूले बरोबर धेरैपटक एकजूटभई सभा गरेर संघकृत्यहरू वहनगरिरहेसम्म उन्नति बृद्धि भइरहने कारण रहेको कुरा आज्ञाभएको तर्फ ख्यालगर्नुपर्दछ।

तैपनि बुद्धसंघमा प्रजातान्त्रिक सिद्धान्त रहिरहनु वरि–परिको एउटै विषयको कारणले होइन। जैनसंघ संगठन बुद्धसंघ

---

[1] N. Dutt, "Aspects of Mahayana Buddhism", p.312



Downloaded from http://dhamma.digital

संगठनसँगसँगै मध्यदेशमा सुरुगरी प्रादुर्भावभएर आएको भएतापनि प्रजातान्त्रिक सिद्धान्तलाई बुद्धसंघसंगठनले त्यति धेरै स्वीकारेका थिएनन् । त्यसको अतिरिक्त बुद्धवाद र बुद्धसंघ राजाहरूले राज्यगर्ने कोशल, मगध आदि ठूला राष्ट्रहरूमा शक्तिशाली र प्रभावशालीभएर आए। त्यसोभएता पनि बुद्धसंघमा राजाहरूजस्ता अधिकारी व्यक्ति नहुनुले भगवान् बुद्ध स्वयंले स्वतन्त्रतालाई अपनाई भिक्षुहरूको व्यक्तिगत स्वतन्त्रतालाई प्राथमिकतादिन चाहनुभएको हुनुपर्दछ।

**घ) प्रातिमोक्ष**

महापरिनिर्वाण सूत्रमा आएको भगवान् बुद्धको अववादअनुरूप भिक्षुसंघले बारबार सभागरी एकमतभई वहनगर्नुपर्ने थुप्रै कृत्यहरू रहेकामध्ये महिनाको दुइचोटि उपोसथ गर्नुपर्ने कृत्य सबभन्दा महत्वपूर्ण कृत्य हो। यो क्षेत्रमा बर्षाकार ब्राह्मणलाई आयुष्मान आनन्दद्वारा आज्ञाभएको कुरालाई ख्याल राख्नुपर्दछ।

वर्षाकार ब्राह्मण – "आनन्द, आयुष्मान गौतमले तपाईंहरूको शरणको रूपमा कुनै भिक्षु राखिछोडेको छैन। संघले शरणको रूपमा सम्मतगरिएको भिक्षु पनि कुनै छैन । त्यसरी शरणरहितभएर पनि तपाइहरूको एकता भनेको के हो ?"

आनन्द – "हे ब्राह्मण, हामीहरू शरणरहित भएका छैनौं। हामीमा धर्मनामक विषय शरण छ। "

वर्षाकार – "आयुष्मान् आनन्दको कथनलाई कसरी सम्झनुपर्ला ?"



Downloaded from http://dhamma.digital

आनन्द – "भगवान् बुद्धले भिक्षुहरूलाई शिक्षापद प्रज्ञप्तगर्नुभई प्रातिमोक्षलाई दर्शाउनुभयो। उपोसथ दिनमा एउटा गाउँको सीमानालाई आधारबनाएर बस्नेगरेका भिक्षुहरूले एकसाथ समागमभई प्रातिमोक्षलाई अभ्यासगर्ने भिक्षुलाई पढाइन्छ। त्यसरी पढेर पनि आपत्तिरहेका भिक्षुलाई हामी धार्मिकपूर्वक आचरणशील बनाउँछौं। भिक्षुलाई आचरणशील बनाउँदा त्यस भिक्षुले आफूलाई आचरणशील बनाएको संघले होइन। अपितु धर्मले मात्र हो भनी जान्दछ र बुझ्दछ।" (मज्झिमनिकाय गोपकमोग्गल्लान सुत्त।)

आयुष्मान आनन्दले भन्नचाहेको प्रातिमोक्ष दर्शाउने बानी बुद्धवाद प्रार्दुभाव भईसकेर निकै समय बितिसक्दामात्र भिक्षुसंघमा प्रार्दुभावभएको हो। प्रातिमोक्ष महिनाको दुईचोटि उपोसथका दिनमा भिक्षुसंघहरू एकजूटभई समागमभएर सुन्नुपर्ने भगवान् बुद्धले प्रज्ञप्तगर्नुभएको विनयशिक्षापद समूहको रूपमा पुग्नुभन्दा अगाडि दुईतह नाघेर आइसकेको छ। बुद्धसंघको इतिहासमा सर्वप्रथम प्रातिमोक्ष दर्शाउनुलाई दीघनिकायमा निम्नअनुसार उल्लेख गरिराखेको छ।

विपस्सी सम्यक्सम्बुद्धमा भिक्षुहरूलाई प्रातिमोक्ष प्रदर्शन गर्नपाएमा राम्रो हुँदो हो भनी विचार उत्पन्न भयो। त्यसोभएर भिक्षुहरू ६-वर्षमा एकचोटि विभिन्न ठाउँबाट आइपुगी समागमभइसक्ने अवस्थामा विपस्सी सम्यक्सम्बुद्धले यसरी प्रातिमोक्ष दर्शाउनु हुन्थ्यो :–



Downloaded from http://dhamma.digital

"सहनगर्नु धर्म पवित्र आचरण हो । भगवान् बुद्धले निर्वाणलाई सर्वोत्तम छ भनी आज्ञाभएको छ। भिक्षुले अरूलाई सास्तिगर्दैन । अरूलाई सास्तिगर्ने व्यक्ति भिक्षु हुँदैन । कुनैपनि प्रकारको अकुशलकार्य नगर्नु, कुशलकर्मलाई पूर्णगराउनु, आफ्नो चित्तलाई परिशुद्धपार्नु, यी तीनवटा बुद्धहरूको अनुशासन हुन् । कसैलाई आरोप नलगाउनु, सास्ति नगर्नु प्रातिमोक्ष (शील) लाई संयमगर्नु, भोजनमा मात्रा ज्ञानहुनु, सामान्यजनहरूबाट नजिक नभएको अरण्य विहारमा बस्नु र अतिपवित्र समाधिचित्तका कार्यलाई उद्योगगर्नु यी ६–वटा पनि भगवान् बुद्धहरूको अनुशासन हुन् ।" (दीघनिकाय महापदान सुत्त)

विपस्सी सम्यक्सम्बुद्ध यो कल्पभन्दा माथि एकानब्बे (९१) कल्पमा उत्पन्न भईसक्नुभएको भनी भनिराखेको उपर्युक्त प्रातिमोक्ष बुद्धवादको इतिहासमा सबभन्दा पुरानो प्रातिमोक्षभएको विषय संशयरहित छ। ६–वर्षमा एकचोटि भिक्षुहरू समागमभई प्रातिमोक्ष सुन्ने गरिन्छ भनिएको कथनद्वारा पनि भरखर भरखर बुद्धवाद प्रादुर्भावभएको बेलामा भिक्षुहरू एक्लै एक्लै आवतजावत गरिरहने अरण्यवासी भिक्षुहरूभएर पछिल्लो समयमाजस्तो सबै भिक्षुहरू बरोबर समागमभई प्रातिमोक्षसुन्न कठिनरहेको विषय स्पष्ट हुन्छ ।

महापदान सुत्तमा आएको प्रातिमोक्ष विनयपिटकमा रहेको प्रातिमोक्षसित समान नभएको विषयलाई ख्यालगर्नुपर्दछ ।

यी कुरा भिक्षुहरूले विरतरहनको लागि भगवान् बुद्धले प्रज्ञप्त गरिराख्नुभएका धर्मसमूह नभई भगवान् बुद्ध र शिष्य



Downloaded from http://dhamma.digital

भिक्षुहरूले स्वीकारगरी विश्वासगरेको धर्मसमूह हो। अर्को विधिले भन्ने हो भने सुरू सुरूमा भर्खर बुद्धवाद प्रार्दुभावभएको बेला प्रातिमोक्ष दर्शाउनुभनेको भिक्षुहरूलाई उनीहरूको दोष भएमा उनीहरूलाई संघको बीचमा भएका दोषलाई प्रकटगराएर स्वीकार गर्न लगाउनको निमित्त नभई भगवान् बुद्धले उपदेशदिनुभएको मुख्य प्राथमिक धर्मसंग्रहलाई सबै भिक्षुहरू एकत्रितभई सुन्न र ती कुरा प्रकटगराउनको निमित्त मात्र हो। उदाहरणको रूपमा आजकालका सभा सोसाइटि संगठनहरूले प्रत्येकवर्ष वार्षिक साधारणसभा बोलाई आफ्ना क्रियाकलाप वा निर्णयहरूलाई प्रकाशमा ल्याई प्रस्तुत गर्नुजस्तै हो।

सुरूमा प्रातिमोक्ष, भिक्षुहरू कहिलेकाहिँ भेलाभई सुन्न गरिएको बुद्धधर्मका समूहबाट भिक्षुहरूको लागि पालनगर्न निर्धारित गरिराखेको नीतिसंग्रहरूपमा परिवर्तनभएर आएको हो। वास्तवमा सुत्तविभंग ग्रन्थमा उल्लिखित शिक्षापदहरूको प्रक्रिया भिक्षुहरूद्वारा पालनगर्न भगवान् बुद्धका विनयनियमहरूलाई साधारण र स्पष्टरूपमा देखाइराखेको प्रक्रियाजस्तो रहेको छ। त्यसभन्दा पछि खन्धकग्रन्थहरू प्रार्दुभावभएर आएको बेलामा भने प्रातिमोक्ष विनयनियमसंग्रहलाई मात्र उल्लेख गर्नखोजेको नभई भिक्षुसंघद्वारा उपोसथगर्ने कृत्यसित सम्बन्ध जोडिराखेको कथनको रूपमा आयो। त्यसोभएर चूलवग्गमा आएको प्रथमसंगायन विषयको काण्डमा आयुष्मान् कश्यपले आयुष्मान् उपालिलाई विनयसम्बन्धी सोध्नुभएको बेलामा प्रातिमोक्ष भन्ने शब्द बिल्कुल देखापरेको थिएन। वास्तवमा त्यो बेलामा प्रातिमोक्ष पाराजिक, संघादिसेस आदि शिक्षापदहरूमात्र उल्लेख गर्नचाहेको



Downloaded from http://dhamma.digital

नभई संघको उपोसथकृत्यसित जोडिरहेको विषयभएको तथ्य प्रथमसंगायन गर्नुहुने स्थविरहरूले बुझेका थिए ।

बुद्धवादी भिक्षुहरूको उपोसथगर्ने चलन बुद्धवाद प्रार्दुभाव हुनुभन्दा अगाडि पुरातनप्रवेणीको वेदयुगका आर्यहरूको उपोसथ धारणगर्ने रीतिथितिसित जोडिरहेको छ । पूर्णिमाको दिन र अमावाश्याको दिनहरू वेदयुगदेखि भारतीयहरूको विशेष दिनको रूपमा पवित्रदिन भनी मानिआएको थियो । ती दिनहरूमा पूर्णमासी र दश नामक पूजाउत्सवहरू मनाउने चलन भएकोले पूजागर्ने व्यक्तिले ती दिनहरूमा खानानै नखाई अथवा विकालभोजन नगरी रातको समयमा अग्निपूजागरेर राखेको कोठाभित्र प्रवेश गरी बस्ने गर्नुपर्दछ । ती दिनहरूमा देवशक्रहरू उपवास धारणगर्ने व्यक्तिसितसँगै बस्छन् भन्ने धारणाभएर ती दिनहरूलाई उपवास दिन (उप=नजिकमा, वास=बस्ने) भनी भन्दछन् ।[1]

त्यस्तो थिति भारतमा फैलिएर यज्ञपूजा गरिनुलाई विश्वास नगर्ने धार्मिकगणहरूले पनि स्वीकारगरी मान्दछन् । परिब्राजक श्रमण आदि धार्मिकगणिकहरूले अघिदेखिनै खानु पिउनुमा कठिनाइका साथ आचरणगर्ने व्यक्तिहरूभएकाले उपोसथ दिनहरूमा गृहस्थ व्यक्तिहरूसित नमिल्ने एक किसिमको विशेषता रहेका कामहरूगर्ने गर्दछन् । त्यो काम भनेको धर्मउपदेश गर्नु हो । महावग्गमा तीर्थंकर परिब्राजकहरूले उपोसथका दिनहरूमा एकत्रितभई धर्मउपदेशगर्ने चलनरहनुलाई कारणबनाएर बिम्बिसार राजाको निवेदनअनुसार भगवान् बुद्धले संघलाई उपोसथगर्न निर्देशन दिनुभएको प्रसंग आएको छ । ब्राह्मण भिक्षुहरूले

[1] S. Dutt, op.cit, p.82



Downloaded from http://dhamma.digital

उपोसथका दिनहरूमा आरण्यक उपनिषद् आदि धर्मका कुराहरू पाठगर्ने गर्दा अन्य तीर्थंकर परिब्राजकहरूले पनि सोहीअनुसार आ-आफ्ना धर्मभाखाहरू पाठ गरेको हुनसक्छ। धर्मका कुरालाई अक्षरद्वारा लेखेर सम्झने नगरी मुखले वाचनगर्ने त्यो युगमा त्यसरी बारबार दोहोऱ्याई तेहोऱ्याई पाठगर्नु अत्यावश्यकभएको तथ्यप्रति शंकागर्नु छैन। त्यसरी बुद्धसंघमा भगवान् बुद्धले प्रज्ञप्त गरिराख्नुभएको शिक्षापदहरूलाई प्रातिमोक्ष प्रदर्शनगर्ने चलनचल्तीमा आएको हो।

तैपनि भगवान् बुद्धको अभिमतअनुसार प्रातिमोक्ष प्रदर्शनको लक्ष्य विनयशिक्षापदहरूलाई भिक्षुहरूले विर्सन नहुनको लागि मात्र नभई भिक्षुहरूको आचरणशील संरक्षणगर्नमा सहयोग पुऱ्याउनको लागि पनि हो। वास्तवमा यो लक्ष्य सर्वप्रथम प्रातिमोक्ष प्रदर्शनगर्नुको प्रमुख लक्ष्य हुनुपर्दछ।

एकसमयमा एउटा उपोसथको दिनमा भगवान् बुद्ध भिक्षुसंघलाई चारैतिर राखी बसिरहनु भयो। आयुष्मान् आनन्दले रात झन् झन् बितिसकेकोले भिक्षुहरूलाई प्रातिमोक्ष प्रदर्शन सुरू गरिदिनुहुन भगवान् बुद्धसमक्ष निवेदन गर्नुभयो। पहिले दुईचोटिसम्म निवेदनगर्दा भगवान् बुद्ध मौन रहनुभई तेश्रोबार निवेदन गर्नुभएको बेलामा आनन्दलाई भिक्षुपरिषद् परिशुद्ध नरहेको भनी आज्ञाभयो। त्यो बेलामा आयुष्मान् मौद्‌गल्यायनले संघका माझमा दूषित आचरणभएको एकजना दुःशील भिक्षुलाई आफ्नो मानसिक ऋद्धिद्वारा जान्नु र देख्नुभएको कारणले त्यो भिक्षुको नजिकगई त्यसलाई संघसमागमबाट बाहिर निस्केर जान भन्नुभयो। तीनबारसम्म भन्दा पनि त्यो भिक्षु ननिस्किकन



Downloaded from http://dhamma.digital

त्यहीं रहेकोले आयुष्मान् मौद्गल्यायनले त्यस भिक्षुलाई आफैले समातेर तानी द्वारकोष्ठबाट बाहिर निष्काशन गरिसकेपछि "भगवान्, परिषद् शुद्ध भयो। तथागतले भिक्षुहरूलाई प्रातिमोक्ष प्रदर्शन गर्नुहोस्" भनी भगवान् बुद्धसमक्ष निवेदन गर्नुभयो। (चूलवग्ग पातिमोक्खट्ठपनक्खन्धक)

यो साधक नमूनाद्वारा पहिले प्रथम भिक्षुसंघ समागमभएर उपोसथगर्दा प्रातिमोक्ष प्रदर्शन गर्नेबेलामा अपरिशुद्ध भिक्षु, दोषभएको भिक्षुले परिषद्मा सहभागी हुननपाउने विषय स्पष्ट रहेको छ। सही हो कि, चूलवग्गमा भगवान् बुद्धले भिक्षुसंघलाई समुद्रसँग तुलनागरेर समुद्रले कुहिएको लाशसित सम्पर्क गर्दैन र समुद्रमा कुहिएको लाश छ भने तुरून्तै घाटतिर मिल्काइने भएजस्तै स्थलतिर पुऱ्याइदिनेजस्तै यहाँ भिक्षुसंघले दूषित दुःशील ब्यक्तिलाई समावेश हुननदिई सबै मिलेर त्यो ब्यक्तिलाई तुरून्तै निष्काशनगर्ने आदि कुरा भनी भगवान्ले उपदेश दिनुभएको थियो। वास्तवमा आपत्तिभएको भिक्षुले प्रातिमोक्ष सुन्नु उचित छैन। त्यसरी सुन्ने भिक्षुलाई अझ झन् दुष्कृत्य आपत्ति लाग्दछ। आपत्तिभएको भिक्षुले प्रातिमोक्ष सुन्छ भने कुनै न कुनै भिक्षुले प्रातिमोक्ष प्रदर्शनगर्नुलाई रोक्नसकिन्छ। अर्को विधिले भन्ने हो भने त्यो व्यक्ति विद्यमान भइरहँदा प्रातिमोक्ष प्रदर्शनगर्नु अनुचितभएको तथ्य भिक्षुसंघलाई अवगतगराउन सकिन्छ।

चूलवग्गमा धर्मानुकूल प्रातिमोक्ष रोक्ने कुरा सम्बन्धमा विस्तृतरूपमा उल्लेख गरिराखेको छ। दोषभएको भिक्षुमा पाराजिक आदि ठूलठूला दोषहरू भएमा मात्र भिक्षुसंघले उपोसथगर्दा समावेशहुनसक्ने अवसरबाट वञ्चितहुने होइन कारणयुक्ति दृढ



Downloaded from http://dhamma.digital

छ भने शीलविपत्ति, आचरणविपत्ति, दृष्टिविपत्ति संघादिसेस अथवा थुल्लच्चय अथवा पाचित्तिय आदि स-साना दोषहरूको कारणले पनि प्रातिमोक्ष सुन्नसक्ने अवसरबाट वञ्चितहुनुपर्नेछ।

तसर्थ प्रातिमोक्ष प्रदर्शनगर्नुको मूललक्ष्य भिक्षुसंघले भगवान बुद्धको समुद्रसँगको उपमारहेको सुत्तन्त देशनाअनुरूप दोषरहेका भिक्षुसँग उपोसथ नगरी त्यो भिक्षुलाई छोडिराख्नुद्वारा अरू भिक्षुहरूको शीलपरिशुद्ध हुनमा सहयोग पुऱ्याउनको लागि हो। तैपनि पछिगएर त्यसप्रकारको लक्ष्य टुटेर दोष निहितभएको भिक्षुले आफ्नो दोषलाई संघमाझमा प्रकटगरेर स्वीकारगरिनुले प्रातिमोक्ष सुन्ने अवसर मिल्नगई संघले पनि त्यो भिक्षुको साथमा बसी उपोसथ गर्नसक्नेहुन्छ। यो तथ्य महावग्ग उपोसथक्खन्धकमा र प्रातिमोक्षको निदानकथामा स्पष्ट देखिएको छ।

"भिक्षुहरू हो, दक्ष र पारङ्गतभई शील सामर्थ्य रहेको भिक्षुले संघलाई त्यस कुरा ज्ञापित गर्नुपर्नेछ।"

"आयुष्मानहरू हो, संघले मेरो कुरा सुन्नुहोस्, अब म प्रातिमोक्ष प्रदर्शनगर्दछु। त्यो प्रातिमोक्षलाई हामीहरूले राम्ररी सुन्नेछौं। जुन भिक्षुमा आपत्तिरहेको हुनेछ त्यस भिक्षुले आफै त्यो कुरा व्यक्त गर्नुपर्दछ। आफूमा आपत्ति नभएमा मौनभएर बस्नुपर्दछ। मौनभएर बसेकोबाट आयुष्मान्हरू आपत्तिबाट परिशुद्ध छ भनी जान्नपाइन्छ। यस्तो शील स्वभावरहेको परिषद्मा तीनचोटिसम्म बारबार यस विषयमा सोध्ने र परीक्षण गरिनेछ। तीन चोटिसम्म बारबार भनिएको भएतापनि आफूमा निहितरहेको आपत्तिलाई व्यक्तगरिन्न भने त्यो भिक्षु सरासर



Downloaded from http://dhamma.digital

गलत कुरा भन्नें भएको कारणले त्यो भिक्षु मृषावादमा गनिने हुन्छ। आयुष्मानहो, जानीजानी गलत कुरा भन्नुलाई ध्यान, मार्ग, फलको अन्तराय हुनसक्ने धर्मभनेर भगवान् बुद्धले उपदेश दिनुभएको छ । तसर्थ आपत्तिलागेको भिक्षुले आपत्तिलाई स्वीकारेर परिशुद्धता चाहन्छ भने आफूमा निहितरहेको आपत्तिलाई स्पष्ट पारिनुपर्ने छ। त्यसरी सत्य कुरा स्पष्टपार्नुको कारणले त्यो भिक्षुलाई सुख प्राप्तहुन्छ" भनी ज्ञापित गर्नुपर्नेछ।

त्यसपछि प्रातिमोक्ष प्रदर्शक भिक्षुले पाराजिक ४ देखि शुरूगरेर सेखिय ७५-भित्ररहेको शिक्षापदसमूह २२७ लाई निर्दिष्ट गरिराखेको प्रातिमोक्षको पाठ गर्नुपर्नेछ। पाराजिक शिक्षापद ४ संघादिसेस शिक्षापद १३ आदिद्वारा सेखिय शिक्षापद ७५ सम्म जातिसमूह ५ गरी छुट्याइराखेको हुनाले शिक्षापदको एक एक समूहलाई पाठ गरिसकेको प्रत्येक अवस्थामा "आयुष्मान्हरू, तपाईंहरू यी आपत्तिहरूबाट परिशुद्ध हुनुहुन्छ होइन र ?" भनी तीनचोटिसम्म सोध्नुपर्दछ । त्यसरी सोध्नेगर्दा भिक्षुसंघ मौन रहेमा "मौनरहनुद्वारा आयुष्मानहरू आपत्तिबाट परिशुद्ध छन् भनी जान्नसकिन्छ" भनेर घोषणा गरिसकेपछि बाँकि शिक्षापदसमूहलाई लगातार पाठगर्दै जानुपर्दछ।

यसरी प्रातिमोक्षको निदानकथालाई र शिक्षापदहरूलाई सामूहिकरूपमा प्रदर्शनगर्दै भिक्षुहरूसँग परिशुद्ध छ छैन सोध्नुलाई आधारबनाएर प्रातिमोक्ष प्रदर्शनगर्नुको लक्ष्य आपत्तिभएको भिक्षुलाई संघको माझमा आपत्तिलाई उल्लेखगरेर भन्नलगाउनु भएको विषय स्पष्ट छ । तैपनि पछिको समयमा यो लक्ष्य पनि मूललक्ष्यजस्तै बिलाएरगई आपत्तिलागेको भिक्षुले प्रातिमोक्ष गर्नुभन्दा



Downloaded from http://dhamma.digital

अगावै एकजना भिक्षुलाई आफ्नो दोष उल्लेखगरी स्वीकार गराउनुद्वारा प्रातिमोक्ष सुन्नसक्ने तथ्य महावग्गमा आएको छ।

"भिक्षुहरू हो, कुनै भिक्षु उपोसथदिनमा आपत्तिलागेको छ भने त्यो भिक्षुले एकजना अन्य भिक्षुसमक्ष उपसंक्रमणगरी दुईहात जोडी 'आवुस, म यो नाउँको आपत्तिमा पुगेको छु। त्यो आपत्तिलाई देशना गर्दछु' भनी भन्नुपर्नेछ । त्यो देशनालाई स्वीकारगर्ने भिक्षुले 'आपत्तिलाई हेर्नुहोस्' भनी भन्नुपर्नेछ। 'हुन्छ, हेर्नेछु' भनी आपत्तिलागेको भिक्षुले भन्नुपर्नेछ । 'पछि पछिको समयमा पनि संयम गर्नुहोला' भनी देशना स्वीकारगर्ने भिक्षुले भन्नुपर्नेछ। महावग्गको मतअनुसार आपत्तिलागेको भिक्षुले उपोसथ गर्नुभन्दा अगाडि आपत्तिलाई ख्याल नभएकोले उपचारगर्न नसकिएतापनि त्यति महत्वपूर्ण मानिने छैन । "भिक्षुहरू हो, भिक्षुले प्रातिमोक्ष प्रदर्शनगर्दा आपत्तिलाई स्मरणगर्छ। त्यो भिक्षुले नजीकमा रहेको भिक्षुलाई 'आवुसो, म यो नाउँको आपत्तिमा पुगेको छु, त्यो ठाउँबाट उठेर जाँदा आपत्तिलाई उपचारगर्नेछु' भनी उपोसथ गर्नुपर्नेछ। प्रातिमोक्षलाई सुन्नुपर्नेछ। त्यो आपत्ति भन्ने प्रत्ययको कारणले उपोसथको अन्तराय त उत्पन्न गराउन नहुने नै भयो ।

यो कथन भगवान् बुद्धको कथन हो भनी भनिएतापनि उपोसथगर्न समागमभएको संघभित्र आपत्तिभएको एकजना भिक्षु समावेश भइराखेकोले त्यो भिक्षुलाई निष्कासन गर्नुपर्ने साधकनमूनासित आपत्तिभएको भिक्षुले उपोसथगर्नु उचित छैन भन्ने भगवान् बुद्धको प्रज्ञप्तिसित विरोध भइरहेको छ। त्यसको अतिरिक्त आपत्तिभएको भिक्षुले आपत्ति उपचार गर्नुलाई अगावै



Downloaded from http://dhamma.digital

गर्नु अथवा केही छिन रोक्नुद्वारा उपोसथ गर्नसकिन्छ भनेमा प्रातिमोक्षको निदान कथनमा आएको सोधपूछगरेर परीक्षणगर्नु र शिक्षापदहरूलाई प्रदर्शन गर्दागर्दै सोधपूछ र परीक्षणगर्नको अभिप्राय हीनभई त्यो खाली बद्‌ता काम मात्र हुनजानेछ।

वास्तवमा भन्ने हो भने प्रातिमोक्ष भगवान् बुद्धको मूल लक्ष्यबाट चिप्लिएर संघको परिस्थितिअनुसार आकार संस्थान नीतिनियम क्रियाकलाप परिवर्तनभएर आएको हो। मूल लक्ष्यमा माथि उल्लेखगरेर आएजस्तै भिक्षुसंघले दोषभएको भिक्षुलाई एकताबद्धभई हटाएर उपोसथ गर्नुद्वारा संघसंगठनको प्रतिष्ठालाई सुरक्षा र संरक्षणगर्नु हो।

यो क्षेत्रमा एकताबद्ध भन्ने कथनलाई ख्यालगर्नुपर्दछ। भगवान् बुद्धले भिक्षुसंघको एकतालाई अत्यन्त चाहनुभई वहाँ संघकृत्यहरूलाई मिलिजुली वहनगर्न जोडतोडले उपदेश गर्नुहुन्छ। त्यसोभएर संघले उपोसथगर्दामा आवासभित्रका परिशुद्धरहेका भिक्षुहरू सबै एउटा पनि बाँकी नराखी उपस्थितहुनु आवश्यक छ। सभामा सबै भिक्षु उपस्थित हुँदैन भने त्यो उपोसथकर्म धर्मानुकूल भनेतापनि समूह छुटेको उपोसथकर्मभई भगवान् बुद्धले त्यसमा अनुमति दिनुहुन्न।

समूह फुटेको उपोसथकर्म हुननदिन वहनगर्नुपर्ने कृत्यहरूलाई विनयपिटकमा निर्देशन दिइराखेको प्रक्रिया दह्रो र सुनिश्चित छ। यदि एकजना भिक्षु उपोसथका दिनमा विरामी परेमा उपोसथगर्ने संघलाई तिनले आफ्नो पारिशुद्धिका लागि जानकारी दिनुपर्नेछ। महावग्गमा त्यसरी जानकारी दिनुलाई



Downloaded from http://dhamma.digital

पारिशुद्धि दिनु भन्दछ। विरामीपरेको भिक्षुले एकजना भिक्षुसमक्ष उपसंक्रमणगरी 'पारिशुद्धि दिन्छु मेरो पारिशुद्धिलाई वहनगरेर जानुस्, मेरो पारिशुद्धिलाई बताउनुस्' भनी भन्नुपर्दछ। यदि पारिशुद्धि वहनगर्ने भिक्षु छैन भने विरामीपरेको भिक्षुलाई खाटसहित संघमाझमा लगेर उपोसथ गराउनुपर्दछ। रोगको परिस्थितिअनुसार भिक्षुलाई सो ठाउँबाट सार्न अनुकूल नभएमा संघले त्यस भिक्षुभएको ठाउँमा गई उपोसथ गर्नुपर्दछ।

उपोसथका दिनमा यदि एकजना भिक्षुलाई ज्ञाति अथवा राजकर्मचारी अथवा चोरहरूले जवरजस्ती बोलाएर लानखोजेमा भिक्षुहरूले त्यसरी बोलाएर लानलागेका व्यक्तिहरूलाई, भिक्षुलाई उपोसथगर्न सिध्याउनुञ्जेलसम्म केही क्षण मुक्त गरिदिन अनुरोध गर्नुपर्दछ। यदि मुक्त गरिँदैन भने पारिशुद्धि दिउञ्जेलसम्म बिलम्बगर्न भन्नुपर्दछ। बिलम्बगर्न सकिँदैन भने संघले उपोसथगर्न सिध्याउञ्जेलसम्म सीमाबाहिर आवास अथवा आरामबाहिर केही समयको लागि बोलाएर लानको लागि भन्नुपर्दछ।

प्रातिमोक्षमा आएको विनयशिक्षापदहरूलाई अहिले हामीले विचार गर्नुपर्दछ।

थेरवादीहरूको प्रातिमोक्षमा शिक्षापद जम्मा २२७-वटा आएको छ। सर्वास्तिवादीहरूको प्रातिमोक्षमा २६३-वटा रही महासांघिकगणको प्रातिमोक्षमा २१८-वटा रहेको छ।[१] पाली प्रातिमोक्षमा २२७-वटा रहेता पनि मूल सुरूमा शिक्षापद १५०-वटा मात्र रहेको देखिन्छ। अंगुत्तरनिकाय तिकनिपात समणवग्गमा

---

[१] W. Pachow, "A comparative study of Patimokkha"



Downloaded from http://dhamma.digital

एकजना भिक्षुले 'आयुष्मान्हरू, १५०-वटा रहेको शिक्षापदहरूलाई पाठगर्ने समय भयो' भनी भनेको विषय आएको छ। मिलिन्द-प्रश्नमा पनि सत्पुरुष भिक्षु १५०-वटा शिक्षापदहरूलाई पारङ्गत र दक्ष व्यक्ति हुनेहुन्छ भनेको छ। शिक्षापद १५० बाट २२७ भएर आउनुमा सेखिया शिक्षापदहरू जम्मागरेर राख्नुको कारणले हुनुपर्ने छ। पालि प्रातिमोक्ष चीनिया तिब्बती प्रातिमोक्षसित तुलनागरेर अध्ययनगरेको खण्डमा सेखिया शिक्षापदहरू संख्याको हिसाबले र विषयवस्तुको हिसाबले भेद भइरहेको देखापर्दछ। त्यसोभएर केही केही विज्ञहरूले सेखियहरू मूलरूपमा सुरूमा प्रातिमोक्षमा समावेश नभई पछिमात्र गाभिराखेको शिक्षापदहरू हुन् भनी धारणा राख्दछन्।

चूलवग्गमा आएको प्रथमसंगायनलाई देखाइराखेको खण्डमा संगायन आरूढगर्ने महास्थविरहरू परिनिर्वाण हुनुभन्दा अगाडि भगवान् बुद्धले सम्झनादिएर जानुभएअनुसार हटाउनचाहेमा हटाउनसक्ने शिक्षापदहरूसित सम्बन्धित विषयमा विचारविमर्श र छलफल गरे। कसैकसैले चारवटा पाराजिकाबाट अन्य शिक्षापदहरू सानातिना शिक्षापदहरू हुन् भनेर कसै कसैले संघादिसेसहरू हुन्, कसैकसैले निस्सग्गियहरू हुन्, कसैकसैले पाटिदेसनिय हुन् भन्ने आदिद्वारा विभिन्नप्रकारले धारणा राखेकाछन्। कसैले पनि सेखिय र अधिकरणसमथहरूलाई गाभेर विचारविर्मश गरेकाछैनन्। ती शिक्षापदहरूसित सम्बन्धराखी मौनधारणगर्नुमा प्रथमसंगायन आरूढगरेको बेला तिनीहरू प्रातिमोक्षमा समावेश नभइसकेको कारणले हो कि ? प्रातिमोक्षमा दर्शाइराखेता पनि भगवान् बुद्ध स्वयंले प्रज्ञप्त गर्नुभएको शिक्षापदहरू नभएको कारणले हो कि ? भनी विचार गर्नुपर्नेछ।



Downloaded from http://dhamma.digital

वास्तवमा भन्ने हो भने सेखियहरू पनि सानातिना शिक्षापदहरू हुन् । अधिकरण समथ सातवटा पनि वास्तवमा शिक्षापदहरू नभई शिक्षापदहरू उल्लंघनहुनुसित सम्बन्धराखी उत्पन्नभएर आएको क्रियाहरूलाई व्यवस्था र निर्णय प्रक्रिया नीति नियमहरू भनी देखाउँछ। प्रातिमोक्षमा पाराजिक संघादिसेस आदि आपत्तिहरूलागेमा कस्तो किसिमको दण्डहरू भोग्नुपर्ने छ भनी देखाइराखेता पनि ती आपत्तिहरूसित सम्बन्धित क्रियाहरूको निर्णयगर्ने विधिलाई त देखाइराखेको छैन । तैपनि केही केही कृत्यहरूमा भिक्षुसंघले सुनिश्चितरूपमा निरीक्षण परीक्षणगर्न आवश्यक कृत्यहरू हुन्। उदाहरण–एकजना भिक्षुले अर्को एकजना भिक्षुलाई विनाशगराउन पाराजिक आपत्तिद्वारा आरोप लगाईदिँदा त्यो आरोप ठोस प्रमाण नभएको आरोपभएमा त्यो भिक्षुलाई संघादिसेस लाग्छ भन्ने शिक्षापदसित सम्बन्धित एउटा कारवाही नै उत्पतिभएर आएको खण्डमा त्यो कारवाहीलाई परीक्षणगरी निर्णयगर्न संघकृत्यहरू उत्पन्नभएर आउँछ । त्यस किसिमको संघकृत्यहरूलाई वहनगर्ने क्षेत्रमा सरल र सजिलो पार्न अधिकरणसमथहरूलाई प्रातिमोक्षमा गाभिराखेको हो ।

भगवान् बुद्धले प्रज्ञप्त गर्नुभएका शिक्षापदहरू मूल सुरूमा अति नै कमभई पछिको समयमा धेरै बृद्धि भएर आएको विषय पिटकमा आएको छ । "संघ धेरै नभइसकेको बेलामा दोषहरू संघमा प्रकट भएन । संघमा दोष प्रकट नहोइञ्जेलसम्म शिक्षापदहरूलाई भगवान् बुद्धले प्रज्ञप्त गर्नुभएन । संघ लाभ बढी भई दीर्घकालसम्म भिक्षु भईसकेकाहरू बढीभएर आएपछिमात्र संघमा दोष भय अन्तरायहरू प्रकटरूपमा देखापर्न आई



Downloaded from http://dhamma.digital

शिक्षापदहरूलाई प्रज्ञप्त गर्नुपरेको हो।" (मज्झिमनिकाय भद्दालिसुत्त) यो कथनद्वारा शिक्षापदहरू बुद्धसंघसंगठनको परिस्थितिअनुसार विस्तारै विस्तारै बढी हुनआएको विषय स्पष्ट छ।

भिक्षुसंघ भगवान् बुद्ध विद्यमानरहेको बेलामा परिस्थिति परिवर्तनभएर आएजस्तै भगवान् बुद्ध परिनिर्वाण हुनुभइसकेको पछिको समयमा पनि परिस्थिति परिवर्तनभएर आई त्यो परिवर्तनभएको परिस्थितिअनुसार शिक्षापदहरू वृद्धिभएर आएको हुनुपर्दछ। पिटकाचार्यहरूको मतअनुसार त संघले भगवान् बुद्ध परिनिर्वाण भइसक्नु भएपछि नयाँ शिक्षापदहरूलाई पारितगरेर आएको होइन। विद्यमान विनयपिटक प्रथमसंगायन आरूढगर्ने भिक्षुसंघले निर्धारितगरेर आइसकेको पिटक हो। पश्चिमी राष्ट्रका पालिप्रज्ञाविद्हरूले भने प्रथमसंगायन आरूढगर्ने स्थविरहरूले निर्धारितगरेको विनयपिटक विद्यमान पालि विनयपिटकसित एकनाश भएको होइन। विनयपिटक बुद्धको परिनिर्वाणपछि १००-वर्ष नाघेको बेलामा मात्र निश्चितरूपले निर्धारितगर्ने काम सम्पन्नभएको हुनुपर्दछ भनी कोही धारणा राख्दछन्। वास्तवमा चूलवग्गमा आएको प्रथमसंगायनविषयक काण्डमा प्रथमसंगायन आरूढगरेको बेला दुईप्रकारको विभङ्गलाई मात्र प्रश्न गरियो भनी आएको छ। दुई प्रकारको खन्धकलाई सोधियो भनी भनेको छैन। वास्तवमा खन्धक ग्रन्थहरूले दोश्रो संगायन विषयलाई उल्लेखगरेकोले बुद्धको परिनिर्वाण भइसकेपछि १०० वर्ष बितिसक्दामात्र प्रादुर्भावभएर आएका ग्रन्थहरूभई तिनीहरूमा आएका शिक्षापदहरू धेरैजसो पछिको समयमा मात्र विनयपिटकभित्र प्रवेशगरेका शिक्षापदहरू हुनुपर्दछ।



Downloaded from http://dhamma.digital

त्यसो भएकोले पाराजिक संघादिसेस आदि केही केही शिक्षापदहरू भगवान् बुद्ध स्वयंले प्रज्ञप्तगरेर जानुभएको शिक्षापदहरू हुन् भन्ने कारणयुक्त रहेतापनि प्रातिमोक्षभित्र बुद्ध परिनिर्वाण हुनुभइसकेर पछिको समयमा मात्र संशोधनगरी थपिराखेको शिक्षापदहरू रहेको हुनुपर्दछ ।

एक समयमा भगवान् बुद्ध तीन महिनासम्म एक्लै बासगर्न चाहनुभएको छन्द रहेकोले श्रावस्तीको संघले भोजन पुऱ्याउने एकजना भिक्षुबाहेक अरू कोही पनि भगवान् बुद्धसमक्ष उपसंक्रमणगर्न पाउँदैनथे । उपसंक्रमणगर्ने भिक्षुले पाचित्तिय आपत्तिलाई सुन्नुपर्छ भनी कबुलगरेको थियो । अरण्यनिवासी आयुष्मान् उपसेनले त्यो कबुललाई नजानेको कारणले भगवान् बुद्धसमक्ष उपसंक्रमणगरी दर्शनगर्दा श्रावस्तीको संघले आयुष्मान् उपसेनलाई पाचित्तियआपत्ति देशनागराउन मूलद्वार बाहिर पर्खेरबसे । (पाराजिका पालि निस्सग्गिय १५) महावग्गमा पनि श्रावस्ती नगरवासी संघले वर्षावासभित्र श्रामणेर र भिक्षु बनाउनुहुन्न भनी कबुलगरेको विषय पछिमात्र भगवान् बुद्धको आज्ञाअनुसार त्यो कबुललाई भङ्गगर्नुपरेको विषय आएको छ। यसरी भिक्षुसंघले भगवान् बुद्ध विद्यमानभएको बेलामा नै भिक्षुहरूले अनुगमनगर्न नीति नियमहरू निर्धारितगरेका छन् भने विनयपिटकमा आएको कुनै कुनै शिक्षापदहरू भिक्षुसंघको हात हो भनी हामीले भन्न नसक्ने कारण छैन ।

विनयपिटकको मतअनुसार त सम्पूर्ण शिक्षापदहरू भगवान् बुद्ध स्वयंले प्रज्ञप्त गर्नुभएका शिक्षापदहरू हुन् । भिन्न भिन्न शिक्षापदलाई भगवान् बुद्धले कुन ठाउँमा कसलाई कारणबनाएर



Downloaded from http://dhamma.digital

प्रज्ञप्त गर्नुभएको हो भन्ने विषयलाई पूर्ण र निश्चितरूपमा देखाइराखेको छ। पश्चिमी प्रज्ञाविद्हरूले भने ती निदान वस्तुहरू धेरैजसो पिटकाचार्यहरूले रचनागरी लेखिराखेका वस्तुहरू हुन् भन्दछन् । वास्तवमा कुनै कुनै कथावस्तुहरू भगवान् बुद्धको पालामा निश्चय नै उत्पन्न भएका विषयवस्तुहरू माथि आधार बनाएको हुनुपर्नेछ। कुनै कुनै कथावस्तुहरू त कारणयुक्तिविहीन भई पिटकाचार्यहरूको कल्पना जतिमात्र हुन् भनी धारणा राख्नुपर्नेछ। यो क्षेत्रमा पाचित्तिय पालिमा आएको निम्न निदानवस्तुलाई विचार गर्नुपर्दछ।

एकसमयमा भिक्षुहरू तपोदा नदीमा नुहाइराखेका थिए । त्यो बेलामा मगध राष्ट्राधिपति राजा बिम्बिसार नुहाएर टाउको पखाल्ने मङ्गलकार्यगर्न नदीतिर जाँदा भिक्षुहरूलाई देखेर पर्खेर बसे । भिक्षुहरू घाम अस्ताउञ्जेलसम्म नुहाइरहे । राजा बिम्बिसारले विकाल भइसकेको सन्ध्यासमयमा मात्र नुहाई टाउको पखाल्ने मङ्गलकार्य गरिसकेर नगरद्वार बन्द गरिसकेकोभएर शहर बाहिर नै बस्नुपर्‍यो। राजाले विहान सबेरै भगवान् बुद्धसमक्ष पुगी बुद्धको दर्शनगर्‍यो। भगवान् बुद्धले–"महाराज, तपाईं किन विहान सबेरै आउनु भएको नि ?" भनी सोध्नुभयो । महाराज कारण निवेदनगरी उपदेश सुनिसकेपछि फर्केर गयो।

त्यो बेलामा भगवान् बुद्धले भिक्षुहरूलाई जम्मागर्न लगाउँनुभई "तिमीहरू राजालाई देख्दादेख्दै पनि प्रमाणलाई नजानिकन नुहाईरहे भन्ने कुरा साँचो हो के ?" भनी सोधपूछ गरिसकेर भिक्षुहरूलाई उपहासगरी जो भिक्षु अर्धमास १५-दिनभित्र नुहाउँने छ त्यो भिक्षुलाई पाचित्तिय आपत्ति लाग्दछ भनी शिक्षापद प्रज्ञप्त गर्नुभयो।



Downloaded from http://dhamma.digital

यो कथावस्तुसित सम्बन्धराखी विचार गर्नुपरेको त राजा बिम्बिसार मगध महाराष्ट्रलाई राज्यगर्ने भनेर भाग्यशाली राजा भइकन स्वतन्त्ररूपमा नुहाउन अलग घाट छैन र ? कि भिक्षुहरूले राजालाई देख्दादेख्दै स्थिति हेरी कामगर्न नजानी अबेरसम्म नुहाईरहेछन्, अथवा नगरद्वारपालले महाराज नगरबाहिर निस्केर फर्केर नआइसकेकोलाई किन थाहा पाएन ? दरबारमा रहेका राजाका ज्ञातिबन्धुहरूले र महारानी मन्त्री भारदार आदिहरूले रातपरेर राजा नफर्केको बेलामा किन निरीक्षण परीक्षण गवेषण नगरी प्रयत्नहीन भई बसेका हुन् ?

यसरी निदानवस्तु कारणयुक्तिविहीनहुनुको अतिरिक्त भगवान् बुद्धले प्रज्ञप्त गर्नुभएको भनेको पाचित्तिय शिक्षापदसित पनि कारणकार्य समायोजन हुनुछैन । शिक्षापदलाई प्रज्ञप्त गर्नु परेका भिक्षुहरू अबेरसम्म नुहाई बिम्बिसार राजालाई स्वतन्त्ररूपमा नुहाउने अवसर नदिलाउनुको कारणले हो भनेको छ । तैपनि शिक्षापदअनुरूप भिक्षुहरू आधामहिना (पन्ध्रदिन) भित्र नुहाउनुलाई वर्जितगर्नु मात्रले राजा बिम्बिसार अन्य गृहस्थीहरूले सधैं स्वतन्त्ररूपमा नुहाउने अवसरपाउने हुने भो र ? महिनाको दुइचोटि नुहाएको दिनमा भिक्षुहरू नुहाइराखेको बेलामा राजाले पनि नुहाउने चाहना गरेमा माथि भनेजस्तै परिस्थिति नसुहाउने खालको स्थिति फेरि पनि उत्पन्न हुनसकिन्छ होइन र ?

यो शिक्षापद र अन्य केही शिक्षापदहरूको एउटा विशिष्ट तथ्य त सर्वप्रथम शिक्षापदसित सम्बन्धराखी विल्कुल अपवाद नराख्नु नै हो । चारवटा पाराजिक पञ्चशील आदि भिक्षु ब्रता–चरण, गृहस्थ ब्रताचरणसित सम्बन्धित ठूला शिक्षापदहरूमा



Downloaded from http://dhamma.digital

बिल्कुल अपवादनहुनु सहीमार्ग भएतापनि उपर्युक्त शिक्षापदजस्तोमा अपवाद रहनुयोग्य भएको विषयलाई कसैले पनि विरोध गर्नसक्ने होइन । वास्तवमा विनयपिटकमा अपवादहरूलाई उल्लेख गरिराखेको सही हो। उपर्युक्त शिक्षापदसित सम्बन्धराखी भिक्षुहरू लामो यात्रामा जानेबेलामा र असाध्यै घामचर्किने मौसममा आधामहिनाको १५ दिनभित्र भएतापनि नुहाउनसकिन्छ भनेको छ। तैपनि ती अपवादहरू शिक्षापद प्रज्ञप्त गरिसकेको पछिको समयमा मात्र अनुमति दिएका अपवादहरू हुन्। भगवान् बुद्धले त्यो शिक्षापदलाई प्रज्ञप्त गर्नुभएको बेलामा भिक्षुहरूले ती अपवादहरू हुनुयोग्यभएको विषयलाई किन निवेदन गरेनन् ? भगवान् बुद्धले किन सबभन्दा पहिले ती अपवादहरूलाई नराख्नुभएको नि ?

उपर्युक्त तथ्यहरूलाई आधारबनाएर विनयशिक्षापदहरू जम्मै भगवान् बुद्ध स्वयंले प्रज्ञप्त गर्नुभएको शिक्षापदहरू हुननसक्ने तथ्य स्पष्ट छ । वास्तवमा भन्ने हो भने संघपरिस्थिति परिवर्तनभएर आएअनुसार भगवान् बुद्ध विद्यमानरहेको बेलामा अथवा भगवान् बुद्ध परिनिर्वाण हुनुभइसकेको पछिको समयमा केही केही शिक्षापदहरू अभिप्रायहीनभएर आई विनयपिटकभित्र नयाँ शिक्षापदहरू भित्रिए । यो क्षेत्रमा प्रातिमोक्षमा आएका संघादिसेस शिक्षापदहरूको विषयलाई अध्ययन र विचारविमर्श गर्नुपर्दछ ।

पाराजिकपालिअनुसार संघभेद गर्नखोज्ने भिक्षु संघादिसेस आपत्तिलागी संघले त्यो भिक्षुलाई परिवास र मानत्तबस्ने दण्ड दिनसकिन्छ । महावग्ग महाखन्धकमा भने संघभेदककर्मलाई



Downloaded from http://dhamma.digital

उल्लंघनगर्ने भिक्षुलाई बुद्धशासनबाट निष्काशन गर्नुपर्छ भनेको छ। तेह्रौं संघादिसेस शिक्षापदअनुसार गृहस्थीहरूको आचरणलाई नाशगर्ने भिक्षुले परिवास र मानत्त दण्डहरू भोग्नुपर्दछ। चूलवग्ग कम्मक्खन्धकको मतअनुसार भने त्यो भिक्षुले पब्बाजनीयकर्म गरेको अनुसार भोग्नुपर्नेछ । त्यो खन्धकमा तज्जनीयकर्मसित सम्बन्धित अपराधहरूलाई दर्शाइराखेकोले केही केही अपराधहरू संघादिसेस पदसमूहमा आएका अपराधहरू हुन् । त्यसोभएर संघले संघकर्मद्वारा व्यवस्था र वहनगर्नसक्ने अवसर र प्रभाव विस्तृत र व्यापकभएर आएजति केही केही शिक्षापदहरूमा स्वभाव लक्षण परिवर्तनभएर आएको विषयलाई जान्नुपर्दछ ।

यसरी केहीकेही शिक्षापदहरू भिक्षुसंघले परिस्थितिअनुसार प्रज्ञप्तगरेका शिक्षापदहरू भएतापनि विनयपिटकमा तिनीहरूलाई भगवान् बुद्धको वचनको रूपमा देखाइराखेको छ। त्यसरी देखाइ राख्नुमा शिक्षापदहरू बढी ठोसयुक्त बनाई पछि पछिका बुद्धवादीहरूले बढी गौरव राख्नदिनको लागि हो। त्यसरी देखाइ राखेता पनि विनयपिटकमा आएको बौद्धसंघसंगठनको इतिहासलाई गहिरिएर सुनिश्चितरूपमा अध्ययनगरी कुनै कुनै शिक्षापदहरूको पूर्वापर मेल नखानुलाई ख्याल राख्नलागेको व्यक्तिले ती शिक्षापदहरूको मूल आदिलाई समुचितरूपमा अड्कल लगाउन सकिन्छ । वास्तवमा भन्ने हो भने भिक्षुहरूको रहनसहन परिवर्तनभएर आई भिक्षुहरूले उपोसथगर्नुको लक्ष्य पनि परिवर्तनभएर आएको विषयलाई उल्लेखगरेर आइसकें। त्यस्तै नै विनयशिक्षापदहरू पनि परिस्थितिअनुसार परिवर्तनभएर आएको विषयलाई हामीले राम्ररी ख्यालराख्नु उचित छ।



Downloaded from http://dhamma.digital

## (ङ) संघकर्म

भिक्षुसंघको इतिहासमा आवासहरू प्रादुर्भावभएर आएको प्रक्रियालाई उल्लेखगरेर आइसकें। एउटा आवासभित्र आधारलिएर बसोबासगर्ने संघ अन्य आवासको अन्य संघको प्रभाव खप्नुपर्ने नभई आफ्नै प्रशासनरहेको भिन्न व्यक्तिगत सङ्गठन हो। भिक्षुहरूको भिन्न भिन्न क्रियाकलापलाई संघले वहनगर्नुपरी त्यसरी वहनगर्नुपर्ने क्रियालाई (संघकम्म) संघकर्म भनी भन्दछ। संघकर्म दुई प्रकारको रहेकोमा पहिलो प्रकार भिक्षु बनाउने, उपोसथगर्ने, पवारणागर्ने, कथिन अष्टरणगर्ने, जिम्मेवारी व्यक्तिहरू नियुक्तगर्ने आदि परम्परागतरूपको अघि पछि जहिले पनि गरिरहनुपर्ने कृत्यहरू भएर अर्को प्रकारमा भिक्षुहरूमा शिक्षापद उल्लंघनगर्दामा होस् विवाद भेद हुँदामा होस् उत्पन्नभएर आउने क्रियाकलापहरूलाई व्यवस्था र निर्णयगर्नुपर्ने संघकर्महरू हुन्।

संघकर्म न्यायपूर्ण संघकर्म बनाउन विनय नीतिनियमहरूसित मेलखानु आवश्यक छ। न्यायपूर्ण संघकर्म उत्पन्न र सिद्धगर्नको निमित्त सबभन्दा महत्वपूर्ण नीतिनियमहरू त संघकर्मलाई वहनगर्ने बेलामा आवासभित्ररहेका जम्मै भिक्षुहरू समावेसभएर गर्नुपर्नेछ भन्ने मूलनीति नै हो। समागममा उपस्थित हुननसक्ने भिक्षु आवासको बाहिरतिर केही समयको लागि गएर बस्नुपर्दछ। नत्रभने आफ्नो छन्दलाई अन्य एकजना भिक्षुको तर्फबाट संघलाई जनाउनुपर्दछ। छन्द दिनुसित सम्बन्धित नीतिनियम कार्यप्रणाली उपोसथदिनमा विरामीपरेर प्रातिमोक्ष सुन्ननसक्ने भिक्षुको पारिशुद्धिदिने सम्बन्धी नीति-नियम कार्यप्रणालीसित समान छ। यसरी संघसमागममा आवासभित्र



Downloaded from http://dhamma.digital

रहेको प्रत्येक भिक्षु उपस्थित हुने, विरामीपरेर उपस्थित हुननसक्ने भिक्षुहरूले छन्ददिने गरेमा मात्र संघ मेलमिलापभएको संघ भई संघकर्म न्यायानुकूलभएको संघकर्म हुनेहुन्छ। संघकर्मको प्रका–रान्तरलाई अनुसरणगरेर न्याययुक्त संघकर्म बनाउन संघसमागममा निर्णय र निर्धारित गरिराखेको भिक्षुसंख्या हुनु आवश्यक छ।

तो भिक्षु संख्याहरू न्याययुक्त संघकर्म वहनगर्न कम्तिमा पनि आवश्यक भएका भिक्षुसंख्याहरू भई कमिटीहरू नभएको विषयलाई ख्यालगर्नुपर्दछ। उदाहरण–एउटा आवासलाई क्षेत्र निमित्त निर्धारणगर्न वा सीमा सम्मतगर्न कृत्य देखापर्न आयो भनौं, तीनजनामात्र भिक्षु भएमा त्यो संघले, अन्य एकजना देखापर्न नआएमा त्यो कृत्यलाई वहनगर्न सक्नेछैन। चारजना भिक्षु भएमा मात्र त्यो कृत्यलाई वहनगर्न सक्नेछ। भिक्षु ७-जना छ भनौं, सातै जना समावेशभई वहनगरेमा त्यो वहनगर्नु न्याययुक्त संघ हुनेछ। कोही कोही भिक्षुलाई कमिटी निर्माणगरी संघको प्रतिनिधिभएर वहनगर्ने अधिकार छैन। कमिटीद्वारा वहनगर्नुलाई **उब्बाहिककम्म** एउटैमा मात्र अनुमति दिइराखेको छ।

न्याययुक्त संघकर्म उत्पन्न गराउनको निमित्त आवश्यक संघमा कोही व्यक्तिहरू समावेशहुन अवसर नभएको विषयलाई पनि ख्यालराख्नु उचित छ। ती व्यक्तिहरूमा भिक्षुणी, श्रामणेर, श्रामणेरी, पाराजिक आपत्ति लागिसकेको भिक्षु, आपत्तिलाई उपचार नगर्नाको कारणले निष्काशन गरिराखेको भिक्षु आदि गरी २४ जना छन्। ती बहिस्कार गरिराखेका व्यक्तिहरूको तालिकामा आवासबाहिरबस्ने भिक्षु र अन्य आवासमा बस्ने भिक्षुहरू समावेश भइराखेकोले यो नीति पछिको समयमा मात्र देखापर्न आएको



Downloaded from http://dhamma.digital

जस्तो छ। किनभने एकजना भिक्षु एउटा आवासभित्र वर्षावास रहिरहने बेलामा अर्को आवासबाट एकजना भिक्षुलाई परिवास रहनदिने, मानात्म आचरण गराउने आदि गर्नुपर्ने कृत्यहरू रहेकोले त्यो भिक्षुले आमन्त्रणगरेको खण्डमा कर्मवाचा भएपनि पढ्नेछ, गणपूरक भएपनि बनाउने छ भन्ने मनमा राखी जानुपर्नेछ। तज्जनीयकर्म पब्बाजनीयकर्म आदि एक न एकवटा कर्मगरेको भोग्नुपर्ने एकजना भिक्षुले आमन्त्रणगरेमा 'कस्तो किसिमका कारणद्वारा संघले कर्मलाई भएपनि नगर्ने होला नि ? हलुंगो कर्मतिर भएपनि झुकाइने होला नि ?' भनी मनमा राखी जानुपर्दछ भनी, महावर्ग वस्सूपनायिकखन्धकमा आएको छ। यो कथनहरूलाई आधारबनाएर सर्वप्रथम आवासहरू प्रादुर्भावभएको बेलामा संघ एउटा संगठनसित अर्को संगठन अलग्ग छुट्टाछुट्टै स्थापित नभईसकेकोले एउटा संगठनको संघकृत्यमा अन्य संगठनबाट भिक्षुहरू समावेशभई वहनगर्नसक्ने विषय स्पष्ट छ।

संघकर्मलाई वहनगर्दामा सर्वप्रथम जानी बुझी दक्षभई समर्थवान् एकजना भिक्षुले गर्नुपर्ने कृत्यसम्बन्धी प्रस्तावलाई संघसभामा प्रस्तावित गर्नुपर्दछ। त्यसपछि प्रस्ताव चित्त बुझ्दैन भने चित्त नबुझेको विषयलाई भन्न र चित्त बुझेमा मौनरहन घोषणा गर्नुपर्दछ। संघकर्म ज्ञप्तिद्वितीयकर्म भएमा त्यसरी एकचोटि मात्र घोषणागरी ज्ञप्तिचतुर्थकर्म भएमा तीन तीनचोटिसम्म घोषणा गर्नुपर्दछ। गर्नुपर्ने कृत्यको उच्चता र नीचताको पछिलागेर त्यसरी संघकर्मको प्रकारभेद गरिराखेको भानरहेकोले न्याययुक्त संघकर्मबनाउन यो नीतिलाई अनुसरणगर्नु आवश्यक छ।



Downloaded from http://dhamma.digital

न्याययुक्त संघकर्मको आवश्यक लक्षण अङ्गहरूलाई संक्षिप्तरूपमा देखाउनुपर्दा निम्नानुसार हुन्छ-

१) संघकर्मलाई वहनगर्ने कम्तीमा आवश्यक भिक्षुसंख्या हुनुपर्ने,
२) सभामा आउन नसक्ने भिक्षुहरूले छन्द दिनुपर्ने,
३) प्रस्ताव राख्ने (ज्ञप्ति)
४) प्रस्तावलाई चित्त बुझ्छ बुझ्दैन छन्द प्रदर्शनगर्ने एकचोटि होस् वा तीनचोटि होस् घोषणा गर्ने (कम्मवाचा)
५) संघलाई चित्त बुझेको विषय मौन रहनुद्वारा छन्द प्रदर्शन गर्ने ।

यो तथ्य पाँचवटासित मेलनखाने संघकर्म न्यायसित अनुकूल नभएको संघकर्म हो । त्यो कर्मद्वारा निर्धारितगरेको निर्णय समर्थनयोग्य नभई अन्य संघसभामा त्यो कृत्यलाई पेशगर्न सकिन्छ । न्याययुक्त संघकर्मद्वारा व्यवस्था र निर्णय गरिसकेको कृत्यलाई भने फेरि पेशगर्नु आवश्यक छैन । "जो भिक्षुले जानी जानी धर्मानुकूल शान्त भइसकेको अधिकरण (झै-झगडा) लाई फेरि कर्मबनाउनको लागि प्रेरित गर्नेछ, त्यो भिक्षुलाई पाचित्तिय आपत्ति लाग्दछ ।"(पाचित्तिय-६३)

भिक्षुसंघमा एकसित अर्को धारणा विभेदभएर आउने बेलामा अथवा एकजना भिक्षुलाई शिक्षापद उल्लंघनगर्नुसित सम्बन्धराखी आरोप लगाएको कुरा भोग्नुपर्ने बेलामा अधिकरणहरू उत्पन्नभएको र भएर आएकोले तिनीहरूलाई संघले व्यवस्था र निर्णय गर्नुपर्दछ । अधिकरणहरू धर्मविनयसित



Downloaded from http://dhamma.digital

सम्बन्धित विवादाधिकरण, एकजना भिक्षुको धारणा आचरण शिक्षासित सम्बन्धित अनुवादाधिकरण, एकजना भिक्षुलाई आरोप लगाइराखेको पाराजिक, संघादिसेस, पाचित्तिय, पाटिदेसनीय, दुष्कृत्य, थुल्लच्चय आपत्तिहरूसित सम्बन्धित आपत्ताधिकरण, संघकर्मसित सम्बन्धित कृत्याधिकरण भनी चार प्रकारका छन्। अधिकरणसित सम्बन्धित संघकर्मलाई वहनगर्ने प्रक्रिया उपसम्पदागर्ने, उपोसथगर्ने आदि संघकर्म वहनगर्ने प्रक्रियासित समान नभई कार्यविधिमा अलिकति फरक छ । सामान्य संघकर्महरूमा सबै भिक्षुहरू जम्माभई सभामा उपस्थितभएर एकताबद्धभएको संघभएमा प्रस्ताव(ज्ञप्ति)लाई पेश गर्नुपर्दछ । अधिकरण संघकर्ममा भने सर्वप्रथम वादीलाई सोधपूछ गरिसकेपछिमात्र अधिकरणसमथहरूअनुरूप प्रस्ताव (आरोप अथवा निर्दोषरहेको विषयसम्बन्धी प्रस्ताव)लाई पेश गर्नुपर्दछ ।

संघले निर्णयगर्नुपर्ने कृत्य ठूलो विवादाधिकरण कृत्यजस्तोभएर संघले संरक्षण गर्ननहुने भई एकजूटभएर निर्णय गर्नहुननसक्ने बेलामा येभुय्यसिकाविनयद्वारा धेरैको छन्दलाई ग्रहणगरेर निर्णय गर्नुपर्छ। सर्वप्रथम चार अगतिबाट अलग्गभई वोट ग्रहणगर्ने कृत्यलाई जान्नेबुझ्ने एकजना भिक्षुलाई ज्ञप्तिकर्मवाचाद्वारा सलाकवोटदिने भिक्षुको रूपमा नियुक्त गर्नुपर्दछ। येभुय्यसिकाविनयद्वारा मुद्दाहरूलाई व्यवस्था र निर्णयगर्ने क्षेत्रमा त्यो सलाकवोटदिने भिक्षु अत्यन्त महत्वपूर्ण व्यक्ति हो। त्यो वोटदिने अधिकारीले परिस्थितिअनुसार गोप्य विधिद्वारा भए पनि खुल्लमखुल्ला भएपनि वोट लिनुपर्ने भएकोले यदि धेरैको छन्द अधार्मिक छन्द हो भनी, दृष्टिभएमा त्यो धेरैको निर्णयलाई



Downloaded from http://dhamma.digital

बहिस्कारगरेर फेरि एकचोटि वोटलिनसक्ने अवसर र प्रभावरहेको हुन्छ।

यस किसिमको अवसर र अधिकारलाई वोटदिने अधिकारीलाई दिलाइराख्नु धेरैको छन्दद्वारा निर्णयगर्ने क्षेत्रमा प्रजातान्त्रिक अधिकारलाई दुरूपयोगगर्ने स्थिति उत्पन्न नगराउनको लागि हुनुपर्दछ। भिक्षुहरूको मुद्दामामिला क्रियाहरूलाई व्यवस्था र निर्णयगर्दामा धर्मानुकूल बनाउनको लागि अन्य नियमनीतिहरू निर्धारण गरिराखिएको छ । मुद्दालाई आरोप लगाइराखेको व्यक्तिको परोक्षमा परिक्षणगर्ने गर्नुहुँदैन। अरूलाई पाराजिकद्वारा अन्यायपूर्वक आरोपलगाउने भिक्षु संघादिसेस आपत्तिलागी संघादिसेसद्वारा अन्यायपूर्वक आरोपलगाउने भिक्षुलाई पाचित्तिय आपत्ति लाग्छ। वादीभिक्षुले संघको निर्णयलाई स्वीकार नगरी विनयधर व्यक्तिको निर्णयलाई मात्र स्वीकार्न चाहन्छ भने त्यो भिक्षुलाई दोष लाग्छ । मुद्दा निरीक्षण गरिरहँदा एकजना भिक्षुले छन्द नदिइकन आफ्नो ठाउँबाट उठेर गएमा त्यस भिक्षुलाई पाचित्तिय आपत्ति लाग्छ।

पाराजिक शिक्षापद चारवटा मध्ये एक न एकलाई उल्लंघनगर्ने भिक्षु भिक्षुभावबाट च्युतभई संघादिसेस शिक्षापद १३-वटामध्ये एक न एकलाई उल्लंघनगर्ने भिक्षुलाई संघले परीक्षणगरी दोषप्रकटभएमा परिवास र मानत्तदण्ड दिनसकिन्छ।

परिवास समादानगर्ने भिक्षुले अन्य भिक्षुहरूले प्राप्तगरि राखेका थुप्रै अवसरहरूलाई परित्याग गर्नुपर्दछ । त्यो भिक्षुले उपाध्यायगुरू बनी उपसम्पदा गरिदिनुहुन्न । निश्रय दिनुहुन्न ।



Downloaded from http://dhamma.digital

श्रामणेरले आफूलाई सेवासुश्रुषा गराउनुहुन्न । भिक्षुणीहरूलाई अववाद गर्नुहुन्न । अन्य भिक्षुको उपोसथलाई भएपनि पवारणालाई भएपनि विलम्बगरेर राख्नुहुन्न । नायकको ठाउँ लिनुहन्न । अरूसँग सोधपूछ गर्नुहुन्न, अर्को भिक्षुको अगाडिबाट जानुहुन्न । अगाडि बस्नुहुन्न । संघको सबभन्दा कमसल ठाउँ सबभन्दा नराम्रो विहार त्यो भिक्षुलाई दिनुपर्छ । त्यो भिक्षु अन्य भिक्षुहरूसित एउटै छत भएको विहार पाटीपौवा धर्मशाला आदिमा बस्नुहुँदैन । एउटै ठाउँमा बस्नुहुँदैन । चंक्रमण गर्नुहुँदैन । यसरी परिवास दोषदण्डलागेको भिक्षुले थुप्रै अवसरहरू गुमाएर विभिन्न प्रकारको प्रतिबन्ध भोग्नुपर्दछ ।

मानात्म दोषदण्ड, परिवास दोषदण्डसित धेरै फरक छैन । दोष प्रकटरहेको भिक्षुले आफ्नो दोषलाई उल्लेखगरेर स्वीकारगर्ने नगरेमा परिवास र मानात्म दुबै दोषदण्ड भोग्नुपर्दछ । उल्लेखगरेर स्वीकारगरेमा मानात्मदण्डलाई मात्र भोग्नुपर्दछ । मानात्म र परिवास दण्डहरूको फरक त मानात्मदण्ड समयको हिसाबले ६ दिनका लागि, परिवासदण्ड भोग्नुपर्ने समय त्यसरी सीमित गरिराखेको छैन ।

दोषभएको भिक्षुले दोषदण्ड भोगी दिन पूराहुने बेलामा आफूलाई राम्रो भिक्षुको रूपमा फेरि समर्थनका लागि संघसमक्ष निवेदन गर्नुपर्छ । संघले त्यो भिक्षुलाई फेरि स्वीकारगर्न **अब्भानकम्म** गर्नुपर्दछ । **अब्भानकम्म** गर्न भिक्षुसंख्या २०-भन्दा कम नभएको संघहुनु आवश्यक छ । सम्बन्धित भिक्षुले संघलाई **अब्भानकम्म** गर्न तीनचोटि निवेदनगरेर एकजना भिक्षुले ज्ञप्तिकर्मवाचाद्वारा संघलाई तीनचोटि सुनाएर जानकारी



Downloaded from http://dhamma.digital

दिनुपर्छ। त्यसबेला संघले मौनरहनुद्वारा भिक्षुलाई फेरि स्वीकार गर्न सहमतभएको विषय छन्द प्रदर्शनगर्दछ।

विनयपिटकमा दोष उल्लंघनगर्ने भिक्षुलाई कार्यगर्न संघले गर्नुपर्ने कर्महरू देखाइराखेको छ। ती संघकर्महरू **तज्जनीयकर्म**, **पब्बाजनीयकर्म**, **उक्खेपनीयकर्म** आदि भनी विभिन्न प्रकारका छन्।

**तज्जनीयकर्म** :- तज्जनीयकर्म वादविवादगर्ने दक्षता नहुनु, मूर्खहुनु, प्रतिकूलभएका व्यवहारहरूद्वारा गृहस्थीहरूसित संसर्गराखी बसोबासगर्नु, आचरण, शील, दृष्टि गलतहुनु, त्रिरत्नको अपकारक कुरागर्नु आदि अपराधहरू उल्लंघनगर्ने भिक्षुलाई गर्नुपर्ने तज्जनीय संघकर्म हो। त्यो कर्मगरेको कुरा भोग्नुपर्ने भिक्षुले मानात्म, परिवासदण्ड भोग्नुपरेको भिक्षुले जस्तै केही केही अवसरहरू गुमाउनुपर्दछ।

**पब्बाजनीयकर्म** :- यो कर्म चूलवग्गमा भगवान् बुद्धको आज्ञाअनुसार आयुष्मान् सारिपुत्र र आयुष्मान् मौद्गल्यायनहरूले लोभी पापी दुःशील भिक्षुहरूभएको ठाउँमा गई गर्नुपर्ने कर्म हो। पब्बाजनीयकर्म दुष्ट भिक्षुहरूलाई संघले निष्काशनगर्ने कर्मभएर दोषभएको भिक्षुलाई कार्यगर्ने संघकर्महरूमध्ये तीब्रतम संघकर्म हो।

**उक्खेपनीयकर्म** :- आपत्तिलागेको भिक्षुले दोषलाई स्वीकार गर्ने नगरेको खण्डमा र उपचारगर्ने नगरेको खण्डमा अथवा एकजना भिक्षुले हीन मिथ्यादृष्टिलाई परित्याग नगरेको खण्डमा उक्खेपनीयकर्मगरेको कुरा भोग्नुपर्दछ। त्यो कर्मगरेको भोग्नुपर्ने



Downloaded from http://dhamma.digital

भिक्षुले मानात्म परिवासदण्ड भोग्नुपरेको भिक्षुलेजस्तै प्रतिबन्ध लगाएको कुरा भोग्नुपर्दछ। उक्खेपनीयकर्मको विशेषता त संघले त्यो कर्म गरिसकेपछि अन्य आवासहरूलाई सुनाएर जानकारी दिलाउनु हो । त्यसैले संघले उक्खेपनीयकर्म गरिराखेको भिक्षु अन्य आवासहरूतिर गएमा त्यो आवासमा रहेका भिक्षुहरूले उसलाई वास्ताकिस्ता नगरी सबैले बहिस्कार गर्दछन् ।

संघले विनयशिक्षापदअनुरूप नरहने भिक्षुलाई अनुशासनगर्दा विशेषरूपले आधारलिने शस्त्र एकता हो । संघ एकताबद्ध नभई विभेद भइरहेमा निर्णय धेरै भिक्षुसमूहको निर्णय भएता पनि धेरै सफलतायुक्त हुँदैन । किनभने धेरैको छन्दद्वारा निर्णय प्रभावकारी गर्नलाई विनयपिटकले एउटैमात्र येभुय्यसिकाविधिमा नै सदैव निरवशेषरूपमा समर्थन गर्नेगरेको छैन । संघको निर्णय महत्वपूर्णभई व्यवस्था र वहनगरी सिद्धगर्न संघको एकता निकै महत्वपूर्ण छ ।

त्यसकारण विनयपिटकमा संघको एकतालाई गहिरोरूपमा उपदेश गरिराखेको हो । तैपनि प्रभावशक्ति भएको प्रमुखनेतृ विमुखभई भिन्न भिन्न संगठन सदस्यलाई विशेष स्वतन्त्रताको अवसर दिइराखेको संघसंगठनमा सदैव एकता कायमरहन सम्भव छैन । त्यसरी संघएकता नभएको बेलामा कहिलेकाहिँ संघभेद अथवा संघविभाजन उत्पन्नभएर आउने हुन्छ ।

संघविभाजनहुनु धर्म, विनय, भगवान् बुद्धको देशना अभ्यास, प्रज्ञप्ति आदिहरूसित सम्बन्धित विषय १८ प्रकार, विचार धारणा फरक हुनु १८ प्रकारको भएको कारणले उत्पन्नभएर



Downloaded from http://dhamma.digital

आउने गरिन्छ। ती कारणधर्महरूलाई चूलवग्ग समथक्खन्धकमा विवादाधिकरण उत्पन्नहुनुको कारणधर्महरूको रूपमा देखाइ राखेकोले विवादाधिकरण र संघभेदलाई छुट्याउनु आवश्यक छ। विवादाधिकरणमा धारणा फरक हुनु शुद्धचेतना र सरलतापूर्वक फरकहुनुभएर संघको सधैं भेद हुनुतिर उन्मुखभएको हुँदैन। धारणा फरक भएको तथ्यलाई संघसमक्ष पेशगर्दा संघको निर्णय द्वारा अधिकरण शान्तभएर जानेहुन्छ। त्यसरी धर्मानुकूलभएको संघकर्मद्वारा निर्णयभएको तथ्यलाई स्वीकार नगर्ने अथवा दोषारोपणगरी आलोचनागर्ने भिक्षुलाई पाचित्तिय आपत्ति लाग्छ।

तैपनि धारणा विभेद अपरिशुद्ध स्वच्छ स्वभाव नभएको चेतनामाथि आधारितभएको विभेद हुनगएमा हुनजानेछ। सरल स्वच्छ परिशुद्ध चेतनाद्वारा विभेदभएको नै भनौं, संघभेदतिर उन्मुख भएको विभेद हुनगएमा हुनजानेछ। वास्तवमा भन्ने हो भने बुद्धवाद र बुद्धसंघसंगठनमा धर्मसित सम्बन्धराखी परिपूर्णरूपमा निर्णय गर्नसक्ने आज्ञाप्रभाव कसैमा पनि छैन। त्यसरी एक्लो व्यक्ति अथवा एकसमूह व्यक्तिको प्रभावद्वारा निर्णयगर्नुलाई नस्वीकार्ने भएकोले संघको निर्णयलाई प्रत्येक भिक्षुले सधैं सुन्नेछ भनी आशाराख्नु सम्भव छैन। भगवान् बुद्ध विद्यमानरहेको बेलामा समेत देवदत्तले अपरिशुद्ध कुटिल चेतना द्वारा संघभेद गराए। भगवान् परिनिर्वाण भइसक्नुभएपछि वज्जि राष्ट्रका भिक्षुहरूले बैशाली नगरमा संघको निर्णयलाई स्वीकार नगरी थेरवाद संघसंगठनबाट फुटेर आए। यी भिक्षुहरू देवदत्तले जस्तै आफ्नो अर्थ र हितको कारणले नभई आफूहरूको सिद्धान्त सही छ भनी सरल स्वच्छरूपले विश्वासगरी संघको निर्णयलाई



Downloaded from http://dhamma.digital

स्वीकार नगरेमा नगरेको हुनेछ। तैपनि संघभेद हुनुतिर उन्मुखहुनुमा त देवदत्तसित समान हुनुभैं भयो । त्यसरी संघभेद हुनुतिर उन्मुखहुनु नै संघभेदकर्म स्पष्टभएको अथवा विवादाधिकरणसित फरक पारेको लक्षण हो ।

संघ छुटाउने कार्य भिक्षुणी, श्रामणेर, श्रामणेरी, उपासक, उपासिकाहरूले गर्नसक्ने कार्य होइन। संघकर्महरूमा सामिलभई कामकाजगर्ने अवसर प्राप्तभई एउटै आवासभित्र सँगसँगै बस्ने गरेका भिक्षुले मात्र गर्नसकिने कुरा हो। विवाद उत्पन्नभएको विषयलाई भिक्षुसंख्या ९-जनाभन्दा कम नभएको संघसमक्ष पेशगर्नुपर्दछ। ती ९-जनामा एकातिरको पक्षमा चारजना, अर्को–तिरको पक्षमा चारजना भएमा सलाकवोट दिने भिक्षु एकजना हुनेहुन्छ। अर्को विधिले भन्ने हो भने संघ अलग गराउन योग्य रहेको चारजना भिक्षुले संघ छुट्टिनुतिर उन्मुखभई ९-जना भिक्षु रहेको संघसमक्ष विवाद वृद्धिभएको कृत्य पेशगर्नुपर्दछ।

विनयपिटकमा संघभेदगर्नुलाई तीब्ररूपमा निन्दा र उपहास गरिराखेतापनि यो कृत्यमा भगवान् बुद्धको मानसिक सन्तुलनहुनु उदार भावना हुनुलाई हामीले विर्सनुहुँदैन। महाप्रजापति गौतमीले "परोक्ष र प्रत्यक्षरही विवाद उठाई प्रतिपक्षी कुरागरी विवाद चर्काएर संघको अधिकरण गर्नजान्ने" कौशाम्बीका भिक्षुहरू श्रावस्ती नगरतिर आउँदै छन् भन्ने सुनी भगवान् बुद्धसमक्ष ती भिक्षुहरूमाथि आफूले कसरी आचरण गर्नुपर्ला भनी निवेदनगर्दा भगवान् बुद्धले, "तिमीले दुबै पक्षको संघमा बसी धर्मको कुरा सुन, ती दुबै पक्षको संघमा धर्मविषयलाई बताउने गरेका भिक्षुहरूको दृष्टिलाई, छन्दलाई र सिद्धान्तलाई पहिल्याउ र अभ्यास



Downloaded from http://dhamma.digital

गर" भनी आज्ञा हुनुभयो। अनाथपिण्डिक श्रेष्ठी र विशाखाहरूलाई दुबै पक्षका संघलाई दानप्रदान गर्न र उनीहरूबाट उपदेश सुन्न आज्ञा भयो र आयुष्मान् सारिपुत्रलाई ती भिक्षुहरूको निमित्त विहारमा सेनासन र भोजन आदि आमिसहरू व्यवस्था गरिदिनुपर्दछ भनी आज्ञा हुनुभयो। (महावग्ग कोसम्बक्खन्धक)

वास्तवमा भन्ने हो भने भगवान् बुद्धको अभिमतअनुसार संघलाई विभाजनगर्ने प्रत्येक भिक्षु दोषी हुँदैन। "उपाली, यो बुद्धशासनमा भिक्षुले अधर्मलाई धर्म भनी प्रदर्शन गर्छ। विनयलाई अविनय भनी प्रदर्शन गर्छ। भगवान् बुद्धले उपदेश नगरेको कुरालाई उपदेश गर्नुभएको भनी प्रकाश पार्दछ। ........त्यसरी प्रकाशगर्दा सिद्धान्तमा विभेदहुनु न्यायपूर्ण छ भनी विश्वासगर्छ। आफ्नो धारणालाई छोपेर नराखी आफूलाई मनपर्ने चित्तबुझ्नु समानहुनेलाई छोपेर नराखी आफ्नो उद्देश्यलाई छोपेर नराखी यो धर्म हो, यो विनय हो, यो भगवान् बुद्धको अनुशासन हो, यो अनुशासनलाई ग्रहण गर भनी भनेर सलाक ग्रहणगराउँछ भने त्यसरी संघविभाजनगर्ने भिक्षु अपाय दुर्गतिमा पतन हुननपर्ने, आयुकल्पभरि स्थिर भइरहनु नपर्ने र उपचारगर्नसक्ने व्यक्ति हुन्छ।" (चूलवग्ग संघभेदक्खन्धक)। यो कथनअनुसार आफ्नो विश्वासअनुरूप सरल स्वच्छ चेतनाद्वारा संघविभाजनगर्ने गरेका भिक्षुमा कुनै दोष नभएको विषय जान्नुपर्दछ।

भगवान् बुद्धको भिक्षुसंघ सबभन्दा प्रमुख अधिकारी व्यक्तिबाट अलग्ग छ। एउटै शब्द र एउटै हुकुमी सिद्धान्तसित यो प्रतिपक्षी छ। भिक्षुहरूले उपसम्पदाकर्म वहनगर्दा यो वा त्यो सिद्धान्तलाई सदैव स्वीकारगरी विश्वास गर्नेछु भनी कबुल



Downloaded from http://dhamma.digital

गरिएको छैन । बुद्धवादले प्रत्येक व्यक्तिको स्वतन्त्रतापूर्वक चिन्तनगर्ने र विश्वासगर्ने कुरामाथि गौरब राख्दछ । आफ्नो सिद्धान्तलाई मात्र माथि उचाली यसले अन्य सिद्धान्तलाई दमन गर्नुलाई उपहासगर्दछ । त्यसोभएर बुद्धवादी भिक्षुले सरल र स्वच्छ चेतनाद्वारा सिद्धान्त विभेदभई संघलाई विभाजनगर्ने अवसर हुनुमा बुद्ध-धर्मको गुणसित मेलखाने विषयमा द्वन्द्वहुनेगरी संशय गर्नुपर्ने छैन ।

## (घ) भिक्षुणी-संघ

भगवान् बुद्ध विद्यमानरहेको बेला ईशापूर्व छैठौं शताब्दीभित्रको भारतको मध्यदेशमा महिलाहरूले विभिन्न क्षेत्रहरूमा पुरुषहरूसरह स्वतन्त्रता प्राप्तगर्न सकिएको थिएन; तापनि केही हदसम्म (तिनीहरू) श्रेणीमाथि उठेका थिए । पछिल्लो युगको भारतीय महिलाहरूलाई दबाएर श्रेणी तल झारिराखेको धारणा रीतिथिति (उदाहरण-लोग्ने मर्दा स्वास्नीले चितामा हाम्फाली मर्नुपर्ने रीतिरिवाज) त्यसयुगमा प्रादुर्भाव भइसकेको थिएन । यसरी महिलाहरूको श्रेणी माथि उठ्नु व्यक्ति त्यो म, पुरुष-महिला भनी नछुट्याई पञ्चस्कन्धलाई अगाडि सारी उपदेशित भगवान् बुद्धको कारणले अथवा बुद्धवादले प्रत्येक पुद्गल सत्त्वको स्वतन्त्रतामाथि गौरवराख्नेभएको कारणले हुनुपर्दछ । भगवान् बुद्धले अहिलेको समयमा कोही कोही व्यक्तिहरूले सोचेर धारणा राखेजस्तै महिलाहरूलाई दबाएर उपदेश गर्नुनभई प्रशंसागरेर उपदेशगर्नुभएको विषयलाई यो पुस्तकको पहिलो खण्डमा उल्लेखगरेर आइसकें । वास्तवमा महिलाहरूले साँच्चिकै उद्योग र प्रयत्नगरेमा पुरुषहरूसरह मार्गफल निर्वाण प्राप्तगर्नसक्ने



Downloaded from http://dhamma.digital

विषय महिलाहरूलाई भिक्षुणी बन्न अनुमति दिन प्रार्थना गर्नुहुने आनन्दलाई यो विषय खुलस्तरूपमा आज्ञाभएको थियो।

यस्तो विचार दिनुहुने भगवान् बुद्धले आफूलाई भिक्षुणी बन्ने अनुमतिदिन बारबार प्रार्थना गर्नुहुने आफ्नी सानी आमा गौतमीको चाहनालाई किन तुरन्तै स्वीकार गर्नुनभएको होला भन्नेतिर विचार गर्नुपर्दछ। भगवान् बुद्धले महिलाहरूमा साँच्चिकै उनीहरूद्वारा उद्योग र प्रयत्नगरेमा पुरुषहरूसरह मार्गफल निर्वाणधर्मलाई प्राप्तगर्नसक्ने खुबीरहेको हुन्छ भन्ने विषयलाई जान्नु देख्नुभएतापनि त्यस युगका मानिसहरूले त्यस तथ्यलाई तत्कालै धेरैजसोले स्वीकार गर्नचाहने खालको थिएन। महिलाहरूलाई नीचा देख्नु संसारको आदिकालदेखि मानिसहरूको चित्तसन्ततिमा गढेर रहिसकेको कुरा हुनाले भगवान् बुद्धको पालामा बुद्धवादको कारणले भारतीय महिलाहरू उन्नत र विकास हुँदैआएको सही भएतापनि विभिन्न क्षेत्रमा पुरुषसरह अवसर प्राप्तगर्ने सक्षम स्थितिसम्म जीवनको परिस्थिति माथि उठेको थिएन। वास्तवमा भगवान् बुद्धको पालामा केहीहदसम्म विकसितभएर आएकोमा समेत त्यो स्थिति दीर्घकालसम्म स्थिर नरही भगवान् बुद्ध परिनिर्वाणभएको धेरै समय नबित्दै महिलाहरूको फेरि श्रेणी घट्दै गएको तथ्य त्यो युगमा प्रादुर्भावभएका जातकनिपात अर्थकथाहरूमा स्पष्ट उल्लेख छ।

भगवान् बुद्धले मानिसहरूको पुराना परम्परा र विश्वासलाई ठाडै विरोधगर्न चाहनुनभएको कारणले महिलाहरूलाई भिक्षुणी बन्न अनुमति दिन हिचकिचाउनु भएको हुनुपर्दछ। बुद्धशासनसित प्रतिस्पर्धात्मकरूपमा प्रादुर्भावभएर आएको जैन (निर्ग्रन्थ) शासनमा



Downloaded from http://dhamma.digital

भिक्षुणीहरू छन् होइन र ? भन्दा जैन भिक्षुणीहरू रहेको सही हो, तैपनि महिलाहरूलाई भिक्षुणी बन्न महाबीरले शुरूगरी अनुमति दिनुभएको हो कि अथवा भगवान् बुद्धले शुरूगरी अनुमति दिनुभएको हो भन्ने कुरा सुनिश्चितरूपमा भन्नसकिएको छैन। भिक्षुणी बन्न अनुमति प्राप्तगर्न बुद्धकी सानी आमा गौतमीले प्रार्थनागर्दा जैन धर्ममा भिक्षुणीहरू रहिसकेका छन् भने गौतमीले र आयुष्मान् आनन्दले त्यो तथ्यलाई उदाहरण मात्र पनि दर्शाई नराख्नु आश्चर्यजनक छ।

त्यसबेला महिलाहरूलाई भिक्षुणी बन्न अनुमति दिने कुरालाई नरूचाउने व्यक्तिहरू भगवान् बुद्धप्रति श्रद्धा र गौरव राख्ने गृहस्थ व्यक्तिहरूमात्र रहेका होइनन्। भगवान् बुद्धको शिष्यसंघ भित्रमा पनि निकै ठूलो संख्यामा रहेको हुनुपर्दछ। भगवान् बुद्ध विद्यमानरहेको बेलामा भिक्षुसंघले आफूलाई मन नपराएकोलाई थिचेर राखेतापनि भगवान् बुद्ध परिनिर्वाण पछि धेरै समय नबित्दै प्रथमसंगायन धर्मसभामा आयुष्मान् आनन्दलाई महिलाहरूलाई भिक्षुणी बन्न अनुमति प्रदानगर्न भगवान् बुद्धसमक्ष निवेदन गर्ननहुने थियो भनी चारैतिरबाट वहाँमा दोषारोपण भएको थियो। त्यसरी उपहास र दोषारोपणगर्ने संघभित्र महास्थविर हरू समावेशरहेका थिए। तापनि ती महास्थविरहरूले महिलाहरू भिक्षुणी बन्नुको कारणले बुद्धशासनमा कसरी भय अन्तराय उत्पन्न भयो भनेर सीधै कारण फलसहित आलोचनागर्ने नगरिकन, "आवुसो आनन्द, तिमीले बुद्धको शासनमा महिलालाई श्रामणेरी र भिक्षुणीभावको लागी उद्योग गऱ्यौ। यो तिम्रो नराम्रो क्रियाकलाप हो " भनेर उनीमाथि उपहास र दोषारोपण गरियो (चूलवग्ग पञ्चसतिक्खन्धक)।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले आफ्नी सानी आमा गौतमीको प्रार्थनालाई विचारगर्दा महिलाहरूलाई निमुखा देख्ने किसिमको भिक्षुसंघको उपादानआसक्ति रहनुलाई पनि समावेशगरेर विचार गर्नुभएको हुनुपर्दछ। त्यसो भएरपनि महिलाहरूलाई भिक्षुणी बन्न अनुमति प्रदान गर्नुभयो नै भनौं, भिक्षुणीसंघलाई भिक्षुसंघसित एउटै श्रेणी एउटै तहमा नराखी भिक्षुसंघलाई आधारलिएर भिक्षुसंघको अववाद अनुशासनलाई सुन्नुपर्ने संघको रूपमा मात्र अनुमति प्रदान गर्नुभएको थियो ।

यसरी भिक्षुणीसंघ र भिक्षुसंघबीच श्रेणी छुट्याएर राख्नु, भिक्षुणीसंघ भिक्षुसंघको आधारमा महाप्रजापति गौतमीले भिक्षुणी बन्न अनुमति पाउनुभन्दा अगाडि स्वीकार गर्नुपरेको गरूधर्म रहेका आठवटा धर्ममा स्पष्ट छ। गरूधर्म आठवटा त भिक्षुणी उपसम्पदाभएर सयवास भएकी भएतापनि भर्खर उपसम्पन्न भएको भिक्षुलाई भिक्षुणीले सम्मानगर्ने, वन्दनागर्ने गर्नुपर्ने भएको छ। भिक्षुणीले भिक्षु नभएको विहारमा वर्षावास बस्नु हुँदैन । प्रत्येक दुई दुई हप्तामा भिक्षुसंघसमक्ष उपोसथ गर्नुपर्ने दिन सोध्नुपर्नेछ। अववाद ग्रहणगर्न उपसंक्रमण गर्नुपर्ने छ। वर्षावास अन्तहुने बेलामा दुबै पक्षको संघमा पवारणा गर्नुपर्नेछ। संघादिसेस आपत्ति लाग्दा दुबै पक्षको संघमा दोषदण्ड भोग्नुपर्ने छ। दुई दुई वर्षसम्म ६-वटा धर्ममा आचरण गरिसकेकी श्रामणेरीले मात्र दुवै पक्षको संघमा उपसम्पदा लिनुपर्ने छ। भिक्षुणीले भिक्षुलाई कुनै कारणद्वारा अपशब्द बोल्नु हुँदैन । भिक्षु भएको दिनदेखि नै भिक्षुणीले भिक्षुहरूलाई कुनै किसिमको अववादकथा भन्नुहुँदैन। भिक्षुहरूले भने भिक्षुणीहरूलाई अववादकथा भन्ने अवसर छ।



Downloaded from http://dhamma.digital

महाप्रजापति गौतमीले भिक्षुणी बन्ने चाहनाछन्द अत्यन्त तीब्र र प्रबल भइरहेको कारणले अष्टगरूधर्मलाई जीवनभर उल्लंघन गर्नेछैन भनी स्वीकारेकोजस्तो लाग्छ । वास्तवमा भिक्षु र भिक्षुणीलाई श्रेणी छुट्याईराखेको प्रज्ञावानहरूलाई मनपराई सन्तोष लागेको जस्तो छैन। पछिको समयमा गौतमीले आयुष्मान् आनन्दसमक्ष उपसंक्रमणगरी भिक्षु आनन्दसँग भगवान् बुद्धछेउ भिक्षुहरूलाई र भिक्षुणीहरूलाई वासक्रम अनुसार वन्दनागर्नु, स्वागत गर्नजानु, नमस्कारगर्नु, आदर गौरव राख्नुहरूलाई अनुमति दिनुभएमा राम्रो हुन्छ भनी निवेदन गरिन्। आयुष्मान् आनन्दले त्यो कुरालाई भगवान्समक्ष निवेदनगरेको बेलामा भगवान् बुद्धले भन्नुभयो, "आनन्द, नराम्रोसित उपदेशित धर्मरहेका, बुद्धशासनबाट अलग्गभएका तीर्थंकरहरूले समेत महिलाहरूलाई वन्दनागर्ने सत्कार सम्मानगर्ने गर्दैनन् भने म तथागतले त्यसरी महिलालाई वन्दनागर्ने, सत्कार सम्मानगर्ने कुरालाई कसरी अनुमति दिन सकिएला नि ? यति भनी गौतमीको प्रार्थनालाई बुद्धले अनुमति दिनुभएन । वास्तवमा भगवान् बुद्धले अन्य थुप्रै ठाउँहरूमा तीर्थंकर परिव्राजकहरूको व्रताचरणतिर ध्यान नराखी स्वतन्त्ररूपमा निर्णयगरी शिक्षापदहरू प्रज्ञप्त गर्नुभएको साधकनमूनाहरू रहिरहेकोहुँदा उपर्युक्त बुद्धको आज्ञाको कारण युक्तियुक्त र दृढ छैन । गौतमीको छन्दलाई स्वीकार नगर्नु तीर्थंकरहरूको व्रता–चरणको कारणले नभई महिलाहरूलाई मामूली सम्झने श्रावक भिक्षुसंघको छन्दलाई विरोध गर्ननचाहनु भएको कारणले हुनुपर्दछ। जे होस्, भगवान् बुद्धको आज्ञाभएको कथनलाई आधारबनाएर भिक्षुसंघ र भिक्षुणीसंघलाई श्रेणी छुट्याएर राख्नुको मतलब भिक्षुणीहरू बीजहीन भएको नभई वरीपरिको गृहस्थी लोकको



Downloaded from http://dhamma.digital

आसक्ति र विश्वासलाई अतिक्रमणगर्न नचाहेको कारणलेभएको विषय भनी जान्नुपर्दछ ।

पछिको समयमा परिस्थितिअनुसार भिक्षुणीहरू केही केही कृत्यहरूमा भिक्षुहरूलाई आश्रयलिएर बस्नुपर्ने जीवनबाट विस्तार विस्तारै मुक्तभएर आए । कोही कोही भिक्षुहरूले गुप्ताङ्गलाई खोलेर भिक्षुणीहरूलाई देखाउँछन् । भिक्षुणीहरूलाई जिस्काउँछन् । भिक्षुणीहरूसित संसर्ग गर्छन् । भिक्षुणीसंघले त्यस्ता भिक्षुहरूलाई वन्दना गर्नुहुँदैन भनेर भगवान् बुद्धले प्रज्ञप्त गर्नुपरेको थियो । सबभन्दा पहिले भिक्षुहरूले मात्र भिक्षुणीहरूलाई प्रातिमोक्ष प्रदर्शन गर्नुपर्दथ्यो । भिक्षुणीहरूको आपत्तिलाई ग्रहण गर्नुपर्दथ्यो, तैपनि मानिसहरूले भिक्षु र भिक्षुणीहरू एकसाथ घुलमिलभई व्यवहार गर्नुलाई निन्दा उपहास गरेकोले भगवान् बुद्धले भिक्षुले भिक्षुणीलाई प्रातिमोक्ष प्रदर्शनगर्ने गरी आपत्ति ग्रहणगर्नुलाई रोक्नुभई भिक्षुणीहरूलाई परस्परमा ती कार्यहरूगर्न अनुमति दिनुभयो ।

त्यसरी भिक्षुणीसंघ कुनै कुनै क्षेत्रहरूमा स्वतन्त्रभएर आएको सही भएतापनि सधैंभरि भिक्षुसंघसित बिल्कुल अलग्गभएर उभिनसक्ने अवसर पाएका थिएनन् । पहिले पहिले भिक्षुणीहरूले भिक्षुसंघसँग एकसाथ पवारणा गर्दथिए । पछिको समयमा भने त्यसरी एकसाथ मिली पवारणा गर्नुलाई अवसर नदिई भिक्षुणीहरूले पहिलो दिनमा भिक्षुणीसंघसमक्ष पवारणागरी अर्को दिनमा भिक्षुसंघसमक्ष पवारणा गर्नुपर्ने भयो । एक एकजनाले भिक्षुसंघसमक्ष पवारणागर्न पनि आवश्यक नभई भिक्षुणीसंघले नियुक्त गरिराखेकी भिक्षुणीसंघसहित भिक्षुसंघसमक्ष उपसंक्रमण



Downloaded from http://dhamma.digital

गरी भिक्षुणीसंघले पवारणा गरिसकेको विषय, भिक्षुणीसंघमा केही दोषहरू देखेमा निर्देशन दिनुपर्ने विषय निवेदन गर्नुपर्दछ।

भिक्षुणीसंघ भिक्षुसंघलाई आश्रयलिएर स्थितरहेको विषयलाई प्रकटगराउने अर्को एउटा विषय त भिक्षुणीहरूले भिक्षुसंघको अववादलाई सुन्नुपर्ने हो। सर्वप्रथम भिक्षुणीसंघ अववादलाई सुन्न भिक्षुसंघसमक्ष उपसंक्रमणगर्दा मानिसहरूले निन्दा उपहासगरेको कारणले एक एकचोटि भिक्षुणी दुई तीन जनामात्र भिक्षुहरूको अववादलाई सुन्नको निमित्त जानुपर्ने छ भनी प्रज्ञप्त गर्नुपरेको थियो। प्रत्येक भिक्षुले भिक्षुणीहरूलाई अववाददिने अवसर पाएको हुँदैन। भिक्षुणीहरूलाई अववाददिने भिक्षु त्यसरी अववाददिन संघले अनुमति दिइराखेको वा सम्मुतिप्राप्त भइराखेको व्यक्तिभएर शीलाचरणयुक्तहुनु धेरै बहुश्रुतहुनु, दुबै प्रातिमोक्षहरूमा दक्ष र परिपूर्ण भएकोहुनु, कुराकानि गर्नुमा दक्षहुनु, भिक्षुणीहरूले मनपराएकोहुनु, भिक्षुणीहरूलाई अववाद दिन जानेकोहुनु, भिक्षुणीहरूमाथि अघि ठूलो आपत्ति उल्लंघन नगरिसकेकोहुनु , कम्तिमा वर्षावास बीस वर्षभएकोहुनु भन्ने आठवटा अंगले सम्पन्न भएको हुनुपर्दछ।

विनयपिटकमा भिक्षुणीहरूले भिक्षुहरूको अववादलाई सुन्नुपर्ने कर्तव्यव्रतसित सम्बन्धराखी गहिरोरूपमा भनिराख्नुमा भिक्षुसंघलाई भिक्षुणीसंघबाट श्रेणी छुट्याउनचाहेको एउटैमात्र विषयको कारणले नभई अन्य विषयहरू पनि हुनुपर्दछ। बुद्धशासनमा मार्गफल निर्वाण प्राप्तगर्न अत्यन्त सुदृढभएको मनोवृत्ति अत्यन्त विशाल उद्योग वीर्यहुनु आवश्यक भएकोहुँदा महिलाहरूमा प्राय: त्यस किसिमको मनोवृत्तियुक्त शक्ति त्यस किसिमले उद्योग वीर्य



Downloaded from http://dhamma.digital

कमजोर हुन्थ्यो। धनसम्पत्ति आर्जनगर्ने क्षेत्रमा; प्रज्ञा आर्जनगर्ने क्षेत्रमा र घर गृहस्थी सम्बन्धी अभिभारलाई वहनगर्ने क्षेत्रमा महिलाहरू प्रायःगरी पुरुषहरूसितको क्षमतामा समानभएको भएमा हुनसक्ने छ। तैपनि आर्थिकक्षेत्र, शिक्षाक्षेत्र र गृहस्थाश्रमक्षेत्रहरू लोकुत्तरक्षेत्रसित एकसमान नभएको विषयलाई ख्यालगर्नुपर्दछ। लोकुत्तरक्षेत्रमा महिलाहरू पुरुषहरू जतिको प्रख्यात छैनन्। मानव इतिहासभरीमा ख्याति प्राप्तभएका धार्मिकनेताहरू साधुसन्त सत्पुरुषहरू प्रायःगरी पुरुषहरू रहेकाछन्।

तसर्थ भिक्षुणीसंघ प्रादुर्भावभएर आएको पछिको समयमा समेत महिलाहरूलाई पुरुषहरूसरह भिक्षुणी बन्ने अवसर प्राप्तगर्न सजिलो थिएन। भिक्षुणी बन्नचाहने महिलाहरूले दुई दुई वर्षसम्म छ वटा शिक्षापदहरूलाई आचरण गर्नुपर्दछ। ती शिक्षापदहरूमा ब्रह्मचर्य शिक्षापद समावेशभएको पञ्चशील र विकालभोजन गर्नुबाट विरतरहनु हो। ६-वटा शिक्षापदलाई दुई दुई वर्षसम्म आचरणगरेर आइसकेकी श्रामणेरीले समेत दुबै पक्षको संघको सहमति पाएमा मात्र भिक्षुणी बन्ने अवसर प्राप्त श्रामणेरीलाई भिक्षुणी बनाईदिने उपाध्याय भिक्षुणी कमसेकम २२-वर्षावासभएकी हुनुपर्दछ। भिक्षुणीले भिक्षुणी बनाईदिएकी उपाध्याय गुरूआमालाई दुई वर्षसम्म उपस्थान गर्नुपर्दछ।

भिक्षुणीहरूले पालनगर्नुपर्ने शिक्षापदहरूमा पाराजिक ८, संघादिसेस १७, पाचित्तिय........आदि गरी भिक्षुहरूको शिक्षापदहरूभन्दा संख्या बढी छ। यसरी शिक्षापद्र झन बढी हुनुमा महिलाहरूको स्वाभाविक मानसिकचरित्रलाई हेरेर प्रज्ञप्त गर्नुपरेको कारणले हो। उदाहरण-जो भिक्षुणीले आफ्नो शरीरलाई



Downloaded from http://dhamma.digital

मुड्कीले हानीहानी विलाप गर्नेछिन् ती भिक्षुणीलाई पाचित्तिय आपत्ति लाग्छ। (भिक्षुणी विभङ्ग पाचित्तिय-२०)। जो भिक्षुणीले महिनावारी भएको चीवरलाई परित्याग नगरिकन उपभोग गर्नेछ, त्यस्तो भिक्षुणीलाई पाचित्तिय आपत्ति लाग्छ। (पाचित्तिय-४७) कुनै कुनै शिक्षापदहरूले भिक्षुणीहरूलाई वदमासहरूको भयउपद्रवबाट रक्षा गरिराखेको हुन्छ। उदाहरण-जो भिक्षुणी एक्लै कुनै गाउँतिर पनि जानेगर्छिन् , नदी पारी भएपनि जाने छिन्, रात्री समयमा विना साथी पनि बस्ने गर्छिन् , समूहबाट एक्लैभई पछि समूहमा रहने गर्छिन् , ती भिक्षुणीलाई संघबाट निस्कासित गर्नुपर्ने संघादिसेस आपत्ति लाग्छ। विनयपिटकमा भगवान् बुद्धको पालामा भिक्षुणीहरू पुरुषहरूको अपमान भोग्नुपर्ने विनाश गरेको खप्नुपर्ने जस्तो साधकनमूना थुप्रै थुप्रै देखाइ राखेकोलाई आधारलिएमा उपर्युक्त शिक्षापदहरू जस्ता शिक्षापद भिक्षुणीसंघको निमित्त आवश्यकभएको विषयमा संशय गर्नुपर्ने छैन।

वास्तवमा विनयपिटकको मतअनुसार त्यसबेलाको युगको भारतको मध्यमदेश क्षेत्रमा महिलाहरूलाई विनाश गर्ने दूराचारीहरू व्यक्तिगत क्रियाहरूको कारणले सीधासादा रूपमा पुरुषहरूसित व्यवहारगर्ने महिलाहरूलाई विनासित्तैमा अपवाह फैलाई निन्दा उपहास गर्नजाने व्यक्तिहरू निकै धेरै हुनुपर्दछ। भगवान् बुद्धले मानिसहरूको त्यस किसिमको रीतिरिवाज चरित्रलाई जान्नु, देख्नुभएको कारणले महिलाहरूलाई भिक्षुणी बन्न तुरन्तातुरन्ती अनुमति दिनु नभएको हुनुपर्दछ। त्यसोभएर नै भिक्षुणीलाई एकजना पुरुषसँगै नजिकिएर बसेर कुरागर्नुलाई निषेध गरीराख्नुभएको छ। (पाचित्तिय-१०, १४)



Downloaded from http://dhamma.digital

भिक्षुणी विभङ्गमा शिक्षापदहरू प्रज्ञप्त गर्नुपर्नुको निदानवस्तुहरूलाई पढेरहेर्ने बेलामा त्यसयुगका कोही भिक्षुणीहरूको अज्ञानता, मूर्खतापूर्ण मनोवृत्ति र चरित्रहीनताका प्रक्रियाहरूलाई हामीले जान्नपाइन्छ । तैपनि शिक्षापदहरू अलज्जी भिक्षु भिक्षुणीहरूको कारणले उत्पन्नभएर आएकोले **भिक्खुविभङ्ग**मा अलज्जी भिक्षुहरूको विषयलाई अधिकरूपमा देखाईराखे जस्तै **भिक्खुनीविभङ्ग**मा नराम्रा भिक्षुणीहरूको विषयलाई विशेषरूपले देखाइराखेकोमा आश्चर्य मान्नुपर्दैन। भिक्षुणी शिक्षापदहरू प्रज्ञप्त गर्नपर्नुमा भिक्षुसंघमा जस्तै अलज्जी भिक्षुणीहरूको क्रियाकलापलाई निन्दा उपहासगर्ने, अल्पेच्छु, राम्रा भिक्षुणीहरूको प्रयोग पनि समावेश भईरहेको विषयलाई ख्यालराख्नु उचित छ।

वास्तवमा भन्ने हो भने भगवान् बुद्धको पालामा निर्वाणलाई साक्षात्कारगर्ने अरहन्त पुद्गल अथवा निर्वाण मार्गमा तेस्रो तहतिर पुगिरहेका अनागामी पुद्गलहरूमध्ये पुरुषसंख्या महिलासंख्या भन्दा बढी हुने भएतापनि श्रोतापन्न सकृदागामी पुद्गलहरूमध्ये महिलासंख्या बढी हुनसक्ने सम्भावना छ । त्यसो नभएमा आर्यपुद्गल चारजनाको पुरुष संख्या बढी छ नै भनौं। सामान्य भिक्षु र भिक्षुणीहरूमध्येमा त भगवान् बुद्धको अववादअनुरूप बस्ने आचरणगर्ने पुद्गलहरूमा संघसंख्याको पछिलागी गिन्ती गरेर हेरेमा भिक्षुणी संघमा झन बढी संख्या हुनुपर्दछ, किनभने महिलाहरूको स्वभावअनुसार शील समाधि क्रियामा पुरुषहरू–सरह शीर्षस्थ अवस्थातिर माथि उठ्नसक्ने शक्तिसामर्थ्य कम भएअनुसार तल्लो दर्जातिर झर्ने गरिकन दूषित र अज्ञानीहुनु पनि कम नै छ। अर्को विधिले भन्ने हो भने पुरुषहरू कुशलकर्म



Downloaded from http://dhamma.digital

गर्दामा पनि अकुशलकर्म गर्दामा पनि प्राय:गरी महिलाहरू भन्दा प्रबल भई महिलाहरूमा प्रबल हुने नरही अन्त द्वयको माझमा स्थिररहन्छ।

त्यसोभएर भगवान् बुद्धले पहिले प्रथम भिक्षुसंघ र वरिपरिका मानिसहरूको छन्दलाई अतिक्रमणगर्न नचाहनुभएको कारणले भिक्षुणीहरूलाई भिक्षुहरूको प्रभाव ग्रहणगर्ने बनाउन नियम नीतिहरू निर्धारित गराउनु भएतापनि पछिको समयमा विनय शिक्षापदअनुरूप सक्दोरूपमा आचरणगरी बसोबासगर्ने भिक्षुणीहरूप्रति दया करूणा जगाउनुभई ती नियम नीतिहरूलाई जर्वजस्ती कडाइका साथ पालना गराउनु भएन। भिक्षुणीहरू उपोसथगर्दामा पवारणा गर्दामा र आपत्ति उपचारगर्दामा उचितरूपमा स्वतन्त्रभएर आए। पहिले प्रथमत: उपसम्पन्न हुनचाहने श्रामणेरीले भिक्षुहरूको सोधपूछ र परीक्षणगर्नुलाई स्वीकार्नुपर्दथ्यो। पछिको समयमा भने भिक्षुणीसंघले सोधपूछ र परीक्षणगरी उपसम्पदा दिइसकेको भावी भिक्षुणीलाई सोधपूछ नगरिकन नै भिक्षुणी बनाईदिन भिक्षुसंघलाई अनुमति दिनुभयो। भिक्षुणीसंघसमक्ष भिक्षुणी भइसकेको भावी भिक्षुणी भय अन्तराय केही भएमा भिक्षुसंघसमक्ष स्वयं जान आवश्यक छैन। एउटी नगरशोभिनी भिक्षुणीहरूकहाँ उपसम्पन्न भइसकेपछि भिक्षुसंघसमक्ष जानलाग्दा बाटोमा रक्सिबाजहरू पर्खेरबसे। त्यो विषयलाई भगवान् बुद्धले सुन्नुहँदा एकजना भिक्षुणीलाई भिक्षुसंघसमक्ष पठाउनुभई त्यो दूतद्वारा उपसम्पन्नकार्य सिद्धगराउन अनुमति दिनुभयो।



Downloaded from http://dhamma.digital

गर्भवती एउटी महिला भिक्षुणीहरूसमक्ष भिक्षुणी भइन्। केही समय नबित्दै ती भिक्षुणीले बच्चा जन्माइन् भनी भगवान् बुद्धलाई निवेदन गऱ्यो। त्यो बेलामा भगवान् बुद्धले त्यो बच्चालाई जान्ने बुझ्ने दक्षहुने अवस्थामा पुगुञ्जेलसम्म लालनपालनगर्न अनुमति दिनुभयो । यो क्षेत्रमा भिक्षुणीलाई आफ्नो छोरोलाई ज्ञातिबन्धु र इष्टमित्र गृहस्थी व्यक्तिहरूमा नसुम्पनुद्वारा भगवान् बुद्धले आमाको मैत्रीभावलाई गौरबगरी भिक्षुणीको मानसिकशान्ति र बच्चाको सुखसमृद्धिलाई धेरै नै चाहनुभएको विषय स्पष्ट छ। भगवान् बुद्धको आज्ञाअनुसार बच्चालाई लालनपालनगर्दामा सहयोग पुऱ्याउन अर्की एकजना भिक्षुणीलाई आमाको साथीको रूपमा भिक्षुणीसंघले सम्मतगरी त्यो भिक्षुणी एउटै छटभएको विहारमा बस्नुलाई बाँकीराखेर अन्य क्रियाहरूमा त अन्य महिलाहरूले बालक बच्चालाई लालनपालन र संरक्षण गर्नुजस्तै त्यो बच्चालाई लालनपालन र संरक्षण गर्नुपर्ने भयो।

भिक्षुसंघभित्र भगवान् बुद्धले जस्तै भिक्षुणीहरूको अर्थहितलाई चाहनाराख्ने व्यक्ति आयुष्मान् आनन्द हो। आयुष्मान् आनन्दले भिक्षुणीहरूको हितलाई मात्र चाहना राख्नुभएको होइन उपासिकाहरूको हितलाई पनि चाहनाराख्ने भएकोले भगवान् बुद्धले आनन्दलाई कोशल राजाकी महारानीहरूलाई उपदेशगर्न राजदरबार पठाउनु भयो । भिक्षुणीहरूले आनन्दलाई स्नेह र श्रद्धाराख्ने भएकोले एकजना भिक्षुणीले त आयुष्मान् महाकाश्यपलाई आनन्दलाई बालक भनी सम्बोधनगरी दोष लगाई अववाद दिनुपर्छ त भनी रिसाएकी विषय संयुक्तनिकायमा आएको छ।



Downloaded from http://dhamma.digital

आयुष्मान् आनन्दले जस्तै भिक्षुणीहरूलाई दया करूणा राख्ने अन्य भिक्षुहरू भएमा ती भिक्षुहरू अल्पसंख्यक हुनुपर्दछ। धेरैजसो भिक्षुहरूले भिक्षुणीहरूलाई दबाएर राख्नचाहेको जस्तो छ। भिक्षुणीहरूलाई आफूहरूमा मात्र दोषारोपण र आलोचना गरी भिक्षुणीहरूको दोषारोपण र आलोचनालाई भने स्वीकार्न चाहँदैनन्। भिक्षुहरूले भिक्षुणीहरूको उपोसथ र पवारणालाई रोक्नसक्ने अवसर प्रश्न उठाउनसक्ने अवसर छ। भिक्षुणीहरूले भने भिक्षुहरूलाई त्यसरी कुरा उल्टापुल्टागर्ने अवसर छैन। कुनै अपवाद नराखी एकपक्षतिर मात्र दबाबराखी बनाइराखेको यो नीतिमा बुद्धको हात नभई भिक्षुसंघको हात हुनुपर्दछ।

भिक्षुणीहरूले विभिन्न विषयको कारणले भिक्षुहरूसरह अवसरहरू नपाएको भएतापनि प्रायःगरी भिक्षुणी जीवनमा प्रफुल्लितभई रमाउँछिन्। वास्तवमा भगवान् बुद्धका पालाका भारतीय महिलाहरू अन्य युगका भारतीय महिलाहरू भन्दा श्रेणी उच्चभएको सही भएतापनि पुरुषहरूसरह स्वतन्त्र हुने अवसर पाएकी थिएनन्। गृहस्थी जीवनका आमाबाबु दाजुभाई र पतिहरूको प्रतिबन्धहरूको दाँजोमा भिक्षुणीहरूले बढी मान्नुपर्ने र संरक्षणगर्नुपर्ने शिक्षापदहरू अलिकति पनि भन्नलायक छैन। त्यस अतिरिक्त महिलाहरू भिक्षुणी हुनजानु ती प्रतिबन्धहरूबाट मुक्तहुन बढी लक्ष्यराखेका कारणले नभई कामगुणदुःखबाट मुक्तहुने चाहनाभएको प्रमुख छन्दको कारणले हो।

थेरी–गाथामा भगवान् बुद्धका पालाका ख्यातिप्राप्त भिक्षुणीहरूले व्यक्तगरेका उदानगाथाहरूलाई उल्लेख गरिराखेका ती गाथाहरू भिक्षुणी नभइसकेको बेलामा सामनागरेर आएका



Downloaded from http://dhamma.digital

दु:खहरू र भिक्षुणी भइसकेपछि दु:खनिरोध र शान्तभई मानसिकसुख र शान्तिपाएको प्रक्रियालाई तुलनागरेर देखाएका गाथाहरू हुन्। थेर–गाथामा कोही कोही स्थविरहरूले वरिपरिका स्वाभाविक लोकको प्रसन्नता र रमणीयतारहेको प्रक्रियालाई उदान व्यक्त गरिराखेका छन् भने थेरी–गाथामा त्यस किसिमको गाथा देख्न नपाई भिक्षुणी हुनुभन्दा अगाडि सामनागरेर आएका र अनुभव गरेर आएका विषयहरूलाई उल्लेख गरिराखेको छ। त्यसोभएतापनि थेरीहरू प्राय:जसो मूलदेखि गरीब महिलाहरू नभई उच्चश्रेणीका सम्पन्नपरिवार पक्षबाट आएका व्यक्तिहरू हुन्। थेरी–गाथामा उल्लेख गरिराखेका थेरी ७३ जनामध्ये २३ जना क्षेत्रीय कुलकी, १३ जना श्रेष्ठीपुत्री भई १८ जना ब्राह्मण जातिका थिए।

भगवान् बुद्धको पालामा भिक्षुणीभएका महिलाहरूले प्राय:जसो कामगुणको दोष र दु:खहरूलाई जानेदेखेका मात्र होइनन् मार्गफल निर्वाणहरूलाई आचरण उद्योग अभ्यासगर्दामा आवश्यक प्रयत्न वीर्य लगनशीलता दृढस्थिर मनोवृत्ति ज्ञानप्रज्ञा पारमीले पनि सम्पन्नभएका थिए। यो तथ्य थेरी–गाथामा आएका थेरीहरूको जीवन वृत्तान्तहरूमा स्पष्ट छ।

केही साधकनमूना उद्धृतगरेर देखाउनुपरेकोखण्डमा मितकाली र सीहाथेरीहरूले सात वर्षसम्म निरन्तर आचरण, उद्योग र अभ्यासगरी अरहत्तमार्गफल प्राप्त गरेका छन्। सामा–थेरी भने २५ वर्षसम्म कमजोर नभएको उत्साहद्वारा भावनाधर्म उद्योग र अभ्यास गरिसकेपछि अरहन्त भइन्। अनोपमा र शुभा थेरीहरू भिक्षुणी भइसकेर सातौं र आठौं दिनहरूमा अरहत्तफलहरू–तिर पुगिन्। भगवान् बुद्धका पालाका अरहन्त व्यक्तिहरूको



Downloaded from http://dhamma.digital

इतिहास उत्पत्तिक्रममा भेटिन गाह्रो परेका विशिष्ट विचित्र आश्चर्यजनक दुईवटा घटनाहरू त सेला नाउँ भएकी बालिका सात वर्ष उमेर भएकी श्रामणेरी अवस्थामा नै अरहन्त भई भगवान् बुद्धको आज्ञाअनुसार २० वर्ष उमेर पूरागर्न पर्खेर बस्न नपरी उपसम्पदाकर्मद्वारा भिक्षुणी हुने अवसर पाइन् । उब्बरी थेरी त भिक्षुणीहुनु अगावै गृहस्थी अवस्थामा नै अरहन्तभावतिर पुगेकी थिइन् ।

यसरी अतिविशिष्ट महिला प्रादुर्भावभएको प्राचीन भारतीय भिक्षुणीसंघ कुन समयमा कसरी विच्छेद भएर आए, के कारणले विच्छेदभएर आए आजको थेरवादी बौद्ध राष्ट्रहरूमा के कारणले भिक्षुणी संघ बिल्कुल लोपभएर रह्यो आदि तथ्यहरू प्रज्ञाविद्हरूले निरीक्षण गर्नुपर्ने, चिन्तनमनन गर्नुपर्ने भएको छ । एकजना प्रज्ञाविद्को मतअनुसार त म्यान्मार् राष्ट्रमा बगान्युगमा भिक्षुणीहरूरहेको विषय ठोसरूपमा जान्नपाइन्छ ।[१]

## (छ) संघ र उपासक

विनयपिटकमा भिक्षुणीहरूद्वारा संरक्षणगराउन भगवान् बुद्धले प्रज्ञप्त गर्नुभएका शिक्षापदहरू प्रायःजसो गृहस्थीहरूलाई विषयबनाएर उत्पन्नभएर आएका शिक्षापदहरू हुन् । मानिसहरू कोही कोही भिक्षुहरूको क्रियाकलाप र रहनसहनलाई उपहास गरी आलोचना गर्दछन् । यो विषयलाई भगवान् बुद्धले सुन्नुहुँदा भिक्षुहरूलाई बोलाउनुभई सोधपूछगर्ने परीक्षणगर्ने गरिसकेपछि एक न एक सम्बन्धित शिक्षापदलाई प्रज्ञप्त गर्नुहुन्थ्यो ।

---

१. Dr. Than Tun, "Religion in Burma, A.D. 1000. 1300" Journal of Burma Research Society, December, 1959.



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले वरिपरिका गृहस्थीहरूको रीतिरिवाज तथा विश्वास र आसक्तिहरूलाई सँधै महत्वदिई अवहेलना गर्नुहुन्नथ्यो। त्यसोभएर कुनै कुनै प्रज्ञप्तिहरू बुद्धको दृष्टिअनुसार अभिप्रायहीन भएतापनि त्यस युगका गृहस्थीहरूको सोचाई र हेराइलाई आधारबनाई विनयपिटकभित्र आइपुगेको हुनुपर्दछ। उदाहरण–कोही कोही भिक्षुहरूले ससाना ताडवृक्षहरूलाई काट्न लगाई ताडले बनाएका जुत्ताहरू लगाउँथे। स-साना बाँसहरूलाई काट्न लगाई बाँसले बनाएका जुत्ताहरू लगाउँथे। गृहस्थीहरूले किन भिक्षुहरूले ताडले बनाएका, बाँसले बनाएका जुत्ताहरू लगाएर हिँडेका होलान् नि ? ससाना ताडहरू बाँसहरू काट्न लगाउँदा कुम्ल्याएर जान्छन्। भिक्षुहरूले एकिन्द्रिय प्राणीलाई किन सास्तिगरेर हिँडेका होलान् नि ? भनी निन्दा उपहास गर्छन्। त्यो बेलामा भगवान् बुद्धले भिक्षुहरूलाई गृहस्थीहरूले रुखमा प्राण छ भनी सम्झन्छन् भनेर आज्ञा हुनुभई ताडले बनाएका जुत्ता र बाँसले बनाएका जुत्ताहरूलाई नलगाउन प्रज्ञप्त गर्नुभयो। त्यस क्षेत्रमा गृहस्थीहरूको विश्वासलाई अलिकति पनि आलोचना नगरी श्रद्धापूर्वक प्रसन्नहुनुलाई अभिमुखगरी प्रज्ञप्त गर्नुभएको विषयलाई ख्यालगर्नुपर्दछ।

भिक्षुहरूले संरक्षण गर्नुपर्ने कुनै कुनै शिक्षापदहरू गृहस्थीहरू र भिक्षुहरूको मैत्री सम्बन्धलाई बिगार्ने स्थितिरहेमा गृहस्थीहरूसित व्यवहारगर्दा भिक्षुहरूले कडाईका साथ अनुशरण नगरी गृहस्थीहरूको चाहना छन्दलाई अनुगमनगर्न भगवान् बुद्धले अनुमति दिनुभएको छ। भगवान् बुद्धले भिक्षुहरूलाई गृहस्थीहरूको पूजाकार्यमा मज्जामान्नु, आसक्तहुनु उत्पन्न नगराउन चाहनुभएको



Downloaded from http://dhamma.digital

कारणले सेतो कपडा बिछ्याएकोमा पाइला नटेक्न प्रज्ञप्त गर्नुभयो (चाप ६८) तैपनि पछिको समयमा पहिले बच्चा नजन्माएकी एउटी महिलाले आफ्नै घरमा कपडा बिछ्याई भिक्षुहरूलाई आमन्त्रणगरिन्। भिक्षुहरूले पाइला नटेकेको अवस्थामा महिलाले असन्तोषभई उपहासगरिन्। त्यो विषयलाई सुनेर भगवान् बुद्धले भिक्षुहरूलाई गृहस्थीहरू मङ्गलको चाहनाराख्दछन् र गृहस्थीहरूले मङ्गलको निमित्त प्रार्थनागर्दा सेतो कपडा बिछ्याएको माथि पाइलाटेक्न अनुमतिदिन्छु भनी आज्ञाभयो । (चूलवग्गखुद्दक वत्थुक्खन्धक)

अर्को एउटा शिक्षापदसित सम्बन्धराखेर पनि त्यस्तै किसिमको अपवादरहेको छ। भिक्षुहरूले एकजना भिक्षुले हाँच्छ्यूँ गर्नेबेलामा उस बेलाका गृहस्थीहरूको उपादानआसक्तिअनुरूप 'दीर्घायु होस्' भनी भन्नुहुँदैन । (चाप ९६) तैपनि भिक्षुहरूले हाँच्छ्यूँ गरेर गृहस्थीहरूले आयुष्मान्हरू दीर्घायु होऊन् भनी भनेमा 'चीरकालसम्म बाँचिरहून्' भनी दोहोऱ्याउन भगवान् बुद्धले अनुमति दिनुभएको छ। (चूलवग्ग खुद्दकवत्थुक्खन्धक)

विनयपिटकमा प्रज्ञप्त गर्नुपर्ने मूलकारण अस्पष्टभएका केही केही शिक्षापदहरू प्रायःजसो प्राचीन भारतीयहरूको विश्वास र आशक्तिहरूलाई पृष्ठभूमि बनाएर उत्पन्नभएर आएका शिक्षापदहरू हुनुपर्नेछ। उदाहरण–लसुनखाने भिक्षुलाई दुष्कृत्य आपत्ति लाग्छ । भिक्षुणीले प्याज खाएमा पाचित्तिय आपत्ति लाग्छ । निदानवस्तुहरूमा लसुनखाने भिक्षुको मुख गन्हाएर एउटी भिक्षुणीले गृहस्थीहरूले दानगरेको लसुन लोभी भई थुप्रै लिनलागेकी कारणले ती शिक्षापदहरूलाई प्रज्ञप्त गर्नुपरेको हो



Downloaded from http://dhamma.digital

भनीराखेकोले त्यो कथन युक्तिरहित छ । वास्तवमा त भारतीयहरूमा लसुन कामरागलाई बल दिन्छ भनी धारणारहेकाले गृहस्थीहरूको आसक्तिउपादानमा दृष्टिराखी ती शिक्षापदहरूलाई प्रज्ञप्त गर्नुभएको हुनुपर्दछ ।

भिक्षुसंघले वरिपरिका गृहस्थीहरूको विश्वास र आसक्तिलाई बिल्कुल वास्ता नगरी बसेर हुँदैन । त्यो युगका भिक्षुहरूले गृहस्थीहरूसँग घनिष्टरूपमा व्यवहार गर्नेगर्दथे । विहानको भिक्षाटनगर्ने समयमा भन्दा बाहेक अन्य समयमा गृहस्थीहरूको गाउँभित्र आवतजावत गर्नलाई निषेध गरिराखेको सही भएतापनि बिहानीको समयमा भिक्षुहरूले भिक्षाटन गर्दागर्दै घनिष्टरूपमा व्यवहारगर्ने अवसर पाउँछन् । गृहस्थीहरूले भिक्षुहरूसित भेटघाटहुने बेलामा धर्मको विषयभन्दा बाहेक आ-आफ्ना गृहस्थीसम्बन्धी कार्यहरूसित सम्बन्धराखेर पनि सोधपूछ गर्नेगर्दथे । आज भारतीय पुरुषमहिलाहरूले पनि आ-आफ्ना श्रद्धापात्र भएका साधुसन्तहरूलाई आ-आफ्ना गृहस्थीसम्बन्धी क्रियाहरूलाई बेलिविस्तारगरी बताएर बुद्धिविचारद्वारा प्रार्थनागर्ने काम रहेको छ भनी जान्न पाएकोले[१] गृहस्थीहरूलाई धर्म उपदेशगर्नुमात्र नभई लौकिक गृहस्थीसम्बन्धी क्रियाहरूसित सम्बन्धराखेर ज्ञानबुद्धि दिनुपर्ने भारतीय साधु श्रमणहरूको परम्परा हुनुपर्दछ ।

विनयपिटकबाट उदाहरणहरू देखाउनुपर्दा कोही कोही महिलाहरूले भिक्षुहरूलाई छोराछोरी पाउन के गर्नुपर्ला भनी सोध्ने गर्छन् । कोही गृहस्थीहरूले आफ्ना छोराछोरीहरूको वैवाहिक

१. Swami Agahananda Bharati, "Ochre Robe", p.165



Downloaded from http://dhamma.digital

क्रियाको लागि आयुष्मान् उदायीको सहयोग माग्ने गरे । ........बिग्रन लागेकी एउटी महिलाले आफ्नै गर्भपतनगराई एउटी भिक्षुणीलाई त्यो गर्भपतनभएको बच्चालाई पात्रद्वारा लैजान भनिन्। ती भिक्षुणीले बच्चालाई पात्रमा राखी चीवरले छोपेर लगिन्।

त्यस किसिमको अनुचित क्रियाकलापहरूको कारणले भिक्षु भिक्षुणीहरूले संरक्षणगर्न शिक्षापदहरू प्रादुर्भावभएर आउनु परेको हो। एकजना पुरुष र एउटी महिलाको बीचमा सम्बन्ध जोडिदिने भिक्षुलाई संघादिसेस आपत्ति लाग्दछ। भिक्षुणीले भिक्षुलाई देख्यो भने पात्र खोलेर देखाउनुपर्छ। गर्भपतन भएको बच्चालाई पात्रमा राख्दा दुष्कृत्य आपत्ति लाग्दछ । यसरी भिक्षु र गृहस्थीहरूबीचको घनिष्ठता हुन गएको कारणले अशोभनीय कार्यहरू उत्पन्नभएर आएतापनि भगवान् बुद्धले पछि पछि त्यसरी उत्पन्न नगराउन शिक्षापदहरूलाई प्रज्ञप्तगरी भिक्षुहरू र गृहस्थीहरूको सम्बन्धलाई निषेधगर्नु अथवा कडा नियमहरू निर्धारणगर्ने गर्नुभएन। भिक्षुणीहरूले पुरुषहरूको अभिवादनलाई, केश काट्नुलाई, हात खुट्टाका नङ्गहरू काट्नुलाई घाउमा औषधी हाल्नुलाई स्वीकार्न अयोग्य छ भनी संशयभएर स्वीकार गरेनन्; तैपनि त्यस विषयलाई भगवान् बुद्धले सुन्नुभई त्यस्तो कुरा थाहा पाएको बेलामा स्वीकारगर्न अनुमति दिनुभयो । (चूलवग्ग भिक्खुनीक्खन्धक)

एउटी महिला आफ्नो लोग्नेसित ठाकठूक भई माइतीतिर लागिन्। त्यस घरमा आउने गरेको एकजना भिक्षुले ती महिलालाई देखेर प्रसन्न हुनेखालको कुराकानी गरिसकेपछि लोग्नेको घरतिर फर्काउन लगायो। भिक्षुले माथि उल्लेखगरेर आएको शिक्षापदलाई



Downloaded from http://dhamma.digital

सम्भेर आएकोले संशय कुक्कुच्चभई भगवान् बुद्धसमक्ष निवेदन गऱ्यो। भगवान् बुद्धले ती महिला सम्बन्ध जोडिदिन लायककी नभएकीले त्यसमा भिक्षुलाई दोष छैन भनी आज्ञाभयो।

भगवान् बुद्धले भिक्षुहरू र गृहस्थीहरूको एकतालाई चाहनुभएकोले लोग्ने स्वास्नी दुई जनालाई फेरि मिल्नेगरी कार्यगर्नुद्वारा भिक्षुलाई दोष छैन भनी भन्नुभएको हो। "भिक्षुले छुट्टिएका व्यक्तिहरूलाई मिलाउन जान्छ। मेलमिलाप भएकाहरूलाई उत्साहित पार्न जान्छ। एकता भएकोमा रमाउँछ। एकता हुनुलाई मन पराउँछ। एकता बनाउने कुरागर्ने बानी छ।" (मज्झिमनिकाय चूलहत्थिपदोपम सुत्त)। त्यस विधिअनुसार गृहस्थीहरूको अर्थहितलाई हेरेर अपवादको रूपमा राखेका शिक्षापदहरू कम छैनन्। उदाहरणहरू–भिक्षुले रत्नलाई वा रत्नभनी सम्मत गरिएको चीजबस्तुलाई भएपनि टिपेर लिएमा पाचित्तिय आपत्ति लाग्छ; तैपनि विहारपरिसरभित्र अथवा घरभित्र मानिसहरूले भूलेर छोडिराखेको रत्न चीजबस्तुलाई टिपेरराख्दा दोषरहँदैन। त्यस्तो वस्तु सच्याएरराखी कुनै एकजना व्यक्तिले त्यो बस्तु आफ्नो चीज सहीभएको प्रमाण देखाउनसक्यो भने उसलाई फिर्ता दिनुपर्छ भनी भन्नुभयो। वर्षावास बस्ने कृत्यसित सम्बन्धराखी भगवान् बुद्धले अनुमति दिनुभएका तथ्यहरूमा पनि भिक्षुसंघले गृहस्थीहरूको अर्थहितलाई रक्षागर्नुपर्ने विषय स्पष्ट छ। भिक्षु बर्षावास बसीरहँदा अन्य एक ठाउँमा आमा भएपनि बाबु भएपनि रोगी भइरहेका छन् भने आमन्त्रण नगरे तापनि सप्ताह–करणीय कृत्यद्वारा त्यहाँ जान सकिन्छ। उपासकले अथवा उपासिकाले आफ्नो लागि घरबार अथवा इनार पोखरी बनाउँछ;



Downloaded from http://dhamma.digital

छोरालाई भए पनि छोरीलाई भएपनि विवाह गराउँन चाहन्छ; रोगी भएपनि त्यस्ता उपासक अथवा उपासिकाले निमन्त्रणा गरेमा भिक्षु वर्षावास भित्र भएतापनि सप्ताहकरणीय कृत्यद्वारा जान सकिन्छ।

विनयपिटकमा भिक्षु र गृहस्थीहरूको सम्बन्धमा भिक्षु र भिक्षुणीहरूको सम्बन्ध एकातिर ढल्केको हुँदैन। यदि एकजना भिक्षुले गृहस्थीहरूलाई लाभ प्राप्त नहुनेगरिकन उद्योगगर्छ, निरर्थक हुनेगरिकन उद्योग गर्छ, ठाउँ नपाउँनेगरिकन उद्योगगर्छ, गालीगलोजगर्छ, मानिसमा परस्पर भेद गराउँछ, त्रिरत्नको अपकारक कुरा गर्छ र सत्य प्रतिज्ञालाई भङ्गगर्छ भने त्यस्तो भिक्षुलाई संघले पटिसारणीयकर्म गर्नुपर्छ। पटिसारणीयकर्म गरेको भोग्नुपर्ने भिक्षुले पब्बाजनीयकर्म तज्जनीयकर्म आदि अन्य कर्मगरेको भोग्नुपर्ने भिक्षुले जस्तै भिक्षु बनाउनु भिक्षुणीहरूलाई अनुशासन गर्नु आदि अवसरहरू गुमाउनुपर्दछ।

भगवान् बुद्धको पालामा पटिसारणीयकर्म गरेको भोग भोग्नुपरेको भिक्षु चित्त गृहपतिलाई गालीगर्ने सुधम्म भिक्षु हो। सुधम्म भिक्षुले संघको निर्देशनअनुसार चित्तगृहपति बसेको ठाउँमा गई क्षमागर्न भनेतापनि चित्त गृहपतिले क्षमा नगरेकोले श्रावस्ती नगरतिर फर्केर आयो। त्यो बेलामा बुद्धको आज्ञा अनुसार संघले एकजना भिक्षुलाई सुधम्मको साथीको रूपमा सम्मत गर्नुपरेको थियो। सुधम्म भिक्षुले साथीसँग चित्तगृहपतिसमक्ष गई क्षमा गराउनुपर्नेछ। यदि गृहपतिले क्षमागर्दैन भने साथी भिक्षुले क्षमागराउन उनलाई सहयोगगरेर भनिदिनुपर्नेछ। यदि क्षमागर्दैन भने संघको वचनद्वारा क्षमा गराउनुपर्नेछ। त्यस कुराले पनि



Downloaded from http://dhamma.digital

क्षमा गर्दैन भने साथी भिक्षुले सुधम्म भिक्षुलाई चित्तगृहपतिले देख्नपुग्ने ठाउँमा सुन्नपुग्ने ठाउँमा आपत्तिलाई देशना गराउनुपर्ने छ र भनाउनुपर्ने छ भनी भगवान् बुद्धले आज्ञागरि पठाउनु भयो। त्यस विधिद्वारा आयुष्मान् सुधम्मले चित्त गृहपतिसमक्ष गई क्षमा दिलाईसकेर फर्केर आई संघलाई पटिसारनीयकर्म शान्त गरिदिन निवेदन गर्नुपर्छ। (चूलवग्ग कम्मक्खन्धक)।

उपासकले भिक्षुहरूलाई निरर्थकपार्न उद्योगगर्छ, गालीगर्छ, तर्साउँछ, भेद गराउँछ, त्रिरत्नको अपकारक कुरागर्छ भने संघले त्यस उपासकलाई बहिष्कार गर्नुपर्छ र सम्बन्ध राख्नुहुन्न। उपासकले प्रायश्चितगरी संघसमक्ष प्रार्थनागरी क्षमा मागेमा मात्र संघले एकत्रितभई संघकर्मद्वारा बहिष्कार स्थगित गर्नुपर्छ।

उपासकलाई संघले बहिष्कार गर्नुसित सम्बन्धराखी विशेषतया सुधम्म भिक्षुले आफूले गालीगरेको चित्त गृहपतिलाई प्रसन्न र सन्तुष्टपार्न के कस्तो गर्नुपर्छ भनेर भगवान् बुद्धले पूर्ण र सुनिश्चितरूपमा निर्देशन दिइराख्नुभए जस्तै उपासकले आफूले अपराधी भिक्षुलाई क्षमा दिलाउन कसरी क्षमा याचना र प्रार्थना गर्नुपर्छ भनी आज्ञा भइराखेको छैन। यस तथ्यलाई आधार बनाउँदा उपासकहरूको मन खिन्न हुनेगरी कार्यगर्ने भिक्षुहरू धेरै भई भिक्षुहरूप्रति अपराधगर्ने उपासकहरू भने थोरै छन् जस्तो छ। त्यस अतिरिक्त कोही भिक्षुहरूले एकजना उपासकलाई आफूहरूद्वारा गल्तीभएको विषयमा स्वीकारगर्न आनाकानीगर्ने र हिच्किचाउने गर्नसक्दछन्। उपासकहरूले आफ्ना गल्तीलाई स्वीकार्न हिच्किचाउने छैन। संघद्वारा सम्बन्ध विच्छेदगर्नु उपासकहरूको निमित्त अत्यन्त ठूलो दोष र दण्ड हुनेहुन्छ।



Downloaded from http://dhamma.digital

एकजना लिच्छवी राजकुमार आफूलाई संघले बहिष्कारगरेको विषय थाहा पाउँदा अत्यन्त मनमा चोट परि मूर्छितभएको विषय चूलवग्गमा आएको छ।

कोही कोही भिक्षुहरूले गृहस्थीसमक्ष आफूहरूको गल्तीलाई स्वीकारगर्न नचाहनु गृहस्थीहरूलाई आफूहरूभन्दा अत्यन्त तल्लो श्रेणीको हो भनी सम्भिरहनुको कारणले हुनुपर्दछ। यो आसक्ति र विश्वास सुत्तन्तपिटक र विनयपिटकको केही ठाउँहरूमा स्पष्ट उल्लेख छ। आयुष्मान् सारिपुत्रले मार्गफल निर्वाणधर्म गृहस्थीहरूको निमित्त नभएको जस्तोगरी भन्नुभयो भनिन्छ। (चाप ७३) जुन भिक्षुले भिक्षु नभएको व्यक्तिलाई सँगसँगै पद उच्चारण गर्नेगरी धर्मको कुरा पढाउने छ त्यस्तो भिक्षुलाई पाचित्तिय आपत्ति लाग्छ । (पाचित्तिय ४) । पद प्रतिस्पर्धालाई भिक्खुविभङ्गमा पदप्रतिस्पर्धा, पछिको प्रतिस्पर्धा, एक एक अक्षर परस्पर प्रतिस्पर्धा शब्दसमूह प्रतिस्पर्धा भनी वर्णन गरेर डा. रीस् डेविड्स्ले भने एक एक शब्द, एक एक वाक्य भनेर भाषान्तरण गरिराखेकोले त्यस भाषान्तरणअनुसार भिक्षुले गृहस्थीहरूलाई बुद्धधर्म सम्बन्धमा विस्तृतरूपमा स्पष्ट पारेर देखाउने गर्नुहुन्न भनी भन्नखोजेको भान हुन्छ। आयुष्मान् सारिपुत्रको कथन र पाचित्तिय-४ भगवान् बुद्धको विचार हुनसक्दैन, किनभने भगवान् बुद्धले भर्खरभर्खर बुद्ध हुनुभएको बेलामा यसकुलपुत्र र भद्रवर्गीय राजकुमारहरूलाई सर्वप्रथम उपदेश गर्नुभई ती सबै व्यक्तिहरू अरहन्त भएकोलाई आधारबनाउँदा त्यो बेलामा गृहस्थीहरूलाई बुद्धले दिनुभएको उपदेश विस्तृतरूपमा उपदेश गर्नुभएको मार्गफल निर्वाण नै हुनुपर्दछ।



Downloaded from http://dhamma.digital

भिक्षुहरूले उपोसथगर्दा श्रामणेर, श्रामणेरीहरू हुनुहुँदैन भनी भनिराखेकोले गृहस्थी व्यक्तिहरूले पनि उपोसथगर्ने संघसमागममा उपस्थितहुने अवसर पाइँदैन भनी धारणा राख्नुपर्ने छ। पाराजिक आपत्ति लागीसकेको व्यक्ति आपत्तिलाई उपचार नगर्नाको कारणले निष्कासित गरिराखेको व्यक्ति,भिक्षुणीलाई बिगार्ने व्यक्ति आदि दुःशील व्यक्तिहरूभएको परिषद्मा उपोसथगर्न निषेध गरीराख्नु उचित र अनुकूल भएतापनि दोष नभएको श्रामणेर र गृहस्थी व्यक्तिहरूलाई रोक्नु र निषेध गरीराख्नुमा भने विचारणीय रहेको छ। वास्तवमा बुद्धको अभिमतअनुसार प्रातिमोक्ष र अन्य धर्महरू गोप्य राख्नुपर्ने धर्महरू होइनन्। (चाप ८९) त्यो निषेध कार्य भिक्षुहरूले उपोसथगर्दामा आ-आफ्ना दोषहरूलाई प्रकटगरेर स्वीकारगर्ने चलनरहेको बेलामा भिक्षुहरूको दोषलाई गृहस्थीहरूले जानेर श्रद्धा धर्मकर्म गराउन नदिन संघले बनाइ राखेको निषेधकार्य हुनुपर्दछ। "जो भिक्षुले संघको सम्मति प्राप्त नभईकन अन्य एकजना भिक्षुको क्षुद्र आपत्तिलाई भिक्षु नभएको व्यक्तिहरूलाई भन्नेगर्छ भने त्यो भिक्षुलाई पाचित्तिय आपत्ति लाग्छ।" भन्ने शिक्षापद (पाचित्तिय-९) पनि त्यस्तै त्यस्तै उत्पन्न भएर आएको जस्तो हुनुपर्दछ।

भगवान् बुद्धको पालामा भिक्षुसंघलाई चतुप्रत्ययद्वारा संग्रह र सहयोगगर्ने गृहस्थी व्यक्तिहरू प्रायःजसो अनाथपिण्डिक विशाखा आदि श्रेष्ठी गृहपतिहरूमात्र भएको जस्तो विनयपिटकमा देखाई राखेतापनि ती व्यक्तिहरूमध्ये गरीब दुःखीहरू पनि निकै धेरै समावेश हुनुपर्ने छ। यो ठाउँमा संघप्रति श्रद्धाप्रसन्न भएतापनि धन सम्पत्ति कमजोर भएका उपासक उपासिकाहरूको प्रतिफललाई



Downloaded from http://dhamma.digital

आधारबनाई प्रज्ञप्त गरिराखेको एउटा शिक्षापद सम्झन योग्य छ। संघले दु:खी दरिद्र भएपनि श्रद्धा धर्मराखी भिक्षुहरूलाई सक्दो रूपमा दान गर्नचाहने व्यक्तिहरूलाई ज्ञप्ति द्वितीयकर्मद्वारा शैक्ष्यभनी सम्मत गर्नुपर्दछ । भिक्षुले त्यो शैक्ष्य कुलहरूमा अगाडी निमन्त्रणा गरिराखेको नभइकन अथवा रोगी नभइकन खाद्य भोज्य भिक्षा मागी सेवनगर्नु हुँदैन। यदि सेवनगरिन्छ भने त्यो भिक्षु प्रतिकूल रही उपहास गर्नुपर्ने पाटिदेसनीय आपत्ति लागी त्यो आपत्तिलाई संघसमक्ष व्यक्तगरी स्वीकार्नुपर्ने हुन्छ।

भिक्षुसंघले राष्ट्रमाथि प्रशासन चलाउने मन्त्रीभाइ–भारदारहरूसित सम्बन्धराख्ने बेलामा विशेष संयम गर्नुपर्दछ। भगवान् बुद्धले राजदरवारतिर भिक्षुहरू बरोबर आवतजावतगर्नुको दोषलाई उपदेश गर्नुभएको छ। सैन्यहरूले सैन्यशिल्प प्रदर्शनगर्ने मार्चपासगर्ने हेर्ने भिक्षुलाई पाचित्तिय आपत्ति लाग्छ।

प्राचीन भारतीय राजाहरूले कुनै धर्मलाई पनि राष्ट्रियधर्मको रूपमा समर्थन नगरे पनि मानिसहरूको स्वतन्त्ररूपमा विश्वासगर्नु उपासना गर्नुलाई उत्साहितपार्ने चलन छ। जैनसंघ बुद्धसंघ आदि धर्मभारवाहक संघसंगठनहरूलाई सुरक्षा र आरक्षा गर्दछ। वास्तवमा संघसंगठनहरू राष्ट्रका सरकारहरूको सहयोग र त्यसलाई प्रोत्साहित पार्नुलाई प्राप्त गर्दैन भने त्यो दीर्घकालसम्म स्थिररहनसक्दैन। किनभने ती संघसंस्थाहरू दीर्घकालसम्म दृढ र स्थिर रहनको निमित्त नियम कानून (शिक्षापद)हरू निर्धारित गरी प्रस्तुत गरिराखेकोले राष्ट्रका सरकारहरूले ती नियम कानूनहरूलाई आज्ञाचक्रद्वारा रेखदेख सम्भार र संरक्षण गरिदिएका कारणले संघसंगठनहरूले अलज्जी दु:शीलहरूलाई कानूनी कारवाही गर्नसकेको हो।



Downloaded from http://dhamma.digital

प्राचीन भारतीय न्याय कानूनसम्बन्धी संस्कृत ग्रन्थहरूमा संघसंगठनहरूको विधान कानूनहरूलाई नियम कानून भनी व्यवहारगरी ती कानूनहरूलाई राजाहरूले आरक्षण र संरक्षण गर्नुपर्ने छ । तिनीहरूलाई भंग र उल्लंघनगर्ने व्यक्तिहरूलाई कानूनी कारवाही गर्नुपर्ने छ भनी भन्दछ । अन्य ग्रन्थहरूमा संघ भन्ने पदलाई वर्णन गरिराखेकोमा ब्यापारी संगठन, वेदग्रन्थ पारङ्गत संघ, भिक्षु संघसंगठन आदिहरूभएको विषयद्वारा बुद्धवादी भिक्षुहरूलाई प्रत्यक्षरूपमा समावेशगरेर उल्लेख गरिराखेको छ ।[१]

## (ज) संघ र बर्तमानयुग

एकप्रकारको मनुष्यजातिको रीतिरिवाजलाई अर्को प्रकारको मनुष्यजातिको विचार व्यवहार र ज्ञान दृष्टिद्वारा तुलना गरेर राम्रो नराम्रो विवेचना र परामर्शगर्नु सजिलो काम होइन । उदाहरण-अंग्रेज जातिको रीतिरिवाजलाई बर्मेली दृष्टिद्वारा विवेचनागर्दा न्यायानुकूलको सहीमार्ग हुन मुश्किल छ । किनभने अंग्रेजी विचार व्यवहार र बर्मेली विचार व्यवहार समान नभएकोले हो । एउटै युगमा बस्ने मानवजाति भएरपनि ज्ञानदृष्टि असमानभएको कारणले विवेचना र परामर्शगर्न मुश्किल हुन्छ भने युगको हिसाबले २५०० वर्ष फरकपरेर आइसकेको प्राचीन बुद्धसंघको रीतिरिवाजलाई राम्रो नराम्रो विवेचना र निर्णयगर्न त झन् बढी मुश्किल हुने नै भयो ।

यस क्षेत्रमा हामीहरूले बुद्धसंघको आस्था र विश्वासलाई फेरी फेरी ख्यालराख्नुपर्दछ । त्यो विश्वासअनुरूप यो ठाउँ

---

[१] Duti, sop.cit, p.p. 144.145



Downloaded from http://dhamma.digital

मनुष्यभूमि, दु:खभूमि हो। मानिसहरूले मनुष्यलोकलाई जतिसुकै प्रयत्नगरेर स्याहार सम्हार गरेतापनि दु:खबाट मुक्त हुनेछैन। दु:खनिरोध र शान्तभएको मार्ग तृष्णा संयोजनलाई सकेसम्म हटाएर भिक्षुबनी आफ्नो मानसिकसुख शान्तिलाई खोजीनीति गर्नु हो। वर्तमानयुगमा भने मानिसहरूले प्राय:जसो त्यस किसिमको विश्वास त्यस किसिमको मार्गलाई स्वीकारगर्न चाहँदैन। मनुष्यलोक विभिन्न विषयमा सन्तोषप्रद नरहेको सही भएतापनि कोशिस गरेर स्याहार सम्हारगरेमा विकासभएर आउने छ। त्यसोभएर प्रज्ञावान् सत्पुरुषको मार्ग-पद्धति गृहस्थाश्रमलाई अलग्याएर आफ्नो मानसिकसुखलाई खोज्नको निमित्त नभई कामभूमिवासी एकजना व्यक्तिको रूपमा नै मनुष्यसत्त्वहरूको अर्थहितलाई वहनगर्नको निमित्त हो भनी धारणा राख्दछन्।

यसरी बुद्धसंघको पृष्ठभूमिभएको विश्वासलाई अस्वीकार गर्ने वर्तमानयुगका मानिसहरूले संघको रीतिरिवाज र आचरण पद्धतिलाई पनि गम्भीररूपमा स्वीकारगर्न चाहने छैनन्। त्यस अतिरिक्त बुद्धसंघको पृष्ठभूमि भएकाको विश्वास प्रादुर्भावभएको बुद्धधर्मलाई जरैदेखि थाहापाउने छैनन् भने संघलाई श्रद्धाराख्ने चित्त कमजोर भई निन्दा र आरोप लगाउनखोज्ने चित्त उत्पन्नभएर आउनेछ। यस क्षेत्रमा संघलाई श्रद्धाराख्ने कमभएको वर्तमानयुगका कोही कोही व्यक्तिहरूको आरोपलाई विचार गर्नुपर्दछ।

त्यो आरोपमा भिक्षु विभिन्न दु:खदर्दको विनाशशीलता–हरूलाई सामनागर्ने साहस नगरी आफू एक्लै मुक्तहुने व्यक्ति हो भन्ने आरोप हो। भिक्षु कामगुण भोगगर्नुमा दोषदेखी मानिसहरूले प्रदानगरेर प्राप्त भएजतिको चतुप्रत्ययद्वारा सन्तुष्टहुने व्यक्ति



Downloaded from http://dhamma.digital

भएकोले गृहस्थीहरूले जस्तै जीवन यापनगर्नुमा शारीरिक र मानसिकदुःख कष्टहरू नहुनु सही हो। तैपनि तृष्णा मान आदि क्लेशधर्महरूलाई दमनगर्नु सजिलो काम नभई ठूलो उद्योग, वीर्य, जोश जागरण शक्तिमाथि आधारित भएकोले भिक्षु जीवनको समस्या कठिनाई र असुविधाहरूलाई पन्छाएर सजिलोपनलाई अगाडि सार्नचाहने व्यक्तिहरूको निमित्त नभएको विषय विशेष उल्लेखगर्नु आवश्यक छैन।

भिक्षु कोही नभई टाढापरेको जङ्गलभित्र एक्लैबसी क्लेशधर्महरूलाई दमन गरिरहेमा सामनागर्नुपर्ने दुःख असुविधाहरू कमहुने भएकोले सजिलोलाई खोजीनीतिगर्ने व्यक्तिभनेर आरोप लगाएकोलाई खप्नुपरेको हो। तैपनि बुद्धको मार्ग मध्यममार्ग हो। त्यस मार्गअनुसार भिक्षुले घरगृहस्थी बसाल्नुलाई वर्जितगर्नु परेतापनि आँखा कानहरूलाई ढाकिराख्नुद्वारा तृष्णाक्लेशलाई हटाउन उद्योग गर्नुपर्ने होइन। भगवान् बुद्धको अभिमतअनुसार त्यो आचरण अन्धा र बहिराहरूको जस्तो आचरणभएर प्रशंसनीय छैन। (चाप ३६, ३७) तसर्थ भरखर भरखर बुद्धवाद प्रादुर्भावभएको बेलामा भिक्षुहरू जंगलभित्र साथीविना एक्लै आवतजावतगरेर बसोबासगरी भावनाधर्म आचरण उद्योग र अभ्यासगरेर आएका भएतापनि पछिको समयमा नगर ग्रामभित्र सहधर्मीहरूसित बस्नेगरेर आए। भिक्षुहरूले उपासकउपासिकाहरूसित बरोबर व्यवहार गर्नुपर्दछ। भिक्षुणीहरूसित सम्बन्ध राख्दापनि भिक्षुले धेरै प्रतिबन्ध भोग्नुपर्दैन। उपोसथगर्ने पवारणागर्ने भिक्षुबनाउने र भिक्षुले भिक्षुणीलाई अनुशासनगर्ने आदि क्रियाकलापहरूमा भिक्षु र भिक्षुणीहरू परस्पर नजिकिएर व्यवहारगर्ने अवसर पाएका हुन्छन्।



Downloaded from http://dhamma.digital

वास्तवमा एकजना पालिप्रज्ञाविद्‌को लेखाइअनुसार[1] महिलाहरूलाई भगवान्‌ बुद्धले भिक्षुणी बन्ने अनुमति दिनुभएको भिक्षुणीसंघलाई भिक्षुसंघसित जोडेरराख्नुद्वारा भिक्षु भिक्षुणीहरू परस्पर भेटघात भई मनलाई अनुशासित र दमनगराउन सक्नको निमित्त अनुमति दिनुभएको हुनुपर्दछ । रागचित्तलाई संयम र दमनगर्न नसक्नाको कारणले कोही कोही भिक्षु र भिक्षुणीहरूमा शीलाचरण विनाशभएर गएको सही हो । तैपनि रागचित्तलाई काबूमा राखी शील समाधि स्थिर र दृढ भएका भिक्षु र भिक्षुणीहरू पनि धेरै संख्यामा रहेको विषयलाई भुल्नुयोग्य छैन । ती व्यक्तिहरू क्लेशरूपी शत्रुलाई टाढैबाट छलेर नबसी त्यसलाई प्रत्यक्षरूपमा दमनगरी विजय प्राप्तगरेर आएका व्यक्तिहरू हुन्‌ ।

वास्तवमा भन्ने हो भने भिक्षुहरूको कामगुण अनुभवगर्नुलाई हटाउनु रुक्खासुक्खापूर्वक बसोबासगर्नु, त्यसरी खानपानगर्नु नै गृहस्थीहरूको कामगुण भोगगर्नु सुखपूर्वक बसोवास गर्नुभन्दा दशौँ गुणाबढी अत्याधिक मुश्किलभएको आचरणरहेको विषयमा संशयगर्नुपर्ने छैन । भगवान्‌ बुद्धको दृष्टिअनुसार कामगुणलाई उचितरूपमा अनुभवगर्नु निर्दोष भएतापनि तृष्णासंयोजनलाई अभिवृद्धि गराउनेभएको कारणले कामरागचित्तलाई दमनगर्न भिक्षुमा धेरै स्मृति वीर्य हुनुपर्दछ । कामरागचित्त जस्तो मानिसको स्वभाव छन्दलाई दमन गर्नुपर्ने भिक्षुको जीवन स्वभावधर्मसित प्रतिपक्षभई सफलता पाउने हो कि भनेमा, सही हो, राग छन्दलाई सँधै दमनगर्नुपर्ने काम अत्यन्त दुष्करभई भगवान्‌ बुद्धका पालाका कोही कोही भिक्षुहरूले रागचित्तलाई

---

१ I.B.Horner, "Women under Promitive Buddhism", p.p. 111.12



Downloaded from http://dhamma.digital

विभिन्न तरीकाद्वारा शान्तपार्ने प्रक्रियालाई विनयपिटकमा देखाइ राखेको छ। कसै कसैले तिरश्चीनहरूसित संसर्गगरी आ-आफ्ना गुह्यअङ्गलाई काटिदिएका छन्। भिक्षुणीहरूले पनि केही विधिअनुरूप विनयलाई छलेर रागचित्त शान्तपार्न लागेकीले शिक्षापदहरू प्रज्ञप्त गर्नुपरेको हो, तैपनि बुद्ध प्रतिपादित ब्रह्मचर्यमार्ग सामान्य व्यक्तिहरूको निमित्त नभएको उत्तम पुरुष मार्गभएको विषयलाई ख्यालराख्नुपर्दछ।

संघसंगठन पहिले प्रथम शुरूगर्दा मनोवृत्ति परिपक्वभएका व्यक्तिहरूप्रति उद्देश्यराखी संगठितगरेर राखेको विषयलाई स्पष्टपार्ने कुनै तथ्यमा संगठनमा प्रशासन अधिकारी नेता नभई सम्पूर्ण संगठन सदस्यहरूलाई स्वतन्त्रता दिइराख्नु हो। त्यसरी अधिकारी नेता विहीनहुनु संगठनभित्र बुद्धिहीन मूर्ख भिक्षुको बृद्धिभएर आउने बेलामा र संघले ठूलो भयअन्तरायसित सामना गरिरहनुपर्ने बेलामा त्यस्तालाई निरर्थक बनाउनसक्ने विषयमा ख्यालराख्नुपर्दछ। अर्को विधिले भन्ने हो भने मानिसहरूको स्वतन्त्रतालाई गौरवगर्ने संघवाद वर्तमानयुगको प्रजातन्त्रवाद जस्तै नै संगठनमा प्रज्ञाज्ञान परिपक्वभई व्यक्तिगत चरित्रधर्म राम्रोभएका व्यक्तिहरूको सामर्थ्य ठूलोभई वरिपरिको परिस्थिति निकै राम्रो भएमा मात्र संगठनसहित मनुष्यलोकलाई लाभ पुऱ्याउनसक्ने वाद हो। संघकार्यहरूलाई वहनगर्ने बेलामा सम्पूर्ण भिक्षुहरूलाई समावेश गराउन दिनुपनि पहिले प्रथम भिक्षुसंख्या कमभएको समयमा अनुकूल र उचित भएतापनि भिक्षुसंख्या अत्याधिक बढीभएको युगमा त्यो नीति आचरणगर्ने हुनसक्दैन।



Downloaded from http://dhamma.digital

भिक्षुहरूलाई चारित्रिक आचरणधर्म दृढ र स्थिरबनाउन र संघको गुणशिक्षालाई संरक्षणगर्न निर्धारित गरिराखेको विनय शिक्षापदहरू कतिको कामलाग्दो छ भनी विचार गर्नुपर्दछ । विनयपिटकको मतअनुसार पाराजिक संघादिसेस आदि ठूलादोषहरू बाहेक अन्य दोषहरूलाई उल्लंघनगर्ने भिक्षुले आफ्नो दोषलाई अरूहरूलाई उल्लेखगरेर स्वीकारगर्नुद्वारा दोष निराकरण हुनजान्छ। आफ्नो दोषलाई उल्लेखगरेर भन्नुद्वारा दोषभएको व्यक्तिमा मनमा स्पष्ट र हलुंगोभई मन आस्वस्तभएर जाने विषयमा संशयगर्नुपर्ने छैन, तैपनि दोषलाई स्वीकार्नुद्वारा चारित्रिक आचरणधर्म विकासभई राम्रोभएर आउनु त सम्बन्धित परिस्थितिमाथि आधारित छ । दोषभएको व्यक्तिले आफूसित हेमखेमरहेको घनिष्ठ व्यक्तिलाई आफ्नो दोषबताउनु मात्रले पछिको समयमा चारित्रिक आचरणधर्म राम्रोभएर आउने हुँदैन । चारित्रिक आचरणधर्म हिरीओतप्प धर्ममाथि आधारितभएर त्यो धर्म वरिपरिको मनुष्यलोकलाई कारणबनाएर उत्पन्नभएर आउँछ। त्यसो भएकोले आफ्नो दोषलाई स्वीकारगर्नुमा दुईजनाले सुन्ने गरी स्वीकारगर्नु नभई आफ्नो वरिपरिका व्यक्तिहरूसबैले सुन्ने गरिकन स्वीकार गरेमा मात्र हिरिओतप्पधर्म उत्पन्नभएर आई आचरण शील सपार्नमा लाभ पुऱ्याउने हुन्छ । त्यसकारण नै भगवान् बुद्धले पहिलेको मूलसंघलाई उपोसथ गर्दाखेरिको दोषभएको भिक्षुलाई वर्जितगराई पछिको समयमा त्यो भिक्षुलाई संघको बीचमा आफ्नो दोषलाई उल्लेखगरेर स्वीकार गराइएको हो, तैपनि बुद्धसंघको ती मूल विधानहरू लोपभएरगई, दोषभएको भिक्षुले अन्य एक न एकजना भिक्षुसमक्ष उल्लेखगरेर स्वीकार गरेर संघको उपोसथगर्ने ठाउँमा समावेशहुने अवसर प्राप्तगरेर आएको हुँदा त्यसरी



Downloaded from http://dhamma.digital

परिस्थिति परिवर्तनभएर आउनु भिक्षुहरूलाई आचरणशील परिहीनपार्नुको एउटा प्रमुख कारण हुनगयो ।

भिक्षुले शीलाचरण पालनगर्दामा वरिपरिका साथीसंगी र संघ धेरै महत्वपूर्णभएर त्यसबाट ठोसरूपमा लाभ दिन सकिन्छ। भिक्षुले अर्को एकजना भिक्षुको ठूलो दोषलाई जानीकन गोप्य राख्योभने त्यस्तालाई पाचित्तिय आपत्तिलाग्छ । त्यसकारणले पनि भगवान् बुद्धले कल्याण मित्रहुनु परस्पर मेलमिलाप हुनुसँगै सहयोग सहायतागर्नुको बढी महत्वभएको प्रक्रियालाई दरिलोरूपमा उपदेश गर्नुभयो। वास्तवमा भन्ने हो भने बुद्धसंघजस्तो परस्पर एकजूटभई वसोबासगर्ने जुनसुकै मानव संगठनमा भएपनि व्यक्तिगत स्वार्थ चित्तले प्रभावपारी अरूलाई सहयोग गर्नचाहने चित्त अभावभई रहेमा त्यो संगठन दीर्घकालसम्म स्थिररहन सक्नेहुँदैन। यस क्षेत्रमा प्राचीन भारतीय बुद्धसंघलाई वर्तमानयुगमा परोपकारी कार्यहरू गरिरहने क्रिश्चियन पादरीहरूसित तुलना गरेर विवेचनागर्नु भूलहुनेछ। किनभने त्यो प्राचीनयुगका मानिसहरूको जीवनको परिस्थिति वर्तमानयुगका मानिसहरूको जीवनको परिस्थितिसित मिल्दैन । यदि भगवान् बुद्ध बीसौंशताब्दी भित्रमा प्रादुर्भाव हुनुभएको भए, भिक्षुसंघलाई परोपकारी कार्यहरूगर्न निर्देशन दिनुहुनेछ होला। भगवान् बुद्धले वरिपरिको मनुष्यलोकलाई हेर्नुभई थुप्रै शिक्षापदहरू प्रज्ञप्त गर्नुभएको विषयलाई उल्लेख गरेर आइसकेका छौं। क्रिश्चियन धर्मप्रचारक कार्यकर्ताहरूले पनि क्रिश्चियनधर्म भरखर भरखर प्रादुर्भावभएको पहिले प्रथमतः परोपकारी कार्यहरू नगरीकन वर्तमानयुगमा मात्र गर्नेगरेको विषयप्रति ख्यालराख्नुपर्दछ ।



Downloaded from http://dhamma.digital

जेहोस्, भगवान् बुद्धले वर्तमानयुगका मानवसुधारक व्यक्तिहरूले जस्तै अरूहरूको हितकार्य गरेकोमा बढाई चढाई अत्याधिकरूपमा प्रशंसा गरिरहने होइन । भगवान् बुद्धको अभिमतअनुसार अरूलाई सहयोगगर्नु उत्तम र पवित्रकार्य भएतापनि अन्त्यमा सबै मानिसले लौकिक लोकुत्तर अभिवृद्धिको लागि आफूले आफैलाई मात्र भरोसा लिनुपर्ने हुन्छ । त्यस अतिरिक्त बुद्धको आचरणको सबभन्दा प्रमुख लक्ष्य मानवसत्वहरूको हितगर्नु नभई आफ्नो चित्तसन्ततिबाट क्लेशलाई उन्मूलनपारेर मानसिकशान्ति र सुखलाई खोज्नु हो ।

भौतिकवादको विकासभई कामगुणमा आसक्त र अल्भि रहने व्यक्ति बढिरहेको वर्तमानयुगमा त भिक्षुहरूले मानसिकसुखशान्ति खोजिरहनुको आनिशंस प्रतिफलमाथि संशय उत्पन्नभईरहने व्यक्तिहरू निकै धेरै हुनुपर्ने छ। भिक्षुहरूको चित्त स्थिर शान्त शीतलरहेको रूपाकीर्ति लक्षण लौकिक अभिवृद्धि र सफलता प्राप्तिको कारणले मन विचलितभई सधैं उत्तेजितभएर खलबलिरहेको पश्चिमेलीहरूको वादसित प्रतिपक्षी भइरहने छ; तैपनि पश्चिमी राष्ट्रहरूमा लौकिक उन्नतिको अभिवृद्धि हुनेभएर कामगुणको अनुभवगर्नुतिर वृद्धिहुँदै आत्महत्यागर्नु, मानसिक रोगलाग्नु र कामक्रियाहरूमा लम्पटभई विनाशहुनुजस्ता कुराहरू भयावहरूपमा झन् झन् बढ्दै आइरहेको हुँदा पछिको समयमा पश्चिमेलीहरूले कामवितर्क, कामतृष्णा, भवतृष्णा आदिहरूको दोषलाई विस्तार विस्तारै जानेर देखेर भिक्षुजीवनको आनिशंसफललाई जानेर बुझेर आउने छ ।



Downloaded from http://dhamma.digital

उन्नत नभएको अविकसित राष्ट्रहरूमा त कामतृष्णा कामवितर्कहरूको आधाररहेको मानसिकरोग सामाजिक समस्याहरू भयानक अवस्थामा पुगेको छैन । त्यसोभएर ती राष्ट्रहरूमा रहेका मानिसहरू विशेषरूपले शिक्षित युवाहरूले भिक्षु बन्नुको प्रतिफलधर्मलाई नजानेको नदेखेको भएर त्यसमा उपहास र आलोचना गर्नेगर्दछन् । भिक्षुले आफ्नो मानसिकसुखलाई मात्र आलम्बनगरी मनुष्यलोकलाई कुनै किसिमले पनि हित नगर्नु व्यक्तिगत स्वार्थीपन हो भनी आरोप लगाउन चाहन्छन् । ती व्यक्तिहरूले निम्न कुराहरूलाई गहनरूपले विचार गर्नुपर्दछ । यो कुरा पूर्वीय राष्ट्रतिर आई बुद्धवाद र अन्यवादहरूको अध्ययन गरिसकेको एक जर्मन प्रज्ञाविद्को भनाई हो ।

"अहिलेको समयमा यूरोपियनहरूले आफूले केही नगरिकन अरूहरूसँग दानलिएर खानपानगरी बसोबासगर्ने भारतीय योगीजीवनजस्तोलाई मनपराउने छैन । तैपनि भारतीय योगीहरूको निमित्त यो कुरा कम महत्वपूर्ण छैन । मन निर्मल र परिशुद्धहुनु मात्र महत्वपूर्णरहेको छ । मानिसहरू आ-आफ्ना कर्मअनुसार उत्पन्नभएर आउने र अरूको सहयोगमात्रले उन्नति र विकासहुने होइनन् भनी विश्वास गर्दछन् । भारतीय धर्महरूले अरूहरूको हितार्थ धर्मवहनगर्नुलाई प्रशंसा गर्दछन् । त्यसरी प्रशंसागरिनु आफूले अरूलाई सहयोगगरेर अरूमा हितवृद्धि भएको कारणले होइन । अरूलाई सहयोगगर्नुले आफ्नो शील समाधि सुदृढभएर आएको कारणले हो ।

"यो भारतीयहरूको धारणामा पश्चिमेलीहरूले विचार गर्नुपर्नेभएको छ । पश्चिमेलीहरू कामको लागी बाँचिरहेका



Downloaded from http://dhamma.digital

हुन्छन् । कामलाई पहिलो र मानसिकसुख शान्तिलाई दोस्रो स्थानमा राखी उनीहरू मानसिकसुखशान्तिबाट टाढारहेका हुन्छन् । उनीहरू अरूलाई सहयोगगरेर धन्यवाद पाउन चाहन्छन्। आफूले आफैलाई सत्पुरुष सम्भन्छन्। यदि उनीहरूमा दरिद्र दुःखी सत्वहरूप्रति सहयोगगरी धन्यवाद पाउने इच्छा नगरी आफूले सहयोग पाएका व्यक्तिमा धन्यवाददिन उचितभएको कुरा जानेको बुभेको भए उनीहरू र दुःखी दरिद्रहरूका सम्बन्ध बढी सुखद् हुनेछ होला। दुःखी दरिद्रहरूले सहयोग लिनपाएकोले मनोवृत्ति खस्कन र जीवनप्रति विषाद लाग्ने नभई सहयोगगर्नेहरूप्रति अन्जानमै घृणालाग्ने हुनेछैन ।"[१]

थेरवादीसंघले महायानसंघले जस्तै लोकार्थचर्या कार्यलाई शीर्षस्थराखी त्यसबाट उठेर उपदेशगर्ने नगरेता पनि त्यस कार्यको उत्तम र पवित्रतालाई भने समर्थन गर्दछ । थेरवादसंघको लोकउपकारक कार्यभनेको धर्मानुकूल आचरण र अभ्यासगरी बसोबासगरेर आदर्श नमूना देखाउनु हो । वर्तमानयुगका मानिसहरूले त्यसरी आदर्श नमूना देखाउनेखालका स-साना बच्चाहरूलाई विद्या सिकाउनु रोगीहरूलाई सेवागर्नु आदिजस्तो परोपकारी कार्यको रूपमा उनीहरू थाहा पाउँदैनन् । तैपनि मानिसहरूको आचरण र चरित्र भ्रष्टभइरहेको वर्तमानयुगमा चारित्रिकधर्मको निमित्त आदर्श व्यक्तिहरूको समूहभएर रहनु अत्यावश्यक छ ।

वास्तवमा भन्ने हो भने समाजवादी आर्थिक पद्धतिअनुसार मानिसहरूको जीवनस्थितिलाई माथि उकास्न प्रयासगरिरहेका

[१] Count Hermann Keyserling, "The travel Diary of a Philosopher", p.p. 244.46



Downloaded from http://dhamma.digital

राष्ट्रहरूमा संघ एउटा शक्तिसमूहको रूपमा रहेकोहुन्छ, किनभने मानिसहरू तृष्णा र लोभले अभिभूतभई म मेरो सम्पत्ति भन्ने सत्कायदृष्टि हाबी भइरहेसम्म समाजवादी मार्ग पद्धति सफलहुन मुश्किल छ। बुद्धसंघको संगठन स्थापना पद्धतिअनुसार निर्धारित गरिराखेको मार्गअनुसार तृष्णा लोभलाई हटाई व्यक्तिगत स्वामित्व हुनेखालको नीतिलाई परित्याग गर्नुपर्ने संगठन भएकोले आदर्शमय संगठनको हिसाबले र उपदेश अनुशासनगरेर समाजवादले सफलता हासिलगर्ने कार्य मानिसहरूको आर्थिक विकासको संवर्द्धन र प्रवर्द्धन कार्यहरूमा निकै सहयोग जुटाउनसकिने हुन्छ।

तैपनि, संघ मनुष्यलोकको लागि प्रमुखरूपमा हितकारी एउटा संगठनको रूपमा उभिनको निमित्त युगसुहाउँदो रूपमा परिवर्तन हुनुपर्दछ। भिक्षुहरूले परोपकार कार्यहरूमा सक्दोरूपमा लाग्नुपर्नेछ। सबभन्दा पहिलेको बुद्धसंघको आचरण पद्धतिहरू विधिविधान कार्यप्रणालीहरूबाट राम्रा-राम्रा कुराहरूलाई फेरी निकालेर देखाई स्वीकारगर्नुको साथसाथै आचरणगर्नुपर्ने छ। उदाहरण–उपोसथ गर्दा भिक्षुहरूले आफ्ना दोषहरूलाई संघमाझ प्रकाशपारेर स्वीकारगर्नु वर्षावासभित्रको अवधिमा बाहेक अन्य समयहरूमा भिक्षुहरू एउटै ठाउँमा दीर्घकालसम्म नबसी चारिका र यात्रागरी उपदेशगर्ने आदिकुराहरू वर्तमानयुगमा भिक्षुहरूले आचरणगर्नुपर्ने प्राचीन बुद्धसंघको आचरण पद्धति हुन्। संघले युगको परिस्थितिलाई हेरेर नयाँ विनय शिक्षापदहरू प्रतिपादन गर्नुपर्दछ। उदाहरण–उपसम्पदागर्ने बेलामा कडा नियमनीतिहरू निर्धारितगरी राख्नुजस्तै दुर्लभ प्रब्रज्याहेरूलाई प्रोत्साहित नगरी सीमित र प्रतिबन्ध लगाइराख्नु आदि कुराद्वारा संघको गौरब र प्रतिष्ठालाई संरक्षण र उच्चस्थितिमा पुऱ्याइराख्नु उचित छ।



Downloaded from http://dhamma.digital

भिक्षुसंघ वास्तवमा बुद्धको पालादेखि शुरूभएर एउटै किसिमको आकार प्रकार लक्षण प्रक्रियाद्वारा स्थापितभएर आएको नभई वरिपरिको परिस्थितिलाई अनुसरणगरेर परिवर्तनभएर आएको विषयलाई उल्लेखगरेर आइसकेको छ। संघले परिस्थितिलाई हेरेर कुनै कुनै विनय नियमहरूलाई संशोधन गरिसकें। कुनै कुनै रीतिरिवाज आचरण पद्धतिहरूलाई मर्मत गरिसकें। उदाहरण – भारतमा आइपुगेका चिनीया भिक्षुहरूको संस्मरणमा र भारतका शिलापत्रहरूअनुसार भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएपछि कैयौं वर्ष बितिसकेको बेलामा भारतका बुद्धसंघको विहारहरूमा नायकहरू, महास्थविरहरू रहीसके भनी जान्नमा आएकोले यसरी रहनु एक व्यक्तिको प्रशासनलाई स्वीकार नगर्ने प्राचीन मूल बुद्धसंघको वादसित बाझिएको छ। विनयपिटकको मतअनुसार भिक्षुले लोकायत ग्रन्थलाई अध्ययन गर्नुपनि हुन्न, गराउनुपनि हुन्न। मार्ग फलबाट प्रतिपक्षभएको विद्यालाई अध्ययन गर्नुपनि हुन्न, गराउनुपनि हुन्न, तैपनि प्राचीन भारतमा प्रख्यातभएको नालन्दा बौद्ध विश्वविद्यालयमा भिक्षुहरूले वेदग्रन्थ तर्कशास्त्र व्याकरणशास्त्र औषधि-विज्ञान अन्य विभिन्न साहित्य र प्रज्ञा बहुश्रुत दिलाउने ग्रन्थहरूलाई अध्ययन पनि गरेर अध्यापन पनि गराएर आएका थिए।[१]

दीर्घकालसम्म अभिबृद्धि र स्थिरहुनुलाई अभिमुखगरेर परिस्थितिअनुसार मर्मतगर्नु परिवर्तनगर्नु वास्तवमा भगवान् बुद्धको चाहना र छन्दअनुरूप हुनेहुन्छ। भगवान् बुद्धले आफू परिनिर्वाण हुनलागेको बेलामा भिक्षुहरूलाई केही केही शिक्षापदहरूलाई

१ S. Dutt, "Buddhist monks and Monasteries of India", p.p. 177,332.33



Downloaded from http://dhamma.digital

हटाउनुपरेमा हटाउन अनुमति दिनुभएको थियो । भगवान् बुद्धको अभिमतअनुसार विनय शिक्षापदहरू भिक्षुहरूको आचरणपद्धतिमा प्रधान र प्रमुखधर्म होइन । जैन भिक्षुहरूले उनीहरूको नेता परलोकभएको बेलामा विनयसित सम्बन्धराखेर विवाद गरे । आयुष्मान् आनन्दले त्यो विषयलाई भगवान् बुद्धसमक्ष निवेदनगर्दा बुद्धले आफ्ना शिष्य भिक्षुहरू चार स्मृतिप्रस्थान, आठ मार्गाङ्ग, सप्तबोध्यङ्ग आदिकुरासित सम्बन्धराखेर विवाद गर्छन् कि ? भनी सोध्नुभयो । आयुष्मान् आनन्दले संघमा धर्मसित सम्बन्धराखी विवाद गर्नुछैन, तैपनि भगवान् बुद्ध परिनिर्वाण भइसक्ने बेलामा विनयसित सम्बन्धरहेको विवादहरू उत्पन्नभएर आउने स्थिति रहेकोले ती विवादहरूको व्यक्तिहरूमा अनर्थ र अहितहुने सम्भावना रहेको छ भनी निवेदन गऱ्यो । त्यो बेलामा भगवान् बुद्धले जीवन यापनगर्ने विषयमा सम्बन्धित ६ वटा शिक्षापदहरूमा र प्रातिमोक्ष शिक्षापदहरूमा विवाद हुनुरहेमा त्यो विवादहुनु अल्पमात्र छ । मार्गमा र आचरणमा उत्पन्नहुने विवादले मात्र धेरै व्यक्तिहरूलाई अनर्थ र अहित उत्पन्नगराउने छ भनी आज्ञाभयो । (मज्झिमनिकाय सामगाम सुत्त) भिक्षुसंघको आचरण पद्धति सारांशरूपमा (१) शील परिशुद्धहुनु (२) कामगुण धर्महरूलाई हटाउनु (३) सन्तोषी हुनु र (४) स्मृति वीर्य समाधिप्रज्ञावान् हुनुभन्ने चारवटा लक्ष्यमाथि आधारितभएकोले भिक्षुहरूले ती चारवटा महान् लक्ष्यहरूलाई सधैं हृदयङ्गम गरिरहनुपर्दछ । विनय शिक्षापदहरूलाई तिनीहरूसित दाँजेर विवेचना र परामर्श गरेर निकाल्नु, भर्नु र संशोधन गर्नुपर्ने छ । युगको स्थितिलाई हेरेर चारवटा लक्ष्यसित प्रतिपक्ष नहुने सुधार्नु परिवर्तनगर्नुजस्ता कुराहरूलाई स्वीकार गर्नुपर्ने छ ।



Downloaded from http://dhamma.digital

परिवर्तन सत्त्वलोकको छलेर छल्न नसक्ने स्वभाव आकार प्रकार भएकोले चार महान्‌लक्ष्यलाई आधार बनाइराखेको परिवर्तन बुद्धसंघ दीर्घकालसम्म अभिवृद्धि उन्नतिहुनुको प्रमुख विषय भइरहेको छ ।[१]

---

१. उदाहरण कम्बोडिया राष्ट्रमा भिक्षु बन्न सजिलो छैन । भिक्षु बन्न चाहने व्यक्तिले विनयपिटकमा प्रस्थापित गरिराखेको योग्यताले सम्पन्नभई आचरण र चरित्र राम्रोभएको व्यक्ति हो भन्ने विषयमा गाउँ र क्षेत्रका ठूला ठालुहरू र नगरक्षेत्रका अधिकारीहरूको समर्थनलाई संघसमक्ष प्रस्तुत गर्नुपर्दछ । भिक्षु भइसकेपछि परिचय-पत्र प्रस्तुत गरी संघको परिचयपत्रलाई जहिलेपनि सँगसँगै राखि राख्नुपर्दछ । यो संशोधन र परिवर्तन कम्बोडिया संघ र बुद्धशासनको निर्मल परिशुद्धहुनु अभिवृद्धि र उन्नतिहुनुलाई धेरै सहयोग पुऱ्याउने विषय भइराखेको कुरामा द्वन्द र संशय गर्नुछैन । भगवान् बुद्ध अहिले जीवितरूपमा विद्यमान रहिरहनुभएको भए यस किसिमको संशोधनलाई स्वीकार गर्नुहुने अवश्यम्भावी छ ।
Christopher Pym, "A Mistapim in Combodia", pp. 83.84



Downloaded from http://dhamma.digital

# खण्ड ६

## बुद्ध-शरण

उसबेला कोही कोही पश्चिमेली प्रज्ञाविद्‌हरूले भगवान् बुद्ध विश्व इतिहासमा निश्चय नै प्रकटरूपमा प्रादुर्भाव हुनभएको व्यक्ति हो कि भनी संशय गरेका थिए। त्यस अवस्थामा तिनीहरूले बुद्ध र बुद्धवादलाई गहिरिएर सुनिश्चितरूपमा अन्वेषणगर्न नपाई उनीहरूले जानेको बुद्धवंश दन्त्यकथाजस्तो भएको महायान बुद्धवंश थियो। अहिलेको समयमा त प्राचीन शिलालेखहरू र अझबढी दृढभएको पालिपिटकहरूलाई परिपूर्णरूपमा अध्ययन अन्वेषणगर्नुद्वारा गवेषी प्रज्ञाविद्‌हरूले बुद्ध र बुद्धवाद विषयहरूलाई झन् बढी पूर्णरूपमा जान्नपाएकाले भगवान् बुद्ध विश्व इतिहासमा प्रकटरूपमा विद्यमान रहेको एकजना व्यक्ति हो भनी स्वीकार गरी विश्वास गर्दछन्। ती प्रज्ञाविद्‌हरूले समर्थनगरेको भगवान् बुद्ध कस्तो किसिमको व्यक्ति हो भन्ने विषयलाई "बुद्ध" खण्डमा उल्लेखगरेर आइसकेको छु। उनी बुद्ध, बुद्धवंशग्रन्थ र अट्ठकथा ग्रन्थहरूमा आएको बुद्धसित समान नभएको विषय पाठकहरूले ख्यालगरेकै होलान्। बुद्धवंश र अट्ठकथाहरूमा आएर धेरै बुद्धवादीहरूले जानी थाहापाएको बुद्धको विषय र घटनाहरू कसरी प्रादुर्भावभएर आएको भन्ने कुरालाई अहिले हामीले विचार गर्नुपर्दछ।

बुद्धवंश र अट्ठकथाहरूमा आएको बुद्ध अनन्त भाग्य र ऋद्धिशक्तिले सम्पन्न हुनुभएका बुद्ध हुन्। बुद्धवंश आचार्य र अट्ठकथा आचार्यहरूले बुद्धलाई त्यसरी माथि उठाएर देखिराखेकोमा



Downloaded from http://dhamma.digital

कारणयुक्ति नभइकन लेखिराखेको होइन । उनीहरूले बुद्धको विषयलाई लेखेको बेलामा पिटकहरूलाई आधार गर्नुपरेको हुनाले पहिलो चार निकायग्रन्थमा नै बुद्धको विषयमा आश्चर्यलाग्ने खालको घटनाहरू समावेश छन् । तैपनि ती आश्चर्यलाग्दा कुराहरू अर्थकथामा आएका आश्चर्यलाग्ने कुराहरूको दाँजोमा धेरै छैनन् । त्यस अतिरिक्त पिटक परीक्षणमा उल्लेख गरिराखे अनुसार चारनिकाय पिटकसाहित्यमा सबभन्दा पुरानो सबभन्दा दृढ भएतापनि त्यो कथन प्रायःजसो मात्र सहीभएर वास्तवमा चारनिकायबाट आएका केही सुत्तन्तहरू अन्य पिटकदेशनाहरू प्रादुर्भाव भइसकेपछि निकै समय बितिसक्दामात्र घुसेर आएका सुत्तन्तहरू हुन् । बुद्धको विषयमा आश्चर्यलाग्दा सुत्तन्तहरू त्यस किसिमको नै सुत्तन्त हुनुपर्दछ ।

मज्झिमनिकायमा भगवान् बुद्धले आफू बुद्ध हुनुभन्दा अगाडिका प्रत्यक्ष घटनाहरूलाई उपदेश गर्नुभएको थियो । त्यसरी भगवान् बुद्धले स्वयं उपदेश गर्नुभएको **अरियपरियेसन सुत्त महासच्चक सुत्त** सुत्तन्त देशनाहरूमा आश्चर्य मान्नुपर्ने खालका कुराहरूलाई देख्नपाईंदैन । मज्झिमनिकाय **अच्छरि-यअब्भुतसुत्त**मा भने भगवान् बुद्ध जन्मनुभएको बेलामा आश्चर्य मान्नुपर्ने घटनाहरूलाई उल्लेख गरिराखिएको छ । तैपनि त्यो सुत्तन्त भगवान् बुद्ध स्वयंले उपदेश गर्नुभएको सुत्तन्त नभई आयुष्मान् आनन्दले उपदेश गर्नुभएको सुत्तन्त रहेको छ ।

जस्तोसुकै होस्, पिटकाचार्यहरूलाई त्यसै छोडौं, भगवान् बुद्ध विद्यमानरहेको बेलामा बुद्धवादीहरूले पनि बुद्धको अनन्त-भाग्य र ऋद्धि चमत्कारलाई विश्वासगरेर आउने कुरा सही छ ।



Downloaded from http://dhamma.digital

मानिसहरूले शील, समाधि विशेषले सम्पन्नभएका सन्तसत्पुरुषहरूमा आश्चर्य अद्‌भूतलाग्ने विशिष्ट क्रियाकलापहरू गर्नसक्ने सामर्थ्य छ भनी विश्वासगर्ने बानी छ। यस किसिमको मानवस्वभावलाई आधारबनाई बुद्धजस्तो धार्मिकनेता महान् व्यक्तिको अनन्तभाग्य र ऋद्धिचमत्कारलाई प्राचीन भारतीयहरूले विश्वासगर्नुमा आश्चर्य मान्नुपर्ने छैन । त्यस अतिरिक्त वर्तमानयुगमा कोही कोही व्यक्तिहरूले आचरण अभ्यासगर्नुद्वारा र प्रतिसन्धिबीज सामर्थ्यशक्तिद्वारा ऋद्धिचमत्कार प्राप्तगरेर योग्यतानुसार आश्चर्यलाग्ने कामगर्नसक्ने कुरा स्पष्ट छ । त्यसोभएर भगवान् बुद्धजस्तो आर्यपुद्‌गल सन्तसत्पुरुष ऋद्धि-चमत्कार भएको व्यक्ति हुनुपर्नेमा त द्वन्दसंशय गर्नुपर्ने छैन ।

तैपनि, ऋद्धि चमत्कारमा धेरै ममताराख्नु र ऋद्धिप्रातिहार्य देखाउनु भगवान् बुद्धको मार्गपद्धतिसित प्रतिपक्षी छ। भगवान् बुद्धले भिक्षुहरूलाई ऋद्धिप्रातिहार्य प्रदर्शन नगर्न प्रज्ञप्त गर्नुभएको थियो। "यो आयुष्मान्‌ले आश्चर्य अचम्मलाग्ने कामगर्नुको तत्त्व बुद्धको शासनमा परिहानिको कारण हो।" (अंगुत्तरनिकाय दसनिपात कत्तिपकत्तिसुत्त) लिच्छवी राजकुमार सुनक्षत्रले ऋद्धि प्रदर्शनगर्न प्रार्थना गरेतापनि (भगवान् बुद्धले) प्रदर्शन गर्नुभएन (दीघनिकाय पाठिकसुत्त)। ऋद्धिप्रातिहार्यसित सम्बन्धराखी केवट्ट गृहपतिपुत्रलाई भगवान् बुद्धले आज्ञाभएको तथ्य सम्झनयोग्य छ । केवट्ट गृहपतिपुत्रले भगवान् बुद्धलाई ऋद्धिप्रातिहार्य देखाउनसक्ने एकजना भिक्षुलाई नियुक्तगरिराख्न प्रार्थना गऱ्यो । भगवान् बुद्धले त्यो विचार दिनुलाई स्वीकार गर्नुभएन। प्रातिहार्य तीन प्रकारका छन्। ऋद्धिप्रातिहार्य, आदेशनाप्रातिहार्य र अनुशासनीप्रातिहार्य। बुद्धले भन्नुभयो "म तथागतको प्रातिहार्य अनुशासन हो। ऋद्धिनिर्माणगर्नु



Downloaded from http://dhamma.digital

आदेशनागर्नुद्वारा प्रातिहार्य देखाउने भिक्षुलाई मानिहरूले त्यस्ता गन्धारविद्या चिन्तामणिविद्याद्वारा ऋद्धिप्रदर्शन गर्छ भनी आरोपलगाउने स्थिति छ। त्यसकारण ऋद्धिप्रातिहार्य देखाउनुमा म तथागतले दोषदेखेर ऋद्धिप्रातिहार्य प्रदर्शनगर्न बोझिलो लाग्छ; लज्जा हुन्छ ; घृणा लाग्छ।" (दीघनिकाय केवट्टसुत्त)

यसरी भगवान् बुद्धले ऋद्धिप्रातिहार्य देखाउनुलाई खुलस्तरूपमा निन्दा उपहास गर्नुभई श्रावक भिक्षुहरूलाई ऋद्धि प्रदर्शनगर्न रोक र निषेध गरिराख्नुभएतापनि पिटक र अट्ठकथाहरूमा भगवान् बुद्ध स्वयंले ऋद्धिप्रातिहार्य प्रदर्शनगर्नुभएको कुरा समावेश भइरहनुमा पिटकाचार्य अट्ठकथाआचार्यहरूको हात हुनुपर्दछ। श्रावस्ती नगरको आम्रवृक्षमुनि भगवान् बुद्धले ऋद्धि प्रदर्शन गर्नुभएको विषय भगवान् बुद्धलाई गौरव नराखी जबर्जस्तिगरेर परस्पर वादको प्रतिस्पर्धा गरिरहेका तीर्थंकरहरूलाई दमनगर्न चाहने आशिस छन्दद्वारा पिटकाचार्यहरूले चिन्तना कल्पनागरी निर्माणगरेको विषय हुनुपर्दछ। केही केही ऋद्धिप्रदर्शनगर्नु बुद्धको जीवनी घटनाक्रमबाट एउटा घटनालाई बढाई चढाईराखेको हुनुपर्दछ। उदाहरण–उरूवेल काश्यपको अग्निकुण्डमा मैत्रीधर्म द्वारा बुद्धले दमनगर्नुभएको महानाग पिटकाचार्यको मतअनुसार हुनुहुन्न, दन्केको राप भएको महानाग हुनुपर्दछ।

केही केही ऋद्धिप्रदर्शनका कुराहरू बुद्धवादीसित एउटै युगका अन्य भारतीय धार्मिकवादहरूमा पनि आधारितभएको भान हुन्छ। उदाहरण-जैन धर्मावलम्बीहरूको एउटा पिटकग्रन्थमा पार्श्व नामक जैन भगवान्ले बुद्धत्वमा पुग्नै लागेको बेलामा पुरानो शत्रुरहेको असुरदेवको विघ्नबाधा भोग्नुपरेको प्रक्रियालाई



Downloaded from http://dhamma.digital

उल्लेख गरिराखेको छ । बोधिसत्व पार्श्वले अशोकवृक्षमुनि बासगर्नुभई सर्वज्ञताज्ञानतिर उन्मुख भइरहेको बेलामा असुर देवले सिंहको भेष धारणगरेर आई पार्श्वलाई निहुँखोजी हुरी बतासआउन लगाए; तैपनि दारण नागराजले पार्श्वको शरीरलाई आफ्नो शरीरले बेरी टाउको माथि फणले ढाकी सुरक्षादिई राखेकोले असुर देवले अन्तमा अभिमानलाई घटाएर आफ्नो ठाउँतिर फर्केर गयो । यो जैनपिटकमा आएको विषयमा दारण नागराजले जैन भगवान्‌लाई सुरक्षितगर्नु भरखर भरखर बुद्धत्वमा पुग्नुभएको भगवान् बुद्धलाई मुचलिन्द नागराजले घनघोरवर्षा भइरहेको बेलामा शरीरले बेरी सुरक्षा गरिराख्नुसित समानभई जैन भगवान्‌लाई असुरदेवराजले हमलागर्नु भगवान् बुद्धलाई मार देवले हमलागर्नुसित समानभएको विषय बुद्धवादीहरूले ख्यालगरेकै हुनुपर्दछ ।

अट्ठकथाचार्यहरूले बुद्धसित सम्बन्धभएको एउटा घटनालाई सामान्यरूपमा भए हुनेगरेको एउटा घटनाको रूपमा स्वीकार गर्ननसकी ऋद्धिप्रातिहार्यद्वारा विस्तारगर्ने बानी नै भइसक्यो । उदाहरणको रूपमा भगवान् बुद्धले भन्नुभएको "हे भारद्वाज, मैले पिता महाराजले हलो जोत्ने मङ्गलकार्य गरिरहनुहुँदा शान्त शीतल जम्बुबृक्षमुनि बसेर कामगुण अकुशलधर्मबाट अलग्गभएर वितर्क विचारसित सम्प्रयुत्त भएको प्रीति सुख आदि प्रथमध्यानमा प्रवेश गरेर आएँ ।" (मज्झिमनिकाय संगारवसुत्त र अन्य सुत्तहरू) । यो घटना भगवान् बुद्धको बोधिसत्त्व जीवनमा विशिष्टताभएको एउटा घटना भएकोले अट्ठकथाचार्यहरूले बुद्धवचनलाई वर्णन गरेको बेलामा आश्चर्ययुक्त अद्‌भूत घटनाहरुद्वारा विस्तारगरी



Downloaded from http://dhamma.digital

लेखिराखेका छन् । विस्तार गरेर लेख्ने कार्यहरूमा कल्पनाज्ञान-द्वारा विस्तारगरेर लेख्नेहरू भएकोले यस्ताकुरा एक अर्कोसित मेल खाँदैन । त्यसोभएर त्यो बुद्धवचनसित सम्बन्धराखेर मज्झिमनिकाय र उत्तरीय संस्कृतपिटक अट्ठकथाहरूभएका महावस्तु, ललितविस्तर र दिव्यावदान ग्रन्थहरूमा आएका घटनाहरू आश्चर्यअद्भूत कुराहरू फरक र प्रतिपक्ष भइरहेको भेट्टिन्छ ।[१]

यसरी भगवान् बुद्धले ऋद्धिप्रातिहार्य प्रदर्शनगर्नुलाई घृणागर्नुभएता पनि बुद्धवंशहरू अट्ठकथाहरूमा बुद्धको ऋद्धिप्रदर्शनका कुरा घुसेर आए । त्यो ऋद्धिप्रदर्शनगर्नुलाई बढाईचढाई लेख्नेगरेका पिटकाचार्य अट्ठकथाचार्यहरू साँच्चिकै बुद्धप्रति धेरै वा थोरै व्यक्तिगत आसक्तिराखी श्रद्धाराख्ने व्यक्तिहरू हुन् । भगवान् बुद्धले आफूप्रति आसक्तभई श्रद्धाराख्नुलाई विल्कुल चाहना नगर्नुभई त्यो आसक्ति उपादानलाई हटाउन धेरैपटक उपदेश गर्नुभएको थियो । (चाप ६६-६८) "भिक्षुहरू हो ! क्लेशधर्म प्रबल भएको व्यक्ति मेरो चीवरको टुप्पो समातेर पछि पछि लागेता पनि मबाट टाढारहने हुन्छ । क्लेशधर्म कम भएको व्यक्ति त सययोजन टाढापरेको ठाँउमा बसे तापनि मसँग नजिकरहेको हुन्छ । किनभने उसले धर्मलाई देखेर म तथागतलाई देखेकोले हो ।" (इतिवुत्तक तिकनिपात पञ्चमवग्गसंघाटिकण्णसुत्त) यसरी भगवान् बुद्धले थुपै सुत्तन्तहरूमा गहनरूपमा उपदेश गरि राख्नु भएतापनि पृथग्जनहरूले व्यक्तिगत आसक्तिराखी श्रद्धा राख्नुलाई हटाउन सकिन्न ।

---

[१] E. J. Thomas, "Life of the Buddha", p.p. 44.16



Downloaded from http://dhamma.digital

द्रोण ब्राह्मणले भगवान् बुद्धसमक्ष आयुष्मान गौतम मनुष्य हो कि, देव हो कि, गन्धर्व हो कि भनेर सोधेको बेलामा भगवान् बुद्धले मं मनुष्य होइन, देव होइन, गन्धर्व पनि होइन भनेर जवाफ दिनुभयो । (अंगुत्तरनिकाय चतुक्कनिपात दोण ब्राह्मण सुत्त) "पुण्डरिक पद्म हिलो पानीमा उम्रेर त्यसैमा वृद्धिभएर आएतापनि त्यसद्वारा फोहोर नभएजस्तै भगवान् बुद्ध संसारमा रहनुभएतापनि संसारद्वारा त लिप्त हुनुभएन।" (अंगुत्तर निकाय छक्कनिपात नागवग्ग नागसुत्त) । यी कथनहरू बुद्धप्रति व्यक्तिगत आशक्तिराखी श्रद्धाराख्ने बुद्धवादीहरूको निमित्त गलत तरीकाले निरीक्षण र परामर्श गर्नुपर्नेखालको छ। यसरी भगवान् बुद्ध पालिपिटकमा महापुरुषहरूको ३२-वटा अङ्ग लक्षणहरूद्वारा र सर्वज्ञताज्ञानद्वारा कुनै पनि विश्व मानवसितसमेत दाँज्नयोग्य नभएको अतुलनीय व्यक्ति हुनुभयो ।

३२-वटा महापुरुषहरूको संकेत लक्षणहरू ब्राह्मणहरूको प्राचीन वेदग्रन्थहरूमा आएको छ। (मज्झिमनिकाय ब्रह्मायुसुत्त)। तिनीहरूलाई पिटकमा बुद्धसित सम्बन्धराखेर विशेषरूपले उल्लेखगरेर राख्नु लौकिक सिद्धान्त र लक्षण वेदाङ्ग अङ्गविद्यालाई अन्यथा सम्झनुहुने भगवान् बुद्धको अभिमतसित मेलखाँदैन । वास्तवमा त्यसरी उल्लेखगरेरराख्नु रूढीवादी ब्राह्मणहरूलाई बुद्धधर्मतिर आकर्षित गराउनचाहेकोले हुनसक्छ।

अट्ठकथाहरूमा देखाइराखेको अन्यबुद्धगुण सर्वज्ञताज्ञान हो। सर्वज्ञताज्ञान संसारचक्र दुःखबाट मुक्तिको कारण जान्नुयोग्य र जान्नुपर्ने भएको सम्पूर्ण धर्मलाई जानेको ज्ञानलाई भन्नखोजिएको हो भनी कत्ति पनि संशयगर्नुपर्ने स्थिति छैन। धेरैजसो बुद्धवादीहरूले



Downloaded from http://dhamma.digital

भने त्यसरी धारणा नराखी जुनसुकैलाई पनि सदासर्वदा सुन्ने देख्ने जान्नेभएको ज्ञान हो भनी विश्वास गर्दछन्। सर्वज्ञताज्ञान जैननेता महावीर र पूर्णकस्सपहरूले आफूहरूमा रहेको भनिएको ज्ञान हो। भगवान् बुद्धले त्यस विषयसित सम्बन्धराखेर आफूसमक्ष प्रश्नगर्ने व्यक्तिहरूलाई केही पनि आज्ञागर्नुभएन। (अंगुत्तर निकाय नवनिपात लोकायतिक ब्राह्मणसुत्त)। आयुष्मान् आनन्दले त कोही कोही आचार्यहरूले सर्वज्ञताज्ञानद्वारा स्थावर नित्य दिब्यश्रोत प्राप्तभएको छ भनेतापनि मानिस नभएको घरभित्र पस्नलागेर भोजन प्राप्त नहुनु, कहिले काहीँ कुक्कुरको टोकाई भोग्नपर्नु, हात्तीले लघारेको भोग्नपर्नु , पुरुष स्त्रीहरूको नाउँ, गाउँ र बाटोका नाउँ सोध्नुपर्ने हुन्छ र ? भन्नुभयो। (मज्झिमनिकाय सन्दकसुत्त)

अट्ठकथा आचार्यहरूले भगवान्बुद्धको गुणलाई उच्चस्तरमा राखी लेख्नेगर्दा सर्वज्ञताज्ञान प्राप्तभएको छ भन्ने तीर्थंक राचार्यहरू भन्दा नीचा देखाउन नचाहनुको अतिरिक्त भगवान् बुद्धलाई अन्य आर्यपुद्गलहरूसित अलग्गराख्न चाहनुको कारण बुद्धले सबैलाई सदैव जान्ने सर्वज्ञताज्ञान प्राप्त गर्नुभएको छ भनी भन्नचाहेको भान हुन्छ। बुद्धगुणहरूलाई प्रदर्शनगर्ने सुत्तन्त देशनाहरू, उदाहरण-मज्झिमनिकाय महासीहनाद सुत्त, अंगुत्तरनिकाय दसनिपात तथागतबलसुत्त आदिहरूमा त सर्वज्ञताज्ञानलाई देखाइएको छैन। भगवान् बुद्धको सर्वज्ञताज्ञानलाई निद्देस र पटिसम्भिदामग्गहरूमा विस्तृतरूपमा वर्णन गरिराखेको छ। यी पालिहरू पिटकभित्र पछिमात्र घुसेर आएका ग्रन्थहरू हुन्। पटिसम्भिदाग्रन्थलाई रचना गरिराखेको प्रक्रिया अभिधम्म



Downloaded from http://dhamma.digital

ग्रन्थहरूलाई रचना गरिराखेकोसित समान भई त्यो ग्रन्थमा विनयपिटक, दीघनिकाय, अंगुत्तरनिकाय र संयुक्तनिकायबाट पालिहरूलाई पूर्णरूपमा उद्धृत गरिराखेको छ।

अट्ठकथाका आचार्यहरूले बुद्धको सर्वज्ञताज्ञान नित्य स्थावर दिव्यश्रोत हो भनी विश्वासगरेको कारणले भगवान् बुद्धको जीवनी वृत्तान्तबाट केही केही तथ्यहरूलाई बढाईचढाई व्याख्यागर्नुपर्ने भएको छ। भगवान् बुद्धले भिक्षुहरूसँग केही कुरा सोध्नुभएको वहाँलाई थाहाभएकोले नभई जानी जानीकन नै सोध्नुभएको हो भनिन्छ। राजा मिलिन्दमा सर्वज्ञताज्ञान प्राप्तभएको छ भन्ने बुद्धको विषयसित सम्बन्धराखेर मन खलबलिएको थियो। उदाहरण–भगवान् बुद्धले सर्वज्ञताज्ञान प्राप्त हुँदाहुँदै पनि किन देवदत्तको अघिको घटनालाई अगावै जान्नुभएन, देख्नुभएन नि ? पछिको एकदिनमा आफ्नो प्राणको निहुँखोज्ने एकजना व्यक्तिलाई किन भिक्षु बन्ने अनुमति दिनुभयो नि ? भगवान् बुद्धले सर्वज्ञताज्ञान प्राप्त हुँदाहुँदै पनि किन भिक्षुहरूलाई निकाल्न उचितभएका सानातिना शिक्षापदहरूलाई निकाल भनी आज्ञाहुनुपऱ्यो नि ? सर्वज्ञताज्ञानधारी बुद्धस्वयंले प्रज्ञप्त गरिसकेका शिक्षापदहरूमा निकाल्न उचित भएका शिक्षापदहरू समावेश हुनसक्ने होला त ? वास्तवमा अट्ठकथा आचार्यहरू र राजा मिलिन्दले मज्झिमनिकायमा आएको एउटा सुत्तन्तलाई होशराखेजस्तो लागेन। किनभने त्यो पालिमा भगवान् बुद्ध स्वयंले आफूमा नित्य स्थावर सबैलाई सुन्ने देख्ने जान्नेजस्तोखालको सर्वज्ञताज्ञान छैन भनी खुलस्तरूपमा स्वीकार्नुभएको थियो।



Downloaded from http://dhamma.digital

वच्छपरिव्राजक :– भगवान्, श्रमण गौतमले सम्पूर्णधर्मलाई जान्दछ । सम्पूर्णधर्मलाई देख्दछ । निरवशेषरूपको ज्ञानदृष्टि–द्वारा जान्दछ। या गइरहेको बेलामा होस्, उभिरहेको बेलामा होस्, सुतिरहेको बेलामा होस् या ब्युँझिरहेको बेलामा होस् नित्य तुलनागरी निरीक्षणगर्नसक्ने ज्ञानदृष्टि अभिमुखभएर स्थितरहन्छ भनी जो जो श्रमणब्राह्मणहरूले भन्ने गर्छन् त्यो त्यो श्रमण–ब्राह्मणहरूले तपाईंको विषयलाई सहीरूपले भनेका हुन् त ?

बुद्ध :– त्यसरी भन्ने श्रमणब्राह्मणहरूले म तथागतको विषयलाई सहीरूपले भन्ने गर्दैनन् । म तथागतको विषयलाई प्रकट नभएको, सत्य नभएको तथ्य नभएको कथनद्वारा भन्ने गर्दछन् ।

वच्छपरिव्राजक :– हामीहरूले कुन तरीकाले भन्नेगरेमा सहीरूपले भनेको हुनेछ ?

बुद्ध :– हे वच्छ, श्रमण गौतम त्रिविद्याले सम्पन्न छ भन्ने व्यक्तिले म तथागतको विषयलाई सहीरूपले भनेको हुनजानेछ। सर्वज्ञताज्ञानको स्वभावलाई अनुकूलहुनेगरी भनेको हुनजानेछ। (मज्झिमनिकाय, तेविज्जवच्छगोत्तसुत्त)

यो बुद्धदेशनामा भगवान् बुद्धले भन्नचाहनुभएको सर्वज्ञताज्ञान कस्तो किसिमको रहेको हो भन्ने विषय स्पष्ट छ। त्रिविद्या प्रत्येक अरहन्तले प्राप्तगर्ने ज्ञान हो । त्यसोहुँदाखेरी बुद्ध र अरहन्त व्यक्तिमा कसरी फरकपर्दछ ? भगवान् बुद्धले निर्वाणगामी कारणधर्मलाई सर्वप्रथम प्रतिवेधगरी जान्नु देख्नुभई अरहन्तहरू बुद्धको मार्गपद्धतिअनुसार आचरण उद्योग र अभ्यास



Downloaded from http://dhamma.digital

गरी निर्वाणतिर पुग्दछन् । "भिक्षुहरू हो, क्लेशबाट मुक्तभएको भिक्षु र म तथागतको विशेषता र भिन्नताको कारण के हो भनी म तथागतले निर्वाणतिर पुग्ने कारण मार्गलाई उत्पन्न गराउँछु। उपदेश नगरिएको मार्गलाई उपदेश गर्छु ? निर्वाणतिर पुग्ने कारण मार्गलाई जान्दछु । जानिसकेको निर्वाणमार्गलाई प्रकट गर्दछु। निर्वाणमार्ग हो होइन भन्नेमा दक्ष हुनेहुन्छु। म तथागतको श्रावक शिष्यहरू मैले उपदेशित निर्वाणमार्गतिर अनुगमन गर्दछन् र मेरो पछिलाग्ने व्यक्तिहरू हुन् ।"[1] (संयुत्तनिकाय खन्धसंयुत्तसुत्त सम्बुद्ध सुत्त)

गोपकमोग्गलान ब्राह्मण :– आयुष्मान् आनन्द, भगवान् बुद्धसँग समान योग्यताभएको कोही एकजना भिक्षु हुनुहुन्छ कि ?

आयुष्मान् आनन्द :– भगवान् बुद्धसँग समानयोग्यता भएको कोही भिक्षु छैन। भगवान् बुद्धले प्रकट नभएको मार्गलाई प्रकट गराउनुहुन्छ। मार्गको उपदेश गर्नुहुन्छ, श्रावक शिष्यहरू त बुद्धको मार्गपद्धतिलाई अनुगमनगर्ने र पछिलाग्ने व्यक्तिहरूमात्र हुन् । (मज्झिमनिकाय गोपकमोग्गल्लान सुत्त)

भगवान् बुद्धको आज्ञा, वचन र आयुष्मान् आनन्दको जवाफमा अट्ठकथा आचार्यहरूले थाहापाएको सर्वज्ञताज्ञानलाई निर्देशनगर्ने कुरा नभएको विषयलाई हामीले ख्यालराख्नुपर्दछ। त्यसकारण पालिप्रज्ञाविद् डाक्टर रीस् डेविड्स्को मतअनुसार

[1] त्यसोभएर पाराजिककाण्डपालिमा भगवान् बुद्धले आफूलाई कुखुरामा रहेका फुलहरू भित्रबाटका स-साना कुखुराका चल्लाहरूको समूहहरूमध्ये फुलको बोक्रालाई सबभन्दा पहिले फुटालेर सुखपूर्वक जन्मेर आउने सानो चल्लासित उपमाराखी वेरञ्ज ब्राह्मणलाई उपदेश गर्नुभयो ।



Downloaded from http://dhamma.digital

"सबभन्दा पुरानो पालिहरूमा बुद्ध र अरहन्त अर्थअभिप्राय एउटैजस्तो भइरहेको छ। बुद्ध भन्ने पदलाई पछिल्लो समयका मानिसहरूले थाहापाएको विशेषगुणद्वारा प्रयोग गरिराखेको पाइँदैन । सुत्तनिपातको एक ठाउँमा बुद्धको निमित्त प्रयोगगरिराखेका गुणपदहरूलाई इतिवुत्तकमा अरहन्तहरूको निमित्तप्रयोग गरिराखेको छ । सुत्तनिपात उरगवग्ग हीमवत सुत्तमा उल्लेख गरिराखेका बुद्धका गुणहरू अन्य ठाउँहरूमा बुद्धका श्रावकशिष्यहरूको निमित्त पनि उल्लेख गरिराखेका गुणपदहरू हुन् ।"[१]

सुत्तनिपातलाई अंग्रेजी भाषामा भाषान्तरणगरेर आएको पश्चिमी राष्ट्रको एकजना प्रज्ञाविद्ले पनि सुत्तनिपातभित्र 'बुद्ध' पदलाई चतुसच्चा बुद्धा अरियपुग्गला "चारसत्यलाई जान्ने आर्यपुद्गलहरू" भन्ने पालि अर्थद्वारा छ चोटिजति प्रयोग गरि राखेकोलाई आधारबनाएर पहिले बुद्ध भन्ने पद मार्गफलमा प्रतिस्थित भइसकेका सम्पूर्ण भिक्षुहरूलाई भन्नचाहेको नाउँभएर पछिको समयमा मात्र एउटै गौतमको नाउँभएर आएको भान छ भनी भनिएको छ ।[२]

वास्तवमा बुद्धको अभिमतअनुसार आर्यपुद्गलहरू अरहत्तफलमा नपुगुञ्जेलसम्मको समयमा भवको कर्मले प्रतिफल दिनुप्रति पछिलागेर एकअर्कोसँग विभेद हुनेभएमा त्यसरी रहनसक्नेछ । अरहन्तभएको वेलामा भने केही फरकपर्ने छैन ।

---

[१] Dr. Rhys Davids, "Dialouges of the Buddha", vol.II, p.2

[२] Lord Chalmers, "The teachings of the Buddha", Introduction , p xix



Downloaded from http://dhamma.digital

एकसमयमा सुमना राजकुमारीले भगवान् बुद्धसमक्ष श्रद्धा, शील, प्रज्ञा समान भएका बुद्धका श्रावकपुत्रहरू दुईजनामध्ये एउटाले दानगरेर अर्कोले दान नगरिकन मरणपछि देवलोकमा पुगेको बेलामा ती दुईजनालाई विशेषता उत्पन्नहुनेछ कि भनी सोधिन्। त्यो बेलामा भगवान् बुद्धले देवलोकमा, मनुष्यलोकमा र भिक्षुभएको बेलामा पनि दानगर्ने व्यक्तिले दान नगर्ने व्यक्तिले भन्दा बढी प्रतिफल भोग्नपाइन्छ। अरहन्तहुने बेलामा चाहिँ केही विशेषता नभई एकनाश हुन्छ भनी आज्ञाभयो। (अंगुत्तरनिकाय पञ्चनिपात सुमनावग्ग सुमनाराजकुमारी सुत्त)

यस किसिमको बुद्धदेशनाहरूको मतअनुसार बुद्ध र अरहन्तहरूमा तुलनागरेर नहुने गरिकनै श्रेणी फरक परेको रहेन; तैपनि प्राचीन बुद्धवादीहरूले बुद्धलाई प्रमाणभन्दा बढी श्रद्धाराखेर अरहन्तभन्दा अत्याधिक श्रेणीमाथि उठेको ठाउँमा उचालिराखे। भगवान् बुद्धलाई निर्वाणमार्ग निर्देशनगर्नुहुने शास्ताको रूपमा मात्र सम्झने नगरी अन्य आर्यपुद्गलमा नभएको अर्थात् भगवान् बुद्ध स्वयंले अस्वीकार गर्नुभएको (उदाहरण-सर्वज्ञताज्ञान) अर्थात् दोषारोपणगरी उपहास गर्नुभएको (उदाहरण-ऋद्धिप्रातिहार्य प्रदर्शन गर्नु) गुणहरूद्वारा माथि उचालिराखे। ती गुणहरूलाई श्रद्धा र विश्वासराख्दै आए।

बुद्धको पालामा धनञ्जानी ब्राह्मणीले बुद्धप्रति धर्मप्रति र भिक्षुसंघप्रति अत्यन्त श्रद्धा राख्थिन्। एकदिनमा ब्राह्मणीले लुगाको टुप्पोमा कुल्चिएर लड्न लागेको बेलामा **नमो तस्स भगवतो** आदि उदानलाई तीन तीनचोटिसम्म व्यक्त गरिन् (मज्झिमनिकाय संगारवसुत्त)। भगवान् बुद्ध जीवमान हुनुभएको



Downloaded from http://dhamma.digital

बेलामा समेत धनञ्जानी ब्राह्मणी जस्ती बुद्धको गुणलाई श्रद्धा राखी आधारलिने बुद्धवादीहरू निकै ठूलो संख्यामा हुनुपर्ने हो। त्यसोभएर पनि बुद्धप्रति श्रद्धा राख्नुमात्रद्वारा प्रतिफल अनुभवगर्नपाउने विषयमा उपदेश गरिराखेको पालिहरूलाई पिटकभित्र हामीहरूले देख्नपाएको हुनुपर्दछ। "म तथागतप्रति विश्वासगर्नुमात्र भएका जम्मै व्यक्तिहरू सुगति नै परायणभएका हुन्छन्।" (मज्झिमनिकाय अल्लग्गदद्दुपम सुत्त) यो कथन आफूप्रति व्यक्तिगत आशक्तिराखी श्रद्धाराख्नुलाई उपहासगरी मानिसहरूलाई आफ्नो आधार आफै हुन गहनरूपमा उपदेश गर्नुहुने बुद्धको कथनहुनु असम्भव छ। मनोवृत्ति कोमलभएका जनताको चाहनाको पछिलागी पिटकाचार्यहरूले बुद्धवचन पालि बनाइराखेको कथन हुनुपर्दछ।

भगवान् बुद्धलाई व्यक्तिगत आशक्तिराखी श्रद्धाराख्नु भगवान् बुद्धको पालामा विद्यमानरहनु सही भएतापनि त्यतिसारो मजबुत बलशाली भइसकेको होइन। भिक्षुसंघभित्र बुद्धलाई व्यक्तिगत आशक्तिराखी प्रसन्नभई विश्वासपूर्वक आधार मान्ने व्यक्तिहरू अल्प हुनेछन्। भगवान् बुद्ध परिनिर्वाण भइसकेपछि प्रथमसंगायन आरूढगर्ने महास्थविरहरूले बुद्धवादको इतिहासमा सबभन्दा महत्वपूर्णभएको धर्मसभामा भगवान् बुद्धलाई विशेष प्रशंसा गरेको थिएन। भगवान् बुद्धलाई पछि पछिका मानिसहरूले नित्य स्मरणगराउने कुनै चिन्ह स्मारकराख्न कार्यवहनगरेको पाइएन। बुद्धदेशनालाई भिक्षुसंघ परम्पराले कण्ठस्थपारी धारणगरेर संरक्षण र सुरक्षागराउन व्यवस्थागरेका अवस्थामा पनि बुद्धसँग सम्बन्धभएको विषयवस्तुहरूलाई प्राथमिकता दिएका थिएनन्।



Downloaded from http://dhamma.digital

यी तथ्यहरू राष्ट्रनेता सामाजिक नेता धार्मिक नेताहरूसित सम्बन्धराखी व्यक्तिगत आशक्तिद्वारा श्रद्धा बहुलभएका वर्तमानयुगका मानिसहरूको क्रियाकलापहरूसित दाँजेको खण्डमा अतिविशिष्ट भई ती महास्थविरहरूमा बुद्धप्रति आशक्तिउपादान रहित भएको विषय स्पष्ट छ।

सही हो, परिनिर्वाण हुनेबेला नजिकिँदा भगवान् बुद्धले आफ्नो मृतकदेहलाई पूजा र दाहसंस्कार कृत्य गर्नको निमित्त कतिपनि चिन्ता ब्यापाद नगर्न आफूप्रति व्यक्तिगत आशक्ति–द्वारा श्रद्धा नराख्न, अववाद अनुशासनलाई मात्र अनुगमनगरेर आचरणगर्न, आफू बितिसक्ने बेलामा धर्मलाई आफ्ना शास्ताको रूपमा सम्झन, आफूले आफूलाई मात्र आधार भरोसालिन भनी गहनरूपमा होश दिलाई अनुशासन गर्नुभएका वचनहरूलाई ताजैताजा सम्झन पाईरहेका श्रावकशिष्यहरूले कसरी बुद्धमाथि व्यक्तिगत आशक्तिउपादान राखिरहने होलान्? ती बुद्धका अववाद अनुशासनहरूलाई स्मरणिका चिन्ह बनाइराखेको दीघनिकाय महापरिनिर्वाण सुत्तमा बुद्धको अस्थिधातुहरूलाई चैत्यस्थापना गर्नयोग्य भएको विषय, बुद्ध जन्मनुभएको, बुद्धत्वमा पुग्नुभएको, परिनिब्बान हुनुभएको ठाउँहरूमा बुद्ध दर्शनार्थ जानयोग्य भएको विषय ती चैत्य ती स्थानहरूलाई कारण बनाएर भगवान् बुद्धप्रति श्रद्धाचित्त उत्पन्नभएर आएका मानिसहरू देवलोकमा पुग्नुभएको विषय उल्लेख गरिराखेको सही हो; तैपनि यी कथनहरू बुद्धवचन अथवा प्रथमसंगायन आरूढगर्ने महास्थविरहरूको वचनहुनु असम्भव छ। भगवान् बुद्ध परिनिर्वाण हुनुभइसकेपछि दुईसय वर्षभन्दा बढी समयपुरदा मात्र सुत्तन्तपिटकलाई संशोधन र



Downloaded from http://dhamma.digital

परिशोधनगरेका पिटकाचार्यहरूको कथनहरूमात्र हुने सम्भव छ। वास्तवमा भन्ने हो भने त्यो ईशापूर्व तेस्रो शताब्दीयुगतिर बुद्धलाई व्यक्तिगत आशक्तिद्वारा श्रद्धाराख्नु भारतको उत्तरीभागमा मजबुतरूपमा बृद्धिभएर आइसकेको थियो। यो तथ्य कथावत्थु पालिमा स्पष्ट छ। कथावत्थुको मतअनुसार त्यो युगका कोही कोही बुद्धवादीहरूले भगवान् बुद्धलाई मानिसको रूपमा देख्न छोडीसकेका थिए। भगवान् बुद्ध अनन्त ऋद्धिशक्तिद्वारा सम्पूर्ण कल्पभरी जीवित रहनसक्नुहुन्छ भनेर, भगवान् बुद्ध मनुष्यलोकमा प्रादुर्भाव हुनुभएको होइन, तुषित देवलोकमा नै विराजमानभएर मनुष्यलोकमा निर्मित बुद्धमात्र आउनुभएको हो भनेर भगवान् बुद्ध सम्पूर्ण देशप्रदेशहरूमा एकैसाथ प्रादुर्भाव हुनुहुन्छ भनेर पनि विश्वास गर्दथे। कथावस्तु आचार्यहरूले ती धारणाहरूलाई निराकरणगरेर आएको भएतापनि थेरवादगणभित्रसमेत बुद्धसित सम्बन्धराखी उत्पन्नभएर आएका वादहरूलाई विरोध गर्नसकेका थिएनन्।

ती वादहरू त्यस युगका भारतीय बुद्धवादीहरूको वरिपरिका कारणधर्महरूबाट उत्पन्नभएर आएका वादहरू हुन्। त्यो युगमा विष्णु शिव आदि हिन्दू भगवान्हरूलाई पूजागर्नेकुरा प्रादुर्भावभएर आयो। त्यसोभएर धार्मिकक्षेत्रभित्र हिन्दूहरूसित प्रतिस्पर्धा भइरहेका बुद्धवादी भिक्षुहरूले जनताको चाहनालाई अनुशरणगरी बुद्धलाई मनुष्यलोकको बाहिर रहनुभएको अनन्त भाग्यवान् ज्ञानवान् पारमीको अधिकारीको रूपमा निर्माणगरेर मानिआएको भान हुन्छ। त्यस अतिरिक्त ब्राह्मणहरूको प्राचीन वेदग्रन्थहरूमा बत्तीस लक्षणले सम्पन्नभएको महापुरुष यदि गृहस्थ



Downloaded from http://dhamma.digital

रहन्छभने चारै महाद्वीपहरूलाई अधिनस्थपार्ने चक्रवर्तीराजा हुनुभई यदि भिक्षु हुन्छ भने लोकमा पूजा विशेषलाई ग्रहण गर्नयोग्य सम्पूर्ण धर्मलाई जान्नुहुने बुद्धश्रेष्ठ हुनुपर्छ भनेर आएको छ। ईशापूर्व तेस्रो शताब्दीयुगमा राजा अशोक प्राचीन भारतीय राजाहरूमध्येमा अत्यन्त भाग्यशाली राजा भएर आई भारतको बाहिर गुण यश कीर्ति फैलिएर ख्याति प्राप्तभए। त्यसोहुनाले राजा अशोक साधारण राजा होइनन्। वेद ग्रन्थमा आएको चक्रवर्ती राजाको कुराअनुसार राजा अशोकले शरणलिएको बुद्धलाई वेदग्रन्थमा आएको उत्तम बुद्ध भन्ने हुनुपर्दछ भनी विश्वासगर्नु वास्तवमा आश्चर्यजनक छैन।

यसरी भगवान् बुद्ध आर्यपुद्गलहरूको शास्ता पूर्वगामी मार्गप्रदर्शक नेता मात्र नरही ती व्यक्तिहरूसँग विल्कुल तुलना गरेर मिल्दै नमिल्ने भगवान्भएर आउनुभयो। भगवान् बुद्ध ३२ महापुरुषलक्षण र सर्वज्ञताज्ञान आदि गुणहरूले सम्पन्नहुनुले मात्र अरहन्तहरूसित विभेद हुनुभएको होइन, धर्मजन्य स्वभावको हिसाबले पनि विशिष्टभई बुद्ध जाति नै उत्पन्नभएर आएको हो। अर्को विधिले भन्ने हो भने गौतम बुद्धको प्रादुर्भाव हुनुभन्दा अगाडि उत्पन्न भइसकेका अन्य बुद्धहरू रहेका छन् भन्ने सिद्धान्त देखापर्न आयो। पालिपिटकमा प्राचीन दीघनिकायमा ६-जनाको बुद्धसमूह देखाइएको छ। बुद्धवंशमा २४-जना पुगेर अपदान पालिमा ३५-जनासम्म भएको देखिएको छ।

दीघनिकाय महापदान सुत्तमा भगवान् बुद्ध स्वयंले आफूभन्दा अगाडि प्रादुर्भाव भइसकेका विपस्सी कस्सप आदि बुद्धहरूको विषयमा भन्नुभएको छ भनिएको छ। तैपनि महापदान



Downloaded from http://dhamma.digital

सुत्त बुद्धभाषित सुत्त हो भनी हामीले धारणा राख्नसकिन्न। अतीत बुद्धहरू प्रादुर्भावभएको युगका मानिसहरूको आयुलाई दन्त्यकथासरि हजारौंको वर्षको संख्या देखाइराख्नु जस्तो कुरा बुद्धस्वयंले आफ्नो वृतान्तलाई बताउनु भएका सुत्तन्तहरूमा न आई अट्ठकथाहरूमा मात्र आएका विषयहरू (उदाहरणार्थ गृहत्याग गर्नुभन्दा अगाडि चार महानिमित्तहरू देख्नु) लाई देखाई राखिएकोलाई आधार बनाएर यो सुत्त दीघनिकाय भित्र पछिमात्र प्रवेशभएर आएको हो भन्ने विषय स्पष्ट छ।

जैन धर्मको स्थापनागर्ने महावीर प्रादुर्भाव हुनुभन्दा अगाडि जैन भगवान्हरू २३ जना छन् भनी जैन धर्मग्रन्थहरूमा आएको छ। यसरी भगवान्को संख्या बृद्धिभएर आउनेकुरा बुद्धवादीहरूले शुरूगरेको हो कि अथवा जैनवादीहरूले शुरूगरेको हो थाहा पाउन सकिएको छैन । भारतीयहरूले पुराना प्रज्ञाविद्हरूलाई गौरवगर्ने भएकोले अतीतका भारतीय बुद्धवादीहरूले जैनवादीहरूले जस्तै जनतालाई आकर्षितपार्न आफ्ना वाद प्राचीन प्रवेणीका प्रज्ञावान् सत्पुरुषहरूको वाद भएको विषयभनेर आएको हुनुपर्दछ। यसरी आफ्ना वाद सफलबनाउन चाहेको छन्दले र बुद्धलाई अन्य आर्यपुद्गलहरूबाट छुट्याएर राख्नचाहेको कारणले पालिपिटकमा बुद्धहरूको संख्यामा बृद्धि भइरहेको हुनुपर्दछ । गौतम बुद्ध स्वयंले भन्नुभएको हो भनिएका कस्सप विपस्सी आदि अतीत बुद्धहरूका विषयहरू चार निकायका केही केही सुत्तन्तहरूमा आएको सही हो। तैपनि ती सुत्तन्तहरू बुद्धभाषित देशनाहरू हुननसक्ने विषय मज्झिमनिकायको एउटा सुत्तन्तमा स्पष्ट छ।



Downloaded from http://dhamma.digital

त्यस सुत्तन्तमा भगवान् बुद्धले आयुष्मान् आनन्दलाई कस्सप तथागतका पालाका घटिकार कुमालेको विषयलाई बताउनुभयो भनिन्छ। घटिकार क्षान्तिधर्म श्रद्धाधर्मले सम्पन्न छ भनिन्छ। कस्सप तथागत घटिकारको घरतिर जानुभई भिक्षाटन गर्नुहुँदा घटिकार त्यो बेलामा घरभित्र थिएन । यस विषयमा भगवान् बुद्धले लगातार भन्नुहुन्छ :-

"आनन्द, त्यो बेलामा पूजा विशेषलाई ग्रहण गर्नयोग्य हुनुभएको अविपरीत रूपमा सम्पूर्ण धर्मलाई जान्नुभएको कस्सप तथागतले भोजनको भाँडोबाट भोजन पस्काई, तरकारीको भाँडाबाट तरकारी ग्रहण गरी भोजन सेवन गरिसकेपछि फर्केरजानु भो । ...... कस्सप तथागत घटिकारको घरमा रहेको डालोबाट रोटी झिकेर लिई तरकारीको भाडाँबाट तरकारी पस्काई सेवन गरिसक्नु भएपछि फर्केर जानुभयो । ......एकसमय कस्सप तथागत विराजमान भएको विहारको कुटीमा पानी चुहिएकोले कस्सप तथागतले "भिक्षुहरू हो, घटिकारको घरको छानालाई बिगारेर घाँस फुस लिएर आउनु भनी आज्ञाभयो ।" (मज्झिमनिकाय घटिकार सुत्त)

यो सुत्तन्तमा भिक्षुहरूसितसमेत अनुचितभएको जस्तो क्रियाकलाप बोलीवचन प्रयोगगरी भन्नुभएको कस्सप तथागतको विषय कसरी गौतम बुद्धको कथनहरू हुनसकिन्छ ?

कस्सप गौतम आदि बुद्धहरू मानिसहरूलाई उपदेश गर्नुहुने सम्यक्सम्बुद्धहरू हुन् र प्रत्येकबुद्धहरू अरूलाई धर्म उपदेश नगर्ने बुद्धहरू हुन् भनिन्छ। युरोपेली एकजना प्रज्ञाविद्को



Downloaded from http://dhamma.digital

मतअनुसार प्रत्येकबुद्ध प्राचीन भारतको मध्यमदेश क्षेत्रमा भगवान् बुद्धको उपदेश सुन्न नपाएता पनि एक्लै धर्मको आचरण, उद्योग र अभ्यासगरी क्लेशलाई हटाई सकेका अरण्यवासी योगी सत्पुरुषलाई बुद्धशासनमा समर्थन जनाउनुको हिसाबले दिइराखेको नाउँ हुनुपर्दछ ।[१]

सम्यक्सम्बोधि प्रार्थनागर्ने व्यक्तिले बुद्धहुनको निमित्त थुप्रै भवहरूमा पारमी पूर्ण गर्नुपर्दछ । पारमी भन्ने पद चार निकायग्रन्थमा बिल्कुल देख्न पाइन्न । यसप्रकारका बुद्धधर्मलाई गणन संख्याद्वारा विभाजनगरी पूर्णरूपमा देखाइराखेको दीघनिकाय दसुत्तर सुत्तमा र संगीति सुत्तहरूमा समेत बिल्कुल देखाइराखेको छैन । जातक गाथामा पनि देखा नपरिकन पिटकभित्र धेरै पछिमात्र घुसेर आएको जातक अट्ठकथा, बुद्धवंश र चरियापिटकहरूमा मात्र यी कुरा देख्नपाइन्छ ।

त्यसोभएर पारमीधर्म भगवान् बुद्धले उपदेश गर्नुभएको धर्म नभई बुद्धलाई आर्यपुद्गलहरूसित छुट्याउन पछि मात्र पिटकभित्र घुसेर आएको उपदेश हुनुपर्दछ । प्राचीन संस्कृतपिटकमा दान, शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञा भनेर ६ वटा पारमी आएको छ । थेरवादीहरूले ध्यान पारमीलाई झिकेर नैष्कम्य, सत्य, अधिष्ठान, मैत्री र उपेक्षालाई थपेर दशपारमी बनाइराखेको छ ।

गौतम बुद्धले बुद्धहुनको निमित्त थुप्रै थुप्रै भवहरूमा पारमी पूर्णगर्नुपरेको प्रक्रियालाई चरियापिटक र जातकहरूद्वारा देखाइराखेको छ । जातकहरू धेरैजसो प्राचीन भारतीय

१. V. Poussin. art Pratye Ka buddha in Encyclopaedia of Religion and Ethics.


Downloaded from http://dhamma.digital

दन्त्यकथाहरूभएर केही केही विदेशी शास्त्रहरूबाट भारतभित्र फैलिएरआएको जस्तो देखिन्छ । उदाहरण सीहचम्म जातक फ्रान्स, जर्मनी र टर्की साहित्यहरूमा पनि आएको छ । कच्छप जातक ग्रिक, लैटिन, अरब, पार्शा र यूरोपेली साहित्यहरूमा आएको छ । महोषध जातकमा आएको छोराप्रति न्याय निसाब गरिदिएको न्याय निसाब खण्ड प्राचीन एउटा हीब्रू दण्डारीकथा हो । हीब्रू दण्डारीकथामा एकसमान भएको छोराप्रतिको न्यायलाई शोल्मोन् राजाले छिनिदियो भनिन्छ । शोल्मोनको छोराप्रति न्याय निसाब गर्नुलाई बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि २०० वर्ष भन्दा बढीभएको समयमा विद्यमान भइसकेको हीब्रू धर्मग्रन्थमा उल्लेख भइराखेको छ ।[१]

एकजना भारतीय पालीप्रज्ञाविद्को मतअनुसार कुनै कुनै जातक कथावस्तुहरूलाई महाभारत, रामायण, पुराण र जैनसाहित्यहरूमा पनि देख्नपाइन्छ ।[२] ती प्राचीन भारतीय दण्डारीकथाहरू र विदेशी राष्ट्रबाट फैलेर आएका जातककथाहरू जम्मागरेर जातक अट्ठकथा उत्पन्नभएर आयो । जातक अट्ठकथा पिटकबाट जातकगाथालाई वर्णन गरिराखेको अट्ठकथा हो । जातक अट्ठकथा नभएमा जातक गाथालाई बुझ्नसक्ने छैन ।

जातकहरू भगवान् बुद्धको अतीत जीवनका घटनाहरू हुन् भनिन्छ, तैपनि माथि उल्लेखगरेर आएजस्तै तिनीहरू प्राचीन भारतीय र विदेशी दण्डारीकथाहरूबाट शुरूगरी उत्पन्नभएर आएकोजस्तो देखिन्छ । भगवान् बुद्धले उपदेश गर्नुहुने बेलामा

---

१. Rhys Davids, "Buddhist Birth stories", Introduction, p.xvi

२. B.C. Law, "History of pali Literature", vol.1.p.272



Downloaded from http://dhamma.digital

धेरै जनताहरूले बुझ्नेगरी प्राचीन दण्डारीकथाहरूलाई समावेश गरी उपदेशगरेर आउनुभएको थियो । त्यसरी भगवान् बुद्धले व्याख्यान गर्नुभएका दण्डारी कथाहरू भगवान् बुद्ध परिनिर्वाण भइसकेपछि निकै समय बितेर गएको बेलामा अन्य दण्डारी कथाहरूसँग समूहीकृतगरी जातकहरूको रूपमा परिवर्तनभएर आएको जस्तो देखिन्छ ।

उदाहरण–विनयपिटक चूलवग्गमा भगवान् बुद्धले कस्तो व्यक्तिलाई प्राथमिकता दिनुपर्दछ भन्ने विषयसित सम्बन्ध राखी भिक्षुहरूलाई बटाईं, बाँदर र हात्ती भन्ने साथी भाई तीनजनाको विषयमा उपदेश दिनुभयो । बटाईं , बाँदर र हात्तीहरूको विषय चूलवग्गमा दण्डारिकथावस्तु मात्र हो । जातकमा जस्तो गाथा र जातक मिलाएको खण्ड देखापर्दैन । जातक अट्ठकथामा भने त्यो कथावस्तु गाथा जातकमिलानसहित तित्तिरजातकभएर आयो । यसरी मूल पहिले पिटकभित्र जातक आकार धारण नगरी कथावस्तुको रूपमामात्र रहेका अन्य जातकहरू रहेका छन् । उदाहरण–अपण्णक जातक लित्त जातक महासुदस्सन जातकहरू दीघनिकायमा बकब्रह्म जातक मज्झिम निकायमा आधारित भएको छ । सुखविहार जातक, खनावत्त, मणिकन्त जातकहरू विनयपिटकमा शुरूभएर देखापर्नआएका जातकहरू हुन् ।

पिटकभित्र जातकआकार धारण गरिरहेका कथावस्तुहरू पनि केही केही छन् । उदाहरण–मघदेव जातक, घटिकार जातक (मज्झिमनिकाय) ती जम्मै जातकका अन्तमा जातकको मिलान छ, तैपनि कुनै कुनै जातकहरूमा जातकको कुनै लक्षण भएको गाथा देखापर्दैन । ती जातकहरूले भगवान् बुद्धको अतीत जीवनलाई



Downloaded from http://dhamma.digital

तिरश्चीनको रूपमा नदेखाई, प्राचीन समयमा प्रख्यातभएको एउटा प्रज्ञाविद्को रूपमा उल्लेखगरेर देखाएको बुद्धसाहित्यमा सबभन्दा पुराना जातकहरू हुनुपर्दछ।

पालि अनुसन्धानकर्ता प्रज्ञाविद्हरूको मतअनुसार जातक अट्ठकथा ईशापूर्व तेस्रो शताब्दीयुगदेखि शुरूगरेर आचार्यपरम्परा धारणगरेर आएका जातकहरूलाई पृष्ठभूमिबनाएर ईशापूर्व पाँचौ शताब्दीयुग पुग्दामात्र लंकाद्वीपमा ताडपत्रारूढ गरेको बुद्ध साहित्य हो। जातक अट्ठकथालाई अध्ययनगर्दा बुद्धकालीन अवस्था आइपुग्नु भन्दा अगाडि भारतको उत्तरीभागमा रहेको राजनीतिक र सामाजिक परिस्थितिलाई जान्न सकिन्छ।

जातकहरू र पारमीधर्मको कारणले प्राचीन भारतीय बुद्धवादभित्र विशिष्ट परिवर्तनहरू उत्पन्नभएर आए। पहिलो परिवर्तन त बुद्धवादी लोकभित्र आत्मा सिद्धान्त फेरि घुसेर आउनु हो। कथावत्थु ग्रन्थमा आएका पुग्गलवादीहरूले भव परम्परा पारमी पूर्णगर्ने पुद्‌गलसत्त्व हुनुपर्दछ भनेर अनात्म धारणालाई हटाउँछन्। वर्तमानयुगको आत्मावादी यूरोपेली प्रज्ञाविद्, उदाहरण–मिसेज् रीस् डैविड्स्हरूले पनि जातकहरूलाई औंल्याएर अनात्मवादलाई बुद्धवाद होइन भनी लेखेका छन्। सही हो। अनात्मवाद अनुसार भन्ने हो भने काले मरेर उत्पन्नभएर आएको सेते कालेसँग कारणकार्यबाट अन्य सम्बन्ध नभएकोले परमार्थको हिसाबले र लोक व्यवहारको हिसाबले कालेसित भिन्नाभिन्नै भएको छ। (चाप २५३-५६) त्यसो भएतापनि दीपंकर बुद्धको पालाका सुमेध ऋषि चार असंख्य र एकलाख कल्पसम्म पारमी



Downloaded from http://dhamma.digital

पूर्णगरिसकेर पछि गौतम बुद्ध हुनुभयो  भन्नु आत्मवाद बिल्कुल रहितभएर स्वीकार्नसक्ने र विचार गर्नसक्ने कुरा होइन ।

त्यसो भएतापनि यो धारणा आत्म-आशक्तिरहित नभएका व्यक्तिहरू र भवतृष्णाबाटरहित नभई निर्वाणको चाहना नराख्ने बुद्धवादीहरूको निमित्त विशेष सन्तोष र आस्वस्तपार्ने धारणा हो । (चाप १२३) त्यो धारणाको विकास हुँदै आएजति बुद्धवादीहरूले अरहन्तको भावलाई भन्दा बुद्धको भावलाई झन् बढी मनपराए । अरहन्तको भाव मूल बुद्धवादको प्रमुखलक्ष्य भएतापनि बुद्धवादीहरूले बुद्धको भावलाई झन् बढी आशागर्न लागे । बुद्धत्व प्रार्थनागर्ने व्यक्ति र आर्य मैत्रेय बुद्धलाई दर्शन गर्नचाहने व्यक्तिहरू धेरै भएर आए ।

यसरी अरहन्तभावदेखि सन्तोष नभएर बुद्धत्वलाई लक्ष्य-राख्नु जातकहरूको कारणले उत्पन्नभएर आएको दोस्रो परिवर्तन महायान बुद्धधर्ममा बढी स्पष्ट छ । सद्धर्मपुण्डरीक नाउँको महायान सुत्तन्तमा मार्ग, फल, निर्वाणप्रज्ञाज्ञान अपरिपक्वभएका व्यक्तिहरूको निमित्तभई प्रज्ञाज्ञान परिपक्वभएका व्यक्तिहरूले सम्यक्सम्बोधिज्ञान प्राप्तगर्न प्रयत्नगर्दछन् भनी भनिएको छ ।

जातकहरूको कारणले उत्पन्नभएर आएको तेस्रो परिवर्तन बुद्धसँग सम्बन्धित धारणा र सिद्धान्त परिवर्तनभएर आउनु हो । बुद्धवादीहरूको निमित्त गौतम बुद्ध ईशापूर्व छैठौं शताब्दीयुगको भारतमा दुःखलाई देखेर गृहत्यागगरी भावनाधर्म उद्योग र अभ्यास गरिसकेर पछि सम्यक्सम्बोधिज्ञान प्राप्तगर्नुभएको व्यक्तिमात्र नभई दीपंकर तथागतको पालामा बुद्धत्व प्रार्थनागरेर



Downloaded from http://dhamma.digital

आएको बुद्धभएर आउनुभयो। चार असंख्य र एकलाख कल्पसम्म पारमी पूर्णगरेर आउनुभएको बुद्ध कसरी अरहन्तहरूको अग्रगामी मार्गप्रदर्शक गुरूमात्र हुनसक्ला ? बुद्धलाई विश्वास र आधार लिनुबाट कसरी कुशलप्राप्त नभई रहने होला ? त्यसोभएर भगवान् बुद्धको अस्थिधातु र केशधातुहरूलाई पूजागर्नु, बुद्धप्रतिमाहरू निर्माणगर्नु र बुद्धत्व प्राप्तगरेको बोधिवृक्षमा गई दर्शनगर्नुजस्ता कुराको विकास भयो।

प्राचीन भारतीय पिटकाचार्यहरूले बुद्धको शरणमाजानु परिनिर्वाण हुनलाग्नुभएको बेलामा भगवान् बुद्धले बारबार भन्नुभएको कुरासँग प्रतिपक्षभएको विषयलाई जान्नुभएता पनि जनताको चाहनालाई अतिक्रमणगर्न नसक्नाको कारणले बुद्धशरण ग्रहणगर्नुलाई प्रोत्साहनदिने पालिहरूलाई पिटकभित्र बीच बीचमा समावेशगरेर गएको हुनुपर्दछ। त्यस अतिरिक्त प्राचीन भारतीय धारणाहरूले पनि बुद्ध शरण ग्रहणगर्नुलाई प्रोत्साहन दिएको हुनुपर्दछ। यो तथ्य भारतको बुद्धगयामा रहेको महाबोधिबृक्षसित सम्बन्धराख्नुले स्पष्ट भएको छ।

मज्झिमनिकायमा आएको पुराना सुत्तन्तहरू उदाहरण- महासच्चक सुत्तमा भगवान् बुद्धले आफू बुद्ध हुनुभन्दा अगाडिका घटनाहरूलाई उपदेशगर्नुहुँदा एउटा वृक्षमुनि सम्यक्सम्बोधिज्ञान प्राप्तभयो भनी भन्नुभएन; तैपनि भगवान् बुद्धले जंगलभित्र खुल्ला ठाउँमा भावनाधर्म उद्योग र अभ्यास गर्नुहुँदा धेरैजसो रूखमुनि उद्योग र अभ्यासगरेर आउनु भएको साँच्चै हो। "भिक्षुहरू हो, यी शान्त शून्य भएको वृक्षमूलहरू हुन्। अप्रमादीभई भावनाधर्म उद्योग र अभ्यास गरून्" (अंगुत्तरनिकाय पञ्चनिपात



Downloaded from http://dhamma.digital

पठमविहारीसुत्त) । यस्ता कथनहरूद्वारा भगवान् बुद्धले र श्रावकभिक्षुहरूले वृक्षमुनि भावनाधर्म उद्योग र अभ्यासगरेर आउनुभएको हुनेछ। त्यस अतिरिक्त प्राचीन भारतीयहरूले कुनै कुनै वृक्षहरूलाई औषधी लाग्छभनेर र देवीदेवताहरूको वासस्थल हो भनेर गौरव राख्दछन् । ती वृक्षहरूमध्ये पीपलको बोट समावेशभएकोले त्यसलाई एउटा वेदग्रन्थमा देवताहरूको भूमिविमान भनेको छ । त्यसोभएर उरूबेल वनमा प्राचीन बुद्धवादीहरूले भेट्टाएको पीपलको बोट बुद्धवंशमा प्रख्यातभएर आई आजसम्म बुद्धवादीहरूको श्रद्धा र गौरव हुनपाएको महाबोधिभएर आयो । वास्तवमा भन्ने हो भने त्यो वृक्ष भगवान् बुद्धको जीवन बृत्तान्तसित साँच्चिकै सम्बन्धित छ छैन कसैले पनि सुनिश्चितरूपमा जानेका छैनन् ।[१]

यसरी भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएर पछि २/३ सय वर्षजति बितेको बेलामा बुद्धको शरण ग्रहणगर्नेकुरा बुद्धवादभित्र छिरेर घुसेर आयो । भगवान् बुद्ध स्वयंले आफ्नो सर्वज्ञताज्ञान त्रिविद्या मात्र हो, आफू अरहन्त पुद्गलहरूको अग्रगामी मार्गप्रदर्शकमात्र हो। आफूले अनुशासन गरेअनुसार आचरणगर्ने व्यक्तिले आफूप्रति प्रशान्नभएको छ भनिन्छ। आफ्ना श्रावकहरूमा धर्मबाहेक अन्य भरोसा छैन भनेर निश्चित एवं स्पष्टरूपमा आज्ञाभएर जानुभएका कथनहरू पालिपिटकभित्र स्पष्टरूपमा रहेको भएतापनि तिनीहरू स्वल्पसंख्यक बुद्धवादीहरूको निमित्त रहेको छ। धेरैजसो बुद्धवादीहरूको निमित्त भने ती बुद्धदेशनाहरू प्रकटनभई ईशापूर्व तेस्रो शताब्दीयुगमा अन्तिमरूपले प्रवेश भईसकेर बुद्धको शरण ग्रहण गर्नुलाई सहयोग पुऱ्याउन चरियापिटक जातक बुद्धवंस र अपादानहरू स्पष्टरूपमा प्रकटभएर

[१] S. Dutt, "The Buddha and five after centuries", pp.41.42



Downloaded from http://dhamma.digital

आए । त्यो परिवर्तन उत्पन्नभएर आउनुमा ईशापूर्व तेस्रो शताब्दीयुगको परिस्थिति र बुद्धवादको गम्भीरता सामान्य जनताले जान्न बुझ्न दुष्कर र महत्वपूर्ण विषयहरू हुन् । यसरी जनताको बुद्धवादको श्रेणी घटेरजानु आश्चर्यजनक छैन । वास्तवमा भगवान् बुद्धले आफ्नो धर्मलाई जान्ने देख्ने बुझ्ने व्यक्तिहरू स्वल्पमात्र हुनेभएको विषयलाई जान्नुभएर भरखर भरखर बुद्ध हुनुभएको बेलामा उपदेशगर्न हिच्किचाउनु भएको होइन र ?

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# खण्ड ७
## बुद्धवाद र देव ब्रह्माहरू

प्राचीन ब्राह्मणहरूको वेदग्रन्थ र अन्य धार्मिक ग्रन्थहरूलाई आश्रयलिएर बुद्धप्रादुर्भाव हुनुभन्दा अगाडि नै पुराना भारतीयहरूले देव, ब्रह्मा, राक्षस, प्रेत, आदि परलोक भूमिवासीहरू छन् भनेर दृढतापूर्वक विश्वासगरेर आएको विषय स्पष्ट छ। बुद्धवादले ती भारतीयहरूले विश्वासगरेको परलोकलाई बिल्कुल तिरस्कारगरेको भएमा भारतमा सफलहुने थिएन। किनभने लौकिक उन्नति अभिवृद्धि र विकासको निमित्त देवब्रह्माहरूलाई पूजासत्कार नगर्ने केही हदसम्म ज्ञानबुद्धि परिपक्वभएका भारतीयहरूले समेत देवऐश्वर्य ब्रह्मऐश्वर्यलाई लक्ष्य एवं आकांक्षा राखेर कुशलकर्म गर्नेगर्दछन्।

एकसमयमा वैशालीमा सीह सेनापतिले बुद्धसँग तपाईंले दानप्रदानको प्रत्यक्षफललाई उपदेशगर्न सक्नुहुन्छ कि भनेर प्रश्नगर्‍यो। भगवान् बुद्धले दानप्रदानको प्रतिफलस्वरूप दाताले धेरै मानिसहरूको स्नेहलाई ग्रहणगर्न पाइन्छ। सत्पुरुषहरूको सानिध्यलाई ग्रहणगर्न पाइन्छ, राम्रो यशकीर्ति फैलिन्छ, निर्भयीभएर राज, ब्राह्मण, गृहपति र श्रमणपरिषद्मा डर भय नराखी सहर्ष उपसंक्रमण गर्नपाइन्छ, मरणोपरान्त सुगतितिर पुग्नपाइन्छ भनी आज्ञाभयो। त्यो बेलामा सीह सेनापतिले भन्ते भगवान्, मैले प्रथम चार प्रत्यक्षप्रतिफलहरूलाई विश्वासगर्नुले तपाईं तथागतसमक्ष उपसंक्रमणगरेको होइन। ती प्रतिफलहरूलाई मैले जानेको छु। दानदिने दाता मरणहुने बेला सुगति स्वर्गलोकतिर



Downloaded from http://dhamma.digital

पुग्दछ भन्ने प्रतिफललाई भने जानेको छैन । यो क्षेत्रमा मात्र तथागतप्रति विश्वासगर्नुले मैले उपसंक्रमणगरेको हो भनी निवेदनगऱ्यो। (अंगुत्तरनिकाय पञ्चनिपात सुमनवग्ग सीहसेनापति सुत्त)

भगवान् बुद्ध विद्यमानरहेको बेलामा सीह सेनापति जस्ता दिब्यसुख ऐश्वर्यलाई लक्ष्य एवं आकांक्षाराखी बुद्धलाई शरणको रूपमा ग्रहणगरी मान-सम्मानगर्ने बुद्धवादीहरू धेरै संख्यामा हुनुपर्ने छ। त्यसप्रकारको व्यक्तिलाई बुद्धधर्मको सान्दृष्टिक गुणलाई औँल्याएर प्रत्यक्षजीवनमा मानसिकसुख शान्ति खोजिगर्न प्रेरणादिएमा त्यो निरर्थकमात्र हुनुपर्दछ ।

"सारिपुत्र, किन तिमीले धनञ्जानी ब्राह्मणलाई माथिल्लो करणीयकृत्य रहिरहेर पनि हीन ब्रह्मभूमिमा स्थापितगराई आशनबाट उठेर फर्केर आयौ नि ?" भनी भगवान् बुद्धले सोध्नुभयो । त्यो बेलामा आयुष्मान् सारिपुत्रले, "यी ब्राह्मणहरू ब्रह्मभूमिलाई अत्यन्त मनपराई प्रसन्नहुने झुक्ने मनभएका हुन् । यदि मैले धनञ्जानी ब्राह्मणलाई ब्रह्माहरूको सहवासी साथी बनाउने गरी ब्रह्मभूमितिर पुग्ने कारण मार्गलाई उपदेश गर्नपाएमा राम्रोहुने छ भन्ने विचार उब्जेरआयो। त्यो विचारअनुसार उपदेश–गरेको हुँ" भनी निवेदनगऱ्यो। (मज्झिमनिकाय धनञ्जानी सुत्त)

पिटकाचार्यले धनञ्जानी ब्राह्मण र सीह सेनापतिजस्ता बुद्धवादीहरूको चाहना छन्द र विश्वास एवं आशक्तिलाई गौरवगर्नुको हिसाबले पिटकभित्र आटानाटिय सुत्त, महासमय सुत्त आदि देवताहरूसित सम्बन्धित सुत्तहरूलाई समावेशगरि



Downloaded from http://dhamma.digital

राखिछोडेर गएको जस्तो छ। आटानाटिय सुत्त र महासमय सुत्तहरू दीघनिकायमा संलग्न रहेतापनि अतीतबुद्धहरूलाई लक्ष्य राख्नुलाई आधारबनाएर पिटकभित्र पछिमात्र घुसेर आएका सुत्तहरूभएको विषय स्पष्ट छ। एकजना भारतीय पालिप्रज्ञाविद्को मतअनुसार आटानाटिय सुत्तमा आएको परित्राणको आरक्षा महा–भारत ग्रन्थबाट एउटा पाठ्यांशसित सम्बन्धराखी उत्पन्नभएर आएको परित्राण भई यो सुत्त ईशापूर्व चौथो शताब्दीयुगमा अथवा राजा अशोकको पालामा उत्पन्नभएर आएको सुत्त हुनुपर्दछ।[१]

ती दुईवटा सुत्तन्तहरूमा आएका देवताहरूलाई प्राचीन वेदग्रन्थहरूमा देख्नपाइन्न। वेदग्रन्थहरूमा प्रकटभएको इन्द्र बुद्धसाहित्यमा देवताहरूलाई शासनगर्ने शक्रदेवेन्द्रभएर आए। शक्रदेवेन्द्रको पालि नाउँ **सक्क**भएर प्राचीन बुद्धवादीहरूले बुद्धको वंश (**सक्क**=शाक्यवंश) लाई गौरवगर्नुको हिसाबले देवताहरूको राजालाई त्यसरी व्यवहारगरेको हुनुपर्दछ। कोही कोही देवताहरू मानिसहरूको कल्पनाद्वारा स्वभावलोकलाई उपमा आरूढगरी उत्पन्नभएर आएका देवताहरूभएर कोही कोही त मानिसहरूको अनुभवसित सम्बन्धित रहने छ। उदाहरण–नागहरू पहिले प्रथम सर्पलाई पूजागर्ने एकसमूह पुराना भारतीयहरूलाई सम्बोधनगर्ने नाउँ हुनुपर्दछ। गरूडहरू प्राचीन प्रवेणीका(इमा) अर्थात् बाजको रूपचिन्ह वा संकेतभएको ढाल शस्त्रअस्त्रलाई धारणगरेर सर्पलाई पूजागर्ने एककिसिमको मनुष्यजाति समूहमाथि विजय हासिल गरेर आएको एकसमूह एककिसिमको भारतीय जातिको नाउँ भएको हुनुपर्दछ।[२]

---

१. B.C. Law, "A History of pali Literature", vol.i

२. T.W.Rhys Davids, "Buddhist India", pp. 100.101



Downloaded from http://dhamma.digital

जेहोस्, भगवान् बुद्धको पालाका मानिसहरूले देवब्रह्मलोकलाई विश्वासगर्ने गरेकोले भगवान् बुद्धले दीघनिकायमा वासेट्ठ र सुंभमानवकहरूलाई उनीहरूको चाहना छन्दअनुरूप ब्रह्मासित सहवासी साथी बनाउनको निमित्त उपदेश गर्नुपरेको हो । "महानाम, जो कुलपुत्रले आफूले आर्जनगरेर उपलब्ध चीज वस्तुहरूद्वारा परम्परादेखि पूजासत्कार ग्रहणगरी आएका देवताहरूलाई गौरवराखी मान र पूजागर्दछ । त्यो कुलपुत्रको उन्नति अभिवृद्धिको आशाराख्नसकिन्छ ।" (अंगुत्तरनिकाय पञ्चनिपात नीवरक लिच्छ कुमारक सुत्त) । यसकिसिमको कुरालाई आधारबनाएमा भगवान् बुद्धले देवताहरूलाई पूजागर्नुलाई उत्साहितगर्नु हुन्छ कि भनेर विचारगर्नुपर्ने स्थिति छ । तैपनि देवपूजा गर्नुलाई त्यसै छोडौं, देवलोकसित सम्बन्धराखी कुनै कुनै ठाउँहरूमा भगवान् बुद्धले आज्ञाभएका भनिएका कथनहरूसमेत सुनिश्चित र स्पष्ट छैन ।

एकसमयमा कोशल राजाले बुद्धसमक्ष "भन्ते भगवान्, कसो त, देवता भन्ने छ कि ?" भनी सोध्यो । भगवान् बुद्धले महाराज, तिमीले किन "भन्ते भगवान्, कसो त, देवता छ कि ?" यसरी भनेको नि भनेर आज्ञाभयो । फेरी कोशल राजाले ब्रह्मा छ कि भनी सोधेको बेलामा पनि त्यही तरीकाले बुद्धले फेरी सोध्नुभयो । (मज्झिमनिकाय कण्णकट्ठल सुत्त) संगारव मानवकले पनि बुद्धसमक्ष देवताहरू छ छैन भनी सोध्नपुगेको थियो ।

बुद्ध :- जो जो देवताहरू छन्, त्यो त्यो छ भनेर उपदेश गरिएको कुरा कारणको हिसाबले स्पष्ट छ ।



Downloaded from http://dhamma.digital

संगारव :– यसरी जबाफ दिँदा निरर्थक स्खलित कुरा हुन्छ होइन र ?

बुद्ध :– प्रज्ञावान् पुरुषले वास्तवमा देवताहरू छन् भनी निर्णय गर्नसक्दछ ।

संगारव :– किन मलाई, सोधेको बेलामा जवाफ दिनु नभएको त ?

बुद्ध :– लोकमा देवताहरू छन् भन्ने कुरालाई म तथागतले ठूलो स्वरले उपदेश गर्नुपर्नेछ । (मज्झिमनिकाय संगारव सुत्त)

पहिलो सुत्तन्तमा भगवान् बुद्धले कोशल राजाको प्रश्नलाई जवाफदिन चाहनुभएको देखिन्न । दोस्रो सुत्तन्तमा देवतारहेको विषय आज्ञाभयो भनेतापनि संगारव मानवकको कुराहरू जटिलभई त्यो सुत्तन्तमा पिटकाचार्यहरूको हातरहेको छ कि भनी संशय गर्नुपर्ने स्थिति छ ।

जेहोस्, देव विश्वाससित सम्बन्धराखी बुद्धको मनसाय दीघनिकाय तेविज्जसुत्तमा स्पष्ट छ । त्यो सुत्तमा वासेट्ठ मानवकले आफ्नो आचार्यले औंल्याएको मार्गको अनुगमनगर्नुद्वारा ब्रह्मासित सहवासी साथी हुनसक्ने विषय बुद्धसमक्ष निवेदन गऱ्यो । त्यो बेलामा भगवान् बुद्धले ब्रह्मालाई आफ्नै आँखाले प्रकटरूपमा देख्नपाएको व्यक्ति एकजना जति पनि छैन । ब्रह्माको वासस्थानभूमि, ब्रह्मा आउने मार्ग, ब्रह्मा जाने ठाउँहरूलाई म तथागतले जानेको छु । हामीले देखेकाछौं भनी कसैले पनि भन्न नसक्दा नसक्दै ब्रह्माको सहवासी साथी हुनजाने मार्गलाई



Downloaded from http://dhamma.digital

आख्यानगर्ने ब्राह्मणहरूको कुरा निरर्थकमात्र हो। आफूले विल्कुल जान्न नपाएको देख्न नपाएको सर्वसुन्दरी महिलालाई कल्पना–द्वारा प्रेम गरिरहने पुरुषसित, कुन ठाउँमा रहेको छ भनेर आफूले थाहा नपाएको प्रासादचढ्न भऱ्याङ्ग बनाइरहने पुरुषसित र परस्परहातले समातिराखेर सबभन्दा अगाडिको मान्छेले पनि नदेख्ने बीचको मान्छेले पनि नदेख्ने सर्वअन्तिम मान्छेले पनि नदेख्ने अन्धाहरूसमान भई हास्यास्पद छ आदि भनी आज्ञाभयो। (दीघनिकाय तेविज्जसुत्त) यो देशनाअनुसार बुद्धको अभिमतमुताविक देवब्रह्माहरू चाहे होस् या नहोस् कसैले पनि देख्न नपाएको पुद्गल सत्वहरूलाई विश्वास एवं आस्थाराख्नु केही प्रतिफलहुने नभएकोले विषय स्पष्ट छ। वास्तवमा देव ब्रह्मा छ छैन भन्ने समस्या बुद्धवादमा परलोक छ छैन भन्ने समस्यासँग मिल्दछ। परलोक विषयलाई हामीहरूले केही पनि सुनिश्चितढङ्गले जान्न नसक्ने भएकोले भगवान् बुद्धले परलोकप्रति आशक्तिराख्न उचित नभएको विषय उपदेश गर्नुभयो। त्यस्तै भगवान् बुद्धको अभिमतअनुसार हामीले केही पनि जान्न नसक्ने देवब्रह्माहरूलाई आधार भरोसा लिनुपर्दैन।

बुद्धवादले देवब्रह्माहरूप्रति विश्वासगर्नु आशक्तहुनुलाई विरोधगर्दा तीनप्रकारको पर्यायलाई प्रयोग गरिन्छ। पहिलो पर्याय त मानिसहरूको विश्वास र भरोसा लिनुलाई अन्तगराउन देवब्रह्माहरूलाई हास्यास्पद बनाउनु हो। यो पर्याय दीघनिकाय ब्रह्मजाल सुत्तमा आएको महाब्रह्माको विषयबाट स्पष्ट छ।

ब्रह्मजालसुत्तमा प्राचीन भारतीयहरूले विश्वासगर्ने महाब्रह्मालाई हास्यास्पद बनाइराखेको प्रक्रिया त यसरी हो, संसार प्रलयभइसकेबाट पुनर्वार फेरि उत्पन्नभएर आउँदा



Downloaded from http://dhamma.digital

सत्त्वप्राणीहरूबाट शून्य भएको ब्रह्मविमान प्रकटभएर आयो। त्यो बेलामा एउटा सत्त्व आयुक्षय र कर्मक्षयभएको कारणले आभाश्वर भूमिबाट मरणभई ब्रह्मविमानमा उत्पन्नभयो। त्यो व्यक्ति त्यो भूमिमा ध्यानचित्तको कारणले अतिदीर्घकालसम्म स्थिर रह्यो। त्यो व्यक्तिले एक्लैमात्र अतिदीर्घकालसम्म बस्नु परेको कारणले नरमाएकोभएर अरूअरू सत्त्वप्राणीहरू पनि यो भूमिमा आइपुगेको भए कति राम्रो हुँदो हो भनी कामना गरे। त्यो बेलामा अरू अरू सत्त्वप्राणीहरू पनि आयुक्षय कर्मक्षयभएको कारणले मरणभई ब्रह्मभूमिमा त्यो सत्वको साथीको रूपमा उत्पन्न हुनगए। त्यो बेलामा सर्वप्रथम उत्पन्नभएर बसेको सत्वले, "म महाब्रह्मा हुँ, मैले कामना गरेअनुसार यी अरूअरू सत्त्वप्राणीहरू उत्पन्नभएर आएका हुन्। त्यसोभएर म इच्छाअनुसार उत्पन्न गराउनसक्ने व्यक्ति, अधिकारी व्यक्ति, कर्ता व्यक्ति, निर्माता व्यक्ति हुँ। उत्पन्न भइसकेका उत्पन्न भइरहेका सत्त्वप्राणीहरूको पिता हुँ" भनी सम्झिरहे। पछिमात्र उत्पन्न भएर आएका सत्त्वप्राणीहरूले यो भूमिमा यो महाब्रह्मा सर्वप्रथम उत्पन्न भइसकेर बासगरिरहेकोलाई हामीहरूले देख्नपाएका हौँ। हामीहरू त पछि मात्र उत्पन्नभएका हौँ। त्यसोभएर यो आयुष्मान् सबैलाई अभिभूत पार्नसक्ने व्यक्ति, अधिकारी व्यक्ति, निर्माता व्यक्ति हो भनी विश्वास गरिरहे।

यसरी आफूस्वयंले आफैलाई छलेर निर्माता व्यक्ति, अधिकारी व्यक्ति, भनेर विश्वास गर्ने महाब्रह्मा, नजान्ने नबुझ्ने व्यक्तिहरूको विश्वास र मानगर्नुलाई ग्रहणगर्ने महाब्रह्मालाई दीघनिकाय केवट्टसुत्तमा लगत्तै खिसीगरेर जिस्काइराखेको त



Downloaded from http://dhamma.digital

एकजना भिक्षुले एउटा प्रश्नको जवाफ जान्नचाहेको कारणले चतुर्महाराजिक देव, त्रयस्त्रिंश देव, शक्रदेवराज र ब्रह्माहरूसमक्ष एकपछिअर्को गरी उनीहरू कहाँ गएर सोधे। ब्रह्माहरूले जवाफदिन नसकेकाले उनीहरूको मालिक महाब्रह्मासमक्ष पठाइदिए। महाब्रह्माले त्यो भिक्षुलाई आफू सम्पूर्णलाई देख्ने व्यक्ति, अधिकारी व्यक्ति, निर्माता व्यक्ति हुँ भनी फाइँफुइँ गरेर भन्यो। भिक्षुले प्रश्नगरेको बेलामा भने भिक्षुलाई अन्य ब्रह्माहरूको परोक्षमा लगी यी ब्रह्माहरूले मैले नजानेको विषय केही पनि छैन भनेर मलाई अत्यन्त महान् सम्झिरहेको कारणले मैले तपाईं भिक्षुलाई उनीहरूको अगाडि जवाफ नदिइकन बसेको हुँ। वास्तवमा तपाईंको प्रश्न मैले जान्दिन। सम्यक्सम्बुद्ध एक्लैले मात्र जवाफ दिनेछ भनी भन्यो।

यो सुत्तन्तअनुसार महाब्रह्मा ब्रह्मजाल सुत्तमा आएकोअनुरूप दृष्टिगलतभएर आफूलाई अधिकारी व्यक्ति, निर्माता व्यक्ति भनी सम्झेर विश्वास गरिरहेको मात्र नभई आफूलाई केही थाहानभएता पनि जानेको थाहा पाएको जस्तोगरी आफूप्रति विश्वासगर्ने भरोसालिने ब्रह्माहरूलाई छकाउने फकाउने छल्ने व्यक्ति हो भनी भन्नचाहेको देखिन्छ। यो सुत्तन्तमा महाब्रह्मालाई भेट्न जाने प्रश्नकर्ता भिक्षुको विषय भगवान् बुद्धको वचन हुनसक्दैन। किनभने भगवान् बुद्ध विद्यमान हुँदाहुँदै श्रावक एकजना भिक्षुले आफ्नो प्रश्नसित सम्बन्धराखी भगवान् बुद्धसँग पहिले नसोधिकन देवब्रह्माहरूकहाँ सोधे भन्नु युक्तिसङ्गत नभएको कुरा भयो। भिक्षुको कथावस्तु प्राचीन भारतीयहरूले विश्वासगर्ने महाब्रह्मालाई दबाउन पिटकाचार्यहरूले दीघनिकायमा समावेश गरिराखेको कथावस्तु हुनुपर्दछ।



Downloaded from http://dhamma.digital

देव ब्रह्माहरूलाई मानिसहरूले विश्वासगर्ने कमगराउन पिटकमा प्रयोगगर्ने दोस्रो विधि तिनीहरूलाई बुद्ध र बुद्धश्रावक भिक्षुहरूको मुनि निकै तल्लो श्रेणीमा राख्ने बुद्धलाई धेरै श्रद्धा र गौरवराख्ने व्यक्तिहरूको रूपमा देखाइराख्नु हो।

देवराज इन्द्रले मानिस भइराखेको बेलामां बुद्धले उपदेश गर्नुभएको शीलाचरणलाई समादानगरेको कारणले दिब्यऐश्वर्य अनुभव गर्नपाएको हो (सक्कसंयुत्त मघसुत्त)। त्यसो भएतापनि भगवान् बुद्धलाई त्यसै छोडौं, बुद्धका शिष्य श्रावकहरूको दाँजोमा शक्रदेवेन्द्रको ऋद्धिआनुभाव केही भन्न लायकको छैन। आयुष्मान् मौद्गल्यायनले शक्र देवराजको वेजयन्त प्रासादलाई बूढी औंलाले कम्पितपार्न सक्नुहुन्छ (मज्झिमनिकाय चूलतण्हासंखयसुत्त)। महासमय सुत्तको उद्देश्य भिक्षुसंघहरूलाई ऋद्धिआनुभाव भएका देवब्रह्माहरूले दर्शनगर्न आएको विषयलाई देखाउनु हो। त्यो सूत्रमा मानिसहरूले विश्वास गरिएका देवब्रह्मा, यक्ष, कुम्भाण्ड, नाग, गरूड आदिलाई परिपूर्णरूपमा उल्लेखगरिराख्नु तिनीहरूले गौतम बुद्धलाईमात्र नभई अतीतमा उत्पन्न भइसकेका एकपछि अर्का धेरै बुद्धहरूलाई दर्शनगरेर आइसके, भविष्यमा उत्पन्न हुनुहुने थुप्रै बुद्धहरूलाई दर्शन गर्नेछन् भन्ने भन्नुलाई आधारलिएर पिटकाचार्यहरूले परलोकभूमिवासी जम्मैलाई भगवान् बुद्ध र भिक्षुसंघप्रति श्रद्धा र गौरव गराईनुबाट उनीहरूप्रति मानिसहरूको विश्वास र मान्यता कमगराउन चिन्तना एवं प्रयत्नगरेर आएको विषय जान्नपाइन्छ।

बुद्धपालिवाङ्मयमा भगवान् बुद्धप्रति विश्वास र गौरव नभई शत्रुसमान व्यवहारगर्ने एउटैमात्र परलोक भूमिवासी मार



Downloaded from http://dhamma.digital

देव हो। मारदेवको अर्को एउटा नाउँ भएको नमूचि वेदग्रन्थ र अन्य प्राचीन संस्कृति ग्रन्थहरूमा आएको एउटा मिथ्यादेवको नाउँ हो।[1] बुद्धवंशमा मारदेव बुद्धको मानसिक हलचललाई प्रकटरूपमा उल्लेखगर्ने क्षेत्रमा प्राचीन बुद्धवादीहरूको निमित्त ठोसयुक्त साधक हो। उदाहरण–बुद्धले राजपात सुखऐश्वर्यलाई त्यागगरेर गृहत्याग गर्न लागेको बेलामा मारदेव आई गृहत्याग नगरिकन चक्रवर्तीराजसुख ऐश्वर्यलाई अनुभवगरेर बस्न प्रेरणा दिएको विषय अट्ठकथामा आएको छ। यो क्षेत्रमा मारदेवको प्रेरणा स्वास्नी, छोरा, छोरी र राजपात सुखऐश्वर्यलाई त्यागेर निस्केर आएको बोधिसत्त्वको मनमा संशयकुक्कुच्च उत्पन्नभएर आएको प्रक्रियालाई देखाउनुमात्र हुनुपर्दछ।

मारदेवले भगवान् बुद्धसँग युद्धगरेको विषय भगवान् बुद्ध स्वयंले आफ्नो जीवन घटनाहरूलाई उपदेश गर्नुभएको मज्झिमनिकाय सुत्तन्तहरू (उदाहरण-अरियपरियेसन सुत्त) मा आएको छैन। भरखर बुद्ध भइसकेको समयको घटनाहरूलाई उल्लेख गरिराखेको विनयपिटक महावग्गमा पनि देख्नपाइँदैन। बोधिसत्व सिद्धार्थले आफ्नो शरीरलाई पीडा कष्ट एवं यातना दिनुद्वारा बोधिज्ञान प्राप्तगर्न नसक्ने विषयलाई जान्नुभएको बेलामा पहिले मनलाई खुकुलो पारी कपिलवस्तु फर्कनचाहेको छन्द सम्भवतः उत्पन्न हुनुपर्ने छ। त्यो क्षणिकरूपमा उत्पन्नभएर आएको पराजय स्वीकार्न चाहेको चित्त र चाहे हाडहरू चूर्णविचूर्ण किन नहोस्, छालाहरू सुकेर किन नजाओस् बोधिज्ञान प्राप्त नहुञ्जेलसम्म उद्योग प्रयत्न गर्नचाहेका चित्तहरूको प्रतिपक्षहुनुलाई

[1] T.O.Ling "Buddhism and the Mythology of Evil", p.p. 55.56



Downloaded from http://dhamma.digital

स्पष्टगराउन मारदेव युद्धदृष्यद्वारा अट्ठकथा आचार्यहरूले उल्लेख गरेर आएको हुनुपर्छ । भगवान् बुद्धलाई फकाउन फुलाउन चिन्तनगर्ने मारदेवका तीनजना छोरीहरूको नाउँहरू (तण्हा, अरति, रागा)लाई आधारलिएर पनि मारदेव युद्धकाण्डको स्वभाव अभिप्रायलाई अनुमान गर्नुपर्दछ । त्यस अतिरिक्त भावनाधर्म उद्योग र अभ्यासगर्ने योगीहरूले भावनाधर्म सिद्ध हुनलाग्दा बिघ्नबाधा अर्चना व्यवधानहरू भोग्नुपर्दछ भनिन्छ । वास्तवमा त्यो बाधा अड्चनहुनु मिथ्यादेवहरूको प्रयोगको कारणले नभई अध्यात्म सन्तानमा लोकुत्तर चित्त र क्लेशचित्त प्रतिपक्षहुने हुनुपर्दछ । क्रिश्चियन योगीहरूले त्यसकिसिमको मानसिक हलचलहुनुलाई उनीहरूको विपश्यना साहित्यमा "चित्तविज्ञानको अन्धकारमय रात्री"[1] भनेर विस्तृतरूपमा उल्लेख गरिराखेको छ । बुद्धवंश मारदेव युद्धकाण्डले राजकुमार सिद्धार्थ बुद्ध हुनलागेको बेलामा त्यसरी सामनागर्नुपरेको अनुभव गर्नुपरेको प्रक्रियालाई उल्लेख गरिराखेको हुनुपर्दछ ।

देवब्रह्माहरूप्रति मानिसहरूको आस्था र भरोसा लिनुलाई कमगराउन बुद्धवादले प्रयोगगरेको तेस्रो विधि देवताहरूभन्दा मानिसहरू श्रेणी उच्चभएको विषयलाई प्रकटगराउनु हो ।

पिटकसाहित्यमा मनुष्यत्व अत्यन्त दुर्लभ धर्म हो भनी आएको छ । देव, ब्रह्म, शक्र अथवा मन्धाता चक्रवर्ती राजत्वहरूलाई दुर्लभ छ भनी भनेको छैन । बुद्धहरू मनुष्यलोकमा आएर उत्पन्न हुनुपर्दछ । बुद्धशासनमा देवब्रह्माहरूले भिक्षुभावलाई हासिल गर्नसक्दैन । मनुष्यमात्र भिक्षु बन्न सक्छ । त्यसोभएर

[1] "The Dark Night of the soul"



Downloaded from http://dhamma.digital

सीमा प्रवेशगर्ने भावी भिक्षुलाई उपाध्याय आचार्यहरूले "तिमी साँच्चिकै मनुष्य हो र ?" भनेर सोध्नुपर्दछ।

मानिस देवताभन्दा पवित्र भएको विषयलाई सबभन्दा बढी प्रकटगराउने पालि त बुद्धकाण्डमा उल्लेख गरेर आइसकें। संयुत्तनिकायबाट सुत्तन्त देशना (चाप ८५) हो। त्यो सुत्तन्तमा देवताहरूमाथि अधिकार जमाउने शक्रदेवराजले धर्मानुकूल सम्पत्ति आर्जनगरी स्वास्नी छोराछोरीलाई लालनपालनगर्ने मानिसहरू आफूभन्दा श्रेष्ठ छ भनेर ती मानिसहरूलाई नमस्कार गर्दछ। त्यसरी मानिस देवताहरूको राजा शक्रदेवेन्द्रभन्दा श्रेष्ठ भएको कारणले देवताहरूले मरणासन्न अवस्थामा मनुष्यभावलाई प्रार्थना गर्दछन्।

"भिक्षुहरू हो, देवताहरूले एकजना देवता मरण हुनलागेको थाहापाउने बेलामा त्यो देवतालाई मारिष, तिमी सुगति भूमितिर मरणभएर जाऊ। त्यो भूमिमा तिम्रो अर्थ र हितलाई वहनगर भनी आश्वासन एवं प्रोत्साहन दिन्छन्" भनी भगवान् बुद्धले आज्ञाहुँदा एकजना भिक्षुले "भन्ते भगवान्, ती देवताहरूले सुगतिभूमि भनी भनिएकोभूमि कुनचाहिँ भूमि हो ?" भनी प्रश्नगऱ्यो। त्यो बेलामा भगवान् बुद्धले "भिक्षुहरू हो, मनुष्य भूमि देवताहरूको निमित्त सर्वोत्तम भूमि हो। मानिसहरूले बुद्धशासनमा भित्रैदेखि श्रद्धाराखेर परमोत्तम सुखऐश्वर्य भोग्नपाईन्छ" भनी आज्ञाभयो। (इतिवुत्तक तिकनिपात चतुत्थवग्ग पञ्चपुब्बनिमित्त सुत्त)

Downloaded from http://dhamma.digital

वास्तवमा देवब्रह्माहरूप्रति आस्था एवं भरोसाराख्नु आफूले आफूलाई मात्र आधार भरोसा लिनुपर्छ भन्ने बुद्धको आफ्नो अभिभार आफैले बोक्नुपर्छ भन्ने वादसित बिल्कुल प्रतिपक्षी छ।[1]

तथापि देवतालाई भरोसालिने रीतिरिवाज आदिकल्पदेखि शुरुगरेर मानिसहरूमा भित्रैदेखि आसक्तिउब्जेर आइसकेका हुनाले बुद्धवादले त्यो रीतिरीवाजलाई र त्यो विश्वासलाई पूर्णरूपले क्रान्ति(अन्त) गर्नसकेको थिएन। त्यसकारण प्राचीन बुद्धवादी भारतीयहरूले भगवान् बुद्धका कथनहरूलाई स्मरण नगरी देवब्रह्माहरूप्रति आस्था एवं भरोसा लिएका छन्। यसरी प्राचीन भारतका जनताहरूको चाहना र छन्दअनुरूप पेतवत्थु, आटानाटिय सुत्त, महासमय सुत्त र देवताप्रति आस्थाराख्नुलाई प्रोत्साहनदिने अन्य पालिहरू पिटकहरूभित्र घुसेर आए।

---

१. बुद्धको आफ्नो अभिभार आफैले बोक्नुपर्छ भन्ने सिद्धान्तलाई स्वीकार गरी आस्थाराख्ने व्यक्तिले देवब्रह्माहरूप्रति आस्था एवं भरोसालिनु आवश्यक नभएजस्तै भगवान् बुद्धको कर्मशक्तिवादलाई जान्ने बुझ्ने व्यक्तिले नरकदेखि डराउनु पर्दैन। नरक पुराना मानिसहरूको कल्पना एवं चिन्तामात्र भएको विषयलाई भारतीय बुद्धवादीहरूको नरक र तिब्बती बुद्धवादीहरूको नरकलाई तुलनागरी हेर्दा बुझ्नसकिन्छ। गर्मी मौसमको दण्डभोगी रहनुपर्ने भारतीय बुद्धवादीहरूको नरक अति तापयुक्त भई चिसो दण्डभोग्नुपर्ने तिब्बती बुद्धवादीहरूको नरक अति नै चिसो छ भनिन्छ। वास्तवमा प्रसिद्ध र प्राचीन तिब्बती बौद्धग्रन्थमा भने यमराज र नारकीय प्राणीहरू सुनिश्चितरूपमा विद्यमान नभई मानिसहरूको कर्मशक्तिको कारणले उत्पन्नभएर आउने मानसिक आलम्बनहरूमात्र हुन् भनी देखाइराखेको छ।
Edward conze, "Buddhist scriptures", pp. 229-30



Downloaded from http://dhamma.digital

# खण्ड ८

## भारतमा बुद्धवाद लोपहुनु

बुद्धवाद भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएपछि भारत भित्र राजा अशोकको पालामा धेरै प्रभासित र प्रज्ज्वलित भई राजा अशोक परलोकभएको बेलामा विस्तार विस्तारै मलिनभएर गई अन्त्यमा भारतबाट लोपभएर गयो। भारतमा बुद्धवाद लोपहुनु वर्तमानयुगका बुद्धवादीहरू र भाषान्तरअन्वेषक व्यक्तिहरूको निमित्त दिलचस्पीलाग्दो छ। तथापि वर्तमानसमयका प्रज्ञाविद्‌हरूले त्यस विषयलाई अध्ययनगर्नलाग्दा सुनिश्चित ठोस दृढसाधक प्रमाणहरू उपलब्ध नभएको कारणले सम्बन्धित तथ्य सामाग्रीहरूलाई परिपूर्णरूपमा थाहापाउन पाएको छैन। वास्तवमा डा.रीस् डेविड्स्को मतअनुसार "राजा अशोक परलोक भएदेखि गुप्तराजपरम्परासम्म भारतको इतिहास जटिलभई अन्धकारमय हुनगएको छ।" त्यसोभएर यो खण्डमा भारतमा बुद्धशासन लोपहुनुसित सम्बन्धित प्रमुख तथ्यहरूलाई मात्र उल्लेखगरिन्छ।

भगवान् बुद्धले भारतमा बुद्धशासन चिरकालसम्म स्थिर रहने छ भनी आशाराख्नुभएको थिएन। सही हो। सूक्ष्म एवं गम्भीरभई मानिसहरूको स्वाभाविक चरित्रको चाहना छन्दसित मेल नखाने बुद्धवाद प्रतिस्पर्धात्मक वादहरूसित र अन्य विरोधी शक्तिहरूबीच धेरै समयसम्म अडिरहन मुश्किल छ।

बुद्धवादलाई स्वीकारगरी विश्वासगरेर अनुगमन र आचरणगर्ने कृत्य मनोवृत्ति र प्रज्ञाज्ञान अपरिपक्व भएका

Downloaded from http://dhamma.digital

व्यक्तिहरूको लागि सजिलो काम होइन। यदि मानिस एकसमयमा यूरोपेली दार्शनिकहरूले धारणाराखिरहे जस्तै बीजको हिसाबले प्रज्ञाज्ञानभएको सत्त्वप्राणीभएको सही हो भने बुद्धवाद मनुष्यलोकमा दीर्घकालसम्म स्थिररहने छ। तैपनि वर्तमानयुगका प्रज्ञाविद्‌हरूको मतअनुसार मानिसलाई अभिभूत पारिरहेको विषय प्रज्ञाज्ञान नभई चाहनाछन्द हो। मानिसहरू प्रायःजसो आत्मालाई विश्वास-गरी परलोकप्रति आशक्त हुन्छन्। दुःखबाट मुक्तहुन ईश्वर र देवब्रह्मा आदि परलोक भूमिवासीहरूको भरोसा लिन्छन्। देवभूमि ब्रह्मभूमिको आशाराख्छन्। मरणोपरान्तमात्र धर्मको लक्षतिर पुग्नसकिन्छ भनी दृढतापूर्वक विश्वासगर्छन्। यी मानिसहरूको स्वभाव चरित्र चाहना छन्दहरू र आदिकल्पदेखि शुरूगरेर भित्रीसम्म घुसेररहेको विश्वासहरूले बुद्धवादसित प्रतिपक्षीभई बुद्धवादको दृढस्थिरतालाई बिघ्नबाधा पुऱ्याए।

त्यसोभएर बुद्धवाद भारतमा लोपभएर गएको सही हो भने किन अहिले कुनै कुनै एशियाली राष्ट्रहरूमा विकास भइरहेको छ नि ? मानिसहरूको स्वभाव चरित्र चाहना छन्दहरू र परम्परागत विश्वासहरू प्राचीनयुगका भारत र वर्तमानयुगका एशियाली राष्ट्रहरूमा समान छ होइन र ? भनी प्रश्न उठायौं भने चीन, जापान आदि उत्तरीभागका एशियालीहरूले विश्वासगर्ने बुद्धवाद पूर्वमूल बुद्धवादहरूसित केही केही ठाउँहरूमा भिन्न भिन्नभएको विषय पाठकहरूले जानिसकेकै छन्। म्यान्मार् राष्ट्रमा पनि जनताको धार्मिक विश्वासलाई नीति नियमअनुसार परीक्षण र अध्ययनगरेमा म्यान्मार् बुद्धवाद साँच्चिकै थेरवाद हो कि ? भनेर संशय उठाउनुपर्ने विषय र तथ्यहरू उब्जेर आउने



Downloaded from http://dhamma.digital

छ । अन्य थेरवाद बौद्ध राष्ट्रहरूमा पनि त्यस्तै त्यस्तै छ । पुरानावाद सिद्धान्त रीतिरिवाजहरूले बुद्धवादलाई अभिभूतपारी जनताले बुद्धवादको प्राथमिक धर्महरूलाई भित्रैदेखि गहिरिएर जानेका हुँदैनन् । १९२८ ई. तिर एकजना अमेरिकी प्रज्ञाविद्ले दक्षिणी एशियास्थित थेरवाद राष्ट्रहरूमा भ्रमणगरी बुद्धवादको स्थितिलाई अध्ययन र परीक्षणगर्दा लंकाद्वीप र थाइलैण्ड राष्ट्रहरूमा कुनै कुनै बुद्धवादी भिक्षुहरूले समेत चारसत्यको अर्थ अभिप्रायलाई नजानेको तथ्य देख्नमा आएको थियो ।[१]

प्राचीन भारतीय बुद्धवाद यसरी जुनसुकै समय जुनसुकै देशमा भएपनि मानिसहरूमा दृढरूपमा टाँसिइरहेको स्वभाव चरित्र चाहना छन्द र विश्वासहरूलाई सामनागर्दा वर्तमानयुगको बुद्धवादजस्तै पिटकसाहित्य भन्ने आधार पृष्ठभूमि दरिलोरूपले उपलब्धभएको थिएन । थेरवाद पिटक साहित्य राजा अशोकको पालामासम्म उत्पन्न नभई त्यो राजाको पालाबाट भारतमा बुद्धवाद लोप हुनुञ्जेलसम्मको युगभित्र उत्पन्नभएर आएको पिटकसाहित्य महायानवादीहरूको संस्कृतिपिटक साहित्य हो । त्यसोभएर पिटकसाहित्य आधार पृष्ठभूमि नभएको थेरवाद बुद्धशासनको परिस्थिति बुद्धवादी भारतीय राजाहरूको अनुबल, प्रोत्साहन र भिक्षुसंघको संरक्षण र आरक्षण माथि धेरै भरपर्दछ ।

राजा अशोक बुद्धवादप्रति धेरै श्रद्धा र गौरवगर्ने भारतीय राजाको रूपमा विश्व इतिहासमा प्रख्यातभई बुद्धवादलाई पूरा सामर्थ्यलगाई अनुबल र प्रोत्साहनदिएर आएका थिए भनी वर्तमानसमयका बुद्धवादीहरूले विश्वास गर्दछन् । तथापि उनी

१ J.B. Pratt, "Pilgrimage of Buddhism", p.18



Downloaded from http://dhamma.digital

परलोकभएको धेरै समय नबित्दै बुद्धवाद मलीनभएर आउनुलाई आधारमानेको खण्डमा उनको अनुबल र प्रोत्साहन साँच्चिकै सफल भएको छ त भनी संशयगर्नुपर्ने अवस्था छ । उनले बुद्धवादलाई गहिरिएर जाने बुझेको हुने भएतापनि जनताहरूलाई धर्मानुकूल आचरण गरिरहनको निमित्त होश दिलाई प्रेरणादिएर कुँदेरगएका शिलापत्रहरूमा भने प्राथमिक बुद्धधर्महरूलाई उल्लेख गरेर राखेको छैन । दुइवटा शिलापत्रहरूमा मानिसहरू रोगीहुने बेलामा, आवाह विवाहगर्ने बेलामा, बच्चा जन्मिने बेलामा र यात्राको लागिनिस्कने बेलाहरूमा मङ्गल कार्यहरूगर्ने बानिरहेकोले ती कार्यहरू निरर्थक छन्, फलदायी छैन, त्यसोभएको कारणले ती कार्यहरूलाई वर्जितगरी धर्मानुकूल भएका कुशलकर्महरू गर्नुयोग्य छ भनी उल्लेख गरिराखेको छ । यो प्रेरणात्मक घोषणा अन्य भारतीय धार्मिकवादहरूसित प्रतिपक्षभई लौकिक मङ्गललाई आलोचनागर्ने बुद्धवादसित समानभएकोले एउटा प्राथमिक बुद्धसिद्धान्तलाई खुलस्तरूपमा समर्थनगरी बलप्रदानगर्ने कुरो हो, तैपनि यो शिलापत्र बाहेक अन्य शिलापत्रहरूमा त्यस्तैखालको बुद्धवादको विशेष धर्महरूलाई उल्लेख गरिराखेको छैन । ती शिलापत्रहरूमा आएका आमाबाबुहरूलाई गौरवगर्नु, श्रमणब्राह्मणहरूलाई दानप्रदानगर्नु, मन परिशुद्धगर्नु, तिरश्चीन पशुहरूप्रति दयामायाराख्नु आदि अन्य भारतीय धार्मिकवादहरूले धेरथोर स्वीकारगरेर आएका आचरणहरूभई बुद्धवादको प्राथमिक धर्महरू होइनन् । प्राथमिक बुद्धधर्महरू त अनात्मधर्म, चारसत्य, आठ मार्गाङ्ग, निर्वाणधर्म आदिहरू भएर अशोकका शिलापत्रहरूमा तिनीहरूसित सम्बन्धराखी एकशब्द एकपदसम्मपनि देखापर्दैन । (वास्तवमा भन्ने हो भने राजा अशोक बुद्धवादप्रति अत्यन्त



Downloaded from http://dhamma.digital

श्रद्धावान् राजा भएको विषयमाथि विवाद उठाउन र नकार्न नसकेतापनि भारतमा बुद्धशासन संवर्धन र प्रवर्धन कार्यलाई भरमग्दुर वहनगरेर आए भन्ने बुद्धवादीहरू र कुनै कुनै प्रज्ञाविद्हरूको कथन संशयात्मक छ। एकजना भारतीय प्रज्ञाविद्को मतअनुसार, "राजा अशोकले भारतमा बुद्धवाद संवर्धन र प्रवर्धन गराउन व्यवस्था र वहनगरेको विषय शिलापत्रहरूमा साधक प्रमाण देख्नपाइँदैन । राजा अशोकले बुद्धवादलाई अनुबल र सहयोग दिएको छ भनी कुनैकुनै मानिसहरूले गलत तरिकाले धारणा राखिरहनुमा अशोकका शिलालेखहरूमा बारबार उल्लेख राखिराखेको '**धम्म**' भन्ने शब्दलाई बुद्धशासनसित सम्मिश्रण–गरी गलतरूपमा धारणाराखेर आउनुको कारणले हो। .....तथापि राजा अशोकको **धम्म** कुनै एक धार्मिक सिद्धान्त धार्मिकवाद होइन। बौद्ध भिक्षुहरूले बुझेको बुद्धवाद नभई विस्तृत अभिप्राय रहेको उच्च पवित्र आचरणलाई भन्नचाहेको देखिन्छ।"[१]

त्यसरी राजा अशोकले बुद्धवादलाई खुलस्तरूपमा प्रोत्साहन नदिनु अन्य धर्मवादीहरूको मैत्री र गौरवप्राप्त गर्नचाहेको कारणले भएमा हुनसक्नेछ। राष्ट्रभित्र धार्मिकवादहरू उचितरूपमा मेलमिलाप बनाईराख्न प्रेरणा दिइराखेको एउटा शिलालेखलाई आधारलिएर बुद्धवादसित प्रतिस्पर्धी धार्मिकवादहरू रहेको विषय स्पष्ट छ । त्यस अतिरिक्त प्राचीन भारतीय राजाहरूले सबै धर्मलाई आदर गौरव राखेकै हुन्छन्। महाराजा अशोकले बुद्धवादलाई श्रद्धा राखेतापनि आजीवकहरूलाई सैलगुफाहरू दानगरेर आए। प्रथम शताब्दी(ई.सं.)युगमा बुद्धवादप्रति श्रद्धाराखी संगायन

---

[१] S. Dutt, "The Buddha and Five After Centuries", pp. 161,162



Downloaded from http://dhamma.digital

आरूढगरेर आएको छ भनिएको राजा कनिष्कको कार्षापणहरूमा बुद्धप्रतिमा र ब्राह्मण, ग्रीक र पर्शिया राजाका प्रतिमाहरूलाई देखाइराखेको छ।

त्यसरी भारतीय राजाहरूले सबै धर्मवादहरूलाई सहयोगगर्ने प्रोत्साहनदिने कार्य बुद्धवादलाई दुर्बल बनाउने एउटा कारण हुनगयो । किनभने बुद्धवादमा मानिसहरूको स्वभाव चरित्र चाहनाछन्दसित प्रतिपक्षभएर जनप्रियवाद नभएकोले जनप्रियवादहरूसित चिरकालसम्म प्रतिस्पर्धा गर्नसकिएको छैन। स्पष्ट साधकप्रमाण म्यान्मार् राष्ट्रमा रहेको देवता मान्नु हो। एकसमयमा फाशापाला सरकारले देवता मान्नुलाई प्रोत्साहन दिएको कारणले देववाद शक्तिशाली भएर आउँदा क्रान्तिकारी सरकारले देवतासम्बन्धी सिनेमाहरूलाई रोकलगाउनुपर्ने स्थितिसम्म त्यो वादलाई तीव्ररूपले विरोध गर्नुपरेको थियो । देववाद म्यान्मार् राष्ट्रमा बुद्धवादलाई राष्ट्रको सरकारले विशेष योगदानदिएर बुद्धवादी श्रमण गृहस्थहरू प्रबल शक्तिशाली भएतापनि बुद्धवादलाई डरधम्की दिनआउने भयो । प्राचीन भारतीय बुद्धवादले अन्य धर्मवादहरूसित प्रतिस्पर्धागर्दामा राष्ट्रको सरकारको विशेष सहयोग र योगदान प्राप्त भएन । आधार भरोसा प्राप्तहुने पिटक साहित्य थिएन। त्यसको एउटै मात्र आधार भरोसा भिक्षुसंघ हो । त्यसोभएर प्राचीन भारतीयसंघले बुद्धवाद स्थिर र मजबूत बनाउनलाई कति हदसम्म उपकारगर्न सकिएला भनी विचार गर्नुपर्दछ।

प्राचीन भारतीय भिक्षुहरूले बुद्धदेशनालाई कण्ठस्थ धारणगरी बुद्धशासनलाई संरक्षण एवं आरक्षागरेर आए। बुद्धधर्मलाई



Downloaded from http://dhamma.digital

चिन्तन, मनन र परामर्शगरी पछिका बुद्धवादीहरूलाई अभिधर्मपिटक अंश दिएर गए। त्यसरी बुद्धशासनको अर्थ र हितलाई वहनगरेर गएतापनि संघको एकता र मेलमिलापलाई संरक्षणगर्न सकेनन्। त्यसोभएर भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएपछि सयवर्ष बितिनसक्दामा नै संघसंगठन गणविभाजन भए। गणविभाजनभएर भिक्षुसंघ एकताबद्ध नरहनु प्रमुखरूपमा संघमा नेतृत्व व्यक्ति नरहनाको कारणले नै हो।

बुद्धसंघमा नेता नभएको विषयलाई 'संघ' खण्डमा विस्तृतरूपमा दर्शाएर आइसकेको छु। संघमा नेता नहुनाको कारणले बुद्धवाद अन्य धार्मिकवादहरूमा देखापरेको ऋद्धिप्रभाव दुरूपयोग गर्नुलाई विषय बनाई उत्पन्नभएर आएका भय अन्तरायहरूबाट अलग्ग भए, तथापि नेता नहुनु संघमा भिक्षुसंख्या कम भई बुद्धको अववाद अनुशासनलाई आदर गौरवगर्ने समयमा बुद्धवादलाई लाभपुऱ्याई भिक्षुसंघ संख्या धेरै अभिवृद्धिभएर आई बुद्धशासनको फोहोर मैला बढेर आएको बेलामा अथवा बुद्धशासनको बाह्य अन्तराय बढेर आएको बेलामा त बुद्धशासनको शक्ति क्षीणहुनको निमित्त कारण हुनगएको छ। यो ठाउँमा म्यान्मार् भिक्षुसंघको वर्तमान परिस्थिति स्पष्ट भएको साधकप्रमाण हो। भिक्षुसंघले सहमत भई नियुक्तगरेर आदर-गौरवगर्न योग्य नेतृत्व व्यक्ति भएमा म्यान्मार् संघसंगठन अहिलेको परिस्थितिमा रहनेछैन। रोमन कैथोलिक धर्ममा नेतृत्व व्यक्ति भएको कारणले शक्तिशाली भइरहनु हाम्रो सामु प्रष्टरहेको छ।

नेता नरही राष्ट्रका सरकारहरूको प्रभावकारीढङ्गले योगदान र सहयोग प्राप्त नभएको भारतीय बुद्धसंघलाई बुद्धवादी जनताको



Downloaded from http://dhamma.digital

आस्था र गौरव विशेष आवश्यकहुने विषय स्पष्ट छ। भगवान् बुद्धले श्रमण र गृहस्थमा भेद नगरी व्यक्तिको ज्ञान परिपक्व र अपरिपक्वतालाई मात्र हेरेर उपदेश गर्नुभएको विषय उपासकउपासिकाहरूको अर्थहितलाई चाहनुभएको विषय, गृहस्थी व्यक्तिहरूले यदि आचरण उद्योग एवं अभ्यासगरेमा निर्वाणप्राप्त गर्नसक्ने विषय आदिहरूलाई 'बुद्ध', 'निर्वाण' र 'संघ' विषयसम्बन्धी खण्डहरूमा देखाएर आइसकेको छु। त्यसोभएर पनि बुद्धवाद भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएपछि केही समय नबित्दै गृहस्थीपुद्गलहरूसित सम्बन्ध नभएको श्रमण भिक्षुहरूको वादजस्तो भएर आयो।

यो तथ्य कुनै कुनै सुत्तन्तहरू विनयशिक्षापदहरू र पछिपछि देखापरेका बुद्धसाहित्यहरू (चाप ७३ चाप १०७,२११,२१२) मा स्पष्ट छ। पिटकसाहित्यमा भगवान् बुद्ध विद्यमानरहेको बेलामा गम्भीर बुद्धोपदेशहरूलाई राम्ररी जान्ने देख्ने बुझ्ने धम्मदिन्ना, विसाखा, चित्तगहपति, महानाम आदि गृहस्थ बुद्धवादीव्यक्तिहरूको विषय प्रकटरूपमा आएको छ। भगवान् बुद्ध परिनिर्वाण भइसक्नुभएपछि भारतमा त्यस किसिमको व्यक्ति छ, छैन जान्नपाएन। अट्ठकथाहरूमा त बिल्कुल उल्लेख गरि–राखेको छैन। नागार्जुन, वसुबन्धु आदि बौद्ध ग्रन्थकारक व्यक्तिहरू जम्मै भिक्षुहरू भएका छन्। थेरवाद पिटकलाई संगायन आरूढ गरेको कार्यहरूमा गृहस्थी व्यक्तिहरू महत्वपूर्ण नभई भिक्षुहरूमात्र अघिसरि वहनगरेका थिए।



Downloaded from http://dhamma.digital

वास्तवमा त्यसरी बुद्धशासनमा भिक्षुहरू प्रमुखभई गृहस्थहरू काम नलाग्नेजस्तो भईरहनु बुद्धसंघ सङ्गठनमा मेलमिलाप नभई गणभेदहुनुको एउटा विषय भएको छ। कोही कोही भिक्षुहरूले संघसंगठनको गृहस्थी र श्रमणभेद नीति चाँहदैनन्। कथावत्थु ग्रन्थमा गृहस्थीहरूको रूपमा निर्वाण प्राप्तगर्न सक्दछ भनी प्रतिकारगरेर कुरागर्ने गण त्यसरी चाहना नगर्ने भिक्षुहरूको गण हुनुपर्दछ। वैशाली राष्ट्रमा वज्जीजनपदका भिक्षुहरूले प्रतिस्पर्धागरी संगायन आरूढगरेर महासांघिकगणको स्थापनागर्नुको एउटा विषय गृहस्थीहरूलाई शासनिकक्रियामा प्रश्रय नदिएको थेरवाद संघसंगठनसित विचार फरक हुनुले हो। यो तथ्य भारतमा पुगेको चिनियाभिक्षु हुएन्सान्को डायरीमा स्पष्ट उल्लेख छ। हुएनसान्को मतअनुसार-

"मगध राष्ट्रमा रहेको यो ठाउँबाट पश्चिमतिर आएको खण्डमा राजा अशोकले स्थापना गरिराखेको थूपाराम चैत्य छ। त्यो ठाउँ महासांघिक धर्मसभा सञ्चाल नगरेको ठाउँ हो। त्यो ठाउँमा श्रमणहरू र गृहस्थीहरू समागम भएका थिए। त्यो धर्मसभा श्रमण र गृहस्थीहरू सँगसँगै मिलेर सञ्चालनगरेको धर्मसभाभएको कारणले महासांघिक धर्मसभा भनी भनियो।"[१]

थेरवाद केही हदसम्म प्रज्ञाज्ञान परिपक्वभएका व्यक्तिहरूले मात्र गहिरो रूपले गर्नसक्ने बुद्धवादभएर जनताको बुद्धवाद नभई एकसमूह मानिसको बुद्धवादभएको सही हो, तथापि जुनसुकै राष्ट्र जुनसुकै युगमा किन नहोस् ती अल्पसंख्यक बुद्धवादीहरूको

१. Quoted in S. Dutt, op,cit, pp.132.33



Downloaded from http://dhamma.digital

बीचमा गृहस्थी व्यक्तिहरू समावेश हुने विषयमा शंका गर्नुपर्दैन । जनताले पनि अनात्मधर्म निर्वाणधर्म आदिहरूलाई योग्यताअनुसार जान्न बुझ्न मुश्किल छैन। त्यसोभएर संघसंगठनले गृहस्थ र श्रमणमा बढी विभेदगर्ने नगरी गृहस्थीहरूलाई सकभर संगठितपारी शासनिक कार्यहरूमा समावेशभएर वहनगर्ने अवसर दिएमा बुद्धशासन सबल र सशक्तभई दीर्घकालसम्म स्थिररहने हुनुपर्दछ । इङ्गलैण्ड जर्मनी आदि पश्चिमी राष्ट्रहरूमा अहिले बुद्धवाद प्रचार प्रसार भइरहनु संघसंगठनको कारणले नभई गृहस्थी व्यक्तिहरूको प्रयासको कारणले भएको विषयमा ख्याल गर्नुपर्दछ ।

संघसंगठनले वास्तवमा चतुप्रत्ययको निमित्त आफ्नो आधारभएको जनतालाई बिल्कुल उपेक्षागरेर आएको भने होइन । जनप्रिय देववादसित सम्बन्धित आटानाटिय सुत्त, महासमय सुत्त आदिहरूलाई बुद्धभाषित बनाई पिटकभित्र समावेश गराए । जनताको दिलचस्पी रहेको ५५० जातक कथावस्तुहरू र देवलोक नरकलोक विषयलाई उपदेशगरे, तैपनि संघसंगठनले त्यसरी जनविश्वासगर्ने तथ्यहरूलाई महत्वदिनुद्वारा उत्पन्नभएर आउने अन्तरायलाई जानेदेखेजस्तो देखिन्न । वास्तवमा जनविश्वासहरू त्यतिले मात्र स्थगित नरही शक्तिशालीभएर आई मूल बुद्धवादसित बाँझिएका वाह्यवादहरू जनबुद्धवाद भित्र छिरेर घुसेर आए ।

ती वादहरूमध्ये प्रकट भएको वाद भक्तिवाद[1] हो । भक्तिवाद प्राचीन प्रवेणीदेखि भारतीय धार्मिक क्षेत्रमा विद्यमान रही ईशापूर्व तेस्रो शताब्दीयुगमा प्रादुर्भावभएर आएको भगवद्गीता

---
[1] Bhakti



Downloaded from http://dhamma.digital

ग्रन्थमा स्पष्ट छ। भक्तिवादमा ईश्वरलाई स्नेहपूर्वक श्रद्धाराखी मान्नु पूजागर्नु प्रमुखरहेको छ। भक्तिवादलाई भगवान्वाद भनेर पनि भन्ने गरेकोले बुद्धलाई भगवान् भनी व्यवहारगर्ने पालिपिटकभित्र त्यो वादरहेको विषय जान्न पाइन्छ। 'बुद्ध' र 'भगवान्' दुईपदलाई भारतीय पालिप्रज्ञाविद् एकजनाले निम्नानुसार तुलनागरेर देखाइराखेको छ :-

**"भगवान्"** बुद्धप्रति आस्थाराख्ने व्यक्तिहरूले प्रयोग गरेको **'पद'** हो। थूपाराम चैत्य शिलालेखहरूमा त्यो पदलाई प्राय:जसो देख्नपाइन्छ। बुद्ध त गौतमको वादलाई जान्न बुझ्न चाहेर अन्वेषणगर्ने व्यक्तिहरूले गौतमलाई व्यवहारगर्ने नाउँ हो। बुद्धवाद बुद्धलाई विषय बनाई बुद्धजस्तै सत्यधर्मलाई गवेषण गर्नचाहने व्यक्तिहरूको वाद हो। थेरवाद बुद्धशासनमा भगवान् वाद छैन। तैपनि बुद्धलाई भगवान् भनेर पनि भन्ने गर्दछन्। यो नै बुद्धलाई भक्तिवादको छाया वा प्रभाव परिरहनु हो। पछिको समयमा भक्तिवाद बुद्धशासनमा बुद्धप्रति पूजा वन्दना प्रार्थनागर्ने आदिद्वारा प्रकटभएर आयो।[१]

पालिपिटकमा आएको त्रिशरणसित सम्बन्धित देशनाहरू भक्तिवादको भेष लिइराखेका देशनाहरू हुन्। ती देशनाहरू भारतीय बुद्धवादको इतिहासमा कुन बेलादेखि प्रादुर्भावभएर आए सुनिश्चितरूपमा जान्न पाइँदैन। मूल बुद्धवादमा त शरण(मान्नु, आधार लिनु)लाई व्यक्त नगरी श्रद्धा एवं विश्वास गर्नुलाई व्यक्तगर्दछ। मज्झिमनिकाय चेतोखिल सुत्तमा भिक्षुले शास्ता बुद्ध, धर्म, संघ र शिक्षालाई विश्वासगर्नु योग्य छ। भिक्षुले शास्तासित सम्बन्ध राखी संशय गर्नेछ, अविश्वास गर्नेछ भने उत्साहित हुनु उद्योग

१ S. Dutt,op.cit.p.199



Downloaded from http://dhamma.digital

प्रयत्नगर्नु रहने छैन भनी आदिद्वारा बुद्धले आज्ञाभएको विषय आएको छ। विश्वासगर्नु प्रसन्न हुनुसित भिन्न छ। विश्वासगर्नु उद्योग प्रयत्नगर्नुको सहयोगीभएर प्रसन्नहुनु त त्यस किसिमको सहयोगीधर्म होइन। महापरिनिब्बाण सुत्तमा जो व्यक्ति बुद्ध, धर्म र संघप्रति कम्पनरहितभएको प्रसन्नताले सम्पन्न हुनेछ, त्यो व्यक्ति चार अपायतिर पुग्ने छैन। श्रोतापन्नभएर अगाडिका तीन मार्गतिर मात्र पुग्न जानेछ भनी आफू स्वयंले जान्नसकिने विषय उल्लेख गरिराखेको छ। यो देशनामा श्रोतापन्नहुन उद्योग प्रयत्न गर्नुपर्दैन, बुद्धप्रति प्रसन्न हुनुमात्रले काम सिद्ध हुन्छ भनेको जस्तो स्थितिमा पुगी यो आफूलाई मात्र भरोसा भनी गहनरूपमा उपदेश दिएको बुद्धवादसित प्रतिपक्ष भएको भक्तिवाद भयो।

पालिपिटकमा भगवान् बुद्ध विशिष्ट सन्तसत्पुरुष हुनुभएतापनि एकजना मनुष्यरहेको विषय प्रष्टभएको साधक प्रमाण थुप्रै छन्। बुद्ध परिनिर्वाण भइसक्नु भएपछि पहिले प्रथम बुद्धवादीहरूले त्यसरी जाने बुझेको हुनुपर्दछ। पिटकभित्र भक्तिवाद घुसेर आएको पछिको समयमा भने यो तथ्य अस्पष्ट भएर आई समय बित्दैजाँदा भक्तिवादसित जोडिरहेको अवतारवादको कारणले जनताको बुद्धलाई एउटा मनुष्यको रूपमा देखेनन्। अवतारवादको मतअनुसार त भगवान् बुद्ध नित्य, ध्रुव, असंस्कृत भई मनुष्यलोकमा उपदेशगर्न एकजना मनुष्यको रूपमा आउनुभयो। परिनिर्वाण हुनुहुँदाखेरि पनि स्थावरभूमिमा विराजमान रहनुभई भविष्यमा फेरि फर्केर आउनुहुनेछ भन्ने स्थावर ईश्वरवाद भयो। कथावत्थु ग्रन्थमा भगवान् बुद्ध देवलोकमा विराजमान भइरहनुभई मनुष्यलोकतिर निर्मित प्रतिनिधिलाई पठाउनुहुन्छ भनी धारणा भएका बुद्धवादीहरू अवतारवादलाई



Downloaded from http://dhamma.digital

स्वीकारेर विश्वासगर्ने व्यक्तिहरू रहेकाछन्। कथावत्थु आचार्यले अवतारवादलाई प्रतिकारगर्न कोशिस गरेतापनि सफल भएन।

यो तथ्य भारतमा रहेका साँची, भरहुत, अमरावती आदि प्रदेशहरूमा प्राचीन बुद्धवादीहरूले स्थापना गरिराखेका थूपाराम चैत्यहरूबाट सैलमय पुष्पचित्रहरूद्वारा स्पष्ट पारेको छ।

ती थूपाराम चैत्यद्वारहरूमा भगवान् बुद्धको जीवनी चित्रहरूद्वारा कुँदी उल्लेख गरिराखेका छन्। बुद्धवंसखण्डहरू वास्तवमा बुद्धसाहित्यमा बुद्धलाई एउटा मनुष्यको रूपमा देखाई राखेको बुद्धवंश खण्डहरू हुन्। त्यसो भएतापनि चैत्य स्थापनागर्ने बुद्धवादीहरूले बुद्धलाई एउटा मनुष्य हो भनी धारणा नराखेको कारणले सैलमय चित्रहरूमा बिल्कुल देखाईराखेका छैनन्। राजकुमार सिद्धार्थले गृहत्याग गर्नुभएको दृश्यमा मानिसभएको घोडालाई देखाईराखेको छ। बुद्ध हुनुभएको दृश्यमा बुद्धलाई नदेखाइकन बोधिवृक्षलाई मात्र देखाइराखेको छ। धर्मचक्र देशना गर्नुभएको दृश्यमा पनि पञ्चवद्रवर्गीय पाँचजना र धर्माशनलाई मात्र देखाई बुद्धलाई देखाइएको छैन। अनाथपिण्डिक सेंठले जेतवन विहारभूमि दान गरेको दृश्यमा पनि बुद्धप्रतिमालाई बाँकी राखिछोडेका छन्।[१]

वर्तमानयुगका कुनै कुनै प्रज्ञाविद्हरूले त्यसरी प्राचीन भारतीय सैलमय चित्रहरूमा बुद्धप्रतिमालाई देखाईनराख्नु परिनिर्वृत्त व्यक्तिलाई देव मनुष्यहरूले खोजेर पाइँदैन भनी भनि राखेको पिटक देशनाको कारणले हो भनी भन्दछन्। तथापि परिनिर्वाण नभइसक्नुभएको बुद्धको जीवनी वृत्तान्तहरूलाई देखाइ

---

१. S. Dutt, op.cit, p.185



Downloaded from http://dhamma.digital

राखेका चित्रहरू भएर यो धारणा युक्तिसंगत छैन । बुद्धको प्रतिमालाई देखाइनराख्नु त्यो युगका भारतनिवासी जनतामाथि बुद्धधर्मको अवतारवाद वा स्थावरईश्वरवादले अभिभूत पारिराखेको कारणले हुनुपर्दछ । सही हो, भक्तिवादलाई स्वीकारेर विश्वासगरी परिनिर्वाणमा प्रवेश गरिसक्नुभएको बुद्धसमक्ष उपसंक्रमणगरी पूजा सम्मानगर्ने बुद्धवादीहरूले अवतार वादलाई पनि स्वीकारेर विश्वासगरी भगवान् बुद्धलाई स्थावर ईश्वरको रूपमा सम्झिरहने कुरा नियामधर्मता भयो । त्यस बुद्धस्थावर ईश्वरलाई कसरी सैलमय कलाकारिताद्वारा देखाउन सकिने होला त ?

त्यसरी जनताको थेरवाद बुद्धशासन स्थावर ईश्वरवादको अधिकार भोग्नुपरेको बेलामा महायानवादसित भएपनि ब्राह्मणवादसित भएपनि समानभएर आयो । महायानवाद महासांघिकगणले बिउ रोपेरगएको बुद्धवाद हुनुपर्दछ । अरहत्तमार्गज्ञानलाई आशा नराखी गृहस्थीहरूलाई बुद्धत्व प्रार्थनागर्न उपदेशगर्नु बुद्धलाई पारतराउने व्यक्तिको रूपमा सम्झिलिनु प्रार्थना मंगलगर्नुलाई प्रोत्साहनदिनु आदिहरूको कारणले जनताको चरित्र स्वभाव चाहनाछन्दसित मिल्ने बुद्धवाद हो । महायानवाद भारतीय संघसंगठनभित्र धेरै छिरेर घुसेर आएको जस्तो देखिन्छ । सातौं शताब्दीभित्र भारत आइपुगेको चीनिया भिक्षु हुऐनसान्को मतअनुसार त्यो बेलाको भारतीय भिक्षुसंघ संख्याको आधा थेर–वादीहरू भएर महायानवादीहरू पाँच भागमा एकभाग मात्र छ ।[१] तथापि हुऐनसान्सहित भारतमा आइपुगेका अन्य चीनिया भिक्षुहरूले

[१] Charlies Elliot, op.cit, vol.1.p.161



Downloaded from http://dhamma.digital

भिक्षुसंघको बाहिररहेको भारतीयजनताको बुद्धधर्मको परिस्थितिलाई पूर्ण एवं निश्चितरूपमा उल्लेखगरेर देखाएनन्। बुद्धवादी जनता धेरैजसो महायानवादीहरू हुनुपर्दछ होइन भने जनताको बुद्धवाद ब्राह्मणधर्मको रूप धारणगरिरहने वाद हुनुपर्दछ।

मूल बुद्धवाद भरखर भरखर मलिन हुनलागेको बेलामा जनताको ब्राह्मणवाद उपनिषद् ग्रन्थमा आएको ब्राह्मणवादसित समान नभई हिन्दूधर्मको रूपतिर परिवर्तनभएर आईसकेको थियो। जनताले कृष्ण, शिव आदि भगवान्हरूलाई मानेर ल्याए। कुनै कुनै परिवर्तनहरू बुद्धवादलाई आधारबनाएर उत्पन्नभएर आयो। ब्राह्मणवादीहरूले भगवान् बुद्धको धर्मलाई स्वीकारगरी तिरश्चीन पशुहरूद्वारा यज्ञ पूजागर्ने बानी हिन्दूवादमा लोपभएर गयो। पुरानो समयमा हिन्दू साधुहरूको विहारहरू नरहेको भएतापनि बुद्धसंघ संगठनलाई नमूनालिएर हिन्दूसंघसंगठन र हिन्दूसाधुका विहारहरू प्रादुर्भावभएर आए।

यसरी ब्राह्मणवाद जस्तो जस्तो महायानबुद्धवाद विकासभएर आई बुद्धवादी जनताले भक्तिवाद र भगवान् (स्थावर ईश्वर)वादलाई स्वीकारेर आचरणगरी ब्राह्मणवादीहरूले बुद्धवादबाट केही केही तथ्यहरूलाई स्वीकारगरेर आफ्ना धार्मिकवादलाई सम्हार गरेको बेलामा जनताको बुद्धधर्म ब्राह्मणवादमा परिवर्तनभई उत्पन्नभएर आएको हिन्दूधर्मसित आकार लक्षण धेरै अलगगरेर नहुनेभयो। थेरवाद संघसंगठनमा रहिनै रहेको सही हो तापनि ब्राह्मणाचार्यहरूको विस्तार विस्तारै प्रभावशक्ति प्रबल हुँदै आइसकेको भएर उनीहरूले थेरवाद संघसंगठनलाई डरधम्की



Downloaded from http://dhamma.digital

दिनलागे। भारतभित्र प्रवेश गरेर आएको मुसलमान जातिहरूले पनि बौद्धचैत्य-विहार-आरामहरूलाई हमलागरी विनाशगर्नलागे।

त्यो युगको ब्राह्मणसाहित्यमा बुद्धवादलाई विनाशगर्ने भारतीय राजाहरू र ब्राह्मण नेताहरूको विषय उल्लेख गरि–राखेको छ। छैठौं शताब्दी भित्रमा मिहिररषुल राजाले बौद्ध भिक्षुका विहारहरूलाई विनाशगरेर आठौं शताब्दीको मध्यभागतिर ब्राह्मणनेता कुमारीलभत्तले बुद्धवादीहरूलाई हत्यागर्न राजालाई प्रेरितगऱ्यो भनिन्छ। ११९३ सालमा मुसलमान सैन्यहरू विहार क्षेत्रभित्र प्रवेशगरेर आई बौद्ध भिक्षुहरूलाई एकजना पनि बाँकी नराखी हत्यागरेर पिटक साहित्यहरूलाई नाश पारीदिए।

यसकारण भारतमा बुद्धवाद लोपहुनु ब्राह्मणवादी र मुसलमानहरूले दमनगर्नुको कारणले हो भनी एकसमयमा पश्चिमेली राष्ट्रका अनुसन्धानकर्ता प्रज्ञाविद्हरूले धारणाराखेर आएका थिए। तथापि ब्राह्मणवादीहरू र मुसलमान्हरूको हमला र त्यसबाट विनाशगर्नु यूरोपीय महाद्वीपमध्ये युगका क्रिश्चियनगण दुईवटा परस्पर हमलागरी विनाश गर्नुजति खराब थिएन। त्यसो भएतापनि ती दुईवटा क्रिश्चियनगणहरू आजसम्म रहिरहेकै छन्। म्यान्मार् राष्ट्रपनि स्यान्युगका त्वहाँफ्वा:ले बौद्ध भिक्षुहरूलाई काटमारगरी विहार आराम चैत्यहरूलाई विनाशगरेर आएतापनि बुद्धवाद लोपभएको थिएन। त्यसोहुनाले भारतमा बुद्धवादलाई अन्य धर्मवादीहरूले दमनगर्नु बुद्धवाद लोपहुनुको प्रमुख मूल–कारण नभई विभिन्न विषयहरूको कारणले निभ्नै लागीरहेको बुद्ध चिरागलाई तीब्ररूपमा बेगले चलेको हुरीले एकचोटि प्रहार गरेकोले निभाइदिएको एउटा विषय जतिमात्र हुनुपर्दछ।



Downloaded from http://dhamma.digital

डा. रीस् डेविड्स्ले भने हिन्दू र मुसलमानहरूको दमनलाई बुद्धवाद लोपहुनुको एउटा विषयको रूपमा समेत विचारगर्दैन भनेका छन्। उनले भारतभित्र ठूलो फौज घुसेर आएका हान्, सीथियन् आदि जातिहरू प्रज्ञावान् श्रेणी नीचा भएका जातिहरू हुन्। ती जातिहरूले बुद्धवादलाई स्वीकारगरेको बेलामा अघिदेखि नै पछि हट्दै नाश भइसकेको बुद्धवाद ती जातिहरूको वादहरूसित सम्मिश्रणभई लोपभएर गएको भनिन्छ।[१] जेहोस्, डा. रीस् डेविड्स् र अन्य प्रज्ञाविद्हरूले भारतभित्र बाह्य जातिहरू घुसेर आउनुभन्दा अगाडि भएपनि अन्यवादीहरूले बुद्धवादलाई जोरिखोज्ने गर्नुभन्दा अगाडि भएपनि बुद्धवाद पतनभएर विनाश भइसकेको विषयलाई एकमतभई स्वीकारेर विश्वास गरिसकेका थिए।

भारतीय बुद्धवादलाई पतन र विनाश गराएको कारण धर्महरू धेरै भएका मध्ये प्रमुख कारण त भिक्षुसंघ र जनताबीच सम्बन्ध नरहनु हो। यो ठाउँमा एउटा अंग्रेज प्रज्ञाविद्को लेखाइलाई ख्यालगर्नुपर्दछ।

"बुद्धधर्म र हिन्दूधर्महरूको प्रमुख भिन्नतामा हिन्दू साधुहरू जनतासित छुटेर अलग्ग उभिरहेको संगठन होइन। उनीहरूले सामाजिक रीतिरिवाजको अङ्गप्रत्यङ्गभई जनताको लौकिकमङ्गल क्रियाहरूमा समावेशभई कार्यवहन गर्नुपर्दछ। ती क्रियाकलापहरूमा बुद्धवादीहरूले समेत उनीहरूको भरोसा लिनुपर्दछ। बुद्धवादीहरूले हिन्दूजातरही हिन्दूदेवताहरूसित धेरै फरक नपरेका देवताहरूलाई मान्दछन्। त्यसोभएर बुद्धसंघसंगठन

---

[१] Rhys Davids, "Buddhist India", p.146



Downloaded from http://dhamma.digital

लोपभएको बेलामा बुद्धवादीहरू हिन्दूधर्मावलम्बीहरूसित धेरै फरक परेको थिएन ।[२]

भारतीयसंघले जनतासित नजिकपर्न पिटकभित्र जनताको चाहनाअनुरूप जातक, विमानवत्थु, पेतवत्थुहरूलाई समावेश गरेर र सुमङ्गल, दुर्मङ्गल कार्यहरूमा परित्राण पाठगर्ने गृहस्थीहरूलाई शरणगमन समादानगराउन शीलदिने आदि कार्यहरूगरेर आए, तथापि ती परित्राणधर्म शरणगमनधर्म जातकवत्थु आदिहरू बुद्धवादसित प्रतिपक्षभएको भक्तिवाद भगवान्‌वादसित नजिकिनुलाई र जनताले बुद्धवाद सम्बन्धी मङ्गलकार्यहरू गर्ननसकेकोले अन्यवाद सम्बन्धी मङ्गलकार्यहरू गरिरहनुलाई संघसंगठनले ख्यालराख्न सकेका थिएनन्। त्यसरी ख्यालराख्न नभ्याएको कारणले जनताको बुद्धधर्म विस्तार विस्तारै अन्य धर्मवादसित छुट्याउन नमिली जथाभावीभएर आयो । अन्तमा अन्य धर्मवादीहरूको धम्कीको कारणले बुद्धसंघ लोपभएको बेलामा बुद्धवाद बिल्कुल आधार विहीनभएर भारतबाट लोपहुनुपरेको हो ।

Dhamma.Digital

[२] E. J. Thomas, "History of Buddhist, Thought" p.247



Downloaded from http://dhamma.digital

# खण्ड ९

## बुद्धवाद र वर्तमानयुगका अन्यवादहरू

यस पुस्तकमा भगवान् बुद्धले उपदेश गर्नुभएका उपदेशहरूलाई बुद्धधर्म नभनिकन बुद्धवाद भनीभनेर आएको विषयलाई पाठकहरूले ख्यालराख्नुभएकै होला । यसरी भनेको बुद्धवाद र बुद्धधर्मवादलाई छुट्याउनको लागि हो । धर्मवादभनेको स्थावरईश्वर आत्मविज्ञान, परलोक, प्रार्थनागर्नु, नरकलोक, स्वर्गलोक आदिहरूसित धेरै जोडिरहेको विश्वासगर्नु हो । ईशापूर्व तेस्रो शताब्दीयुगदेखि आजसम्म बुद्धवादी धेरै गृहस्थसमूहले स्वीकार गरेर आएको बुद्धवाद अन्य धर्मवाद लक्षणहरूसित सम्पन्नभएर बुद्धधर्म भनी भनेको सही भएमा हुनसक्नेछ । तथापि पहिले प्रथमको बुद्धवाद ती लक्षणअङ्गहरू रहितभएर कुनै कुनै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले बुद्धधर्मलाई धार्मिकवादको रूपमा समर्थनगर्न चाहँदैनन् ।

त्यसोभएर बुद्धवाद क्रिश्चियन, इस्लाम र हिन्दू आदि विश्व धार्मिकवादहरूसित प्राथमिकतवरले भेद रहेको छ । कुनै कुनै व्यक्तिहरूले त्यो प्राथमिक प्रधान विभेदहरूमा ध्याननराखी कुनै कुनै ठाउँमा समानताभएकोलाई बढाई चढाई भन्ने बोल्ने गर्दछन् । विश्व धार्मिकवादहरू मेलमिलाप हुनुलाई चाहनागर्नुपर्ने भएतापनि प्राथमिक विभेदहरूलाई लुकाई छिपाईराख्नु त यथाभूत लाग्दैन ।

कुनै कुनै पश्चिमीराष्ट्रका प्रज्ञाविद्हरूले भने क्रिश्चियन धर्मग्रन्थमा देखापर्ने केही कुराहरू प्राचीन बुद्धवादीहरूको तर्फबाट भित्रिएर आएको कुराहरू हुन् भनी भन्दछन् । यो ठाउँमा ग्रन्थभार



Downloaded from http://dhamma.digital

हुने डरले ती कुराहरूलाई उल्लेख गर्नेछैन । केही कुराहरू वुद्ध साहित्यबाट आएका कुराहरूसित समानभएको जस्तो भइरहेको सही हो तापनि त्यसरी धार्मिक ग्रन्थमा आएका कुराहरूसित समानजस्तो भइरहेको बौद्धग्रन्थमा आएका कुराहरू पालिपिटकबाट आएका कुराहरू नभई थेरवादीहरूको जातक अट्ठकथा र महायान बुद्धवादीहरूको ललितविस्तर ग्रन्थ महावस्तु ग्रन्थ र दिव्यावदान ग्रन्थहरूमा आएका कुराहरू हुन् । कुनै कुनै व्यक्तिहरूले धारणा राखेजस्तो यदि पुराना क्रिश्चियन आचार्यहरूले भारतीय बुद्धवादीहरूकहाँबाट बुद्धवाद विषयलाई धेरथोर सुनेर आएका सहीभएमा उनीहरूको ग्रन्थहरूमा किन सुदृढ बुद्धदेशनाहरू देखानपरेको हो नि ? पछि उत्पन्नभएको अट्ठकथा कुराहरूसित झण्डै झण्डै समानभएका कुराहरू क्रिश्चियन धर्मग्रन्थमा देखापर्नु विनाकारण सम्बन्धित हुनआउनु हुनसक्तैन र ? भनी विचार गर्नुपर्ने हुन्छ ।

क्रिश्चियन धार्मिकवाद बुद्धपरिनिर्वाण भइसक्नु भएपछि पाँचसय वर्ष बितिसक्दामात्र प्रादुर्भावभएर आई जीसस्क्राईस्ट उत्पन्न हुनुभन्दा अगाडी पश्चिमेलीहरूले भारतसित सम्पर्कजोडेर आएका थिए । ईसापूर्व तेस्रो शताब्दीयुगमा भारतका सम्राट् अशोकले विदेशी राष्ट्रहरूतिर बुद्धशासन प्रचारगर्ने भिक्षुहरूलाई पठाए भनी शिलापत्रमा कुँदेर गए । तथापि ती शासनप्रचारक भिक्षुहरूको प्रयास दीर्घकालसम्म प्रतिफल उत्पन्नगराएको जस्तो देखिन्न ।

त्यस अतिरिक्त पुराना क्रिश्चियनाचार्यहरूले बुद्धवादीहरूसँग सम्पर्करहेर बुद्धवादलाई उनीहरूको ग्रन्थमा



Downloaded from http://dhamma.digital

समावेशगरेर गएको सही हो भने बुद्धवाद र क्रिश्चियनवादको प्राथमिक तथ्यहरूमा समानता हुनुपर्दछ । अहिले त त्यस्तो समानता छैन । त्यसोभएर डा. रीस् डेविड्स्ले "समानताहरू सतही समानताहरूभएर प्राथमिकतवरले यी दुईवटावाद प्रतिपक्षी छन् । त्यसोभएर (उनीहरूको) धर्म ग्रन्थभित्र भारतबाट बुद्धवाद घुसिरहेको छ भन्नुमा युक्तिप्रमाण छैन । समानताहरू हुनुमा सारेरलिएको कारणले नभई मानिसहरूमा अनुभूतिहरू समानभएको कारणले भएको हुनुपर्दछ"[१] भनिएको छ ।

संसारमा अनुभवगर्नु गवेषण र परीक्षणगर्नु एवं चिन्तनमनन गर्नेकुरा समानभएमा जान्नु देख्नु बुझ्नु पनि समान हुनेछ । उदाहरण–भगवान् बुद्धले निर्भीकतापूर्वक चिन्तन एवं परामर्शनगरी अनात्मधर्मलाई जान्नु देख्नुभएको थियो । वर्तमानयुगमा वैज्ञानिकहरूले पनि पालिपिटकलाई अध्ययन नगरिकन नै निर्भीकतापूर्वक चिन्तनमननगरेर आत्मावादलाई हटाइ आएकाछन् ।

निर्भीकता एवं स्वतन्त्रतापूर्वक चिन्तनमनन गर्नुलाई प्रोत्साहनदिनुमा र संसारको आदि, परलोक आदि प्रत्यक्ष परीक्षणगरेर नहुने प्रश्नहरूलाई उपेक्षितभाव राख्नुमा अनि नामरूप धर्महरूको एकक्षण नबिराई परिवर्तन, लोप र निरोधभई स्थिर आत्माशून्य भइरहनुलाई उल्लेखगर्ने विषयमा बुद्धवादले विज्ञानको समर्थनप्राप्त हुनेकुरा त संशयरहित छ । त्यसो भएतापनि बुद्धवाद विज्ञानसित हरेक क्षेत्रमा मिल्दो छ भनी सम्झेमा भूल हुनेछ । बुद्धवादले परीक्षणगर्नु र चिन्तनमनन गर्नुलाई प्रोत्साहन दिएतापनि

---

[१] T.W. Rhys Davids, "Hibbert Lectures", pp.151.52



Downloaded from http://dhamma.digital

बुद्धवादबाट केही केही तथ्यहरू प्रज्ञाज्ञानद्वारा भन्दा श्रद्धा एवं विश्वासगर्नुद्वारा स्वीकारगर्नुपर्ने तथ्यहरू हुन्। उदाहरण–कर्मशक्ति चिन्तन, मनन र परामर्शनगर्नुद्वारा ठीक बेठीक परीक्षणगरेर हुनसक्नेखालको धर्म होइन। विपश्यनाधर्म पनि चिन्तनमनन र परामर्शनगरेर हुनसक्नेखालको धर्म होइन। विज्ञानले विपश्यनाधर्मकर्म नियामधर्मलाई गलत् छ सही छ भनेर केही पनि भन्नसक्दैन।

वास्तवमा विज्ञान क्रियाकलापको हिसाबले धर्मवादसित एकदम फरक छ। विज्ञानको प्रमुखकार्य भौतिकधर्मको स्वभावधर्मलाई अध्ययनगर्नको निमित्तभई अध्ययनगर्ने विधिमा आरम्मणद्वारा पाँचवटा द्वार स्पर्शगर्नु परीक्षणगर्नु हो। त्यसोभएर धार्मिकवादसित सम्बन्धभएको आचरणधर्म विपश्यनादृष्टि आदिहरू विज्ञानको क्षेत्रमा समावेश हुँदैनन्। विज्ञानले ती विषयवस्तुहरूलाई उपेक्षा गरिराखेको छ। वैज्ञानिकविधिद्वारा तिनीहरूलाई अध्ययनगर्नु पनि हुनसक्दैन।

धेरै वैज्ञानिकहरूले विज्ञानको सीमाक्षेत्र निर्धारणलाई जानी बुझिराखेका छन्, तसर्थ अंग्रेजी ख्यातिप्राप्त वैज्ञानिक सर् एक्श न्यूटनले विज्ञानमा आफूले परीक्षण गवेषणगरी भेट्टाएका तथ्यहरू प्रमाणको हिसाबले समुद्रका किनारमा रहेका बालुवाका कणहरू समान छन्। विज्ञानले अध्ययनगर्न नभ्याएका तथ्यहरू एकदम फराकिलो विस्तृत महासमुद्रसरी विशाल र गम्भीररहेको छ भनेको थियो। एकसमयमा धार्मिकवाद विज्ञानसित प्रतिपक्षभएर आएको थियो तापनि अहिलेको अवस्थामा चाहिँ त्यो प्रतिपक्षहुनु प्रकट नभई धेरैजसो वैज्ञानिकहरूले धर्म र विज्ञानलाई सम्मिश्रणगरेर



Downloaded from http://dhamma.digital

नमिल्ने विषय जान्दै देख्दै आएका छन् । धर्मलाई विज्ञानद्वारा तुलनागरी आलोचनागर्नु केही प्रतिफल नभई निरर्थकमात्र रहेको विषयलाई स्वीकारेर आएका छन् ।

धर्मलाई विज्ञानद्वारा तुलनागरेर उपहास र आलोचना गर्नचाहने व्यक्तिहरू धेरैजसो वैज्ञानिकहरू नभई विज्ञानलाई अत्यन्त महान् सम्झने भौतिकवादीहरू र कम्युनिष्टहरू रहेका छन् । तिनीहरूले विज्ञानमा सीमाक्षेत्र निर्धारितरहनुलाई भएतापनि विज्ञानको स्वभाव धारणा समय समयमा परिवर्तन भइरहनुलाई भएतापनि गहिरोरूपमा निरीक्षण र परामर्शनगरेको जस्तो छैन ।

कार्लमार्क्शले धर्महरू मानिसहरूको लागि अफिम हो भनेको थियो । मार्क्शले बुद्धवादको अध्ययनगरेको जस्तो देखिन्न । उनीभन्दा अगाडि ग्रन्थ निस्केर आएको युग दक्षिणपूर्व धार्मिकवादहरूमा पश्चिमेली राष्ट्रका व्यक्तिहरूमा दिलचस्पी न जागिसकेको युग, डा. रीस् डेविड्स्को पुस्तकहरूजस्तो पृष्ठभूमि दृढभएको यूरोपेली बुद्धधर्म ग्रन्थहरू उत्पन्न नभइसकेको युग थियो । धर्महरूले परलोकद्वारा मानिसहरूलाई प्रोत्साहन एवं आश्वस्तपारी प्रत्यक्ष भोगिरहनुपरेका जीवनका समस्याहरूलाई बिर्सन लगाउँछन् भनी मार्क्शले भन्नचाहेको भान हुन्छ । यो आरोप आज धेरै मानिसहरूले स्वीकारेर विश्वासगरेको बुद्धवादको निमित्त सही हुने भएतापनि पूर्वमूल बुद्धवादको निमित्त सही छैन । बुद्धवादले परलोकलाई सीधै बहिष्कार नगरेतापनि अतीत अनागतभवहरूको निमित्त व्यापारगर्नु नभई वर्तमानलाई ध्यानदिन गहिरोरूपमा उपदेश गरिराखेको विषय यो पुस्तकको पहिलो भागमा उल्लेखगरेर आइसकेको छु ।



Downloaded from http://dhamma.digital

वास्तवमा बुद्धवाद साम्राज्यवाद र कम्युनिष्टवाद अन्तद्वयको बीचमारहेको समाजवादसित प्रतिपक्ष छैन। पूर्वमूल बुद्धसंघको सामाजिक रीतिरिवाज समाजवाद रीतिरिवाजभएको विषय 'संघ' खण्डमा विस्तृतरूपमा उल्लेख गरिसकेको छ। मानिसहरूको आर्थिक स्थिति तलझरी खस्किरहनु शील समाधि प्रज्ञा क्रियाकलापको अन्तरायभएको विषय स्पष्ट छ। दुःखीभएर अभावग्रस्त भइरहनु अतीत भवकर्मको कारणले हो भन्ने कुरा भगवान् बुद्धले तिरस्कार गर्नुभएको **पुब्बेकतहेतुदिट्ठि** (पूर्वकृतहेतुदृष्टि) हो। मानिसहरूको दुःखी दरिद्रताको समस्यालाई निराकरणगर्न व्यक्तिगत आर्थिक क्रियाकलापलाई जनअधिकार बनाउनु मनुष्य सत्त्वप्राणीहरूको उन्नति अभिवृद्धिलाई चाहना-राख्ने बुद्धवादीहरूको निमित्त स्वीकारगर्न नसकिने विषय होइन। त्यसरी कामगर्नुलाई धार्मिक सम्बन्धी आँखाले हेरी विवेचना गरेमा राष्ट्रसरकारले मूर्ख बदमाशहरूलाई दण्डदिनुजस्तो नागरिक जनतालाई प्रतिफलदिने क्रियाकलापहरूलाई आलोचना-गरी दोषारोपणगर्नेजस्तोसँग समानभई बुद्धवादसित बाँझिएको शीलव्रतउपादान अथवा दृष्टिउपादान हुनजाने हुन्छ।

भगवान् बुद्धले व्यक्तिगत सम्पत्ति पन्छ्याउन भिक्षुहरूलाई मात्र उपदेश दिनुभई गृहस्थीहरूलाई नदिनु भएकोलाई आधार मान्दा बुद्धको दृष्टिअनुसार समाजवादको नीति बुद्धिविवेक परिपक्वभएका व्यक्तिहरूको निमित्त अझ बढी उचितभएको विषय, समाजवादको पद्धति सफलहुन जनतालाई धेरै ज्ञानबुद्धि दिनु आवश्यकभएको विषय स्पष्ट छ। वास्तवमा समाजवादपद्धति तृष्णा लोभ खत्तमपार्नुपर्ने पद्धति भएकोले तृष्णालोभलाई खत्तमपार्नु



Downloaded from http://dhamma.digital

सजिलो काम होइन । यो ठाउँमा बुद्धवाद पश्चिमी राष्ट्रहरूमा आज निकै लोकप्रिय भइरहेको साइको आनालाईशिस् वादसित समानभइरहेको छ। साइको आनालाईशिस् प्रज्ञाविद्को मतअनुसार लोभ, दोष, राग आदि क्लेशचित्तहरू मानिसहरूको चित्तसन्तानमा सँधै घुसिरही तिनीहरूलाई निरवशेषरूपमा खत्तमपार्ने हुन–सक्दैन ।

साइको आनालशिस् वादलाई शुरूगरेर प्रवचनदिने फ्रायडले बच्चा जन्मेर आमाको गर्भबाट निस्केर आएको बेलामा दुःखभई मानिसहरूको मानसिक वेदनाहरू केही अंशको रूपमा त्यो जातिदुःखमा मूलकारण रहन्छ भनिन्छ। मानिसमा आफूले आफूलाई नाशगर्न चाहने मन (वा) जीवननिरोध र शान्तपार्न चाहने मन छ भनेर पनि फ्रायडले भनेकोभएर यूरोपेली एकजना प्रज्ञाविद्को मतअनुसार त्यो मन भगवान् बुद्धले उपदेश गर्नुभएको विभवतृष्णा हो ।[1] यो साइको आनालाईशिस् दुइवटा धारणा भगवान् बुद्धको दुःखसत्य क्षेत्र र समुदयसत्य क्षेत्रमा समावेशभई आजकालका बुद्धवादीहरूको निमित्त विचार र निरीक्षण गर्नुयोग्य छ।

यसरी कुनै कुनै बुद्धधर्म पश्चिमेली प्रज्ञाविद्हरूको सोचाई ज्ञानदृष्टिसित धेरै नजिकिएको छ । विभिन्न विषयमा आशक्तिउपादानलाई हटाई बीचको मार्गलाई अनुगमन गर्दामा परलोकप्रति आशक्त नभई वर्तमानलाई प्राथमिकता दिँदामा र चिन्तनगरेर नभ्याउने समस्याहरूलाई उपेक्षा गर्दामा विकसित पश्चिमेली प्रज्ञावान् व्यक्तिहरू बुद्धवादीहरूसित विचार धारणामा

---

[1] M.O.C. Walshe, "Buddhsim for Today", p.37



Downloaded from http://dhamma.digital

एकजस्तो छ। पश्चिमेली प्रज्ञाविद्‌हरूले बुद्धवादमा स्वतन्त्रतालाई प्रोत्साहनदिनुलाई मनपराउँछन्। धर्म नभएको बर्ट्रेण्ड रसेलले समेत धार्मिक इतिहासमा कसैलाई पनि दमन नगर्ने बुद्धवादलाई आफूले श्रद्धा एवं गौरव राख्दछु भनी एकसमयमा भनेको थियो।[१]

त्यस अतिरिक्त पश्चिमेलीहरूले बुद्धवादलाई निरवशेषरूपमा स्वीकारगर्न नसकेतापनि उनीहरूको सामाजिकनीति केही ठाउँहरूमा बुद्धवादसित नजिक छ। पश्चिमेलीहरूले भगवान् बुद्धको आफ्नो भार आफै बोक्ने वादअनुरूप आफूले आफूहरूलाई आधार लिन्छन्। धेरैजसो अरूहरूको सहयोगको अपेक्षा नराखी आफ्नो शक्ति सामर्थ्यद्वारा दिनहुँ आफ्नाकामहरू आफै गर्दै हिँड्डुल गर्छन्। बालबच्चाहरूलाई आफ्ना शक्ति सामर्थ्यद्वारा उभिनसक्ने बनाउन सानै उमेरदेखि शुरूगरेर अभ्यास गराउँछन्। यसरी बालबच्चाहरू आमाबाबुहरूमाथि भर नपरी आफूले आफूहरूलाई विश्वास एवं भरोसागरेर आफ्नो भार आफै बोक्नसक्ने भई पश्चिमेलीहरू छोराछोरीहरूमाथि तृष्णासंयोजन कमभएका हुन्छन्।

सही हो। पश्चिमेलीहरूको आफ्नो भार आफै बोक्ने सामाजिकनीति केही ठाउँहरूमा एकपक्षको अन्ततिर पुगिराखेको कारणले पारिवारिक मनोभावना अभावहुनु बालबच्चाहरूको आचरणचरित्र बिग्रनु आदि समस्याहरू उब्जेर आए। तथापि यदि हामीहरूले पश्चिमेली सामाजिकनीतिलाई आलोचनागर्न चाहेमा म्यान्मार् सामाजिकनीतिलाई पनि फेरी परीक्षणगरेर हेर्नुयोग्य छ। यदि उनीहरूको सामाजिकनीति मंगलधर्मसित

१ "The Basic Writings of Bertrand Russell", p.548



Downloaded from http://dhamma.digital

बाँभिएको एकतर्फी नीति हो भनी आरोप लगाउनचाहेमा म्यान्मार सामाजिकनीति पनि भगवान् बुद्धको आफ्नो भार आफैबोक्ने वाद संयोजनलाई हटाउनेवादसित बाँभिएर केही ठाउँहरूमा एकतर्फी अन्तितिर पुगिरहेको सामाजिकनीति भएको विषय स्वीकार गर्नुपर्नेछ ।

बुद्धको मार्ग मध्यममार्ग हो । त्यसोभएर भगवान् बुद्धका कुराहरू एक अर्कोसित बाँभिएको जस्तो भइरहेता पनि ज्ञान प्रज्ञा विवेक दूरदर्शिताभएका व्यक्तिहरूको निमित्त शंका उपशंका उत्पन्नहुने कारण छैन । भगवान् बुद्धले कल्याणमित्रहुनु महत्वपूर्णभएको विषय गहिरोरूपले उपदेश दिनुभएको छ । यो बुद्धवाद आफूले आफूलाई मात्र भरोसा लिनुपर्नेछ भन्नुभएको अववादसित बाँभिएको छैन । हामीले ती अववादहरूलाई आचरणगर्दा एकतर्फी अन्तितिर नपुऱ्याई मध्यममार्गलाई अनुगमन र आचरणगर्न जान्नुमात्र अत्यावश्यक छ ।

प्रकटभएको एउटा उदाहरणलाई प्रस्तुत गर्नुपर्दा राष्ट्र सरकार देशको जनताको मित्र हो । नागरिक जनताको खानपान आवास वस्त्र परिपूर्णगर्नको निमित्त हरेक विषयमा अभिभारलिने सामाजिक सरकार नागरिक र जनताको कल्याणमित्र साँच्चिको मित्र भएको विषय स्पष्ट छ; तापनि सोशलिष्ट राष्ट्रहरूमा समेत मानिसहरूले खालि सरकारको मात्र भरोसा नलिइकन आफूहरूले आफैलाई विश्वासगरी भरोसा लिएमा मात्र उन्नति अभिवृद्धि हुनेछ । यो तथ्य शिष्यले गुरूलाई, छोराछोरीले आमाबाबुलाई र जनताले सरकारलाई आवश्यकताभन्दा बढी अत्याधिकरूपले भरोसालिने बानीभएका म्यान्मार् राष्ट्रका व्यक्तिहरूले विशेष ख्यालराख्नुपर्ने तथ्य हो ।



Downloaded from http://dhamma.digital

वास्तवमा म्यान्मार् बुद्धवादीहरूले आफूले आफैलाई भरोसा लिनुपर्छ भन्ने भगवान् बुद्धको उपदेशलाई जानेका छन् तथापि त्यो बुद्धको अववाद परलोक अर्थहित कार्यसित मात्र सम्बन्धित छ भनी धेरैजसोले धारणा राख्दछन् । यसरी बुद्धले उपदेश दिनुभएको धर्महरूलाई संकीर्ण धार्मिक आँखाले परलोक भव आँखाले हेर्ने देख्ने बानीभएको कारणले म्यान्मार् बुद्धवाद परलोकतिर उन्मुखभएको वाद, जीर्ण असमर्थभएको अन्तिम उमेरमा मात्र मानिसहरूलाई उपकारगर्ने धार्मिकवाद जस्तो भइरहेको छ । यस्तो हुनु बुद्धमार्गसित प्रतिपक्षभई म्यान्मार् बुद्धवादीहरू र म्यान्मार् राष्ट्रको निमित्त केही पनि फलदायी छैन ।

भगवान् बुद्धले मानिसहरूलाई परलोक जीवनप्रति आशक्ति नराख्न गहिरोरूपले उपदेश गर्नुभएको थियो । बुद्धले देशना गर्नुभएको दुःखसत्य अनात्मधर्म कर्मशक्ति परिनिर्वृत व्यक्तिको गति आदिहरूलाई गम्भीरतापूर्वक निरीक्षण र परामर्शनगर्ने बुद्धवादीको निमित्त परलोक जीवनप्रति आशक्तहुनु र टाँसिनुपर्ने केही पनि छैन । वास्तवमा बुद्धवाद सन्दिट्ठिको अकालिको आदि धर्मगुणहरूअनुरूप वर्तमान अर्थ हिततिर उन्मुखभएको वाद हो; तापनि यसरी दृष्टान्त उपकारगर्ने वाद बनाउन हामीले बुद्धधर्मलाई हेर्नु देख्नु परामर्शगर्नुमा दूरदर्शी हुनुपर्ने छ ।

उदाहरण–भगवान् बुद्धको मार्ग सीमाना नाघ्नेगरी कामगुण सेवनगर्नु र आफूलाई सास्तिदिनु अन्तद्वयलाई वर्जितगर्ने मार्गमात्र नभई हरेक क्षेत्रमा मात्राप्रमाणराखी आचरण गर्नुपर्ने भएको विषयलाई बुझ्नुपर्नेछ । दृष्टिउपादान शाश्वतदृष्टि र उच्छेददृष्टिलाई



Downloaded from http://dhamma.digital

मात्र भन्नखोजेको नभई सम्पूर्ण रूढिवादलाई भन्नखोजेको विषयलाई ख्यालगर्नुपर्दछ । भगवान् बुद्धको वर्तमानवादले अतीतभव र अनागतभवप्रति आशक्तहुनुलाई हटाउने मात्र नभई वर्तमानभवमा पनि अतीत र अनागतलाई विचार नगरी दृष्टान्त क्रिया–कलापहरूलाई ध्यानपुऱ्याउन होश दिलाउनेवाद भएको विषयलाई जान्नु बुझ्नुपर्नेछ । भगवान् बुद्धको **"अत्ता हि अत्तनो नाथो"** वादअनुसार हामीले लौकिक विषयमा पनि आफूले आफैलाई भरोसा लिनुपर्ने भएर भगवान् बुद्धले गहिरोरूपमा देशना गर्नुभएको कल्याणमित्र हुनुभनेको राम्रो, राष्ट्रसरकार राम्रो गुरुआचार्य, राम्रा दम्पति आदि हुनुलाई पनि भन्नखोजेको विषयलाई ख्यालगर्नुपर्दछ ।

यसरी भगवान् बुद्धका धर्महरूलाई प्रज्ञाज्ञानद्वारा विस्तृत र व्यापकरूपमा जानेर बुझेर त्यसरी बुझेअनुरूप आचरणगरेमा बुद्धवाद जीर्ण र परिपक्वभएको उमेरमा मात्र आधारभरोसा लिनुपर्ने धार्मिकवाद नभएर जीवनयात्राभरिको लागि महत्वरहेको वादभएर रहनेछ । भिक्षुसंघसित मात्र सम्बन्धभएको वाद नभइकन परलोक जीवनको निमित्त जीवनबीमा रहनुद्वारा सन्तोष र आश्वस्तपार्ने धार्मिक वाद नभई सान्दृष्टिकगुण अनुरूप प्रत्यक्ष दृष्टान्त प्रतिफलदिने धर्म हुनेछ ।

**साधु ! साधु !! साधु !!!**



Downloaded from http://dhamma.digital

# प्रकाशित पुस्तकहरू

१. पायासि सुत्त
२. तथागतया न्हापांगु उपदेश धर्मचक्र प्रवर्तन सूत्र
३. य:म्ह म्ह्याय् (उपन्यास)
४. अभिधम्मत्थ-सङ्गहो, भाग–१
५. नेपा:मि व बर्मीलिसे स्वापु
६. केही बौद्ध गीतहरू(सम्पादन)
७. अहिंसा विजय
८. त्रिरत्न गुणानुस्मरण (केही बौद्ध गीत सहित) सम्पादन
९. राहुलयात तथागतया उपदेश
१०. गुपु जातक मुना
११. पञ्चशीलया महत्व
१२. विश्व धर्मप्रचार देशना, भाग–१
१३. विश्व धर्मप्रचार देशना, भाग–२
१४. लुम्बिनी विपश्यना
१५. पुण्य-पुष्प (फिफ्व: स्वाँ)
१६. उत्पलवर्णा स्थविरा (द्वितीय संस्करण)
१७. वम्मिक सुत्त
१८. संक्षिप्त भावना निर्देशिका (सम्पादन)
१९. संक्षिप्त भावना विधि
२०. दृष्टि व तृष्णा ल्यहें थनेगु उपदेश
२१. पट्ठान पालि
२२. उभय पातिमोक्ख
२३. महास्मृतिप्रस्थान सूत्र
२४. तथागतया अमूल्य उपदेश
२५. दुश्चरित्र अपराध भय विमुक्ति उपदेश
२६. सचित्र गार्हस्थ प्रतिपत्ति उपदेश
२७. जीवनया समस्या
२८. साँचो प्रेम गर (?)
२९. अभिधम्मत्थ-सङ्गहो (सम्पूर्ण)
३०. महान सल्लेख सूत्रोपदेश, भाग–१
३१. महान सल्लेख सूत्रोपदेश, भाग–२
३२. बुद्ध र बुद्धवाद, भाग–१
३३. कर्म र मनुष्य
३४. श्रेष्ठ पवित्र श्रोतापन्न
३५. मरण ! दो तये व फ्री ?
३६. दुदंगु जीवनया मू
३७. परित्राण (शब्दार्थ, भावार्थ व्याख्या सह)
३८. महान धर्मचक्र सूत्रोपदेश (व्याख्या सह)
३९. जीवनको सफलतातिर अगाडि बढ
४०. प्रतीत्य समुत्पाद महान उपदेश (व्याख्यात्मक) भाग–१
४१. कामसुत्तन्त देशना
४२. त्रिरत्न-वन्दना (सम्पादन व अनुवाद)
४३. जातक पालि (न्हापांगु द्या)
४४. अभिधम्म एक चिनारी - उपदेशक
४५. विशुद्धि व महान ज्ञानक्रम उपदेश
४६. प्रतीत्य समुत्पाद महान उपदेश (व्याख्यात्मक) भाग–२
४७. भिक्षु ज्ञानपूर्णिक महास्थविरको रचना संग्रह (सम्पादिका अनागारिका उत्पलवर्णा)
४८. भिक्षु ज्ञानपूर्णिक महास्थविरया च्वसु–मुना (मुंम्ह: अनागारिका उत्पलवर्णा)
४९. बुद्ध र बुद्धवाद भाग–२ (तपाईंकै हातमा)

## प्रकाशनको प्रतिक्षामा

१. अभिधर्म : परिचय
२. व्यावहारिक अभिधर्म
३. अनात्म लक्षण सूत्रोपदेश (व्याख्यात्मक)
४. बुद्ध र बुद्धवाद भाग–३
५. कथावस्तुहरूद्वारा देशित अनुशासनहरू

Downloaded from http://dhamma.digital